नेकाप

२०७५

साउन

अङ्क

४

# नेपाल कानून पत्रिका

भाग-६० **२०७५ साउन** अङ्क-४




<u>प्रकाशक</u>

**सर्वोच्च अदालत**

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५० Ext.२५११ (सम्पादन), २१११ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२००७४९, पो.ब.नं. २०४३८

Email: info@supremecourt.gov.np, admin@supremecourt.gov.np, Web: www.supremecourt.gov.np

## सम्पादन तथा प्रकाशन समिति

माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की, सर्वोच्च अदालत - अध्यक्ष
मुख्य रजिस्ट्रार श्री राजनप्रसाद भट्टराई - सदस्य
नायब महान्यायाधिवक्ता श्री किरण पौडेल, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय - सदस्य
रजिस्ट्रार श्री महेन्द्रनाथ उपाध्याय - सदस्य
अधिवक्ता श्री खम्मबहादुर खाती, महासचिव, नेपाल बार एसोसिएसन - सदस्य
वरिष्ठ अधिवक्ता श्री खगेन्द्रप्रसाद अधिकारी, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन- सदस्य
प्रा.डा.ताराप्रसाद सापकोटा, डिन, त्रिभूवन विश्वविद्यालय, कानून संकाय - सदस्य
सहरजिस्ट्रार श्री भद्रकाली पोखरेल, सर्वोच्च अदालत - सदस्य सचिव

**सम्पादक :** श्री रामप्रसाद पौडेल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री निलकण्ठ बराल
शाखा अधिकृत श्री मिनबहादुर कुँवर
कम्प्युटर अधिकृत श्री बिक्रम प्रधान
ना.सु. श्री पुष्पराज शर्मा
ना.सु. श्री अर्जुनबाबु सापकोटा
सि.कं. श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री विजय खड्का
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री राजेश तिमल्सिना

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखामा कार्यरत् कर्मचारी**

डि.श्री नरबहादुर खत्री

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजायनर श्री रसना बज्राचार्य
सिनियर बुकबाइन्डर श्री रमेश बासुकला
सिनियर बुकबाइन्डर श्री विद्यानन्द पोखरेल
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी



**प्रकाशित सङ्ख्या : २५०० प्रति**

**नेपाल कानून पत्रिकाको उद्धरण गर्नु पर्दा**

**निम्नानुसार गर्नु पर्नेछ :**

*नेकाप, २०७५... ... ... ... , नि.नं. ........., पृष्ठ ...*

*...... साल ........ महिना ........*

**उदाहरणार्थ :** *नेकाप,* २०७५, साउन, नि.नं.९९८५, पृष्ठ ६१९

**सर्वोच्च अदालत बुलेटिनको उद्धरण गर्नु पर्दा**

**निम्नानुसार गर्नु पर्नेछ :**

*सअ बुलेटिन*, २०७५, ... ... ... १ वा २, पृष्ठ ...

*...... साल ......... महिना .......*

**उदाहरणार्थ :** *सअ बुलेटिन*, २०७५, साउन – १, पृष्ठ १

# नेपाल कानून पत्रिका तथा सर्वोच्च अदालत बुलेटिन अब हाम्रो वेभसाइटमा उपलब्ध छन्

**ठेगाना**

**www.supremecourt.gov.np**

- यो वेभसाइट खोलेपछि दायाँतर्फ **प्रकाशनहरू** मा क्लिक गर्नुहोस् त्यसमा **नेपाल कानून पत्रिका** तथा **सर्वोच्च अदालत बुलेटिन** देखिन्छ त्यसमा क्लिक गर्नुहोस्।
- २०६५ साल वैशाखदेखिका यी पत्रिकामा समाविष्ट निर्णयहरू पढ्न र हाल नि:शुल्क डाउनलोड गर्न सकिनेछ।

## नेपाल कानून पत्रिका

मा प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)
हेर्न, पढ्न तथा सुरक्षित गर्न
**www.nkp.gov.np** मा जानुहोला।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् गृहपृष्ठमा देखिने **शब्दबाट फैसला खोज्नुहोस्** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गर्नुहोस् । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा वेभसाइटको दोस्रो शीर्षकमा रहेको **वृहत् खोज** खोलेर विभिन्न किसिमले फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेत हेर्न सक्नुहुनेछ।

**मूल्य रू.४०।-**

**मुद्रक** : सर्वोच्च अदालत छापाखाना

## विषय सूची


| क्र. स. | नि.नं./इजलास/ विवरण | पक्ष / विपक्ष | विषयको सारसङ्क्षेप | पृष्ठ |
|---|---|---|---|---|
| १. | ९९८५<br>बृहत् पूर्ण<br>परमादेश | अधिवक्ता माधवकुमार बस्नेत विरूद्ध अध्यक्ष, न्याय परिषद् सचिवालय, कुपण्डोल, ललितपुरसमेत | ▪ संवैधानिक परीक्षणको माध्यमद्वारा संविधान प्रतिकूल बनेका कानूनलाई अमान्य र बदर घोषित गरी नागरिकको मौलिक हकको संरक्षण गर्ने, संविधानवादको मान्यतालाई स्थापित गर्ने, कानूनको शासन कायम गर्ने र शासकीय सुव्यवस्था, नियन्त्रण र सन्तुलन कायम गर्ने महत्त्वपूर्ण अधिकार र जिम्मेवारी संवैधानिक इजलासमा रहेको हुँदा यसको अविच्छिन्न निरन्तरता र क्रियाशीलता वाञ्छनीय देखिन्छ । इजलास नै गठन नभएको वा निरन्तर रूपमा क्रियाशील हुन नसक्ने स्थिति देखिनु उचित होइन । नि:सन्देह यो गम्भीर विषय हो । नेपालको संविधानले यस्तो शून्यताको स्थितिको परिकल्पना गरेको नदेखिने ।<br>▪ प्रधानन्यायाधीशले संवैधानिक इजलासका लागि चार जना न्यायाधीश तोक्ने स्वविवेकाधिकार प्रयोगको अवस्था कायम राख्नका लागि न्याय परिषद्बाट चार जनाभन्दा बढी न्यायाधीशको नाम सिफारिस गरी संवैधानिक इजलासका लागि न्यायाधीशको समूह **(Panel)** खडा गर्न सकिने । | ६१९ |
| २. | ९९८६<br>पूर्ण<br>उत्प्रेषण / परमादेश | सानु श्रेष्ठसमेत विरूद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत | ▪ सडकको सीमा तोक्दैमा जग्गाधनीको हक, स्वामित्व समाप्त हुन सक्दैन र सरकारको उक्त सम्पत्तिमा हक स्थापना भई भोगाधिकार प्राप्त हुन सक्ने र अधिकारको सृजना गरी कब्जा गर्न विशेष परिस्थितिमा बाहेक सक्ने देखिँदैन । नागरिकको निजी सम्पत्तिमाथि राज्यले अधिकार सृजना गर्नका लागि जग्गा प्राप्तिसम्बन्धी प्रचलित कानून जग्गा प्राप्ति ऐन, २०३४ अनुरूपको कार्य अनिवार्य रूपमा गर्नुपर्ने ।<br>▪ वार्ताद्वारा जग्गा प्राप्त गर्दा जग्गा प्राप्ति ऐनले तोकेका अन्य प्रक्रियाहरू पूरा नगरी | ६२८ |

| | | | | |
|---|---|---|---|---|
| | | | सरकारले जग्गामा हक स्थापित गर्न सक्नुका साथै नेपाल सरकारले प्राप्त गर्न चाहेको जग्गालाई वार्ताको माध्यमद्वारा स्वेच्छापूर्वक व्यक्तिलाई आफ्नो हक स्वामित्व छोडाई सरकारको हक स्वामित्व स्थापना गर्न सक्ने अधिकार अप्रत्यक्ष रूपमा प्रदान गरेको छ । यस्तो अपवादको अवस्थामा बाहेक अन्य अवस्थामा जग्गा प्राप्ति ऐनले तोकेका सम्पूर्ण पूर्व सर्तहरू पालना भएपश्चात् मात्र नागरिकको निजी सम्पत्तिमाथि हस्तक्षेप गर्न सक्ने। | |
| ३. | ९९८७<br>पूर्ण<br>उत्प्रेषण / परमादेश | बसुदेवी तण्डुकारसमेत<br>विरूद्ध<br>मालपोत कार्यालय, चावहिल, काठमाडौंसमेत | ▪ परापूर्वकालदेखि घरबास गरी आएको मोही हकको जग्गा बिक्री गर्न वा अन्य प्रकारले हक छाडी दिन सकिने अवस्थामा मोहीका अंशियारहरू बीच अंशबन्डा हुन सक्तैन भन्नु मनासिब नदेखिने।<br>▪ मोहीले भोग गरी आएको घर र सो घरले चर्चेको जग्गा बन्डा भए पनि गुठीको स्वामित्ववालालाई जग्गाधनीको हैसियतमा प्राप्त हुने हकमा असर पर्ने अवस्था देखिँदैन। भोगाधिकारको हैसियतसम्म स्वाभाविक रूपमा केही परिवर्तनको स्थिति रहे पनि स्वामित्वको विषयमा कुनै परिवर्तन हुने नदेखिएको र मोही रहेको आधारमा मोहीका परिवारहरूका बीच सगोलमा निर्माण भएको घर बन्डा गर्न पाउने हकलाई निष्प्रयोजन वा संकुचित हुने गरी अर्थ लगाई अंशबन्डा लिखत नै पारित गर्न अस्वीकार गर्नु न्यायोचित नहुने। | ६५५ |
| ४. | ९९८८<br>पूर्ण<br>बन्डा बदर अंश दर्ता | राजेशकुमार सिंह<br>विरूद्ध<br>तेजनारायण सिंहसमेत | ▪ मूल पुर्खामा वा मूल पुर्खाका कुनै हाँगातर्फका सन्तानमा पैतृक वा अचल सम्पत्ति हुनु र अर्को हाँगातर्फको सन्तानमा पैतृक वा अन्य कुनै पनि स्रोतको सम्पत्ति नभई उनीहरू सम्पत्तिको भोग र भागबाट कुनै पनि कारणले वञ्चित हुनुपर्ने अवस्था परेको भए त्यस्तो सन्तानलाई पर्न गएको अन्याय र मर्काको हदसम्म यस अदालतले प्रमाण, प्रचलन, विधि व्यवहारसमेतको मूल्याङ्कन एवं व्याख्याद्वारा केलाएर न्याय निरूपण गर्नुपर्ने। | ६६५ |

| | | | | |
|---|---|---|---|---|
| | | | ▪ वादी र प्रतिवादीबीच अंशियार नातामा विवाद नरहेको अवस्था भए पनि वादीका जिजु बाजे, बाजे, पिता र वादीको नाममा नेपालमा कुनै अचल सम्पत्ति नदेखिएको र दर्ता, भोग, तिरो एवं बिक्री व्यवहारबाट पनि वादी प्रतिवादीबाट अलग भएको पुष्टि हुन नसकेको भन्ने परम्परागत शैलीका आधारमा वादीले सबै सम्पत्तिमा पूर्णरूपमा नै अंश भाग पाउने आधार स्थापित हुन जान्छ भनी भन्न मिल्ने पनि नहुने। | |
| ५. | ९९८९<br>संयुक्त<br>क्षतिपूर्ति | यति एयरलाइन्स प्रा.लि.<br>विरूद्ध<br>घमराज लुइँटेल | ▪ हवाई सेवा प्रदान गर्ने प्रकृतिको संस्थाले आफ्नो प्राविधिक कठिनाई उल्लेख गरी काबुबाहिरको परिस्थिति पर्न गई भएका ढिलाई सम्बन्धमा उपभोक्तालाई यथाशक्य चाँडो सूचना गरेको अवस्थामा त्यस्तो परिस्थितिलाई अन्यथा भन्न सकिने हुँदैन। तर सेवा प्रदायक संस्थाले लापरवाहीपूर्वक उडान तालिका परिवर्तन गरी उडानको निर्धारित तालिकाविपरीत उडान गर्दा त्यसको परिणाम उपभोक्तालाई क्षति पुग्न गएको अवस्थामा पनि टिकटको सर्त देखाई आफ्नो कुनै पनि दायित्व नै नभएको भनी पन्छिन नमिल्ने। | ६९१ |
| ६. | ९९९०<br>संयुक्त<br>उत्प्रेषण / परमादेश | अशोक तण्डुकारसमेत<br>विरूद्ध<br>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत | ▪ ऐतिहासिक महत्त्वका वस्तुको संरक्षण गर्नु एउटा गौरवपूर्ण विषय पनि हो। सरकारले नै जग्गाको लेनदेन गराउने, बिक्री वितरण गर्ने, भाडामा दिने जस्ता कार्य गरी पुरातात्विक महत्त्वका स्थान, सम्पदा वा वस्तुको व्यापार गर्नु हुँदैन । वास्तवमा सरकार सार्वजनिक सम्पदा वा सम्पत्तिको मालिक मात्र नभएर त्यसको न्यासधारी संरक्षक पनि हो । यो दायित्व पूरा गर्ने कुरामा कुनै कमी कमजोरी रहन दिन नहुने। | ६९९ |

| | | | | |
|---|---|---|---|---|
| ७. | ९९९१<br>संयुक्त<br>परमादेश | डुमरे कामीसमेत<br>विरूद्ध<br>नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत | ▪ संविधान मूलतः अधिकारहरूको दस्तावेज हो । हकहरूको घोषणा मात्र होइन उपभोगसमेतको सुनिश्चितता गर्नु संविधानको साध्य हो । यो साध्यको प्राप्तितर्फ सबैको प्रयास रहनु पर्छ । हकहरूको सहजरूपमा प्रचलन हुँदा मात्रै जनताले न्यायको अनुभूति गर्न सक्छन् । संविधानप्रदत्त हकहरूको प्रचलनमार्फत जनतालाई न्यायको अनुभूति गराउनु नै अदालतको प्रमुख कर्तव्य हो । अदालतको फैसलामार्फत स्थापित अधिकारहरूको कार्यान्वयन हुँदा नै समाजमा न्याय सुनिश्चित हुने ।<br>▪ एक्काइसौं शताब्दीमा पनि प्रथा परम्परा प्रचलन वा अन्य कुनै आधारमा मानिसको शोषण हुन्छ, चक्रवृद्धि ब्याज वा जग्गा दिएको भन्ने बहानामा पुस्तौं पुस्ता हलियाको रूपमा राखिन्छन् । उनीहरूले पेटभरी खान पाउँदैनन्, उनीहरूका सन्तानहरूले शिक्षा र स्वास्थ्य जस्तो आधारभूत हकबाट वञ्चित गरिन्छ भन्ने कुरा नेपाल राष्ट्र र नेपाली समाजलाई सुहाउने कुरा होइन । यसो हुन्छ भन्नुसम्म पनि राष्ट्रिय लज्जाको विषय हुन्छ र यस्तो कुरा समतामूलक समाजको संवैधानिक परिकल्पनासँग नमिल्ने । | ७०९ |
| ८. | ९९९२<br>संयुक्त<br>उत्प्रेषण / परमादेश | ताजुद्दिन हलवाई<br>विरूद्ध<br>पुनरावेदन अदालत, नेपालगञ्जसमेत | ▪ मृतकका दैयादारले अ.बं. ६२(३) नं. को म्याद ३५ दिनभित्र अ.बं. ७० नं. बमोजिम मुद्दा सकार गराउन आउने सामान्य व्यवस्था हो । सो म्याद नाघेर मुद्दामा निरन्तर तारेखमा रहेका मृतकको दैयादार छोराले अ.बं. ५९ नं.को सुविधा लिई आफ्नो मुद्दा सकार गराई पाउँ भनी निवेदनसमेत दिएको अवस्थामा अ.बं. ६२ नं. को संकुचित व्याख्या गरी मुद्दा सकार गर्न नदिने हो भनी अ.बं. ५९ नं. ले पक्षलाई दिएको कानूनी अधिकारबाट वञ्चित हुने अवस्था आउँछ । यस सन्दर्भमा अ.बं. ६२ नं. र ५९ नं. लाई एकसाथ हेरिनु न्यायसङ्गत हुन जाने । | ७२२ |

| | | | | |
|---|---|---|---|---|
| ९. | ९९९३<br>संयुक्त<br>उत्प्रेषण / परमादेश | रामबहादुर राउत<br>विरूद्ध<br>विनोद सिंहसमेत | ▪ नागरिकता नेपाल सरकारले जारी गरेको नेपाली नागरिकलाई पहिचान गर्ने आधिकारिक प्रमाण हो र यसमा उल्लेख भएको ठेगाना अन्यथा प्रमाणित नभएसम्म सम्बन्धित व्यक्तिको आधिकारिक ठेगाना मानिन्छ । निवेदकको नागरिकतामा उल्लेख भएको बाराहा गा.वि.स. मा निजको नामको सूचना तामेल नभई बशाहा गा.वि.स. मा तामेल भएको देखिएकोले उक्त सूचना मुलुकी ऐन, अ.बं. ११० नं. को रीत पुऱ्याई तामेल भएको मान्न नमिल्ने । | ७२८ |
| १०. | ९९९४<br>संयुक्त<br>लिखत बदर दर्ता बदर दर्ता कायम | नन्दीलाल मण्डलसमेत<br>विरूद्ध<br>बहुरीदेवी थरूनी | ▪ वादीको एकसगोलको सम्पत्ति आफ्नै नाताका व्यक्तिले तहतह बिक्री गरेको कुरामा मेरोसमेत अंशहक लाग्ने जग्गा बेचबिखन गरेको भन्ने विषयको विवादमा जग्गा पजनीको १७ नं., जग्गा मिच्नेको १८ नं.आकर्षित हुने नभई मुलुकी ऐन, लेनदेन व्यवहारको १० नं.को व्यवस्था आकर्षित हुने । | ७३६ |
| ११. | ९९९५<br>संयुक्त<br>उत्प्रेषण / परमादेश | प्रचेष्टा राणा<br>विरूद्ध<br>काठमाडौं जिल्ला अदालत, बबरमहल, काठमाडौंसमेत | ▪ निवेदकको हकमा जालसाजी मुद्दाको रोहमा संरक्षकको भूमिकामा अन्य कुनै उनाउ व्यक्ति रहेको नभई निजको एकाघरमा रहिरहेकी आफ्नै आमाले निवेदकको हकमा संरक्षक भई एवं आफ्नो हकमा समेत दायर गरेको उक्त मुद्दा फिर्ता लिँदाको प्रक्रियामा तत्कालीन अवस्थामा संरक्षित रहेकी यी रिट निवेदक नाबालकको हकमा समेत स्वतः मुद्दा फिर्ता हुन जाने नै हुन्छ । त्यसरी दायर भएका मुद्दामा वादी दाबी फिर्ता वा खारेज गरिदिँदा संरक्षित नाबालकको हकको फिराद दाबीलाई मात्र बाँकी राखिराख्न पर्ने बाध्यात्मक कानूनी व्यवस्थासमेत रहेको देखिएको छैन । यस्तो अवस्थामा नाबालकको हकमा दायर रहेको मुद्दामा सोही संरक्षकले मुलुकी ऐन, अदालती बन्दोबस्तको ९२ नं.बमोजिम फिर्ता लिन नसक्ने भन्ने अर्थ गर्न मिल्ने नदेखिने । | ७४३ |

| | | | | |
|---|---|---|---|---|
| १२. | ९९९६<br><br>संयुक्त<br><br>उत्प्रेषण / परमादेश | लक्ष्मी साह कानु<br>विरूद्ध<br>रामज्योति कनुइन | ▪ कुनै जग्गाको जग्गाधनीले सो जग्गाको मोही लगत कट्टा गरिपाउँ भनी दिएको निवेदनमा निर्णय गर्ने अधिकारप्राप्त निकाय वा अधिकारीले निर्णय गर्नुपूर्व सो जग्गाको मोही वा निजको हकवालालाई सुनुवाइ र प्रतिवाद गर्ने मौका दिई दुवै पक्षका कुरा सुनी निर्णय गर्नुपर्दछ । मोही वा निजको हकवालालाई सुनुवाइको मौका नदिई केबल जग्गाधनीको निवेदनको आधारमा मात्र एक पक्षीयरूपमा मोही लगत कट्टा हुने गरी भूमिसुधार कार्यालयले गरेको निर्णयबाट मोहीको मोहीयानी हकमा प्रतिकूल असर पर्ने हुँदा त्यस्तो निर्णय प्राकृतिक न्यायको सिद्धान्तविपरीत भई बदरभागी हुने । | ७५५ |
| १३. | ९९९७<br><br>संयुक्त<br><br>उत्प्रेषण / परमादेश | अधिवक्ता दलबहादुर धामीसमेत<br>विरूद्ध<br>नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत | ▪ स्वास्थ्य सेवा जस्तो मानिसको बाँच्न पाउने हक **(Right to Life)** सँग प्रत्यक्ष रूपमा जोडिएको सेवालाई राज्यले संवेदनशील रूपमा लिई यसको वितरण गर्दा पर्याप्त सावधानी अपनाउनु पर्छ । त्यसैगरी औषधी र खोपको वितरण गर्दा तथा अन्य उपचारको विधिहरू अपनाउँदा उपचारमा संलग्न चिकित्सकले पनि पर्याप्त सावधानी **(Due Diligence)** अपनाउनु पर्छ । प्रभावकारी उपचारको लागि सही औषधी, सही मात्रामा, सही तरिकाले, सही अवधिभित्र, सही मूल्यमा सेवन / प्रयोग गर्न आवश्यक हुने ।<br>▪ मानवीय त्रुटिको कारण वा वातावरण प्रदूषित भएको कारणले खोपको भाइल प्रदूषित भएकोले बालबालिकाको मृत्यु भएको भन्ने भनाइबाट राज्यले उन्मुक्ति पाउन सक्ने हुँदैन । कुनै अमुक कारणले खोप प्रदूषित भएको कारण देखाउँदैमा आफूले वितरण गरेको खोपले पारेको नकारात्मक प्रभावको कारण सृजित दायित्वबाट राज्यले उन्मुक्ति पाउन नसक्ने । | ७५९ |

| | | | | |
|---|---|---|---|---|
| १४. | ९९९८<br>संयुक्त<br>बन्दीप्रत्यक्षीकरण / परमादेश | नरध्वज गुरूङ<br>विरूद्ध<br>उच्च अदालत पोखरासमेत | ▪ कारागार नियमावली, २०२० को नियम २९(२क) मा उल्लिखित "असल चालचलन भएका" र "सत्तरी वर्ष उमेर पुगेका" कैदीहरूको हकमा उक्त नियम २९(१क) मा उल्लेख भएबमोजिम नकारात्मक सूचीमा परेका मुद्दामा नै कैद परेको भएपनि नियम २९(२क) बमोजिमको कैद छुट पाउन सक्ने।<br>▪ कानूनबमोजिम आफूले गर्नुपर्ने निर्णय नै नगरी बस्ने र परिणामतः ऐनले गरेको व्यवस्थालाई निष्प्रभावी तुल्याउने छुट कुनै सार्वजनिक अधिकारीलाई हुन सक्तैन। जेष्ठ नागरिकलाई सजायमा छुट दिने सम्बन्धमा उचित समयमा नै तथ्यसङ्गत निर्णय गर्नु सम्बन्धित अधिकारीको कानूनी कर्तव्य देखिने। | ७७४ |
| १५. | ९९९९<br>संयुक्त<br>सम्बन्ध विच्छेद | श्रीमती किरण राणा<br>विरूद्ध<br>पुरण शमशेर ज.ब.रा. | ▪ आमा, छोरा, छोरी र श्रीमतीको रक्षा-शिक्षाको जिम्मेवारीबाट उम्की घरै छोडी हिँड्ने लोग्नेले आफ्नी श्रीमतीसँग निजको मन्जुरी नहुँदा नहुँदै पनि सम्बन्ध विच्छेद गर्न पाउँछ भन्ने मनसाय मुलुकी ऐन, लोग्ने स्वास्नीको महलको १ नं.को देहाय १ को कानूनी व्यवस्थाको नभई श्रीमतीले श्रीमान्को मन्जुरीबेगर घर छाडी अलग बसेको हकमा मात्र आकर्षित हुने हुँदा उक्त कानूनी व्यवस्थाले प्रत्यर्थी वादीलाई सम्बन्ध विच्छेद गर्न छुट दिएको भन्न नमिल्ने। | ७८२ |
| १६. | १०००० <br>संयुक्त<br>उत्प्रेषण / परमादेश | अनितबहादुर श्रेष्ठसमेत<br>विरूद्ध<br>नेपाल बैंक लिमिटेड, प्रधान कार्यालयसमेत | ▪ निवृत्तिभरण कर्मचारीलाई दिइने दान वा कर्मचारीमाथि गरिएको दया होइन, लोक कल्याणकारी राज्यमा मानव अधिकारको मूल्य र मान्यतालगायत सामाजिक न्यायअनुसार व्यवहार हुनु वाञ्छनीय हुन्छ। उनीहरूलाई अवकाशपश्चात् सामाजिक वा पारिवारिक बहिस्करण भएको जस्तो अनुभूति हुन दिइनु हुँदैन। यस्ता अवकाश प्राप्त वा वृद्धहरूप्रति गरिने सम्मान, व्यवहार तथा व्यक्त हुने धारणाले त्यस अवकाशप्राप्त व्यक्तिहरूको बाँकी जीवनकालमा विशेष महत्त्व राख्ने।<br>▪ यस्ता सुविधा उपलब्ध गराउने भन्ने सेवा | ७८८ |

| | | | | |
|---|---|---|---|---|
| | | | सर्तको व्यवस्थाले कर्मचारी एक छुट्टै वर्गको हो भनी पुष्टि गर्दछ, त्यस्तो वर्ग संस्थाको लागि दायित्व मात्र हो भन्ने धारणा राखी अवकाशपश्चात्को सुविधामा कटौती हुनुपर्छ भन्ने भावना राख्नु हुँदैन । उनीहरूको बाँकी जीवन सम्मानित तथा सुखकर राख्ने कार्यमा योगदान दिनु र यिनीहरूलाई सेवा सर्तअनुरूप नै केही मात्रामा आर्थिक रूपमा सुरक्षा प्रदान गर्ने कार्यलाई सामाजिक उत्तरदायित्वका रूपमा विकसित गर्नु पनि आवश्यक हुने । | |
| १८. | १०००१ संयुक्त परमादेश | अधिवक्ता अच्युतप्रसाद खरेल विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत | ▪ पीडित महिलासम्बन्धी समाचार प्रकाशन गर्दा प्रकाशन हुने विषयबाट पर्नसक्ने प्रभावको सुक्ष्मरूपमा प्रत्येक पाटोको मूल्याङ्कन गर्नुपर्ने दायित्व सम्बन्धित पत्रकार र आम सञ्चार गृहको हो । पत्रपत्रिका तथा छापाखानाको अधिकारको महत्त्व प्रकाशन गृह तथा आम नागरिकसमेतलाई भएपनि उक्त अधिकारमा कसैको पनि मर्यादा तथा आत्मसम्मानमा प्रतिकूल नहुने गरी गोपनीयताको अधिकार अन्तरनिहित हुने ।<br>▪ पत्रकारिता तथा आम सञ्चारको सन्दर्भमा वर्तमान प्ररिप्रेक्ष्यमा विकसित विभिन्न मूल्य मान्यताहरू तथा ऐन कानूनसमेतले प्रतिवन्ध लगाएको अवस्थामा देशको महत्त्वपूर्ण राष्ट्रिय दैनिक पत्रिकाबाट यसरी वादी समूहको एक प्रभावित पीडितको नाम र तस्वीर तथा पेसा नै प्रकाशन हुनुले प्रभावित पीडितलाई हौसला प्रदान गर्ने उद्देश्यले समाचार प्रकाशन भएको भनी भन्न मिल्ने अवस्था नहुने । | ७९७ |

यी सारसङ्क्षेप *ने.का.प.* प्रयोगकर्ताको सुविधाका लागि मात्र हुन्, उद्धरण गर्नका लागि होइनन् ।

**– सम्पादक**

## निर्णय नं. ९९८५

सर्वोच्च अदालत, बृहत् पूर्ण इजलास
माननीय न्यायाधीश श्री जगदीश शर्मा पौडेल
माननीय न्यायाधीश श्री केदारप्रसाद चालिसे
माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा
माननीय न्यायाधीश श्री अनिलकुमार सिन्हा
माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल
फैसला मिति : २०७३।१२।१०
०७३-WF-००२०

विषयः परमादेश

निवेदक : भक्तपुर जिल्ला, मध्यपुर ठिमी नगरपालिका वडा नं. १६ बस्ने अधिवक्ता माधवकुमार बस्नेत

विरूद्ध

विपक्षी : अध्यक्ष, न्याय परिषद् सचिवालय, कुपण्डोल, ललितपुरसमेत

- **मौलिक हकको प्रचलनका लागि संवैधानिक उपचारको हकसमेत संविधानको धारा ४६ ले प्रदान गरेको छ। उल्लिखित हकहरूमध्ये संविधानको धारा १३३(१) बमोजिम उपचार प्रदान गर्नका लागि संवैधानिक इजलास कायम रहनु आवश्यक र अनिवार्य छ । न्यायिक उपचार प्रदान गर्ने संयन्त्रको अभावमा मौलिक हकको प्रचलन सम्भव हुँदैन । संवैधानिक इजलासको व्यवस्था नागरिकको मौलिक हक प्रचलनसँग अन्योन्याश्रितरूपमा जोडिएको विषय हो। यो स्वयंमा मौलिक हकको विषय पनि हुने।**
- **संवैधानिक परीक्षणको माध्यमद्वारा संविधान प्रतिकूल बनेका कानूनलाई अमान्य र बदर घोषित गरी नागरिकको मौलिक हकको संरक्षण गर्ने, संविधानवादको मान्यतालाई स्थापित गर्ने, कानूनको शासन कायम गर्ने र शासकीय सुव्यवस्था, नियन्त्रण र सन्तुलन कायम गर्ने महत्त्वपूर्ण अधिकार र जिम्मेवारी संवैधानिक इजलासमा रहेको हुँदा यसको अविच्छिन्न निरन्तरता र क्रियाशीलता वाञ्छनीय देखिन्छ । इजलास नै गठन नभएको वा निरन्तर रूपमा क्रियाशील हुन नसक्ने स्थिति देखिनु उचित होइन । नि:सन्देह यो गम्भीर विषय हो। नेपालको संविधानले यस्तो शून्यताको स्थितिको परिकल्पना गरेको नदेखिने।**

(प्रकरण नं.६)

- **संवैधानिक प्रावधानहरूको कार्यान्वयनका लागि कहिल्यै कुनै अवस्थामा पनि संवैधानिक इजलास अपूर्ण रहनु हुँदैन। सदैव, निरन्तर र अविच्छिन्न रूपमा संवैधानिक इजलास कायम र क्रियाशील रहने प्रबन्ध मिलाउनु अत्यावश्यक देखिने।**

(प्रकरण नं.७)

- **नेपालको संविधानको धारा १३७(१) मा रहेको व्यवस्था, न्यायिक कार्य सम्पादनसम्बन्धी मान्यता र व्यावहारिकतासमेतलाई दृष्टिगत गर्दा चार जनाभन्दा बढी संख्यामा संवैधानिक इजलासका लागि न्याय परिषद्बाट न्यायाधीशको नाम सिफारिस गर्न सकिने।**
- **प्रधानन्यायाधीशले संवैधानिक इजलासका लागि चार जना न्यायाधीश तोक्ने स्वविवेकाधिकार प्रयोगको अवस्था कायम राख्नका लागि न्याय परिषद्बाट**

**चार जनाभन्दा बढी न्यायाधीशको नाम सिफारिस गरी संवैधानिक इजलासका लागि न्यायाधीशको समूह (Panel) खडा गर्न सकिने ।**

- **नि:सन्देह व्यावहारिकताको नाउँमा संविधान, कानून एवं न्यायका मान्य सिद्धान्त प्रतिकूलका काम कारबाही स्वीकार्य हुँदैनन् । तर संविधान, कानून एवं न्यायका मान्य सिद्धान्तअनुकूल हुने अवस्थामा न्यायिक काम कारबाहीलाई व्यवहार-सुलभ र सहज तुल्याउनु औचित्यपूर्ण नै हुने ।**

(प्रकरण नं.८)

निवेदकका तर्फबाट : विद्वान् अधिवक्ता श्री माधवकुमार बस्नेत

विपक्षीका तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता श्री श्यामकुमार भट्टराई

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- नेपालको संविधानको धारा १३३, १३७
- सर्वोच्च अदालत (संवैधानिक इजलास सञ्चालन) नियमावली, २०७२

आदेश

**न्या.ईश्वरप्रसाद खतिवडा :** नेपालको संविधानको धारा ४६ र १३३(२) र (३) बमोजिम दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र आदेश यसप्रकार छ:-

**रिट निवेदन बेहोरा**

विपक्षी न्याय परिषद्को व्यवस्था नेपाल अधिराज्यको संविधान, २०४७ निर्माणको समयमा न्यायपालिकाको स्वतन्त्रता र सक्षमता कायम रहोस् भन्ने पवित्र उद्देश्यले गरिएको थियो । यसको गठन र काम, कर्तव्य र अधिकारहरूमा केही हेरफेर भए पनि २०४७ सालदेखि हालसम्म यसको अस्तित्वको निरन्तरता कायमै रहेको छ । विपक्षीका साबिकदेखिका काम, कर्तव्य र अधिकारहरूको अतिरिक्त संवैधानिक इजलासको लागि ४ जना न्यायाधीश सिफारिस गर्ने थप कर्तव्य नेपालको संविधानको धारा १३७(१) ले तोकेको छ । त्यसअनुसार कल्याण श्रेष्ठ प्रधानन्यायाधीश भएको बेलामा एक पटक सिफारिस गरेदेखि बाहेक आज १० महिना भइसक्दा पनि सिफारिस गरेको छैन । वर्तमान संविधानले सबैभन्दा जटिल र गम्भीर संवैधानिक प्रश्न भएका मुद्दाहरू संवैधानिक इजलासबाट हेर्ने व्यवस्था गरेको छ । न्यायअपेक्षीहरूका दर्जनौं मुद्दाहरू दर्ता भइसकेका छन् भने संवैधानिक इजलास गठन हुनुभन्दा अघि अर्थात् नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(१) अन्तर्गत सुनुवाइ हुन बाँकी रहेका पनि दर्जनौं मुद्दाहरू सुनुवाइ हुन नसकी त्यसै थन्किएर रहेका छन् भने कतिपय आधा बहस भएका मुद्दाहरू समेत त्यतिकै थन्किएर रहेका छन् ।

नेपालको संविधान लागू भएपछि उक्त संविधानको धारा १३३(१) अनुसार संविधानद्वारा प्रदत्त मौलिक हकउपर अनुचित बन्देज लगाइएको आदि कारणले कुनै नेपाल कानून संविधानसँग बाझिएको, प्रदेश सभाले बनाएको कानून संघीय संसद्ले बनाएको कानूनसँग बाझिएको, नगर वा गाउँसभाले बनाएको कानून संघीय संसद्ले बनाएको कानून वा प्रदेश सभाले बनाएको कानूनसँग बाझिएको भन्ने विवाद आएको अवस्थामा त्यसको वैधानिकता परीक्षण गर्ने, संघ र प्रदेश, प्रदेश र प्रदेश, प्रदेश र स्थानीय तह तथा स्थानीय तहहरूबीचको अधिकार क्षेत्रको बारेमा भएको विवाद, संघीय संसद् वा प्रदेश सभा सदस्यको निर्वाचनसम्बन्धी विवाद र संघीय संसद्का सदस्य वा प्रदेश सभाका सदस्यको अयोग्यतासम्बन्धी विवाद र गम्भीर संवैधानिक व्याख्याको प्रश्न रहेको

देखिई प्रधानन्यायाधीशबाट संवैधानिक इजलासबाट हेर्ने गरी तोकेका मुद्दा संवैधानिक इजलासले सुनुवाइ गर्ने व्यवस्था नेपालको संविधानको धारा १३७ ले गरेको छ। धारा १३७(१) ले संवैधानिक इजलासको गठनसम्बन्धी व्यवस्था गरेको छ र त्यसअनुसार प्रधानन्यायाधीशको अतिरिक्त विपक्षी न्याय परिषद्को सिफारिसमा प्रधानन्यायाधीशले तोकेका अन्य ४ जना न्यायाधीश रहने व्यवस्था रहेको छ।

न्याय परिषद् ऐन, २०४७ को दफा १३(१) बमोजिम न्याय परिषद्को बैठक बोलाउने प्राथमिक कर्तव्य अध्यक्षमा राखेको थियो र यो ऐन न्याय परिषद् ऐन, २०७३ ले मिति २०७३।६।३ देखि विस्थापन नगरूञ्जेलसम्म लागू रहेको थियो। त्यतिञ्जेलसम्म संवैधानिक इजलास गठन नभएको ६ महिना भइसकेको थियो। न्याय परिषद् ऐन, २०७३ लागू भएपछि यसको दफा ३५(१) पुरानो ऐनको दफा १३(१) को भन्दा विपक्षी अध्यक्षलाई थप अधिकार प्रदान गर्दै आवश्यकतानुसार अध्यक्षले तोकेको मिति, समय र ठाउँमा बैठक बस्नेछ भनी अधिकार दिइएको छ। तर विपक्षी अध्यक्षले विगत १० महिनादेखि संवैधानिक इजलास गठन गर्न तत्परता देखाउनु भएको छैन। त्यसले निवेदकलगायतका अन्य न्यायको लागि अदालतमा प्रवेश गर्नेले प्रारम्भिक सुनुवाइकै लागि पनि वर्षभरि तारेख धाउँदा पनि सुनुवाइ भएको छैन।

न्याय कुनै निकाय वा पदाधिकारीको कृपाको विषय होइन, जनताको अधिकार हो। न्याय कुनै पदाधिकारी वा निकायको इच्छाधीन विषय होइन। संविधान र कानूनले जुन निकाय र पदाधिकारीलाई कुनै काम गर्न तोकेको हुन्छ त्यो कार्य गर्नु तिनीहरूको कर्तव्य हो। कुनै निकाय वा पदाधिकारीले तोकिएको कर्तव्य नगर्नु भनेको कर्तव्यविमुख हुनु हो। यस सन्दर्भमा विपक्षीहरू कर्तव्यविमुख भएको उल्लिखित तथ्यबाट नै स्थापित छ। जब राज्यका कुनै निकाय वा पदाधिकारीले तोकिएको कर्तव्यको पालना गर्दैनन् भने त्यस्ता निकाय वा पदाधिकारीलाई कर्तव्य पालना गराउन आदेश दिने यस अदालतको पनि संवैधानिक कर्तव्य हो। त्यसैले सम्मानित अदालतले विपक्षीहरूलाई तत्काल संवैधानिक अदालत गठन गर्नको लागि धारा १३७(१) बमोजिम न्यायाधीश सिफारिस गर्न परमादेशको आदेश जारी गरियोस्। न्यायपालिकाले छिटो छरितो न्याय, सबैका लागि न्याय भन्ने मूल नारा लिएको छ। न्यायपालिकाको यस्तो लक्ष्यलाई सफल बनाउन अहोरात्र कार्यरत् रहनु पर्ने विपक्षीले पटकपटक बैठक बस्दा पनि जनताको समयमै न्याय पाउने अधिकारलाई बेवास्ता गरी संवैधानिक इजलास गठनको लागि सिफारिस गर्नुपर्ने कार्यचाहिँ नगरेको अवस्था छ। विपक्षीहरूको यस्तो अकार्य (omission) संविधान कार्यान्वयनमा नै अवरोध खडा गरिरहेको प्रमाणित छ।

विपक्षीहरूको पहिलो कर्तव्य न्यायपालिकालाई आफ्नो संवैधानिक कर्तव्य पूरा गर्न आवश्यक सहयोग गर्नु हो। तर आफ्नो अस्तित्वको आधार नै भुलेको कारणले आज १० महिना बितिसक्दा पनि संवैधानिक इजलासको लागि न्यायाधीश सिफारिस गरेका छैनन्। यस कारणले न्यायपालिकाकै जनआस्थामा नै नकारात्मक भावना सृजना गराई तेस्रो पञ्चवर्षीय रणनीतिक योजनालाई नै असफल गराउनेतर्फ उद्यत रहेकोसमेत प्रमाणित हुँदै गएको छ। मिति २०७२।९।१४ देखि सर्वोच्च अदालत (संवैधानिक इजलास सञ्चालन नियमावली, २०७२) लागू भएपछि पहिलो रिट निवेदन मिति २०७२।९।२९ मा दर्ता भएको देखिन्छ र निवेदककै पनि ०७२-WC-०००५ र ०७२-WC-०००६ का निवेदनहरू क्रमशः मिति २०७२।११।२ र २०७२।११।३ मा दर्ता भएका छन्। ती निवेदनहरूको प्रारम्भिक (कारण देखाउ) आदेशकै लागि हालसम्म १७ वटा पेसी तारेख सुनुवाइ हुन नसकी रोकिएका छन् भने १८ औं पेसी तारेख मिति २०७३।१०।२८ मा तोकिएको भए पनि

विपक्षीको कारणले त्यस तारेखमा पनि सुनुवाइ हुन नसक्ने सम्भावना अत्यन्त प्रबल छ । निवेदकले दर्ता गरेका दुवै निवेदनमा अन्तरिम आदेशको माग रहेको छ । अन्तरिम आदेशको माग भएका निवेदनहरू स्वभावले नै गम्भीर प्रकृति र चाँडै सुनुवाइ हुनुपर्ने प्रकृतिका हुन्छन् र समयमै सुनुवाइ हुन नसके रिट निवेदन नै निष्फल हुन्छन् । त्यसैले सैवंधानिक इजलास गठन हुनु अत्यन्त आवश्यक छ । जनतालाई न्याय दिने र गम्भीरतम् संवैधानिक प्रश्नहरू रहेको मुद्दाहरू भने विपक्षीहरूको कर्तव्यविमुखताको कारणले त्यतिकै थन्किएर रहेका छन् । साबिकमा हाल बहाल रहेकाभन्दा कम न्यायाधीशहरू भएको अवस्थामा पनि संवैधानिक इजलास गठन गरी मुद्दाहरू सुनुवाइ गरिएको थियो । तर हाल धेरै न्यायाधीशहरू हुँदा पनि संवैधानिक इजलास गठन नगर्नु विपक्षीहरूको बदनियतको पराकाष्ठा हो भन्ने स्वतः सिद्धतथ्य हो । जनताको न्यायको अधिकार कसैको इच्छा वा अनिच्छामा आधारित हुन सक्दैन ।

न्याय प्रशासनलाई छिटो छरितो, सर्वसुलभ, मितव्ययी, निष्पक्ष, प्रभावकारी र जनउत्तरदायी बनाउने राज्यको नीति रहेको र धारा १२६(१) मा नेपालको न्यायसम्बन्धी अधिकार यो संविधान, अन्य कानून र न्यायका मान्य सिद्धान्तबमोजिम अदालत र न्यायिक निकायबाट प्रयोग गरिने जस्ता संविधानमा सशक्त व्यवस्थालाई कार्यान्वयन र पालना गर्नुपर्ने संविधानअन्तर्गतकै निकाय न्याय परिषद्ले बेवास्ता गरिरहेको छ । संविधानको धारा १३३(१) ले विधायिकाले आफ्नो कानून बनाउने अधिकार दुरूपयोग गरी वा अधीनस्थ विधायिकीय अधिकारको दुरूपयोग गरी कार्यपालिकाले कुनै कानून बनाई कानूनी आवरणमा जनताका मौलिक हक अधिकार अतिक्रमण गरे जनताले त्यस उपधाराअन्तर्गत उपचार लिन सकुन् भनी गरिएको व्यवस्था नै कार्यान्वयन हुनसकेको छैन । यो संविधानको पालना गर्नु प्रत्येक व्यक्तिको कर्तव्य हुनेछ भन्ने संविधानको धारा १ को उपधारा (२) को पालना गर्नुपर्नेमा संवैधानिक निकायबाट नै पालना भएको नदेखिँदा संवैधानिक इजलासका लागि न्यायाधीश सिफारिस गर्न तुरून्त बैठक बोलाई आवश्यक ४ जना न्यायाधीश सिफारिस गर्नु भनी परमादेश जारी गरिपाउँ र प्रस्तुत विषय नागरिक हकसँग मात्र सीमित नरही संविधानको कार्यान्वयन, कानूनको शासन, संवैधानिक कर्तव्य पूरा गर्नुपर्ने पदाधिकारी तथा निकायले संवैधानिक कर्तव्य पूरा नगरेकोलगायतका विषयसँग सम्बन्धित सर्वाधिक महत्त्वको विषय भएकोले अन्तिम सुनुवाइको मितिसमेत प्रारम्भिक सुनुवाइमै तोकिपाउँ भन्ने बेहोराको रिट निवेदन ।

**कारण देखाउ आदेश**

यसमा के कसो भएको हो? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुन नपर्ने भए आधार कारणसहित २०७३।११।९ गतेभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी विपक्षीहरूका नाममा म्याद सूचना पठाई सोको बोधार्थ महान्यायाधिवक्ताको कार्यालयलाई दिनू । साथै महत्त्वपूर्ण सार्वजनिक सरोकारको संवैधानिक प्रश्न समावेश भएको विषयमा प्रस्तुत रिट निवेदन परेको हुँदा सम्भव भएसम्म छिटो सुनुवाइ गर्न आवश्यक र मनासिब देखिएकोले मिति २०७३।११।११ गतेको पेसी तोकी तदनुसार सुनुवाइका लागि नियमानुसार पेस गर्न सर्वोच्च अदालत नियमावली, २०४९ को ५क. बमोजिम आदेश गरिदिएको छ । सो पेसीको जनाउ महान्यायाधिवक्ताको कार्यालयलाई दिई नियमानुसार पेस गर्नु भन्ने यस अदालतको मिति २०७३।१०।२५ को आदेश ।

**लिखित जवाफ बेहोरा**

नेपालको संविधानको धारा १३७ बमोजिम संवैधानिक इजलासमा मिति २०७२।८।२२ मा माननीय न्यायाधीश श्री गिरीश चन्द्र लाल, श्री सुशीला कार्की, श्री वैद्यनाथ उपाध्याय, श्री गोपाल पराजुलीलाई तोक्न सिफारिस गरिएको थियो। माननीय न्यायाधीश श्री गिरीश चन्द्र लाल उमेर हदका कारण अवकाश भएपश्चात् मिति २०७२।९।२२ मा संवैधानिक इजलासमा माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्रलाई तोक्न सिफारिस गरिएको थियो। यसपछि रिक्त हुन आएका पदमा सिफारिस गर्नेसमेतका विषयमा मिति २०७३।१०।२४ गते न्याय परिषद्को बैठक बसी छलफल भएको हो। उक्त विषय अद्यापि छलफलको क्रममा नै रहेकोले यथा समयमा सिफारिस गरिने नै हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत एकै बेहोराको विपक्षी न्याय परिषद् र न्याय परिषद् अध्यक्षको तर्फबाट पर्न आएको छुट्टाछुट्टै लिखित जवाफ।

**पूर्ण इजलासमा पेस गर्ने आदेश**

यसमा संवैधानिक इजलासका लागि न्यायाधीश तोक्ने विषय समावेश भएको र यसरी तोकिने न्यायाधीशको संख्यासम्बन्धी विषयमा समेत एउटा प्रस्ट न्यायिक दृष्टिकोण निर्माण हुनु आवश्यक देखिएको सन्दर्भमा समावेश भएको कानूनी प्रश्नको जटिलता र महत्त्वको दृष्टिले प्रस्तुत निवेदनउपर पूर्ण इजलासबाट सुनुवाइ हुन मनासिब देखिएकोले सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३ (१) (च) को प्रयोजनार्थ सम्माननीय प्रधानन्यायाधीशज्यूसमक्ष पेस गर्नु भन्ने संयुक्त इजलासको आदेशानुसार पूर्ण इजलाससमक्ष पेस हुन आएको रहेछ।

**कानून व्यवसायीको बहस**

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत विवादमा निवेदकतर्फबाट निवेदक स्वयं विद्वान् अधिवक्ता श्री माधवकुमार बस्नेतले नेपालको संविधानको धारा १३७(१) बमोजिम रहने संवैधानिक इजलास गठन नहुँदा हाल १८९ मुद्दा सुनुवाइ हुन नसकी रहेका र ४५ भन्दा बढी मुद्दा कारण देखाउ आदेश नै नभई रहिरहेको अवस्था छ। लामो समयसम्म संवैधानिक इजलासका लागि न्यायाधीश तोक्ने विषयमा न्यायपरिषद्को बैठक पनि नबोलाउने कार्यले संवैधानिक दायित्व पूरा गर्नुपर्ने निकायले पूरा नगरेको अवस्था छ। संवैधानिक इजलासबाट हेरिने मुद्दामा प्रारम्भिक आदेश गर्नसमेत ५ जनाकै इजलास लाग्नु पर्ने व्यवस्थासमेतलाई पुनर्विचार गरिनु पर्दछ। विपक्षीहरूको लिखित जवाफमा संवैधानिक इजलासमा न्यायाधीश तोक्ने सम्बन्धमा बैठक बसी छलफल भएको भन्ने मात्र देखिएको र लामो समयसम्म संवैधानिक इजलासका लागि न्यायाधीश सिफारिस गर्ने कार्य पनि नभएको अवस्था छ। संविधानअनुरूप विपक्षीहरूले कार्य नगरी कर्तव्यविमुख भएकोले दिन किटान गरी संवैधानिक इजलासको न्यायाधीश तोक्ने गरी परमादेश जारी हुनुपर्दछ भनी बहस गर्नुभयो।

विपक्षीहरूतर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री श्यामकुमार भट्टराईले नेपालको संविधानको धारा १३७(१) बमोजिम संवैधानिक इजलासका लागि न्यायाधीश सिफारिस गर्नका लागि न्याय परिषद्को बैठक बसी उपयुक्त समयमा सिफारिस गर्ने भन्ने प्रतिबद्धता व्यक्त गरिएको अवस्था छ। संवैधानिक इजलासको लामो समयको रिक्तता संविधानले परिकल्पना गरेको विषय नभएको र संवैधानिक इजलासको गठन हुनुपर्ने भएकोले यस सम्बन्धमा यथासम्भव चाँडै सम्बोधन हुने नै हुँदा रिट निवेदन खारेज हुनुपर्दछ भन्ने बहस जिकिर गर्नुभयो।

**निर्णय गर्नुपर्ने प्रश्न**

रिट निवेदन तथा लिखित जवाफ बेहोरा तथा विद्वान् अधिवक्ता तथा विद्वान् सहन्यायाधिवक्ताले गर्नुभएको बहस जिकिरसमेतलाई मध्यनजर राखी

हेर्दा अब यसमा निवेदकको मागबमोजिम संवैधानिक इजलासका लागि न्यायाधीश सिफारिस गर्नु भनी विपक्षीका नाउँमा परमादेशको आदेश जारी गर्नुपर्ने हो वा होइन ? भन्ने प्रश्नमा निर्णय दिनुपर्ने देखिन आयो।

**अदालतको निर्णयादेश**

२. निर्णयतर्फ विचार गर्दा सर्वप्रथम संवैधानिक इजलास गठन तथा कार्य सञ्चालन सम्बन्धमा संविधान एवं कानूनमा रहेका प्रावधान सम्बन्धमा दृष्टि दिनु सान्दर्भिक देखिन्छ। संवैधानिक इजलासका सम्बन्धमा नेपालको संविधानको धारा १३७ मा निम्नानुसारको व्यवस्था रहेको छः

**"संवैधानिक इजलासको गठनः (१) सर्वोच्च अदालतमा एक संवैधानिक इजलास रहनेछ । त्यस्तो इजलासमा प्रधानन्यायाधीश र न्याय परिषद्को सिफारिसमा प्रधानन्यायाधीशले तोकेका अन्य चार जना न्यायाधीश रहने छन्।**

**(२) उपधारा (१) बमोजिमको इजलासले धारा १३३ को उपधारा (१) बमोजिम परेका निवेदनको अतिरिक्त देहायका मुद्दाको सुरू कारबाही र किनारा गर्नेछः-**

**(क) संघ र प्रदेश, प्रदेश र प्रदेश, प्रदेश र स्थानीय तह तथा स्थानीय तहहरूबीचको अधिकार क्षेत्रको बारेमा भएको विवादसम्बन्धी,**

**(ख) संघीय संसद् वा प्रदेश सभा सदस्यको निर्वाचनसम्बन्धी विवाद र संघीय संसद्का सदस्य वा प्रदेश सभाका सदस्यको अयोग्यतासम्बन्धी।**

**(३) धारा १३३ मा जुनसुकै कुरा लेखिएको भए तापनि सर्वोच्च अदालतमा विचाराधीन कुनै मुद्दामा गम्भीर संवैधानिक व्याख्याको प्रश्न समावेश भएको देखिएमा त्यस्तो मुद्दा उपधारा (१) बमोजिमको इजलासबाट हेर्ने गरी प्रधानन्यायाधीशले तोक्न सक्नेछ।**

**(४) संवैधानिक इजलासको सञ्चालनसम्बन्धी अन्य व्यवस्था सर्वोच्च अदालतले निर्धारण गरेबमोजिम हुनेछ।"**

३. माथि उल्लेख भएअनुसारको नेपालको संविधानको धारा १३३ को उपधारा (१) मा देहायबमोजिमको प्रावधान रहेको देखिन्छः

**"यस संविधानद्वारा प्रदत्त मौलिक हकउपर अनुचित बन्देज लगाइएको वा अन्य कुनै कारणले कुनै कानून यो संविधानसँग बाझिएको हुँदा त्यस्तो कानून वा त्यसको कुनै भाग वा प्रदेश सभाले बनाएको कुनै कानून संघीय संसद्ले बनाएको कुनै कानूनसँग बाझिएको वा नगर सभा वा गाउँ सभाले बनाएको कुनै कानून संघीय संसद् वा प्रदेश सभाले बनाएको कुनै कानूनसँग बाझिएको हुँदा त्यस्तो कानून वा त्यसको कुनै भाग बदर घोषित गरिपाउँ भनी कुनै पनि नेपाली नागरिकले सर्वोच्च अदालतमा निवेदन दिन सक्नेछ र सोअनुसार कुनै कानून बाझिएको देखिएमा सो कानूनलाई प्रारम्भदेखि नै वा निर्णय भएको मितिदेखि अमान्य र बदर घोषित गर्ने असाधारण अधिकार सर्वोच्च अदालतलाई हुनेछ।"**

४. नेपालको संविधानको उल्लिखित धारा १३७(४) बमोजिम सर्वोच्च अदालत (संवैधानिक इजलास सञ्चालन) नियमावली, २०७२ बनेको देखिन्छ र मिति २०७२।९।१४ को नेपाल राजपत्रमा प्रकाशन भएपछि उक्त नियमावली कार्यान्वयनमा आएको छ। यस नियमावलीको नियम ३ मा संवैधानिक इजलासबाट हेरिने विषय तोकिएको देखिन्छ। नियम

३ को उपनियम (२) मा "यो नियमावली प्रारम्भ हुँदाका बखत सर्वोच्च अदालत विशेष इजलासमा विचाराधीन रहेको मुद्दा यो नियमावली प्रारम्भ भएपछि संवैधानिक इजलासबाट हेरिनेछ" भन्ने व्यवस्थासमेत रहेको देखिन्छ। नियम ४(१) अनुसार "संवैधानिक इजलासको अधिकार क्षेत्रको प्रयोग प्रधानन्यायाधीशसहित इजलासका सबै न्यायाधीशहरूबाट सामूहिकरूपमा गरिनेछ" भन्ने प्रावधान रहेको छ।

५. माथि उल्लिखित नेपालको संविधानको धारा १३७ तथा सर्वोच्च अदालत (संवैधानिक इजलास सञ्चालन) नियमावली, २०७२ मा रहेको व्यवस्थाको अध्ययनबाट संवैधानिक इजलास सञ्चालनका लागि यसले पूर्णता प्राप्त गर्नु अनिवार्य देखिन्छ। संविधानको धारा १३७ को उपधारा (२) मा उल्लेख भएअनुसारका सबै विवादको कारबाही र किनारा गर्ने क्षेत्राधिकार केबल संवैधानिक इजलासलाई प्रदान भएको अवस्था छ। धारा १३७(२) बमोजिमका विवादको निरूपण संवैधानिक इजलासबाहेक अन्य इजलासबाट हुनसक्ने देखिँदैन। यसका अतिरिक्त "गम्भीर संवैधानिक व्याख्याको प्रश्न समावेश भएको" भन्ने आधारमा प्रधानन्यायाधीशले तोकेका अन्य मुद्दासमेत संवैधानिक इजलासबाट हेरिने व्यवस्था नेपालको संविधानको धारा १३७(३) मा रहेको पाइन्छ। उल्लिखित संवैधानिक एवं कानूनी प्रावधानको कार्यान्वयनका लागि संवैधानिक इजलास निरन्तर र अविच्छिन्नरूपमा क्रियाशील रहनु अनिवार्य देखिन्छ।

६. नेपालको संविधानको भाग ३ मा मौलिक हकसम्बन्धी व्यवस्था रहेको छ। मौलिक हकको प्रचलनका लागि संवैधानिक उपचारको हकसमेत संविधानको धारा ४६ ले प्रदान गरेको छ। उल्लिखित हकहरूमध्ये संविधानको धारा १३३(१) बमोजिम उपचार प्रदान गर्नका लागि संवैधानिक इजलास कायम रहनु आवश्यक र अनिवार्य छ। न्यायिक उपचार प्रदान गर्ने संयन्त्रको अभावमा मौलिक हकको प्रचलन सम्भव हुँदैन। संवैधानिक इजलासको व्यवस्था नागरिकको मौलिक हक प्रचलनसँग अन्योन्याश्रितरूपमा जोडिएको विषय हो। यो स्वयंमा मौलिक हकको विषय पनि हो। संवैधानिक परीक्षणको माध्यमद्वारा संविधान प्रतिकूल बनेका कानूनलाई अमान्य र बदर घोषित गरी नागरिकको मौलिक हकको संरक्षण गर्ने, संविधानवादको मान्यतालाई स्थापित गर्ने, कानूनको शासन कायम गर्ने र शासकीय सुव्यवस्था, नियन्त्रण र सन्तुलन कायम गर्ने महत्त्वपूर्ण अधिकार र जिम्मेवारी संवैधानिक इजलासमा रहेको हुँदा यसको अविच्छिन्न निरन्तरता र क्रियाशीलता वाञ्छनीय देखिन्छ। इजलास नै गठन नभएको वा निरन्तररूपमा क्रियाशील हुन नसक्ने स्थिति देखिनु उचित होइन। निःसन्देह यो गम्भीर विषय हो। नेपालको संविधानले यस्तो शून्यताको स्थितिको परिकल्पना गरेको छैन।

७. रिट निवेदकले संवैधानिक इजलाससम्बन्धी केही तथ्यहरू समेत प्रस्तुत गर्नुभएको छ। विगत १० महिनादेखि संवैधानिक इजलासले पूर्णता नपाएको, संवैधानिक इजलासबाट हेरिने १८९ थान विवाद सुनुवाइको पर्खाइमा रहेको, करिब ४५ थान मुद्दामा प्रारम्भिक सुनुवाइसम्म पनि हुन नसकेको, पटकपटक पेसी तोकिने तर सुनुवाइ नहुने अवस्था रहेको तथा तत्काल सुनुवाइ गरी अन्तरिम आदेशसमेतको माध्यमद्वारा न्यायिक उपचार प्रदान गर्नुपर्ने स्थितिका गम्भीर संवैधानिक महत्त्वका प्रश्न समावेश भएका विवादहरू पनि त्यतिकै थाती रहेको तथ्य रिट निवेदकले उल्लेख गर्नुभएको देखिन्छ। अहिले प्रस्तुत निवेदनउपर सुनुवाइ गर्दाका अवस्थासम्म पनि संवैधानिक इजलास गठन भएको स्थिति देखिन आएन। निश्चय नै यो स्थिति कायम रहनु उचित होइन। संवैधानिक प्रावधानहरूको कार्यान्वयनका लागि कहिल्यै कुनै अवस्थामा पनि संवैधानिक इजलास अपूर्ण रहनु हुँदैन। सदैव, निरन्तर र अविच्छिन्नरूपमा संवैधानिक इजलास कायम

र क्रियाशील रहने प्रबन्ध मिलाउनु अत्यावश्यक देखिन्छ।

८. रिट निवेदकले संवैधानिक इजलासका लागि ४ जना न्यायाधीश सिफारिस गर्नुपर्दछ भनी जिकिर गर्नुभएको देखिन्छ । नेपालको संविधानको धारा १३७(१) बमोजिम संवैधानिक इजलासमा "प्रधानन्यायाधीश र न्याय परिषद्को सिफारिसमा प्रधानन्यायाधीशले तोकेका अन्य चार जना न्यायाधीश रहने" व्यवस्था भएबाट इजलास गठन हुनका लागि प्रधानन्यायाधीश बाहेक अन्य चार जना न्यायाधीश रहनु अनिवार्य देखिन्छ। यस प्रसङ्गमा न्याय परिषद्ले सिफारिस गर्दा केबल चार जना न्यायाधीशको नाम मात्र सिफारिस गर्नुपर्ने हो वा सोभन्दा बढी संख्यामा पनि न्यायाधीशको नाम सिफारिस गर्न सकिन्छ भन्ने प्रश्नउपर विचार गर्न आवश्यक छ । यस सन्दर्भमा नेपालको संविधानको धारा १३७(१) मा रहेको व्यवस्था, न्यायिक कार्य सम्पादनसम्बन्धी मान्यता र व्यावहारिकतासमेतलाई दृष्टिगत गर्दा चार जनाभन्दा बढी संख्यामा संवैधानिक इजलासका लागि न्याय परिषद्बाट न्यायाधीशको नाम सिफारिस गर्न सकिने देखियो । यसो गर्न सकिने र गर्नुपर्ने केही कारणहरू छन्:

**पहिलो कारणः** संविधानको धारा १३७(१) मा "न्याय परिषद्को सिफारिसमा प्रधानन्यायाधीशले तोकेको अन्य चार जना न्यायाधीश रहने" भनी उल्लेख भएको देखिन्छ। न्याय परिषद्बाट यदि चार जना मात्र न्यायाधीशको नाम संवैधानिक इजलासका लागि सिफारिस गरिने हो भने प्रधानन्यायाधीशले "तोकेका अन्य चार जना" भन्ने वाक्यांशको अर्थ संकुचित हुन जान्छ। उक्त अभिव्यक्तिबाट प्रधानन्यायाधीशमा संवैधानिक इजलासका लागि न्यायाधीश तोक्ने (छनौट गर्ने) केही स्वविवेकाधिकार रहेको छ भन्ने देखिन्छ। न्याय परिषद्बाट केबल चार जना मात्र न्यायाधीशको नाम सिफारिस गरिएको अवस्थामा प्रधानन्यायाधीशले न्यायाधीश तोक्ने विकल्प नै बाँकी रहने देखिँदैन। सिफारिस गरिएका सबै चारै जना न्यायाधीश स्वतः संवैधानिक इजलासमा रहने अवस्था रहन्छ। तसर्थ प्रधानन्यायाधीशले संवैधानिक इजलासका लागि चार जना न्यायाधीश तोक्ने स्वविवेकाधिकार प्रयोगको अवस्था कायम राख्नका लागि न्याय परिषद्बाट चार जनाभन्दा बढी न्यायाधीशको नाम सिफारिस गरी संवैधानिक इजलासका लागि न्यायाधीशको समूह (Panel) खडा गर्न सकिने देखिन्छ।

**दोस्रो कारणः** मुलुकी ऐन, अ.बं. ३० नं., न्यायाधीशको आचार संहिता, २०६५ तथा आफ्नो स्वार्थ जोडिएको विषयमा आफैँ निर्णय गर्न नहुने भन्ने प्राकृतिक न्यायको सिद्धान्तसमेतका दृष्टिले विचार गर्दा संवैधानिक इजलासबाट हेरिनु पर्ने कतिपय विवाद सो इजलासका लागि तोकिएको कुनै न्यायाधीशले हेर्न र छिन्न नहुने अवस्थासमेत आई पर्न सक्तछ। प्रचलित कानून एवं न्यायका मान्य सिद्धान्तअनुसार न्यायाधीशले आफ्नो स्वार्थ जोडिएको विवाद निरूपण गर्नबाट अलग रहनु (Recusal) गर्नु पर्दछ । यसका अतिरिक्त आफैँले पहिले गरेको निर्णयउपर समेत संवैधानिक प्रश्न खडा भई संवैधानिक इजलासबाट विवादको निरूपण गर्नुपर्ने अवस्थासमेत आई पर्न सक्दछ । यस अवस्थामा यदि संवैधानिक इजलास गठन गर्न न्यायाधीश छनौट गर्ने विकल्प कायम नराखिने हो भने न्यायाधीशको व्यक्तिगत स्वार्थ जोडिएका विवाद निरूपण गर्ने स्थिति रहँदैन । त्यस्ता विवाद अनिर्णयको अवस्थामा रहन पुग्दछन् अथवा प्रचलित कानून, न्यायाधीशको आचार संहिता तथा न्यायको मान्य

सिद्धान्त प्रतिकूल हुने गरी विवादको निरूपण गर्नुपर्ने स्थिति रहन्छ । उल्लिखित दुवै स्थिति वाञ्छित हुँदैनन् । अतः संवैधानिक इजलासबाट अनवरतरूपमा स्वाभाविक तवरबाट विवादको निरूपण हुने अवस्था सुनिश्चित गर्नका लागि पनि न्याय परिषद्बाट चार जनाभन्दा बढी संख्यामा संवैधानिक इजलासका लागि न्यायाधीशको नाम सिफारिस गरी सोमध्येबाट प्रधानन्यायाधीश र अन्य चार जना न्यायाधीश रहेको इजलास गठन गर्नु आवश्यक र मनासिब देखिन्छ ।

**तेस्रो कारण**ः व्यावहारिकताको पक्ष पनि विचारणीय छ । नि:सन्देह व्यावहारिकताको नाउँमा संविधान, कानून एवं न्यायका मान्य सिद्धान्त प्रतिकूलका काम कारबाही स्वीकार्य हुँदैनन् । तर संविधान, कानून एवं न्यायका मान्य सिद्धान्तअनुकूल हुने अवस्थामा न्यायिक काम कारबाहीलाई व्यवहार-सुलभ र सहज तुल्याउनु औचित्यपूर्ण नै हुन्छ । नेपालको संविधान जारी भएको विगत करिब डेढ वर्षको अवधिमा मिति २०७२।८।२२ देखि २०७२ चैत्र मसान्तसम्म संवैधानिक इजलास गठन भई क्रियाशील रहेको र बाँकी अवधिमा उक्त इजलास नै गठन नभएको (पूर्णता नपाएको) स्थिति देखिन्छ । न्याय परिषद्बाट उचित समयमा सिफारिस नगरिएको कारणबाट नै यो स्थिति देखा परेको हो । नेपाल अधिराज्यको संविधान, २०४७ जारी भएपछि खडा भएको न्याय परिषद्बाट विगत २५ वर्षको अवधिबीच भएका काम कारबाहीतर्फ विचार गर्दा पटकपटक यो परिषद्ले अनिर्णयको पीडा भोगेको र भोगाएको पाइन्छ । उचित समयमा छिटो छरितो रूपमा निर्णय (सिफारिस) गर्न नसक्नु एक प्रकारको नियति बनेको देखिन्छ । विगत २५ वर्षदेखिको नियति अबका दिनमा बेहोर्न नपर्ला भनी निश्चिन्त हुन सकिने पर्याप्त आधारहरू देखिँदैन । यस परिप्रेक्ष्यमा विचार गर्दा संवैधानिक इजलासका लागि सिफारिस गरिएका न्यायाधीशहरू सेवा निवृत्त भएमा वा अन्य कुनै कारणले पद रिक्त रहन पुगेमा तत्कालै अर्का न्यायाधीशको नाम सिफारिस नभएमा पुनः अहिलेकै स्थितिको पुनरावृत्ति हुन जाने भएबाट संवैधानिक इजलासको निरन्तरता अविच्छिन्न रूपमा सुनिश्चित गर्नका लागि पनि चार जनाभन्दा यथासम्भव बढी संख्यामा न्यायाधीशको नाम सिफारिस गरी समूह (Panel) खडा गर्नु र सो समूहमध्येका चार जनालाई प्रधानन्यायाधीशले संवैधानिक इजलासका लागि तोक्ने गर्नु मनासिब देखिन्छ । यसरी चार जनाभन्दा बढी न्यायाधीशको नाम सिफारिस गर्न संविधान एवं कानूनका दृष्टिले कुनै बाधा पर्ने देखिँदैन ।

९. अतः संवैधानिक इजलास गठन भई निरन्तर अविच्छिन्न रूपमा सञ्चालनमा रहनु अनिवार्य देखिएको र विगत लामो समयदेखि सो इजलासका लागि आवश्यक संख्यामा न्यायाधीश तोक्ने कार्य नगरिएको कारणबाट नागरिकको मौलिक हक प्रचलनसम्बन्धी नेपालको संविधानको धारा १३३(१) बमोजिम परेका अनेकौं विवादको निरूपण हुन नसकी न्याय सम्पादन प्रक्रिया नै अवरूद्ध भएको देखिन आएको र आगामी दिनमा समेत संविधानले आत्मसात् गरेको मान्यता, सिद्धान्त, उद्देश्य र मनसायको प्रभावकारी कार्यान्वयनको मार्गमा अवरोध पैदा नहोस् भन्नेतर्फ पर्याप्त संवेदनशीलता अपनाउन वाञ्छनीय देखिँदा माथिका प्रकरणहरूमा विवेचित कुराहरूलाई समेत दृष्टिगत गरी सर्वोच्च अदालतमा रहेको संवैधानिक इजलासका लागि पर्याप्त (यथेष्ट) संख्यामा न्यायाधीश सिफारिस गर्ने कार्य यो आदेशको जानकारी प्राप्त भएका मितिले बढीमा पन्ध्र दिनभित्र गर्नु गराउनु भनी विपक्षी न्याय परिषद्का नाउँमा परमादेश जारी हुने ठहर्छ । दायरीको लगत कट्टा गरी यो

आदेशको जानकारी महान्यायाधिवक्ता कार्यालयमार्फत विपक्षी न्याय परिषद् सचिवालयसमेतमा पठाई मिसिल नियमानुसार बुझाई दिनू।

उक्त रायमा हामी सहमत छौं।
न्या. जगदीश शर्मा पौडेल
न्या. केदारप्रसाद चालिसे
न्या. अनिलकुमार सिन्हा
न्या. सपना प्रधान मल्ल

इजलास अधिकृतः इश्वरीप्रसाद भण्डारी
इति संवत् २०७३ साल चैत १० गते रोज ५ शुभम्।

## निर्णय नं. ९९८६

सर्वोच्च अदालत, पूर्ण इजलास
माननीय न्यायाधीश श्री केदारप्रसाद चालिसे
माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की
माननीय न्यायाधीश श्री पुरूषोत्तम भण्डारी
आदेश मिति : २०७४।६।२
०७३-WF-०००३

विषयः उत्प्रेषण / परमादेश

निवेदक / पक्ष : का.जि. महादेवस्थान गा.वि.स. वडा नं.१ (हाल चन्द्रागिरी न.पा. वडा नं.८) बस्ने सानु श्रेष्ठसमेत

विरूद्ध

प्रत्यर्थी / विपक्षी : नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत

- **सम्पत्तिको अधिकारसम्बन्धी विधिशास्त्रीय मान्यतामा सार्वजनिक हितका लागि राष्ट्रिय सम्पत्तिउपर राज्यको पहिलो हक (Eminent domain) राज्यमा अन्तर्निहित रहने र सम्पत्ति प्राप्त गर्ने सन्दर्भमा राज्यलाई उक्त सिद्धान्तअन्तर्गत व्यक्तिको सम्पत्ति बृहत्तर राष्ट्रिय हितका लागि राज्यले नियन्त्रण, नियमन र अंकुश लगाउन सक्ने।**

(प्रकरण नं.३)

- **राज्यलाई सार्वजनिक हितका लागि नागरिकको सम्पत्ति आवश्यक परी अधिग्रहण गर्नुपर्ने भएमा कानूनले निर्धारण गरेको प्रक्रिया पुर्‍याएर मात्रै अधिग्रहण गर्न सकिने।**

(प्रकरण नं.४)

- **सडकको सीमा तोक्दैमा जग्गाधनीको हक, स्वामित्व समाप्त हुन सक्दैन र सरकारको उक्त सम्पत्तिमा हक स्थापना भई भोगाधिकार प्राप्त हुन सक्ने र अधिकारको सृजना गरी कब्जा गर्न विशेष परिस्थितिमा बाहेक सक्ने देखिँदैन। नागरिकको निजी सम्पत्तिमाथि राज्यले अधिकार सृजना गर्नका लागि जग्गा प्राप्तिसम्बन्धी प्रचलित कानून जग्गा प्राप्ति ऐन, २०३४ अनुरूपको कार्य अनिवार्य रूपमा गर्नुपर्ने।**

(प्रकरण नं.९)

- **नियमित कार्यको रूपमा सम्पन्न गर्नुपर्ने विकास निर्माण र सोको पूर्वाधारको**

सर्वोच्च अदालत

**निर्माणको लागि जग्गा प्राप्त नगरी सरकारको अधिकार सृजना हुने वा प्राप्त जग्गाको मुआब्जा दिनु नपर्ने भन्ने कल्पनासम्म पनि गर्न सक्ने अवस्था नरहने।**

- **सम्पत्तिको सुरक्षा प्रत्याभूत गर्ने संवैधानिक र कानूनी व्यवस्थाको प्रतिकूल कार्य गर्न सकिन्छ भनी मान्यता प्रदान गर्ने हो भने सरकार र मातहत निकाय वा पदाधिकारीको इच्छा र चाहनाले कानूनमाथि शासन गर्न पुग्दछ जो सर्वथा कानूनी शासनको सिद्धान्तको प्रतिकूल हुन जाने।**

(प्रकरण नं.११)

- **वार्ताद्वारा जग्गा प्राप्त गर्दा जग्गा प्राप्ति ऐनले तोकेका अन्य प्रक्रियाहरू पूरा नगरी सरकारले जग्गामा हक स्थापित गर्न सक्नुका साथै नेपाल सरकारले प्राप्त गर्न चाहेको जग्गालाई वार्ताको माध्यमद्वारा स्वेच्छापूर्वक व्यक्तिलाई आफ्नो हक स्वामित्व छोडाई सरकारको हक स्वामित्व स्थापना गर्न सक्ने अधिकार अप्रत्यक्ष रूपमा प्रदान गरेको छ। यस्तो अपवादको अवस्थामा बाहेक अन्य अवस्थामा जग्गा प्राप्ति ऐनले तोकेका सम्पूर्ण पूर्व सर्तहरू पालना भएपश्चात् मात्र नागरिकको निजी सम्पत्तिमाथि हस्तक्षेप गर्न सक्ने।**

(प्रकरण नं.१२)

- **सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने र अन्य कारोबार गर्ने हक प्रदान गरी सोअनुरूप कानूनबमोजिम आर्जित र सञ्चित सम्पत्तिको सुरक्षणको लागि क्षतिपूर्ति प्रदान गरी नागरिकको सम्पत्तिको हकको सुनिश्चितता प्रदान गर्ने मौलिक हकको प्रावधान राखेको संविधान र सोअन्तर्गत निर्मित कानूनको अक्षर, भावना र मर्मलाई आत्मसात् गरी प्रतिपादन भएका सिद्धान्तलाई अनुशरण गर्नुपर्ने।**

(प्रकरण नं.१५)

- **निर्णय कार्यान्वयन प्रक्रियामा माथिल्लो तहबाट भएको निर्णयलाई असल नियतपूर्वक तल्लो तहबाट कार्यान्वयन गर्नुपर्नेमा सो नगरी माथिल्लो तहबाट भएको निर्णयविपरीत मुआब्जा नदिई सडक विस्तार गर्ने गरी सचिव स्तरबाट भएको निर्णय कानूनबमोजिम नदेखिने।**

(प्रकरण नं.१७)

- **कलंकी थानकोट सडक विस्तार सम्बन्धमा नेपाल सरकारले मिति २०३०।९।९ मा अधिग्रहण गर्नुपर्ने जग्गाको विस्तृत सूचना नेपाल राजपत्रमा प्रकाशित गरी मुआब्जा वितरण गरिएको जग्गा मिति २०५२।८।२२ मा सूचना प्रकाशित गरी कलंकी थानकोट क्षेत्रको दायाँ बायाँ ८/८ मिटर सडक विस्तार भएको कुरा राजपत्रमा प्रकाशित सूचनाबाट देखिँदा पहिले सोही सडक विस्तार गर्दा क्षतिपूर्ति दिएको देखिएको हाल सोही क्षेत्रको सडक विस्तार गर्नका लागि प्राप्त गर्नुपर्ने थप ३/३ मिटर जग्गाको क्षतिपूर्ति दिनु नपर्ने भन्ने नेपाल सरकारको निर्णय समानताको सिद्धान्तविपरीत देखिने।**

(प्रकरण नं.१८)

निवेदकका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री हरिहर दाहाल, श्री शम्भु थापा, विद्वान् अधिवक्ताहरू श्री जितेन्द्र बज्राचार्य, डा. श्री

चन्द्रकान्त ज्ञवाली, श्री शंकर लिम्बू, श्री पूर्णप्रसाद राजवंशी, श्री विरेन्द्र महर्जन, श्री पदमबहादुर श्रेष्ठ, श्री विमल श्रेष्ठ

विपक्षीका तर्फबाट : विद्वान् सहन्यायाधिवक्ताहरू श्री खेमराज ज्ञवाली, श्री रमा पराजुली, श्री उद्धव पुडासैनी, विद्वान् अधिवक्ताहरू श्री हरेराम तिवारी, श्री प्रभुकृष्ण कोइराला, श्री शैलेन्द्रकुमार दाहाल, श्री दामोदर खड्का, श्री बद्रीराज भट्ट

अवलम्बित नजिर :

- नेकाप २०५८, अंक १, २, नि.नं.६९७०
- नेकाप २०५८, नि.नं.७०४०, पृ.५९१
- नेकाप २०६२, नि.नं.७५४४, अंक ५, पृ.६१८
- नेकाप २०७०, अंक १, नि.नं.८९४२
- नेकाप २०७२, अंक १२, ९५०८
- स.अ.बु.२०६६, अंक १३, पृ.११
- स.अ.बु.२०७०, अंक ९, पृ.३

सम्बद्ध कानून :

- नेपाल अधिराज्यको संविधान, २०४७
- नगर विकास ऐन, २०४५
- काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५
- जग्गा प्राप्ति ऐन, २०३४

आदेश

**न्या. हरिकृष्ण कार्की :** नेपालको संविधानको धारा ४६ र १३३(२)(३) बमोजिम यसै अदालतको अधिकार क्षेत्रभित्र पर्ने भई सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)(घ) बमोजिम पूर्ण इजलाससमक्ष पेस हुनआएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र आदेश यसप्रकार छः-

**रिट निवेदनको बेहोरा**

हामी रिट निवेदकहरू कलंकीदेखि नागढुंगासम्मका सडक खण्डका दायाँ बायाँ घरबास गरी बसेका स्थायी बासिन्दा हौं । निवेदकहरूमध्ये पुस्तौं पुस्ता आफ्ना पितापुर्खादेखि बसोबास गरी आएका छौं । केही कानूनबमोजिम घरजग्गा खरिद गरी आफ्ना नाममा जग्गाधनी प्रमाण पुर्जा भएको आफ्ना निजी स्वामित्वका घर जग्गामा घर निर्माण गरी बसोबास गरी आएका छौं । निवेदकहरूमध्येका म विमल श्रेष्ठका नाममा का.जि. बलम्बु वडा नं.४(ख) कि.नं.११९ क्षेत्रफल ०-३-०-० मा घरजग्गा रहेको छ । निवेदक म सानु श्रेष्ठको नाममा का.जि. महादेवस्थान वडा नं.१(ख) कि.नं.३३६ क्षेत्रफल ०-४-२-२ घरजग्गा रहेको । त्यसैगरी क्रमश: निवेदकहरू पदमबहादुर खत्रीको नाममा का.जि. थानकोट वडा नं.९(ख) कि.नं.१३८ क्षेत्रफल ०-५-२-०, नेमकृष्ण मानन्धरको नाममा का.जि. नयाँ नैकाप गा.वि.स. वडा नं.२ कि.नं.४२० क्षेत्रफल ०-०-३-०, ईन्द्रमान गोपालीको नाममा का.जि. थानकोट गा.वि.स. वडा नं.९(ग) कि.नं.१ क्षेत्रफल ०-४-१-०, रोशनी श्रेष्ठको नाममा का.जि. सतुंगल गा.वि.स. वडा नं.९(क) कि.नं.९०६ र ९०९ क्षेत्रफल क्रमश: ०-८-२-० र ०-१-१-१, बद्री नारायण श्रेष्ठको नाममा का.जि. थानकोट गा.वि.स. वडा नं.७ कि.नं. २१५,२१६ र २१७ क्षेत्रफल क्रमश ०-५-०-०, ०-५-०-० र ०-५-०-०, महालक्ष्मी श्रेष्ठको नाममा का.जि. तिनथाना गा.वि.स. वडा नं. ८ कि.नं.३३२ क्षेत्रफल क्रमश: ०-१-१-०, चक्रबहादुर गोपालीको नाममा का.जि. थानकोट गा.वि.स. वडा नं.७ कि.नं.८१ क्षेत्रफल २८५ ब.मिटर पूर्णदेवी श्रेष्ठको नाममा का.जि. नयाँ नैकाप गा.वि.स. वडा नं.२ कि.नं.५०६ र ५०८ क्षेत्रफल क्रमश: ०-८-३-० र ०-३-०-२, गणेशबहादुर श्रेष्ठको नाममा का.जि. नयाँ नैकाप गा.वि.स. वडा नं.२ कि.नं.५०५ र ५०२ क्षेत्रफल क्रमश: ०-८-३-० र ०-३-०-२, शंकर मानन्धरको नाममा का.जि.

थानकोट गा.वि.स. वडा नं.९(ख) कि.नं.४१३ क्षेत्रफल ०-३-१-०, बुद्ध रत्न मानन्धरको नाममा का.जि. थानकोट गा.वि.स. वडा नं.९ कि.नं.४११ क्षेत्रफल ०-४-२-०, सरस्वती मानन्धरको नाममा का.जि. थानकोट गा.वि.स. वडा नं.९ कि.नं.४१२ क्षेत्रफल ०-४-२-०, राजमान श्रेष्ठको नाममा का.जि. थानकोट गा.वि.स. वडा नं. ८(ग) कि.नं.३४० क्षेत्रफल ०-४-३-२, हर्षबहादुर गोपालीको नाममा का.जि. थानकोट गा.वि.स. वडा नं.६(ख) कि.नं.१४५ र १२३ क्षेत्रफल क्रमश: ०-३-२-० र ०-२-२-२, रत्नबहादुर गोपालीको नाममा का.जि. थानकोट गा.वि.स. वडा नं. ६ख कि.नं. क्षेत्रफल ०-४-०-०, मैयाँ मानन्धरको नाममा का.जि. महादेवस्थान वडा नं.१ कि.नं.३८२ क्षेत्रफल ०-१-२-०, कान्छा श्रेष्ठको नाममा का.जि. महादेवस्थान वडा नं.२(ख) कि.नं.३९४ क्षेत्रफल ०-२-२-०, भक्त श्रेष्ठको नाममा का.जि. महादेवस्थान वडा नं.५ कि.नं.३४८ र ७०९ क्षेत्रफल १-४-१ र ०-२-३-२, बच्चुराम घिमिरेको नाममा का.जि.महादेवस्थान वडा नं.२(ख) कि.नं.३१२ र ३१३, किशोरकुमार मानन्धरको नाममा का.जि.महादेवस्थान वडा नं.५ कि.नं.६२० क्षेत्रफल ०-३-०-०, सुभद्रा श्रेष्ठको नाममा का.जि. महादेवस्थान वडा नं.५ कि.नं.३५८ क्षेत्रफल ०-२-३-३, पुर्णलाल श्रेष्ठको नाममा का.जि. महादेवस्थान वडा नं.७ कि.नं. १७० क्षेत्रफल ०-१-०-०, हिराबहादुर महर्जनको नाममा का.जि. महादेवस्थान वडा नं.१(ख) जग्गा शुष्मा श्रेष्ठको नाममा का.जि. महादेवस्थान वडा नं.१(क) कि.नं.८१७ र ८१९ क्षेत्रफल ०-४-०-१ र ०-०-३-०, चिरन्जीवी महर्जनको नाममा का.जि. महादेवस्थान वडा नं.५ कि.नं.४४८ क्षेत्रफल ०-५-०-०, भुवनेश्वरी श्रेष्ठको नाममा का.जि. सतुंगल गा.वि.स. वडा नं.८(ख) कि.नं.१३८ क्षेत्रफल क्रमश: ०-३-२-०, बुद्ध कुमारी मानन्धरको नाममा का.जि. सतुंगल गा.वि.स. वडा नं.८(ख) कि.नं.१३७ क्षेत्रफल ०-४-२-०, हरी महर्जनको नाममा का.जि. सतुंगल गा.वि.स. वडा नं.८ कि.नं.३५२, २८० क्षेत्रफल क्रमश: ०-१३-२-० र ०-७-०-०, कृष्णप्रसाद श्रेष्ठको नाममा का.जि. सतुंगल गा.वि.स. वडा नं.९(क) कि.नं.३२१ क्षेत्रफल ०-१४-३-१, सानुबाबु महर्जनको नाममा का.जि. सतुंगल गा.वि.स. वडा नं.९ कि.नं.३५३, २८२ क्षेत्रफल क्रमश: ०-१३-२-० र ०-७-०-०, तुयु श्रेष्ठको नाममा का.जि. सतुंगल गा.वि.स. वडा नं.८ कि.नं.२० क्षेत्रफल ०-५-०-०, ईस्वरी बलामीको नाममा का.जि. महादेवस्थान वडा नं.५ कि.नं.४५९ र ४५० क्षेत्रफल ०-२-३-० र ०-१३-३-०, हरिबहादुर टण्डनको महादेवस्थान वडा नं.५ कि.नं.६१९ क्षेत्रफल ०-३-१-०, स्यामलाल बलामीको महादेवस्थान वडा नं.५ कि.नं.१२१, ४४२, ७८० र ८३९ क्षेत्रफल ०-१-०-०, १-१-०-०, ०-३-०-० र ०-९-३-०, रत्न श्रेष्ठको का.जि. महादेवस्थान वडा नं.७ कि.नं.३४४ क्षेत्रफल ०-७-२-२, रामभक्त श्रेष्ठको का.जि. महादेवस्थान वडा नं.७ कि.नं.१५२ क्षेत्रफल ०-९-०-०, रामचन्द्र खड्काको का.जि. तिनथाना गा.वि.स. वडा नं.९ कि.नं.७२७ क्षेत्रफल ०-६-०-०, हरिप्रसाद आचार्यको का.जि. तिनथाना गा.वि.स. वडा नं.७ कि.नं.१०० क्षेत्रफल ०-६-०-०, विष्णुहरी थापाको का.जि. तिनथाना गा.वि.स. वडा नं.९ कि.नं.७१ क्षेत्रफल ०-१०-२-०, रामकुमारी मानन्धरको का.जि. नयाँ नैकाप गा.वि.स. वडा नं.२ कि.नं.४१० र ४२६ क्षेत्रफल ०-२-३-१ र ०-०-३-० समेतका घरजग्गा रहेका छन्। प्रमाण यसै निवेदनसाथ ज.ध.प्रमाण पुर्जा, हालसम्म तिरो तिरेको रसिद तथा घरको कर तिरेको प्रमाणपत्रसमेत यसैसाथ पेस गरेका छौं। हामी बसेको उल्लिखित जग्गा भएको स्थान हाल मात्र २०७१ सालमा चन्द्रागिरी नगरपालिका कायम भएको छ। नगरपालिका कायम हुनुअगाडि गा.वि.स.मा नक्सा पास गर्ने प्रचलन नरहेकोले पास गरेको नक्सा नभए पनि हाल उक्त जग्गाहरूमा हामी निवेदकहरूको घरबास रहेको छ। विपक्षी प्रत्यर्थीहरूबाट कानूनबमोजिमको

जग्गा प्राप्त नगरी मुआब्जा नदिई बल जोरजबरजस्ती सडक विस्तार गरेमा निवेदकहरूको उल्लिखित जग्गा तथा त्यसमा रहेका घरहरू भत्किने र सडकमा पर्न जाने अवस्था रहेको छ।

मिति २०७२।१०।७ मा एकाएक प्रहरीको सुरक्षा घेरा बनाई केही व्यक्तिहरूले उक्त सडक केन्द्र रेखाबाट ११/११ मिटर अर्थात् जम्मा २२ मिटरको बाटो बनाउने भनी हामीहरूको घरघरमा चिह्न लगाउँदै हिँडेकोले त्यसबारे सोधखोज गर्दा सडक विस्तार गर्ने भन्नेसम्म कुरा गरी अन्य विस्तृतरूपमा कुनै किसिमको जानकारी गराइएन । हामी निवेदकहरूको घरबास रहेको व्यक्तिगत घरजग्गा एकाएक सडक विस्तार गर्न लागिएको हो भनी सोधीखोजी गर्दै प्रत्यर्थीहरू काठमाडौं उपत्यका सडक विस्तार आयोजना, सडक विभाग तथा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयसमक्ष माग गर्दा प्रत्यर्थी मन्त्रालयबाट मिति २०७१।८।१५ मा नेपाल सरकार (सचिवस्तर) को निर्णय भएको छ भनी सोको छायाँप्रतिसम्म उपलब्ध गराइएकोले टिप्पणी सदर गरिएको सो टिप्पणी आदेश तथा सो टिप्पणी आदेश कार्यान्वयनको लागि सडक विभागमा पठाइएको मिति २०७१।०८।२६ च.नं.५९० को पत्र यसैसाथ पेस गरेका छौं । सक्कल प्रत्यर्थीहरूबाटै झिकाई बुझिपाऊँ । विकास निर्माणको लागि हामी निवेदक बाधक बन्दैनौं । सार्वजनिक हितको लागि सडक विस्तारको कुरामा त्यसरी बाधक बन्ने हामी निवेदकको इच्छा पनि होइन । अधिकरण गर्न लागेको जग्गाको उचित मुआब्जा दिई जग्गा अधिग्रहण गर्ने कानूनी प्रक्रियाको अवलम्बन नै नगरी नेपाल सरकार (सचिवस्तर) को एउटा टिप्पणी आदेशले बलात रूपमा निवेदकहरूको घरटहरा भत्काई सडक विस्तार गर्ने कार्यले कानूनी राजको उपहास भएको छ।

२०३० साल पौष ९ गते राजपत्रमा सूचना प्रकाशित गरी कालिमाटी कलंकीस्थानदेखि थानकोटसम्म केन्द्ररेखादेखि दायाँ बायाँ ८/८ मिटर गरी जम्मा १६ मिटर सडक फराकिलो पार्न जग्गाधनीहरूलाई विधिवत् मुआब्जा वितरण गरी अधिग्रहण गरी भएकोमा हामीले सडक केन्द्र रेखाबाट ८/८ मिटर जग्गा छाडी घर निर्माण गरी बसोबास गरी आएका थियौं । तत्कालीन श्री ५ को सरकार निर्माण तथा यातायात मन्त्रालय, सडक विभाग, डिभिजन सडक कार्यालय नं. २ काठमाडौंबाट मिति २०५२।८।२२ मा जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७(१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले अधिग्रहण गरी लिएको मिति २०३०।९।९ को राजपत्रमा प्रकाशित जग्गामा सडक चौडा गरी निर्माण कार्य हुँदा कालिमाटी–थानकोट सडकको (कलंकी स्युचाटारतर्फ जाने बाटोबाट थानकोटसम्म) सडकको १६ मिटरको चौडाइभित्र निर्माण गरिएका घर, टहरा, कम्पाउण्डवाल हटाउन सूचना प्रकाशित भएको थियो । सडकको केन्द्ररेखाबाट ८/८ मिटर यसअघि नै हामी स्थानीय बासिन्दाबाट छाडिसकेको अवस्था छ । मिति २०६५।११।१७ को गोरखापत्रमा सार्वजनिक सूचना प्रकाशित गरी सोल्टीमोड–कलंकी–नागढुंगा सडक विस्तार कार्यको लागि हाललाई सडक केन्द्रविन्दुदेखि दायाँ बायाँ ११/११ मिटरभित्र पर्ने सरोकारवालाहरूको स्वामित्वमा रहेको घर तथा टहराहरू हटाई जग्गा प्राप्ति ऐन, २०३४ को दफा (५) अनुसार जग्गा प्राप्त गरी सडक विस्तार गर्ने भनिएकामा कुनै कारबाही नगरी हाल आएर सडक विभाग तथा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट मिति २०७१।८।१५ मा नेपाल सरकार (सचिवस्तर) को निर्णय भएको छ भनी मिति २०७२।१०।७ मा एकाएक प्रहरीको सुरक्षा घेरा बनाई केही व्यक्तिहरूले उक्त सडक केन्द्र रेखाबाट ११/११ मिटर अर्थात् जम्मा २२ मिटरको बाटो बनाउने भनी हामीहरूको घरघरमा चिह्न लगाउँदै हिंडेकोले हामीहरूको हक भोगको सम्पत्तिमा अतिक्रमण हुने भएकाले सम्मानित अदालतमा उपस्थित भएका छौं।

सार्वजनिक सडक ऐन, २०३१ को दफा ४ ले कुनै पनि सडक निर्माण, विस्तार वा सुधार गर्नका लागि प्रचलित कानूनबमोजिम जग्गा प्राप्त गर्नुपर्ने प्रावधान छ। जग्गा प्राप्त गर्ने प्रचलित कानून भनेको जग्गा प्राप्ति ऐन, २०३४ नै हो । यसका अलावा तत्कालीन नगर विकास ऐन, २०४५ को दफा १६ तथा काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५ को दफा ११ ले पनि प्रचलित नेपाल कानूनबमोजिम जग्गा प्राप्त गर्नुपर्ने प्रावधान छ । हामी निवेदकहरूको के कति जग्गा सडक विस्तारका लागि लिन खोजिएको हो, कुन कुन कित्ता नम्बरबाट के कति क्षेत्रफल जग्गा, पर्खाल, घर, टहरा वा स्थायी संरचना प्राप्त गर्ने हो, नाप नक्सा गरी सम्पूर्ण विवरण खुलाई राजपत्रमा विधिवत् सूचना प्रकाशित गर्नुपर्नेमा सो गरिएको छैन। त्यसैगरी हामी घरजग्गाधनीले के कुन हिसाबमा मुआब्जा, के कति रकम क्षतिपूर्ति पाउने हो यकिन गरिनु पर्दछ । यस सम्बन्धमा प्रत्यर्थीबाट सडक विस्तार गर्नका लागि जग्गा प्राप्ति ऐनमा उल्लिखित कुनैपनि प्रक्रिया अवलम्बन नगरी मिति २०६५।११।१७ को गोरखापत्रमा प्रकाशित सूचनाकै आधारमा पनि जग्गा प्राप्त गर्ने प्रारम्भिक प्रक्रिया सुरू गर्ने भनी प्रत्यर्थी नेपाल सरकार (मन्त्रीस्तर) को मिति २०६५।११।२ को निर्णयअनुसार हामी निवेदकहरूलाई मुआब्जा उपलब्ध गराई विधिवत् जग्गा प्राप्त गरेर मात्रै सडक विस्तार गर्न सक्ने अवस्था निर्विवाद देखिन्छ।

कलंकी नागढुंगा सडक मिति २०२३।११।२२ को राजपत्रमा प्रकाशित सूचनाअनुसार विष्णुमति पुलदेखि रविभवन मोडसम्मको १३० फुटभित्रको जग्गा प्राप्त गर्दा पनि मुआब्जा दिई कानूनबमोजिम नै जग्गा प्राप्त गरेको र राजपत्रको सूचनामा पनि कालिमाटीको विष्णुमती पुलदेखि रविभवनको मोडसम्मको सडक भनी उल्लेख भएको देखिन्छ । मिति २०३०।९।९ र २०३०।९।११ को राजपत्रमा प्रकाशित सूचनामा कालिमाटी थानकोट सडक फराकिलो गर्न साबिक नक्सामा भएकोबाट दायाँ बायाँ ८/८ मिटर गरी १६ मिटर चौडाइभित्रको जग्गा अधिग्रहण गरी जग्गा प्राप्त गर्दा कालिमाटी थानकोट सडक फराकिलो गर्ने भनी सूचना प्रकाशित भई विस्तारित सडकभित्र पर्ने घर जग्गा र क्षेत्रफलअनुसारको मुआब्जा दिइएको अवस्था छ। त्यसबाहेक हाल विस्तार गर्न खोजिएको सडकको विधिवत् मुआब्जा उपलब्ध गराई जग्गा प्राप्त गर्ने भनी प्रत्यर्थी नेपाल सरकारबाट हालसम्म कुनै प्रक्रिया अवलम्बन गरिएको छैन।

सार्वजनिक सडक ऐन, २०३१ को प्रस्तावनामै सडकको वर्गीकरण गरी तिनीहरूको निर्माण, सम्भार, विस्तार वा सुधार गर्न आवश्यक पर्ने जग्गा प्राप्त गर्न र त्यसको लागि मुनासिब माफिकको मुआब्जा वितरण गर्न भनी प्रस्तावनामै उल्लेख भएबाट र राज्यले जग्गा प्राप्ति तथा पुनर्वास नीति, २०७१ पारित गरी जनताका निजी सम्पत्ति प्राप्त गर्दा प्रचलित चलन चल्तीको मोल दिनुपर्ने, ह्रासकट्टी गर्न नपाइने, विस्थापितलाई अन्यत्र पुनर्वास गरिनु पर्ने, वैकल्पिक उपाय अवलम्बन गर्नुपर्ने नीति पारित भइसकेको अवस्था छ। निवेदकहरूको हकमा कलंकी–थानकोट सडक विस्तारको क्रममा यी उल्लिखित कुनैपनि ऐन कानून नीति नियमलाई प्रत्यर्थी सरकारी निकायहरूबाट अनुशरण गरिएको छैन। हामी निवेदकलाई मुआब्जा उपलब्ध नगराई घर टहरा भत्काई घरबासविहीन बनाउने प्रत्यर्थीहरूको गैरकानूनी काम कारबाहीको विरूद्ध मागबमोजिमको रिट आदेश जारी हुनुपर्ने निर्विवाद रहेको छ।

नेपालको संविधानको धारा २५ ले प्रत्येक नागरिकलाई कानूनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने, व्यावसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक प्रत्याभूति गर्दै सम्पत्तिसम्बन्धी अधिकार संविधानको भाग ३ मा मौलिक हकको रूपमा प्रत्याभूत गरेको छ। त्यसैगरी धारा १६(१) सम्मानपूर्वक बाँच्न पाउने हक, धारा १७(२)(ङ)(च) स्वतन्त्रपूर्वक बसोबास गर्ने, पेसा

व्यवसाय तथा रोजगार गर्न पाउने हक प्रत्याभूति गरेको छ भने धारा १८(१)(२) ले कानूनको अगाडि समान र कानूनको समान संरक्षणबाट कसैलाई वञ्चित नगर्ने समानताको हक प्रत्याभूति गरिएकोमा सो हकसमेत प्रत्यर्थीबाट कुण्ठित गर्ने अवस्था सृजना भएको छ। धारा ३७ ले नागरिकको आवासको हकको ग्यारेन्टी गरेकोमा त्यसलाई पूर्णतया लत्याउने काम भएको छ। संविधानको धारा २५(२)(३) मा राज्यले नागरिकको सम्पत्ति सार्वजनिक हितकै लागि अधिग्रहण गरे पनि विधिवत् क्षतिपूर्ति उपलब्ध गराएर मात्रै गर्न सक्ने मौलिक हक प्रत्याभूत गरेको छ। संविधानले प्रत्याभूत गरेका सम्पूर्ण सम्पत्तिसम्बन्धी हकलगायतका मौलिक हकमाथि ठाडै आघात पुऱ्याई सो हकको प्रचलन गर्न पाउनबाट निवेदकहरूलाई वञ्चित गरिएकोले यो रिट निवेदन दायर गर्न आएका छौं।

जग्गा प्राप्ति ऐन, २०३४ को दफा ५ बमोजिम प्रारम्भिक कार्य सुरू गर्न नेपाल सरकारले दफा ३ वा ४ बमोजिम विधिवत् प्राप्त गर्ने निर्णय गरिएको जग्गामा मात्रै मिल्छ। त्यसको लागि सम्बन्धित निकायको कार्यालय प्रमुखले के कुन ठाउँबाट के कति जग्गा प्राप्त गर्नुपर्ने हो सोको यकिन गर्नलाई प्रारम्भिक कारबाही चलाउने व्यवस्था गरेकोले प्रत्यर्थी नेपाल सरकार (मन्त्रीस्तर) को मिति २०६५।११।२ को निर्णयबाट दफा ५ बमोजिमको प्रारम्भिक कारबाही चलाउने भनेकोमा सो भनेकै दफा ३ वा ४ बमोजिम विधिवत् मुआब्जा दिएर मात्रै जग्गा प्राप्त गर्न मिल्ने हो।

(झ) सम्मानित सर्वोच्च अदालतबाट समेत कुनैपनि जनताको निजी स्वामित्वका घरजग्गा कानूनबमोजिम उचित मुआब्जा, क्षतिपूर्ति प्रदान नगरी नागरिकको ईच्छा विरूद्ध हकभोग स्वामित्वको निजी घर र जग्गा राज्यले जबरजस्ती सडक विस्तारका नाममा लिन सक्दैन नमिल्ने भनी मापदण्डमा नै उल्लिखित कतिपय सडक किनाराका बासिन्दाले समेत क्षतिपूर्ति मुआब्जा पाउने फैसला भएको छ। यस सम्बन्धमा बद्रीप्रसाद शर्मा वि. श्री ५ को सरकार मन्त्रिपरिषद् सचिवालयसमेत (ने.का.प.२०५८, नि.नं. ७०४०, पृष्ठ ५९१) कृष्णराज पाण्डे वि. काठमाडौं महानगरपालिकासमेत (ने.का.प. २०६२, नि.नं. ७५४४, अंक ५, पृ. ६१८), भीमबहादुर श्रेष्ठसमेत वि. पश्चिमाञ्चल सडक डिभिजन कार्यालय ५ नं. शिवपुरसमेत (स.अ.बु. २०६६, अंक १३, पृ. ११) उपत्यका नगर विकास समिति वि. सुनकेशरी जोशीसमेत (स.अ.बु. २०७०, अंक ९, पृ. ३), विष्णुदत्त भट्ट वि. जि.वि.स. कैलालीसमेत (स.अ.बु. २०६८, अंक ८, पृ. ३५), गणेशबहादुर बोहरासमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयसमेत (स.अ.बु.२०६८ अंक २० पृ.३) का मुद्दामा रिट आदेश जारी गरी सिद्धान्त प्रतिपादन गरेको अवस्था छ। हामी निवेदकको हकमा उल्लिखित नजिर सिद्धान्तहरूको समेत प्रतिकूल प्रत्यर्थीहरूको काम कार्य रहेकोले मागबमोजिमको रिट आदेश जारी गरी न्याय पाऊँ।

(ञ) हामी निवेदकहरूको नाम दर्तामा रही घरबाससमेत रहेको उक्त उल्लिखित घरजग्गा विधिवत् मुआब्जा दिई अधिग्रहण नै नगरी एकतर्फीरूपमा बलजफ्ती सडक विस्तारको नाममा घर टहरा भत्काउने गरिएको प्रत्यर्थीहरूको काम कारबाहीबाट हामी निवेदकहरूलाई नेपालको संविधानको धारा १६(१), १७(२)(ङ)(च), १८(१)(२), २५(१)(२)(३), ३७, जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३, ४, ५, सार्वजनिक सडक ऐन, २०३१ को दफा ४, काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५ को दफा ११ समेत द्वारा प्रत्याभूत मौलिक तथा कानूनी हक अधिकारको प्रचलनमा बाधा सृजना गरिएकोले अन्य वैकल्पिक उपचारको अभावमा संविधानको धारा ४६, १३३(२)(३) बमोजिम सम्मानित अदालतसमक्ष यो रिट निवेदन दायर गर्न आएका छौं। निवेदकहरूलाई कानूनबमोजिम मुआब्जा उपलब्ध नगराई सडक विस्तार गर्ने भनी टिप्पणी उठाई सदर गरिएको नेपाल

सरकार (सचिवस्तर) मिति २०७१।८।२५ को निर्णय तथा सो निर्णय कार्यान्वयनको लागि पठाइएको मिति २०७१।०८।२६ च.नं.५९० को पत्रलगायत सो सम्बन्धमा प्रत्यर्थीहरूबाट भए गरेका अन्य सम्पूर्ण निर्णय, टिप्पणी, आदेश, चिठीपत्र संविधानको धारा १३३(२)(३) बमोजिम उत्प्रेषणको आदेशबाट बदर गरी निवेदकहरूलाई विधिवत् मुआब्जा उपलब्ध नगराई गैरकानूनीरूपमा सम्पत्तिको हक कुण्ठित गरी घरटहरा भत्काई सडक विस्तार गर्ने कार्य नगर्नु नगराउनु भनी प्रतिषेधको आदेश तथा सार्वजनिक हित र विकासको लागि सडक विस्तार गर्न निवेदकहरूको जग्गा आवश्यक परेको भए निवेदकहरूलाई जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३, ४, ५ तथा सार्वजनिक सडक ऐन, २०३१ को दफा ४ समेतका कानूनी व्यवस्थाबमोजिम विधिवत् मुआब्जा उपलब्ध गराई जग्गा अधिग्रहण गरी मात्रै सडक विस्तारको कार्य गर्नु गराउनु भनी विपक्षी प्रत्यर्थीहरूको नाममा परमादेशसमेतको जो चाहिने उपयुक्त आज्ञा आदेश वा पुर्जी जारी गरी पूर्ण न्याय पाऊँ। प्रस्तुत रिट निवेदनउपर अन्तिम किनारा नलागेसम्म निवेदकहरूको घर टहरा भत्काई सडक विस्तार गर्ने कार्य नगर्नु नगराउनु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम अन्तरिम आदेशसमेत जारी गरी सुनुवाइमा अग्राधिकार प्रदान गरी हेरिपाउँ भन्नेसमेत बेहोराको सानु श्रेष्ठसमेत ४७ जनाको निवेदन।

यसमा के कसो भएको हो, निवेदन जिकिरबमोजिम आदेश जारी गर्नु नपर्ने भए कारणसहित बाटाका म्यादबाहेक १५ दिनभित्र विपक्षीहरूमध्येका नं. १, २, ३, ४, ५, ६, ७, १०, १२, १३ र १४ का हकमा महान्यायाधिवक्ताको कार्यालयमार्फत र अन्य विपक्षीहरूको हकमा आफैँ वा आफ्नो कानूनबमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पेस गर्नु भनी आदेश र निवेदनको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरूका नाममा म्याद सूचना जारी गरी लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार गरी पेस गर्नू। अन्तरिम आदेशको हकमा अर्को पक्षको जिकिर सुनेर मात्र आदेश गर्न उपयुक्त हुने हुँदा तत्सम्बन्धी छलफलको लागि मिति २०७२।११।२७ को तारेख तोकी सम्बन्धित पक्षहरूलाई सोको जानकारीसमेत गराई कानूनबमोजिम गरी पेस गर्नु भन्ने यस अदालतबाट भएको आदेश।

विपक्षी रिट निवेदकहरूले रिट निवेदनमा लिएको विषय सम्बन्धमा त्रिपुरेश्वरदेखि कालिमाटी कंलकी नागढुंगा सडक विस्तारको क्रममा ठेक्का व्यवस्थापन भई निर्माण कार्य सुरू भइसकेको विद्यमान अवस्थामा कंलकी नागढुंगा सडक खण्डमा आयोजनाका प्राविधिकहरू तथा निर्माण व्यवसायीबाट काम गर्ने क्रममा स्थानीय बासिन्दाहरूबाट उक्त कार्यमा अवरोध सिर्जना गर्ने पर्खाल निमार्णको लागि लगाइएको किला उखेल्ने जस्ता कार्यबाट निर्माण कार्यमा बाधा अवरोध भएको हुँदा निमार्ण कार्यलाई सहजरूपमा बढाउन आवश्यक सुरक्षा व्यवस्था मिलाई दिनु भनी काठमाडौं उपत्यका सडक विस्तार आयोजनाको च.न.५०५ मिति २०७२।१०।१५ गतेको जिल्ला प्रशासन कार्यालय काठमाडौंलाई लेखिएको पत्र जिल्ला प्रशासन कार्यालय काठमाडौंको च.न.२६१४ मिति २०७२।१०।१९ गतेको पत्रसाथ यस कार्यालयमा शान्ति सुरक्षा सम्बन्धमा लेखी आएको हुँदा उल्लिखित पत्र सम्बन्धमा आवश्यक शान्ति सुरक्षा व्यवस्था मिलाउनु हुन भनी यस कार्यालयको च.न.२३८२ मिति २०७२।१०।१८ गतेको पत्रद्वारा महानगरीय प्रहरी वृत्त कालिमाटी थानकोटसमेतलाई पत्राचार गरिएकोसम्म हो । सोदेखि बाहेक रिट निवेदनमा लिएको जिकिरअनुसारको कार्य यस परिसरबाट नभएको नगरिएको अवस्थामा कपोलकल्पित झुट्टा बेहोरा उल्लेख गरी यस परिसरसमेतलाई विपक्षी बनाई सम्मानित अदालतसमक्ष दिएको रिट निवेदन खारेज गरिपाउँ भन्ने बेहोराको महानगरीय प्रहरी परिसर

काठमाडौंको तर्फबाट पेस भएको लिखित जवाफ।

निवेदकहरूले त्रिभुवन राजपथ कहाँबाट सुरू हुने हो भनी अस्पष्ट रहेको भनी निराधार विवाद सृजना गर्नुभएको छ। त्रिभुवन राजपथ काठमाडौं त्रिपुरेश्वरको त्रिभुवनको सालिकदेखि सुरू भई रक्सौलसम्म पर्दछ। सोको लम्बाई जम्मा १६९ कि.मि. पर्दछ। रक्सौलदेखि नाप्दा पनि त्रिभुवन राजपथ त्रिपुरेश्वरको त्रिभुवनको सालिकसम्म पर्दछ । सो कुरामा विपक्षी दिग्भ्रमित हुनुपर्ने अवस्था छैन। जहाँसम्म विकास विरोधी होइनौं, मुआब्जा क्षतिपूर्तिविना घर टहरा भत्काउन दिँदैनौं भन्ने सम्बन्धमा जुन दाबी छ सोमा घर टहरा जति पर्दछ सोको क्षतिपूर्ति आफ्नो प्रमाण पुऱ्याई माग गर्नुभएको खण्डमा पाई नै हाल्नु हुनेछ । विपक्षीहरू हालसम्म क्षतिपूर्ति पाउँ भनी माग गर्न आउनु भएको छैन होइन। यस राजमार्ग हुँदै उपत्यकाबाहिर र उपत्यकाभित्र प्रवेश गर्ने मुख्य सडक भएको सो सडक राज्यको मेरूदण्डको रूपमा रहेको हुँदा उक्त सडक अति नै साँघुरो भई घन्टौं जाम हुने गरेको कुरामा सबै निकाय तथा त्यस भेगका जनता साक्षात्कार हुनुहुन्छ राष्ट्रको मेरूदण्डको रूपमा रहेको सडक विस्तार कार्यलाई निरन्तरता दिनुपर्ने हुँदा विपक्षीको रिट निवेदन खारेज भागी छ।

विपक्षीहरूले आफ्नो निवेदनमा सरकारको नीति निर्देशनबमोजिम सडकको जग्गा छाडी घर बनाई बसोबास गरी आएको भनी उल्लेख गर्नुभएको छ । तर कहिलेदेखि नक्सा पास गरी घर बनाई बसोबास गर्नुभएको हो, सो कुरा निवेदनमा कहिँकतै उल्लेख गर्न सक्नुभएको छैन। सोबाट पनि विपक्षीको रिट निवेदन दाबी झुट्टा हो, खारेज गरिपाऊँ । साथै विपक्षीहरूले आफ्नो रिट निवेदनमा सडकको केन्द्रविन्दु ८-८ मिटर छाडी घर निर्माण गरेको उल्लेख गर्नुभएकोमा सार्वजनिक सडक ऐन, २०३१ को दफा ३ को खण्ड क मा उक्त सडक राजमार्ग भनी उल्लेख भएको र राजमार्गको मापदण्ड सडक केन्द्रदेखि दुवैतर्फ बराबर २५/२५ मिटर गरी जम्मा ५० मिटर चौडा हुने बेहोरा अनुरोध छ । सो सम्बन्धमा नेपाल सरकारबाट पनि २०३४।३।२० को राजपत्रमा उल्लेख भएको छ। सो राजपत्रमा निकालिएको सूचनालाई स्वीकार गरी बसी हाल आएर मापदण्डको सम्बन्धमा विवाद सृजना गर्ने विपक्षीलाई हकदैया छैन।

प्रस्तुत राजमार्गको मापदण्ड सडक केन्द्रबाट दायाँ बायाँ २५/२५ मिटर भए तापनि हाललाई नेपाल सरकारको निर्देशनबमोजिम केही सहज गराउन मौजुदा सडकको केन्द्रविन्दुबाट दुवैतर्फ११/११ मिटर गरी जम्मा २२ मिटर चौडाइको सडक हुने गरी चिह्न लगाई सो ११ /११ मिटरभित्र बनेका भौतिक संरचना हटाउन जिल्ला आयुक्तको कार्यालय काठमाडौंले अनुरोधसम्म गरिएको हुँदा विपक्षीले रिट निवेदनमा उल्लेख गरेजस्तो श्वेत आतंक मच्चाउने जस्तो कार्य यस निर्देशनालयबाट नगरिएको र यस निर्देशनालयले मन्त्रालय तथा विभागको नीति निर्देशनबमोजिम कार्य गरी आएको र विपक्षीहरूको कुनै संवैधानिक एवं कानूनी हकमा आघात पुग्ने गरी कुनै कार्य नगरी भएको हुँदा विपक्षीको झुट्टा रिट निवेदन खारेजभागी छ, खारेज गरिपाउँ भन्ने बेहोराको नेपाल सरकार सडक विभाग मध्यमाञ्चल क्षेत्रीय सडक निर्देशनालय बबरमहल काठमाडौंको लिखित जवाफ।

प्रस्तुत रिट निवेदनका सम्बन्धमा सडक विस्तारको विषय यस कार्यालयको क्षेत्राधिकारभित्र पर्दैन । सार्वजनिक उपयोगका लागि जग्गा प्राप्ति गर्ने नगर्ने / मुआब्जा उपलब्ध गराउनु पर्ने नपर्ने भन्ने विषय नेपाल सरकारको नीतिगत निर्णयको विषय हो। नेपाल सरकारबाट मुआब्जा उपलब्ध गराउने गरी निर्णय भएको अवस्थामा जग्गा प्राप्ति ऐन, २०३४ को दफा १३ बमोजिम गठित समितिमा प्रमुख जिल्ला अधिकारीसमेत रहने प्रावधान रहेको छ। ऐजन दफा ३८ मा यस ऐनबमोजिम कुनै काम गर्न अधिकार पाएको कुनै अधिकारीले आफूले गर्नुपर्ने कामको सिलसिलामा प्रमुख जिल्ला अधिकारीको मद्दत माग गर्न सक्ने र

त्यसरी मद्दत मागिएकोमा प्रमुख जिल्ला अधिकारीले मद्दत दिनुपर्ने व्यवस्था छ । मुआब्जा उपलब्ध गराउनु नपर्ने गरी नेपाल सरकारबाट निर्णय भएको अवस्थामा जग्गा अधिग्रहण र मुआब्जा सम्बन्धमा प्रमुख जिल्ला अधिकारीको कुनै भूमिका रहँदैन । सरकारको नीति तथा निर्णय कार्यान्वयन गर्नु, सरकारी सम्पत्तिको संरक्षण गर्नु र शान्ति सुरक्षा कायम गर्नु प्रमुख जिल्ला अधिकारीको कर्तव्य हो । सोही आधारमा नै उल्लिखित सडक विस्तारको सिलसिलामा आवश्यक सुरक्षा व्यवस्था मिलाइएको हो । निवेदकहरूले यस कार्यालयलाई विपक्षी बनाउनु पर्ने कुनै कारण नै छैन । तसर्थ विकास प्रक्रियामा अवरोध गर्ने नियतले दायर प्रस्तुत रिट निवेदन यस कार्यालयको हकमा खारेज गरिपाउँ भन्ने बेहोराको जिल्ला प्रशासन कार्यालय काठमाडौंको लिखित जवाफ ।

सुरक्षा व्यवस्था मिलाउन हुन भन्ने महानगरीय प्रहरी वृत्त, थानकोटको च.नं.१५४७ मिति २०७२।१०।१८ को आदेशानुसार सडक विस्तारको क्रममा सुरक्षा व्यवस्था मिलाइएको हो । सुरक्षा व्यवस्थाबाहेक अन्य कार्य यस प्रभागबाट भएको नहुँदा झुठा बेहोरा उल्लेख गरी दायर भएको रिट निवेदन खारेज गरिपाउँ भन्ने बेहोराको महानगरीय प्रहरी प्रभाग, बलम्बुको तर्फबाट पेस भएको लिखित जवाफ ।

कलंकी नागढुंगा सडक विस्तारको क्रममा सुरक्षा व्यवस्था मिलाउन हुन भन्ने महानगरीय प्रहरी परिसर काठमाडौंको च.नं.२३८२ मिति २०७२।१०।१८ को पत्रानुसार सडक विस्तारको क्रममा सुरक्षा व्यवस्था मिलाइएको हो । सुरक्षाका अलावा अन्य विषय यस कार्यालयसँग सम्बन्धित नरहेकाले रिट निवेदन खारेज गरिपाउँ भन्ने बेहोराको महानगरीय प्रहरी वृत्त थानकोटको तर्फबाट पेस भएको लिखित जवाफ ।

नेपाल सरकारको निर्णयले चन्द्रागिरी नगरपालिका २०७१ मा स्थापित भएको र न.पा. स्थापना हुनुअगाडि नक्सा पासको प्रचलन नरहेको कुरा निवेदकले स्वीकार गर्नुभएको छ । रिट निवेदन माग सडक विस्तारसँग रहेको हुँदा यस नगरपालिकाको क्षेत्राधिकारअन्तर्गत नपर्ने र सो माग सम्बन्धमा नेपाल सरकार, मन्त्रालय तथा सडक विस्तारअन्तर्गत रहेका निकायले गरेको निर्णयबमोजिम नगरपालिकाले गर्नुपर्ने हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्ने बेहोराको चन्द्रागिरी नगरपालिकाको तर्फबाट पेस भएको लिखित जवाफ ।

सार्वजनिक सडकहरूको वर्गीकरण गरी तिनीहरूको निर्माण, मर्मत, सम्भार, सुधार र सोको लागि आवश्यक पर्ने जग्गा प्राप्त गर्न र त्यसको लागि मुनासिब माफिकको मुआब्जा वितरण गर्न सार्वजनिक सडक ऐन, २०३१ जारी भएको छ । सार्वजनिक सडकलाई नेपाल सरकारले राजमार्ग, सहायक मार्ग, जिल्ला मार्ग र सहरी मार्गमा वर्गीकरण गरी त्यस्तो सडकको केन्द्र रेखाबाट दायाँ बायाँ दुवैतिर एकतीस मिटरमा नबढाई सडक सीमा तोक्ने व्यवस्था सार्वजनिक सडक ऐन, २०३१ को दफा ३ मा गरेको छ । यसरी सडक सीमा तोकिएकोमा सडक सीमाको र सडक सीमा नतोकिएकोमा सार्वजनिक सडकको किनारबाट ६/६ मिटरमा नबढ्ने गरी तोकेको फासलाभित्र पर्खालबाहेक अन्य कुनै किसिमको स्थायी संरचना वा भवन निर्माण गर्न नपाउने गरी निषेध गर्न सक्ने र नगर विकाससम्बन्धी योजना लागू भएको क्षेत्रमा तत्सम्बन्धी प्रचलित कानूनबमोजिम हुने व्यवस्था सोही ऐनको दफा ३क. मा गरिएको छ । नगर विकास योजना लागू भएको क्षेत्रमा नगर विकास समितिले बनाएको निर्माणसम्बन्धी मापदण्डबमोजिम भौतिक संरचनाको निर्माण गर्नुपर्ने र कसैले मापदण्डविपरीत तथा सडक सीमा अतिक्रमण गरी निर्माण कार्य गरेमा त्यसरी बनाइएका कुनैपनि भौतिक संरचनाहरू हटाउन, भत्काउन र निषेध गर्न सक्ने कानूनी व्यवस्था रहेको छ । काठमाडौं उपत्यका विकास प्राधिकरणले बनाएको

निर्माणसम्बन्धी मापदण्ड काठमाडौं उपत्यकाभित्रका नगरपालिका र नगरोन्मुख गा.वि.स. का बासिन्दाहरू सबैले पूर्णरूपमा पालना गर्नुपर्ने व्यवस्था गरेको छ । त्यसरी मापदण्डविपरीत सडकको सीमा अतिक्रमण गरी निर्माण गरिएका भौतिक संरचनाहरू उक्त प्राधिकरणबाट हटाइएको त्रिपुरेश्वर-कालिमाटी-कलंकी खण्डको विस्तार तथा स्तरोन्नति गर्न मिति २०७१।८।२५ मा निर्णय भएकोले रिट निवेदन औचित्यपूर्ण (Reasonableness) नदेखिएको हुँदा खारेजभागी छ, खारेज गरिपाउँ भन्ने बेहोराको भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयको लिखित जवाफ।

विपक्षीहरूले आफ्नो निवेदनमा सरकारको नीति निर्देशनबमोजिम सडकको जग्गा छाडी घर बनाई बसोबास गरी आएको उल्लेख गर्नुभएको रहेछ । कहिलेदेखि घर बनाई बसोबास गर्नुभएको हो निवेदकहरूको निवेदनमा उल्लेख गर्न सक्नुभएको छैन । तर विपक्षीले विवाद गर्नुभएको सडक राजमार्ग (त्रिभुवन राजपथ) हो । निवेदनमा सडकको केन्द्रविन्दुबाट ८/८ मिटर छाडी घर बनाएको उल्लेख गर्नुभएको सडक सार्वजनिक सडक ऐन, २०३१ को दफा ३ को खण्ड (क) मा राजमार्ग भनी उल्लेख भएको र राजमार्ग सडकको केन्द्र रेखादेखि दुवैतर्फ बराबर २५/२५ मि. गरी ५० मिटर चौडाइको सडक हो । सो सम्बन्धमा नेपाल सरकारबाट २०३४।३।२० को राजपत्रमा उल्लेख भएकामा सो सम्बन्धमा निवेदनमा विवाद नगरी स्वीकार गरिएको र नेपाल सरकारबाट काठमाडौं उपत्यकाभित्रका नगरपालिका र नगरोन्मुख गा.वि.स. हरूमा गरिने निर्माणसम्बन्धी मापदण्डमा पनि सो मापदण्डको पृष्ठ ४० मा सडकको व्यवस्था गरी देहाय (ख) मा राजमार्ग भनी सडक विभागबाट राजमार्ग तोकिएकोमा केन्द्र रेखादेखि २५ मिटर दुवैतर्फ स्थायी खालका निर्माण कार्य गर्न नदिने र यसअन्तर्गत अरनिको राजमार्ग त्रिभुवन राजपथ उल्लेख भएबाट नै विपक्षीहरूले विवाद गर्न पाउने होइन । जहाँसम्म त्रिभुवन राजपथ काठमाडौंको कहाँबाट सुरू हुने भनी अस्पष्ट रहेको निराधार विवाद सृजना गर्नुभएको छ सो सरासर गलत छ । त्रिभुवन राजपथ त्रिपुरेश्वरको त्रिभुवनको सालिकदेखि सुरू हुनेमा निवेदकहरू दिग्भ्रमित हुनुपर्ने अवस्था नै छैन । जहाँसम्म विकास विरोधी होइनौं मुआब्जा पाउनुपर्छ भन्ने निवेदन दाबी छ सो सम्बन्धमा नेपाल सरकारको सम्बन्धित निकायबाट स्पष्ट हुने नै छ। यस प्राधिकरणले काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५ को दफा २६ बमोजिम नेपाल सरकारको नीति निर्देशनबमोजिम कार्य गर्ने निकाय भएको हुँदा हाललाई त्रिभुवन राजपथ २५/२५ मिटर गरी ५० मिटर भए तापनि हाललाई नेपाल सरकारको निर्देशनबमोजिम केही सहज गराउन मौजुदा सडकको केन्द्रविन्दुबाट दुवैतर्फ ११/११ मिटर गरी २२ मिटर चौडाइको सडक हुने गरी चिह्न लगाई सो ११/११ मिटरभित्र बनेको भौतिक संरचना हटाउन लगाइएको बेहोरा अनुरोध छ भन्ने बेहोराको काठमाडौं उपत्यका विकास प्राधिकरण र ऐ. जिल्ला आयुक्तको लिखित जवाफ।

जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३ मा नेपाल सरकारको कुनै सार्वजनिक कामको निमित्त कुनै जग्गा प्राप्त गर्न आवश्यक ठहराएमा यस ऐनबमोजिमको मुआब्जा दिने गरी नेपाल सरकारको जुनसुकै ठाउँका जतिसुकै जग्गा प्राप्त गर्न सक्नेछ भन्ने तथा दफा ५(१) मा दफा ३ वा ४ को प्रयोजनको लागि जग्गा प्राप्त गर्ने गरी नेपाल सरकारले निर्णय गरेपछि जुन कार्यालयको निमित्त जग्गा प्राप्त गरिने हो सो कार्यालयको कम्तीमा राजपत्राङ्कित तृतीय श्रेणीको कर्मचारी वा राजपत्राङ्कित कर्मचारी नभएमा कार्यालय प्रमुखले र कुनै परियोजनाको लागि भए सम्बन्धित परियोजना प्रमुखले कुन ठाउँमा के कति जग्गा प्राप्त गर्नुपर्ने हो सो यकिन गर्नको लागि प्रारम्भिक कारबाही चलाउन सक्नेछ भन्ने व्यवस्थाबमोजिम

नेपाल सरकार (सचिवस्तर) बाट सार्वजनिक हितको लागि सडक विस्तार गर्ने निर्णय भएको र सोको कार्यान्वयनको लागि सडक विभागमा लेखी पठाएको । सार्वजनिक हितको लागि सडक विस्तार गर्ने जस्तो पवित्र कार्यमा निवेदकहरूबाट सरकारलाई सहयोग गर्नुपर्नेमा बाधकको रूपमा खडा भएको देखिँदा गलत मनसाय लिई दायर भएको रिट निवेदन बदरभागी छ, बदर गरिपाउँ भन्ने बेहोराको नेपाल सरकार, गृह मन्त्रालयको लिखित जवाफ।

यस कार्यालयले साइड क्लियर भएपछि मात्र आफ्नो क्षेत्राधिकारभित्रको सडक निर्माण गर्ने कार्य गर्दछ । विपक्षीले रिटमा उल्लेख गर्नुभएको सडक त्रिभुवन राजपथ यस डिभिजन सडक कार्यालयको क्षेत्राधिकारभित्र पर्ने सडकसमेत होइन । आफ्नो क्षेत्राधिकारभित्र नपर्ने सडकमा यस कार्यालयसमेतको उपस्थितिमा रिटमा उल्लेख गरे जस्तो विपक्षीहरू बसी आएको घरजग्गामा जबरजस्तीरूपमा प्रवेश गरी सडक विस्तारको नाममा डोजर लगाई श्वेत आतंक मच्चाउने, विपक्षीहरूको सम्पत्तिमाथि ठाडो हस्तक्षेप गर्ने र निजी सम्पत्ति हत्याउने कार्य यस कार्यालयबाट भए गरेको होइन । सबै सरकारी निकायले आ-आफ्नो क्षेत्राधिकारभित्र रहेर क्षेत्राधिकारभित्रको सडकसम्म निर्माण तथा विस्तार गर्ने हो । तसर्थ विपक्षीले रिट निवेदनको विभिन्न प्रकरणमा लगाउनु भएको आरोप मिथ्या, झुट्टा तथा कपोलकल्पित हुन् । रिट निवेदनमा उल्लेख गरेको आरोप जस्ता कुनैपनि कार्य यस कार्यालयबाट केही नगरिएको हुँदा तथा क्षेत्राधिकारभन्दा बाहिरको सडकमा कुनै किसिमको कतैबाट पनि संलग्न नभएको कार्यालयलाई के कुन कारणले विपक्षी बनाउनु भएको हो सो कुरा रिटको कुनै हरफमा लेख्न सक्नुभएको नहुँदा विपक्षीको रिट निवेदन खारेज गरिपाउँ भन्ने बेहोराको नेपाल सरकार सडक विभाग डिभिजन सडक कार्यालको लिखित जवाफ।

सर्वसाधारण जनताको सुविधा तथा आर्थिक हित कायम राख्नको लागि सबै किसिमको सार्वजनिक सडकहरूको वर्गीकरण गरी तिनीहरूको निर्माण, सम्भार, विस्तार वा सुधार गर्न आवश्यक पर्ने जग्गा प्राप्त गर्न र त्यसको लागि मुनासिब माफिकको मुआब्जा वितरण गर्न सार्वजनिक सडक ऐन, २०३१ जारी भएको पाइन्छ । उक्त ऐनमा सार्वजनिक सडकको वर्गीकरण, निर्माण, सम्भार, विस्तार वा सुधारसम्बन्धी विस्तृत व्यवस्था रहेको छ । सार्वजनिक सडक अतिक्रमण गरी घर, टहरा वा अन्य भौतिक संरचना निर्माण गर्ने वा अन्य उपयोग गर्ने कारणले गर्दा सार्वजनिक सडकमा सवारी साधन आवतजावत गर्न र पैदल यात्रुहरू हिँड्डुल गर्नसमेत अत्यन्त कठिन हुन गई सार्वजनिक जीवन नै असुरक्षित हुँदै गएको कारणले गर्दा सवारी साधन एवं पैदल यात्रुहरूलाई हिँड्डुल गर्न सहज बनाउने र सार्वजनिक जीवनको सुरक्षा गर्नेसमेत उद्देश्यले नेपाल सरकारले हालैका दिनहरूमा अतिक्रमित सार्वजनिक सडक खाली गराउने एवं सडक विस्तार गर्ने कार्यलाई प्राथमिकता प्रदान गरी सोहीअनुरूप कार्य गर्दै आएको छ । राजधानीलाई स्वच्छ, सफा तथा हराभरा बनाई सवारी साधनलगायत नागरिकलाई सहज र सरलरूपमा आवागमन गर्नसक्ने वातावरण सृजना गर्न एवं नगर विकास समितिले लागू गरेको भौतिक संरचनासम्बन्धी मापदण्डविपरीत सार्वजनिक सडक तथा जग्गा अतिक्रमण रोक्ने उद्देश्यले नै सडक निर्माण तथा विस्तारसम्बन्धी कार्य भएको हो । कानूनी राज्यमा सरकारका सबै काम, कारबाही, निर्णय, गतिविधि र क्रियाकलाप कानूनमा आधारित रहनुपर्ने भन्ने अवधारणालाई आत्मसात् गरेरै प्रचलित कानूनबमोजिम उक्त कार्यहरू हुँदै आएको छ । जहाँसम्म जग्गाको मुआब्जासम्बन्धी विषय छ, तत्सम्बन्धमा उक्त कार्य गर्ने अख्तियारी प्राप्त निकायको लिखित जवाफबाट स्पष्ट हुने नै हुँदा सो कार्यसँग असम्बन्धित यस कार्यालयको हकमा निवेदन खारेज गरिपाउँ भन्ने

बेहोराको नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको लिखित जवाफ।

त्रिभुवन राजपथ काठमाडौं त्रिपुरेश्वरको त्रिभुवनको सालिकदेखि सुरू भई रक्सौलसम्म पर्दछ। सोको लम्बाई जम्मा १६९ कि.मी. पर्दछ। सो कुरामा विपक्षी दिग्भ्रमित हुनुपर्ने अवस्था छैन। जहाँसम्म विकास विरोधी होइनौं, मुआब्जा क्षतिविना घर टहरा भत्काउन दिँदैनौ भन्ने सम्बन्धमा जुन दाबी छ सोमा घर टहरा जति पर्दछ सोको क्षतिपूर्ति आफ्नो प्रमाण पुऱ्याई माग गर्नुभएको खण्डमा पाई नै हाल्नु हुनेछ। विपक्षीहरू हालसम्म क्षतिपूर्ति पाउँ भनी माग गर्न आउनु भएको छैन। यस राजमार्ग हुँदै उपत्यकाबाहिर र उपत्यकाभित्र प्रवेश गर्ने मुख्य सडक भएको सो सडक राज्यको मेरूदण्डको रूपमा रहेको हुँदा उक्त सडक अति नै साँघुरो भई घन्टौं जाम हुने गरेको कुरामा सबै निकाय तथा त्यस भेगका जनता साक्षात्कार हुनुहुन्छ। विस्तार नगरी नहुने राष्ट्रको मेरूदण्डको रूपमा रहेको सडक विस्तार कार्यलाई निरन्तरता दिनुपर्ने हुँदा विस्तार कार्यको थालनी भएको हो।

विपक्षीहरूले निवेदनमा सरकारको नीति निर्देशनबमोजिम सडकको जग्गा छाडी घर बनाई बसोबास गरी आएको भनी उल्लेख गरे पनि कहिलेदेखि नक्सा पास गरी घर बनाई बसोबास गर्नुभएको हो, सो कुरा निवेदनमा कहिँकतै उल्लेख गर्न सक्नुभएको छैन। निवेदनमा सडकको केन्द्रविन्दु ८-८ मिटर छाडी घर निर्माण गरेको उल्लेख गर्नुभएकोमा सार्वजनिक सडक ऐन, २०३१ को दफा ३ को खण्ड क मा उक्त सडक राजमार्ग भनी उल्लेख भएको र राजमार्गको मापदण्ड सडक केन्द्रदेखि दुवैतर्फ बराबर २५।२५ मिटर गरी जम्मा ५० मिटर चौडा हुने सम्बन्धमा नेपाल सरकारबाट पनि २०३४।३।२० को राजपत्रमा उल्लेख भएको छ। सो राजपत्रमा निकालिएको सूचनालाई स्वीकार गरी बसी हाल आएर मापदण्डको सम्बन्धमा विवाद सृजना गर्न विपक्षीहरूले पाउने होइन। नेपाल सरकार सडक विभागबाट समय समयमा राजमार्गभित्र पर्ने तथा अन्य सडकहरूमा समेत सडक मापदण्डभित्र स्थायी खालका निर्माण कार्य नगर्नु नगराउनु भनी सूचना जारी गरिएको र प्रस्तुत राजमार्गको मापदण्ड सडक केन्द्रबाट दायाँ बायाँ २५/२५ मिटर भए तापनि हाललाई नेपाल सरकारको निर्देशनबमोजिम केही सहज गराउन मौजुदा सडकको केन्द्रविन्दुबाट दुवैतर्फ ११/११ मिटर गरी जम्मा २२ मिटर चौडाइको सडक हुने गरी चिह्न लगाई सो ११/११ मिटरभित्र बनेका भौतिक संरचना हटाउन अनुरोधसम्म गरिएको हुँदा विपक्षीले रिट निवेदनमा उल्लेख गरेजस्तो श्वेत आतंक मच्चाउने जस्तो कार्य यस आयोजनाबाट भएको छैन। यस निर्देशनालयले मन्त्रालय तथा विभागको नीति निर्देशनबमोजिम कार्य गरी आएको र विपक्षीहरूको कुनै संवैधानिक एवं कानूनी हकमा आघात पुग्ने गरी कुनै कार्य नगरिएको हुँदा विपक्षीको झुट्ठा रिट निवेदन खारेज गरिपाउँ भन्ने बेहोराको नेपाल सरकार, सडक विभाग उपत्यका सडक विस्तार आयोजना काठमाडौंको लिखित जवाफ।

विपक्षी रिट निवेदकहरूले कलंकीदेखि नागढुंगासम्मको सडक खण्डको दायाँ बायाँ घर, टहरा निर्माण गरी बसेको भनी रिट निवेदनमा स्वीकार गर्नुभएको छ। काठमाडौंको त्रिपुरेश्वरमा रहेको त्रिभुवनको शालिकदेखि नै त्रिभुवन राजपथ सुरू हुने भएकोले यस्ता राजमार्ग केन्द्रविन्दुबाट दुवैतर्फ २५/२५ मिटर गरी कुल ५० मिटरसम्म कुनै पनि घर टहरालगायतका संरचना निर्माण नगरी विकासको गतिविधिलाई सुचारू बनाउनु प्रत्येक नागरिकको कर्तव्य हो। यसरी राजमार्ग सडकको केन्द्रविन्दुबाट दायाँ बायाँ २५/२५ मिटरसम्म कुनैपनि संरचना नबनाई राज्यले गर्ने सडक विस्तारलगायतको विकास गतिविधिलाई नागरिकले सघाउनु पर्नेमा उल्टै घर टहरालगायतका संरचना बनाई बसेकोले रिट निवेदकहरूले मुआब्जा पाउनुपर्छ भनी दाबी गर्न मिल्ने होइन। साथै सडक चौडा गर्ने

क्रममा कानूनबमोजिमको निर्णयानुसार भएको काम कारबाही बदर हुनुपर्ने होइन, प्रस्तुत रिट निवेदन खारेजभागी छ, खारेज गरिपाउँ भन्ने बेहोराको सहरी विकास मन्त्रालयको लिखित जवाफ।

निवेदकहरूले सरकारको नीति निर्देशनबमोजिम सडकलाई आवश्यक पर्ने जग्गा छाडी घर निर्माण गरेको भने पनि कहिले र कुन निकायको स्वीकृति लिई घर निर्माण गरेको हो, सो कुरा कहिँकतै स्पष्टरूपमा उल्लेख गर्न नसकेको देखिएकोले पनि विपक्षीको रिट निवेदन झुट्टा र निराधार रहेको भन्ने स्पष्ट हुन्छ। राजमार्ग (निर्माण व्यवस्था) ऐन, २०२१ को दफा ३ बमोजिम प्रकाशित मिति २०२१।११।११ को राजपत्रले उक्त सडकको सडक सीमा २५/२५ गज र सार्वजनिक सडक ऐन, २०३१ को दफा ३ बमोजिम प्रकाशित मिति २०३४।३।२० को राजपत्रले उक्त सडकको सडक सीमा केन्द्र रेखादेखि दायाँ बायाँ २५/२५ मिटर सडक सीमा निर्धारण गरिएको अवस्थामा उक्त राजपत्रमा प्रकाशित सूचनालाई स्वीकार गरी हाल आएर सडक मापदण्डको विषयलाई लिएर विवाद सृजना गर्नु कानूनसम्मत छैन। मिति २०२१।११।११ र मिति २०३४।३।२० मा नेपाल राजपत्रमा प्रकाशित सूचनाबमोजिम नेपालका विभिन्न सडकहरूलाई राजमार्गको रूपमा घोषणा गरी त्यस्ता सडकको सडक सीमासमेत स्पष्टरूपमा निर्धारण गरेको छ। मिति २०२१।११।११ को राजपत्रले राजमार्गको सडक सीमा सडक केन्द्र रेखाबाट दायाँ बायाँ दुवैतिर २५/२५ गज र मिति २०३४।३।२० को राजपत्रले २५/२५ मिटर सडक सीमा कायम गरेको विषयमा सम्मानित श्री सर्वोच्च अदालतबाट रिट निवेदक लोकनाथ श्रेष्ठ वि. मन्त्रिपरिषद्को सचिवालयसमेत भएको (२०५३ सालको रिट नं. ३१७२) उत्प्रेषण मुद्दामा मिति २०२१।११।११ र २०२५।११।३० को नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिएको राजमार्गको केन्द्र रेखादेखि दायाँ बायाँ २५/२५ गज राजमार्ग क्षेत्रभन्दा बढी २०३४।३।२० को नेपाल राजपत्रमा प्रकाशित सूचनाबमोजिम सडक केन्द्र रेखादेखि दायाँ बायाँ २५/२५ मिटरभित्रको जग्गा आवश्यक पर्ने भए कानूनबमोजिम गरी लगत कट्टा गर्नेसमेतको कार्य गर्नु भनी आदेश भई उक्त आदेशानुसार कतिपय ठाउँमा मुआब्जा दिई सकिएको छ भने बाँकी रहेको ठाउँमा समेत क्रमिक रूपमा मुआब्जा वितरण गर्ने प्रक्रियामा रहेको हुँदा रिट निवेदन खारेजभागी छ, खारेज गरिपाउँ भन्ने बेहोराको नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सडक विभाग ललितपुरको लिखित जवाफ।

यसमा कलंकीदेखि नागढुंगा खण्डको सडक विस्तारको लागि आफ्नो घर जग्गा कानूनी प्रक्रिया पूरा नगरी प्रयोग गर्न थालियो भन्ने निवेदकहरूको निवेदन जिकिर रहेको र विस्तार गर्न लागिएको सडकमा निवेदकहरूमध्ये केहीको घरबाससहितको संरचनासमेत रहेको भने रहेकोले निवेदनमा उठाइएको विषयको टुङ्गो नलागी सडक विस्तार गरिएमा निवेदकहरूलाई अपूरणीय क्षति पर्न जाने र यसै विवादको विषयमा यस अदालतबाट गोपालकृष्ण नकर्मीको निवेदन (०७२-WO-०७१९) मा मिति २०७३।१।१४ र विष्णुप्रसाद श्रेष्ठको निवेदन (०७२-WO-०८३५) मा मिति २०७३।१।२० मा अन्तरिम आदेश भएकोसमेत पाइएकोले सुविधा सन्तुलनलाई दृष्टिगत गरी प्रस्तुत निवेदनको अन्तिम टुङ्गो नलागेसम्म निवेदकहरूको घरजग्गालाई क्षति पुग्ने गरी विस्तार गर्ने कार्य नगर्नु भनी विपक्षीहरूको नाउँमा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम अन्तरिम आदेश जारी गरिएको छ। आदेशको जानकारी विपक्षीहरूलाई दिनू। साथै त्रिभुवन राजपथ विस्तारको विषय राष्ट्रिय सरोकारको विषय हुँदा यो विषयको छिटो टुङ्गो लाग्नु आवश्यक हुँदा माथि उल्लिखित निवेदनहरू समेत साथै राखी प्रस्तुत निवेदनलाई अग्राधिकार दिई पेस गर्नु भन्ने यस

अदालतको मिति २०७३।४।२३ को आदेश।

यसमा १० दिनभित्र बहसनोट माग गरी १५ दिनभित्र पेस गर्ने गरी पेसी व्यवस्थापन गर्नु गराउनु भन्ने यस अदालतको मिति २०७३।७।४ को आदेश बमोजिम बहस नोट पेस भई मिसिल संलग्न रहेछ।

नेपालको संविधानको धारा २५ ले प्रत्येक नागरिकलाई सम्पत्तिसम्बन्धी हक प्रत्याभूत गर्दै सार्वजनिक हितको लागि व्यक्तिको सम्पत्ति अधिग्रहण गर्दा क्षतिपूर्ति दिनुपर्ने, सो क्षतिपूर्तिको आधार र कार्यप्रणाली ऐनबमोजिम हुने व्यवस्था गरेको पाइन्छ । संविधानको यो व्यवस्थाको सन्दर्भमा सार्वजनिक सडक ऐन, २०३१ को दफा ३, ३(क) वा दफा ४ को व्याख्या कसरी गर्ने, एकपटक सडक सीमा तोकिएको वा सडक सीमाको लागि जग्गा प्राप्त गर्नुपर्ने स्थितिमा वा सडक विस्तारको लागि जग्गा उपयोग गर्नुपर्ने स्थितिमा कानूनबमोजिम जग्गा प्राप्त नगरी सडक विस्तार गर्न मिल्छ वा मिल्दैन, त्यसैगरी काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५ को दफा ११ मा भौतिक विकास योजना गर्न आवश्यक पर्ने जग्गा प्रचलित कानूनबमोजिम प्राप्त गरी प्राधिकरणलाई उपलब्ध गराइने छ भन्ने उल्लेख भएको स्थितिमा जग्गा प्राप्त नै नगरी भौतिक विकास योजना सञ्चालन हुनसक्छ वा सक्दैन र सोही ऐनको दफा २६ बमोजिम सरकारको नीति निर्देशनबमोजिम चल्ने निकाय हो भन्ने आधारमा जग्गा प्राप्त नै नगरी सम्पत्तिको हक अतिक्रमण हुने गरी कार्य गर्न मिल्छ वा मिल्दैन, त्यस्तै गरी स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २५८ को व्यवस्थाको विपरीत गरिएका कार्यहरूमा स्थानीय निकायको संलग्नता हुनसक्छ वा सक्दैन भन्ने प्रश्नहरू प्रस्तुत र लगाउका मुद्दाहरूमा उत्पन्न भएको छ।

मुलुकको सर्वाङ्गीण विकासको निम्ति सडक, रेल, नहर, जलाशययुक्त आयोजना, विद्युत्, खानेपानी, औद्योगिक क्षेत्रलगायतका सार्वजनिक हितका क्षेत्रमा निर्माण र विस्तार आवश्यक हुन्छ । तर विकास निर्माणको कार्य र नागरिकको संविधान प्रदत्त हकबीच के कस्तो सन्तुलन आवश्यक हुन्छ । के कस्तो सर्तमा के कुन प्रक्रियाद्वारा सम्पत्तिको हकमा संकुचन हुनसक्छ भन्ने कुरा न्याय निरूपणको क्रममा सार्वजनिक महत्त्वको प्रश्न बन्न गएको छ। संविधानमा सम्पत्तिसम्बन्धी हकको प्रत्याभूति नेपालको अन्तरिम संविधान, २०६३ को धारा १९ र वर्तमान नेपालको संविधानको धारा २५ मा गरिएको र जग्गा प्राप्त गर्ने विषयका कानूनहरू सोपूर्व निर्माण भएको अवस्था छ । तसर्थ संविधानको व्यवस्थाहरूका परिप्रेक्ष्यमा माथि उल्लिखित ऐनहरूको सामञ्जस्यपूर्ण व्याख्या हुन जरूरी देखिन्छ। यस्ता विषयहरूमा सर्वकालीन र सर्वजनीन व्याख्या हुन सक्यो भने सरकारलाई उपयुक्त निर्देशन हुने र एकै प्रकृतिका विषयमा पटकपटक अदालतमा रिट निवेदन दर्ता गर्नुपर्ने अवस्थाको अन्त्य हुने हुन्छ।

यस अदालत संयुक्त इजलासबाट बद्रीप्रसाद शर्मासमेत वि. मन्त्रिपरिषद्समेत (ने.का.प.२०५८, नि.नं.७०४० पृ.५९१), निवेदक कृष्णराज पाण्डे वि. काठमाडौं महानगरपालिकासमेत (२०६१ रिट नं.३६२०), महन्तलाल श्रेष्ठसमेत वि. नेपाल सरकार मन्त्रिपरिषद्समेत (०७१-WO-०८०८) का रिट निवेदकहरूमा सार्वजनिक हितको लागि जग्गा प्राप्तिको अवस्थामा क्षतिपूर्ति प्राप्त गर्ने हक स्थापित भएको छ। त्यसैगरी भाइकाजी तिवारी वि. चतुर्भुज भट्टसमेत भएको रिट निवेदन (ने.का.प. २०७२, नि.नं.९५०८, पृ.२१४५) मा यस अदालतबाट सडक विस्तारको सम्बन्धमा ११ बुँदाको निर्देशनसमेत जारी भएको छ। तर सडक विस्तारकै क्रममा सडक ऐन, २०३१ अन्तर्गत सडक सीमा तोकिएको आधारमा गोकुलमान तण्डुकारसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत भएको रिट निवेदन (ने.का.प. २०७०, नि.नं.८९६६, पृ.२६३) मा रिट निवेदन खारेज

भएको अवस्था पनि छ । सार्वजनिक हितको लागि जग्गा प्राप्त गरेको स्थितिमा क्षतिपूर्तिको आधार के हुने, जग्गा प्राप्त गर्ने निर्णय गर्दाको अवस्थाको मूल्य हुने वा वास्तविक क्षतिपूर्ति तिर्दाको अवस्थाको मूल्य हुने, क्षतिपूर्ति निर्धारण गर्दा घर वा जग्गाको के कति हिस्सा वा प्रतिशत प्राप्त हुन गएको छ, जग्गा प्राप्त गरेको कारणबाट व्यक्तिको बसोबास र सम्पत्तिको आर्थिक मूल्य (Economic Value) बढ्ने वा घट्ने स्थिति के रहेको छ, पूर्वाधारको निर्माणबाट त्यस्तो व्यक्तिलाई फाइदा वा नोक्सान के हुने स्थिति छ, सरकारबाट हस्तान्तरण भएका र समुदायले व्यवस्थापन गरेका सामुदायिक वा कबुलियत वन आदि समुदायको अधुरो हक (Inchoate Right) भएका स्रोतहरू प्राप्त गरेको अवस्थामा जग्गा प्राप्ति ऐन, २०३४ आकर्षित हुने वा नहुने, क्षतिपूर्ति तिर्नुपर्ने वा नपर्ने, तिर्नुपर्ने हो भने सोको आधार के हुने जस्ता प्रश्नहरूको पनि यस अदालतबाट राम्रोसँग निरूपण भई नसकेको अवस्था छ । समग्रमा हेर्दा, संविधानद्वारा प्रत्याभूत सम्पत्तिसम्बन्धी हकमा आघात परेको वा पर्ने समग्र अवस्थाहरूलाई हेरी सो हकमा नियन्त्रण वा संकुचन हुन सक्ने अवस्था क्षतिपूर्ति र सोको आधारबारे न्यायपूर्ण र सर्वकालीन एवं सर्वजनीन दृष्टिकोणको विकास हुन अझै बाँकी रहेको देखियो ।

यस अदालतमा परेको प्रस्तुत रिट निवेदनहरूमध्ये कुनैमा अन्तरिम आदेश भएको र कुनैमा अन्तरिम आदेश नभई अन्तिम निर्णय हुँदा बोलिने भन्ने दृष्टिकोण लिइएको देखियो । तर अदालतमा विचाराधीन विषयमा फैसला हुनुअघि नै घर पर्खाल भत्काइने र जग्गा सडक विस्तारमा मासिने स्थिति बन्न जाँदा नागरिकहरूको सम्पत्तिसम्बन्धी हक र आवाससम्बन्धी हकसमेतको सुरक्षा कसरी हुन सक्छ, जग्गा प्राप्ति वा क्षतिपूर्ति विषयमा कुनै निर्णयसम्म पनि नगरी बलजफ्ती सडक विस्तार गर्न मिल्ने हो वा होइन भन्ने प्रश्नहरू यहाँ उत्पन्न भएको छ । न्यायको निम्ति अदालत आएका पक्षहरूको सुरक्षा न्याय नमर्ने गरी कसरी हुन सक्छ? विकास निर्माण र व्यक्तिगत हक अधिकारबीच उपयुक्त सन्तुलन कसरी हुन सक्छ? यी प्रश्नहरूको जवाफ इजलाससमक्ष पेस भएका यी रिट निवेदनहरूको सन्दर्भमा न्यायपूर्ण ढङ्गले खोजिनु आवश्यक देखिन्छ ।

अतः माथि उल्लिखित संयुक्त इजलासबाट भएका फैसलाहरूमा सर्वाङ्गीण दृष्टिकोण नलिइएको र यहाँ उठाइएका समस्त प्रश्नहरूको स्थायी निरूपण पूर्ण इजलासबाट हुनुपर्ने देखिँदा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)(घ) बमोजिम प्रस्तुत रिट निवेदन पूर्ण इजलासमा पेस गर्नू । विषयवस्तुको गाम्भीर्यलाई हेरी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ६३(३) बमोजिम प्रस्तुत रिट निवेदनहरूलाई अग्राधिकारसमेत प्रदान गरिएको छ भन्ने यस अदालतको मिति २०७३।९।२५ को आदेशानुसार प्रस्तुत रिट निवेदन पूर्ण इजलाससमक्ष पेस भएको रहेछ ।

नियमबमोजिम पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत रिट निवेदनको मिसिल अध्ययन गरियो । निवेदकहरू तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री हरिहर दाहाल, श्री शम्भु थापा, विद्वान् अधिवक्ताहरू श्री जितेन्द्र बज्राचार्य, डा. श्री चन्द्रकान्त ज्ञवाली, श्री शंकर लिम्बू, श्री पूर्णप्रसाद राजवंशी, श्री विरेन्द्र महर्जन, श्री पदमबहादुर श्रेष्ठ, श्री विमल श्रेष्ठले सरकारले सडक सीमा तोक्दैमा व्यक्ति विशेषको हक भोगको घर तथा जग्गा स्वतः सरकारको स्वामित्वमा जाँदैन । घर तथा जग्गाको उचित मुआब्जा, क्षतिपूर्ति दिनुपर्ने र कानूनसम्मत तरिकाबाट जग्गा अधिग्रहण गर्नुपर्ने व्यवस्था जग्गा प्राप्ति ऐन, २०३४ ले गरेको सन्दर्भमा सडक विस्तारका लागि यी निवेदकहरूको घर, जग्गा कानूनबमोजिम अधिग्रहण गरी क्षतिपूर्ति दिएर मात्रै विस्तार गर्नुपर्नेमा सो नगरी सडक विस्तारका लागि घर भत्काउने भनी नागरिकको

साम्पत्तिक हक कुण्ठित हुने गरी भएको निर्णय बदर गरी विधिवत् जग्गाको मुआब्जा उपलब्ध गराई सडक विस्तारको कार्य गर्नु गराउनु भन्ने परमादेशको आदेश गरिपाउँ भनी बहस प्रस्तुत गर्नुभयो।

विपक्षी नेपाल सरकार, मन्त्रिपरिषद् कार्यालयसमेतका तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ताहरू श्री खेमराज ज्ञवाली, श्री रमा पराजुली, श्री उद्धव पुडासैनीले त्रिभुवन राजपथ काठमाडौं त्रिपुरेश्वरदेखि सिर्सिया बोडरसम्म भएको नक्सा र विभिन्न दस्तावेजबाट प्रमाणित भएको र पहिला नै सीमा तोकेको सडक विस्तार गर्दा क्षतिपूर्ति आकर्षित नहुने हुँदा रिट निवेदन खारेज हुनुपर्दछ भनी बहस प्रस्तुत गर्नुभयो । विपक्षी काठमाडौं उपत्यका विकास प्राधिकरणका तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरू श्री हरेराम तिवारी, श्री प्रभुकृष्ण कोइराला, श्री शैलेन्द्रकुमार दाहाल, काठमाडौं महानगरपालिकाको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री दामोदर खड्का, चन्द्रागिरी नगरपालिकाको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री बद्रीराज भट्टले सडक विस्तार सम्बन्धमा पहिले नै सिमाना यकिन भएको र हाल कार्यान्वयनका क्रममा पुनः अधिग्रहण गरी क्षतिपूर्ति दिइरहनु पर्ने नहुँदा रिट निवेदन खारेज हुनुपर्दछ भनी बहस प्रस्तुत गर्नुभयो।

रिट निवेदनको बेहोरा, मिसिल संलग्न प्रमाण कागज र विद्वान्हरूको बहससमेत सुनी विद्वान् वरिष्ठ अधिवक्ताहरू र अधिवक्ताहरूबाट पेस भएका लिखित बहसनोटसमेत अध्ययन गरी निर्णय सुनाउने प्रयोजनार्थ आज पेस भएको प्रस्तुत रिट निवेदनमा निवेदकहरू काठमाडौं कलंकीदेखि नागढुंगासम्म सडकको दायाँ बायाँ क्षेत्रमा बसोबास गरेका बासिन्दा भएका र सडक विस्तारका क्रममा सडक सीमामा जग्गा, घर परेको कारण जग्गाको स्वामित्व गुमाउन पर्ने हुँदा सडक विस्तारमा परेको जग्गाको प्रचलित मूल्यबमोजिम क्षतिपूर्ति दिई जग्गा अधिग्रहण गरेर मात्र सडक विस्तार गर्नु गराउनु भन्ने आदेश गरिपाउँ भनी प्रस्तुत रिट निवेदन दिएको देखिन्छ । विपक्षीहरूले सडक सीमा सम्बन्धमा काठमाडौं कलंकीदेखि नागढुंगासम्मको सडक राजमार्ग भनी सार्वजनिक सडक ऐन, २०३१ ले उल्लेख गरी नेपाल सरकारबाट मिति २०३४।३।२० मा त्यस्तो राजमार्ग सडकको केन्द्र विन्दुबाट दायाँ बायाँ २५/२५ मिटर कायम गरिसकेको भए पनि हाललाई नेपाल सरकारको निर्णयबमोजिम सडक केन्द्र विन्दुबाट दायाँ बायाँ गरी ११/११ मिटर कायम गरी सडक सीमा विस्तार गर्न चिह्न लगाइएको र निवेदकहरूले सडक ऐन, २०३१ लागू भएपछि के कहिले घर बनाउनु भएको हो नक्सा पास गरी घर बनाएको भनी प्रमाण पेस गर्न सकेको नदेखिँदा सडक विस्तार गर्ने कार्यमा अवरोध गर्न मिल्ने होइन रिट निवेदन खारेजभागी छ भन्ने लिखित जवाफ रहेकामा पूर्ण इजलाससमक्ष पेस गर्ने भनी यस अदालत संयुक्त इजलासबाट उठाइएका प्रश्नहरूको निरूपणका साथै देहायका प्रश्नहरूमा निर्णय गर्नुपर्ने देखिन आयो।

१. सडक विस्तारका लागि अधिग्रहण गरेको सम्पत्तिको मुआब्जा (क्षतिपूर्ति) दिनुपर्ने हो? होइन ?
२. निवेदन मागबमोजिम आदेश जारी हुनुपर्ने हो? होइन ?

२. यी निवेदकहरू कलंकीदेखि नागढुंगासम्मको स्थायी बासिन्दा रहेका निजहरूको स्वामित्वमा रहेका जग्गा र घरहरू सडक विस्तारको क्रममा परी ११/११ मिटर सडकको केन्द्र विन्दुबाट दायाँ बायाँ चिह्न लगाई भत्काउनका लागि मिति २०७१।८।२५ मा सार्वजनिक सूचना जारी भएपछि जग्गा कानूनबमोजिम अधिग्रहण नगरी घर भत्काउन र जग्गा अधिग्रहण गर्न पाउने होइन । सडक विस्तारमा आफ्नो जग्गा पर्ने अवस्था भएमा अधिग्रहण गर्नुपर्ने जग्गाको प्रचलित मूल्यबमोजिम क्षतिपूर्ति दिएर मात्रै

अधिग्रहण गरी विस्तार गर्नुपर्ने र आफूहरू विकास विरोधी नभएको भनी निवेदन दाबी लिनुभएको पाइन्छ । कलंकी नागढुंगा सडक विस्तारका क्रममा सडकको केन्द्र विन्दुबाट दायाँ बायाँ ११/११ मिटरको सडक विस्तार गर्ने कार्य सार्वजनिक सडक ऐन, २०३१ लागू भएपछि नेपाल सरकारले मिति २०३४।३।२० को राजपत्रमा प्रकाशित सूचनाबमोजिम त्रिभुवन राजमार्ग (काठमाडौं-रक्सौल) भनी नामाकरण गरी सडकको चौडाई क्षेत्रफल खुलाई सूचना प्रकाशित गरी हाल कार्यान्वयनको क्रममा लगिएको हो। अधिग्रहणको विषय होइन । मिति २०३४।३।२० को सूचनामा त्रिभुवन राजमार्गको सडकको चौडाई सडकको केन्द्रबाट २५/२५ मिटर फराकिलो हुने उल्लेख गरिए पनि हाललाई नेपाल सरकारको निर्देशनबमोजिम सडक विस्तारमा केही सहज गराउन मौजुदा सडकको केन्द्रविन्दुबाट दुवैतर्फ ११/११ मिटर गरी जम्मा २२ मिटर फराकिलो सडक हुने उल्लेख गरी भौतिक संरचना हटाउन अनुरोध गरिएको कुरा लिखित जवाफबाट देखिन्छ।

३. सार्वजनिक हितका लागि सरकारले व्यक्तिको निजी सम्पत्ति लिन सक्ने हो होइन भन्ने सम्बन्धमा भएको हाम्रो संवैधानिक विकासक्रम र प्रचलित कानूनी व्यवस्था हेर्दा नेपालको संविधान २०१९ मा सम्पत्तिको हकलाई मौलिक हकमा राखी सम्पत्तिको हकसम्बन्धी धारा १५ मा ***कानूनबमोजिम बाहेक कुनै पनि व्यक्तिको सम्पत्ति अपहरण हुने छैन*** । त्यस्तै नेपाल अधिराज्यको संविधान, २०४७ को मौलिक हकअन्तर्गत धारा १७ मा ***सार्वजनिक हितका लागिबाहेक राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्ने वा त्यस्तो सम्पत्तिउपर अरू कुनै अधिकारको सृजना गर्ने छैन। सार्वजनिक हितका लागि राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण गर्दा दिनुपर्ने क्षतिपूर्ति कानूनद्वारा निर्धारित भएबमोजिम हुनेछ ।*** भन्ने र नेपालको अन्तरिम संविधान, २०६३ को धारा १९ सम्पत्तिको हकअन्तर्गत ***सार्वजनिक हितका लागि राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्ने वा त्यस्तो सम्पत्तिउपर कुनै अधिकारको सृजना गर्दा कानूनबमोजिम क्षतिपूर्ति दिइनेछ ।*** भन्ने र वर्तमान नेपालको संविधानको धारा २५(२) मा ***सार्वजनिक हितका लागिबाहेक राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण गर्ने, प्राप्त गर्ने वा त्यस्तो सम्पत्तिउपर अरू कुनै प्रकारले कुनै प्रकारको अधिकार सृजना गर्ने छैन भनी र धारा २५(३)*** मा ***उपधारा २ बमोजिम सार्वजनिक हितका लागि राज्यले कुनैपनि व्यक्तिको सम्पत्ति अधिग्रहण गर्दा क्षतिपूर्तिको आधार र कार्य प्रणाली ऐनबमोजिम हुनेछ*** भनी सम्पत्तिको हकलाई प्रत्येक संविधानले ग्यारेण्टी प्रदान गरेको छ । जग्गा अधिग्रहण गर्ने सम्बन्धमा प्रचलनमा रहेको जग्गा प्राप्ति ऐन, २०३४ को प्रस्तावनामा जग्गा प्राप्त गर्नेसम्बन्धी प्रचलित नेपाल कानूनमा संशोधन र एकीकरण गर्न वाञ्छनीय भएको भन्ने उल्लेख भई जारी भएको उक्त ऐनको दफा ३ मा ***नेपाल सरकारले कुनै सार्वजनिक कामको निमित्त कुनै जग्गा प्राप्त गर्न आवश्यक ठहराएमा यस ऐनबमोजिमको मुआब्जा दिने गरी नेपाल सरकारले जुनसुकै ठाउँको जतिसुकै जग्गा प्राप्त गर्न सक्नेछ*** भन्ने उल्लेख भएको देखिन्छ । सम्पत्तिको अधिकारसम्बन्धी विधिशास्त्रीय मान्यतामा सार्वजनिक हितका लागि राष्ट्रिय सम्पत्तिउपर राज्यको पहिलो हक (Eminent domain) राज्यमा अन्तर्निहित रहने र सम्पत्ति प्राप्त गर्ने सन्दर्भमा राज्यलाई उक्त सिद्धान्तअन्तर्गत व्यक्तिको सम्पत्ति बृहत्तर राष्ट्रिय हितका लागि राज्यले नियन्त्रण, नियमन र अंकुश लगाउन सक्ने देखियो । यस सम्बन्धमा निवेदकहरूले चुनौती दिएको नदेखिँदा थप विवेचना गर्नुपर्ने आवश्यकता रहेन।

४. उपर्युक्त संवैधानिक र कानूनी व्यवस्थाको समग्र सार भनेको कार्यपालिकाको स्वेच्छाचारी

अतिक्रमणबाट कसैको सम्पत्तिको अपहरण नहोस् भनी व्यक्तिको सम्पत्ति संरक्षणका लागि राज्यले गरेको प्रतिबद्धता हो । राज्यलाई सार्वजनिक हितका लागि नागरिकको सम्पत्ति आवश्यक परी अधिग्रहण गर्नुपर्ने भएमा कानूनले निर्धारण गरेको प्रक्रिया पुऱ्याएर मात्रै अधिग्रहण गर्न सकिने गरी नेपालको संविधान र प्रचलित कानूनले व्यवस्था गरेको देखिन आयो ।

५. सडक विस्तारका लागि प्रचलित कानूनको अधीनमा रही राज्यले व्यक्तिका सम्पत्ति अधिग्रहण गर्न सक्ने भएबाट त्यस्तो सम्पत्ति अधिग्रहण गर्दा (मुआब्जा) क्षतिपूर्ति दिनुपर्ने हो ? होइन ? भन्ने प्रश्नतर्फ हेर्दा यी निवेदकहरूले आफ्नो बासस्थानका घरहरू भत्काउने गरी सडक विस्तार गर्ने निकायहरूले ११/११ मिटर सिमानाभित्रको घरको र जग्गासमेतको मुआब्जा माग गरेको देखिन्छ । विकास निर्माणमा आफूहरू बाधक नरहेको तर नेपाल सरकारको नीतिबमोजिम सडक विस्तारका लागि पहिले जग्गा प्राप्ति ऐन, २०३४ बमोजिम आवश्यक पर्ने घर, जग्गा अधिग्रहण गरी मुआब्जा दिएर मात्रै सडक विस्तार गर्नुपर्ने भन्ने निवेदन दाबी रहेकोमा राज्यले सडक विस्तारलगायत सार्वजनिक उपभोगका कार्य गर्दा जग्गा प्राप्ति गरेर मात्रै विस्तार गर्न पाउने हो वा लिखित जवाफमा उल्लेख भएबमोजिम मिति २०३४।३।२० मा नेपाल सरकारबाट राजपत्रमा सूचना प्रकाशित गरी त्रिभुवन राजपथ २५/२५ मिटरको हुने उल्लेख भएको सूचनाको आधारमा हाल सडक विस्तार गर्न जग्गा अधिग्रहण गरी क्षतिपूर्ति दिनु नपर्ने हो भन्ने सन्दर्भमा हेर्दा सार्वजनिक सडक ऐन, २०३१ ले राजमार्गहरूको वर्गीकरण गरेको नेपाल सरकारले मिति २०३४।३।२० मा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी त्रिभुवन राजपथ (काठमाडौं-रक्सौल) सडक केन्द्र विन्दुबाट २५/२५ मिटर हुने भनी सीमा तोकिएको देखिन्छ । यसरी मिति २०३४।३।२० मा सीमाना कायम गरेको सडकको चौडाइ विस्तार गर्न नेपाल सरकारले सुरू गरेको र हाललाई २५ मिटरको सट्टा सडक केन्द्र विन्दुबाट ११/११ मिटर क्षेत्रफल कायम गर्ने गरी निर्णय गरेको देखिन्छ ।

६. सहरीकरणलाई व्यवस्थित गर्ने सम्बन्धमा जारी गरिएका नगर विकास ऐन, २०४५ र काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५ लाई पनि प्रस्तुत रिट निवेदनको सन्दर्भमा हेर्नुपर्ने देखिन आयो । बढ्दो जनसंख्या तथा सहरीकरणको परिप्रेक्ष्यमा भइरहेको नगरहरूको पुनः निर्माण विस्तार र विकासको साथै नयाँ नगरहरूको निर्माण गरी नगरवासीहरूलाई आवश्यक सेवा र सुविधा पुऱ्याउन तथा सर्वसाधारण जनताको सेवा सुविधा र आर्थिक हित कायम राख्ने उद्देश्यले जारी भएको नगर विकास ऐन, २०४५ ले निर्देशित जग्गा विकास कार्यक्रम सञ्चालन गर्दा पनि जग्गाधनीहरूको सहभागिता जुटाई कार्यक्रम सञ्चालन गर्नुपर्ने साथै सोही ऐनको दफा १६ ले ***नेपाल सरकारले नगर योजना कार्यान्वयन गर्न आवश्यक पर्ने जग्गा प्रचलित कानूनबमोजिम प्राप्त गरी समितिलाई उपलब्ध गराउन सक्नेछ*** भन्ने र काठमाडौं उपत्यकामा बढ्दो जनसंख्या र सहरीकरणको परिप्रेक्ष्यमा भइरहेको नगरहरूको पुनः निर्माण विस्तार र विकासको साथै योजनाबद्ध रूपमा भौतिक विकास र जनसाधारणलाई आवश्यक सेवा सुविधा पुऱ्याउने उद्देश्यले जारी भएको काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५ को दफा ११ मा ***नेपाल सरकारले भौतिक विकास योजना कार्यान्वयन गर्न आवश्यक पर्ने जग्गा प्रचलित नेपाल कानूनबमोजिम प्राप्त गरी प्राधिकरणलाई उपलब्ध गराई दिन सक्नेछ*** भन्ने देखिन्छ ।

७. उपर्युक्त नगर विकास ऐन, २०४५ र काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५ समेतले जग्गाधनीको सहमति भएको अवस्थामा बाहेक व्यक्तिको जग्गा प्राप्त गर्न प्रचलित नेपाल कानूनबमोजिम जग्गा अधिग्रहण गर्नुपर्ने र सो कार्य नेपाल सरकारले

गरी जग्गा उपलब्ध गराउनु पर्ने भनी प्रचलित नेपाल कानून जग्गा प्राप्ति ऐन, २०३४ को प्रक्रियालाई अनिवार्य रूपमा पालना गर्नेतर्फ निर्देशित गरेको देखिन आयो । उक्त कानूनको व्याख्या सोअनुरूप भएमा नै व्यक्तिको निजी सम्पत्ति प्राप्त गर्दा क्षतिपूर्ति दिनुपर्छ भन्ने संवैधानिक व्यवस्थाअनुकूल हुन्छ र कानूनको व्याख्या गर्दा संविधानको अक्षर र भावनाअनुरुप हुने गरेर नै गर्नु पर्दछ ।

८. अब निवेदन मागबमोजिम आफ्नो जग्गा सडक विस्तारमा पर्ने भए जग्गा प्राप्ति ऐन, २०३४ बमोजिम मुआब्जा वितरण गरी जग्गा प्राप्त गरेपछि मात्रै सडक विस्तार गर्नु गराउनु भनी परमादेश माग गरिएकामा निवेदकको हक भोग स्वामित्वका उल्लिखित जग्गाको स्वामित्व यी निवेदकहरूमा रहेको देखिन्छ । विस्तार गर्न लागिएको सडकको दायाँ बायाँतर्फ बनाएका घरहरू सडकको केन्द्र विन्दुबाट ८/८ मिटर छाडी घर बनाई बसेको भन्ने स्वयं निवेदककै भनाई सार्वजनिक सडक ऐन, २०३१ को दफा ३ खण्ड (क) मा सडक राजमार्ग भनी उल्लेख भएको र नेपाल सरकारबाट मिति २०३४।३।२० मा प्रकाशित भएको राजपत्रमा सडक राजमार्गको चौडाई २५/२५ मिटर हुने भनी उल्लेख भए पनि नेपाल सरकारको निर्देशनबमोजिम हाललाई ११/११ मिटर कायम गरिएकोले क्षतिपूर्ति दिनुपर्ने होइन भन्ने नेपाल सरकार, सडक विभाग उपत्यका सडक विस्तार आयोजनाको लिखित जवाफ रहेको र उक्त लिखित जवाफमा घर टहराको क्षतिपूर्ति माग्न आएका बखत निवेदकहरूले पाई हाल्नु हुनेछ भन्ने उल्लेख गरी पहिले सडकको सीमा निर्धारण भइसकेको हुँदा जग्गा अधिग्रहण गरी मुआब्जा दिनुपर्ने होइन भन्ने विपक्षीहरूको लिखित जवाफ र विद्वान्हरूको बहसबाट देखिन आयो । सो सम्बन्धमा हेर्दा सार्वजनिक सडक ऐन, २०३१ को कानूनी व्यवस्थाको विवेचना गर्नुपर्ने देखिन आयो । सार्वजनिक सडक ऐनको प्रस्तावनामा ***सर्वसाधारण जनताको सुविधा तथा आर्थिक हित कायम राख्नको लागि सबै किसिमको सार्वजनिक सडकहरूको वर्गीकरण गरी तिनीहरूको निर्माण, सम्भार, विस्तार वा सुधार गर्न आवश्यक पर्ने जग्गा प्राप्त गर्न र त्यसको लागि मुनासिब माफिकको मुआब्जा वितरण गर्न सार्वजनिक सडकबाट लाभान्वित हुने सडक छेउका जग्गावालाहरूबाट विकास कर असुल गर्ने व्यवस्था समेत गर्न वाञ्छनीय भएको*** भन्ने र दफा ३ मा सार्वजनिक सडकहरूको वर्गीकरण तथा तिनको सडक सीमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी सार्वजनिक सडकलाई देहायबमोजिम वर्गीकरण गरी त्यस्तो सडकको केन्द्र रेखादेखि दायाँ बायाँ दुवैतिर एकतीस मिटरमा नबढाई सडक सीमा तोक्नेछ । तर एकै किसिमको सडकको सम्पूर्ण लम्बाईमा पनि भौगोलिक स्थिति (टोपोग्राफी) र बस्तीको कारण त्यस्तो सडक सीमा कम वेग गर्न वा पुल तथा पुलको वरपर नदीको तटबन्ध सुरक्षाको लागि चार किल्लासमेत खोली आवश्यक सीमा तोक्न सक्नेछ ।

(क) राजमार्ग,

(ख) सहायक मार्ग,

(ग) जिल्ला मार्ग र

(घ) सहरी मार्ग ।

३क. तोकिएको फासलाभित्र भवन आदि बनाउन निषेध गर्न सकिनेः (१) दफा ३ बमोजिम सडक सीमा तोकिएकोमा सडक सीमाको र सडक सीमा नतोकिएकोमा सार्वजनिक सडकको किनाराबाट ६/६ मिटरमा नबढ्ने गरी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको फासलाभित्र पर्खालबाहेक अन्य कुनै किसिमको स्थायी बनौट (स्ट्रक्चर) वा भवन कसैले निर्माण गर्न नपाउने गरी निषेध गर्न सक्नेछ । तर नगर विकाससम्बन्धी योजना लागू भएको क्षेत्रमा तत्सम्बन्धी प्रचलित

नेपाल कानूनमा व्यवस्था भएबमोजिम हुनेछ। (२) उपदफा (१) बमोजिम निषेध गरिएको फासलाभित्र कसैले कुनै किसिमको स्थायी बनौट वा भवन निर्माण गरेमा त्यस्तो बनौट वा भवन सडक विभागको आदेशले भत्काउन सकिनेछ । सडक विभागले त्यस्तो बनौट वा भवन भत्काउँदा लागेको खर्चसमेत सम्बन्धित व्यक्तिबाट भराउन सक्नेछ । त्यस्तै दफा ४ अनुसार **सार्वजनिक सडक र सडक सीमाको निमित्त जग्गा प्राप्त गर्न सकिने -** सार्वजनिक सडकको निर्माण, विस्तार वा सुधार गर्न वा सडक सीमाको निमित्त कुनै जग्गा प्राप्त गर्नु परेमा नेपाल सरकारले जग्गा प्राप्तिसम्बन्धी प्रचलित कानूनबमोजिम जग्गा प्राप्त गर्न सक्नेछ भनी व्यवस्था गरिएको छ।

९. उक्त कानूनी व्यवस्थालाई हेर्दा सडकको सीमा तोक्दैमा जग्गाधनीको हक, स्वामित्व समाप्त हुन सक्दैन र सरकारको उक्त सम्पत्तिमा हक स्थापना भई भोगाधिकार प्राप्त हुन सक्ने र अधिकारको सृजना गरी कब्जा गर्न विशेष परिस्थितिमा बाहेक सक्ने देखिँदैन । नागरिकको निजी सम्पत्तिमाथि राज्यले अधिकार सृजना गर्नका लागि जग्गा प्राप्तिसम्बन्धी प्रचलित कानून जग्गा प्राप्ति ऐन, २०३४ अनुरूपको कार्य अनिवार्यरूपमा गर्नुपर्ने देखिन्छ।

१०. जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३ मा ***नेपाल सरकारले कुनै सार्वजनिक कामको निमित्त कुनै जग्गा प्राप्त गर्न आवश्यक ठहराएमा यस ऐनबमोजिमको मुआब्जा दिने गरी नेपाल सरकारले जुनसुकै ठाउँको जतिसुकै जग्गा प्राप्त गर्न सक्नेछ*** भन्ने देखिन्छ । दफा १३ मा मुआब्जाको किसिम, निर्धारण गर्ने समिति, मुआब्जाको दर निर्धारणसम्बन्धी व्यवस्था गरेको छ । दफा १४ ले जग्गा सट्टामा दिने व्यवस्था गरेको छ भने दफा १६ मा मुआब्जा निर्धारण गर्दा विचार राख्नु पर्ने कुराहरूको व्यवस्था गरेको पाइन्छ । दफा १८ मा मुआब्जा पाउनेको नामावली र त्यसउपरको उजुरीसम्बन्धी व्यवस्था गरेको छ । यी समग्र कानूनी व्यवस्थाहरूको अध्ययनबाट सार्वजनिक कामको लागि सरकारले जग्गा प्राप्त गर्न सक्तछ तर मुआब्जा निर्धारण गरी मुआब्जा (क्षतिपूर्ति) दिएर मात्र भन्ने सहज निष्कर्ष निस्कन्छ । दफा २५ को व्यवस्थाले यसलाई अझ बढी उजागर गरेको छ । उक्त कानूनी व्यवस्था हेर्दा दफा २५***. विशेष परिस्थितिमा जग्गा प्राप्त गर्न सक्ने विशेष अधिकारः*** (१) नदीले एकाएक धार बदलेको वा कुनै दैवी परेको कारणले यातायात वा सञ्चारको साधनलाई यथावत् चालु राख्न वा धनजनको व्यापक क्षतिबाट बचावट गर्न वा अन्य कुनै सार्वजनिक सम्पत्तिको संरक्षणको निमित्त वा अन्य कुनै असाधारण अवस्था परी नेपाल सरकारले कुनै जग्गा तत्कालै प्राप्त गर्नु परेमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सो सम्बन्धमा नेपाल सरकारले निर्णय गरी त्यस्तो जग्गा प्राप्त गर्नेतर्फ कारबाही चलाउन स्थानीय अधिकारीलाई आदेश दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कामको निमित्त प्राप्त गर्नुपर्ने जग्गाको सम्बन्धमा दफा ९ को उपदफा (१) मा उल्लिखित कुराहरूमध्ये उपलब्ध भएसम्मका कुराहरू खुलाई सरोकारवाला व्यक्तिहरूको जानकारीको लागि सूचना जारी गर्नेछ र त्यस्तो सूचना जारी गर्दा सरोकारवाला व्यक्तिहरूले शीघ्रतिशीघ्र जानकारी पाउन सक्ने भनी स्थानीय अधिकारीले उपयुक्त ठहराएको तरिकाबाट जारी गर्न सकिनेछ।

(३) उपदफा (२) बमोजिमको सूचना टाँस भएपछि जुनसुकै बखत स्थानीय अधिकारीले जग्गा कब्जामा लिन सक्नेछ र त्यसरी कब्जामा लिएकै मितिदेखि त्यस्तो जग्गामा नेपाल सरकारको स्वामित्व कायम हुन जानेछ।

(४) यस दफाबमोजिम जग्गा प्राप्त गर्दा त्यस्तो जग्गामा लागेको बाली तथा रूख र त्यसमा बनेको घर, पर्खाल आदिसमेत प्राप्त गरिने भएमा त्यसबापत सरोकारवाला व्यक्तिले क्षतिपूर्ति पाउनेछ।

(५) यस दफाबमोजिम प्राप्त गरिने जग्गाको मुआब्जाको निर्धारण दफा १३ बमोजिमको मुआब्जा निर्धारण समितिले गर्नेछ।

(६) यस दफाबमोजिम प्राप्त गरिएको जग्गाको मुआब्जा वा क्षतिपूर्तिको रकममा चित्त नबुझेकोमा बाहेक जग्गा प्राप्त गरिनु नपर्ने भन्ने विषयमा उजुर लाग्ने छैन।

(७) क्षतिपूर्ति वा मुआब्जामा चित्त नबुझ्ने व्यक्तिले क्षतिपूर्ति वा मुआब्जा निर्धारण भएको सूचना जारी भएको मितिले पन्ध्र दिनभित्र नेपाल सरकार, गृह मन्त्रालयसमक्ष उजुर गर्न सक्नेछ र त्यस्तोमा नेपाल सरकार, गृह मन्त्रालयको निर्णय अन्तिम हुनेछ।

(८) यस दफाबमोजिम प्राप्त गरिएको जग्गाको मालपोतको लगत कट्टा गर्ने सम्बन्धमा दफा २३ को कार्यविधि अपनाई स्थानीय अधिकारीले कारबाही चलाउनेछ र त्यस्तो जग्गाको सम्बन्धमा दफा २४ को कुरा पनि लागू हुनेछ।

११. उक्त कानूनी व्यवस्थामा नदीले एकाएक धार बदलेको वा कुनै दैवी परेको कारणबाट उत्पन्न परिस्थितिमा यातायात वा सञ्चारको साधनलाई यथावत् चालु राख्नका लागि र धनजनको व्यापक क्षतिबाट बचाउन वा अन्य कुनै सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने परिकल्पना गरेको पाइन्छ। यसबाहेक अन्य असाधारण अवस्था पर्न सक्नेसमेत परिकल्पना गरी सो अवस्थामा कानूनका सम्पूर्ण प्रक्रिया पालना गर्नु असम्भव प्रायः हुन्छ। यस्तो अवस्थामा क्षति हुन नदिन वा क्षतिलाई न्यूनीकरण गर्नका लागि तत्कालै जग्गा प्राप्त गर्न सक्ने अधिकार कानूनले सरकारलाई प्रदान गरेको छ। जग्गा प्राप्त गरी तत्कालै कब्जा गर्न सक्ने अधिकार पनि साथसाथै प्रदान गरेको छ। यस्तो असाधारण र विशेष परिस्थिति परी प्राप्त गरेका जग्गाको पनि मुआब्जा र क्षतिपूर्ति दिनै पर्ने अनिवार्य र बाध्यात्मक व्यवस्था गरेको छ। यस अवस्थामा नियमित कार्यको रूपमा सम्पन्न गर्नुपर्ने विकास निर्माण र सोको पूर्वाधारको निर्माणको लागि जग्गा प्राप्त नगरी सरकारको अधिकार सृजना हुने वा प्राप्त जग्गाको मुआब्जा दिनु नपर्ने भन्ने कल्पनासम्म पनि गर्न सक्ने अवस्था रहँदैन। सम्पत्तिको सुरक्षा प्रत्याभूत गर्ने संवैधानिक र कानूनी व्यवस्थाको प्रतिकूल कार्य गर्न सकिन्छ भनी मान्यता प्रदान गर्ने हो भने सरकार र मातहत निकाय वा पदाधिकारीको इच्छा र चाहनाले कानूनमाथि शासन गर्न पुग्दछ जो सर्वथा कानूनी शासनको सिद्धान्तको प्रतिकूल हुन जान्छ।

१२. सोही ऐनको दफा २७ मा ***वार्ताद्वारा जग्गा प्राप्त गर्न सकिने:*** ***यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले सार्वजनिक कामको लागि कुनै जग्गा सम्बन्धित जग्गावालासित वार्ताद्वारा प्राप्त गर्न सक्नेछ र त्यसरी वार्ताद्वारा जग्गा प्राप्त गर्दा यस ऐनमा लेखिएको अन्य रीत पुऱ्याई रहनु पर्ने छैन*** भन्ने कानूनी व्यवस्था भएको देखिन्छ। यसरी वार्ताद्वारा जग्गा प्राप्त गर्दा जग्गा प्राप्ति ऐनले तोकेका अन्य प्रक्रियाहरू पूरा नगरी सरकारले जग्गामा हक स्थापित गर्न सक्नुका साथै नेपाल सरकारले प्राप्त गर्ने चाहेको जग्गालाई वार्ताको माध्यमद्वारा स्वेच्छापूर्वक व्यक्तिलाई आफ्नो हक स्वामित्व छोडाई सरकारको हक स्वामित्व स्थापना गर्न सक्ने अधिकार अप्रत्यक्ष रूपमा प्रदान गरेको छ। यस्तो अपवादको अवस्थामा बाहेक अन्य अवस्थामा जग्गा प्राप्ति ऐनले तोकेका सम्पूर्ण पूर्व सर्तहरू पालना भएपश्चात् मात्र नागरिकको निजी

सम्पत्तिमाथि हस्तक्षेप गर्न सक्ने देखियो।

१३. राज्यले व्यक्तिको सम्पत्ति अधिग्रहण गर्दा कानूनले तोकेको प्रक्रिया पूरा गरेर गर्नुपर्ने र क्षतिपूर्ति अनिवार्य सर्तको रूपमा रहने भनी यस अदालतबाट भएका विभिन्न निर्णयसमेत प्रस्तुत मुद्दामा सान्दर्भिक भई विवेचना गर्नुपर्ने देखिन आयो। **नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १७(३) अनुसार सार्वजनिक हितको लागि राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्दा वा त्यस्तो सम्पत्तिउपर कुनै अधिकारको सृजना गर्दा दिनुपर्ने क्षतिपूर्ति त्यसको आधार र कार्य प्रणाली कानूनद्वारा निर्धारित गरेर दिनुपर्ने प्रावधान तोकेको भएपछि सोअनुसार भएको छ गरेको छ भनी देखाउन सक्नुपर्नेमा सो देखाउन बताउन सकेको पाइँदैन। क्षतिपूर्ति नदिई कसैको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्न सकिने अवस्था नदेखिएको भनी सर्वोच्च अदालत पूर्ण इजलासबाट निर्णय भई *(ने.का.प. २०५८ अंक १, २ नि.नं.६९७० मा)* सिद्धान्त प्रतिपादन भएको छ।**

**१४. कुनै योजना वा कार्यको निमित्त व्यक्तिले आफ्नो जग्गा स्वेच्छाले प्रदान गर्नु स्वेच्छिक कार्य हो। यस्तो अवस्थामा क्षतिपूर्ति वा मुआब्जाको प्रश्न आउँदैन। तर कसैको जग्गा निजको इच्छा विरूद्ध प्रयोग गर्न सकिने व्यवस्था संविधानले परिकल्पना गरेको देखिन आउँदैन। निवेदकहरू आफ्नो जग्गाबाट सडक बनाउन दिन मन्जुर नरहेको भन्ने निजहरूकै निवेदनबाट देखिएको हुँदा निजहरूको जग्गाबाट निजहरूको मन्जुरीबेगर कानूनबमोजिम क्षतिपूर्ति नदिई सडक बनाउन सकिने अवस्था नआएबाट आयोजनाबमोजिम सडकमा परेको जग्गाको मुआब्जा दिनु। सार्वजनिक आयोजनाका लागि व्यक्तिको सम्पत्ति प्रचलित कानूनबमोजिम अधिग्रहण नगरी गराएका कार्यले मान्यता नपाउने जग्गा प्राप्ति ऐन, २०३४ को बाध्यात्मक कानूनी व्यवस्थाको अवलम्बन गरी जग्गा प्राप्ति गरिसकेपछि मात्रै सडक विस्तार लगायतका आयोजनाको कार्य गर्नू।** भनी यसै अदालतबाट ***बद्रीप्रसाद शर्मा वि. श्री ५ को सरकार, मन्त्रिपरिषद् सचिवालयसमेत (ने.का.प.२०५८, नि.नं.७०४०, पृष्ठ ५९१)*** आदेश भएको देखिन्छ।

**१५. सडक विस्तार गर्नु परेमा कानूनको अख्तियारबमोजिम निर्णय गरी प्रचलित कानूनबमोजिम जग्गा अधिकरण गरी मुआब्जा दिई गरेमा आफ्नो सहमति भएको भन्ने कुरा निवेदन बेहोरामा उल्लेख भएको अवस्था देखिँदा र विकास कार्यक्रमको अपरिहार्यता र जनस्वास्थ्य एवं वातावरण सन्तुलनसमेतका कुरालाई यस्ता काम कारबाही विस्तार गर्ने क्रममा यथोचित ध्यान पुर्‍याउन नसके नेपाल अधिराज्यको संविधान, २०४७ को भाग ४ द्वारा निर्देशित नीति एवं सिद्धान्तसमेत सार्थक रहन नसक्ने। सडक विस्तार गर्नुपर्ने भए प्रक्रिया पूरा गरी प्रचलित कानूनबमोजिम जग्गा प्राप्त गरी कार्य गर्नु भन्ने परमादेशको आदेश जारी हुने भनी *कृष्णराज पाण्डे वि. काठमाडौं महानगरपालिकासमेत (ने.का.प. २०६२, नि.नं. ७५४४, अंक ५, पृष्ठ ६१८)*,** यस्तै विषय समावेश भएको निवेदनमा ***ने.का.प.२०७० अंक १ नि.नं. ८९४२, रामकुमार आचार्य विरूद्ध नेपाल सरकार भएको रिट निवेदनमा*** प्रस्तावित आयोजनाको सट्टा अन्य कुनै विकल्प छ र यस विकल्पको अनुशरण गर्दा वातावरणीय नोक्सानीलाई बचाउन सकिने स्थिति छ भने विकल्पले नै सर्वाधिक प्राथमिकता पाउनु पर्ने र सडक अत्यावश्यक नै भए वातावरण संरक्षण ऐन, २०५३ को दफा ६(४) र ५ समेतमा उल्लिखित सम्पूर्ण कानूनी प्रक्रियाहरू पूरा गरी सरोकारवाला विपक्षी वन तथा भू-संरक्षण मन्त्रालय र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागसमेतको संलग्नतामा सम्पूर्ण विकल्पहरूको विश्लेषण गरी

बर्दिया राष्ट्रिय निकुञ्जमा कमभन्दा कम क्षति हुने तथा क्षति न्यूनीकरण गर्न सकिने उपयुक्त विकल्पको पहिचान र छनौट गरी प्रतिवेदन स्वीकृत गर्ने निर्णय गर्नु गराउनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने ठहर्छ भनी आदेश भएको पाइन्छ । त्यस्तै ***भाइकाजी तिवारी वि. चतुर्भुज भट्टसमेत भएको उत्प्रेषण / परमादेश (ने.का.प.२०७२ अंक १२ नि.नं.९५०८)*** रिट निवेदनमा **एक पटक प्रचलित कानूनबमोजिम घर निर्माणको लागि इजाजत लिई विपक्षी निवेदकहरूको बसोबासको लागि घर निर्माण भइसकेपछि त्यस्तो घर रहेको जग्गा नेपाल सरकार वा त्यसको कुनै निकायले फराकिलो पार्ने प्रयोजनको लागि वा अन्य कुनै सार्वजनिक प्रयोजनका लागि लिनुपर्ने भएमा प्रचलित कानूनबमोजिम कारबाही चलाई निवेदकहरूलाई उचित र विधिसम्मत रूपमा क्षतिपूर्ति दिई प्राप्त गर्नुपर्ने भन्ने आदेश भएको देखिन्छ ।** भीमबहादुर श्रेष्ठसमेत वि. पश्चिमाञ्चल सडक डिभिजन कार्यालय ५ नं. शिवपुरसमेत (स.अ.बु. २०६६, अंक १३, पृष्ठ ११) उपत्यका नगर विकास समिति वि. सुनकेशरी जोशीसमेत (स.अ.बु.२०७०, अंक ९, पृष्ठ ३) मा **सडक निर्माण गर्दा वा निर्माण भइसकेको सडक साँघुरो भई विस्तार गर्नुपर्दा सो सडकले विस्थापित गरेको जग्गा घर टहरा पर्खाललगायतको अचल सम्पत्तिको स्वामित्ववालालाई कानूनबमोजिम मुआब्जा वा क्षतिपूर्ति दिनुपर्ने हुन्छ** भन्ने आदेश जारी भई सिद्धान्त प्रतिपादन भएको अवस्था छ । सर्वोच्च अदालतबाट प्रतिपादित यी सिद्धान्तहरूले नागरिकको निजी सम्पत्ति निजहरूको स्वेच्छाले बाहेक सरकारले प्राप्त गर्दा जग्गा प्राप्ति ऐनले तोकेको प्रक्रिया पूरा गरी मुआब्जा र क्षतिपूर्ति प्रदान गर्नुपर्ने भन्ने कानूनको अनिवार्य सर्त हो भन्ने सिद्धान्तलाई अंगीकार गरेको पाइन्छ । सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने र अन्य कारोबार गर्ने हक प्रदान गरी सोअनुरूप कानूनबमोजिम आर्जित र सञ्चित सम्पत्तिको सुरक्षणको लागि क्षतिपूर्ति प्रदान गरी नागरिकको सम्पत्तिको हकको सुनिश्चितता प्रदान गर्ने मौलिक हकको प्रावधान राखेको संविधान र सोअन्तर्गत निर्मित कानूनको अक्षर, भावना र मर्मलाई आत्मसात् गरी प्रतिपादन भएका सिद्धान्तलाई अनुशरण गर्नुपर्ने देखियो।

१६. प्रस्तुत सडक विस्तार सम्बन्धमा काठमाडौं उपत्यका सडक विस्तार आयोजनाले घर टहरा हटाई जग्गा प्राप्त गर्ने भनी मिति २०६५।१०।२१ मा काठमाडौं उपत्यका सडक विस्तार आयोजनाअन्तर्गत सोल्टी मोड, कलंकी, नागढुंगा क्षेत्रको सडक विस्तार गर्ने क्रममा मुआब्जा दिई सडक विस्तार गर्नुपर्ने भएको र जग्गा प्राप्ति ऐन, २०३४ को दफा ५ को उपदफा (१) बमोजिम योजना प्रमुख श्री सूर्यबहादुर भाटलाई प्रारम्भिक कारबाही चलाउने अधिकार तोक्न सकिने राय पेस भई माननीय मन्त्रीस्तरबाट सदर भएको देखिन्छ। यसरी प्रारम्भिक कारबाही चलाउने अधिकार तोकिएपछि सो अधिकारीले अधिग्रहण गर्नुपर्नेसम्मको विवरण खुलाई प्रतिवेदन स्थानीय अधिकारीसमक्ष दिनुपर्ने र त्यसरी प्रतिवेदन पठाउँदा निर्धारित क्षतिपूर्तिको रकम र नोक्सानीको सम्पूर्ण विवरणसमेत उल्लेख गर्नुपर्ने व्यवस्था जग्गा प्राप्ति ऐन, २०३४ को दफा ७ मा देखिन्छ । यसरी प्रारम्भिक अधिकारी तोकिनुको उद्देश्य भनेको सडक ११/११ मिटर चौडा पारी विस्तार गर्दा हुने क्षतिको आकलन र मुआब्जा निर्धारण गर्नुपर्ने भए गरी जग्गा अधिग्रहण गरी सडक विस्तारका लागि कारबाही चलाउन प्रारम्भिक अधिकारी तोकिएको हो भन्ने बुझ्नु पर्ने देखिन आएकोमा उक्त सूचनापश्चात् जग्गा प्राप्ति ऐन, २०३४ को दफा (५) अनुसारको प्रारम्भिक कारबाही चलाउने अधिकार प्राप्त अधिकारीले सूचना प्रकाशन गर्ने कार्यसम्म गरेको, सोबाहेक उक्त ऐनको दफा ६, ७ र ८ ले तोकेको कुनै कार्यहरू भएको र

प्रारम्भिक कारबाहीको कार्य सम्पन्न भएपश्चात् उक्त ऐनको दफा ९ भन्दा पछि जग्गा प्राप्तिका लागि गर्नुपर्ने कुनैपनि कार्य भएको भन्ने लिखित जवाफबाट आउनसकेको देखिएन । काठमाडौं उपत्यका सडक विस्तार आयोजनाको सडक विस्तार कार्यमा हुन सक्ने सम्भावित अप्रिय घटनाहरूलाई मध्यनजर राखी सुरक्षा प्रबन्ध गरिएको भनी महानगरीय प्रहरी प्रभाग बलम्बु, काठमाडौंको तर्फबाट प्रहरी निरीक्षकबाट पेस भएको लिखित जवाफमा उल्लेख भएबाट शक्तिको प्रयोग गरी संरचनाहरू भत्काउन गएको पुष्टि हुन्छ । यसप्रकार जग्गा प्राप्ति नै नगरी बल प्रयोग गर्नु व्यक्तिगत सम्पत्तिमाथिको हस्तक्षेप हुन्छ जो कानूनी राज्यको सिद्धान्त र मान्यताविपरीत हुन्छ ।

१७. नेपाल सरकार, मन्त्रिस्तरीय प्रारम्भिक कारबाही गर्ने अधिकारी तोकिएपछि मिति २०६५।११।१७ मा घर टहरा हटाई जग्गा प्राप्ति गर्ने बारेको सूचना प्रकाशित भएकोमा अन्य प्रक्रिया अगाडि नबढाई पुनः मिति २०७१।८।१६ मा सोही सडक विस्तारका लागि प्रक्रिया अगाडि बढाइएको र मिति २०७१।८।२५ मा मुआब्जा उपलब्ध नगराई सडक विस्तार गर्ने भनी टिप्पणी उठाई सचिवस्तरबाट सदर गरिएको देखिन आयो । मिति २०६५।१०।२१ मा मन्त्रीस्तरबाट भएको जग्गा अधिग्रहणका लागि प्रारम्भिक कारबाही चलाउने गरी भएको निर्णयबमोजिम कार्य सम्पन्न नगरी उक्त निर्णयबमोजिमको कार्य भएको देखिएन । सोही सडक विस्तारमा पहिले मन्त्रीस्तरबाट भएको निर्णयको विपरीत मुआब्जा उपलब्ध नगराई सडक विस्तार गर्ने गरी नेपाल सरकार सचिवस्तरबाट मिति २०७१।८।२५ मा भएको निर्णय स्वतः कानून र वैधताको सिद्धान्तविपरीत देखियो । निर्णय कार्यान्वयन प्रक्रियामा माथिल्लो तहबाट भएको निर्णयलाई असल नियतपूर्वक तल्लो तहबाट कार्यान्वयन गर्नुपर्नेमा सो नगरी माथिल्लो तहबाट भएको निर्णयविपरीत मुआब्जा नदिई सडक विस्तार गर्ने गरी सचिव स्तरबाट भएको निर्णय कानूनबमोजिम देखिएन ।

१८. सोही स्थानको जग्गा अधिग्रहण गर्नेलगायतका कार्य गर्ने भनी मिति २०६५।१०।२१ मा नेपाल सरकार मन्त्रीस्तरबाट भएको निर्णयलाई निस्तेज हुने गरी हाल आएर क्षतिपूर्ति नदिई निवेदकहरूका जग्गाहरू र सडक केन्द्रविन्दुबाट ११/११ मिटर क्षेत्रफलभित्रका घर टहरा हटाउने निर्णय गर्दा निवेदकहरूको स्वामित्वमा रहेको सम्पत्तिमा अनधिकृत हस्तक्षेप हुन जाने देखियो । नेपालको संविधानको धारा २५ को उपधारा (२) (३) र जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३ ले सार्वजनिक हितको लागि राज्यले व्यक्तिको जग्गा अधिग्रहण गर्नसक्ने सोबापत क्षतिपूर्ति / मुआब्जा दिनुपर्ने भन्ने संवैधानिक र कानूनी व्यवस्थाको पालना नेपाल सरकारले गर्नुपर्नेमा सो नगरी मिति २०७१।८।२५ को नेपाल सरकार सचिव स्तरीय निर्णयले सरकारले विस्तार गर्न लागेको कलंकी, थानकोट नागढुंगा सडकको दायाँ बायाँ पर्ने यी निवेदकहरूको जग्गाको क्षतिपूर्ति सडक सीमा निर्धारण गर्दाका बखत तथा हालसम्म पनि दिएको देखिन आएन । कलंकी थानकोट सडक विस्तार सम्बन्धमा नेपाल सरकारले मिति २०३०।९।९ मा अधिग्रहण गर्नुपर्ने जग्गाको विस्तृत सूचना नेपाल राजपत्रमा प्रकाशित गरी मुआब्जा वितरण गरिएको जग्गा मिति २०५२।८।२२ मा सूचना प्रकाशित गरी कलंकी थानकोट क्षेत्रको दायाँ बायाँ ८/८ मिटर सडक विस्तार भएको कुरा राजपत्रमा प्रकाशित सूचनाबाट देखिँदा पहिले सोही सडक विस्तार गर्दा क्षतिपूर्ति दिएको देखिएको हाल सोही क्षेत्रको सडक विस्तार गर्नका लागि प्राप्त गर्नुपर्ने थप ३/३ मिटर जग्गाको क्षतिपूर्ति दिनु नपर्ने भन्ने नेपाल सरकारको निर्णय समानताको सिद्धान्तविपरीत देखियो । सडक विस्तार गर्दा जग्गा प्राप्ति ऐन, २०३४ को कानूनी व्यवस्थाबमोजिम मुआब्जा निर्धारण गरी जग्गा अधिग्रहण गरेर मात्रै सडक विस्तार गर्नुपर्ने देखियो । साथै रीतपूर्वक नक्सा

पास भएका घरको मात्र क्षतिपूर्ति दिइने भन्ने लिखित जवाफ र विपक्षीतर्फबाट बहसको क्रममा उल्लेख भई निवेदकहरूमध्ये केहीले घरको क्षतिपूर्ति बुझिसकेको भन्ने देखिँदा घर निर्माण गर्दाका अवस्थामा नक्सा पास गर्नुपर्ने कानूनी व्यवस्था नभई घर निर्माण भएको देखिएमा घर बनेको वर्ष र घर कर तिरेको प्रमाणसमेतलाई आधार मानी क्षतिपूर्ति निर्धारण गर्नुपर्ने देखियो।

१९. अब निवेदन मागबमोजिम आदेश जारी हुनुपर्ने हो, होइन? भनी विचार गर्दा माथि विवेचित संवैधानिक र कानूनी व्यवस्था तथा सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तसमेतका आधार र कारणबाट निवेदकहरूको त्रिभुवन राजपथ कलंकी, नागढुंगा सडकको केन्द्र विन्दुबाट ११/११ मिटरको क्षेत्रमा पर्ने घर टहरा हटाई सडक विस्तारका लागि सूचना प्रकाशित गर्नेलगायतका कार्य गर्दा सार्वजनिक सडक ऐन, २०३१, नगर विकास ऐन, २०४५, काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५ र जग्गा प्राप्ति ऐन, २०३४ बमोजिम जग्गा प्राप्त गरेको र निवेदकहरूलाई मुआब्जा र क्षतिपूर्ति कानूनी प्रक्रिया पुर्‍याएर दिएको नदेखिँदा यी निवेदकहरूको हकमा नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट मिति २०७१।८।२५ मा भएको सचिवस्तरीय निर्णय, सोबमोजिम प्रकाशित सूचना र भए गरिएका पत्राचारहरू समेत उत्प्रेषणको आदेशबाट बदर गरिदिएको छ। अब निवेदकहरूको जग्गासमेत पर्ने गरी साबिकमा रहेको केन्द्ररेखाबाट ८/८ मिटरको बाटो विस्तार गरी ११/११ मिटरको बनाउने भनी मिति २०७१।८।२५ को सचिवस्तरिय निर्णयअनुरूप प्रकाशित सूचनाका आधारमा ३/३ मिटर जग्गाको सम्बन्धमा जग्गा प्राप्ति ऐन, २०३४ का विकल्पहरूमध्येबाट जग्गाको मुआब्जा र क्षतिपूर्तिको विषय टुङ्गो लगाउनु र प्रस्तुत सडकको अधिकांश भागमा सडक विस्तार भइरहेको र सीमित क्षेत्रमा सडक विस्तारको कार्य रोकिन गई सडक विस्तारले पूर्णता नपाउँदा सार्वजनिक यातायातमा अवरोध पुग्न गई विकास निर्माणको कार्यमा समेत असर पर्ने र सो क्षेत्रको पर्यावरणमा समेत प्रतिकूल असर पर्ने देखिएकाले मुआब्जा / क्षतिपूर्ति उपलब्ध गराउने कार्यको साथसाथै सडक विस्तारको कार्य सम्पन्न गर्नु भन्ने परमादेशसमेत जारी हुने ठहर्छ।

२०. सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने र कानूनको परिधिभित्र अन्य उपयुक्त तवरबाट व्यवस्थापन गर्ने अधिकार प्रदान गरी नागरिकको सम्पत्ति, कानूनबमोजिम बाहेक अहरणीय हुने प्रत्याभूति संविधानले प्रदान गरेको अधिकारको सन्दर्भमा विभिन्न समयमा विभिन्न मुद्दाहरूमा सिद्धान्त प्रतिपादन गरी नागरिक अधिकारको संरक्षणमा अभिभावकीय भूमिका सर्वोच्च अदालतले निर्वाह गरिरहेको छ। सर्वोच्च अदालतमा आएका मुद्दाहरूको निरूपणका लागि प्रस्तुत विषयको आलोकमा सर्वोच्च अदालतले विकास निर्माणको सरकारको दायित्व र नागरिक अधिकारको बीचमा सन्तुलन कायम गर्नुपर्ने आवश्यकतालाई पनि औंल्याएको छ। त्यसैगरी विकास निर्माण गर्दा वातावरण संरक्षणप्रतिको अन्तर्राष्ट्रिय प्रतिबद्धतालाई समेत ध्यानमा राखी वातावरणमा प्रतिकूल असर नपर्ने गरी गर्नुपर्ने तथ्यलाई पनि सशक्त ढंगबाट नै उठाएको छ। संविधानको धारा ३६ को आवासको हकलाई सम्मान गर्नुपर्नेतर्फ इंगित गरेको छ। लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित कानूनी कामप्रति प्रतिबद्ध संविधानअन्तर्गत निर्मित सरकार, विभिन्न निकाय र पदाधिकारीले शक्तिको आडमा बलपूर्वक निजी सम्पत्तिमाथि हस्तक्षेप गरिनु अनपेक्षित हुने तथ्यलाई पनि आफ्ना सिद्धान्तहरूमा प्रतिविम्बित गरेको छ।

२१. सर्वोच्च अदालतबाट प्रतिपादित भई विकसित र स्थापित सिद्धान्तको रूपमा रहिरहँदा पनि सर्वोच्च अदालतले प्रतिपादन गरेका सिद्धान्तअनुरूप कार्य नभई नागरिक हक अपहरित भएका, वातावरणमा

प्रतिकूल असर परेको, पुरातात्विक महत्त्वका सामाग्री वा स्थलमा प्रतिकूल असर परेका जस्ता विषयहरू उठान भई सर्वोच्च अदालत र उच्च अदालतमा मुद्दाहरू परी विचाराधीन रहेका, यस्ता मुद्दाहरू पर्ने क्रम जारी रहेकोतर्फ ध्यानाकर्षण भई यिनै विषयहरू सम्बोधन गर्न आवश्यक ठहर गर्दै यस अदालतको संयुक्त इजलासबाट प्रस्तुत मुद्दा पूर्ण इजलासमा पठाएको पाइन्छ । यी विषयहरूका साथै सम्पत्तिको अधिकारमाथिको हकबाट वञ्चित हुँदा संविधानद्वारा प्रत्याभूत अन्य हकहरू जस्तै नेपालको कुनै पनि भागमा आवतजावत र बसोबास गर्ने, पेसा रोजगार गर्ने, उद्योग, व्यापार व्यवसायको स्थापना सञ्चालन गर्ने स्वतन्त्रताको हक धारा १७(ङ) र (च), स्वच्छ वातावरणको हक धारा ३०, आवासको हक धारा ३७ समेतमा प्रत्यक्षरूपमा असर पुग्ने देखिएको छ भने अझ व्यापकतामा जाँदा शिक्षासम्बन्धी हक धारा ३१, धार्मिक स्वतन्त्रताको हक धारा २६, भाषा तथा संस्कृतिको हक धारा ३२ पनि प्रभावित हुने देखिन्छ। यसबाट आम रूपमा आर्थिक रूपमा विपन्न समुदायका नागरिकहरू अन्यायमा पर्ने देखिन्छ।

२२. संविधान र सोको अधीनमा रही प्रचलनमा रहेका कानूनहरूको पूर्ण पालना र सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तहरूको अनुशरण गरी विकास निर्माणसम्बन्धी आयोजनाहरू सञ्चालन भएमा संविधानको धारा ४२(२) मा प्रदत्त आर्थिक विपन्न समुदायले प्राप्त गरेको हकसमेत संरक्षित हुने र विकास निर्माणमा सरोकारवाला नागरिकहरूको सहभागिता अभिवृद्धि भई विकास आयोजनामा सरोकारवालाको अपनत्व कायम भई लक्षित विकास आयोजनाहरू समयमा नै सम्पन्न भई विकासको प्रतिफल सबै नागरिकले उपभोग गर्ने र विकास आयोजनामा भएको ढिलाईका कारण बढ्ने लागत पनि कम हुने स्पष्टै देखिएको हुँदा अब जग्गा प्राप्त गर्दा निम्नानुसार गर्न निर्देशनात्मक आदेश जारी गरिदिएको छ।

(१) सार्वजनिक सडक ऐन, २०३१ को दफा ४ ले सडक सीमाको निम्ति जग्गा प्राप्त गर्नुपर्ने व्यवस्था गरेको हुँदा कानूनबमोजिम जग्गा प्राप्त गरेर मात्र सडक सीमा तोक्नू।
(२) आवासको हकबाट वञ्चित गर्ने कार्यलाई अत्यन्तै संवेदनशील ढंगले ग्रहण गरी विकल्पहीन अवस्थामा बाहेक आवासको सुरक्षालाई प्रतिकूल असर पर्ने गरी कार्य नगर्नु नगराउनू।
(३) आवास क्षेत्रबाट सडक निर्माण गर्नुपर्ने अवस्था उत्पन्न भएमा बालबालिकाको शिक्षाको हकलाई समेत आत्मसात् गरी उपयुक्त विकल्पको व्यवस्था गरी लाग्ने यथोचित समय प्रदान गरी प्रतिकूल असर नपर्ने गरी व्यवस्थापन गर्नू।
(४) सहज, सरल, प्रभावकारी र निर्विवाद रूपमा जग्गा प्राप्ति गर्ने माध्यम वार्ता भएको हुँदा विज्ञ समूहबाट सरोकारवालासँग वार्ता गरी जग्गा प्राप्त गर्ने कार्यलाई उच्च प्राथमिकतामा राख्नू।
(५) जग्गा प्राप्ति गर्दा सम्पूर्ण जग्गा आयोजनामा परी वा अधिक जग्गा परी केही जग्गा मात्र बाँकी रही उपयोगिताविहीन भई विस्थापित हुने, सो ठाउँमा भएको निर्माणबाट अधिकतम लाभ वा लाभ प्राप्त गर्ने वर्गमा विभाजित गरी विस्थापित हुनेहरूको पुनर्वास र पुनर्स्थापनाको हकसमेत सम्बोधन हुने गरी समन्यायिक आधारमा जग्गा प्राप्ति ऐन, २०३४ को दफा १३, १६ र जग्गा प्राप्ति नियमावली, २०२६ को व्यवस्थाअनुरूप मुआब्जा र क्षतिपूर्ति निर्धारण गर्नू।
(६) वातावरण संरक्षण र पुरातात्विक महत्त्व राख्ने

स्थलहरूको संरक्षणलाई केन्द्र विन्दुमा राखेर विकास आयोजना सञ्चालन र निर्माण गर्नू।

उक्त रायमा हामी सहमत छौं।
न्या. केदारप्रसाद चालिसे
न्या. पुरूषोत्तम भण्डारी

इजलास अधिकृत : ईश्वरीप्रसाद भण्डारी
इति संवत् २०७४ साल असोज २ गते रोज २ शुभम्।

## निर्णय नं. ९९८७

सर्वोच्च अदालत, पूर्ण इजलास
माननीय न्यायाधीश श्री केदारप्रसाद चालिसे
माननीय न्यायाधीश श्री प्रकाशमान सिंह राउत
माननीय न्यायाधीश श्री पुरूषोत्तम भण्डारी
आदेश मिति : २०७४।५।१५
०७४-WF-०००२

मुद्दा : उत्प्रेषण / परमादेश

निवेदक : ग्वारा तण्डुकारको बुहारी कान्छा तण्डुकारको श्रीमती काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.७ घर नं. १३८ बस्ने बसुदेवी तण्डुकारसमेत

विरूद्ध

विपक्षी : काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ७ स्थित श्री मालपोत कार्यालय, चावहिल, काठमाडौंसमेत

- **मोही हक खरिद बिक्री हुँदाको अवस्थामा कित्ताकाट हुने अवस्था स्वभावत: हुने हुँदा कानूनी व्यवस्थाले नै स्पष्ट रोक लगाएकोमा बाहेक मोही खरिद बिक्रीको बखत कित्ताकाट गर्ने कार्य नियमित कार्य नै मान्नु पर्ने।**

(प्रकरण नं.८)

- **परापूर्वकालदेखि घरबास गरी आएको मोही हकको जग्गा बिक्री गर्न वा अन्य प्रकारले हक छाडी दिन सकिने अवस्थामा मोहीका अंशियारहरू बीच अंशबन्डा हुन सक्तैन भन्नु मनासिब नदेखिने।**
- **मोहीले भोग गरी आएको घर र सो घरले चर्चेको जग्गा बन्डा भए पनि गुठीको स्वामित्ववालालाई जग्गाधनीको हैसियतमा प्राप्त हुने हकमा असर पर्ने अवस्था देखिँदैन । भोगाधिकारको हैसियतसम्म स्वाभाविकरूपमा केही परिवर्तनको स्थिति रहे पनि स्वामित्वको विषयमा कुनै परिवर्तन हुने नदेखिएको र मोही रहेको आधारमा मोहीका परिवारहरूका बीच सगोलमा निर्माण भएको घर बन्डा गर्न पाउने हकलाई निष्प्रयोजन वा संकुचित हुने गरी अर्थ लगाई अंशबन्डा लिखत नै पारित गर्न अस्वीकार गर्नु न्यायोचित नहुने।**

(प्रकरण नं.९)

निवेदकका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता श्री हरिहर दाहाल र विद्वान् अधिवक्ता श्री नारायणप्रसाद भट्टराई
विपक्षीका तर्फबाट :

सर्वोच्च अदालत

अवलम्बित नजिर :

- नेकाप २०६७, नि.नं.८३१६
- नेकाप २०६४, अंक १०, नि.नं.७८८५, पृ.१२७५

सम्बद्ध कानून :

- भूमिसम्बन्धी ऐन, २०२१
- गुठी संस्थान ऐन, २०३३

**यस अदालतको संयुक्त इजलासमा फैसला गर्नेः**

मा. न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा
मा. न्यायाधीश श्री आनन्दमोहन भट्टराई

आदेश

**न्या.केदारप्रसाद चालिसे :** सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३ को खण्ड (क) बमोजिम पेस हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार छः-

काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ९ बत्तिसपुतली स्थित श्रीरामचन्द्र निजी गुठीको मोही हाम्रा पति / बाबु कान्छा तण्डुकार भएको, काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ७ सिट नं. १०२-११०६-०५, कि.नं. ६ को १-५-२-० जग्गा पति / बाबुको २०३५ सालमा आफ्नो कालगतिले मृत्यु भएकोले निजको शेषपछि निवेदकमध्येकी म बसुदेवी तण्डुकारका नाममा नामसारी भई आएको थियो । सडक विस्तारको क्रममा कित्ताकाट भई कि.नं. ६० सडकमा परी बाँकी कि.नं. ६१ को १-१-१-२ जग्गा निवेदकमध्येकी म बसुदेवी तण्डुकारको नाममा कायम भएको थियो । उक्त कित्ता जग्गामा हाम्रा पति बाबु स्व. कान्छा तण्डुकारको पालामा भूमिसम्बन्धी ऐन, २०२१ प्रारम्भ हुनअघिदेखि नै जग्गाधनी गुठीको सहमतिबाट २ वटा घर बनाई बसोबास गरी उक्त जग्गाधनी गुठीलाई सालसालै कुतबाली बुझाई आएको हाम्रो मोहियानी हकको घरबारीको सम्पत्ति हो ।

हाम्रो परिवार संख्या ठूलो भई एकासगोलमा बसी व्यवहार गर्न कठिन भएकोले हामी अंशियारहरूबीच छुट्टी भिन्न भई बस्ने गरी बन्डापत्रको कागज रजिस्ट्रेसन पारित गरिपाउँ भनी जग्गाधनी रामचन्द्र निजी गुठीको सिफारिससाथ विपक्षी मालपोत कार्यालय चावहिलमा मिति २०७२।४।२० मा निवेदन गरेको थियौं । उक्त कि.नं. ६१ को १-१-१-२ जग्गा र सोमा बनेको घरमध्ये पश्चिमतर्फबाट ०-९-०-३ जग्गामा पर्ने घर कित्ता-१ हामी निवेदकमध्ये अंशियार बसुदेवी तण्डुकार-१, सुश्री रामकुमारी तण्डुकार-१ र सूर्य तण्डुकार-१ समेत जना ३ को अंशभागबापतको घरजग्गा अंशियार सूर्य तण्डुकारको अंश भागमा, त्यसैगरी उक्त कि.नं. ६१ मध्ये बीचबाट ०-२-२-३ जग्गा र सोमा बनेको घरसमेत अंशियारमध्येका चन्द्रराज तण्डुकारको अंश भागमा र सोही कित्ता नं. को घरजग्गामध्ये पूर्वतर्फबाट ०-५-२-० जग्गा र सोमा बनेको घरसमेत अंशियारमध्येको विजयराज तण्डुकारको अंशभागमा कायम गर्ने गरी कानूनसम्मत तरिकाले लिखत तयार गरिएको थियो ।

मालपोत कार्यालयले ज.ध. रामचन्द्र गुठीको स्वामित्व यथावत् कायम राखी मोहियानी हकको उक्त घरबारी कित्ताकाट गरी अंशबन्डा गरिदिनुपर्नेमा नगरी कित्ताकाट गरी अंशबन्डा गर्दा गुठीको स्वामित्वमा परिवर्तन भई सम्मानित सर्वोच्च अदालतको फैसलाविपरीत हुने हुँदा भन्नेसमेतको बेहोरा उल्लेख गरी बन्डापत्रको लिखत दरपिठ गर्ने गरी मिति २०७२।४।२० मा आदेश भयो । उक्त आदेशउपर अ.बं. १७ नं. बमोजिम पुनरावेदन अदालत पाटनमा निवेदन गरिएकोमा सो अदालतबाट मिति २०७२।८।४ मा निवेदन मालपोत कार्यालय चावहिलमा फिर्ता गर्ने गरी आदेश भयो । विपक्षी मालपोत कार्यालयलाई मालपोत ऐन, २०३४ को दफा ८ ले सुम्पिएको रजिस्ट्रेसन नामसारी दा.खा. गर्नुपर्नेसमेतको जिम्मेवारीभन्दा बाहिर गई भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(क) को प्रतिबन्धात्मक वाक्यांशसमेतको विपरीत पुनः

२०७२।८।१७ मा सोही मिति २०७२।४।२० को दरपिठ आदेशको पुनरावृत्ति गरी आदेश भयो । उक्त आदेशउपर पुनः अ.बं. १७ नं. बमोजिमको निवेदन पुनरावेदन अदालत पाटनमा गरिएको उक्त अदालतबाट मिति २०७२।१२।१२ मा निवेदनको विषयवस्तु मुद्दाको काम कारबाहीको सन्दर्भको नदेखिई अंशबन्डाको लिखत रजिस्ट्रेसन गर्नेसम्बन्धी भएको देखिँदा अ.बं. १७ नं. अन्तर्गतको निवेदनका माध्यमबाट आदेश जारी गर्न नमिल्ने देखिएको भनी केही गरिरहन परेन भनी आदेश भयो । यसरी काल्पनिक आधारमा हाम्रो लिखत पारित नगरी प्रचलित कानूनविपरीत दरपिठ गर्ने गरी मिति २०७२।४।२० र पुनः २०७२।८।१७ मा भएको गम्भीर कानूनी त्रुटिपूर्ण आदेश र उक्त दरपिठ आदेशको सम्बन्धमा केही बोली रहन परेन भन्ने पुनरावेदन अदालत पाटनको मिति २०७२।१२।१२ को आदेश उत्प्रेषणको आदेशद्वारा बदर गरी हामीबीचको अंशबन्डाको लिखत रजिस्ट्रेसनको १ नं. बमोजिम पारित गरिदिनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी गरिपाउँ भन्नेसमेत बेहोराको निवेदनपत्र ।

यसमा के कसो भएको हो? निवेदकहरूको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? सोको आधार र कारण भए सोसमेत खुलाई यो आदेश प्राप्त भएको मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र विपक्षीहरूलाई लिखित जवाफ पेस गर्नु भनी यो आदेश र रिट निवेदनको नक्कल साथै राखी विपक्षीहरूका नाममा म्याद सूचना जारी गरी लिखित जवाफ परेपछि वा अवधि नाघेपछि नियमबमोजिम पेस गर्नू ।

निवेदकले अग्राधिकार माग गरेको सम्बन्धमा हेर्दा निवेदक मध्ये बसुदेवी तण्डुकार ९४ वर्षको वृद्ध तथा शारीरिक रूपमा कमजोर महिला भएको भन्ने निवेदनबाट देखिएको र प्रस्तुत निवेदन अंशबन्डा जस्तो व्यक्तिको नैसर्गिक हकाधिकारसँग सम्बन्धित भएकाले प्रस्तुत रिट निवेदनलाई अग्राधिकार दिई नियमानुसार पेस गर्नू भन्ने मिति २०७३।१।२२ मा यस अदालतबाट भएको आदेश ।

मातहत कर्मचारीबाट भए गरेको आदेशउपर १५ दिनभित्र कार्यालय प्रमुखसमक्ष उजुरी गरी निर्णयकर्ता कार्यालय प्रमुखबाट भएको आदेशअनुरूप गर्नुपर्ने र सो आदेशमा चित्त नबुझे मात्र यस अदालतमा निवेदन दिनुपर्नेमा सो नगरी मातहत कर्मचारीकै आदेशउपर प्रस्तुत निवेदन पर्न आएको अवस्थामा यस अदालतबाट सो आदेश सम्बन्धमा तत्काल बोलिरहन परेन । प्रस्तुत निवेदन मालपोत कार्यालय चावहिलका प्रमुख मालपोत अधिकृतसमक्ष पेस गरी भएको आदेशबमोजिम गर्ने र सो आदेशमा चित्त नबुझाउने पक्षको यस अदालतमा निवेदन पर्न आए सोही बखत निर्णय हुने नै हुँदा प्रस्तुत निवेदन मालपोत कार्यालयमा पठाई दिनु भन्ने आदेश कानूनसम्मत भएकोले विपक्षीको रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको विपक्षी पुनरावेदन अदालत पाटनको लिखित जवाफ ।

पेस हुन आएको अंशबन्डा लिखत पारित हुँदा कित्ताकाट भई गुठीको जग्गाको स्वामित्वमा परिवर्तन भई सम्मानित सर्वोच्च अदालतको फैसलाविपरीत हुने भनी यस कार्यालयबाट मिति २०७२।८।१७ मा भएको दरपिठको आदेश सम्मानित पुनरावेदन अदालत पाटनले निवेदनका माध्यमबाट आदेश जारी गर्न मिल्ने नदेखिएकोले यस कार्यालयको मिति २०७२।८।१७ को आदेश सम्बन्धमा केही बोलिरहन परेन भनी आदेश जारी गरिसकेको हुँदा यस कार्यालयबाट भएको दरपिठ आदेश कानूनसम्मत भएकोले प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको विपक्षी मालपोत कार्यालय, चावहिलको लिखित जवाफ ।

विवादित घर निवेदकहरूको बसोबास रही आएको परापूर्वदेखिको घर हो भन्ने तथ्यमा विवाद देखिँदैन । यसप्रकारको परापूर्वदेखि घर बनाई बसोबास गरी आएको घरसहित घरबारीको जग्गा भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६क. बमोजिम

बिक्री बन्दोबस्त हुन सक्ने नै हुन्छ । परापूर्वकालदेखि घरबास गरी आएको मोही हकको जग्गा बिक्री गर्न वा अन्य प्रकारले हक छाडी दिन सकिने अवस्थामा मोहीका अंशियारहरूबीच अंशबन्डा हुन सक्तैन भन्नु मनासिब देखिँदैन । मोहीले भोग गरी आएको घर र सो घरले चर्चेको जग्गा बन्डा लाग्ने भएपनि गुठीको स्वामित्ववाला श्रीरामचन्द्र गुठीलाई जग्गाधनीको हैसियतमा प्राप्त हुने हकमा असर पर्ने अवस्था देखिँदैन । भोगाधिकारको हैसियतसम्म स्वाभाविक रूपमा केही परिवर्तनको स्थिति रहन्छ । मोही भन्ने आधारमा मोहीका परिवारहरूका बीच सगोलमा निर्माण भएको घर बन्डा गर्न पाउने हकलाई निष्प्रयोजन वा संकुचित हुने गरी अर्थ लगाई अंशबन्डा लिखत नै पारित गर्न अस्वीकार गर्नु मनासिब हुँदैन । अंशबन्डाको लिखत पारित भएको कारणबाट अंशियारहरूमा नरहेको हक स्थापित हुने वा अरू कसैको कुनै सम्पत्तिमा स्थापित हक समाप्त हुने पनि होइन । अंशबन्डाको लिखतको माध्यमबाट अंशियारहरूको बीच रहेको सम्पत्तिको हक र भोगाधिकार भागबन्डा गरिने हुन्छ । यसप्रकारको बन्डापत्र लिखत पारित गर्न ईन्कार गर्नु मनासिब देखिँदैन । यसो गर्दा अंशियारहरूको अंशबन्डा गर्न पाउने नैसर्गिक हकमा आघात पुग्ने जाने अवस्थासमेतबाट निवेदकको मागबमोजिम न्यायिक उपचार प्रदान गर्न ईन्कार गर्नु मनासिब देखिएन । अतः अंशबन्डाको लिखत पारित नगरी दरपिठ गरेको मालपोत कार्यालयको मिति २०७२।८।१७ को आदेश र पुनरावेदन अदालत पाटनको मिति २०७२।१२।१२ को आदेश उत्प्रेषणको आदेशद्वारा बदर हुन्छ । साथै अन्य कुराको रीत पुगेको भए निवेदकले बन्डा लगाउने भनी उल्लेख गरेको विवादित घर र सोले चर्चेको जग्गा उल्लेख गरी बन्डापत्र पारित गरी माग्न आएमा कानूनबमोजिम बन्डापत्रको लिखत पारित गरी दिनु भनी मालपोत कार्यालय चावहिलका नाउँमा परमादेशको आदेशसमेत जारी हुने ठहर्छ भन्ने यस अदालतका माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडाको रायबाझी आदेश ।

रिट निवेदकबाट कि.नं. ६१ को घरजग्गा विभिन्न अंशियारका नाउँमा बन्डा गर्ने कार्यलाई रजिस्ट्रेसन गरिनु पर्ने भनी गरिएको अनुरोधलाई अस्वीकार गर्ने गरी मालपोत कार्यालय चावहिलको २०७२।४।२०, पुनः २०७२।८।१७ को आदेश र अ.बं.१७ नं. अन्तर्गत पुनरावेदन अदालत पाटनबाट मिति २०७२।१२।१२ मा भएको आदेश संविधान र कानूनको व्यवस्था र सर्वोच्च अदालतबाट मिति २०६४।१०।१० मा भएको (नि.नं. ७८८५ को) निर्णयको मूल भावनाअनुकूल नै देखिन्छ । आफूले गरेको फैसलाको मूल भावनाविपरीत बन्न जाने परिस्थितिलाई निरूत्साहित गर्नु पनि यस अदालतको कर्तव्य हुन आउँछ । गुठीको भावनाविपरीत खुल्ला जग्गा नासिने, खण्डीकरण र निजीकरण हुन गई प्रकारान्तरले धर्मलोप हुन जाने स्थिति बन्न जानु न्यायको रोहमा उपयुक्त पनि हुँदैन । साथै निवेदक सफा हात लिई अदालत प्रवेश गरेकोसमेत नपाइएबाट निवेदन मागबमोजिमको आदेश जारी गर्नु उचित र आवश्यक देखिएन । तसर्थ प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ भन्ने यस अदालतका माननीय न्यायाधीश श्री आनन्दमोहन भट्टराईको रायबाझी आदेश ।

माननीय न्यायाधीशहरूबीच रायमा मतैक्यता हुन नसकी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)(क) बमोजिम पूर्ण इजलासमा पेस गर्न दर्ता भएको देखियो ।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा निवेदनसहितको मिसिल कागजात अध्ययन गरियो ।

निवेदकको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री हरिहर दाहाल र विद्वान् अधिवक्ता श्री नारायणप्रसाद भट्टराईले दाबीका जग्गामा घरसमेत समावेश भएको निजी गुठीको भन्नेमा विवाद छैन ।

घरबास भएको मोही लगतको जग्गा सुक्री बिक्री गर्न पाउने भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६क. ले स्पष्ट व्यवस्था गरेको छ। दाबीको लिखतमा घरसमेत पर्ने गरी बन्डा गर्ने भनी लिखितमा उल्लेख भएको अवस्था छ । परापूर्वकालदेखि घरबास गरी आएको मोही हकको जग्गा बिक्री गर्न वा अन्य प्रकारले हक छाडी दिन सकिने अवस्थामा मोहीको अंशियाराबीच बन्डा हुन सक्तैन भन्नु मनासिब देखिँदैन। घर बन्डा गर्ने निवेदकको हकलाई निष्प्रयोजन वा संकुचित हुने गरी अंशबन्डा लिखत नै पारित गर्न अस्वीकार गर्नु मनासिब नभएकोले बन्डापत्रको लिखतलाई दरपिठ गर्ने विपक्षी मालपोत कार्यालयको मिति २०७२।८।१७ को आदेश र पुनरावेदन अदालत पाटनको मिति २०७२।१२।१२ को आदेश त्रुटिपूर्ण रहेको प्रस्ट हुँदा यसै अदालतको डिभिजन बेञ्चका माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडाको राय सदर गरिपाउँ भनी गर्नुभएको बहस सुनियो।

उपर्युक्त बहस जिकिर सुनी निवेदकको मागबमोजिमको अंशबन्डाको लिखत पारित नगरी दरपिठ गर्ने गरेको मालपोत कार्यालय चावहिलको मिति २०७२।४।२० र पुन: मिति २०७२।८।१७ को आदेश तथा पुनरावेदन अदालत पाटनको मिति २०७२।१२।१२ को आदेश त्रुटिपूर्ण रहेको भन्ने निवेदन जिकिरमा संयुक्त इजलासमा माननीय न्यायाधीशहरूबीच रायमा मैतक्यता हुन नसकी फरक फरक राय व्यक्त भई सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)(क) बमोजिम यस इजलासमा पेस हुन आएको प्रस्तुत मुद्दामा देहायका प्रश्नहरूको निरूपण गर्नुपर्ने देखियो।

- दाबीको गुठी जग्गामा निवेदकहरूको मोही हकको हकाधिकार छ वा छैन ?
- गुठीको जग्गाको मोही हक बन्डा हुन सक्ने हो वा होइन ?
- निवेदन मागबमोजिमको आदेश जारी हुने हो, होइन ? भनी निर्णय दिनुपर्ने देखिन आयो।

२. उल्लिखित निर्णायक विषयमा प्रवेश गर्नुपूर्व प्रस्तुत मुद्दाको तथ्यगत विषयलाई सिंहावलोकन गर्नु सान्दर्भिक देखियो। निवेदकको घरसमेत भएको मोही लागेको निजी गुठीको जग्गालाई अंशियारबीच बन्डा गर्ने गरी भएको लिखतलाई दरपिठ गर्ने गरेको मालपोत कार्यालयको मिति २०७२।४।२० र पुन: मिति २०७२।८।१७ को आदेश र उक्त आदेशको उपर परेको निवेदनमा केही बोली रहनु परेन भन्ने पुनरावेदन अदालत पाटनको मिति २०७२।१२।१२ को आदेश पेस गरी उक्त आदेशहरू प्रत्यक्ष कानूनी त्रुटि रहेको भनी उत्प्रेषणको आदेशद्वारा बदर गरी मोही हक बन्डा गरी दिनु भनी परमादेशसमेतको माग गरी निवेदन दाबी लिएको देखियो । श्रीरामचन्द्र निजी गुठीको नाममा मालपोत कार्यालय चावहिल काठमाडौंमा दर्ता स्रेस्ता कायम रही बासुदेवी तण्डुकारको नाममा मोहियानी दर्ता कायम भएको का.जि., का.म.न.पा. ७, सिट नं. १०२-११०६-०५ को कि.नं. ६१ को १-१-१-२ घर जग्गामध्ये पश्चिमबाट कित्ताकाट गरी ०-९-०-३ घर जग्गा बसुदेवी तण्डुकार, सुश्री रामकुमारी तण्डुकार र सूर्य तण्डुकारसमेत ३ जनाको अंशभागमा रहने, उक्त घरजग्गाको बीच भागबाट ०-२-२-३ घरजग्गा चन्द्रराज तण्डुकारको अंशभागमा रहने र पूर्वतर्फबाट ०-५-२-० घरजग्गा विजयराज तण्डुकारको अंशभागमा रहने गरी अंशबन्डाको लिखत तयार भएको मिसिल संलग्न प्रतिलिपिबाट देखियो । उक्त लिखतको सम्बन्धमा विपक्षी कार्यालयबाट भएको दरपिठ आदेश हेर्दा निवेदकसमेतका अंशियारहरूले २०७२।४।२० मा निवेदनसाथ पारित गरिपाउँ भन्ने अंशबन्डा लिखतमा ज.ध. श्रीरामचन्द्र निजी गुठी मोही बसुदेवी तण्डुकार कायम भएको कि.नं. ६१ को जग्गाको कित्ताकाट गर्दा जग्गाको स्वामित्व परिवर्तन भई अदालतको फैसलाविपरीत हुने हुँदा मोहीहरूबीच कित्ताकाट गरी

अंशबन्डा गर्न नसकिने हुँदा अ.बं. २७ नं. बमोजिम भनी दरपिठ गरिएको देखियो । सोहीबमोजिमको दरपिठ मालपोत कार्यालय चावहिलले पुन: मिति २०७२।८।१७ मा समेत गरेको देखियो । उक्त आदेशउपर अ.बं.१७ नं. बमोजिम परेको निवेदनउपर सुनुवाइ गर्दा मुद्दाको कारबाहीको सम्बन्धमा आदेश भएको नदेखिँदा मालपोत कार्यालयको मिति २०७२।८।१७ मा भएको आदेश सम्बन्धमा केही बोली रहन नपर्ने भनी पुनरावेदन अदालत पाटनबाट मिति २०७२।१२।१२ मा आदेश भएको पाइन्छ। उक्त कि.नं.६१ को क्षे.फ.१-१-१-२ को जग्गामा जग्गावाला रामचन्द्र गुठी जनिई बसुदेवी तण्डुकारलाई मोहियानी हकको प्रमाण पत्र भूमिसुधार कार्यालय काठमाडौंले दिएको देखिन्छ । उक्त जग्गामा बसुदेवी तण्डुकारको नामको घर भएको र मूल पीच सडक रहेको भनी काठमाडौं महानगरपालिका कार्यालयले घरबाटो प्रमाणित गरेको देखिएको छ।

३. उपर्युक्त निवेदन दाबी तथा मिसिल कागज अवलोकनपश्चात् पहिलो प्रश्नतर्फ विचार गर्दा यसै मुद्दामा संयुक्त इजलासमा माननीय न्यायाधीश डा.श्री आनन्दमोहन भट्टराईले राय व्यक्त गर्ने क्रममा कि.नं. ६१ को जग्गा रामचन्द्र गुठीको भनेपछि रामचन्द्र मन्दिरसँग सम्बन्धित गुठी रहेछ भन्ने बुझ्नु पर्ने । बत्तिसपुतली थुम्कोमा अवस्थित सो गुठी कमाण्डिङ कर्णेल सनकसिंह टण्डन क्षेत्रीले वि.सं. १९२८ मा स्थापना गरेको, सनकसिंहले श्री रामचन्द्रसमेतको स्थापना गरी पञ्चामृतसहित नित्य पूजा आजा, श्रद्धा, मन्दिरको संरक्षण र व्यवस्थापनसमेतको लागि आफ्ना किनुवा बिर्ता ३२७ र सरकारबाट रिझमा पाएको ४६ रोपनीसमेत ३७३ रोपनी जग्गा र सोही स्थानमा उनकी छोरी महाकुमारीले श्री महा कुमारेश्वरसमेतका स्थापना गरी २५ रोपनी गुठी राखेको, त्यसैगरी सोही स्थानमा मन्दिर स्थापना गरी २५ रोपनी गुठी राखेको, त्यसैगरी सोही स्थानमा मन्दिर स्थापना गरी निलध्वज वर्माले मिति १९८१ सालमा पाँच रोपनी गुठी राखेको भनी ऐतिहासिक स्रोत अभिलेखको उद्धरण (Citation) गरी सन्दर्भ तथ्यको विश्लेषण गर्नुभएको पाइन्छ । उपर्युक्त तथ्यहरू समेतका मिसिल संलग्न कुनै पनि कागजातबाट वस्तुनिष्ठ प्रमाणबाट दाबीको जग्गा राजगुठी वा गुठी संस्थान अधीनस्थ जग्गा रहेको पुष्टि भएको पाइँदैन। प्रस्तुत निवेदनमा दाबीको जग्गालाई निवेदकले रामचन्द्र निजी गुठी हो भनेकोमा यसै प्रकृतिका अन्य कित्ताको सम्बन्धमा विवाद उठेकोमा रामचन्द्र गुठीको जग्गालाई निजी गुठी भनी बोलिएको पाइन्छ । दाबीको जग्गालाई रामचन्द्र निजी गुठीको भन्ने निवेदन जिकिर भएकोमा विपक्षीतर्फबाट राजगुठीको हो भनी प्रति जिकिर नलिएको अवस्थामा अदालत स्वयंले प्रश्न उठाई विवाद सृजना गर्न मिल्ने अवस्थासमेत हुँदैन।

४. प्रस्तुत मुद्दामा निवेदकले मिति २०५८।५।१८को निर्णयले कान्छा तण्डुकारका नाउँबाट बसुदेवी तण्डुकारका नाउँमा नामसारी भई कायम हुन आएको भन्ने भूमिसुधार कार्यालय काठमाडौंबाट प्रदान गरिएको मोही हकको प्रमाण पत्र नै पेस गरेको देखिएबाट अन्यथा पुष्टि नभएसम्म निजी गुठी भन्ने निवेदन दाबीलाई अन्यथा भन्न मिल्ने देखिएन। मोही लागेको गुठी जग्गा देखिँदा जोतकमोत वा कुनै भोगका माध्यमबाट गुठीको उद्देश्यलाई निरन्तरता दिने भनी बुझ्नु पर्ने हुँदा जोत भोग गर्न नमिल्ने देखिँदैन । गुठीको जग्गा जोतकमोत गरेको कारण समेतबाट गुठीमा मोही हक प्राप्त हुने हुँदा त्यस्तो जग्गा कमाउने मोहीको पुर्खाले नै गुठी राखेको पुष्टि हुन अनिवार्यता छ भन्न मिल्दैन। साथै गुठी संस्थान ऐन, २०३३ को दफा १९क बमोजिम निजी गुठियारले गुठीको लगत तोकिएको ढाँचामा संस्थानमा दिनुपर्नेछ भन्ने कानूनी व्यवस्था भए पनि यी निवेदकहरू गुठियार नभएको र गुठियारले त्यस्तो लगत दिए नदिएको प्रश्न प्रस्तुत मुद्दामा उठेको पाइँदैन । त्यसरी विवाद उठी

निरूपण गर्नुपर्ने नदेखिएको र मोहीको हैसियतका यी निवेदकलाई त्यस्तो लगत दिनुपर्ने गरी अनिवार्यता नभएको तथा सो लगत नदिएको कारणले मात्र मोही हकमा असर पुग्ने अवस्था पनि देखिँदैन।

५. भूमिसम्बन्धी ऐन, २०२१ को दफा २५(३)(ख) ले गुठी संस्थान अधीनस्थ जग्गा कमाउने व्यक्तिलाई मोहीको हक प्राप्त नहुने व्यवस्था गरेको देखिन्छ। गुठी संस्थान ऐन, २०२९को दफा २६(ग) को प्रतिबन्धात्मक व्यवस्थाको (१) मा यो ऐन वा भूमिसम्बन्धी ऐन, २०२१ वा अन्य प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि गुठी तैनाथी जग्गामा संस्थानले लिखित मन्जुरी गरी मोहियानी प्रदान गरेकोमा बाहेक २०३० साल चैत्र मसान्तसम्म त्यस्ता जग्गामा कसैले मोहियानी हक प्राप्त गर्ने छैन र सो अवधिभित्र संस्थानले आफैँ खेती, वागवानी वा पशुपालन गर्न चाहेमा प्रचलित कानूनबमोजिम मोही पजनी गर्न सक्ने याम समयमा जग्गा झिक्न सक्नेछ भन्ने व्यवस्था भएबाट २०३० साल चैत्र मसान्तअघि गुठी तैनाथी जग्गामा केबल कमाई गरेको आधारबाट मोही कायम हुन सक्ने देखिँदैन । उपर्युक्त अवस्था र विवादसमेत प्रस्तुत मुद्दामा देखिएको पाइँदैन । साथै गुठी संस्थान ऐन, २०३३ को दफा २६ र २७ बमोजिम खास जोताहा किसानले मोहियानी हक पाउने नै देखिएको छ। गुठी संस्थान ऐन, २०३३ को दफा २६(७) मा ***"यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै गुठी अधीनस्थ जग्गामा कसैले कानूनबमोजिम अधिकार पाई घरबारी बनाई बसोबास गरी आएको भए प्रचलित नेपाल कानूनबमोजिम घरबारीबापत राख्न पाउने जग्गाको हदसम्म जग्गा सोही व्यक्तिको नाममा मोहियानी दर्ता हुनेछ"*** भन्ने कानूनी व्यवस्थासमेतबाट राजगुठी र निजी गुठी दुवै प्रकृतिको गुठीमा मोही लाग्ने देखिएकोमा निवेदन बेहोरासमेतबाट जग्गा रामचन्द्र गुठीको देखिई बसुदेवी तण्डुकार मोही देखिँदा उक्त जग्गा मोही लागेको जग्गा र मोहीको घरबाससमेत रहेको भन्ने देखिन आएकोले निवेदकहरू दाबीको गुठी जग्गाको मोही रहेको देखिँदा मोही हकाधिकार रहेको देखिन आयो।

६. गुठीको जग्गाको मोही हक बन्डा हुन सक्ने हो वा होइन ? भन्ने दोस्रो प्रश्नतर्फ हेर्दा, गुठी संस्थान ऐन, २०३३ को दफा २(ग) मा ***"गुठी भन्नाले कुनै मठ वा देवी देवताको पर्व, पूजा वा जात्रा चलाउन वा कुनै धार्मिक वा परोपकारी कामको लागि कुनै मन्दिर, देवस्थल, धर्मशाला, पाटी-पौवा, इनार, पोखरी तलाउ धारा, पियाउ, बाटो, घाट, पुल चौतारा, गौचरण बाग, बगैंचा, जंगल, पुस्तकालय, पाठशाला, औषधालय, चिकित्सालय घर, इमारत वा संस्था बनाउन वा त्यसको संरक्षण गर्न कुनै दाताले आफ्नो चल अचल सम्पत्ति वा आयस्ता आउने अरू कुनै रकममा कुनै हकछाडी राखेको गुठीसमेतलाई सम्झनु पर्छ ।"*** भनी परिभाषा गरेको देखिन्छ । उपर्युक्त परिभाषासमेतबाट गुठी भनेको धार्मिक, सांस्कृतिक परोपकारी आदि परम्परा, मान्यता, प्रचलन प्रथालाई सञ्चालन र कायम राख्न, त्यसको विकास गराउनसमेतको हितकारी उद्देश्यको लागि स्थापित भएको संस्था, गुठियारको योगदान र गुठीको सम्पत्तिसमेतलाई बुझ्नु पर्ने हुन्छ । ***"गुठी राख्नेले आफ्नो इच्छापत्रमार्फत व्यक्त इच्छालाई नमासिने गरी जोगाई निरन्तरता (Perpetual continuity) प्रदान गर्नु राज्य वा राज्यको अङ्गका रूपमा रहेका सबै निकायहरूको कानूनी कर्तव्य हुने ।"*** भनी यसै अदालतबाट सिद्धान्त (निवेदक मनोजमान जोशीसमेत विरूद्ध भूमिसुधार कार्यालय, बानेश्वरसमेत ने.का.प. २०६७ नि.नं.८३१६) प्रतिपादन भएको पाइन्छ । दाताले आफ्नो चल अचल सम्पत्ति वा आयस्ता वा सम्पत्तिमा आफ्नो हक छाडी समूह, सम्प्रदाय वा सार्वजनिक हितका लागि समर्पण गर्ने हुँदा त्यस्तो गुठीको सम्पत्तिबाट नै कुनै सामाजिक वा धार्मिक

कार्य निरन्तर गर्ने उद्देश्य अन्तर्निहित हुने भएकोले गुठी राख्नेको इच्छा र गुठीको उद्देश्यलाई नमासिने गरी जोगाई निरन्तरता (Perpetual Continuity) प्रदान गर्नुपर्ने तथा गुठी सामाजिक, धार्मिक र सांस्कृतिक परम्पराको एक अभिन्न अंग भएकोले गुठीको प्रभावकारी उपयोग गरी दुरूपयोग वा धर्मलोप हुन नदिने गरी गुठी सम्पदाको सुनिश्चितता हुनुपर्नेमा समेत विवाद हुन सक्तैन । तथापि गुठीको दानपत्र शिलालेखसमेतको लिखतबमोजिमको काम चलाउने दायित्व मूलत: गुठियारहरूमा हुने भए पनि अवस्था, परिस्थिति र कानूनी व्यवस्थाअनुसार त्यस किसिमका सञ्चालन र व्यवस्थापनसम्बन्धी दायित्वसमेत गुठियारबाहेकका मोही वा गुठीको सरोकार देखिएका व्यक्तिहरूमा समेत पर्न सक्छ । साथै गुठीको उद्देश्यअनुरूपको त्यस्तो दायित्वको वहन गुठीको सम्पत्तिको स्रोतबाट नै उपार्जन गरी गर्नुपर्ने हुँदा सोही स्रोत नै परिचालन गरी गुठी सञ्चालनको नियमित कार्य गर्नुपर्ने र गुठीको अविछिन्नताको लागि भैपरी कार्य वा समय परिस्थितिअनुसार सुधार गरिने कार्य गर्नुपर्ने हुन्छ । त्यस्तो कार्य गर्दासमेत गुठीको निरन्तरता र जीवन्तता (Continuity and existence) लाई असर नपर्ने गरी गर्नुपर्ने हुन्छ । उपर्युक्तानुसार समग्र अवस्था परिस्थिति, ऐतिहासिक अवस्था र घटनाक्रम, गुठीको सम्पत्तिको अवस्थिति, कानूनी व्यवस्थासमेतका समग्र विश्लेषणबाट नै गुठीको निरन्तरता र जीवन्तता (Continuity and existence) लाई असर परे नपरेको निर्क्यौल गर्नुपर्ने देखिएको छ । प्रस्तुत मुद्दाको विषयवस्तु हेर्दा मोहीले गुठीको जग्गा कमाएबापत गुठीको मोही हक प्राप्त गरेको र लामो समयदेखि घर बनाई बसोबास गरेकोमा कुनै विवाद देखिँदैन । यसरी रिट निवेदकमध्येका वसुदेवी तण्डुकार मोही कायम भइरहेकोले जोतकमोत वा भोग गर्न मिल्ने प्रकृतिको गुठी जग्गा देखिएको र त्यस्तो गुठीको जग्गाको मोही हकसम्म हस्तान्तरणको कार्य आफैँमा गुठीको निरन्तरता र जीवन्तता (Continuity & existence) तथा गुठी सम्पत्तिको पवित्रता (Sanctity of trust property) विरूद्ध असर पर्ने कुनै अवस्था पुष्टि हुन आउँदैन । उपर्युक्तानुसार विवादको परिस्थिति र सन्दर्भ (circumstances & contextually) ले विवादित नदेखिए पनि मोहीको हकवालालाई प्राप्त हक हस्तान्तरण गर्ने कार्य र मोही हक बाँडफाँडले गुठीको निरन्तरता र जीवन्तता (Continuity and existence) लाई असर पर्ने नपर्ने सन्दर्भको विवादित विषय कानूनी विवाद देखिन आएको छ ।

७. प्रस्तुत मुद्दामा उठेको कानूनी विवादको सम्बन्धमा सम्बद्ध कानूनी व्यवस्था र प्रतिपादित नजिर सिद्धान्तसमेतको अवलोकन गरी हेर्दा ***"परापूर्वकालदेखि विभिन्न उद्देश्य राखी दाताहरूबाट राखिएका गुठी जग्गाहरू विभिन्न प्रक्रियाबाट रैतान नम्बरीमा परिणत हुँदै जाने अवस्थाको सिर्जना भएको पाइएको हुँदा संस्कृतिको संरक्षण र सम्वर्धन तथा धार्मिकस्थल र धार्मिक गुठीको सञ्चालन र संरक्षण गर्ने संविधान प्रदत्त हकमा नै आघात पुग्न जाने अवस्था देखिएको छ । त्यस्तो अवस्था सिर्जना हुन नदिई संस्कृतिको संरक्षण र सम्वर्धन तथा धार्मिकस्थल र धार्मिक गुठीको सञ्चालन र संरक्षणको संवैधानिक हकको सुनिश्चितताका लागि गुठी संस्थान ऐन, २०३३ को दफा २५ को उपदफा (२) को खण्ड (ग) र ऐ. दफा ३६ नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७ को उपधारा (१) बमोजिम आजैका मितिदेखि लागू हुने गरी अमान्य र बदर हुने । ऐनद्वारा समर्थित नरहेका र संस्कृतिको संरक्षण र सम्वर्धन तथा धार्मिकस्थल र धार्मिक गुठीको सञ्चालन र संरक्षणका लागि गरिएको संवैधानिक हकसमेतको प्रतिकूल रहेका निर्णयहरू र त्यसका आधारमा भए गरेका परिपत्रहरू समेत उत्प्रेषणको आदेशद्वारा बदर हुने ।"*** भनी यसै

अदालतबाट ने.का.प. २०६४, अंक १० नि.नं. ७८८५ पृष्ठ १२७५ रिट निवेदक प्रकाशमणी शर्मासमेत विरूद्ध मन्त्रिपरिषद्समेत भएको संवत् २०५८ सालको रिट नं. ७७ मा सिद्धान्त प्रतिपादन भई गुठीलाई निरन्तरता दिनुपर्ने र जीवन्तता राख्नु पर्ने सम्बन्धको र गुठी जग्गा रैतान नम्बरीमा परिणत गर्न नसकिने विषयको देखिएकोले उक्त नजिर सिद्धान्त गुठी स्वामित्वमा नै असर परे विरूद्ध जारी भएको देखिएको छ । प्रस्तुत मुद्दामा उठेको विषय रामचन्द्र निजी गुठी तथा जग्गाधनी यथावत् कायम रहने देखिएकोले स्वामित्व परिवर्तनसँग कुनै सम्बन्ध देखिँदैन । बरू मोही हकसँग सम्बन्धित रहेको देखिएकोले ने.का.प. २०६४, नि.नं. ७८८५, पृ.१२७५ मा प्रकाशित उल्लिखित नजिर सिद्धान्त फरक तथ्यका सन्दर्भमा प्रतिपादन भएको देखियो ।

८. गुठी संस्थान ऐन, २०३३ को दफा ३० मा ***"मोहियानी हक खरिद बिक्री गर्न सकिने विशेष व्यवस्था: भूमिसम्बन्धी ऐन, २०२१ तथा अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनबमोजिम मोहियानी कमाई आएको जग्गाको मोहियानी हक खरिद बिक्री हुनसक्नेछ"*** भन्ने देखिँदा मोही हक हस्तान्तरणले गुठीको निरन्तरता र जीवन्तता (Continuity & existence) तथा गुठी सम्पत्तिको पवित्रता (Sanctity of trust property) मा असर नपर्ने आधारमा नै विधायिकाले उपर्युक्त कानूनी व्यवस्था गरेको मान्नु पर्ने हुन्छ । मोही हक खरिद बिक्री हुँदाको अवस्थामा कित्ताकाट हुने अवस्था स्वभावत: हुने हुँदा कानूनी व्यवस्थाले नै स्पष्ट रोक लगाएकोमा बाहेक मोही खरिद बिक्रीको बखत कित्ताकाट गर्ने कार्य नियमित कार्य नै मान्नु पर्ने देखिँदा मोही हकको हस्तान्तरण, कित्ताकाटसमेत गर्न नमिल्ने कानूनी आधार देखिएन । गुठीको स्वामित्वमा परिवर्तन नगरी निरन्तरता दिई यथावत्रूपमा जोगाई राख्नु गुठीको अवधारणा, उद्देश्यसमेतबाट स्थायी प्रकृति (Static or immutable nature) भएकोले गुठीको निरन्तरता र जीवन्ततामा असर पर्ने किसिमको कुनै पनि किसिमका स्वामित्वको परिवर्तन गुठीको अवधारणा तथा उद्देश्यबाटै स्वीकार्य हुन सक्तैन । तर गुठीको आम्दानी स्वरूपको कुनै जग्गा जमिन घर कसैले प्रयोग भोग गर्न मिल्ने अवस्थाको भएमा त्यस्तो भोगजन्य आम्दानीबाट गुठीको निरन्तरता र जीवन्ततालाई नै सघाउ पुर्‍याउने हुँदा सो गुठीको उद्देश्यअनुरूप नै हुने हुन्छ ।

९. भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६क. मा **"प्रचलित नेपाल कानूनमा जेसुकै लेखिएको भए तापनि मोहियानी हक खरिद गर्न वा दान दातव्यको रूपमा वा अरू किसिमले हक छोडाई लिन पाइने छैन र सरकारी वा गैर सरकारी बिगो वा सजायमा लिलाम बिक्री हुनेछैन । तर यो ऐन प्रारम्भ हुनुभन्दा अगावै कुनै मोहीले जग्गावालाको स्वीकृति लिई वा परापूर्वदेखि पक्की घर बनाएको रहेछ भने सो घरवारीको जग्गा बिक्री गर्न वा अन्य कुनै प्रकारले हक छोडी दिन सक्नेछ र त्यस्तो जग्गाका हकमा दफा ८ को अधिकतम हदसम्बन्धी कुरा लागु हुने छैन"** भन्ने उल्लेख भएको देखियो । विवादित घर निवेदकहरूको बसोबास रही आएको परापूर्वदेखिको घर हो भन्ने तथ्यमा विवाद देखिँदैन । यसप्रकारको परापूर्वदेखि घर बनाई बसोबास गरी आएको घरसहित घरबारीको जग्गा भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६क. बमोजिम बिक्री बन्दोबस्त हुन सक्ने नै देखियो । परापूर्वकालदेखि घरबास गरी आएको मोही हकको जग्गा बिक्री गर्न वा अन्य प्रकारले हक छाडी दिन सकिने अवस्थामा मोहीका अंशियारहरूबीच अंशबन्डा हुन सक्तैन भन्नु मनासिब देखिएन । मोहीले भोग गरी आएको घर र सो घरले चर्चेको जग्गा बन्डा भए पनि गुठीको स्वामित्ववाला श्रीरामचन्द्र गुठीलाई जग्गाधनीको हैसियतमा प्राप्त हुने हकमा असर पर्ने अवस्था देखिएन । भोगाधिकारको हैसियतसम्म स्वाभाविक

रूपमा केही परिवर्तनको स्थिति रहे पनि स्वामित्वको विषयमा कुनै परिवर्तन हुने नदेखिएको र मोही रहेको आधारमा मोहीका परिवारहरूका बीच सगोलमा निर्माण भएको घर बन्डा गर्न पाउने हकलाई निष्प्रयोजन वा संकुचित हुने गरी अर्थ लगाई अंशबन्डा लिखत नै पारित गर्न अस्वीकार गर्नु न्यायोचित हुँदैन । अंशबन्डाको लिखत पारित भएको कारणबाट अंशियारहरूमा नरहेको हक स्थापित हुने वा अरू कसैको कुनै सम्पत्तिमा स्थापित हक समाप्त हुने पनि होइन । अंशबन्डाको लिखतको माध्यमबाट अंशियारहरूको बीच रहेको सम्पत्तिको हक र भोगाधिकार भागबन्डा गर्न मिल्ने नै देखिएकोमा यसप्रकारको बन्डापत्र लिखत पारित गर्न ईन्कार गर्नु मनासिब देखिँदैन । मूलत: गुठीको जग्गाको मोही हक हस्तान्तरण हुने नै देखिएकोले त्यस्तो मोही हक अंशियारहरूबीच अंशबन्डा गर्नु पनि हक हस्तान्तरणकै एक स्वरूप हुँदा त्यस्तो अंशबन्डामा रोक लगाउनु नैसर्गिक साम्पत्तिक हक र कानून प्रदत्त हकमा आघात पुग्न जाने देखिएको छ । मोहीका परिवारले परापूर्वदेखि भोग गरी आएको घर बन्डा लगाएकै कारणबाट गुठीको अभिप्राय परास्त हुन्छ वा त्यसबाट कुनै प्रकारको धार्मिक वा साँस्कृतिक कुरामा असर पर्दछ भनी मान्न सकिने कुनै उचित कारणसमेत नदेखिँदा गुठीको मोही हक बन्डासमेत गरी हक हस्तान्तरण गर्न मिल्ने देखियो ।

१०. अब, निवेदन मागबमोजिम आदेश जारी हुने हो, होइन ? भन्ने तेस्रो प्रश्नतर्फ हेर्दा विवेचित आधार प्रमाणसमेतबाट दाबीको गुठी जग्गामा निवेदकको मोहीयानी हक कायम रहेको देखिएको र मोहियानी घर जग्गा बन्डा गर्न सक्ने नै देखिएकोले अंशियारले बन्डापत्रबमोजिम मोही हक बन्डा गर्न लिखत पेस गरिसकेपश्चात् बन्डा गरिदिनुपर्नेमा अंशबन्डाको लिखत पारित नगरी दरपिठ गरेको मालपोत कार्यालयको मिति २०७२।४।२० र पुन: मिति २०७२।८।१७ को आदेश तथा पुनरावेदन अदालत पाटनको मिति २०७२।१२।१२ को आदेश त्रुटिपूर्ण देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अन्य कुराको रीत पुगेको भए निवेदकले बन्डा लगाउने भनी उल्लेख गरेको विवादित घर र सोले चर्चेको जग्गा उल्लेख गरी बन्डापत्र पारित गरी माग्न आएमा कानूनबमोजिम बन्डापत्रको लिखत पारित गरिदिनु भनी मालपोत कार्यालय चावहिलका नाउँमा परमादेशको आदेशसमेत जारी हुने ठहर्छ । रिट निवेदन खारेज हुने ठहर गरेको माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराईको रायसँग सहमत हुन नसकिएकोले निवेदकको मागबमोजिमको आदेश जारी हुने ठहरेकोले माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडाको राय सदर हुने ठहर्छ । दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनू ।

उक्त रायमा हामी सहमत छौं ।

न्या. प्रकाशमान सिंह राउत

न्या. पुरूषोत्तम भण्डारी

इजलास अधिकृत: हर्कबहादुर क्षेत्री

इति संवत् २०७४ साल भदौ १५ गते रोज ५ शुभम् ।

## निर्णय नं. ९९८८

सर्वोच्च अदालत, पूर्ण इजलास
माननीय न्यायाधीश श्री तेजबहादुर के.सी.
माननीय न्यायाधीश श्री पुरूषोत्तम भण्डारी
माननीय न्यायाधीश श्री बमकुमार श्रेष्ठ
फैसला मिति : २०७४।११।१६
०७३-NF-००३४

मुद्दाः बन्डा बदर अंश दर्ता

पुनरावेदक / वादी : जगन्नाथप्रसाद सिंहको मु.स. गर्ने महोत्तरी जिल्ला धमौरा गा.वि.स. वडा नं. ८ बस्ने राजेशकुमार सिंह

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : जिल्ला महोत्तरी धमौरा गा.वि.स. वडा नं.८ मा बस्ने वीरबहादुर सिंहको छोरा तेजनारायण सिंहसमेत

- **भूमिसम्बन्धी ऐन, २०२१ को प्रयोजनको लागि भरिने सम्पत्तिको ७ नं.फाँटवारी साबिकमा अंशियारहरू अलग भइसकेको र नभएको भन्ने दुवै तथ्यलाई स्पष्ट पार्ने प्रामाणिक महत्त्वको कार्य गर्दछ । यसरी भरिएको ७ नं. फाँटवारीबमोजिमका सम्पत्ति आआफ्ना नाममा दर्ता भइसकेका छन् र सो दर्ता एक प्रकारले समानुपातिक एवं न्यायोचितरूपमा मिलेको र बिक्री व्यवहारको क्रियासमेत भइसकेको देखिन्छ भने त्यसले अंशियारहरू एकआपसमा अलग भइसकेको भन्ने तथ्यलाई पुष्टि गर्दछ भने फाँटवारीअनुसार जग्गाको दर्ता निजका नाउँमा भएको छैन र दर्ता भएपनि सो न्यायोचित एवं समानुपातिकरूपमा भएको र मिलेको देखिँदैन भने त्यसबाट अंशियारहरू साबिकमै अलग भइसकेका रहेछन् भनी भन्न नमिल्ने ।**

(प्रकरण नं.१५)

- **मूल पुर्खामा वा मूल पुर्खाका कुनै हाँगातर्फका सन्तानमा पैतृक वा अचल सम्पत्ति हुनु र अर्को हाँगातर्फको सन्तानमा पैतृक वा अन्य कुनै पनि स्रोतको सम्पत्ति नभई उनीहरू सम्पत्तिको भोग र भागबाट कुनै पनि कारणले वञ्चित हुनुपर्ने अवस्था परेको भए त्यस्तो सन्तानलाई पर्न गएको अन्याय र मर्काको हदसम्म यस अदालतले प्रमाण, प्रचलन, विधि व्यवहारसमेतको मूल्याङ्कन एवं व्याख्याद्वारा केलाएर न्याय निरूपण गर्नुपर्ने ।**

(प्रकरण नं.१६)

- **वादी र प्रतिवादीबीच अंशियार नातामा विवाद नरहेको अवस्था भए पनि वादीका जिजु बाजे, बाजे, पिता र वादीको नाममा नेपालमा कुनै अचल सम्पत्ति नदेखिएको र दर्ता, भोग, तिरो एवं बिक्री व्यवहारबाट पनि वादी प्रतिवादीबाट अलग भएको पुष्टि हुन नसकेको भन्ने परम्परागत शैलीका आधारमा वादीले सबै सम्पत्तिमा पूर्णरूपमा नै अंश भाग पाउने आधार स्थापित हुन जान्छ भनी भन्न मिल्ने पनि नहुने ।**

(प्रकरण नं.१७)

- **नेपालमा रहेको सम्पत्तिको हकमा विदेश वा भारतमा बस्दै आएका अंशियारबीच समेत बन्डा गर्दा भारत वा अन्य मुलुकमा त्यस्ता अंशियारसँग रहेको सम्पत्तिलाई पनि ध्यानमा राखेर नेपालमा पैतृक वा अन्य सम्पत्तिको संरक्षण र जगेर्ना गर्दै**

**बस्दै आएका अंशियारलाई पनि न्याय हुने हिसाबले नेपालमा रहेको सम्पत्तिमा अंशबन्डा गर्ने गरी मुद्दा विशेषको पृष्ठभूमिको आधारमा हाम्रो न्यायिक अभ्यासलाई अगाडि बढाउँदै जानु पर्ने ।**

(प्रकरण नं.२०)

वादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री हरिहर दाहाल, श्री लक्ष्मीबहादुर निराला, विद्वान् अधिवक्ता श्री वैद्यनाथ झा

प्रतिवादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री महादेवप्रसाद यादव, श्री लभकुमार मैनाली र विद्वान् अधिवक्ता श्री जयनारायण पौडेल

अवलम्बित नजिर :

- नेकाप २०४२, अंक १२, नि.नं.२५५३, पृ.१०४४
- नेकाप २०६३, अंक ७, नि.नं.७७३७

सम्बद्ध कानून :

- न्याय प्रशासन ऐन, २०४८

सुरू फैसला गर्नेः

माननीय न्यायाधीश श्री प्रकाश चन्द्र गजुरेल
महोत्तरी जिल्ला अदालत

पुनरावेदन तहमा फैसला गर्नेः

माननीय न्यायाधीश श्री टिकाबहादुर हमाल
माननीय न्यायाधीश श्री मिहिरकुमार ठाकुर
पुनरावेदन अदालत जनकपुर

यस अदालतमा फैसला गर्नेः

माननीय न्यायाधीश श्री गोपाल पराजुली
मा. न्यायाधीश श्री चोलेन्द्र शमशेर ज.ब.रा.

फैसला

**न्या. तेजबहादुर के.सी.:** यस अदालतको मिति २०७१।९।२५ को फैसलाउपर तत्काल प्रचलित न्याय प्रशासन ऐन, २०४८ र हाल प्रचलित न्याय प्रशासन ऐन, २०७३ को दफा ११ को उपदफा (२) को खण्ड (ख) बमोजिम मुद्दा पुनरावलोकन गरी हेर्न अनुमति प्राप्त भई दर्ता हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार छः-

मूल पुरूष स्वर्गीय दुखित भन्ने दुखी सिंहका तीन छोराहरूमा जेठा म फिरादीका हजुरबुबा स्व. हेमराज सिंह, माहिला स्व. भेगराज सिंह र कान्छा स्व. जोगा सिंह हुनुहुन्थ्यो । जोगा सिंह निसन्तान स्वर्गीय हुनुभएकोले निजको अंश अपुताली खाने कोही पनि छैन । स्व. भेगराज सिंहका चार भाइ छोरामा जेठा स्व. राजेन्द्रप्रसाद सिंह, माहिला स्व. इनरदेव सिंह, साहिँला स्व. राम उदार सिंह र कान्छा स्व. चेतु सिंह भएकामा जेठा र कान्छा क्रमश: राजेन्द्रप्रसाद र चेतु निसन्तान स्वर्गीय हुनु भएकोले निजहरूको पनि अपुताली खाने कोही छैनन् । माहिला स्व. इनरदेव सिंहका छोरा स्वर्गीय वीरबहादुर र वीरबहादुरको छोरा प्रतिवादी नगनारायण सिंह, तेजनारायण सिंह र विश्वनारायण सिंह दाजुभाइ हुनुहुन्थ्यो । साहिँला स्व. राम उदार सिंहका छोराहरू स्व. रामरूप सिंह र राम स्वरूप सिंह २ दाजुभाइ हुनुहुन्थ्यो । स्व. रामरूपको छोराहरू प्रतिवादी कामेश्वरप्रसाद सिंह र प्रतिवादी सुरेशप्रसाद सिंह हुनुहुन्छ भने स्वर्गीय रामस्वरूप सिंहका २ भाइ छोरा प्रतिवादी विजयकुमार सिंह उर्फ बच्चा सिंह र अजयकुमार सिंह उर्फ ववन सिंह हुनुहुन्छ । यसप्रकार प्रतिवादीहरू नातामा म वादीका भतिजा र नाति पर्नुहुन्छ । हजुरबुबा पुस्ताका जोगा सिंह निसन्तान स्वर्गे हुनु भएकाले अंशबन्डाको प्रयोजनको लागि प्रतिवादीहरू र म फिरादी आधा आधाका अंशियार हौं । प्रतिवादी र म फिरादीका बीच अंशबन्डा भएको छैन । २०४२ साल फाल्गुण महिनामा घरसारमा चुल्होमानोसम्म छुट्टिएको हो । म वादी २०१८ सालदेखि भारत सरकारको सेवामा कार्यरत रहेकोमा इ.स. १९९६।२।१ मा अवकाश पाए । प्रतिवादीहरू

तेजनारायण सिंह, राजकुमारी सिंह र सुरेशप्रसाद सिंहसमेत प्रतिवादी र प्रतिवादी तेजनारायण सिंहको छोराहरू अभयकुमार सिंह र अजितकुमार सिंह वादी भई २०५८ सालको दे.नं. १९३९ को अंश मुद्दा दर्ता गरी फैसलासमेत भएको कुरा मेरो छोरा राजेशकुमार सिंहमार्फत सम्बन्धित कागजको नक्कल मिति २०६२।११।२८ मा लिँदा थाहा हुन आएको छ । सो मुद्दाको फिरादपत्रमा प्रतिवादी तेजनारायणका बुबा स्व. वीरबहादुर र प्रतिवादी तेजनारायण सिंह र कामेश्वरप्रसाद सिंहका बीच मिति २०२०।४।२९ मा मालपोत कार्यालय महोत्तरीबाट अंशबन्डाको लिखत पारित भएको बेहोरा उल्लेख भएको छ । त्यसमा म वादीको अंश नै लोप गरी अंशबन्डा भएको कुरा थाहा पाएको छु । अतः म वादीको अंश भाग लोप हुने गरी भएको मिति २०२०।४।२९ को पारित अंशबन्डाको लिखत र सो लिखतबमोजिम प्रतिवादीका नाममा भएको दर्तासमेत बदर गरी प्रतिवादीसँग सम्पूर्ण अचल सम्पत्तिको तायदाती फाँटवारी लिई २ खण्डको १ खण्ड अंश दिलाई मेरो नाममा दर्तासमेत गरिपाउँ भन्नेसमेत बेहोराले वादीले महोत्तरी जिल्ला अदालतमा पेस गरेको फिराद पत्र।

वादी हाम्रो अंशियार होइनन्। वादी हाम्रो अंशी नरहेपछि अमुक मितिमा मानो छुट्टिएको भन्ने कथनको कुनै अर्थ हुँदैन । हाम्रो पुस्तावलीको अध्ययनबाट लगभग २ सय वर्षसम्म सगोलमा बसिरहने अवस्था नै हुन सक्दैन। कारण हाम्रा पर बाजे ससुरा स्व. भेगराज सिंह नै ३ दाजुभाइ हुनुहुन्थ्यो । ती ३ दाजुभाइको सम्पत्ति पनि सगोलमै थियो भन्ने कुराको चर्चा वादीको फिरादपत्रमा गरिएको छैन। हाम्रो परबाजे तथा परबाजे ससुराहरू आफ्नै पालामा छुट्टी बस्नु भएको थियो । यसर्थ प्रथम पुस्ता नै छुट्टिसकेको अवस्थामा हामी तेस्रो वा चौथो पुस्ताका व्यक्ति सगोलमा बसेका छैनौं । सगोलमा बसिरहने अवस्था आउँदैन र त्यसो हुन सक्दैन भन्नेसमेत बेहोराले प्रतिवादी तेजनारायण सिंह र राजकुमारी देवीसमेतले संयुक्तरूपमा पेस गरेको प्रतिउत्तर पत्र।

स्व हेमराज सिंह, भेगराज सिंह र जोगा सिंहबीच एकसय वर्षअघि नै छुट्टी भिन्न हुनुभएको तथ्यलाई लुकाई तथाकथित रूपमा २०४२ साल फाल्गुण महिनामा चुल्होमानोसम्म छुट्टिएको भन्ने फिराद बेहोरा सर्वथा झुट्ठा हो । हेमराजका सन्तान भारतको पुख्यौंली विहार राज्यमा नै फर्किनु भयो । भेगराजका सन्तान नेपालमा बस्नु भएको हो । हाम्रा बाजे पुस्ता पनि पहिले नै छुट्टिनु भएको थियो। २०२२ सालमा संयुक्त नाममा जग्गा दर्ता छ भनी वादीले स्वीकार गरेबाट सगोल परिवारका सदस्यहरूको संयुक्त नाममा जग्गा छ भन्न मिल्दैन । छुट्टी भिन्न भएका व्यक्तिहरूका मात्र संयुक्त नाममा जग्गा हुने हुँदा २०२२ सालभन्दा अघि वादीका पुर्खा छुट्टी भिन्न भएको पुष्टि गर्दछ । दे.नं. १९३९ को मुद्दा महोत्तरी जिल्ला अदालतबाट फैसला भई अन्तिम भएर बसेको छ। उक्त फैसला वादीले बदर नगराएबाट सो फैसलालाई वादीले स्वीकार नै गरेको देखिएबाट समेत वादीले हामीबाट अंश पाउने होइन भन्ने बेहोराको प्रतिवादी सुरेशप्रसाद सिंह र कामेश्वरप्रसाद सिंहले संयुक्तरूपमा पेस गरेको प्रतिउत्तर पत्र।

वादीले उल्लेख गरेको पारिवारिक तालिका साँचो हो । हाम्रो पुर्खाको घर भारतमा थियो, पछि पारिवारिक संख्या बढ्न गई सम्पत्ति आर्जन गर्नलाई नेपालमा आई बसेका हुन् । परिवारका केही सदस्य भारतमा नै बस्नुभयो र केही सदस्य नेपालमा आई सम्पत्ति आर्जन गर्ने कार्यमा लागेअनुसार नेपालमा आय आर्जन गर्नमा हाम्रो परिवारहरूको सहयोग प्राप्त भएकोमा कुनै दुईमत छैन । यसरी नेपालको महोत्तरी जिल्लामा जे जति सम्पत्ति छ, सबै सगोलको नै हो। मैले गरेको अंश मुद्दाबाट मैले अंश पाउन नसकेको

भए पनि वादीलाई अंश दिलाई दिएमा मेरो मन्जुर छ भन्नेसमेत बेहोराले प्रतिवादी विद्यानारायणको तर्फबाट पेस भएको प्रतिउत्तर ।

सुरू अदालतबाट प्रतिवादी नगनारायण, प्रतिवादी विजयकुमार उर्फ बच्चा सिंह र प्रतिवादी अजयकुमार सिंहका नाममा जारी भएको म्याद मिति २०६३।३।२९ मा तामेल भई निजहरूले प्रतिउत्तर नफिराई म्यादै गुजारी बसेको ।

सम्पूर्ण सम्पत्तिबाट आधा सम्पत्ति वादीले पाउनु पर्ने हो भन्नेसमेत बेहोराले प्रतिवादीका विद्यानारायणका साक्षी नजिर कवारी, जमसेद कवारीसमेतले गरेको बकपत्र ।

प्रतिवादी कामेश्वरप्रसाद र सुरेशप्रसाद सिंहका बीच २३ वर्ष पहिले अंशबन्डा भइसकेको छ भन्नेसमेत बेहोराको प्रतिवादी कामेश्वरप्रसाद सिंहका साक्षी राम सागर यादवले गरेको बकपत्र ।

वादी प्रतिवादी १००-१५० वर्ष पहिलादेखि भिन्न भई अलग अलग छन् । प्रतिवादी तेजनारायण सिंहसमेतबाट वादीले अंश पाउने होइन भन्नेसमेत बेहोराले प्रतिवादी तेजनारायण सिंह र राजकुमारी देवीका साक्षी महेन्द्रकुमार मण्डलले गरेको बकपत्र ।

प्रतिवादी सुरेशप्रसाद सिंहको नाममा महोत्तरी जिल्ला धमौरा भवानीपुर गा.वि.स. वडा नं. ९(क) अन्तर्गतका कि.नं. ९९, १३९, ४३, ४७, १६७, १६९, वडा नं. ९(ख) अन्तर्गतका कि.नं. ६४, २१६, २२१, अंजनीकुमार सिंहको नाममा ऐ. वडा नं. ५(क) कि.नं. २, राजिवकुमार सिंहको नाममा ऐ. वडा नं. ९(क) कि.नं. २१८, राजिवकुमार सिंह र अंजनीकुमार सिंहको संयुक्त नाममा ऐ. वडा नं. ९(ख) कि.नं. १२९, ४३६, कामेश्वरप्रसाद सिंह नामको ऐ. वडा नं. ५(क) कि.नं.४६, ऐ. वडा नं. ९(क) अन्तर्गत कि.नं. १३७, ३३, १८, ९८, वडा नं. ९(ख) अन्तर्गतका कि.नं. १७०, ३४०, २२३, ऐ. वडा नं. ८ स्थित रू. १ लाख मूल्य पर्ने २ कोठा र फुसको घर, प्रतिवादी राजकुमारी देवीको नाममा ऐ. वडा नं. ९(ख) अन्तर्गतका कि.नं. २८६, ३७९, २१९, ५२१, वडा नं. ९(क) को कि.नं. १९७, प्रतिवादी तेजनारायण सिंह नाममा ऐ. वडा नं. ५(क) अन्तर्गत कि.नं. ६०, ६१, १४८, १४९, १५०, ऐ. वडा नं. ५(घ) को कि.नं. २, वडा नं. ९ (क) को कि.नं. २११, २००, ऐ. वडा नं. ९(ख) को कि.नं. ६६८, ६६६, ६७०, ७१२, कि.नं. २२१ को जग्गा अजयकुमार सिंहको निजी हो, वडा नं. ५(क) को कि.नं. २३० को जग्गा तेजनारायण बुहारीको निजी हो, वडा नं. ९(ख) को कि.नं. ६५४ को जग्गा ओममूर्ती राजिवकुमार सिंहको नाममा भएको अतिरिक्त तेजनारायण सिंहले विभिन्न व्यक्तिबाट गरी जम्मा रू.३,२५,०००।–ऋण लिएको भन्नेसमेत बेहोराको तायदाती फाँटवारी मिसिल सामेल रहेको देखिन्छ ।

मानो छुट्टिएको मितिमा दुवै पक्षको मुख नमिलेकोले फिराद परेको अघिल्लो दिनलाई मानो छुट्टिएको मिति कायम भइसकेको र वादीको अंशहक लोप गरी प्रतिवादीहरूका बीच भएको मिति २०२०।४।२९ को बन्डापत्र वादीले पाउने अंश भागसम्ममा बदर भई वादीले प्रतिवादीबाट अंश पाउने देखिँदा तायदाती फाँटवारीमा उल्लिखित दर्ता स्रेस्तासँग भिडेका हकभोगको प्रमाण भएका जग्गाबाट २ भागको १ भाग अंश छुट्टयाई वादीले दर्ता गराई लिन पाउने ठहर्छ भन्नेसमेत बेहोराको महोत्तरी जिल्ला अदालतको मिति २०६५।३।१९ को फैसला ।

उक्त फैसला मिलेको छैन । किनभने मिति २०२०।४।२९ मा भएको बन्डापत्र पछिसम्म जिउँदै रहनु भएका यी वादीका बुबा आमाले त्यो बन्डाउपर उजुर गर्न नसकेपछि अब यी वादीलाई उजुर गर्ने हक नै नरहेको हुँदाहुँदै पनि सो कुरालाई नजरअन्दाज गरी भएको सुरू अदालतको मिति २०६५।३।१९ को फैसला बदर गरी पुनरावेदन जिकिरबमोजिम गरिपाउँ

भन्नेसमेत बेहोराले प्रतिवादी तेजनारायण सिंह र राजकुमारी देवीले संयुक्त रूपमा पुनरावेदन अदालत जनकपुरमा पेस गरेको पुनरावेदन पत्र।

वादीको दाबी हामीउपर लाग्न सक्दैन । विद्यानारायण सिंहले हामीसमेत उपर अंश मुद्दा र लिखत बदर मुद्दा दिनुभएकोमा अंश मुद्दामा वादीले तारेख गुजारी बसेको हुँदा मुलुकी ऐन अंशबन्डाको महलको २२ र २७ नं. बमोजिम मुद्दा तामेलीमा राखिदिने ठहरी मिति २०६१।१।२७ मा फैसला भएको छ। सो फैसलालाई सुरू अदालतले प्रमाणमा ग्रहण गरेको देखिँदैन। साथै सो फैसला वादीले बदर गराउन सक्नुभएको छैन । यसर्थ बुझ्नु पर्ने प्रमाण नबुझी भएको सुरू फैसला प्रमाण ऐन, २०३१ को दफा ३, ५४ र मुलुकी ऐन अ.बं. १८४क नं. समेतको विपरीत हुँदा बदर गरी पुनरावेदन जिकिरबमोजिम गरिपाउँ भन्नेसमेत बेहोराले प्रतिवादी सुरेशप्रसाद सिंह र कामेश्वरप्रसाद सिंहले संयुक्त रूपमा पुनरावेदन अदालत जनकपुरमा पेस गरेको पुनरावेदन पत्र।

यसमा दे.पु.नं. ३३१० को मुद्दामा व्यवहार प्रमाणबाट अंश पाउन बाँकी रहेको नदेखिएको अवस्थामा पनि वादीले अंश पाउने ठहर गरेको महोत्तरी जिल्ला अदालतको मिति २०६५।३।१९ को फैसलामा प्रमाण मूल्याङ्कनको प्रश्नमा त्रुटि गरेको भई इन्साफ फरक पर्न सक्ने देखिएकोले मुलुकी ऐन अ.बं. २०२ नं. बमोजिम प्रत्यर्थी झिकाउनु भन्नेसमेत बेहोराको पुनरावेदन अदालत जनकपुरको मिति २०६७।६।३ को आदेश। साथै सोही मितिमा दे.पु.नं. ३३०९ को मुद्दासँग अन्तरप्रभावी भएकोले छलफलका निमित्त प्रत्यर्थी झिकाउनु भन्ने बेहोराले भएको आदेश मिसिल सामेल रहेको देखियो।

वादीले खुलाएको नाता र पुस्तावारीलाई प्रतिवादीहरूले स्वीकार गरेको देखिन्छ । वादीका बाबु बाजेले पहिले अंश लिई छुट्टी भिन्न भएको भनी प्रतिवादीहरूले जिकिर लिएको भएपनि सो जिकिरलाई प्रमाणबाट पुष्टि गर्न सकेको पाइँदैन। प्रमाणमा आएको २०५८ सालको दे.नं. १९३९ को वादी अजितकुमार सिंहसमेत र प्रतिवादी यिनै तेजनारायण सिंहसमेत भएको अंश दर्ता मुद्दामा प्रतिवादी जेतनारायण सिंहको प्रतिउत्तर पत्रको प्रकरण ४ मा धमौरा भवानीपुर गा.वि.स. वडा नं. ९(क) कि.नं. २०, ९९, १३९, ४३, ४७, १६७ र १६९ तथा ऐ. वडा नं. ९(ख) को कि.नं. ६४, २१७ र २२१ गरी जम्मा १० कित्ताको १०-१८-१८ क्षेत्रफल जग्गा प्रतिवादी म तेजनारायण सिंह, प्रतिवादी सुरेशप्रसाद सिंह र हाम्रा काका जगन्नाथ सिंहसमेत ३ जनाको साझा हक भोगअन्तर्गतको हो भनी उल्लेख गरी वादी एकासगोलमा रहेको तथ्यलाई स्वीकार गरेको हुँदा वादी अंशियार रहेको कुरामा प्रमाण ऐन, २०३१ को दफा ३४ बमोजिम प्रतिवादीहरू विबन्धित भएको देखियो । २०२२ सालमा भरेको ७ नं. फाँटवारीमा यी वादी जगन्नाथसमेतको संयुक्त सम्पत्ति भनी फाँटवारी पेस भएकोसमेतबाट यी वादी प्रतिवादीहरू एकै सगोलका अंशियार रहेको देखिन्छ। प्रतिवादीहरूका बीचमा चलेको अंश मुद्दामा भएको फैसलाले वादीको अंशहक जान सक्दैन । वादीले अंश पाइसकेको भन्ने प्रमाणबाट नदेखिएकोले प्रतिवादीहरूले मिति २०२०।४।२९ मा पारित बन्डापत्रमा वादीको अंशहक लोप गराएको देखिन आएको हुँदा उक्त बन्डापत्र वादीको हकसम्म बदर भई वादीले अंश पाउने नै देखिन आएकाले महोत्तरी जिल्ला अदालतको मिति २०६५।३।१९ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ भन्नेसमेत बेहोराको पुनरावेदन अदालत जनकपुरको मिति २०६८।१।२८ को फैसला।

उक्त फैसला मिलेको छैन । मिति २०२०।४।२९ मा पारित बन्डा पत्र बदर गराउन वादीले मिति २०२०।५।१ गतेबाट लागू भएको नयाँ

मुलुकी ऐनको जग्गा मिच्नेको महलको १८ नं. लाई बनाएको आधार ग्रहण गरी प्रस्तुत मुद्दामा फैसला भएको छ। त्यो त्रुटिपूर्ण छ। किनभने पछिल्लो संशोधित मुलुकी ऐन लागू हुनुभन्दा अघि मिति २०२०।४।२९ मा भएको पारित बन्डा पत्रको लिखत पछि बनेको कानूनको आधारमा बदर हुन सक्दैन । यसरी मिति २०२०।४।२९ को पारित बन्डा पत्रलाई मिति २०२०।५।१ बाट लागू भएको कानूनले बदर नहुने स्पष्ट हुँदाहुँदै पुनरावेदन अदालतबाट वादी दाबी पुग्ने गरी भएको फैसलामा प्रमाण ऐन, २०३१ को दफा ५४ तथा अ.बं. १८४(क) समेतको त्रुटि छ, नयाँ मुलुकी ऐनको जग्गा मिच्नेको महलको १८ नं. मा लिखत भएको मितिले २ वर्षभित्र बदर गराउनु पर्ने बाध्यात्मक कानूनी व्यवस्था थियो। सो हदम्याद पनि व्यतित गरी मुलुकी ऐन सातौं संशोधन (मिति २०३४।९।२७) द्वारा थप भएको व्यवस्था अवलम्बन गरी दर्ता भएको मुद्दाको फिराद पत्र हदम्यादविहीन भएको प्रस्ट हुँदाहुँदै त्यसलाई विवेचना नगरी भएको पुनरावेदन अदालतको फैसलामा मुलुकी ऐन जग्गा मिच्नेको महलको १८ नं. को त्रुटि छ।

मिति २०२०।४।२९ मा बन्डा पत्र पारित हुँदा वादीका बुबा आमा जीवितै हुनुहुन्थ्यो। वादीका बाबु आमा जीवित रहँदाकै अवस्थामा सो बन्डा पत्र बदर गराउन अ.बं. ८२ नं. बमोजिम हकदैया देखाएर आउनु भएन। अ.बं. ८२ नं. बमोजिम मिति २०२०।४।२९ मा बन्डा पारित हुँदा जीवित रहेका वादीका बुबा आमाले नालेस नगरी निजहरूको मृत्युपश्चात् यी वादी जगन्नाथ सिंहले नालेस दिन नपाउने हुँदा पुनरावेदन अदालतबाट भएको फैसलामा अ.बं. ८२ नं. को त्रुटि छ। झन्डै २०० वर्षको लामो पुस्तावलीले आजसम्मका पुस्ताहरू एकासगोलमा बसेको होला भन्ने कुरालाई आत्मसात् गर्दैन । वादी तेस्रो पुस्ताका हुनुहुन्छ, अंशबन्डाको महलको १, ३ र ५ नं. ले निर्धारण गरेको पुस्ताभित्र वादी परेको देखिँदैन, हामीले पुस्तावलीसम्म स्वीकार गर्‍यौं, अंशियार भनेर हामीले स्वीकारेका छैनौं, पुस्तावली स्वीकार्नु र अंशियार स्वीकार्नु अलग-अलग कुरा हुन् । मिति २०२०।४।२९ मा सगोलमा रहेका व्यक्तिहरू बीच बन्डा भएको थियो। त्यस समयमा यी वादी सगोलका थिएनन्। २०२२ सालमा तीन जनाको नाम उल्लेख भई बन्डा पत्रबाहेकका जग्गा देखाई साझा भनी ७ नं. फाँटवारी भरिएकोबाट सगोलको भन्न मिल्दैन। सम्पत्तिको स्वामी जति जना पनि हुनसक्ने कुरालाई नकार्न मिल्दैन।

विद्यानारायण सिंह वादी र तेजनारायण सिंहसमेत प्रतिवादी भएको २०५३ सालको दे.नं. १५१६ को मुद्दा र दे.नं. १९३९ को अंश मुद्दामा मिति २०२०।४।२९ को बन्डापत्रलाई आधार मानी फैसला भएको छ। उक्त दुवै फैसलाहरू अन्तिम भएर रहेको छ। यसर्थ उक्त फैसलालाई ग्रहण गरेर फैसला गर्नुपर्नेमा सो नगरी भएको पुनरावेदन अदालतको फैसलामा प्रमाण ऐन, २०३१ को दफा ३ र ५४ को त्रुटि छ। साथै वादीले प्रस्तुत मुद्दाको फिरादको प्रकरण (३) मा मेरो अंशको जग्गाको आयस्ता सालसालै मलाई प्रतिवादी तेजनारायणले बुझाउने गरेको प्रमाण मसँग छ भनी उल्लेख गर्नुभएको छ। त्यसरी उल्लेख भएपछि वादीले अंशमा दाबी गर्नु गलत हुन्छ, अंश भइसकेको भन्ने कुरामा वादी विबन्धित रहेको अवस्थामा त्यसलाई प्रमाणमा नलिई भएको फैसलामा प्रमाण ऐन, २०३१ को दफा ३४ को पनि त्रुटि हुँदा पुनरावेदन अदालत जनकपुरबाट भएको फैसलामा न्याय प्रशासन ऐन, २०४८ को दफा १२ को उपदफा (१) को खण्ड (क) र (ख) को आधारमा मुद्दा दोहोर्‍याई हेर्न निस्सा प्रदान गरिपाउँ भन्नेसमेत बेहोराले प्रतिवादी तेजनारायण सिंह, राजकुमारी देवी, सुरेन्द्रप्रसाद र कामेश्वरप्रसाद सिंहको मु.स. गर्ने अंजनीकुमार सिंहले यस अदालतमा दिएको निवेदन।

यसमा मिति २०२०।४।२९ मा मालपोत कार्यालय महोत्तरीबाट पारित अंशबन्डाको लिखतको सम्बन्धमा मिति २०६२।१२।१३ मा मात्र वादीले फिराद दायर गरेको, वादीका बाबु आमा जीवितै हुँदा सोलाई बदर गराउन नसकेको अवस्थामा कानून तथा प्रमाणको समुचित मूल्याङ्कन नगरी महोत्तरी जिल्ला अदालतबाट भएको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत जनकपुरबाट मिति २०६८।१।२८ मा भएको फैसलामा मुलुकी ऐन अंशबन्डाको महलको १, ३२, ३५ नं.,अ.बं. १८४ (क) नं. र प्रमाण ऐन, २०३१ को दफा ३ तथा ५४ को त्रुटि विद्यमान रहेको देखिँदा न्याय प्रशासन ऐन, २०४८ को दफा १२ को उपदफा (१) को खण्ड (क) र (ख) बमोजिम मुद्दा दोहोर्‍याई हेर्ने निस्सा प्रदान गरिएको छ भन्ने बेहोराको यस अदालतको मिति २०७०।३।१६ को आदेश।

वादीका बाबुको २०३० सालमा र आमाको २०५० सालमा मृत्यु भएको भन्ने प्रतिवादीहरूको जिकिरलाई वादीले होइन भनी प्रतिवाद गर्नसकेको अवस्थासमेत देखिँदैन ।२०२२ सालमा भरेको ७ नं. फाँटवारीमा आ-आफ्नो नामका जग्गाहरू आफ्नै विवरणमा र संयुक्त नामको जग्गाको विवरणमा मात्र तीन जनाको नाम उल्लेख भएको भन्ने तथ्यलाई वादी स्वयंले स्वीकार गरेको र ७ नं. फाँटवारी विवरणमा नाम उल्लेख भएको कारणले मात्र वादी प्रतिवादीहरू सगोलका अंशियार हुन् भन्न मिल्ने देखिँदैन।

प्रतिवादीहरू बीचमा फिराद पर्नुपूर्व नै अंशबन्डा भइसकेको देखिएको र प्रतिवादी तेजनारायण सिंहले आफूलाई वार्षिकरूपमा बालीको आयस्ता बुझाउने गरेको भन्ने वादीको भनाइबाट छुट्टी भिन्न नभएका अंशियारले अर्का सगोलका अंशियारलाई बालीको आयस्ता बुझाउने गरेको भन्ने तर्कले वादीलाई मद्दत गर्न सक्ने देखिँदैन । वादी प्रतिवादीहरूबाट फरक फरक रूपमा पेस भएका तायदाती फाँटवारीमा देखाइएका जग्गाहरू प्रतिवादीतर्फका अंशियारहरूका नाममा दर्ता स्रेस्ता, हक भोगमा रहेका जग्गाहरूको विवरण मात्र उल्लेख भएका र प्रतिवादीहरू बीचमा जग्गा खरिद बिक्रीसमेत भएको देखिएको र २०५३ सालको दे.नं.१५१६, २०५८ सालको दे.नं.१९३९ समेतका अंश मुद्दाहरू एकातिर महोत्तरी जिल्ला अदालतबाट फैसला भई अन्तिम भएकोले अन्तिम भएको फैसलाअनुसार वादी प्रतिवादीहरू बीचमा "व्यवहार प्रमाणबाट" अंशबन्डा भइसकेको तथ्य स्थापित हुन आएको छ भने अर्कोतर्फ वादीका बुबा आमाले २०२० सालमा पारित भएको अंशबन्डालाई स्वीकार गरी बसेको अवस्थामा यी वादीलाई सो बन्डापत्र बदर गराउन पाउने हकदैया अ.बं. ८२ नं. ले प्रदान गरेको पनि देखिँदैन।

वादीले दाबी लिएको जग्गा मिच्नेको महलको १८ नं. को कानूनी व्यवस्था जग्गा खिचोलासमेतका विषयमा मात्र प्रयोग हुनेमा प्रस्तुत अंश मुद्दामा सो कानूनी व्यवस्था प्रयोग गरेको मिलेको देखिएन । प्रतिवादीहरू बीचमा बन्डापत्र भएको ४२ वर्षपछि यी वादीलाई सो दर्ता बदर गराई पाउन माग दाबी लिन हदम्यादले सुविधा प्रदान गरेको छैन। २०२० मा पारित अंशबन्डाको लिखतबमोजिम भएको दर्ता बदर गराउन तत्काल विद्यमान रहेको कानूनी व्यवस्थाअनुसार २ वर्षभित्रमा नालिस गरिसक्नु पर्नेमा प्रतिवादीहरू बीचमा मिति २०२०।४।२९ मा अंशबन्डा भएको कुरा पछि थाहा पाई वादीले मिति २०६२।१२।१३ मा फिराद गरेको भन्ने दाबी मुद्दा दायर गर्नुपर्ने कारण सृजना भएको समयमा विद्यमान रहेको हदम्याद सम्बन्धी कानूनी व्यवस्थाअनुकूल देखिन आएन। मुलुकी ऐन सातौं संशोधनपूर्वको व्यवहारमा त्यसपछि मिति २०३४।९।२७ मा भएको संशोधित हदम्यादको व्यवस्था लाग्न सक्दैन। तत्काल प्रचलित ऐनले तोकेको हदम्यादभित्रै नालेस लिई आउनु पर्छ,

हदम्याद नाघी परेको फिरादको आधारमा तथ्यभित्र प्रवेश गरी इन्साफ गर्न मिल्दैन भन्ने सम्बन्धमा यस अदालतबाट ने.का.प.२०६३, अङ्क ७, निर्णय नं. ७७३७ मा सिद्धान्त प्रतिपादन भएको देखिँदासमेत हाल विद्यमान मुलुकी ऐन जग्गा मिच्नेको महलमा भएको कानूनी व्यवस्थाबाट प्रतिवादीहरू बीचको अंशबन्डाको आधारमा भएको दर्ता बदर गरेको कार्य हदम्यादविहीन देखियो।

अतः वादी दाबीबमोजिम प्रतिवादीका बीच भएको मिति २०२०।४।२९ को बन्डापत्र वादीले पाउने अंश भागसम्म बदर गरी २ भागको १ भाग अंश छुट्ट्याई वादीले दर्ता गराई लिन पाउने ठहर गरी महोत्तरी जिल्ला अदालतबाट मिति २०६५।३।१९ मा भएको फैसला सदर गर्ने पुनरावेदन अदालत जनकपुरको मिति २०६८।१।२८ को फैसला उल्टी भई वादी दाबी पुग्न नसक्ने ठहर्छ भन्नेसमेत बेहोराको यस अदालतको संयुक्त इजलासको मिति २०७१।९।२५ को फैसला।

उक्त फैसला मिलेको छैन । किनभने यस अदालतको संयुक्त इजलासको फैसलामा २०३४ सालमा संशोधित जग्गा मिच्नेको महलको १८ नं. र सो १८ नं. को व्याख्या भएको भनिएको ने.का.प.२०६३, अङ्क ७, निर्णय नं. ७७३७ मा प्रतिपादित सिद्धान्तलाई प्रयोग गरिएको छ। जबकी उक्त सिद्धान्त बन्डा बदर गरी अंश पाउँ भन्ने विवादमा प्रतिपादन भएको होइन। मिति २०२३।११।२३ को दर्ता बदर गर्नुपरेको फिरादको सन्दर्भमा मिति २०३४।९।२७ मा संशोधित जग्गा मिच्नेको १८ नं. अनुसार हदम्यादको अभावमा खारेज हुने भनी सिद्धान्त प्रतिपादन भएको हुँदा सो नजिर यस विवादमा आकर्षित हुन सक्दैन। मैले अंश पाएको वा नपाएको सम्बन्धमा यस अदालतको फैसलामा विवेचना भएको छैन। अंश पाइसकेको भन्ने तथ्य प्रमाणित नभएको अवस्थामा प्रल्हादजंग थापा विरूद्ध उमादिव्येश्वरी थापासमेत भएको ने.का.प. २०४२, अंक १२, निर्णय नं. २५५३, पृष्ठ १०४४ मा प्रतिपादन भएको सिद्धान्त लागू हुन्छ। अंश पाइसकेको भन्ने तथ्य प्रमाणित हुनको लागि पहिले बन्डापत्र विधिवत् रूपमा रजिस्ट्रेसन पारित भएको हुनुपर्छ भने दोस्रो कुरा अंशबन्डाको ३० नं. बमोजिम छुट्टाछुट्टै भोग बिक्री व्यवहारको आधारमा अंशियारहरू परस्पर रूपमा भिन्न भएको प्रमाणित हुनुपर्दछ।

प्रतिवादीहरू बीचमा भएको भनिएको मिति २०२०।४।२९ को बन्डापत्रमा मेरो बुबा वा बाजेको संलग्नता गराइएको छैन । त्यसैगरी हामी वादी प्रतिवादीबीच बन्डा भएको भन्ने कुरा सिद्ध हुने भोग र बिक्री व्यवहार देखिने कुनै आधार र प्रमाण विद्यमान छैन। मेरो पिता वा बाजेबाट कुनै जग्गाको बेचबिखन वा हक हस्तान्तरण भएको छैन। पुर्खा दुखित सिंहका हेमराज, भेगराज र जोगा सिंह गरी ३ छोराहरू भएकामा हेमराजतर्फको सन्तान म वादी हुँ। प्रतिवादीहरूबीच भएको मिति २०२०।४।२९ को बन्डापत्रमा भेगराज सिंहका सन्तान प्रतिवादीहरूले मात्र जग्गा पाएका छन्। बन्डापत्रमा हेमराजतर्फका सन्तान कोही कसैको संलग्नता नरहेको हुँदा मेरो अंशहक जान सक्दैन । मेरोसमेत अंश भागको जग्गा प्रतिवादीहरूले बन्डा गरेको भन्ने कुरा प्रतिवादीहरू आफैँले २०२२ सालमा भरेको ७ नं. फाँटवारीमा बन्डापत्रमा समावेश भएका जग्गा मेरो बुबा जगन्नाथप्रसाद सिंहसमेतको भनी मालपोत कार्यालयमा पेस गरेबाट प्रस्ट भएको छ । मालपोत कार्यालयको मिति २०५९।५।२ को पत्रबाट पनि मेरो बुबासमेतको संयुक्त नाममा जग्गा भएको कुरा प्रस्ट भएको छ।

प्रतिवादीहरूले भरेको ७ नं. फाँटवारी र मालपोत कार्यालयको पत्रमा जग्गा संयुक्त नाममा रहेको भन्ने देखिँदा हाम्रो परिवार एकासगोलमा रहेको प्रमाणित हुन्छ । प्रमाणको रूपमा पेस भएको संवत् २०५८ सालको दे.न. १९३९ को अंश दर्ता मुद्दामा

प्रतिवादी तेजनारायण सिंहले पेस गरेको प्रतिउत्तर पत्रको प्रकरण नं. (४) मा धमौरा भवानीपुर गा.वि.स. वडा नं. ९ (क) कि.नं. २०, ९९, १३९, ४३, ४७, १६७, १६९ ऐ.९ (ख) कि.नं. ६४, २१७ र २२१ समेतका १० कित्ता जग्गामा निजको काका अर्थात् मेरो बुबा जगन्नाथसमेतको भोग अन्तरनिहित रहेको उल्लेख भएको छ । सोही मुद्दामा महोत्तरी जिल्ला अदालतबाट तायदाती फाँटवारी मगाउने भनी गरेको आदेशउपर अभयकुमार सिंह र ओममूर्ति भन्ने अजितकुमार सिंहले अ.बं. १७ नं. बमोजिम पुनरावेदन अदालत जनकपुरमा पेस गरेको निवेदनको प्रकरण नं. ३ (ग) र (ङ) मा ७ नं. फाटवारीबमोजिमका जग्गा जगन्नाथ सिंहसमेतको संयुक्त सम्पत्ति हो भनी स्वीकार गरेबाट प्रमाण ऐन, २०३१ को दफा ३४ अनुसार प्रतिवादीहरू विबन्धित छन ।

मुलुकी ऐन, २०२०।५।१ मा लागू हुनुपूर्वको बन्डापत्र बदर गराउन २०२० सालको सो मुलुकी ऐनको व्यवस्था आकर्षित हुँदैन भन्ने यस अदालतको संयुक्त इजलासको फैसला कानूनसम्मत छैन । जहिले पनि वहाल रहेको कानूनको आधारमा नै फिराद गरिने हो । २०२० सालको बन्डा पत्रपश्चात् २०२२ सालमा भरिएको ७ नं. फाँटवारी र दे.नं. १९३९ को मुद्दामा सम्पत्तिहरू हाम्रा बाजेसमेतको नाममा संयुक्तरूपमा रहेको तथ्यलाई स्वीकार गरेपश्चात् २०२० सालको बन्डापत्र स्वतः निष्क्रिय भएको छ । यस अवस्थामा मुलुकी ऐन अंशबन्डाको महलको १ नं. बमोजिम दायर भएको फिरादपत्र कानूनसम्मत छ । त्यसैले ७ नं. फाँटवारी भरेको भन्ने आधारमा वादी प्रतिवादी सगोलका अंशियार हुन सक्दैनन् भनी उद्धृत गरिएको ने.का.प. २०५६, निर्णय नं. ६७११, पृष्ठ ३०७ मा प्रतिपादित सिद्धान्त पनि यस मुद्दामा आकृष्ट हुन सक्दैन । अतः मुलुकी ऐन अंशबन्डाको महलको १, ३० को कानूनी व्यवस्था, ने.का.प. २०४२, अंक १२, निर्णय नं. २५५३, पृष्ठ १०४४, ने.का.प. २०५२, अंक २, निर्णय नं. ५०४७, पृष्ठ ११४ मा प्रतिपादित सिद्धान्त, दे.न. १९३९ को मुद्दामा उल्लेख भएको आधार र कारणसमेतबाट यस अदालतको मिति २०७१।९।२५ को फैसलामा त्रुटि रहेको हुँदा न्याय प्रशासन ऐन, २०४८ को दफा ११ को उपदफा (२) को खण्ड (ख) बमोजिम मुद्दा पुनरावलोकन गरी हेर्न अनुमति पाउँ भन्नेसमेत बेहोराले वादीले यस अदालतमा पेस गरेको निवेदन पत्र ।

यसमा पुनरावेदन अदालत जनकपुरको फैसलाको ठहर खण्डमा उल्लिखित संवत् २०५८ सालको दे.नं. १९३९ को मुद्दामा वादीका बाजे जगन्नाथ सिंहसमेत सगोलको भन्ने स्वीकार गरी प्रतिउत्तर पत्र दिएको र मिति २०२०।४।२९ मा पारित भएको बन्डापत्रमा यी वादीको हाँगातर्फका कोही संलग्न भएको नदेखिएको अवस्थामा अंशबन्डा नहुने गरी यस अदालतको संयुक्त इजलासबाट मिति २०७१।९।२५ मा भएको फैसलामा मुलुकी ऐन अंशबन्डाको महलको १, ३० नं., प्रमाण ऐन, २०३१ को दफा ५४ समेतको सन्दर्भमा र ने.का.प.२०४२, अंक १२, निर्णय नं. २५५३, पृष्ठ १०४४, ने.का.प. २०५२, अंक २, निर्णय नं. ५०४७, पृष्ठ ११४ मा प्रतिपादित कानूनी सिद्धान्तसमेतको प्रतिकूल भएकोले साबिक न्याय प्रशासन ऐन, २०४८ र हाल प्रचलित न्याय प्रशासन ऐन, २०७३ को दफा ११ को उपदफा (२) को खण्ड (ख) बमोजिम पुनरावलोकनको अनुमति प्रदान गरिदिएको छ भन्ने बेहोराको यस अदालतको मिति २०७४।१।८ को आदेश ।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी निर्णयार्थ पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक वादीको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री हरिहर दाहाल, श्री लक्ष्मीबहादुर निराला, विद्वान् अधिवक्ता श्री वैद्यनाथ झाले यस विवादमा प्रत्यर्थी

प्रतिवादीहरूबाट पुनरावेदन अदालतबाट भएको फैसलाउपर मुद्दा दोहोऱ्याई हेरी पाउन निवेदन परी यस अदालतबाट निस्सा भई दोहोऱ्याई हेरी भएको निर्णयउपर पुनः पुनरावलोकनको अनुमतिबाट हेर्न नमिल्ने भनी जिकिर लिएको देखिन्छ । त्यस सम्बन्धमा विचार गर्दा हाम्रो पक्षले हाल लागू भएको न्याय प्रशासन ऐन, २०७३ लागू हुनुभन्दा पहिला नै निवेदन दिएकोले साबिक न्याय प्रशासन ऐन, २०४८ को दफा ११ को उपदफा (१) को खण्ड (ख) अन्तर्गत दायर भएको हुँदा निवेदनमा हालको न्याय प्रशासन ऐनको व्यवस्था लागू हुँदैन । बहसनोटमा प्रत्यर्थी प्रतिवादीहरूका कानून व्यवसायीले ने.का.प. २०५९, अंक ३/४, निर्णय नं. ७०७० मा प्रतिपादित सिद्धान्तविपरीत भनी जिकिर लिएको भए पनि उक्त सिद्धान्त एउटै मुद्दामा कुनै प्रतिवादीलाई १० वर्षभन्दा बढी कैद सजाय भएर पुनरावेदन गर्न पाउने र कुनै प्रतिवादीलाई १० वर्षभन्दा कम कैद सजाय भएमा उसले पुनरावेदन अदालतको फैसलाउपर मुद्दा दोहोऱ्याई पाउँमा आउनु पर्ने भएकाले १० वर्षभन्दा बढी कैद सजाय भएको मुद्दामा पुनरावेदनको रोहमा नै आउन उचित हुने गरी प्रतिपादन भएको हो । यस मुद्दामा कैद सजाय भएको पनि छैन र कसैले पुनरावेदन, कसैले मुद्दा दोहोऱ्याई पाउँमा आएको नदेखिएको र यस विवादसँग सम्बन्धित भई व्याख्या पनि नभएको हुँदा सो सिद्धान्त आकर्षित हुन सक्दैन । तसर्थ तथ्यमा प्रवेश गरी हेरिनु पर्दछ ।

तथ्यमा प्रवेश गरी हेर्दा हाम्रो पक्ष वादी र प्रतिवादीहरू बीचमा विधिवत् रूपमा अंशबन्डा भएको आधार प्रमाण बेगर वादीको अंशहक लोप गर्ने गरी प्रतिवादीहरू बीचमा मिति २०२०।४।२९ मा भएको बन्डापत्र अन्यायपूर्ण छ । वादी प्रतिवादीको पुस्तेवारीमा विवाद पनि देखिएको छैन । केबल वादीले अंश पाउने होइन भन्ने मात्र उल्लेख छ । वादी जागिरको क्रममा भारतमा कार्यरत रहँदाकै अवस्थामा प्रतिवादीहरूले मिलेमतो गरी झुठ्ठा बेहोराले मिति २०२०।४।२९ मा बन्डा गरेकोले सो कुरा सोही समयमा वादीलाई थाहा जानकारी हुन सक्ने विषय होइन । विधिवत् रूपमा निजलाई थाहा जानकारी भएपछि कानूनका म्यादभित्रै प्रस्तुत फिरादपत्र दायर भएको छ । प्रतिवादीहरूले भरेको ७ नं. फाँटवारी र मालपोत कार्यालयको पत्रमा जग्गा संयुक्त नाममा रहेको भन्ने देखिँदा वादी प्रतिवादी एकासगोलमा रहेको प्रमाणित हुन्छ । प्रतिवादी अजितकुमार सिंहसमेत वादी र प्रतिवादी तेजनारायण सिंह प्रतिवादी भएको संवत् २०५८ सालको दे.न. १९३९ को अंश दर्ता मुद्दामा प्रतिवादी तेजनारायण सिंहले पेस गरेको प्रतिउत्तर पत्रको प्रकरण नं. (४) मा धमौरा भवानीपुर गा.वि.स. वडा नं. ९ (क) कि.नं. २०, ९९, १३९, ४३, ४७, १६७, १६९ ऐ.९ (ख) कि.नं. ६४, २१७ र २२१ समेतका १० कित्ता जग्गामा तेजनारायण सिंहको काका अर्थात् हाम्रो पक्षको बुबा जगन्नाथ सिंहसमेतको भोग अन्तरनिहित रहेको कुरा उल्लेख भएको छ । त्यसरी हाम्रो पक्षलाई एकासगोलको देखाउने प्रतिवादीले यस मुद्दाको प्रतिउत्तरपत्रमा वादी पुस्तावलीभित्रका हुन्, अंशियार होइनन् भन्ने उल्लेख गरेको बेहोरा तथ्यगतरूपमा मिलेको छैन । त्यसै गरी तेजनारायणले वादीलाई आयस्ता बुझाएको भन्ने कुराको प्रमाण पनि पेस भएको छैन । मुद्दामा उठान भएका विषयवस्तुले वादी अंशियार देखिएकोमा मौखिक भनाई प्रमाण ग्राह्य हुन सक्दैन ।

वादी र प्रतिवादीको पुस्तावलीअनुसार पुर्खा दुखित सिंहका हेमराज, भेगराज र जोगा सिंह गरी ३ छोराहरू भएकामा हेमराजतर्फको सन्तान वादी हुन् । जोगा निसन्तान स्वर्गे हुनुभएको छ । प्रतिवादीहरूबीच भएको मिति २०२०।४।२९ को बन्डापत्रमा भेगराज सिंहका सन्तान प्रतिवादीहरूले मात्र जग्गा पाएका छन् । जोगा सिंह निसन्तान भएपछि हेमराज र भेगराजका सन्तानले आधा-आधा अंश पाउने कुरामा विवाद हुन

सक्दैन । बन्डापत्रमा हेमराजतर्फका सन्तान कोही कसैको संलग्नता नरहेको हुँदा वादीको अंशहक लोप हुन सक्दैन। वादी प्रतिवादीबीच बन्डा भएको भन्ने कुरा सिद्ध हुने भोग र बिक्री व्यवहार देखिने कुनै आधार र प्रमाण विद्यमान छैन। भोग बिक्री व्यवहार देखिने प्रमाण नभएको हुँदाहुँदै पनि वादीले अंश नपाउने गरी भएको फैसला यस अदालतको पूर्ण इजलासबाट ने.का.प. २०५२, अंक २, निर्णय नं. ५०४७ मा प्रतिपादित सिद्धान्तको विपरीत छ । तर यस अदालतको संयुक्त इजलासले वादी प्रतिवादीबीच व्यवहार प्रमाण सिद्ध भएको उल्लेख गरेको छ । विवादित जग्गामा वादीको हक, भोग र व्यवहार प्रमाण भएको भए वादीको पिता वा बाजेबाट जग्गाको बेचबिखन वा हक हस्तान्तरण हुनसकेको छैन। यस अवस्थामा वादीले अंश नपाउने गरी यस अदालतको संयुक्त इजलासबाट मिति २०७१।९।२५ मा भएको फैसला त्रुटिपूर्ण हुँदा मिति २०७४।१।८ मा मुद्दा पुनरावलोकन गरी हेर्न प्रदान भएको अनुमतिमा उल्लेख भएको कानूनी व्यवस्था र प्रतिपादित सिद्धान्तसमेतको आधारमा संयुक्त इजलासको मिति २०७१।९।२५ को फैसला बदर भई पुनरावेदन अदालत जनकपुरको फैसला सदर हुनुपर्दछ भन्नेसमेत बेहोराले बहस प्रस्तुत गर्नुभयो।

प्रत्यर्थी प्रतिवादीहरू तेजनारायण सिंहसमेतको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री महादेवप्रसाद यादव, श्री लभकुमार मैनाली र विद्वान् अधिवक्ता श्री जयनारायण पौडेलले यस विवादमा मुख्यरूपमा निरूपण हुनुपर्ने विषय कानूनी प्रश्न छ । हाम्रो पक्षले पुनरावेदन अदालतबाट भएको फैसलाउपर मुद्दा दोहोऱ्याई हेरी पाउन निवेदन गरी यस अदालतबाट निस्सा भई न्याय निरूपणको क्रममा यस अदालतको संयुक्त इजलासबाट मिति २०७१।९।२५ मा वादी दाबी नपुग्ने ठहरी फैसला भएको तथ्यमा विवाद छैन। यस अदालतबाट एक पटक मुद्दा दोहोऱ्याई हेरिसकेपछि सो फैसला पुनरावलोकन गरी हेर्न न्याय प्रशासन ऐन, २०७३ को दफा ११ को उपदफा (३) को खण्ड (घ) ले अनुमति दिएको छैन। तर पनि वादीले दिएको निवेदनमा यस अदालतबाट मुद्दा पुनरावलोकन गरी हेर्न अनुमति दिएको छ। पुनरावेदन अदालतको फैसलाउपर मुद्दा दोहोऱ्याई हेरिसकेपछि मुद्दा पुनरावलोकन गरी हेर्न मिल्दैन । न्याय प्रशासन ऐन, २०४८ को दफा ११ (२) ले पनि समग्र मुद्दालाई इङ्गित गरेको हुँदा पुनरावलोकनको माध्यमबाट अब प्रवेश गर्न नपाइने हुँदासमेत तथ्यमा प्रवेश गरी निर्णय गर्न मनासिब हुँदैन।

तथापि तथ्यमा नै प्रवेश गरी हेर्नुपर्ने भएको अवस्थामा वादी प्रतिवादीहरूको पुस्तावली हेर्दा करिब १००-१५० वर्षअगाडिको देखिएको र लामो अवधिसम्म निजहरू सगोलमै बसी अंशबन्डा नभएको भन्ने वादीको फिराद दाबी तर्कसंगत एवम् स्वाभाविक मान्न सकिने अवस्था छैन। वादी प्रतिवादीका पहिलो पुस्तादेखि नै भिन्न भई आ-आफ्नो व्यवहार गर्दै आएको देखिन्छ। प्रतिवादीमध्येका तेजनारायण सिंह र निजका बाबु बीरबहादुर सिंह बीचमा मिति २०२०।४।२९ मै बन्डापत्र पारित भई आएको मिसिल संलग्न प्रमाणबाट देखिएको र सोही बन्डापत्रलाई आधार लिई महोत्तरी जिल्ला अदालतबाट भएका विभिन्न फैसलाहरू अन्तिम भएका छन्। अन्तिम भएको फैसला कार्यान्वयन नगरी अमुक विषयमा फरक फैसला गर्न मिल्दैन । यो फैसला अन्तिमताको सिद्धान्त हो । त्यसैगरी वादीका बाबु आमा जीवित नै रहेको अवस्थामा भएको विवादित भनिएको उक्त २०२० सालको बन्डापत्रलाई निजहरूले अन्यथा भन्न नसकेको अवस्थामा यति लामो समयावधिपछि मात्र वादीले दायर गरेको प्रस्तुत मुद्दा हकदैयाविहीन छ। यस कुरालाई यस अदालतको मिति २०७१।९।२५ को फैसलाले पनि स्वीकार गरेको छ । मुलुकी ऐन, २०२० आउनुपूर्वको व्यवहारलाई

पछि बनेको कानूनले निर्देशित गर्न सक्दैन र मुद्दा दायर गर्ने हदम्याद सम्बन्धमा पनि जग्गा मिच्नेको महलको १८ नं. को व्यवस्था यस विवादमा आकर्षित हुन सक्दैन।

७ नं. फाँटवारीमा उल्लेख भएका जग्गाको हक हिस्सा कस्को के कति हो भनी यस मुद्दाबाट छुट्ट्याउन मिल्ने विषय होइन । ७ नं. फाँटवारी अंश सगोलमा रहेको वा छुट्टी भिन्न भएको भन्ने आधार र कारण जनाउने लिखत हुन सक्दैन । यदाकता अंशियाराहरू बीच अ.बं. ३० नं. को प्रयोजनार्थ छुट्टी भिन्न भएको जनाउने एउटा परिस्थितिजन्य प्रमाणको सृजना गर्न त्यस्तो ७ नं. फाँटवारीलाई प्रमाणमा लिइँदै आएको कुरा यस अदालतबाट प्रतिपादित सिद्धान्तबाट देखिए पनि त्यस्तो कागज यी वादी प्रतिवादीहरूको हकमा प्रमाणमा लिनु पर्ने देखिँदैन । ७ नं. फाँटवारीमा वर्णित जग्गा परिवर्तित भई विभिन्न कित्ता कायम भएपछि सो ७ नं. फाँटवारीको जग्गामा आफ्नो हक हिस्सा खोज्न नगई छुट्टी भिन्न भइसकेको व्यक्तिहरूका विरूद्ध मुद्दा दिने हक वादीमा रहन सक्दैन । अंशहक नैसर्गिक हक हो, तर अंश छुट्टिसकेपछि पनि त्यो नैसर्गिक हक रही रहन्छ भन्न मिल्दैन।

मिति २०२०।४।२९ मा बन्डापत्रको लिखत पारित भएपछि प्रतिवादीमध्येका तेजनारायण सिंहले बाबु वीरबहादुर सिंहबाट विभिन्न कित्ता जग्गाहरू खरिद गरेका हुन्, २०५३ सालको दे.नं.१५१६ र २०५८ सालको दे.नं.१९३९ समेतका अंश मुद्दाहरूमा महोत्तरी जिल्ला अदालतबाट फैसला भई ती फैसला अन्तिम भएबाट वादी प्रतिवादीहरू बीचमा "व्यवहार प्रमाणबाट" अंशबन्डा भइसकेको तथ्य स्थापित हुन आएको छ। वादीले फिरादमा २०४२ साल फाल्गुणमा चुल्हो मानो छुट्टिएको भने पनि प्रतिउत्तरमा निजको परिवार भारतमै गएर बसेको देखिन्छ । त्यस कुरालाई आज पेस गरेको रसिदबाट पनि पुष्टि हुन्छ । भलै भारतको जग्गाको सम्बन्धमा भारतको कानूनबमोजिम हुने भए पनि नेपालको सम्पत्तिमा नेपालकै कानून लागू हुने हुन्छ । यस अदालतबाट मुद्दा पुनरावलोकन गरी हेर्न अनुमति प्रदान गर्दाको आदेशमा उल्लेख भएको बेहोरा सान्दर्भिक छैन । तसर्थ यस अदालतको संयुक्त इजलासको मिति २०७१।९।२५ को फैसला सदर हुनुपर्दछ भन्नेसमेत बेहोराको बहस प्रस्तुत गर्नुभयो । साथै दुवैतर्फबाट पेस भएका लिखित बहसनोटको पनि अध्ययन गरियो।

उपर्युक्तबमोजिम दुवै तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीहरूले गर्नुभएको बहस, फिराद, प्रतिउत्तर पत्र र पेस भएको लिखित बहसनोटसहितको मिसिल अध्ययन गरी हेर्दा निम्न प्रश्नको विवेचना गरी न्याय निरूपण गर्नुपर्ने देखिन आयो।

(१) पुनरावेदन अदालत जनकपुरको फैसलाउपर यस अदालतबाट मुद्दा दोहोर्‍याई हेर्ने निस्सा प्रदान भई फैसला भएपश्चात् यस अदालतबाट पुन पुनरावलोकनको अनुमति भएपछि पुनरावलोकनको रोहमा न्याय निरूपण गर्न मिल्छ, मिल्दैन?

(२) वादीको फिराद हदम्यादभित्रको हो, होइन ?

(३) यस अदालतको संयुक्त इजलासको मिति २०७१।९।२५ को फैसला मिलेको छ, छैन र वादीको पुनरावेदन जिकिर पुग्न सक्ने हो, होइन?

वादीले मूल पुरूष दुखित भन्ने दुखी सिंहका तीन छोराहरूमा जेठा म फिरादीको हजुरबुबा हेमराज सिंह, माहिला भेगराज सिंह र कान्छा जोगा सिंह रहेकोमा जेठा हेमराजका एक मात्र छोरा पुना सिंह उर्फ राम पुर्नमण सिंह, निजका पनि एक मात्र छोरा वादी जगन्नाथप्रसाद सिंह र निजको पनि एक मात्र छोरा राजेन्द्रप्रसाद सिंह रहेका छन् । जोगा सिंह निसन्तान

रहेकोले निजको अंश अपुताली खाने हकदार कोही नभएको, माहिला भेगराज सिंहका चार छोरामा जेठा राजेन्द्रप्रसाद सिंह, माहिला इनरदेव सिंह, साहिला राम उदार सिंह र कान्छा चेतनारायण सिंहमध्ये जेठा राजेन्द्रप्रसाद र कान्छा चेतनारायण सिंह निसन्तान रहेका, इनरदेव सिंहका एकमात्र छोरा वीरबहादुर सिंह र वीरबहादुरका छोराहरू नगनारायण सिंह, तेजनारायण सिंह र विद्यानारायण सिंह ३ दाजुभाइ, साहिला रामउदार सिंहका छोराहरू रामरूप सिंह र रामस्वरूप सिंह भई रामरूप सिंहका छोराहरू प्रतिवादी कामेश्वरप्रसाद सिंह र सुरेशप्रसाद सिंह तथा रामस्वरूप सिंहका छोराहरू विपक्षी विजयकुमार सिंह उर्फ बच्चासिंह र अजयकुमार सिंह उर्फ ववन सिँह हुनु भई प्रतिवादीहरू मेरो भतिजा र नाति नातामा पर्नु हुन्छ । हामी वादी प्रतिवादीमा विधिवत् रूपमा अंशबन्डा भएको छैन । २०४२ साल फाल्गुणमा घरसारमा चुल्होमानोसम्म छुट्टिएको हो । म २०१८ सालदेखि भारत सरकारको सेवामा कार्यरत रही इ.स. १९९६।२।१ मा अवकाश प्राप्त भएको हुँ, तेजनारायण सिंहका छोराहरू अभयकुमार सिंह र अजितकुमार सिंह वादी, प्रतिवादीहरू तेजनारायण सिंह, राजकुमारी सिंह, ओममूर्ति अनिलकुमार सिंह र सुरेशप्रसाद सिंह प्रतिवादी भई २०५८ सालमा चलेको दे.नं. १९३९ को अंश मुद्दामा फैसला भएको कुरा मेरा छोरा राजेशकुमार सिंहमार्फत मिति २०६२।११।२८ मा नक्कल लिई थाहा पाए, सो मुद्दामा प्रतिवादी **तेजनारायणका बाबु वीरबहादुर, प्रतिवादीहरू तेजनारायण र कामेश्वरप्रसाद सिंह**का बीचमा मिति २०२०।४।२९ मा अंशबन्डाको लिखत पारित भएको उल्लेख भएको छ । तर सो अंशबन्डाको लिखतमा मेरो अंशभागको बारेमा केही उल्लेख नभएको हुँदा मिति २०२०।४।२९ को पारित अंशबन्डाको लिखत र सो लिखतबमोजिम प्रतिवादीको नाममा भएको दर्तासमेत बदर गरी तायदाती फाँटवारी लिई २ खण्डको १ खण्ड अंश दिलाई पाउँ भन्ने फिराद रहेकोमा वादी हाम्रो अंशियार होइनन्, लगभग २०० वर्षसम्म सगोलमा बसी रहने अवस्था हुन सक्दैन, हाम्रो बाजे तथा परबाजे ससुराहरू आफ्ना पालामा छुट्टी बस्नु भएको हो, हामी तेस्रो वा चौथो पुस्ताका व्यक्ति सगोलमा बसेका छैनौ भन्ने बेहोराको प्रतिवादी विद्यानारायण सिंहबाहेकका अन्य प्रतिवादीहरूको प्रतिउत्तर जिकिर रहेको देखिन्छ ।

उपर्युक्त बेहोराको फिरादपत्र र प्रतिउत्तरपत्र भएको प्रस्तुत मुद्दामा महोत्तरी जिल्ला अदालतबाट वादीले पाउने अंश भागसम्ममा मिति २०२०।४।२९ को बन्डापत्र बदर भई पुनरावेदक वादीले प्रत्यर्थी प्रतिवादीबाट २ भागको १ भाग अंश पाउने देखिँदा ताँयदाती फाँटवारीमा उल्लिखित दर्ता स्रेस्तासँग भिडेका हक भोगको प्रमाण भएका जग्गाबाट नरम करम मिलाई २ भागको १ भाग अंश छुट्टयाई वादीले दर्ता गराई लिन पाउने ठहर गरी भएको फैसलाउपर प्रतिवादीहरूको तर्फबाट परेको पुनरावेदनमा पुनरावेदन अदालत जनकपुरले मिति २०६८।१।२८ मा सुरू फैसला सदर गरेको देखिन्छ । त्यसउपर पनि प्रतिवादीहरूकै तर्फबाट मुद्दा दोहोऱ्याई हेरी पाउन यस अदालतमा दायर भएको निवेदनमा न्याय प्रशासन ऐन, २०४८ को दफा १२ को उपदफा (१) को खण्ड (क) र (ख) बमोजिम मुद्दा दोहोऱ्याई हेर्ने निस्सा प्रदान भई मिति २०७१।९।२५ मा यस अदालतको संयुक्त इजलासबाट पुनरावेदन अदालत जनकपुरको फैसला उल्टी भई वादी दाबी नपुग्ने गरी फैसला भएको देखिन्छ । सो फैसलाउपर वादीले मुद्दा पुनरावलोकन गरी हेरी पाउन दिएको निवेदनमा यस अदालतबाट पुनरावलोकनको अनुमति पाई सुनुवाइ सकिई प्रस्तुत मुद्दा आज निर्णय सुनाउने तारेख तोकिएको देखियो ।

२. अब उपर्युक्त तथ्यसमेतको आधारमा निरूपण गरिनु पर्ने पहिलो प्रश्नतर्फ विचार गर्दा यस

अदालतबाट मिति २०७४।१।८ मा न्याय प्रशासन ऐन, २०७३ को दफा ११ को उपदफा (२) को खण्ड (ख) बमोजिम मुद्दा पुनरावलोकन गरी हेर्न अनुमति प्रदान भएको सन्दर्भमा प्रत्यर्थी प्रतिवादीबाट उपस्थित विद्वान् कानून व्यवसायीले पुनरावेदन अदालतको फैसलाउपर यस अदालतबाट एक पटक मुद्दा दोहोऱ्याई हेर्न निस्सा भई मुद्दा फैसला भएपश्चात् पुनः मुद्दा पुनरावलोकन गरिपाउँ भन्ने निवेदन नलाग्नेमा पनि अनुमति भएकोले मुद्दाको तथ्यमा प्रवेश गर्न मिल्दैन भन्ने बेहोराले बहस जिकिर लिनुभएको छ।

३. न्याय प्रशासन ऐन, २०४८ को दफा ११ को उपदफा (२) को खण्ड (ख) मा सर्वोच्च अदालतबाट स्थापित नजिर वा कानूनी सिद्धान्तको प्रतिकूल फैसला वा अन्तिम आदेश भएको देखिएमा यस अदालतबाट पुनरावलोकन गर्न सक्ने व्यवस्था भएको देखिन्छ । सोही ऐनको दफा११ को उपदफा (३) को खण्ड (घ) मा यो ऐन प्रारम्भ हुनुअघि प्रचलित कानूनबमोजिम मुद्दा दोहोऱ्याई फैसला भएकोमा सर्वोच्च अदालतले आफ्नो फैसला वा अन्तिम आदेशको पुनरावलोकन गर्ने छैन भन्ने व्यवस्था गरेको देखिन्छ । प्रस्तुत विवादमा पुनरावेदन अदालत जनकपुरको फैसलाउपर प्रतिवादीहरूको तर्फबाट परेको मुद्दा दोहोऱ्याई हेरिपाउँ भन्ने निवेदनमा यस अदालतबाट मुद्दा दोहोऱ्याई हेर्न निस्सा भई मिति २०७१।९।२५ मा फैसला भएको तथ्यमा विवाद छैन। उक्त फैसलाउपर वादीको तर्फबाट मुद्दा पुनरावलोकन गरी पाउन यस अदालतमा मिति २०७३।२।११ मा निवेदन परेको देखिन्छ । मिति २०७३।२।११ मा न्याय प्रशासन ऐन, २०४८ बहाल रहेकोमा उक्त ऐनको दफा ११ को उपदफा (१) को खण्ड (ख) मा सर्वोच्च अदालतबाट स्थापित नजिर वा कानूनी सिद्धान्तको प्रतिकूल निर्णय भएको देखिएमा सर्वोच्च अदालतले आफ्नो फैसला वा अन्तिम आदेशको पुनरावलोकन गर्न सक्ने छ भन्ने व्यवस्था भई न्याय प्रशासन ऐन, २०४८ को दफा ११ को उपदफा (१) को खण्ड (ख) र न्याय प्रशासन ऐन, २०७३ को दफा ११ को उपदफा (२) को खण्ड (ख) मा मुद्दा पुनरावलोकन गरी हेर्ने सम्बन्धमा समान व्यवस्था भएको देखिन्छ।

४. वादीले मुद्दा पुनरावलोकन गरिपाउँ भनी मिति २०७३।२।११ मा यस अदालतमा निवेदन दिएको समयमा न्याय प्रशासन ऐन, २०७३ प्रारम्भ भएको देखिँदैन। सो ऐन प्रारम्भ भएपश्चात् मिति २०७४।१।८ मा मुद्दा पुनरावलोकन गरी हेर्न अनुमति प्रदान भएको देखिन्छ। न्याय प्रशासन ऐन, २०७३ को दफा ११ को उपदफा (३) को खण्ड (घ) ले यो ऐन प्रारम्भ हुनुअघि प्रचलित कानूनबमोजिम मुद्दा दोहोऱ्याई फैसला भएकोमा पुनरावलोकन गरी हेर्न नमिल्ने सीमा र सर्त राखेको भए पनि साबिक ऐनअनुसार दर्ता भएको मुद्दा वा निवेदनमा पछिल्लो ऐन प्रारम्भ भएको समयसम्म साबिकमा दर्ता भएको मुद्दा वा निवेदनमा उठान भएका विवाद निरूपण नभएमा ती मुद्दाको हैसियत के हुने भन्ने सम्बन्धमा न्याय प्रशासन ऐन, २०७३ मा प्रस्ट व्यवस्था भएको देखिँदैन । त्यसमा हाल लागू भएको ऐनको दफा ११ को उपदफा (२) को खण्ड (ख) मा सर्वोच्च अदालतबाट स्थापित नजिर वा कानूनी सिद्धान्तको प्रतिकूल फैसला वा अन्तिम आदेश भएको देखिएमा यस अदालतबाट पुनरावलोकन गर्न सक्ने व्यवस्था भएको देखिएको र यस अदालतबाट पुनरावलोकनको अनुमति प्रदान गर्दा यस अदालतबाट भएको फैसला प्रतिपादित सिद्धान्तको प्रतिकूल भनी औंल्याएको देखिन्छ। यसरी साबिक ऐनअनुसार दर्ता भएको मुद्दा वा निवेदनमा पछिल्लो ऐन अर्थात् कानूनी व्यवस्थाले के हुने भन्ने प्रस्ट गरेको छैन।

५. न्याय प्रशासन ऐन, २०४८ को दफा ११ को उपदफा (२) को खण्ड (ग) मा यो ऐन प्रारम्भ हुनुअघि प्रचलित कानूनबमोजिम मुद्दा दोहोऱ्याई

निर्णय भइसकेको वा ऐ. को खण्ड (घ) मा दफा १२ बमोजिम दोहोरिएको मुद्दामा पुनरावेदन अदालतको इन्साफ सदर भएमा पुनरावलोकन गरी हेर्न नमिल्ने बाध्यात्मक व्यवस्था गरेको देखिन्छ। उपर्युक्तबमोजिम न्याय प्रशासन ऐन, २०४८ को दफा ११ को उपदफा (२) को खण्ड (ग) को व्यवस्था २०४८ सालभन्दा पहिलेको मुद्दामा लागू हुने देखिँदा यहाँ विवेचना गरी रहनु पर्ने देखिएन।

६. खण्ड (घ) मा दफा १२ बमोजिम दोहोरिएको मुद्दामा पुनरावेदन अदालतको फैसला यस अदालतबाट सदर भएमा पुनरावलोकनको मुद्दा नलाग्ने कुरा निर्देश भएको देखिन्छ। हाल लागू भएको न्याय प्रशासन ऐन, २०७३ को दफा ११ को उपदफा (३) को खण्ड (ङ) ले मुद्दा दोहोर्‍याई हेर्न दिएको निस्साअनुसार यस अदालतबाट उच्च अदालतको फैसला सदर भएमा वा दोहोर्‍याई हेर्न निस्सा प्रदान नभएको अवस्थामा मुद्दा पुनरावलोकन गरी हेर्न नमिल्ने देखिन्छ। यस विवादमा न्याय प्रशासन ऐन, २०४८ को दफा ११ को उपदफा (२) को खण्ड (ङ) मा उल्लेख भएको कानूनी व्यवस्थाअनुसार पुनरावेदन अदालत जनकपुरको फैसला उल्टी भई वादीले अंश नपाउने ठहर भएको छ। यसरी पुनरावेदन अदालत जनकपुरको फैसला सदर नभई उल्टी भएको अवस्थामा माथि उल्लेख भएका कानूनी व्यवस्थाअनुसार वादीको मुद्दा पुनरावलोकनको अनुमतिबाट न्याय निरूपण गर्न नमिल्ने भन्न न्यायोचित हुने देखिएन। प्रतिवादीहरूको तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीले बहसको क्रममा मुद्दा पुनरावलोकन गरी हेर्न नमिल्ने कुराको युक्तियुक्त आधार र कारण देखाउन पनि सकेको पाइँदैन। मुद्दा पुनरावलोकन गरी हेर्न ने.का.प. २०५९, अंक ३/४, निर्णय नं. ७०७० मा प्रतिपादित सिद्धान्त यस विवादमा आकर्षित हुने देखिएन । यसप्रकार प्रत्यर्थी / प्रतिवादीहरूको तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीले गरेको बहस केवल यस अदालतको मिति २०७१।९।२५ को फैसला अप्रत्यक्ष रूपमा यथावत् रहोस् भन्ने आशयले मात्र मुद्दामा उक्त कानूनी प्रश्नको अवरोध देखाएको जस्तो देखिँदा प्रतिवादीहरूका कानून व्यवसायीले तथ्यमा प्रवेश गरी हेर्न नमिल्ने भनी गर्नुभएको बहस जिकिरसँग सहमत हुन सकिएन । यसरी कानूनी प्रश्न असान्दर्भिक भएको अवस्थामा मुद्दाको निर्णयमा पुग्न तथ्यमा नै प्रवेश गरी हेर्नु पर्ने देखियो । अब मुद्दाको तथ्यमा प्रवेश गर्न सर्वप्रथम वादी प्रतिवादीको मूल पुर्खा र पुस्तेवारी हेर्न बुझ्न आवश्यक देखिँदा सो देहायको तालिकामा उल्लेख गरिएको छः

सर्वोच्च अदालत


स्व. दुखीत सिंह (मूल पुरूष)
स्व. हेमराज (जेठो छोरा)
स्व. भोगराज सिंह (माहिला छोरा)
स्व. जोगा सिंह (कान्छा छोरा) निसन्तान
पुना सिंह उर्फ राम पुर्नमण सिंह (२०३० सालमा मृत्यु) (श्रीमती २०५० सालमा मृत्यु)
राजेन्द्र प्र. सिंह (जेठा)(निसन्तान)
स्व. इनरदेव सिंह (माहिला)
स्व. राम उदार सिंह (साहिला)
चेत ना. सिंह (कान्छा)(निसन्तान)
विरबहादुर सिंह
स्व. रामरूप सिंह
स्व. रामस्वरूप सिंह
स्व. जगन्नाथ प्र. सिंह (वादी) (२०६६ सालमा मृत्यु)
नारायण सिंह (प्रतिवादी)
तेजनारायण सिंह (प्रतिवादी)
विद्यानारायण सिंह (प्रतिवादी)
गुन्द मोहन सिंह
अतुल सिंह
श्रीमती राज कुमारी देवी (प्रतिवादी)
कामेश्वर प्र. सिंह (प्रतिवादी)(२०६७ मा मृत्यु)
सुरेश प्र. सिंह (प्रतिवादी)
प्रकाश कु. सिंह
राजिव कु. सिंह
अंजनी कु. सिंह
ऊँ मुर्ति अभय कु. सिंह
ऊँ मुर्ति अजित कु. सिंह
ऊँ मुर्ति अनि कु. सिंह
राजेश कु. सिंह (मु.स.गर्ने)
राकेश कु. सिंह (स्व.)
मुकेश कु. सिंह (कान्छा)
सचिदानन्द सिंह
विजय सिंह भन्ने बच्चा सिंह (प्रतिवादी)
अजय कुमार भन्ने बबन सिंह (प्रतिवादी)
प्रियरंजन सिंह
चन्दन कु. सिंह
निरज कु. सिंह
राहुल सिंह
रोशन सिंह

७. उपर्युक्त तालिका र फिराद पत्रमा उल्लेख भएअनुसार वादी प्रतिवादीको पुस्तावलीमा मूल पुरूष स्वर्गीय दुखित सिंहका तीन छोराहरूमा जेठा फिरादीका हजुरबुबा स्व. हेमराज सिंह, माहिला स्व. भेगराज सिंह र कान्छा स्व. जोगा सिंह भई जोगा सिंह निसन्तान स्वर्गे भएपश्चात् जेठा हेमराजबाट एकमात्र छोरा पुना सिंह उर्फ राम पुर्नमण सिंह र निजबाट पनि एक मात्र छोरा वादी जगन्नाथप्रसाद सिंह र निजका पनि छोरा वादीको मुद्दा सकार गर्ने जेठा छोरा राजेश र अन्य राकेशकुमार र मुकेशकुमार सिंह रहेका र माहिला भेगराजको तर्फबाट जन्मेका चार भाइ छोराहरूमा जेठा स्व. राजेन्द्रप्रसाद सिंह, माहिला स्व. इनरदेव सिंह, साहिला स्व. राम उदार सिंह र कान्छा स्व. चेतु सिंहको जन्म भएको देखिन्छ । भेगराजको ४ भाइ छोरामध्ये जेठा र कान्छा क्रमश: राजेन्द्र र चेतु निसन्तान स्वर्गीय भई माहिला स्व. इनरदेव सिंहका एक मात्र छोरा स्वर्गीय वीरबहादुर र वीरबहादुरका तीन भाइ छोराहरूमा प्रस्तुत मुद्दाका प्रतिवादी नगनारायण सिंह, तेजनारायण सिंह र विद्यानारायण र साथै साहिला स्व. राम उदार सिंहका दुई भाइ छोराहरूमा स्व. रामरूप सिंह र रामस्वरूप सिंह रहेकोमा जेठा रामरूपबाट दुई भाइ छोराहरू क्रमश: प्रतिवादी कामेश्वरप्रसाद र सुरेशप्रसाद सिंह रहेका छन् । कान्छा रामस्वरूप सिंहबाट प्रतिवादी विजयकुमार सिंह उर्फ बच्चा सिंह र अजयकुमार सिंह उर्फ ववन सिंहको जाय जन्म भएको देखिएकोमा प्रतिवादीहरूले पनि प्रतिउत्तरपत्रमा उक्त पुस्तावली स्वीकार गरेको देखियो ।

८. निरूपण गरिनु पर्ने दोस्रो प्रश्न वादीको फिराद हदम्यादभित्रको हो होइन ? भन्ने सम्बन्धमा विचार गर्दा, मूल पुर्खा दुखित सिंहका तीन छोरा जेठा हेमराज, माहिला भेगराज र कान्छा जोगा सिंहमध्ये माहिला छोरा भेगराजका चार छोरामध्ये माहिला इनरदेवका नाति वीरबहादुरका माहिला छोरा यस मुद्दाका प्रतिवादी तेजनारायण सिंहले मिति २०२०।४।२९ मा आफ्नो पिता वीरबहादुर सिंहबाट पैतृक सम्पत्तिसम्म आफ्नो हिस्सा भाग अंशबन्डा पारित गरी लिएको देखिन्छ । उक्त पारित अंशबन्डामा वादी जगनाथ प्रसाद सिंह (मु.स. गर्ने राजेशकुमार सिंह) र वादीका बुबा राम पुर्नमण सिंहको अंश भागबारे केही पनि उल्लेख भएको देखिँदैन । मुलुकी ऐन अंशबन्डाको महलको ३२ नं. मा अंशबन्डा गर्दा ऐनबमोजिम गरिदिनुपर्छ, घटी बढी गर्नु हुँदैन । अंशमा चित्त नबुझ्ने सोह्र वर्ष नाघेकोले बन्डापत्रको कागज भएको मितिले र सोह्र वर्ष मुनिकाले सोह्रवर्ष नाघेका मितिले तीन महिनाभित्र नालिस नगरे लाग्न सक्दैन भनी उल्लेख भएकोले अंशबन्डामा चित्त नबुझ्नेले सो अंशबन्डा भएको मितिले तीन महिनाभित्र र सोह्र वर्ष मुनीकाले सोह्र वर्ष नाघेका मितिले तीन महिनाभित्र नालिस नगरे लाग्न नसक्ने भनी व्यवस्था भएकोले यो नं. को प्रयोजनको लागि अंशबन्डापत्रको लिखत खडा भएको हुनुपर्छ, अंशबन्डा नभई यो ऐनअन्तर्गत नालिस गर्ने प्रश्न उठ्न सक्दैन । पैतृक सम्पत्तिमा अंशियारबीच जियजियै अंश भाग लगाएको अवस्था भए मात्र चित्त नबुझ्नेले यो ऐनको म्यादभित्र नालिस गर्नुपर्छ । तोकिएको म्यादभित्र फिराद नगरे लाग्न नसक्ने व्यवस्था गरेको देखिन्छ ।

९. एकातर्फ वादी र वादीतर्फका जिजुबाजेसँग साबिकमा नै पैतृक सम्पत्ति रहे भएको स्पष्ट अवस्था देखिन आउँदैन भने अर्कोतर्फ प्रत्यर्थी प्रतिवादीहरूले अंशबन्डाको लिखत पारित गरी आफ्नो अंश भाग लिएको ४०/४२ वर्षपछि वादीले तेस्रो / चौथौ पुस्ता तलका भतिजा नाति नाताका व्यक्ति विरूद्ध फिराद दायर गरेको देखिन्छ । यस अदालतको ५ सदस्यीय पूर्ण इजलासबाट प्रल्हादजंग थापा विरूद्ध उमादिव्यश्वरी थापासमेत भएको (ने.का.प. २०४२, अंक १२, निर्णय नं. २५५३, पृष्ठ १०४४) अंश मुद्दामा **"एक पटक सबै अंशियारबीच अंशबन्डा भएको भए सो अंशबन्डाअनुसार अंशमा चित्त नबुझ्नेले**

**तीन महिनाभित्र फिराद गर्नुपर्ने हुन्छ । मुलुकी ऐन अंशबन्डाको महलको ३२ नं. ले उक्त व्यवस्था गरेकोमा अंशबन्डा नभएको अवस्थामा अंश पाउँ भन्ने फिराद गर्ने हदम्याद नलाग्ने"** भन्ने सिद्धान्त प्रतिपादन भएको देखिन्छ । यद्यपि यस अदालतको संयुक्त इजलासबाट ने.का.प. २०६३, अंक ७, निर्णय नं. ७७३७ मा **वादीको फिराद हदम्यादविहीन भएकोले तथ्यमा प्रवेश गर्न नमिल्ने भन्ने सिद्धान्त प्रतिपादन भए तापनि अंशबन्डा नभएको अवस्थामा अंशमा फिराद गर्न हदम्याद नलाग्ने** भनी ने.का.प. २०४२, अंक १२, निर्णय नं. २५५३, पृष्ठ १०४४ मा प्रतिपादित सिद्धान्तलाई यस इजलासले अन्यथा भन्न मिल्ने आधार देखिन आउँदैन । **दुई पुस्तासम्मका अंशियारबीच अंश मुद्दा दिँदा व्यवहारतः स्वाभाविकै हुने भए पनि तेस्रो / चौथो पुस्तामा पनि अंश मुद्दा दिएको अवस्थामा लिखत एवं प्रत्यक्ष प्रमाणका आधारमा कानूनीरूपमा नै वादीको अंशहकको स्थिति हेरेर असाध्यै गम्भीरताका साथ कारबाहीलाई अगाडि बढाउनु पर्ने हुन्छ ।** प्रतिवादी तेजनारायण सिंह आफ्नो पिता वीरबहादुर सिंहबाट अंश भाग लिई २०२२ सालमा पारित बन्डापत्रद्वारा अलग भए पनि यी वादी जगन्नाथप्रसाद सिंह र निजका पिता राम पुर्नमण सिंहको नाममा पैतृक सम्पत्ति आएको र भएको नदेखिँदा र साथै वादी जगन्नाथप्रसाद सिंह र प्रतिवादी र निजका पितासमेतको संयुक्त नाममा ७ नं. फाँटवारी भरेको र प्रतिवादीले केही जग्गामा यी वादी जगन्नाथप्रसाद सिंहको समेत भाग लाग्ने भनी स्वीकारोक्ति जनाएको हुँदा यस्तो अवस्थाको पृष्ठभूमिमा वादीले आफ्नो पैतृक सम्पत्ति खोजी गर्नु कानूनी कर्तव्य र अधिकार नै रहेको देखिन आउँदा वादीले प्रतिवादीहरूसँग अंश पाउँ भनी तीन चार पुस्तापछि दिएको फिराद पत्रलाई हदम्यादविहीन छ भनी न्यायोचित आधारमा पूर्णरूपमा उपेक्षा गरिहाल्न मिल्ने अवस्था देखिँदैन । फिराद धेरै तल तीन / चार पुस्ताउपर दिएको हुँदा हदम्याद विहीन छ भन्ने प्रतिवादीहरूको जिकिरसँग पनि सहमत हुन सकिने अवस्था रहेन ।

१०. निरूपण गरिनु पर्ने तेस्रो प्रश्न यस अदालतको संयुक्त इजलासको मिति २०७१।९।२५ को फैसला मिले मिलेको छ, छैन ? र वादीको पुनरावेदन जिकिर पुग्न सक्ने हो होइन ? भन्ने सम्बन्धमा विचार गर्दा, मूल पुरूष दुखित सिंहका तीन छोरा हेमराज, भेगराज र जोगा सिंहमध्ये जोगा सिंह निसन्तान परलोक भई बाँकी दुई भाइ हेमराज र भेगराज रहेकामा भेगराजतर्फका सन्तान रहेका यी प्रतिवादीहरूले स्व. वीरबहादुर सिंहको जीवनकालमा आपसमा २०२०।४।२९ मा बन्डापत्र पारित गरी लिएपश्चात् हेमराज सिंहका छोरा पुना सिंह उर्फ रामपुर्नमण सिंहको छोरा एवं नाति पुस्ताका यी वादी जगन्नाथप्रसाद सिंहले अंशमा दाबी गरी प्रस्तुत विवादको उठान गरेको देखिन्छ । प्रतिवादीहरूले प्रतिउत्तर पत्रमा अंश दिन लिन बाँकी अंशियार नभएको भने पनि महोत्तरी जिल्ला अदालत र पुनरावेदन अदालत जनकपुरले वादीले प्रतिवादीबाट २ भागको १ भाग अंश पाउने ठहर गरेकोमा यस अदालतको संयुक्त इजलासबाट वादीले अंश नपाउने ठहर गरेको देखिन्छ । यस अदालतको संयुक्त इजलासबाट मिति २०७१।९।२५ मा पुनरावेदन अदालत जनकपुरको फैसला उल्टी गर्दा मूलतः २०२२ सालमा अलग अलग भरेको ७ नं. फाँटवारीका जग्गा आ-आफ्नो नाम वा हाँगातर्फका सन्तानहरूको फाँटवारी विवरणमा उल्लेख भए पनि वादी जगन्नाथप्रसाद सिंह र प्रतिवादीसहित तीन जनाको फाँटवारी विवरणमा समेत जग्गाको विवरण रहे भएको भन्ने तथ्यलाई प्रतिवादीसमेतले स्वीकार गरे पनि ७ नं. फाँटवारी विवरणमा वादीसमेतको संयुक्त रुपमा नाम उल्लेख भएको कारणले मात्र वादी प्रतिवादीहरू सगोलका अंशियार हुन् भन्न मिल्ने नदेखिने, प्रतिवादीहरू बीचमा फिराद गर्नुपूर्व नै अंशबन्डा भइसकेको, अंशबन्डा भएका जग्गा खरिद

बिक्रीसमेत भएको देखिएको, २०५३ सालको दे.नं. १५१६ र २०५८ सालको दे.नं. १९३९ समेतका अंश मुद्दाको फैसलाअनुसार वादी प्रतिवादीहरू बीचमा "व्यवहार प्रमाणबाट" अंशबन्डा भइसकेको देखिँदा वादीलाई अ.बं. ८२ नं. ले मुद्दा गर्ने हकदैया नभएको र अंश मुद्दामा जग्गा मिच्नेको महलको १८ नं. को व्यवस्था आकर्षित नहुने भन्ने तथ्यलाई यस अदालतको संयुक्त इजलासले आफ्नो फैसलाको आधारको रूपमा लिएको देखिन्छ।

११. उक्त फैसलाउपरको पुनरावलोकनको निवेदनमा निस्साको अनुमति दिँदा मुलुकी ऐन अंशबन्डाको महलको ३० नं. मा अंशबन्डा गर्दा साक्षी राखी कानूनबमोजिम बन्डा छुट्याई बन्डापत्रको कागज खडा गरी लिने दिनेको र साक्षीको समेत सहिछाप गरी रजिस्ट्रेसन गर्नुपर्नेमा सो गरी राख्नु पर्छ। सोबमोजिम नभएको बन्डा सदर हुँदैन । तर यो ऐन प्रारम्भ हुँदासम्ममा बन्डापत्र खडा गरी वा नगरी घरसारमा नरमगरम मिलाई अचल सम्पत्ति अंशबन्डा गरी छुट्टी आ-आफ्नो हिसाब भाग शान्तिबमोजिम लिई पाई दाखिल खारेजसमेत गराइसकेको वा बन्डाबमोजिम आ-आफ्नो भागको अचल छुट्टाछुट्टै भोग बिक्री व्यवहार गरेकोमा व्यवहार प्रमाणबाट बन्डा भइसकेको ठहरेमा पछि बन्डापत्र रजिस्ट्रेसन भएको छैन वा बन्डा घटीबढी असल कमसल भयो भन्न पाइँदैन। रजिस्ट्रेसन नभए पनि बन्डा भएको सदर हुन्छ। पाउने अंशभन्दा घटी अंश जिउनी लिएकोमा र अंश छोडपत्र गरेकोमा भने रजिस्ट्रेसन भएको हुनुपर्छ भन्ने कानूनी व्यवस्थाको आधार लिएको देखिन्छ।

१२. यसप्रकार मुलुकी ऐन अंशबन्डाको महलको ३० नं. ले दुई वा दुईभन्दा बढी अंशियारहरूबीचमा अंशबन्डा भएको छ वा छैन भन्ने विवादित तथ्यको निर्णय गर्न एउटा निश्चित मापदण्ड निर्धारण गरेको छ । मिसिलमा उल्लेख भएका तथ्य, वस्तुस्थिति, कानूनको व्याख्या र प्रमाणको मूल्याङ्कनबाट मात्र विवादको निरूपण हुन्छ । अंशियारबीच पारित बन्डापत्रको माध्यम वा व्यवहार प्रमाणबाट पनि अंशियारहरूबीच अलग-अलग भई बस्ने प्रचलन रहँदै आएको तथ्यलाई पनि इन्कार गर्न सकिँदैन। उल्लिखित जुनसुकै माध्यमबाट होस् अंशियारहरू एकअर्काबीच भिन्न भई भिन्न व्यवहार गरी भिन्न भएको पुष्टि हुने आधार देखिएमा व्यवहारमा भएको बन्डामा विवाद नउठोस् भन्नका लागि कानूनमा रजिस्ट्रेसन नभए पनि व्यवहारमा भएको बन्डा सदर हुने कानूनी व्यवस्था रहे भएको देखिन्छ।

१३. माथि उल्लेख भएबमोजिम दर्ता, भोग, बिक्री, व्यवहार र पारित बन्डापत्रबाट वादी र प्रतिवादीका पुर्खा र पुर्खाका हाँगाहरू सँगै बसेका र साथै अलग भएको स्थिति पनि देखिँदैन । मिति २०२०।४।२९ को बन्डापत्र वादीका माइला हजुरबुबा भेगराजका सन्तानमा नाति, पनाति र भतिजा पुस्ताका वीरबहादुर, निजका छोरा तेजनारायण र भेगराजकै साइँला छोरा राम उदर सिंहका नाति कामेश्वर र सुरेशप्रसाद सिंहका बीच भएको देखिन्छ । उक्त समयकालमा वादीका पुर्खा एकातर्फ प्रतिवादीका पुर्खा सँगसँगै बसेका र अलग भएको पनि स्थिति देखिँदैन भने अर्कोतर्फ निज वादीका पुर्खा एवं हजुरबुबा हेमराज एवं बुबा पुना सिंह उर्फ राम पुर्नमण सिंहको नाममा पनि पैतृकलगायत अन्य कुनै पनि सम्पत्ति आएको र रहे भएको देखिँदैन । साथै २०२० सालको बन्डापत्रमा पनि निजका पुर्खा एवं यी वादीको नामसमेत उल्लेख नभएको पक्ष पनि विचारणीय देखिन आउँछ। यो अवस्थाका वादीका मूल पुरूष एवं पुर्खासँग नेपालमा पैतृक सम्पत्ति भएको नदेखिए पनि निजले प्रतिवादीहरूबाट अंश पाउने र नपाउनु पर्ने दुवै अवस्था विद्यमान रहेको देखिन आउँछ।

१४. यस अदालतको संयुक्त इजलासले वादीका पुर्खाहरू प्रतिवादीहरूका पुर्खाबाट अंशबन्डाको महलको ३० नं. मा प्रयुक्त भएको **"व्यवहार प्रमाण"**

अनुसार साबिकदेखि नै तिरो, भोग र बिक्री व्यवहारबाट अलग अलग भई अंशबन्डा गरी बस्दै आएको विवेचना गरेको देखिन्छ । तर वादीका पुर्खा र सन्तानका नाममा नेपालमा के कुन जग्गा र अचल सम्पत्ति रहेको थियो भन्ने कुरा उल्लेख हुनसकेको देखिँदैन । अंशबन्डाको महलको ३० नं. को प्रयोजनको लागि **व्यवहार प्रमाण** भन्नाले दर्ता, स्रेस्ता, तिरो, भोग र व्यवहार बेग्लाबेग्लै गरी त्यस्तो सम्पत्ति स्वतन्त्ररूपमा बिक्री वा हस्तान्तरण गरेको स्रेस्ता प्रमाणबाट समेत अंशबन्डा गरेसरह अलग-अलग छुट्टिएको हो भन्ने तथ्य देखिन जरूरी हुन्छ । यसरी व्यवहार प्रमाणबाट अंशबन्डा गरी छुट्टी भिन्न भएको देखिने प्रमाणबाट अदालत पनि सन्तुष्ट हुनुपर्दछ । स्रेस्ता एवं लिखत प्रमाणहरूबाट यी वादीका मूल पुरूष, पुर्खा र पुस्ताले आफ्नो नाम, भोग र भागको अचल सम्पत्ति छुट्टै, बिक्री, भोग, व्यवहार गरेको देखिएको अवस्था छैन । वादीका हजुरबुबा हेमराज, बुबा पुना सिंह उर्फ राम पुर्नमणको नाममा ७ नं. फाँटवारी र अलग जग्गा दर्ता रहे भएको स्थितिसमेत देखिन आउँदैन । यस अदालतबाट ने.का.प. २०५२, निर्णय नं. ५०४७ मा मुलुकी ऐन अंशबन्डाको महलको ३० नं. मा २०३४।९।२७ (सातौं संशोधन) मा भएको संशोधनबमोजिम उक्त मितिसम्ममा व्यवहार प्रमाणबाट छुट्टिएको स्थिति देखिनको लागि बन्डापत्र खडा गरी वा नगरी घरसारमा नरमगरम मिलाई अचल सम्पत्ति अंशबन्डा गरी छुट्टी आ-आफ्नो हिसाब भाग शान्तिबमोजिम लिई पाई दाखेल खारेजसमेत गराइसकेको वा बन्डाबमोजिम आ–आफ्नो भागको अचल छुट्टाछुट्टै भोग बिक्री व्यवहार गरेको अनिवार्य रूपमा हुनुपर्छ भन्ने सिद्धान्तसमेत प्रतिपादन भइसकेको अवस्था छ । मिति २०२०।४।२९ को बन्डापत्रमा वादी वा वादीको बुबाको नाम समावेश नभएको अवस्थामा वादीका पुर्खा एवं वादीले नेपालको सम्पत्तिमा अंश भाग नपाउने नै रहेछन् भनी भन्न मिल्ने अवस्था देखिँदैन । **किनभने अंशहक नैसर्गिक हक हो । यस्तो हक अंश नपाउँदासम्म मेटिँदैन, रहिरहन्छ ।** मिति २०२०।४।२९ को बन्डापत्रमा वादीको पुर्खाले पैतृक सम्पत्तिबाट अंश पाउने नपाउने सम्बन्धमा केही पनि उल्लेख नगरेको र साथै प्रतिवादीहरूसँगको संयुक्त नाममा ७ नं. फाटवारी भरेको देखिँदादेखिँदै पनि यस अदालतको संयुक्त इजलासले वादीका पुर्खा एवं सन्तान साबिकमै भोग, बिक्री एवं व्यवहारबाट अलग भएको भनी लिएको आधार पनि कानून एवं न्यायसम्मत देखिन आउँदैन ।

१५. यस अदालतको संयुक्त इजलासले आफ्नो फैसलामा प्रतिवादीहरूबीच २०२० सालमा बन्डापत्र भएपछि २०२२ सालमा वादी जगन्नाथप्रसाद सिंहले प्रतिवादीहरू र निजका पितासँगको संयुक्त नाममा ७ नं. फाँटवारी भरेको देखिन्छ । ७ नं. फाँटवारी भरेको हुँदा वादी र वादीका पिता साबिकमा नै अलग भइसकेको भन्ने आधार लिएको देखिन्छ । मिसिल संलग्न कागजात हेर्दा वादी जगन्नाथप्रसाद सिंह र प्रतिवादी र निजहरूका पिता वीरबहादुर, तेजनारायण, विद्यानारायण र सुरेशप्रसाद सिंहसँग संयुक्त नाउँमा ७ नं. फाँटवारी भरेको देखिन्छ । ७ नं. फाँटवारी भूमिसम्बन्धी ऐन, २०२१ को प्रयोजनको लागि सम्पत्तिको विवरण उल्लेख गरी भरिने हुँदा त्यसबाट अंशियारहरू आफ्नो भागको सम्पत्ति अलगअलग दर्ता गरी साबिकमै छुट्टिभिन्न भइसकेका हुन् भन्न मिल्ने स्थिति हुँदैन । **भूमिसम्बन्धी ऐन, २०२१ को प्रयोजनको लागि भरिने सम्पत्तिको ७ नं. फाँटवारी साबिकमा अंशियारहरू अलग भइसकेको र नभएको भन्ने दुवै तथ्यलाई स्पष्ट पार्ने प्रामाणिक महत्त्वको कार्य गर्दछ । यसरी भरिएको ७ नं. फाँटवारी बमोजिमका सम्पत्ति आ-आफ्ना नाममा दर्ता भइसकेका छन् र सो दर्ता एक प्रकारले समानुपातिक एवं न्यायोचित रूपमा मिलेको र बिक्री व्यवहारको क्रियासमेत भइसकेको देखिन्छ भने त्यसले अंशियारहरू एक-आपसमा अलग भइसकेको भन्ने तथ्यलाई पुष्टि**

**गर्दछ भने फाँटवारीअनुसार जग्गाको दर्ता निजका नाउँमा भएको छैन र दर्ता भएपनि सो न्यायोचित एवं समानुपातिक रूपमा भएको र मिलेको देखिँदैन भने त्यसबाट अंशियारहरू साबिकमै अलग भइसकेका रहेछन् भनी भन्न मिल्दैन । अतः भूमिसम्बन्धी ऐन, २०२१ ले निर्दिष्ट गरेबमोजिम भरिएको ७ नं. फाँटवारीले सो भर्ने अंशियारहरू दर्ता तिरो एवं भोगको आधारमा साबिकमै अलग भइसकेका रहेछन् भनेर कानूनी रूपमा नै निष्कर्षमा पुगी हाल्ने अवस्था हुन सक्दैन ।**

१६. उपर्युक्तानुसार अंशबन्डाको ३० नं. र वादीले भरेको ७ नं. फाँटवारीको आधारमा वादी जगन्नाथप्रसाद सिंह र निजका पिताको नाममा साबिकदेखि नै अचल जग्गा सम्पत्ति दर्ता भएको नदेखिई वादीले हामी अंशियारबीच बन्डा भएको छैन भनी विवादको सृजना गरी अदालत प्रवेश गरेको हुँदा त्यस कुराको निरूपण गर्ने कानूनी दायित्व यस अदालतको हुन जान्छ । यस विवादमा मूल पुर्खा दुखित सिंहका माहिला छोरा भेगराजका चार छोरामध्ये माहिला छोरा इनरदेव र निजका छोरा वीरबहादुर सिंह र नाति तेजनारायण सिंह र उनकै भतिजा कामेश्वरप्रसाद सिंहबीच मात्र पैतृक सम्पत्तिमा मिति २०२०।४।२९ मा बन्डापत्र पारित गरी अंश लिनुदिनु गरेको कारणले मूल पुर्खा दुखित सिंहका जेठा छोरा हेमराजका नाति अर्थात् तेस्रो / चौथो पुस्तामा रहेका यी वादीले अंशमा दाबी लिएको देखिन्छ । पुस्तावलीमा विवाद नभए पनि मूल पुर्खा दुखित सिंहका जेठा छोरा हेमराज र निजका हाँगातर्फका सन्तान यी वादीका नाममा नेपालमा सम्पत्ति रहेको, आएको र बन्डा भएकोसमेत नदेखिएको स्थितिले वादीले प्रतिवादीहरूबाट अंश पाउने नपाउने सम्बन्धमा एउटा अंह प्रश्न खडा गरेको देखिन्छ । मूल पुर्खाका एउटा हाँगा र सोतर्फका सन्तानमा अचल सम्पत्ति हुने र अर्को हाँगा र सोतर्फको सन्तानमा अचल सम्पत्ति नहुनाको अवस्था र कारणबारे पनि कानूनी रूपमा नै सोधखोज गर्न जरूरी हुन्छ । यही सोधखोजमा **मूल पुर्खामा वा मूल पुर्खाका कुनै हाँगातर्फका सन्तानमा पैतृक वा अचल सम्पत्ति हुनु र अर्को हाँगातर्फको सन्तानमा पैतृक वा अन्य कुनै पनि स्रोतको सम्पत्ति नभई उनीहरू सम्पत्तिको भोग र भागबाट कुनै पनि कारणले वञ्चित हुनुपर्ने अवस्था परेको भए त्यस्तो सन्तानलाई पर्न गएको अन्याय र मर्काको हदसम्म यस अदालतले प्रमाण, प्रचलन, विधि व्यवहारसमेतको मूल्याङ्कन एवं व्याख्याद्वारा केलाएर न्याय निरूपण गर्नुपर्ने हुन्छ ।**

१७. संयुक्त परिवारको पृष्ठभूमिबाट मूल पुर्खाका एउटा हाँगा र तिनका तीन पुस्तासम्मका सन्तानमा एकातर्फ पैतृकलगायत कुनै पनि सम्पत्ति आफ्नै नाममा दर्ता नहुनु र अर्कोतर्फ अर्को हाँगाको पुर्खा र सन्तानमा अचल सम्पत्ति रहेको र त्यस्तो सम्पत्तिमा उनीहरूको सन्तानबीच मात्र अंशबन्डा भएको स्थितिले हरेक अंश मुद्दाले एउटा आफ्नै प्रकारका इतिहास र तथ्यलाई अँगालेको हुन्छ भन्ने कुरालाई चित्रण गरेको देखिन आउँछ । वादी र प्रतिवादीबीच अंशियार नातामा विवाद नरहेको अवस्था भए पनि **वादीका जिजुबाजे, बाजे, पिता र वादीको नाममा नेपालमा कुनै अचल सम्पत्ति नदेखिएको र दर्ता, भोग, तिरो एवं बिक्री व्यवहारबाट पनि वादी प्रतिवादीबाट अलग भएको पुष्टि हुन नसकेको भन्ने परम्परागत शैलीका आधारमा वादीले सबै सम्पत्तिमा पूर्णरूपमा नै अंश भाग पाउने आधार स्थापित हुन जान्छ भनी भन्न मिल्ने पनि हुँदैन ।**

१८. वादीले अंशमा दाबी गरे पनि प्रतिवादी तेजनारायणले वादीका हजुरबुबा साबिकदेखि नै भारतमा बसेका र यी प्रतिवादीका हजुरबुबा भेगराज मात्र नेपाल आई सम्पत्ति जोडेको भन्ने प्रतिवादीहरूको जिकिर रहेको छ । वादीले पनि आफू भारतमै नोकरी गरी उतै बस्ने गरेको भन्ने बेहोरा फिरादमा उल्लेख गरेका छन् भने भारतमा आफ्नो बुबा र आफ्नो नाममा सम्पत्ति

रहेको भनी तिरो तिरेको रसिदहरूका प्रतिलिपिसमेत बहसको क्रममा इजलाससमक्ष पेस गरेको देखिन आउँछ। भारतमा रहेको सम्पत्तिमा यी प्रतिवादीहरूको नामसमेत रहेको तिरो तिरेको उक्त रसिदका प्रतिहरूबाट देखिन्छ। वादीले फिरादमा उल्लेख गरेको बेहोरा र पेस गरेको भारतको सम्पत्तिको अभिलेख देखिने रसिदबाट वादीका हाँगातर्फका पुर्खा एवं वंशज हेमराज सिंह र वादीसमेत साबिकदेखि नै भारतमा बस्दै आएको र भारतमा वादी प्रतिवादीहरू सबैको साझा सम्पत्ति यी वादीका पिता पुर्खा एवं वादीको जिम्मामा रहेको तथ्यलाई पुष्टि गर्दछ। यस कारणले नै वादीका हाँगातर्फका वंशका नाममा नेपालमा कुनै अचल सम्पत्ति नरहेको र साथै निजहरूका नाममा पैतृक सम्पत्ति पनि नामसारी एवं बन्डापत्रको माध्यमबाट आउन नसकेको तथ्यसमेत पुष्टि हुन आउँदछ। नत्र मूल पुर्खाका एउटा हाँगामा नेपालमा पैतृक सम्पत्ति रहेको अवस्थामा तीन पुस्तासम्म नामसारी बन्डापत्र वा कुनै न कुनै माध्यम वा प्रक्रियाबाट वादीका हाँगातर्फका वंश र सन्तानका नाममा पनि अचल सम्पत्ति हुनुपर्ने वा हस्तान्तरण भएर आउनु पर्ने हुन्थ्यो, त्यसो भएको देखिन आउँदैन। मूल पुरूष दुखित सिंहको नाममा नै सम्पत्ति रहेको देखिन नआउँदा त्यस्तो सम्पत्ति यी प्रतिवादी तेजनारायण सिंहका बुढा जिजुबाजे भेगराज सिंहको नाममा नामसारी भई आएको अवस्थासमेत पुष्टि हुनसकेको देखिँदैन। प्रतिवादीका बुढा जिजुबाजे भेगराज सिंह र तिनका पनि चार छोराहरू क्रमश: राजेन्द्रप्रसाद, इनरदेव, रामउदार र चेतनारायणमध्ये कसैका नाममा पनि अचल सम्पत्ति रहेको र पैतृक सम्पत्तिको रूपमा नामसारी भएर आएको अवस्थासमेत मिसिल संलग्न कागजबाट देखिन आउँदैन। एकैचोटी भेगराजका नाति अर्थात् माहिला छोरा स्व. वीरबहादुर सिंहका जीवनकालमा मिति २०२०।४।२९ गते वीरबहादुर र निजका तीन छोरामध्ये माहिलो तेजनारायण र वीरबहादुरका साहिला बुबा राम उदारका सन्तानबीच केही अचल सम्पत्तिमा बन्डा भएको देखिन्छ। यसरी मूल पुर्खा दुखित सिंहका पनाति खलक वीरबहादुर सिंहको पुस्तामा त्यस समयकालका केही अंशियारबीच मात्र त्यस समयमा स्व. वीरबहादुर सिंहको नाममा रहेको सम्पत्तिमा अंशबन्डा भएको देखिए पनि स्व. वीरबहादुरको नाममा भने पैतृक सम्पत्ति नै नामसारी हुँदै आएको भन्ने तथ्य मिसिल संलग्न कुनै पनि कागज एवं कसैको पनि भनाईको बेहोराबाट खुल्नसकेको पाइँदैन। वि.स. २०२० सालमा भएको उक्त बन्डापत्रमा वादीका मूल पुर्खाका बाजे / जिजुबाजेका सन्तानको बसोबास एवं सम्पत्तिको स्थिति निजहरूको नाम र अंश भाग उल्लेख भएको देखिँदैन। यस कारणले नै वादीका पुर्खा नै साबिकदेखि नै नेपालमा नआई भारतमै बस्दै आएकाले नेपालमा निजहरूको नाममा कुनै अचल सम्पत्ति दर्ता नहुनुको अतिरिक्त उक्त २०२० सालको बन्डापत्रमा वादीका पुर्खाका हाँगातर्फका सन्तानको नाम उल्लेख नभएको भन्ने प्रतिवादीहरूको जिकिर रहँदै आएको छ।

१९. वादी प्रतिवादीका पुस्ताहरूबीच यसअघि पनि अंश मुद्दा चलेको प्रमाण मिसिल र बहसको क्रममा दुवै पक्षका विद्वान् वरिष्ठ एवं अन्य कानून व्यवसायीहरूले पेस गरेको फैसलाका प्रतिका कागजातहरूबाट देखिन आउँछ। वादीले उक्त २०२० सालको बन्डापत्र र प्रतिवादीतर्फका पुर्खाका हाँगाबीच चलेको २०५३ सालको दे.नं. १५१६ र २०५८ सालको दे.नं. १९३९ को अंश मुद्दाको फैसलालाई पनि चुनौती दिएर बदर गराउन सकेको स्थिति देखिन आउँदैन। मुद्दाको तथ्यको सन्दर्भमा उक्त ती सबै मुद्दा र तिनमा भएको कारबाहीको सन्दर्भलाई हेर्दा प्रस्तुत मुद्दामा सुरू महोत्तरी जिल्ला अदालतबाट अंशको फाँटवारी माग्ने भनी भएको आदेशउपर प्रतिवादी भन्ने ओमकुमार सिंह र ओम मुर्ति भन्ने अजितकुमार सिंहले दिएको १७ नं. निवेदनको प्रकरण ३ (ग) र (ङ) मा ७ नं. फाँटवारीबमोजिमको सम्पत्ति हाम्रा

पिता तेजनारायण सिंह, काका सुरेशप्रसाद सिंह तथा वादीका बाबु जगन्नाथप्रसाद सिंहको संयुक्त सम्पत्ति हो भनी उल्लेख गरेका छन्। उपर्युक्तअनुसार एकातर्फ प्रतिवादीहरूले वादीको पनि केही सम्पत्तिमा संयुक्त हक छ भनी स्वीकारोक्ति जनाएका छन् भने अर्कोतर्फ वादी जगन्नाथप्रसाद सिंहले अन्य प्रतिवादीहरू र निजका पितासँग संयुक्त रूपमा ७ नं. फाटवारी भरेको अवस्था छ । केही प्रतिवादीहरू बीच २०२० सालमा पारित भएको बन्डापत्रपछि उक्त बन्डापत्र गर्ने तिनै प्रतिवादीहरूसँग वादीले २०२२।०२३ सालतिर संयुक्त रूपमा ७ नं. फाँटवारी भरे पनि उक्त फाँटवारीबमोजिमको सम्पत्ति वादीले आफ्नो नाममा दर्ता गराउन सकेको पाइँदैन भने यत्रो वर्षसम्म उक्त जग्गा आफ्नो नाममा दर्ता गराउने सम्बन्धमा कुनै चासो, सक्रियता र सोध खोजसमेत गर्नसकेको पाइँदैन। वादी र प्रतिवादीहरूले संयुक्त रूपमा भरेको ७ नं. फाँटवारी र सोबमोजिमको सम्पत्ति निजका नाममा दर्ता हुन नसकेबाट वादी साबिकमा नै अलग भइसकेको भन्ने तथ्यलाई पनि पुष्टि गर्दैन। अतः वादी जगन्नाथप्रसाद सिंहले प्रतिवादीहरूबाट केही सम्पत्ति अंशबापत पाउन पर्ने अवस्था रहेको देखिन आउँछ।

२०. वादीले तीन चार पुस्ताको अन्तरालमा अर्को हाँगातर्फका नाति पनाति पुस्तासँग अंशको दाबी गरेका र प्रतिवादीले वादीका बुबा, बाजे र जिजुबाजे साबिकदेखि नै भारतमा बस्दै आएका र भारतमा रहेको सबै सम्पत्ति यिनै वादीहरूकै जिम्मामा रहेको निजले पेस गरेको तिरो तिरेका रसिदका प्रतिहरूबाट देखिन आएकोले त्यसबाट वादीका जिजुबाजे साबिकदेखि नै अलग बस्दै आएकाले अंश दिनुपर्ने होइन भन्ने जिकिर लिएका छन्। यस्तो अवस्थामा **हाम्रो कानूनी र न्यायिक प्रचलनमा नेपालको सम्पत्तिमा सबै अंशियारहरूको हक हुने र भारत अर्थात् विदेशमा रहेका सम्पत्तिमा पनि त्यहाँको कानूनबमोजिम हुने भन्ने गरिएको छ। वस्तुतः यस्तो न्यायिक अभ्यासले समान वा पृथकपृथक सँस्कृति र सम्पत्तिमाथिको हक अधिकारसम्बन्धी कानूनी व्यवस्थाको कारणले भारत वा अन्य मुलुकमा रहेको सम्पत्तिको हकमा नेपालमा रहेको अंशियारले आफ्नो हकजति अंश भाग पाउन नसक्ने अवस्था हुने र नेपालमा रहेको सम्पत्तिमा भने विदेशमा रहेका अंशियारले आफ्नो अंश भाग पाउने हुँदा नेपालमा पैतृक वा अन्य सम्पत्तिको संरक्षण र जगेर्ना गर्दै बस्दै आएका अंशियारको हकमा अंशियारहरूसँग रहेको सम्पत्तिमा समान वितरण हुन नसकी अन्याय पर्न सक्ने अवस्था हुन जाने देखिन्छ। नेपालमा रहेको सम्पत्तिको हकमा विदेश वा भारतमा बस्दै आएका अंशियारबीच समेत बन्डा गर्दा भारत वा अन्य मुलुकमा त्यस्ता अंशियारसँग रहेको सम्पत्तिलाई पनि ध्यानमा राखेर नेपालमा पैतृक वा अन्य सम्पत्तिको संरक्षण र जगेर्ना गर्दै बस्दै आएका अंशियारलाई पनि न्याय हुने हिसाबले नेपालमा रहेको सम्पत्तिमा अंशबन्डा गर्ने गरी मुद्दा विशेषको पृष्ठभूमिको आधारमा हाम्रो न्यायिक अभ्यासलाई अगाडि बढाउँदै जानु पर्ने हुन जान्छ।**

२१. माथि उल्लिखित प्रतिउत्तर पत्र र १७ नं. को निवेदनमा उल्लिखित बेहोराले प्रतिवादीमध्ये तेजनारायण सिंहका पिता वीरबहादुर आफ्नो अंश भाग लिई २०२० सालमा पारित बन्डापत्रद्वारा अलग भए पनि केही जग्गा प्रतिवादी तेजनारायणका पिता वीरबहादुर, प्रतिवादी तेजनारायण सिंह, सुरेन्द्रप्रसाद सिंह र वादी जगन्नाथप्रसाद सिंहसमेतको बीच बन्डा लाग्ने केही सम्पत्ति रहेको देखिन आउँछ । पैतृक सम्पत्ति हेर्दा भेगराजका चार भाइ छोरामध्ये माइला इनरदेव सिंहका छोरा वीरबहादुर प्रतिवादीमध्ये तेजनारायणका पिता रहेका र वीरबहादुर सिंहबाट प्रतिवादी तेजनारायण सिंह २०२० सालमा पारित बन्डापत्रबाट अलग भएको देखिए पनि मूल पुरूष दुखित सिंहका तीन सन्तानमध्ये माहिला प्रतिवादीका

जिजुबाजे भेगराज सिंहको नाममा पैतृक सम्पत्ति रहे भएको यकिन रूपमा भन्न सकिने अवस्था देखिँदैन । यी प्रतिवादी तेजनारायण सिंहका बाजे इनरदेव र पिता वीरबहादुर सिंहको नाममा पनि पैतृक सम्पत्ति नामसारी हुँदै आएको भन्न मिल्ने पनि देखिँदैन । प्रतिवादी तेजनारायणका बुबा वीरबहादुर एकजना र बाजे चार जनामध्ये २ जना जेठा राजेन्द्रप्रसाद र कान्छा चेतनारायण निसन्तान र दुई जना माहिला इनरदेव र साँहिला रामउदार सिंह रहे पनि निसन्तान दुई बाजेले पनि आफ्नो जीवनकालमा केही सम्पत्ति लिएका र बिक्री व्यवहार गरेको भन्ने पनि मिसिल संलग्न कागज प्रमाणबाट खुल्दैन । त्यसरी नै बाँकी दुई बाजे प्रतिवादी तेजनारायण सिंहका पिता इनरदेव र प्रतिवादी सुरेन्द्रप्रसाद सिंहका बाजे रामउदार सिंहबीच पनि सम्पत्तिको बाँडफाँड भए नभएको तथ्य स्पष्टरूपमा खुल्दैन । सम्पूर्ण पैतृक सम्पत्ति यी प्रतिवादी तेजनारायणका बाजे इनरदेवमा मात्र सीमित रही निजका छोरा प्रतिवादी तेजनारायणका पिता वीरबहादुर सिंहको नाममा आएको र सो सम्पत्ति पनि वीरबहादुर सिंहका तीन भाइ छोरामध्ये यी प्रतिवादी तेजनारायणले मात्र प्राप्त गरेका छन् भनी प्रमाणका आधारमा भन्न सकिने स्पष्ट अवस्था पनि देखिँदैन । यस तथ्यबाट पनि वादी जगन्नाथप्रसाद सिंहले यी प्रतिवादी तेजनारायण सिंहबाट मात्र अंश भाग पाउने हुन् भनेर भन्न मिल्ने स्थिति स्पष्टतः देखिँदैन । प्रतिवादीमध्ये सुरेशप्रसाद सिंहका बाजे राम उदार र रामरूपका दुई दाजुभाइको हकमा पनि यही अवस्था लागू हुने स्थिति रहेको छ । यसबाट प्रतिवादी तेजनारायण सिंह र सुरेशप्रसाद सिंहका नाममा वादी जगन्नाथप्रसाद सिंहले अंशबापत पाउने पैतृक सम्पत्ति मूल पुर्खा बाबु बाजे र जिजुबाजेबाट तहतह हुँदै आएको भन्न सकिने अवस्था देखिँदैन । यसैले वादीका पिता र बाजे पनि स्वाभाविक रूपमा नै नेपालमा आएको र निजहरूले पनि सम्पत्ति आर्जन गरी भोग गरी बस्दै आएका भन्ने तथ्य प्रमाणले पुष्टि नगरे पनि निज वादी प्रतिवादीका अंशियार नाताका रहेका र ३/४ पुस्ताबीच प्रस्तुत अंश मुद्दा चले पनि मुद्दाको तथ्यले केही सम्पत्तिबाट वादीले अंश पाउनु पर्ने अवस्था देखिन आउँछ ।

२२. यसै सन्दर्भमा प्रस्तुत मुद्दामा मुद्दाका दुवै पक्षको बीच समय समयमा चलेको अंश सम्पत्तिसम्बन्धी मुद्दाहरूमा भएको निर्णयलगायत हामीले गैह्र व्यक्तिका साथै आपसमा समेत पटकपटक गरी हक हस्तान्तरण गरी आएको तपसिलबमोजिमको जग्गाहरूको खरिद बिक्रीसम्बन्धी व्यवहार प्रमाणहरूलाई सम्बन्धित निकायबाट भिडाई हेरिएमा समेतबाट बुझ्नमा आउने नै छ भनी मिति २०६८ वैशाख ८ गते गरिएको कागजमा र तायदातीमा उल्लिखित कि.नं. १९६, २१०, ४८६, २२१, २२८, ५५९, २०१, १०७, २३०, २२१, ३४, १३४, १३५, ४२, १२३, २५८ का जग्गाहरू आपसमा बन्डा नलाग्ने, आ-आफ्नै हुने भनी लेखाई दिएका छन् । यस अर्थमा पनि २०२० सालको बन्डापत्रलाई प्रतिवादीहरूले स्वीकार गरेका र त्यसपछिको व्यवहारहरू आ-आफ्नै हुनेछ भन्नेमा एकआपसमा सहमत भएका देखिन्छन् । यसरी नै प्रतिवादीमध्ये तेजनारायण र तीनका सन्तानले पनि २०५८ सालको दे.नं. १९३९ को अंश मुद्दामा प्रतिउत्तर फिराउँदा कि.नं. २०, ९९, १३९, ४३, १६७, १६९, ६४, २१७ र ३२१ को जग्गामा यी वादी जगन्नाथप्रसाद सिंहसहित तीन भाग लाग्ने भनी उल्लेख गरेका छन् । प्रतिवादी तेजनारायणको यो प्रतिवादलाई प्रतिवादीमध्ये सुरेशप्रसाद सिंहले स्वीकार गरेका छैनन् र साथै ती कि.नं. का जग्गाहरू पनि प्रस्तुत मुद्दाका सुरेशप्रसाद सिंहकै नाममा रहेका र तायदातीमा पनि चढेको र ती जग्गा बन्डा लाग्ने भनी तलका अदालतबाट ठहरसमेत भएका छन् । वादी प्रतिवादीका अंशियार नातामा परे पनि वादीको हाँगातर्फका मूल पुरूष अर्थात् बाजे, बुढा बाजे साबिकदेखि नै नेपालमा आई बसोबास नगरेको र निजहरूको नाममा पैतृक

सम्पत्ति नरहेको देखिएको अवस्थामा मुद्दाको पृष्ठभूमि र तथ्यले नेपालको सम्पत्तिमा निज वादीलाई पहिलो र दोस्रो पुस्तासम्मको अंशियारसरह नै कानूनीरूपमा व्यवहार गर्नुपर्ने अवस्था देखिँदैन । मूल पुरूषका अर्को हाँगातर्फका सन्तान अंशियार एवं प्रतिवादी तेजनारायण र तीनका सन्तानले यी वादीको पनि केही कि.नं. का जग्गाहरूमा तीन भागको एक भाग अंश लाग्छ भनी स्वीकारेको कथनको हदसम्मलाई भने न्यायोचित रूपले हेर्नु पर्ने नै हुन जान्छ । यही तथ्यप्रति विचार गर्दा प्रतिवादी तेजनारायण सिंहसहित केही प्रतिवादी अंशियारहरू २०२० सालमा भएको बन्डापत्रद्वारा अलग भएपछि भरेको ७ नं. फाँटवारीबाट अंश भागबापत केही सम्पत्ति निज वादीले पाउनु पर्ने भन्ने कुरा निजहरूकै अभिव्यक्ति र व्यवहारबाट देखिन आएको र सोसँग सम्बन्धित सम्पत्ति कि.नं. २०, ९९, १३९, ४३, ४७, १६७, १६९, ६४, २१७ र ३२१ का जग्गा रहेको र सोमा प्रतिवादी तेजनारायण सिंह, सुरेन्द्रप्रसाद सिंह र यी वादी जगन्नाथप्रसाद सिंहसमेतको भाग लाग्ने भनी प्रतिवादीमध्येका तेजनारायण सिंहले आफ्नो प्रतिउत्तरमा उल्लेख गरेको हुँदा वादीले तिनै कि.नं. का जग्गाहरूबाट मात्र आफ्नो अंश भाग पाउने अवस्था यी वादी प्रतिवादीहरूको पारिवारिक बसोबासको इतिहास, पृष्ठभूमि र मुद्दाको प्रमाण कागजातहरूको तथ्यबाट देखिन आउँछ ।

२३. वादीले ती कि.नं. का जग्गाबाट के कति भाग पाउने हो ? भन्ने सम्बन्धमा विचार गर्दा दुखित सिंहका तीन भाइ छोरा हेमराज, भेगराज र जोगा सिंहमध्ये कान्छा जोगा सिंह निसन्तान रहेको कुरा माथि नै उल्लेख भइसकेको छ । जेठा हेमराज र तीनका सन्तान भारतमै बसी खती उपती उतैतिर गर्दै आएको भन्ने प्रतिवादी तेजनारायणसमेतको जिकिर रहेको र निज र निजका सन्तानका नाममा नेपालमा कत्ति पनि सम्पत्ति नरहेको अवस्थाले पनि सो तथ्यलाई पुष्टि गर्दछ । माइला भेगराज साबिक आफ्नै समयकालदेखि नै नेपालमा आई बसोबास गर्दै आएको स्थिति देखिन आउँछ । माइला भेगराजका नाति वीरबहादुरको पालामा मात्र वीरबहादुर र निजका भतिजा सुरेशप्रसाद सिंह र छोरा तेजनारायण सिंहबीच वि.सं. २०२० सालमा बन्डा भएको देखिन्छ । मूल पुरूषको के कति सम्पत्ति थियो ? निजका कुन हाँगातर्फका कुन कुन सन्तान र क-कसको नाममा के बेहोराबाट के कति सम्पत्ति नामसारी हुँदै आए वा आएनन् ? र कान्छा जोगा सिंह कोसँग बस्दै आएका र बसेका थिए ? सो तथ्यबारे मिसिल संलग्न कागजातबाट केही पनि खुल्दैन । एकैचोटी मूल पुरूष दुखित सिंहका माइला छोरा भेगराजतर्फका वंशका सन्तानहरूमा चौथो पुस्ता अर्थात् पनाति / खलाति तहका सन्तान र निजका छोरा तेजनारायण र भतिजा सुरेशप्रसाद सिंहका बीच २०२० सालमा अंशबन्डा भएको देखिन आउँछ । माहिला भेगराजका चार छोरामा दुई जेठा र कान्छा निसन्तान बितेका र माइला इनरदेवतर्फका छोरा वीरबहादुर र नाति यी प्रतिवादी तेजनारायण र साइँला रामउदारतर्फका नाति प्रतिवादी सुरेशप्रसादबीच बन्डा भए पनि वीरबहादुर सिंहका तीन छोरा नगनारायण सिंह, तेजनारायण र विद्यानारायणमध्ये नगनारायण र विद्यानारायण भेगराजका साइला छोरा रामउदार सिंह र निजका जेठा छोरा रामरूप सिंह र निजका पनि दुई छोरा कामेश्वरप्रसाद सिंह र सुरेशप्रसाद सिंहमध्ये कामेश्वरप्रसाद सिंहको अंशबन्डाको स्थितिबारे मिसिल संलग्न कागजबाट नखुलेको देखिँदा सोही आधारमा निजहरूले भोग व्यवहारबाट आ-आफ्नो अंश भाग साबिकमा नै लिई प्राप्त गरेर बस्दै आएको अवस्था रहेको भनी निष्कर्ष निकाल्नु पर्ने हुन आउँछ । यसरी नै वादी प्रतिवादीका मूल पुर्खा र निजका वंशजहरूको परिवारको इतिहास, पृष्ठभूमि र मुद्दाको तथ्यगत अवस्थाले मूल पुरूष दुखित सिंहका कान्छा छोरा जोगा सिंह (निसन्तान स्वर्गे) पनि नेपालमा रहँदै बस्दै आए पनि निजसँग पनि अचल सम्पत्ति रहे नरहेको अवस्था

स्पष्टतः देखिन आउँदैन । निज जोगा सिंह नेपालमा नै बस्दै आएको तथ्य देखिँदा निज यी प्रतिवादीका जिजुबाजे भेगराजको सँगसाथमा रहेको र निजहरूबाट जोगा सिंहको रेखदेख र स्याहार सम्भार हुँदै र निजको मृत्युपछि पनि काजक्रियासमेत निजबाटै भएको हुनुपर्छ भन्ने तथ्यलाई अन्यथा प्रमाणित नभएसम्म शंका गरी हाल्नु पर्ने अवस्थासमेत देखिन आउँदैन । जोगा सिंह नेपालमै भेगराजको साथ रहँदा मृत्यु भएको र २०२० सालमा वीरबहादुर र निजका छोरा तेजनारायण र भतिजा सुरेशप्रसाद सिंहबीच बन्डापत्र भएपछि पनि भेगराजका छोरा र नाति खलकबीच चलेका २०५३ सालको दे.नं. १५१६ र २०५८ सालको दे.नं. १९३९ का अंश मुद्दाको प्रतिउत्तर पत्रमा कि.नं. २०, ९९, १३९, ४३, ४७, १६७, १६९, ६४, २१७ र ३२१ का जग्गामा तेजनारायण, सुरेशप्रसाद सिंह र हेमराजका छोरा जगन्नाथप्रसाद सिंहबीच तीन भाग लाग्छ भनी उल्लेख भएको र सोलाई २०२० सालको बन्डापत्रपछि उक्त कि.नं. का जग्गाको सम्बन्धमा भरिएको ७ नं. फाँटवारीमा जगन्नाथप्रसाद सिंहसहित यी तिनै जनाको नाम उल्लेख भएको तथ्यले समेत पुष्टि गरेको देखिन्छ । यी उपर्युक्त **तथ्यले तीन चार पुस्ता तलका अंशियारबीच चलेको अंश मुद्दालाई पहिलो-पहिलो, पहिलो-दोस्रो र दोस्रो-दोस्रो पुस्ताका अंशियारबीच चलेको मुद्दाको अवस्थासरह कानूनी रूपमा नै हेर्न र व्यवहार गर्न तथ्य र न्यायोचित हिसाबले पनि उपयुक्त देखिन आउँदैन ।** उपयुक्त तथ्यगत विश्लेषणका आधारमा उक्त कि.नं. २०, ९९, १३९, ४३, ४७, १६७, १६९, ६४, २१७ र ३२१ का जग्गामध्ये कि.नं. २० र २१७ का जग्गा सुरू अदालतको फैसलामा उल्लेख छैनन् । अत: उपर्युक्त कि.नं. का जग्गामध्ये हाल दर्ता कायम भएको नदेखिएको कि.नं. २० र २१७ का जग्गाबाहेक बाँकी रहेका अन्य कि.नं. ९९, १३९, ४३, ४७, १६७, १६९, ६४ र ३२१ का जग्गाहरूमा पनि हाल सबुत दर्ता कायम रहेका कि.नं.का जग्गामध्येबाट मात्र वादीले आफ्नो अंश भाग पाउने स्पष्टतः देखिन आउँछ ।

२४. अतः माथि विवेचित आधार र कारणबाट वादीले प्रतिवादीहरूबाट कत्ति पनि अंश नपाउने गरी यस अदालतको संयुक्त इजलासबाट मिति २०७१।९।२५ मा भएको फैसला तथ्य, प्रमाण र कानूनको रोहमा मिलेको नदेखिँदा उक्त फैसला बदर र वादीले **अंश पाउने हदसम्म** सुरू महोत्तरी जिल्ला अदालतले मिति २०६५।३।१९ मा गरेको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत जनकपुरको मिति २०६८।१।२८ को फैसला भने सदर हुने ठहर्छ । अब वादी (मु.स. गर्ने राजेशकुमार सिंह) ले **अंशबापत प्रतिवादीहरूबाट के कति अंश भाग पाउने हो** भन्ने सम्बन्धमा विचार गर्दा, सुरू महोत्तरी जिल्ला अदालतले मूल पुर्खा स्व. भेगराजका सन्तानहरू यी प्रतिवादीहरूबीच मिति २०२०।४।२९ को बन्डापत्र र प्रस्तुत मुद्दामा माग गरिएको तायदातीमा उल्लेख भएका सम्पत्तिबाट तीन भागको एक भाग वादीले अंश पाउने गरी गरेको फैसलालाई पुनरावेदन अदालत जनकपुरबाट मिति २०६८।१।२८ मा भएको फैसला सदर गरेको अवस्था छ । मूल पुरूषका तीन जना छोराहरू हेमराज, भेगराज र जोगा सिंह रहेकोमा जोगा सिंह निसन्तान रहेका र निज साबिकदेखि नै नेपालमा भेगराजको साथमा बस्दै आएका निजको रेखदेख स्याहार सम्भार र मृत्युपछि पनि दाहसंस्कार र काजक्रियासमेत भेगराज र निजतर्फका सन्तानबाट भएको र निजसँग कुनै अचल सम्पत्ति रहे नरहेको बारे स्पष्ट नभएको भन्ने तथ्यगत बेहोरा माथि नै उल्लेख गरिसकिएको छ । यो अवस्थाले यी वादीले कति भाग अंश पाउने हुन् ? भन्ने प्रयोजनको लागि जोगा सिंहलाई बेग्लै अंशियार संख्याको रूपमा हेर्नु पर्ने अवस्था देखिन आउँदैन । अतः जोगा सिंहको मृत्यु निसन्तानको रूपमा नै भएकाले तायदातीमा पेस भएका सम्पूर्ण सम्पत्तिबाट जियजियैको अंश

गर्नुपर्ने कानूनी व्यवस्थाको आधारमा मात्र वादीले २ भागको १ भाग अंश पाउने गरी सुरू अदालतबाट मिति २०६५।३।१९ को फैसला सदर गर्ने गरी पुनरावेदन अदालत जनकपुरबाट भएको मिति २०६८।१।२८ को फैसला पनि उपर्युक्तानुसार विवेचित तथ्य, प्रमाण एवं कानूनी आधार र कारणबाट नमिलेको हुँदा उक्त फैसलाहरू सो हदसम्म बदर भई प्रतिवादी सुरेशप्रसाद सिंह र निजका अंशियार वा सन्तानका नाममा रहेका वादीले अंश भाग पाउने ठहरिएका कि.नं. ९९, १३९, ४३, ४७, १६७, १६९, ६४ र ३२१ का जग्गाहरूको हदसम्म प्रतिवादीहरूबीच मिति २०२०।४।२९ मा भएको बन्डापत्र बदर भई पेस भएको तायदाती फाँटवारीमा उल्लिखित सम्पत्तिको विवरणमध्ये कि.नं. ९९, १३९, ४३, ४७, १६७, १६९, ६४ र ३२१ का जग्गामध्ये पनि दर्ता सबुत कायम रहेका जग्गाबाट मात्र नरमकरम मिलाई ३ भागको १ भाग अंश छुट्ट्याई वादीले दर्ता गराई लिन पाउनेसमेत ठहर्छ । अन्य कुरामा तपसिलबमोजिम गर्नू।

तपसिल

माथि इन्साफ खण्डमा लेखिएबमोजिम वादीले प्रतिवादी प्रतिवादीबीच मिति २०२०।४।२९ को पारित भएको बन्डापत्रअनुसारको तायदाती फाँटवारीमा उल्लिखित सम्पत्तिको विवरणमध्ये प्रतिवादी सुरेसप्रसाद सिंह, निजका अंशियार वा सन्तानका नाममा रहेका कि.नं. ९९, १३९, ४३, ४७, १६७, १६९, ६४ र ३२१ मध्ये पनि दर्ता सबुत कायम रहेका र दर्ता स्रेस्तासँग भिडेको जग्गाबाट मात्र नरम करम मिलाई ३ भागको १ भाग अंश छुट्ट्याई वादीले दर्ता गराई लिन पाउनेसमेत ठहरेकोले वादीले ऐनका म्यादभित्र फैसला कार्यान्वयन गरिपाउँ भनी दरखास्त दिएमा उल्लेख भए कानूनबमोजिम ३ भागको १ भाग वादीलाई छुट्ट्याई दिनु भनी महोत्तरी जिल्ला अदालतमा लेखी पठाउनू----------------------------१

कोर्ट फीको हकमा कानूनबमोजिम गर्नु भनी सुरू अदालतमा लेखी पठाई प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाई दिनू-----२

उक्त रायमा हामी सहमत छौं।
न्या. पुरूषोत्तम भण्डारी
न्या. बमकुमार श्रेष्ठ

इजलास अधिकृतः भीमबहादुर निरौला
इति संवत् २०७४ साल फागुन १६ गते रोज ४ शुभम्।

## निर्णय नं. ९९८९

सर्वोच्च अदालत, संयुक्त इजलास
सम्माननीय प्रधानन्यायाधीश श्री कल्याण श्रेष्ठ
माननीय न्यायाधीश श्री जगदीश शर्मा पौडेल
फैसला मिति : २०७२।५।३१
०६८-CI-०७१४

मुद्दा : क्षतिपूर्ति

पुनरावेदक / प्रतिवादी : का.जि.का.म.न.पा. वडा नं. ८ तिलगंगास्थित यति एयरलाइन्स प्रा.लि.

विरूद्ध

प्रत्यर्थी / वादी : उपभोक्ता हित संरक्षण मञ्चको पत्रले ललितपुर जिल्ला ल.पु.उ.म.न.पा. वडा नं. १० स्थित रेडियो सगरमाथामा स्टेसन मेनेजरको रूपमा कार्यरत घमराज लुइँटेल

- **हवाई सेवा प्रदान गर्ने प्रकृतिको संस्थाले आफ्नो प्राविधिक कठिनाई उल्लेख गरी काबुबाहिरको परिस्थिति पर्न गई भएका ढिलाई सम्बन्धमा उपभोक्तालाई यथाशक्य चाँडो सूचना गरेको अवस्थामा त्यस्तो परिस्थितिलाई अन्यथा भन्न सकिने हुँदैन । तर सेवा प्रदायक संस्थाले लापरवाहीपूर्वक उडान तालिका परिवर्तन गरी उडानको निर्धारित तालिकाविपरीत उडान गर्दा त्यसको परिणाम उपभोक्तालाई क्षति पुग्न गएको अवस्थामा पनि टिकटको सर्त देखाई आफ्नो कुनै पनि दायित्व नै नभएको भनी पन्छिन नमिल्ने ।**

(प्रकरण नं.७)

- **उडान तालिकामा यथासम्भव हेरफेर गर्नुहुँदैन । परिवर्तन गर्नुपर्ने बाध्यात्मक अवस्था र काबुबाहिरको परिस्थितिमा पनि मनासिब कारण बताउनु पर्छ । उपभोक्तालाई उडान तालिकामा भएको परिवर्तनको सूचना र जानकारी यथाशक्य चाँडो गराई उपभोक्ताको हितलाई यथाशक्य अप्रभावित रहने काम गर्नुपर्छ । सूचना प्रविधिको चरम विकास भएको अहिलेको समयमा उक्त कर्तव्य निर्वाह गरी उपभोक्तालाई सूचना र जानकारी प्रदान गर्ने कुरा असम्भव कार्य पनि नहुने ।**

(प्रकरण नं.१०)

- **हवाई यातायात सेवा नेपालको लागि आधारभूत र अत्यावश्यक सेवाअन्तर्गत पर्ने भएकाले यस्तो सेवाको गुणस्तरको निर्धारण हुन अपरिहार्य देखिएको छ । तोकिएको समयमा मनासिब कारणविना नै उडान रद्द गरिनु, उडान रद्द गरिएको पूर्वसूचना उपभोक्तालाई यथासमयमा नदिइनु जस्ता कुरा पनि हवाई यातायातको गुणस्तरभित्र पर्ने ।**

(प्रकरण नं.१४)

प्रतिवादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता श्री सतिशकृष्ण खरेल

वादीका तर्फबाट :

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- उपभोक्ता संरक्षण ऐन, २०५४

सुरू फैसला गर्नेः

क्षतिपूर्ति समिति

पुनरावेदन तहमा फैसला गर्नेः

माननीय न्यायाधीश श्री दीपकराज जोशी

माननीय न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ

फैसला

**प्र.न्या.कल्याण श्रेष्ठ :** पुनरावेदन अदालत पाटनको मिति २०६७।५।२३ को फैसलाउपर न्याय प्रशासन ऐन, २०४८ को दफा ९ बमोजिम प्रतिवादीको तर्फबाट यस अदालतमा पुनरावेदन परेको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार छः-

म निवेदक घमराज लुइँटेल विद्युतीय सञ्चार क्षेत्रमा कार्यरत व्यक्ति भएको हुँदा सोही कामको सिलसिलामा १ मार्च २००७ देखि ८ मार्च २००७ सम्मको विराटनगरको रेडियो कार्यक्रम सञ्चालनका लागि सोही मितिमा काठमाडौं-विराटनगर जाने र ८ मार्च २००७ मा विराटनगर-काठमाडौं उडान भर्ने गरी यति एअर लाइन्सको टिकट खरिद गरी आफ्नो टिकट समयअनुसार उडान भर्न १ मार्च २००७ का दिन बिहान ८.३० बजे त्रिभुवन अन्तर्राष्ट्रिय

विमानस्थलमा गएकोमा बिहान ९ बजे उडान हुनुपर्ने विमान पहिले नै उडिसकेको र ८ मार्च २००७ मा फर्की आउँदा पनि विराटनगरबाट काठमाडौंको दिउँसो ३ बजेको उडान हुनुपर्नेमा करिब २ घण्टा ढिलो उडानका कारणले १ मार्चदेखि ८ मार्चसम्मको विराटनगरको कार्यक्रम र काठमाडौंमा फर्की सो स्थानमा गर्न सकिने कार्यक्रमसमेत प्रभावित हुन गएकाले सो उडानको अनियमित उडान तालिकाको कारणबाट म निवेदकलाई आर्थिक सामाजिक साख मापनमा रू. १ लाख, विराटनगरको कार्यक्रममा प्राप्त गर्ने पारिश्रमिक रू. २५,०००।- र काठमाडौं पुगी काम गरेबापत प्राप्त हुने रू. १०००।- समेत गरी कूल रू.१,२६,०००।- क्षति हुन गएकोले सो क्षति रकम उपभोक्ता संरक्षण ऐन, २०५४ को दफा २४ बमोजिम क्षतिपूर्ति दिलाई भराई पाउँ भनी क्षतिपूर्ति समिति काठमाडौंमा पेस भएको निवेदन पत्र।

निवेदक घमराज लुइँटेल विपक्षी यति एयरलाइन्स भएको क्षतिपूर्ति मुद्दा यस कार्यालयमा पेस भएको हुँदा सो सम्बन्धमा विपक्षी यति एयरलाइन्सको नाममा निवेदनको प्रतिलिपिसहित म्याद जारी गरिएको छ भन्ने बेहोराको च.नं. ३५२ मिति २०६४।१।१३ को पत्रबाट क्षतिपूर्ति समितिबाट पत्राचार भएको।

विपक्षी निवेदकले लिएका जिकिर आधारहीन तथ्य हुन्। सो निवेदनसमेत हदम्याद ३५ दिनभित्र दर्ता हुन नआएको हुँदा स्वतः खारेजभागी छ। निवेदनमा उल्लेख भएको समयमा उडान भर्न नसक्नुको विभिन्न कारणमध्ये मौसम, प्राविधिक कारण, सुरक्षालगायतका हुन सक्ने भएकोले सोपूर्व निर्धारित समयमा हवाई जहाज उडाउने प्रयत्न गर्दा पनि असम्भव हुन गएको मात्र हो। तसर्थ अमूर्त विषय सन्दर्भ देखाई निवेदकले क्षतिपूर्ति माग गर्नु अव्यावहारिक र झुट्ठा भएकोले उक्त उजुरी खारेज गरी फुर्सद दिलाई पाउँ भन्नेसमेत बेहोराको प्रत्यर्थी यति एअरलाइन्स प्रा.लि. को तर्फबाट मिति २०६६।२।६ मा पेस भएको प्रतिउत्तर पत्र।

निवेदक काम विशेषले १ मार्च २००७ (वि.सं. २०६३।११।१७) मा एउटा रेडियो कार्यक्रमको लागि विराटनगर जानुपर्ने भई उडानको लागि जाँदा उडान समयभन्दा आधा घण्टाअगावै जहाज उडी मलाई निर्धारित समयमा विराटनगर जान वञ्चित गरेको र त्यसबाट क्षतिपूर्तिको बेहोरा दर्शाई क्षतिपूर्ति दाबी गरी मिति २०६३।१२।२८ मा ४० दिनपछि निवेदन दर्ता गराएकोमा उपभोक्ता संरक्षण ऐन, २०५४ को दफा २२ बमोजिमको हदम्यादभित्र उजुरी निवेदन नपरी ४० दिनपछि मात्र उजुरी निवेदन परेको देखिँदा प्रस्तुत मुद्दामा तथ्यमा प्रवेश गरिरहन परेन। हदम्यादको कारण उजुरी निवेदन खारेज हुने ठहर्छ भन्ने उपभोक्ता संरक्षण ऐन, २०५४ को दफा २३ बमोजिम गठित क्षतिपूर्ति समितिले मिति २०६६।३।३ मा गरेको निर्णय बेहोरा।

उपभोक्ता संरक्षण ऐन, २०५४ को दफा २२ मा कारण परेको मितिले भनी उल्लेख भएको र आफूले यति एअर लाइन्स प्रा.लि. को विराटनगर-काठमाडौं उडानको ८ मार्च २००७ को उडानमार्फत काठमाडौं त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा म उजुरकर्ता नआई पुगेसम्म सो ऐनको दफा २२ मा लेखिएको कुनै पनि कारण पर्ने अवस्था विद्यमान नहुने एवं आँकलन हुन नसक्ने र सो आइपुगेपछि (Landing) पश्चात् मात्र हानि नोक्सानी भएको वा नभएको कारण ज्ञात हुने भएकाले सोही ८ मार्च २००६ को मितिले मैले ऐ. ऐनको दफा २२ बमोजिम क्षतिपूर्ति दाबी गरी उजुरी गरेकोमा सोही ऐनको उल्लिखित दफा २२ को बमोजिम उजुरी हदम्यादभित्र नपरेको भन्ने आधार कारणबाट उजुरी निवेदन खारेज गर्ने गरी क्षतिपूर्ति समिति, काठमाडौंले मिति २०६६।३।३ मा गरेको निर्णय त्रुटिपूर्ण भएकोले सो निर्णय उल्टी गरी म पुनरावेदक उजुरीकर्ताको दाबीबमोजिम क्षतिपूर्ति पाउने गरी ईन्साफ गरिपाउँ भन्ने उपभोक्ता संरक्षण ऐन, २०५४ को दफा २५ बमोजिम पुनरावेदन अदालत पाटनमा दायर भएको पुनरावेदन पत्र।

यसमा १ मार्च २००७ मा विपक्षी एअरलाइन्सको काठमाडौंबाट विराटनगरको उडान आधा घण्टाअगावै र ८ मार्चको विराटनगरबाट काठमाडौंको उडान २ घण्टा ढिलो भएको भन्ने आधारमा क्षतिपूर्तिको दाबी लिएकोमा १ मार्च २००७ को उडानको आधारमा मात्र हदम्यादभित्र उजुरी नपरेको भनी उजुरी निवेदन खारेज गर्ने गरेको सुरू निर्णय फरक पर्न सक्ने देखिँदा मुलुकी ऐन अ.बं. २०२ नं. तथा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ बमोजिम छलफलको लागि प्रत्यर्थी झिकाई निज हाजिर भए वा म्याद नाघेपछि पेस गर्नु भन्ने मिति २०६६।११।५ को पुनरावेदन अदालत पाटनको आदेश।

निवेदकको मागबमोजिम निजलाई विराटनगरबाट काठमाडौं आउनेसमेतको मिति २०६३।११।२४ को टिकटबाट फर्कंदा विनाकारण विमानको उडान समयमै नगरेको र ढिलाई भएकाले निवेदकले माग गरेबमोजिमको रू.१०००।- (अक्षरूपी हजार मात्र) विपक्षी यति एअरलाइन्सबाट पुनरावेदक घमराज लुइटेलले क्षतिपूर्ति पाउने निर्णय गर्नुपर्नेमा हदम्यादको कारण निवेदन खारेज गर्ने गरेको जिल्ला क्षतिपूर्ति समिति काठमाडौंको मिति २०६६।३।३ को निर्णय मिलेको नदेखिँदा उल्टी भई पुनरावेदकले रू.१०००।- प्रत्यर्थी यति एअरलाइन्सबाट क्षतिपूर्ति भराई पाउने ठहर्छ भन्ने पुनरावेदन अदालत पाटनको मिति २०६७।५।२३ को फैसला।

पुनरावेदन अदालतको फैसलामा चित्त बुझेन। वादी आफैँले १ मार्च २००७ मा विराटनगर गएको भनी स्वीकार गरेकोमा मुद्दा गर्नुपर्ने कारण सोही मितिबाट प्रारम्भ भएको हो। सो मितिबाट हदम्याद गुजारी उजुरी परेकोमा त्यस्तो उजुरी लाग्नै नसक्ने हो। नेपालको कुनै कानूनमा उडान ढिला भएको सम्बन्धमा क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छैन। पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण भएकाले उल्टी गरी दाबी खारेज गरिपाउँ भन्ने प्रतिवादीको यस अदालतमा परेको पुनरावेदन पत्र।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दाको पुनरावेदनसहितको मिसिल अध्ययन गरियो। पुनरावेदक प्रतिवादीतर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री सतिशकृष्ण खरेलले वादीले हदम्याद नाघी दायर गरेको उजुरीबाट इन्साफ गर्न मिल्ने अवस्था छैन। निज आफैँले १ मार्च २००७ को उडानबाट विराटनगर गएको भनी स्वीकार गरेको अवस्था छ। क्षति भएको भनी दाबी लिनेले ऐनका म्यादभित्र दाबी लिई सक्नु पर्छ। ऐनको हदम्याद नाघी दायर भएको उजुरीबाट इन्साफ गर्न मिल्दैन। उपभोक्ता संरक्षण ऐन, २०६४ को दफा ११ बमोजिम उडान ढिलाई हुँदा कति क्षतिपूर्ति दिने भन्ने मापदण्ड छैन। कानूनले त्यस्तो मापदण्ड नतोकेको अवस्थामा क्षतिपूर्ति निर्धारण गर्न मिल्दैन। भारतमा Civil Aviation Requirement (CAR) मा के कस्तो अवस्थामा एयरलाइन्सहरूले क्षतिपूर्ति तिर्नुपर्ने र के कस्तो अवस्थामा नपर्ने भन्ने व्यवस्था रहेकोमा नेपालमा त्यस्तो कुनै कानूनी व्यवस्था नभएकाले टिकटको सर्तबमोजिम कुनै हानि पुगेको अवस्थामा बाहेक क्षतिपूर्ति दाबी गर्न मिल्दैन। यो अवस्थामा वादीको उजुरी खारेज गर्नुपर्नेमा क्षतिपूर्ति तिर्नुपर्ने ठहराएको पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण भएकाले उल्टी भई वादीको उजुरी खारेज हुनुपर्छ भन्नेसमेत बहस गर्नुभयो।

उक्त बहससमेत सुनी प्रस्तुत मुद्दामा पुनरावेदन अदालत पाटनको फैसला मिलेको छ वा छैन र पुनरावेदन जिकिर पुग्ने हो वा होइन भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो।

२. निर्णयतर्फ विचार गर्दा प्रत्यर्थी वादी घमराज लुइटेल सञ्चार क्षेत्रमा कार्यरत व्यक्ति भएकोमा आफ्नो कामको सिलसिलामा काठमाडौंबाट विराटनगर जान यति एयरलाइन्सको १ मार्च २००७ को बिहान ९ बजे उडान भएको टिकट खरिद गरेकोमा निज बिहान

८.३० मा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल पुग्दा निर्धारित समयभन्दा पहिले नै उक्त विमान उडिसकेको र ८ मार्च २००७ मा विराटनगरबाट काठमाडौं फर्की आउँदा सोही एयरलाइन्सको दिउँसो ३ बजेको उडान हुनुपर्नेमा करिब २ घण्टा ढिलो उडान गरेकाले विमान कम्पनीले गरेको उडान तालिकामा भएको उक्त परिवर्तनबाट निजलाई रू.१,२६,०००।– क्षति पुग्न गएकोले क्षतिबापतको रकम क्षतिपूर्ति दिलाई पाउन माग दाबी गरी क्षतिपूर्ति समिति काठमाडौंमा निवेदन गरेको देखिन्छ।

३. सो क्षतिपूर्ति समितिले निवेदकले उपभोक्ता संरक्षण ऐन, २०५४ को दफा २२ बमोजिमको हदम्यादभित्र उजुरी नगरी ४० दिनपछि मात्र उजुरी गरेकाले हदम्यादको अभावमा दाबी खारेज गरेकोमा पुनरावेदन अदालत पाटनले क्षतिपूर्ति समितिको निर्णय उल्टी गरी वादीले विपक्षी एयरलाइन्स कम्पनीबाट रू.१,०००।- क्षतिपूर्ति भराई लिन पाउने ठहराएको निर्णयउपर प्रतिवादी एयरलाइन्स कम्पनीको तर्फबाट यस अदालतमा पुनरावेदन परी निर्णयार्थ यस इजलाससमक्ष पेस हुन आएको रहेछ।

४. पुनरावेदक प्रतिवादीले यस अदालतमा पुनरावेदन गर्दा उपभोक्ता संरक्षण ऐन, २०५४ को दफा २२ बमोजिमको हदम्यादभित्र वादीको उजुरी नपरी हदम्याद नघाई दायर भएको, उडानमा भएको ढिलाईबापत क्षतिपूर्ति दिने कानूनी व्यवस्था नभएको र उजुरकर्ताले टिकटको सर्त पालना नगरेका अवस्थामा उजुरी खारेज गर्नुपर्नेमा सो नगरी क्षतिपूर्ति भराई दिने ठहराएको पुनरावेदन अदालत पाटनको फैसला त्रुटिपूर्ण रहेको भन्ने जिकिर लिएको पाइन्छ।

५. यस सम्बन्धमा प्रस्तुत मुद्दाको तथ्यगत अवस्था हेर्दा उजुरीकर्ता निवेदक घमराज लुइटेलले पुनरावेदक यति एअरलाइन्सको मिति १ मार्च २००७ र ८ मार्च २००७ को क्रमश: काठमाडौंबाट विराटनगरको बिहान ९ बजेको टिकट तथा विराटनगरबाट काठमाडौंको दिउँसो ३ बजेको टिकट खरिद गरेको भन्ने कुरामा विवाद छैन। उजुरीकर्ताले दाबी गरेबमोजिमको उडान तालिकाबमोजिमको टिकट खरिद गरेको कुरालाई पुनरावेदक कम्पनीले समेत अन्यथा भन्न सकेको देखिँदैन। सो समय तालिकाबमोजिम उजुरीकर्ता १ मार्च २००७ को बिहान ९ बजेको उडानको लागि बिहान ८.३० मा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल पुगेकोमा ८.३० बजेभन्दाअगावै जहाज उडिसकेको भन्ने निजको कथन रहेको छ। त्यस्तै उजुरीकर्ता उक्त एअरलाइन्सबाट ८ मार्च २००७ मा विराटनगरबाट काठमाडौं फर्कने क्रममा यति एअरलाइन्सले समयमा उडान नभरेको कारण भएको ढिलाईबाट आफूलाई क्षति पुग्न गएको भनी उपभोक्ता संरक्षण ऐन, २०५४ को दफा २२ बमोजिम क्षतिपूर्तिको दाबी गरी उजुरी गरेको देखियो। उक्त उजुरीमा ८ मार्च २००७ को ३ बजेको समयमा विराटनगरबाट काठमाडौं उडानमार्फत फर्कनु पर्नेमा २ घण्टा ढिलो काठमाडौंका लागि विमान उडाइएको र सो कारणले गर्दा निज उजुरीकर्ताको काठमाडौंको कार्यक्रममा ढिलो पहुँचका कारणबाट सहभागी हुन वञ्चित भएको भन्ने उल्लेख गरेको देखिन्छ।

६. प्रस्तुत मुद्दामा पुनरावेदकले यस अदालतमा पुनरावेदन गर्दा वादीको उजुरी हदम्यादभित्र नपरेकोले उजुरी खारेज हुनुपर्ने भनी लिएको जिकिर सम्बन्धमा विचार गर्दा उपभोक्ता संरक्षण ऐन, २०५४ को दफा २२ मा वस्तु वा सेवा बिक्री वितरण वा प्रदान गरेको कारणबाट कुनै उपभोक्तालाई कुनै पनि किसिमको हानि नोक्सानी हुन गएमा त्यस्तो उपभोक्ता वा संस्थाले क्षतिपूर्ति भराई पाउँ भनी क्षतिपूर्ति समितिसमक्ष ३५ दिनभित्र उजुरी गर्नुपर्ने कानूनी व्यवस्था गरेको देखिन्छ। सो कानूनी व्यवस्थाअनुसार कुनै उपभोक्तालाई वस्तु तथा सेवाको उपभोगबाट कुनै किसिमको हानि नोक्सानी पुगेमा क्षतिपूर्तिको माग

दाबी लिई उजुर गर्ने हदम्याद ३५ दिनभित्र रहेको भन्ने कुरामा कुनै विवाद छैन । यी उजुरकर्ता पुनरावेदक कम्पनीको उडानबाट १ मार्च २००७ मा विराटनगर गई ८ मार्च २००७ मा काठमाडौं फर्कने टिकट खरिद गरी सोहीअनुसार ८ मार्च २००७ अर्थात् २०६३।११।२४ मा काठमाडौं आइपुगेको भन्ने निजको जिकिर रहेको छ । उजुरकर्ता सोही मितिमा काठमाडौं फर्केको भनी लिएको दाबीका सम्बन्धमा पुनरावेदक कम्पनीबाट पुनरावेदन पत्रमा अन्यथा जिकिर लिइएको देखिँदैन। मिसिल संलग्न कागजातबाट समेत निज सोही मिति २०६३।११।२४ मा नै काठमाडौं फर्केको भन्ने देखिँदा सोही फर्केको मितिबाटै हदम्याद प्रारम्भ भएको मान्नुपर्ने हुन्छ । उजुरकर्ताले मिति २०६३।१२।२८ मा ऐनको दफा २२ बमोजिम क्षतिपूर्ति समितिसमक्ष उजुरी दिएको भन्ने क्षतिपूर्ति समितिको निर्णयमा नै उल्लेख भएको परिप्रेक्ष्यमा क्षतिपूर्तिको उजुरी हदम्याद नाघी दायर भएको भन्न मिल्ने भएन । मिसिल संलग्न उल्लिखित तथ्यको आधारमा उक्त उजुरी कानूनको हदम्यादभित्र दायर भएको देखिएको सन्दर्भमा हदम्याद नाघी दायर भएको उजुरी नै खारेज हुनुपर्ने भन्ने पुनरावेदक कम्पनीको जिकिर मनासिब देखिएन।

७. अब उजुरकर्तालाई रू. एक हजार क्षतिपूर्ति भराइदिने ठहराएको पुनरावेदन अदालतको निर्णय नमिलेको भन्ने पुनरावेदन जिकिर सम्बन्धमा विचार गर्दा उजुरीकर्ताले टिकटका सर्तहरू पालना नगरेकाले विमान कम्पनीले कुनै क्षति बेहोर्नु नपर्ने भन्ने पुनरावेदन पत्रमा जिकिर लिएको देखिन्छ । तर उजुरकर्ताले के कस्तो सर्तहरू पालना नगरेको भनी पुनरावेदन पत्रमा वस्तुनिष्ठरूपमा केही उल्लेख गरिएको पाइँदैन । पुनरावेदक जस्ता हवाई सेवा प्रदान गर्ने प्रकृतिको संस्थाले आफ्नो प्राविधिक कठिनाई उल्लेख गरी काबुबाहिरको परिस्थिति पर्न गई भएका ढिलाई सम्बन्धमा उपभोक्तालाई यथाशक्य चाँडो सूचना गरेको अवस्थामा त्यस्तो परिस्थितिलाई अन्यथा भन्न सकिने हुँदैन । तर सेवा प्रदायक संस्थाले लापरवाहीपूर्वक उडान तालिका परिवर्तन गरी उडानको निर्धारित तालिकाविपरीत उडान गर्दा त्यसको परिणाम उपभोक्तालाई क्षति पुग्न गएको अवस्थामा पनि टिकटको सर्त देखाई आफ्नो कुनै पनि दायित्व नै नभएको भनी पन्छिन मिल्ने हुँदैन । उडानको पूर्व निर्धारित तालिका विभिन्न कारणले परिवर्तन हुनसक्छ, तर त्यस्तो परिवर्तन गरिने आधार मनासिब हुनपर्छ । यी उजुरीकर्ता सञ्चार क्षेत्रसँग सम्बन्धित व्यक्तित्व भई आफ्नो क्षेत्रको कार्यसम्पादन गर्ने सिलसिलामा काठमाडौं-विराटनगर र विराटनगर-काठमाडौं यात्रा गर्नुपर्ने भई पुनरावेदक हवाई कम्पनीको टिकट लिएकोमा पूर्वनिर्धारित समय तालिकामा गरिएको परिवर्तन सम्बन्धमा निजलाई कुनै प्रकारको पूर्वजानकारी गराइएको भन्ने पनि देखिएको छैन । यस्तो पूर्वजानकारी गराइएको भन्ने पुनरावेदक कम्पनीको जिकिर पनि छैन । त्यस्तै के कति कारणले र के कस्तो काबुबाहिरको अवस्था एवम् परिस्थिति परी उडान तालिकामा परिवर्तन गर्नु परेको भन्ने सम्बन्धमा पनि पुनरावेदकले तथ्ययुक्त आधार देखाउन सकेको पाइँदैन । यस अवस्थामा केबल टिकटमा उल्लेख भएका सर्तहरू देखाई सेवा प्रदायक पुनरावेदक कम्पनी आफ्नो दायित्वबाट उम्किन मिल्ने हुँदैन ।

८. यी उजुरकर्ताको यात्राको लागि निर्धारित गरिएको समय तालिकाबमोजिम उडान गर्न नसकिएको भन्ने कुरालाई पुनरावेदक कम्पनीले अन्यथा भन्नसकेको देखिँदैन । त्यसरी काबुबाहिरको कुनै परिस्थिति परी उडान तालिकामा परिवर्तन गर्नु परेको भए उपभोक्तालाई सो कुराको सूचना यथासमयमा गर्नुपर्ने दायित्वसमेत पुनरावेदक कम्पनीको भएकोमा त्यस्तो सूचना यी उजुरकर्तालाई यथासमयमा प्रदान गरेको भन्ने पनि देखिएको छैन । यस अवस्थामा उजुरकर्ताले आफूलाई विराटनगरको कार्यक्रम तथा काठमाडौंको कार्यक्रममा समेत उडान तालिकामा भएको परिवर्तनबाट क्षति पुग्न गएको भनी

रू.१,२६,०००।- को क्षतिपूर्तिको दाबी लिएकोमा पुनरावेदन अदालतले उजुरीकर्ता काठमाडौंमा आई काम गरेबापत प्राप्त हुने पारिश्रमिकसम्म क्षति भएको देखिएको भनी पुनरावेदक कम्पनीबाट उजुरकर्तालाई रू. एक हजार क्षतिपूर्ति भराई दिने ठहराएको फैसला मनासिबै देखिन आयो।

९. तसर्थ उल्लिखित आधार र कारणबाट क्षतिपूर्ति समितिको निर्णय उल्टी गरी यी उजुरकर्ताले उजुर गरेको सम्पूर्ण क्षतिपूर्तिको दाबी नपुग्ने गरी ८ मार्च २००७ को टिकटबाट साँझ ३ बजे विराटनगरबाट काठमाडौं आउनु पर्नेमा जहाज उडानमा ढिलाई भएको कारणबाट निजलाई सो दिनको पारिश्रमिकबापत रू. १,०००।- क्षति भएको भनी रू. १,०००।– सम्म मात्र विपक्षी यति एअरलाइन्स कम्पनीबाट उजुरकर्तालाई क्षतिपूर्ति दिलाई दिने गरी सोको कार्यान्वयन गरी दिन उपभोक्ता संरक्षण ऐन, २०५४ को दफा २४ बमोजिम क्षतिपूर्ति समिति काठमाडौंलाई आदेश दिने गरी भएको पुनरावेदन अदालत पाटनको मिति २०६७।५।२३ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्तैन।

१०. हवाई सेवा प्रदान गर्ने सेवा प्रदायकले तोकिएको समयमा नै उडान गर्नुपर्ने निजहरूको प्राथमिक दायित्व हो। उडान तालिकामा यथासम्भव हेरफेर गर्नुहुँदैन। परिवर्तन गर्नुपर्ने बाध्यात्मक अवस्था र काबुबाहिरको परिस्थितिमा पनि मनासिब कारण बताउनु पर्छ। उपभोक्तालाई त्यसरी उडान तालिकामा भएको परिवर्तनको सूचना र जानकारी यथाशक्य चाँडो गराई उपभोक्ताको हितलाई यथाशक्य अप्रभावित रहने काम गर्नुपर्छ। सूचना प्रविधिको चरम विकास भएको अहिलेको समयमा उक्त कर्तव्य निर्वाह गरी उपभोक्तालाई सूचना र जानकारी प्रदान गर्ने कुरा असम्भव कार्य पनि होइन।

११. आजको युगमा उपभोक्तालाई सार्वभौम मानिन्छ। कुनै वस्तु वा सेवाको मूल्य चुक्ता गर्ने उपभोक्ताले आफूले चुक्ता गरेको मूल्यबापत गुणस्तरीय वस्तु, सेवा र त्यसबाट सन्तुष्टि प्राप्त गर्न पाउनु नै उपभोक्ताको अधिकार प्राथमिक चरण हो। उपभोक्ताको सन्तुष्टिको कुरा गर्दा गुणस्तरीय वस्तु तथा सेवाको प्रवाह नै महत्त्वपूर्ण कुरा हुन्छ। उपभोक्ताले पाउने गुणस्तरयुक्त सेवाको कुरा गर्दा अनुचित विलम्ब पनि गुणस्तर प्रभावित हुने कुराभित्र पर्न आउने हुन्छ। आजको युगको सार्वभौम उपभोक्तालाई सेवा प्रदायक संस्थाले उचित सम्मान दिई गुणस्तरीय वस्तु तथा सेवा उपलब्ध गराउनु पर्ने अवस्थामा हवाई सेवा जस्तो सेवा प्रदायक कम्पनीले हवाई टिकटमा उल्लेख गरेको साधारण सर्तहरूकै कारणबाट सो सर्तहरूलाई निरपेक्ष र अकाट्य मानी आफ्नो अरू कुनै पनि दायित्व नै नहुने भन्ने कुरा न्यायोचित हुन सक्तैन। आधुनिक युगमा हवाई सेवा अत्यावश्यक र आधारभूत आवश्यकताको साधन भएको सन्दर्भमा हवाई यातायातको गुणस्तरमा ह्रास आउन सक्ने वा विना औचित्य जुनसुकै बेला पनि हवाई कम्पनीले वेमुनासिब तवरबाट सेवाग्राहीलाई सूचना नदिई वा दिएर पनि त्यस्तो सूचनाले ती ग्राहक वर्गको अहित हुने निश्चित देख्दादेख्दै केबल हवाई कम्पनीको लाभका लागि एकतर्फी र औचित्यविहीन ढङ्गबाट उडान तालिका परिवर्तन गर्नु त्यस्तो सेवा प्रदायक कम्पनीको अधिकार भएको मान्न सकिन्न। आजको समयमा प्रतिस्पर्धात्मक, गुणस्तरीय र भरपर्दो हवाई सेवा सञ्चालन गर्नुपर्नेमा हेलचेक्रयाईंसहित हवाई सेवा प्रदायक कम्पनीले सेवाग्राहीप्रति व्यवहार गर्ने अपेक्षा पनि गर्न सकिँदैन।

१२. उपभोक्ता संरक्षण ऐन, २०५४ को दफा ६ मा उपभोक्ताको अधिकारको संरक्षण तथा सम्बर्द्धनसम्बन्धी व्यवस्थाअन्तर्गत उपदफा (१) मा उपभोक्ताको हक हित संरक्षण गर्ने प्रयोजनको निमित्त प्रत्येक उपभोक्तालाई देहायका अधिकारहरू प्राप्त हुनेछन् भन्ने उल्लेख भएको पाइन्छ।

(क) जीउ, ज्यान, स्वाथ्य तथा सम्पत्तिमा हानि

पुऱ्याउने उपभोग्य वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षित हुन पाउने अधिकार,

(ख) अनुचित व्यापारिक क्रियाकलापबाट सुरक्षित हुनको निमित्त उपभोग्य वस्तु तथा सेवाको मूल्य, गुण, परिमाण, शुद्धता, गुणस्तर आदिबारे सूचित हुने अधिकार,

(ग) यथासम्भव प्रतिस्पर्धात्मक मूल्यमा उपभोग्य वस्तु तथा सेवाको छनौट गर्न पाउने अवसरमा विश्वस्त हुने अधिकार,

(घ) उपभोक्ताको हक हित संरक्षणका सम्बन्धमा उपयुक्त निकायबाट सुनुवाइ हुन्छ भन्ने कुरामा विश्वस्त हुने अधिकार,

(ङ) अनुचित व्यापारिक क्रियाकलापबाट उपभोक्ताहरूमा हुने शोषण तथा मर्काको विरूद्ध सुनुवाइ र क्षतिपूर्ति पाउने अधिकार, र

(च) उपभोक्ता शिक्षाको अधिकार।

१३. सोही ऐनको दफा २(क) मा उपभोक्ता भन्नाले कुनै उपभोग्य वस्तु वा सेवा उपभोग वा प्रयोग गर्ने व्यक्ति वा संस्था सम्झनु पर्छ भनी उपभोक्ता भन्ने शब्दावलीको परिभाषा गरेको पाइन्छ । त्यस्तै दफा २(ङ) मा सेवा भन्नाले कुनै कामको निमित्त कुनै पनि किसिमको सेवा शुल्क वा प्रतिफल लिई प्रदान गरिएको श्रम सुविधा वा परामर्श सम्झनुपर्छ भन्ने उल्लेख छ। दफा ८ मा उपभोग्य वस्तु वा सेवाको आपूर्तिलाई व्यवस्थित तथा नियन्त्रित गर्ने अधिकारअन्तर्गत उपभोक्ताको हित संरक्षण गर्नको निमित्त उपभोग्य वस्तु वा सेवाको आपूर्तिलाई व्यवस्थित, नियन्त्रित तथा नियमित गर्ने अधिकार नेपाल सरकारलाई प्राप्त भई उपभोग्य वस्तु वा सेवाको गुणस्तर, मूल्य निर्धारण र आपूर्ति व्यवस्थासम्बन्धी नीति निर्माण गर्ने अधिकारसमेत नेपाल सरकारलाई प्राप्त भएको देखिन्छ। सोही ऐनको दफा ११ को उपभोग्य वस्तु वा सेवाको गुणस्तरअन्तर्गत उपदफा १ मा कुनै उपभोग्य वस्तु वा सेवामा कुनै पदार्थको गुणस्तर वा मात्रा कुन परिधिभित्रको हुनुपर्नेछ भन्ने कुराको निर्धारण भएको रहेछ भने नेपाल सरकारले त्यस्तो वस्तु वा सेवाको गुणस्तरको निर्धारण तोकिएबमोजिमको प्रक्रिया पूरा गरी गर्नेछ भन्ने व्यवस्था रहेको छ।

१४. उपभोक्ता संरक्षण ऐन, २०५४ मा उल्लिखित उपर्युक्त व्यवस्थाले उपभोक्ताको अधिकारलाई कानूनी मान्यता प्रदान गरेको र उपभोक्ताले प्रयोग गर्ने हरेक प्रकारका वस्तु र सेवा गुणस्तरीय हुनुपर्ने भन्ने कुरामा विवाद हुन सक्तैन । त्यस्तै उक्त कानूनी व्यवस्थाअनुसार उपभोक्ताले प्रयोग गर्ने हरेक प्रकारका वस्तु र सेवाको गुणस्तरको निर्धारण एवम् सोसम्बन्धी नीति निर्माणलगायतको कार्य नेपाल सरकारले गर्नसक्ने नै देखिन आयो। हवाई यातायात सेवा नेपालको लागि आधारभूत र अत्यावश्यक सेवाअन्तर्गत पर्ने भएकाले यस्तो सेवाको गुणस्तरको निर्धारण हुन अपरिहार्य देखिएको छ। तोकिएको समयमा मनासिब कारणविना नै उडान रद्द गरिनु, उडान रद्द गरिएको पूर्वसूचना उपभोक्तालाई यथासमयमा नदिइनु जस्ता कुरा पनि हवाई यातायातको गुणस्तरभित्र पर्ने कुरा हुन्। सेवाको मूल्य चुक्ता गरेका उपभोक्तालाई गुणस्तरीय सेवा प्राप्त गर्ने संवैधानिक र कानूनी हक पनि हो। त्यस्तो गुणस्तरीय सेवा प्रदान नगरी लापरवाही गरी उपभोक्तालाई क्षति पुग्न गएको अवस्थामा हवाई यातायात सेवा प्रदायक संस्थाले त्यस्तो क्षतिपूर्तिको दायित्वसमेत वहन गर्नुपर्ने व्यवस्था गरी त्यस्ता सेवा प्रदायक संस्थालाई जिम्मेवार बनाउनु आजको आवश्यकता रहेको छ। तर सम्बन्धित निकायबाट यस्तो प्रकारको क्षतिपूर्तिको रकमको निर्धारणको मापदण्ड निर्माण गरिएको भन्ने देखिन नआएको सन्दर्भमा उपर्युक्तानुसार क्षतिपूर्तिको रकम निर्धारणका लागि उपभोक्ता संरक्षण ऐन, नियमसमेतको आधारमा आवश्यक मापदण्ड निर्धारण

गरी लागू गर्नु भनी नागरिक उड्डयन मन्त्रालयलाई र उपभोक्ता संरक्षण ऐन, २०५४ को दफा ११ को प्रयोजनका लागिसमेत हवाई यातायातको गुणस्तर निर्धारण गर्नु भनी नेपाल सरकार मन्त्रिपरिषद्को नाउँमा निर्देशनात्मक आदेश जारी गरिदिएको छ। यो आदेशको कार्यान्वनको लागि फैसलाको प्रतिलिपिसाथ राखी महान्यायाधिवक्ताको कार्यालयमार्फत नागरिक उड्डयन मन्त्रालय र नेपाल सरकार मन्त्रिपरिषद्मा फैसलाको जानकारी दिई प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल नियमानुसार बुझाइदिनू।

उक्त रायमा सहमत छु।
न्या. जगदीश शर्मा पौडेल

इजलास अधिकृत: विश्वनाथ भट्टराई
इति संवत् २०७२ साल भदौ ३१ गते रोज ५ शुभम्।

## निर्णय नं. ९९९०

सर्वोच्च अदालत, संयुक्त इजलास
सम्माननीय प्रधानन्यायाधीश श्री सुशीला कार्की
माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा
आदेश मिति : २०७३।६।५
०६९-WO-१४२६

विषय : उत्प्रेषण / परमादेश

निवेदक : काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ११ स्थित रातो कुमारी विकास सेवा समितिको तर्फबाट अख्तियार प्राप्त भई आफ्नो हकमा समेत ऐ.का अध्यक्ष ऐ.ऐ. बस्ने अशोक तण्डुकारसमेत

विरूद्ध

विपक्षी : प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत

- **नेपाल सरकारले कर्मचारी ट्रेड युनियनहरूका लागि भवन निर्माण गर्न सरकार अधीनस्थ रहेको केही खाली जग्गाको भोगाधिकारसम्म उपलब्ध गराएको र सो जग्गामा भवन निर्माणका लागि साधिकार निकायबाट विधिवत् रूपमा नक्सा पास गरी भवन निर्माण गरेको कार्यलाई कानून प्रतिकूल कार्य मान्न नमिल्ने।**

(प्रकरण नं. ३)

- **हाम्रा पुराना र ऐतिहासिक धरोहरहरू (Historical Heritage) नासिने मासिने, अतिक्रमण हुने वा व्यक्तिका नाउँमा कायम गरिने स्थिति उत्पन्न हुन नदिई त्यस्ता**

सर्वोच्च अदालत

**सम्पदाको संरक्षण र सम्बर्द्धन गर्नु राज्यको कर्तव्य हुने।**

- **ऐतिहासिक धरोहरहरू पुर्खाको अमूल्य निशानी र सभ्यताको परिचायक वस्तुहरू हुन् । त्यसैले यस्ता सम्पदाको संरक्षण गर्नुपर्दछ भन्ने कुरालाई संसारभर महत्त्वका साथ लिने गरिएको छ । हाम्रा अनेक सम्पदासँग पुर्खाका गौरवमय गाथा जोडिएका छन् । तत्कालीन शासकको प्राथमिकता, रूचि र वीरगाथा जस्ता कुराहरूका आधारमा भिन्नभिन्न कालखण्डमा भिन्नभिन्न शैलीका ऐतिहासिक सम्पदाहरू निर्माण हुन पुगेको पाइन्छ। यी सबैको संरक्षण हुनु पर्ने।**
- **ऐतिहासिक महत्त्वका वस्तुको संरक्षण गर्नु एउटा गौरवपूर्ण विषय पनि हो । सरकारले नै जग्गाको लेनदेन गराउने, बिक्री वितरण गर्ने, भाडामा दिने जस्ता कार्य गरी पुरातात्विक महत्त्वका स्थान, सम्पदा वा वस्तुको व्यापार गर्नु हुँदैन । वास्तवमा सरकार सार्वजनिक सम्पदा वा सम्पत्तिको मालिक मात्र नभएर त्यसको न्यासधारी संरक्षक पनि हो । यो दायित्व पूरा गर्ने कुरामा कुनै कमी कमजोरी रहन दिन नहुने।**

(प्रकरण नं.४)

- **भोगाधिकार दिएकोसम्बन्धी कुरालाई अनन्तकालसम्म कायम रहन दिनु उचित देखिँदैन । निश्चित समयमा यो भोगाधिकारको अन्त गरिनु पर्ने।**

(प्रकरण नं.५)

निवेदकका तर्फबाट : विद्वान् अधिवक्ता श्री भीमार्जुन आचार्य

विपक्षीका तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता श्री खेमराज ज्ञवाली, विद्वान् अधिवक्ता श्री टीकाराम भट्टराई

अवलम्बित नजिर :

सम्बद्ध कानून :

आदेश

**प्र.न्या.सुशीला कार्की** : नेपालको संविधानको धारा ४६ र १३३(२) र (३) बमोजिम दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छ :

हामी रिट निवेदकहरूमध्ये म अशोक तण्डुकार स्थानीय स्तरमा धर्म, संस्कृति, वातावरण, कला, भाषा र साहित्यको उचित संरक्षण र सम्बर्द्धन गर्न तथा स्वास्थ्य, जनसंख्या, वातावरण संरक्षण र प्रदूषण नियन्त्रणलगायतका कार्यहरू गर्न गराउन स्थापित रातो कुमारी विकास सेवा समितिको अध्यक्ष हुँ। म भाइराजा शाक्य स्थानीय समाजसेवी तथा स्थानीयस्तरमा मठ, मन्दिर, सिमसार आदिको संरक्षणमा प्रयासरत छु। म हिम्मत सिंह लेकाली स्थानीय स्रोत साधनको वैज्ञानिक तरीकाले समुचित उपभोग गरी वातावरण सुधार, मौसम परिवर्तन, शिक्षा, स्वास्थ्य तथा सरसफाइजस्ता सेवामूलक कार्यक्रम गरी समुदायलाई आत्मनिर्भर बनाउन सहयोग गर्ने समाजसेवी एवं नेपाली समाज र सांस्कृतिक पक्षहरूको सम्बर्द्धन र प्रबर्द्धन गर्ने गराउने संस्था वर्ल्ड पिस सोलिडारीटी नेपालको अध्यक्ष हुँ। म ज्ञानुकुमार बज्राचार्य स्थानीयस्तरमा राजेश मार्ग टोल सुधार समितिको अध्यक्ष रही प्राकृतिक तथा सांस्कृतिक सम्पदाको संरक्षण, सम्बर्द्धन र विकासमा क्रियाशील छु।

हामी बस्दै आएको का.म.न.पा. वडा नं. ११ स्थित हालको वन विभाग तथा भू तथा जलाधार संरक्षण विभागभन्दा पछाडि लिच्छवी कालदेखि नै रातो कुमारी मन्दिर अवस्थित छ । ऐतिहासिक रातो

कुमारी मन्दिर परिसरले नागराजको स्थान, पोखरी र सिमसार क्षेत्रसमेत गरी राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको दक्षिणतर्फ करिब ३-८-०-० जग्गा रहेको छ । सो स्थानमा स्थानीय नेवार समुदायको जीवित कुलदेवीको मन्दिर रहेको र पोखरीमा परापूर्व कालदेखि दैनिक नित्य पूजाआजा हुँदै आएको छ। सो स्थानमा वि.सं. १९०३ सालदेखिको तेलीय इँट्टा छ र उत्खनन गरे पुरातात्विक महत्त्वका थप सम्पदाहरू प्राप्त हुनसक्ने देखिन्छ । यस्तो स्थानलाई भावी पुस्तामा हस्तान्तरण हुने गरी चिरकालपर्यन्त संरक्षण हुनुपर्दछ र सरकारलाई यस कार्यमा जिम्मेवारी हाम्रो हो।

हालै नेपाल सरकारले यो स्थललाई नेपाल निजामती कर्मचारी युनियन र नेपाल निजामती मधेसी मञ्चसमेतलाई भोगाधिकार दिएको छ। सो आधारमा यस क्षेत्रलाई नक्सा सिट नं. १०२-११४५-१४ कि.नं. २४९२, २४९३, २४९४ र २४९५ समेत कायम भएको छ। ती चारै कित्ता जग्गाहरू ऐतिहासिक र संरक्षित क्षेत्र रहेभएकोले सो स्थानमा भवन निर्माणलगायतका कार्य गर्नु हुँदैन । कसैलाई भोगाधिकार दिने ईच्छा नेपाल सरकारलाई भएमा अन्यत्र प्रशस्त विकल्प हुँदाहुँदै यो ऐतिहासिक स्थल दिन मिल्दैन । पुरातात्विक महत्त्वको क्षेत्र सरकारले कसैलाई भोगाधिकार दिएकै भरमा त्यस्तो क्षेत्रमा कुनै प्रकारको भवन निर्माण गर्न नमिल्ने हुँदा स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १५३(क) बमोजिम यो रिट निवेदन लिई आएका छौं। सो जग्गामा भवन निर्माणको लागि नक्सा पास नगर्न भनी विपक्षी काठमाडौं हामीले महानगरपालिकामा निवेदन गरेकोमा हाम्रो मागविपरीत नक्सा पास गरी भवन निर्माण गर्न अनुमति प्रदान भएकोले न्यायको लागि हामीले यो निवेदन लिई आएका छौं।

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ९६ बमोजिम काठमाडौं नगरक्षेत्रभित्र हरियो क्षेत्र, उद्यान र मनोरञ्जनस्थलहरूको विकास गर्ने र खुला स्थानलगायत पुरातात्विक महत्त्वको स्थानको संरक्षण गर्ने जिम्मेवारी काठमाडौं महानगरपालिकाको भएकोमा महानगरले सो जिम्मेवारी पूरा नगरेकोले यो रिट निवेदन गर्नुपरेको हो। सिमसार क्षेत्रमा पर्नसक्ने प्रभाव कम गर्न र लोपोन्मुख अवस्थामा रहेका सिमसारहरूको संरक्षण गर्ने सरकारको नीतिविपरीत ऐतिहासिक पोखरी रहेको रातो कुमारी मन्दिर अवस्थित परिसरमा दैनिक नित्य पूजा प्रभावित हुनेगरी कसैलाई भोगाधिकार दिन र भवन निर्माण गर्न अनुमति दिने गरी नक्सा पास गर्न मिल्दैन। हामीले समयमै यसको सूचना उजुरी काठमाडौं महानगरपालिकालगायतका विपक्षीहरूमा गरेका थियौं । तथापि विपक्षीहरू नेपाल निजामती कर्मचारी युनियन र नेपाली मधेसी निजामती कर्मचारी मञ्चसमेतले भोगाधिकारको जग्गाधनी प्रमाणपुर्जा विपक्षी मालपोत कार्यालय काठमाडौंबाट प्राप्त गरिसकेको आधारमा काठमाडौं महानगरपालिकाका प्रमुख तथा कार्यकारी अधिकृत लक्ष्मण अर्यालको इजलासबाट मिति २०७०।२।३१ का दिन भोगाधिकारवालाहरूको नाममा नक्सा पास गरिदिनु भनी अन्यायपूर्ण फैसला भई सो फैसलासमेतका आधारमा मिति २०७०।३।९ मा दुवै भोगाधिकारवालाहरूको नक्सा पास कार्यसमेत सम्पन्न भइसकेकोले प्रयाप्त र प्रभावकारी अर्को वैकल्पिक उपचारको अभाव हुँदा नक्सा पासलगायतका कार्य यस ऐतिहासिक महत्त्वको क्षेत्रमा नगर्नु, कुनै निर्माण कार्य नगर्नु र प्राचीन मन्दिर र पोखरीसमेतको संरक्षण गर्नु गराउनु भनी विपक्षीहरूको नाममा परमादेश जारी गरिपाऊँ।

यसबाट विपक्षी नेपाल निजामती कर्मचारी युनियनको नाममा भोगाधिकार प्रमाणपत्र प्राप्त का.जि. का.म.न.पा. वडा नं. ११ स्थित कि.नं. २४९२ क्षेत्रफल १-०-०-० र नेपाल मधेसी निजामती कर्मचारी मञ्चको नाममा भोगाधिकार प्रमाणपत्र प्राप्त कि.नं. २४९४ क्षेत्रफल ४७७ व.मि. जमिनसमेतको भोगाधिकार निर्णय मालपोत ऐन, २०३४ को दफा २४ बमोजिम खारेजभागी छ। भू तथा जलाधार संरक्षण ऐन, २०३९

को दफा ४ र वातावरण संरक्षण ऐन, २०५३ को दफा १० बमोजिम उक्त स्थानमा कसैलाई भोगाधिकार दिई भवन बनाउने इजाजत दिन मिल्दैन । नेपाल सरकारले उपर्युक्तबमोजिम भोगाधिकार दिनका लागि मिति २०६८।३।१ मा मन्त्रिपरिषद्बाट निर्णय गरी ऐतिहासिक पुरातात्विक महत्त्वको स्थान निर्धारण गर्ने निकाय पुरातत्व विभागसमेतको कुनै समर्थन स्वीकृति नलिई गरेको भोगाधिकार दिने निर्णय र प्राणी तथा वनस्पतिका लागि अति नै महत्त्वपूर्ण रहेको सिमसारमा भवन निर्माण गर्न दिने गरी मिति २०७०।३।५ र ऐ. ९ मा गरेको नक्सा पासको निर्णय खारेजभागी छ।

यसैबीच पुरातत्व विभागको च.नं. २००३ मिति २०७०।२।१६ को संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई लेखेको पत्रमा उक्त विभागका प्राविधिकबाट स्थलगत निरीक्षण गरी पेस गरेको प्रतिवेदनतर्फ नेपाल सरकारले ध्यान नदिएको र सोअनुसार गर्न गराउन अनुरोध गर्दा हामी विरूद्ध प्रहरी परिचालन गरी जबरजस्ती भवन निर्माण गराउने कार्य हुन लागेकोले प्रस्तुत रिट लिई उपस्थित भएका छौं।

अतः उपर्युक्त आधार, कारण प्रमाणहरू समेतको आधारमा विपक्षी नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०६८।३।१ मा निर्णय भई का.जि.का.म.न.पा. वडा नं. ११ स्थित द टिम्बर कर्पोरेसन अफ नेपाल लि. र वन विभाग परिसरभित्रको भनी कथित बेहोरा उल्लेख गरे तापनि माथि उल्लेख गरेबमोजिम ऐतिहासिक स्थल नियमित पूरा हुने रातो कुमारी मन्दिर पोखरीलगायतको सार्वजनिक महत्त्वको स्थानमध्ये विपक्षी नेपाल निजामती कर्मचारी युनियनको नाममा भोगाधिकार प्रमाणपत्र दिइएको का.जि. का.म.न.पा. वडा नं. ११ स्थित कि.नं. २४९२ क्षेत्रफल १-०-०-० र नेपाल मधेसी निजामती कर्मचारी मञ्चको नाममा भोगाधिकार प्रमाणपत्र दिइएको कि.नं. २४९४ क्षेत्रफल ४७७ व.मि. जमिनसमेतको भोगाधिकार निर्णय सोपश्चात् विपक्षी भूमिसुधार तथा व्यवस्था मन्त्रालयको मिति २०६८।४।१० को निर्णय, भूमिसुधार तथा व्यवस्थापन विभागको मिति २०६८।४।११ र १२ गतेको भोगाधिकार उपलब्ध गराउने विपक्षी भूमिसुधार तथा व्यवस्था विभागका पत्रहरूका साथै विपक्षी मालपोत कार्यालय डिल्लीबजारबाट उपर्युक्तबमोजिम भोगाधिकार जग्गाधनी प्रमाणपुर्जा उपलब्ध गराउने मिति २०६८।४।१५ को निर्णय र मिति २०६८।४।१७ का उपर्युक्त २ जग्गाधनी प्रमाणपुर्जाहरू, काठमाडौं महानगरपालिकाको मिति २०७०।२।३१ को निर्णय र सोको आधारमा ऐ. नगरपालिकाबाट मिति २०७०।३।८ र ९ मा उपर्युक्त दुवै भोगाधिकारप्राप्त नेपाल निजामती कर्मचारी युनियन र नेपाल मधेसी निजामती कर्मचारी मञ्चको नाममा नक्सा पास प्लिन्थ लेभल (डि. पि.सी.) सम्मको इजाजतपत्रहरू र सो सम्बन्धमा भए गरेका सम्पूर्ण काम कारबाही उत्प्रेषणको आदेशद्वारा बदर गरी उपर्युक्त सार्वजनिक स्थानको ऐतिहासिक धरोहर तथा जलाधार सिमसार क्षेत्र संरक्षण गर्नु गराउनु भनी परमादेशलगायत उपयुक्त आदेश जारी गरिपाऊँ । साथै नेपाल सरकारको भोगाधिकार दिने गलत निर्णय तत्काल लागू हुँदा हामीहरूलाई अपूरणीय क्षति हुने भएकोले सुविधा सन्तुलनको दृष्टिकोणबाट उपर्युक्तबमोजिम भोगाधिकारप्राप्त स्थानमा हाल कुनै पनि निर्माण नगर्नु नगराउनु, नक्सा पाससमेतका निर्णयहरू प्रस्तुत रिटको अन्तिम किनारा नभएसम्म यथास्थितिमा राख्नु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम विपक्षीहरूका नाममा अन्तरिम आदेश जारी गरिपाउँ भन्ने बेहोराको अशोक तण्डुकारसमेतको रिट निवेदन।

यसमा के कसो भएको हो? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र सम्बन्धित मिसिल साथै राखी लिखित जवाफ पेस गर्नु भनी रिट निवेदनको १ प्रति नक्कलसाथै राखी विपक्षीहरूलाई म्याद सूचना पठाई लिखित जवाफ

आएपछि वा अवधि नाघेपछि नियमबमोजिम पेस गर्नू । साथै निवेदकले अन्तरिम आदेशसमेत जारी गरिपाउँ भनी माग गरेको सम्बन्धमा विचार गर्दा अन्तरिम आदेश हुने नहुने सम्बन्धमा दुवै पक्षहरूलाई राखी छलफल गराउन उपयुक्त देखिएकोले मिति २०७०।४।२३ को पेसीको तोकी सोको सूचना विपक्षीहरूलाई दिनु भन्ने यस अदालतको मिति २०७०।४।१३ को आदेश।

यसमा काठमाडौं महानगरपालिकाले नक्सा पास गर्दा खडा गरेको निर्णय पर्चासहितको कागजात भएको फाइल काठमाडौं महानगरपालिकाबाट र निवेदनमा उल्लिखित पुरातत्व विभागको च.नं. २००३ मिति २०७०।२।१६ को संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई लेखेको पत्रमा उक्त विभागका प्राविधिकबाट स्थलगत निरीक्षण गरी प्रतिवेदन पेस गरेको भन्ने देखिँदा सो प्रतिवेदनसमेत उक्त विभागबाट झिकाई पूर्वआदेशबमोजिम अन्तरिम आदेशमा छलफलका लागि अर्को पेसी तोकी नियमबमोजिम पेस गर्नु भन्ने यस अदालतको मिति २०७०।४।२३ को आदेश।

यसमा रिट निवेदनबमोजिम दाबीको भोगाधिकारको जग्गा दर्ता सम्बन्धमा यस विभागबाट निर्णय नभएको, रिट निवेदनमा यस विभागबाट भएको मिति २०६८।४।११ र १२ को भोगाधिकार उपलब्ध गराउने पत्राचार, नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६८।३।१ को निर्णय कार्यान्वयन सम्बन्धमा च.नं. ११३ मिति २०६८।३।९ को सामान्य प्रशासन मन्त्रालयको पत्र एवं भूमिसुधार तथा व्यवस्था मन्त्रालयको च.नं. १११ मिति २०६८।४।११ र च.नं. १२४ मिति २०६८।४।१२ को पत्रबाट लेखी आएबमोजिम भएको हुँदा प्रस्तुत विषयमा यस विभागलाई विपक्षी बनाइरहनु पर्ने अवस्था नहुँदा बिनाआधार र कारण यस विभागलाई विपक्षी बनाई दिए रिट निवेदन खारेज गरिपाउँ भन्ने भूमिसुधार तथा व्यवस्थापन विभागको लिखित जवाफ।

यसमा काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ११ स्थित सिट नं. १०२-११४५-१४ कि.नं. २४९२ क्षेत्रफल १-०-०-० जग्गा नेपाल निजामती कर्मचारी युनियनको नाममा तथा ऐ.ऐ. कि.नं. २४९४ क्षेत्रफल ४७७ वर्ग फिट जग्गा मधेसी निजामती कर्मचारी मञ्चको नाममा भोगाधिकार दिनेलगायतका कार्यहरूमा यस कार्यालयको संलग्नता नरहेकोले यस कार्यालयको हकमा रिट निवेदन खारेज गरिपाउँ भन्ने जिल्ला प्रशासन कार्यालय काठमाडौंको लिखित जवाफ।

नेपाल निजामती कर्मचारी युनियन र नेपाल निजामती मधेसी मञ्चसमेतलाई नेपाल सरकारले भोगाधिकार दिई सो स्थानमा नक्सा पास गरी भवन निर्माण कार्य सुरू गर्दा रातो कुमारी मन्दिर र सो आसपासको ऐतिहासिक र पुरातात्विक महत्त्वमा असर परेको तथा आफूहरूले परापूर्व कालदेखि मानी आएको धार्मिकस्थल अतिक्रमण भएको भनी उल्लेख गरेको विषयतर्फ हेर्दा सरकारी जग्गाको भोगाधिकार उपलब्ध गराउनेसम्बन्धी कार्यनीति, २०६२ को दफा ३(ङ) मा भोगाधिकारको प्रमाणपत्र दिनेसम्बन्धी स्पष्ट कानूनी व्यवस्था उल्लेख छ । साथै नेपाल सरकार सामान्य प्रशासन मन्त्रालयको च.नं. ११३ मिति २०६८।३।९ को मन्त्रिपरिषद्को निर्णय पठाइएको विषयसम्बन्धी पत्र, वन तथा भू-संरक्षण मन्त्रालयको च.नं. १२६ मिति २०६८।४।१ को पत्र र सम्बन्धित ट्रेड युनियनहरूको मागसमेतका आधारमा भोगाधिकार दिन यस मन्त्रालयबट भूमिसुधार तथा व्यवस्थापन विभागलाई गरिएको पत्राचार कानूनसम्मत भएको र भोगाधिकार दिइएको जग्गा रातो कुमारी मन्दिर क्षेत्रको नभई नेपाल सरकार वन तथा भं-संरक्षण मन्त्रालयअन्तर्गत राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको दक्षिण र टि.सि.एन.देखि पूर्वतर्फ नेपाल सरकारको स्वामित्वमा रहेको जग्गा भएकोले रिट निवेदन खारेज गरिपाउँ

भन्ने भूमिसुधार तथा व्यवस्था मन्त्रालयको लिखित जवाफ।

यसमा जग्गा दिने गरी भएको मन्त्रिपरिषद्को निर्णयसँग सम्बन्धित कागजातसहितको फाइलको प्रतिलिपि झिकाई आएपछि नियमानुसार पेस गर्नु भन्ने यस अदालतको मिति २०७०।५।९ को आदेश।

यसमा रिट निवेदनमा उल्लेख गरिए जस्तो भोगाधिकार दिइएको जग्गा कुमारी मन्दिर क्षेत्रको नभई नेपाल सरकार वन तथा भू-संरक्षण मन्त्रालयअन्तर्गत राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षण विभागको दक्षिण र टि.सि.एन. देखि पूर्वतर्फ नेपाल सरकारको स्वामित्वमा रहेको जग्गा हुनाले वास्तविक तथ्यलाई बङ्ग्याई आफूलाई अधिकार नै नभएको विषयमा विलम्ब गरी दायर भएको रिट निवेदन खारेज गरिपाउँ भन्ने नेपाल निजामती कर्मचारी युनियनको लिखित जवाफ।

यसमा नेपाल सरकारले विपक्षीमध्येकै नेपाल मधेसी निजामती कर्मचारी मञ्चलाई भोगाधिकार दिनुको अर्थ भोगसम्म गर्ने प्रयोजनका लागि दिएकोमा विवाद छैन । नेपाल सरकारले यसरी भोगाधिकार दिएको जग्गामा स्थानीय स्वायत्त शासन ऐन, २०५५ को परिधिभित्र रही नक्सापास सम्बन्धमा निर्णय गर्दा नेपाल सरकारले प्रतिवादीहरूलाई भोगाधिकार दिएको निर्णय यस कार्यालयबाट अन्यथा हुनसक्ने अवस्था नभएकोले प्रस्तावित स्थानमा परापूर्वकालदेखि पूजाआजा गर्ने मन्दिर रहेको छ छैन भनी हेर्दा यस कार्यालयमा चलेको मुद्दाको सुनुवाइको क्रममा विपक्षीतर्फबाट समेत प्रस्तावित भवनको छेउमा मन्दिर रहेको, सो स्थानलाई सुरक्षित राख्ने प्रतिबद्धता गरेको र यस कार्यालयका प्राविधिकले स्थलगत निरीक्षण गरी पेस गरेको प्रतिवेदनमा उक्त स्थानमा पोखरीको अस्तित्व रहेको देखाएकोले सोसमेतलाई ध्यानमा राखी पूजाआजालाई फरक नपर्ने सर्तमा नक्सा पास गरिएको र यसबाट निवेदकहरूको हकमा कुनै असर नपरेकोले रिट निवेदन खारेज गरिपाउँ भन्ने काठमाडौं महानगरपालिकाको लिखित जवाफ।

यसमा यस नेपाल मधेसी निजामती कर्मचारी मञ्चलाई भोगाधिकारप्राप्त विवादित जग्गामा प्राचीनकालदेखि नै रातो कुमारी मन्दिर, नागराजको स्थानलगायत पोखरी रहेको भन्ने भनाई सत्यतामा आधारित छैन। यस ट्रेड युनियनलाई भोगाधिकारप्राप्त भएपछि विपक्षीहरूले विवाद खडा गरी विभिन्न सरकारी निकाय तथा स्थानीय निकायमा पत्राचार गरेको र सम्बन्धित सबै निकायहरूले विवादका सम्बन्धमा आवश्यक छानबिन गरी यस ट्रेड युनियनलाई भवन निर्माण गर्न अनुमति दिने आधिकारिक निर्णय गरेका छन्। सम्बन्धित आधिकारिक कार्यालयहरूका कार्य र निर्णय गलत हुने र आफ्नो कपोलकल्पित भनाई मात्र सत्य हुने भन्ने रिट निवेदकको भनाई हास्यास्पद छ । रिट निवेदकले रिट निवेदनमा उल्लेख गरेका नजिरहरू प्रस्तुत मुद्दासँग नभई सार्वजनिक जग्गालाई गलत ढंगबाट व्यक्ति विशेषका नाममा नामसारी गरिएको कार्यका विरूद्धमा भएका देखिन्छन् । यस ट्रेड युनियनले संवैधानिकरूपमा काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ११ सिट नं. १०२-११४५-१४ कि.नं. २४९४ को जग्गा वैधानिकरूपमा प्राप्त भएकोले विपक्षी रिट निवेदकको रिट निवेदन जिकिर आधारहीन भएकोले खारेज गरिपाउँ भन्ने नेपाल मधेसी निजामती कर्मचारी मञ्च केन्द्रीय कार्यालय काठमाडौंको लिखित जवाफ।

विपक्षी रिट निवेदकहरूले यस कार्यालयको के कस्तो संलग्नताबाट आफूहरूको संवैधानिक र कानूनी हक हनन् भएको हो भन्ने विषयमा स्पष्ट खुलाएको देखिँदैन । कसैका विरूद्ध कुनै कुराको दाबी लिँदा तत्सम्बन्धमा रहेको संलग्नता र प्रत्यर्थी बनाउनुको आधार र कारण स्पष्टसँग उल्लेख गर्नुपर्नेमा रिट निवेदकहरूले त्यसो नगरेको हुनाले रिट जारी हुने अवस्था छैन । मिति २०६८।३।१ को विवादित

निर्णय नेपाल सरकार मन्त्रिपरिषद्बाट भएको हो। यस कार्यालय र नेपाल सरकार मन्त्रिपरिषद् दुई पृथकपृथक निकाय भएकाले यस कार्यालयको हकमा रिट जारी हुनसक्ने अवस्था नहुँदा रिट निवेदन खारेज गरिपाउँ भन्ने प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफ।

यसमा विभागको के कुन काम तथा निर्णय प्रक्रियाबाट विपक्षी रिट निवेदकहरूलाई असर पर्न गएको हो भन्ने बेहोरा स्पष्ट र बोधगम्यरूपमा उल्लेख नगरी दिएको रिट निवेदन त्रुटिपूर्ण हुँदा खारेज गरिपाउँ भन्ने वन विभागको लिखित जवाफ।

जग्गा नापजाँच ऐन, २०१९ को दफा २(ङ) र मालपोत ऐन, २०३४ को दफा २(ख)२ मा भएको परिभाषाभित्र पर्ने सिट नं. १०२-११४५-१४ कि.नं. २४९४ क्षेत्रफल ४७७ व.मि. नेपाल मधेसी निजामती कर्मचारी मञ्च, केन्द्रीय समिति काठमाडौं र ऐ. कि.नं. २४९२ क्षेत्रफल १-०-०-० नेपाल निजामती कर्मचारी युनियन, केन्द्रीय कार्य समिति काठमाडौंको नाममा तत् तत् युनियनको विधानबमोजिम दर्ता कायम रहेसम्म भोगाधिकार कायम रहने र स्वामित्व नेपाल सरकारको नाममा पूर्ववत् हुने गरी नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६८।३।१ को निर्णयबमोजिम निजामती सेवाका राष्ट्रियस्तरका ट्रेड युनियनले आफैँले भवन निर्माण गर्ने, निजामती सेवा ऐनबमोजिम अस्तित्व समाप्त भएमा भोगाधिकार समाप्त भई नेपाल सरकारमै आउने सर्तमा प्रचलित कानूनबमोजिम श्रम तथा वैदेशिक रोजगार विभागमा दर्ता भएका राष्ट्रियस्तरका ट्रेड युनियनलाई भोगाधिकार उपलब्ध गराइएको हो। सरकारी प्रकृतिको र नेपाल सरकारको नाममा दर्ता स्रेस्ता कायम रहेको जग्गा प्रचलित कानूनबमोजिम नेपाल सरकारले भोगाधिकार उपलब्ध गराएको हो। आर्थिक ऐन, २०६९ बमोजिम रू.१०,०००।- भोगाधिकार दिई नियमानुसार भोगाधिकार उपलब्ध गराएको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्ने मालपोत कार्यालय, डिल्लीबजार, काठमाडौंको लिखित जवाफ।

यस अदालतको मिति २०७०।५।९ को आदेशानुसारको कागजात प्राप्त भएको नदेखिँदा उक्त आदेशमा उल्लिखित मन्त्रिपरिषद्को कार्यालयको सक्कल निर्णयसमेत लिई अन्तरिम आदेशमा छलफलको दिन उपस्थित हुन महान्यायाधिवक्ताको कार्यालयलाई सूचना दिई पेस गर्नु भन्ने यस अदालतको मित २०७०।७।५ को आदेश।

यसमा विपक्षीहरूको लिखित जवाफ परिसकेको देखिएकोले पूर्ण सुनुवाइका लागि नियमानुसार पेस गर्नु भन्ने यस अदालतको मिति २०७०।८।९ को आदेश।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत रिट निवेदनमा रिट निवेदनको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री भीमार्जुन आचार्यले विवादित कि.नं. २४९२ र २४९४ नं.को जग्गा धार्मिक एवं वातावरणीय दृष्टिले महत्त्वपूर्ण हुनुको साथै प्राचीन ऐतिहासिककालदेखि नै संरक्षण हुँदै आएको क्षेत्र हो। स्थानीय समुदायको धार्मिक मूल्य मान्यतासँग सम्बन्धित सार्वजनिक जग्गाको भोग र स्वामित्व नेपाल सरकारले कसैलाई हस्तान्तरण गर्न नपाउनेमा उपर्युक्त जग्गाहरू विपक्षी ट्रेड युनियनहरूलाई भोगाधिकार दिई ती जग्गाहरूमा स्थायी संरचनाहरू निर्माण गर्न नक्सा पास गर्ने गरी भएका काम कारबाहीबाट रातो कुमारीको धार्मिक एवं पुरातात्विक अस्तित्व लोप हुने अवस्था देखिएकोले त्यस्तो भोगाधिकार दिने र भवन निर्माणको लागि नक्सा पास गर्नेलगायतका विपक्षीहरूका निर्णय र काम कारवाही बदर गरी निवेदन दाबीको जग्गामा कसैबाट हस्तक्षेप नहुनको लागि रिट जारी हुनुपर्दछ भनी गर्नुभएको बहस सुनियो। विपक्षी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री खेमराज ज्ञवालीले प्रचलित कानूनको दायरामा रहेर नेपाल सरकारको नाममा रहेको जग्गाको भोगाधिकार

विपक्षी ट्रेड युनियनहरूलाई दिइएको र भविष्यमा ती युनियनहरूको दर्ता कायम नरहेमा यी जग्गाहरू स्वतः नेपाल सरकारकै स्वामित्व र भोगाधिकारमा फर्किने एवं भोगाधिकार र नक्सा पाससम्बन्धी निर्णयबाट धार्मिक र वातावरणीय पक्षको सम्बर्द्धनमा थप टेवा पुग्ने हुँदा रिट निवेदन खारेज गरिपाउँ भनी बहस गर्नुभयो। विपक्षी काठमाडौं महानगरपालिकाको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री टीकाराम भट्टराईले यसमा भोगाधिकारप्राप्त ट्रेड युनियनहरूले समेत विवादित स्थानको पुरातात्विक एवं धार्मिक महत्त्वलाई स्वीकार गरेको र काठमाडौं महानगरपालिकाले प्रस्तावित भवनको धार्मिक एवं पुरातात्विक महत्त्व स्वीकार गरी मन्दिर, पूजाआजा कार्य र स्थानको सुरक्षा गर्ने प्रतिबद्धता व्यक्त गरेको हुनाले रिट निवेदन खारेज गरिपाउँ भनी गर्नुभएको बहस सुनियो। अब रिट निवेदन मागबमोजिम आदेश जारी हुनुपर्ने हो होइन भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो।

२. निर्णयतर्फ विचार गर्दा रातो कुमारीस्थान धार्मिक, ऐतिहासिक, पुरातात्विक र वातावरणीय महत्त्वको स्थान रहेको हुनाले यसको संरक्षण हुनुपर्ने र यस्तो महत्त्वको स्थानलाई सरकारी स्वामित्वमै राख्नुपर्नेमा नेपाल निजामती कर्मचारी युनियन र नेपाल मधेसी निजामती कर्मचारी मञ्चलाई भोगाधिकार दिने र सो स्थानमा प्रचलित कानूनी व्यवस्थाविपरीत भवन निर्माण गर्न नक्सा पास गर्ने गरी मिति २०७०।२।३१ मा भएका निर्णयलगायतका कार्यहरू उत्प्रेषणको आदेशले बदर गरी सो स्थानको संरक्षणको लागि परमादेश जारी हुनुपर्दछ भन्ने नै रिट निवेदकहरूको मुख्य जिकिर रहेको छ। अब यसमा नेपाल सरकारले विपक्षी कर्मचारी युनियनहरूलाई भोगाधिकार दिएको तथा नक्सा पाससम्बन्धी कार्य प्रचलित कानूनअनुसार छ छैन भन्ने सम्बन्धमा नै मूलरूपमा विचार गर्नुपर्ने देखियो। नेपाल सरकारले विपक्षीहरूलाई भोगाधिकार दिएको निर्णयलाई अन्यथा गर्न नसकिने र विवादित स्थानको संरक्षण गर्नमा प्रतिबद्ध रहेको भनाई काठमाडौं महानगरपालिकाको रहेको छ। उक्त क्षेत्रमा परापूर्वकालदेखि पूजाआजा गर्ने मन्दिर रहेको र उक्त स्थानलाई सुरक्षित नै राखिने भनी काठमाडौं महानगरपालिकाले जिकिर गरेको देखिन्छ। उक्त स्थानमा रहेको मन्दिर क्षेत्रलाई सुरक्षित राखी त्यसमा अवरोध सिर्जना नहुने गरी नक्सा पास गरी भवन निर्माण गर्न अनुमति दिने भनी विपक्षी महानगरले निर्णय गरेको देखिन आएको छ। विवादित स्थान धार्मिक, पुरातात्विक, ऐतिहासिक र वातावरणीय महत्त्वको स्थान रहेकोले सो स्थानको संरक्षण र पूजाआजामा अवरोध नहुने गरी विपक्षी ट्रेड युनियनहरूलाई प्रचलित कानूनी व्यवस्थाको अधीनमा रहेर भोगाधिकारसम्म दिइएको, स्वामित्व नेपाल सरकारमै रहेको, कुनैबेला विपक्षी कर्मचारी युनियनहरूको दर्ता खारेजी भएमा वा तिनीहरूको भोगाधिकार नरहेमा स्वामित्व नेपाल सरकारमै आउने हुँदा नेपाल सरकारले दिएको भोगाधिकार कानूनसम्मत नै रहेको भन्ने भनाई मालपोत कार्यालय, डिल्लीबजार, काठमाडौंको रहेको छ। पूजाआजामा अवरोध नहुने र उक्त स्थानको संरक्षण गरिने भन्ने नै समग्रमा विपक्षीहरूको भनाई रहेको देखिन्छ।

३. ऐतिहासिक एवम् पुरातात्विक महत्त्वका सम्पदाहरूको संरक्षण हुनुपर्दछ भन्ने कुरामा विपक्षीहरूबाट कुनै प्रकारको असहमति वा विमति प्रस्तुत हुन आएको देखिँदैन। रातो कुमारी रहेको स्थानको धार्मिक महत्त्वमा कमी नआउने, पूजाआजामा अवरोध नहुने र संरक्षण गर्ने कुरालाई सबै विपक्षीहरूले स्वीकार गरेको र संरक्षण गर्ने गराउने प्रतिबद्धतासमेत व्यक्त गरेको पाइयो। मिति २०७०।२।३१ को काठमाडौं महानगरपालिकाले विवादित स्थानमा भवन निर्माण गर्नको लागि नक्सा पास गर्न शहरी विकास विभागमा पठाउने निर्णय गर्दा प्रस्तावित भवनको छेउमा पूजाआजा गर्ने मन्दिर रहेको, उक्त स्थानलाई

सुरक्षित राखिने र पूजाआजामा कुनै अवरोध सिर्जना नहुने भनी उल्लेख गरेकोसमेत देखिन्छ । नक्सा पास गरी भवन निर्माण भएपछि पनि उक्त स्थान आसपासको क्षेत्र र मन्दिरसमेतको संरक्षण गर्नुपर्ने अनिवार्यता रहेको छ। शहरी विकास विभागबाट नक्सा पासको क्रममा प्रस्तावित भवन, मन्दिर र आसपासको जग्गाको क्षेत्रफलसमेत तोकी ती क्षेत्रहरू सुरक्षित राख्ने कुरासमेत उल्लेख भएको देखिन्छ । रातो कुमारी रहेको स्थानको संरक्षण गर्ने भनी काठमाडौं महानगरपालिका, नेपाल मधेसी निजामती कर्मचारी युनियन र नेपाल निजामती कर्मचारी युनियनसमेतले प्रतिबद्धता जनाएको अवस्था छ । उक्त ऐतिहासिक एवम् साँस्कृतिक महत्त्व राख्ने पुरातात्विक सम्पदालाई नास्ने, मास्ने वा कुनै रूपमा विस्थापित गर्ने प्रयास भएको वा त्यसप्रकारको अभिप्राय विपक्षीहरूले राखेको देखिन आएन । यस अवस्थामा नेपाल सरकारले कर्मचारी ट्रेड युनियनहरूका लागि भवन निर्माण गर्न सरकार अधिनस्थ रहेको केही खाली जग्गाको भोगाधिकारसम्म उपलब्ध गराएको र सो जग्गामा भवन निर्माणका लागि साधिकार निकायबाट विधिवत् रूपमा नक्सा पास गरी भवन निर्माण गरेको कार्यलाई कानून प्रतिकूल कार्य मान्न मिलेन । तसर्थ यसमा निवेदन मागबमोजिम परमादेश, उत्प्रेषणसमेतको आदेश जारी गरी रहनु परेन।

४. निवेदकले दाबी गरेको स्थानमा रातो कुमारीको लिच्छवीकालीन मन्दिर र पोखरी रहेको कुरा विपक्षीले पनि स्वीकार गरेको देखिन्छ। विपक्षीहरूको भोगाधिकार कायम गरी बनाएको घरको नक्सासहितका कागजातबाट उक्त स्थानमा मन्दिर र पोखरी रहेको पुष्टि हुन्छ । हाम्रा पुराना र ऐतिहासिक धरोहरहरू (Historical Heritage) नासिने-मासिने, अतिक्रमण हुने वा व्यक्तिका नाउँमा कायम गरिने स्थिति उत्पन्न हुन नदिई त्यस्ता सम्पदाको संरक्षण र सम्बर्द्धन गर्नु राज्यको कर्तव्य हो । ऐतिहासिक धरोहरहरू पुर्खाको अमूल्य निशानी र सभ्यताको परिचायक वस्तुहरू हुन्। त्यसैले यस्ता सम्पदाको संरक्षण गर्नुपर्दछ भन्ने कुरालाई संसारभर महत्त्वका साथ लिने गरिएको छ। हाम्रा अनेक सम्पदासँग पुर्खाका गौरवमय गाथा जोडिएका छन् । तत्कालीन शासकको प्राथमिकता, रूचि, र वीरगाथा जस्ता कुराहरूका आधारमा भिन्नभिन्न कालखण्डमा भिन्न भिन्न शैलीका ऐतिहासिक सम्पदाहरू निर्माण हुन पुगेको पाइन्छ। यी सबैको संरक्षण हुनु पर्ने हो। तर कतिपय सम्पदाहरूको संरक्षण हुन नसकेका र नासिएर गएका दृष्टान्त पनि देखिएको छ । उदाहरणका लागि अरनिकोद्वारा निर्मित कला-कृतिलाई लिन सकिन्छ । कलाकार अरनिकोले बनाएको वास्तुकलाको नमूना काठमाडौंका घर, मठ र मन्दिरमा पाउन सकिन्छ । काठमाडौं उपत्यकाको तीन शहरलाई कला नै कला भरिएको मन्दिरै मन्दिर भएको एउटा आकर्षक शहरका रूपमा प्रतिस्थापना गर्न सकिएको थियो। अरनिकोको प्यागोडा शैलीको घर संसारभरी प्रख्यात छ। नेपाली कलाकार अरनिकोको चीनमा तत्कालीन समयमा र हालसम्म भएको कदर गौरव गर्न लायक छ र उनको कला विश्वभरी नै प्रख्यात छ । उनको मूर्ति अहिले पनि चीनको सेन्ट्रल पुस्तकालयको छेउमा रहेको छ । तर हामीले उनको कलाको जगेर्ना वाञ्छित हदमा गर्न नसकेको अवस्था छ । पुर्खाले स्थापित गरेका धरोहरहरू दलाल र विचौलियाको नाफा कमाउने साधन बन्न पुग्नु दुःखद् कुरा हो। तर हाम्रा कतिपय देवालयमाथि आलिसान भवन बनेका छन्; सार्वजनिक महत्त्वका मठ, मन्दिर, देवल र पोखरीका जग्गाहरू अतिक्रमित भएका छन्। यो क्रम अझ पनि कायम रहेको पाइन्छ । तर यस पक्षमा अझ पनि सरकारले वाञ्छित मात्रामा संवेदनशीलता अपनाएको देखिँदैन । विपक्षीमध्येका ट्रेड युनियनहरूलाई पुरातात्विक सम्पदा रहेको ठाउँ छेउको जग्गा

भोगाधिकारमा प्रदान गर्दा सरकारले पुरातात्विक एवम् साँस्कृतिक सम्पदाको संरक्षणतर्फ वाञ्छित संवेदनशीलता नअपनाएको हो कि भन्ने पनि महसुस भएको छ । काठमाडौं उपत्यकाको पुरानो ऐतिहासिक शहरमा कहाँ कुन क्षेत्रमा के निर्माण गर्ने र पुरातात्विक महत्त्वका दरबार, मठ मन्दिर, भवन, बगैंचा र मूर्तिहरूको संरक्षण कसरी गर्ने भन्ने सन्दर्भमा दुरदृष्टि राखी गुरूयोजना निर्माण गरी कार्यान्वयन गर्नु आवश्यक देखिएको छ। ऐतिहासिक महत्त्वका वस्तुको संरक्षण गर्नु एउटा गौरवपूर्ण विषय पनि हो। सरकारले नै जग्गाको लेनदेन गराउने, बिक्री वितरण गर्ने, भाडामा दिने जस्ता कार्य गरी पुरातात्विक महत्त्वका स्थान, सम्पदा वा वस्तुको व्यापार गर्नु हुँदैन । वास्तवमा सरकार सार्वजनिक सम्पदा वा सम्पत्तिको मालिक मात्र नभएर त्यसको न्यासधारी संरक्षक पनि हो। यो दायित्व पूरा गर्ने कुरामा कुनै कमी कमजोरी रहन दिइनु हुँदैन।

५. सार्वजनिक सम्पत्तिको उपभोग तथा बन्दोबस्ती गर्नेसमेतका विषय सरकारको क्षेत्राधिकारको कुरा हो। तर यसको तात्पर्य पुरातात्विक महत्त्वका मठ, मन्दिर, पोखरी आदिको भोगाधिकार नै जथाभावी रूपमा सुम्पन हुन्छ भन्ने होइन । निजीकरण गरेको जस्तो प्रतीत हुने गरी भोगाधिकार दिँदा भविष्यमा मठ, मन्दिरसमेतको जग्गालाई कब्जा गरी मन्दिरको अस्तित्व लोप हुने सम्भावना रहन्छ। पुर्खाको पौरख स्वरूपका ऐतिहासिक एवम् साँस्कृतिक धरोहर भावी सन्ततिका निम्ति उपहार पनि हो। यस्ता वस्तु एवम् स्थानको संरक्षण हुनुपर्दछ । "प्राचीन स्मारकहरूको संरक्षण, पुरातात्विक वस्तुहरूको व्यापार र प्राचीन स्मारकहरू भएका ठाउँको खनाईसमेतमा नियन्त्रण राखी प्राचीन स्मारकहरू र पुरातत्वसम्बन्धी, ऐतिहासिक वा कलात्मक वस्तुहरूको उपलब्धि र संरक्षणसमेत गर्ने" उद्देश्यले जारी भएको प्राचीन स्मारक संरक्षण ऐन, २०१३ बमोजिम रातो कुमारी जस्ता सम्पदाहरूको संरक्षण हुन आवश्यक देखिन्छ। संयुक्त राष्ट्र संघको तत्त्वावधानमा जारी भएको Convention Concerning the Protection of the World Cultural and Natural Heritage, 1972 ले पनि पुरातात्विक महत्त्व राख्ने मठ, मन्दिर तथा प्राचीन स्मारक भएका स्थानको संरक्षण गर्नुपर्ने कुरामा जोड दिएको छ। यसरी संरक्षण गर्ने मुख्य दायित्व राज्यमा नै रहेको छ। उल्लिखित महासन्धिमा अभिव्यक्त मर्म र भावनाअनुसार पनि रातो कुमारी जस्ता साँस्कृतिक धरोहरहरूको संरक्षण गर्नु वाञ्छनीय देखिन्छ । यस दृष्टिबाट विचार गर्दा प्रस्तुत विवादका सन्दर्भको भोगाधिकार दिएकोसम्बन्धी कुरालाई अनन्तकालसम्म कायम रहन दिनु उचित देखिँदैन । निश्चित समयमा यो भोगाधिकारको अन्त गरिनु पर्दछ। कर्मचारी ट्रेड युनियनहरूका लागि कुनै जग्गा उपलब्ध गराउनु पर्ने भए ऐतिहासिक र साँस्कृतिक महत्त्व राख्ने मठ, मन्दिर रहेको जग्गाबाहेक अन्यत्रै ठाउँको खाली जग्गा उपलब्ध गराउन सकिने नै हुन्छ। तसर्थ मठ, मन्दिर, र पवित्र पोखरी जस्ता ऐतिहासिक एवम् साँस्कृतिक महत्त्वका सम्पदाहरूको संरक्षण होस भन्ने अभिप्रायले विपक्षीहरूमध्येका नेपाल निजामती कर्मचारी युनियन, केन्द्रीय समिति र नेपाल मधेसी निजामती कर्मचारी मञ्च, केन्द्रीय समितिलाई अबको बढीमा १०(दश) वर्षभित्र उक्त स्थानबाट अर्को कुनै उपयुक्त स्थानमा ठाउँमा स्थानान्तरण गर्नु गराउनु, रातो कुमारीको मन्दिरलगायत लगापात, पोखरीसमेतका जग्गाको संरक्षण गर्नु र सो स्थानमा कर्मचारी ट्रेड युनियन वा यस्तै अन्य कुनै प्रयोजनका लागि अब कुनै संरचना निर्माण गर्न नदिनु, नदिलाउनु र हाल विद्यमान संरचनाहरूमध्ये मन्दिरको संरक्षण, व्यवस्थापन र पुरातात्विक उपयोगका दृष्टिले आवश्यक संरचनाबाहेक अन्य संरचनाहरू १०(दश) वर्षभित्र हटाउनु, हटाउन लगाउनु भनी विपक्षीहरूका नाममा निर्देशनात्मक

आदेश जारी हुने ठहर्छ । आदेशको जानकारी विपक्षीहरूलाई दिई दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू।

उक्त रायमा सहमत छु।
न्या. ईश्वरप्रसाद खतिवडा

इजलास अधिकृतः विदुर काफ्ले
इति संवत् २०७३ साल असोज ५ गते रोज ४ शुभम्।

## निर्णय नं. ९९९१

सर्वोच्च अदालत, संयुक्त इजलास
स.का.मु.प्रधानन्यायाधीश श्री दीपकराज जोशी
माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराई
आदेश मिति : २०७४।१२।१४
०७०-WO-०९०५

विषय : परमादेश

निवेदक : जिल्ला डडेल्धुरा, अमरगढी नगरपालिका केन्द्रीय कार्यालय भएको राष्ट्रिय मुक्त हलिया महासंघ र आफ्नो हकमा समेत सो महासंघका पूर्व अध्यक्ष जिल्ला डोटी, डौड गा.वि.स. वडा नं.६ बस्ने डम्मर वि.क. भन्ने डुमरे कामीसमेत

विरूद्ध

विपक्षी : नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौंसमेत

- **संविधानका प्रतिबद्धताहरू र प्रत्याभूत गरिएका हकहरू महत्त्वपूर्ण छन्। त्यसैले यी हकहरू हरेक व्यक्ति वर्ग र समुदायले कसरी उपभोग गर्न पाउँछ, यो स्वाभाविकरूपमा न्यायिक चासोको विषय बन्ने।**
- **संविधान मूलतः अधिकारहरूको दस्तावेज हो । हकहरूको घोषणा मात्र होइन उपभोगसमेतको सुनिश्चितता गर्नु संविधानको साध्य हो । यो साध्यको प्राप्तितर्फ सबैको प्रयास रहनु पर्छ । हकहरूको सहजरूपमा प्रचलन हुँदा मात्रै जनताले न्यायको अनुभूति गर्न सक्छन् । संविधानप्रदत्त हकहरूको प्रचलनमार्फत जनतालाई न्यायको अनुभूति गराउनु नै अदालतको प्रमुख कर्तव्य हो। अदालतको फैसलामार्फत स्थापित अधिकारहरूको कार्यान्वयन हुँदा नै समाजमा न्याय सुनिश्चित हुने।**
- **संविधानले परिकल्पना गरेअनुरूप सामाजिक न्याय स्थापित गर्नेतर्फ अदालतका ध्यान केन्द्रित रहनु पर्छ । त्यसको लागि यसरी हेपिएका जनताहरूको हक मुखरित गर्ने र दबिएका आवाजहरूलाई वाणी प्रदान गर्ने कार्य गर्नुपर्ने।**

(प्रकरण नं.२)

- **संविधानले नै कुनै किसिमको शोषण र दासत्व स्वीकार गर्दैन र ती कार्यहरू मानव अधिकार विरूद्धसमेत छन् भने त्यस्ता कुराहरूको अन्त्य गर्नु राज्यका सबै निकायको दायित्व बन्छ । सरकारले हलियाहरूका प्रतिनिधिहरूसँग जे जस्तो सहमति गरेको छ ती कुराहरू संविधानतः**

**सरकारले बहन गर्नुपर्ने विषयभित्रसमेत पर्ने ।**

(प्रकरण नं.४)

- **एक्काइसौं शताब्दीमा पनि प्रथा परम्परा प्रचलन वा अन्य कुनै आधारमा मानिसको शोषण हुन्छ, चक्रवृद्धि ब्याज वा जग्गा दिएको भन्ने बहानामा पुस्तौं पुस्ता हलियाको रूपमा राखिन्छन् । उनीहरूले पेटभरी खान पाउँदैनन्, उनीहरूका सन्तानहरूले शिक्षा र स्वास्थ्य जस्तो आधारभूत हकबाट वञ्चित गरिन्छ भन्ने कुरा नेपाल राष्ट्र र नेपाली समाजलाई सुहाउने कुरा होइन । यसो हुन्छ भन्नुसम्म पनि राष्ट्रिय लज्जाको विषय हुन्छ र यस्तो कुरा समतामूलक समाजको संवैधानिक परिकल्पनासँग नमिल्ने ।**

(प्रकरण नं.५)

- **संविधानले प्रचलनीय हक भनी प्रत्याभूत गरिसकेको अवस्थामा हकहरूको कार्यान्वयनमा राज्यको आर्थिक क्षमता वा स्रोत साधनको सीमा हुन सक्छ तर स्रोतको उपलब्ध हुनसकेको स्थितिलाई देखाएर न्यूनतम् पनि कार्य नगरी राज्यले उम्कन मिल्दैन । राज्यसँग हकहरूको कार्यान्वयनको योजना र कार्यनीति हुनैपर्छ । लोकतन्त्रमा यो अपेक्षा सदा सर्वदा रहने ।**

(प्रकरण नं.६)

- **संविधानद्वारा प्रत्याभूत सम्मान, समानता र विभेदहीनता संविधानद्वारा प्रदत्त सबै हकहरूको जगमा रहन्छन् भने शोषण विरूद्धको हकको प्रत्याभूतिले विभेदको अन्त्य गरी सम्मानपूर्वक बाँच्न पाउने अवस्थाको सृजना गर्छ । शोषणको अन्त्य हुनुले न्यूनतमरूपमा विभेदको अन्त्यलाई इंगित गर्छ तर विभेदहीनताको स्थिति बन्न शिक्षा, स्वास्थ्य, रोजगारी र राष्ट्रिय जीवनमा सहज सहभागिता जस्ता हकहरू सुनिश्चित गरिनु आवश्यक हुने ।**
- **संविधानद्वारा प्रदत्त हकहरूलाई समग्रतामा लिन र एक अर्काको परिपूरकको रूपमा बुझ्न र राज्यद्वारा सकारात्मक कदम चालिनु जरूरी हुन्छ । हक अधिकारहरूको समग्रतामा प्रचलन हुँदा सामाजिक न्याय कायम हुने र समावेशी लोकतन्त्रको अर्थपूर्ण प्रयोग गर्ने स्थिति बन्न जाने ।**
- **वर्तमान संविधानद्वारा लक्षित समाजवाद उन्मुख समाजको स्थापना गर्न सर्वप्रथम गरिब, निमुखाहरूको उद्धार र पुनर्स्थापन गरी उनीहरू आफ्नो खुट्टामा उभिन सक्ने स्थिति बन्नु पर्छ । सदा उपेक्षित र शोषित रहेका हलियाहरू संविधानतः त्यसको प्रमुख दाबेदार हुन् भन्नेमा कुनै द्विविधा नहुने ।**

(प्रकरण नं.७)

निवेदकका तर्फबाट :
विपक्षीका तर्फबाट :
अवलम्बित नजिर :
सम्बद्ध कानून :

आदेश

**न्या.डा.आनन्दमोहन भट्टराई :** नेपालको अन्तरिम संविधानको धारा ३२ तथा १०७(२) बमोजिम यस अदालतमा पर्न आएको प्रस्तुत निवेदनको संक्षिप्त तथ्य र आदेश यसप्रकार रहेको छ ।

नेपालको मध्यपश्चिम र सुदूरपश्चिममा विद्यमान हलिया प्रथाको अन्त्यका लागि हलियाहरूको

आन्दोलनको क्रममा ११ बुँदे माग पेस गरेको र मिति २०६५।५।२० गते आन्दोलनकारी हलियातर्फबाट मुक्त हलिया महासंघ र सरकारको तर्फबाट तत्कालीन शान्ति तथा पुनर्निर्माण मन्त्रीबीच भएको ५ बुँदे सहमतिको दफा २ मा राष्ट्रिय हलिया महासंघको ११ बुँदे माग अध्ययन गरी ठोस कार्य गर्न पीडित हलिया र सम्बन्धित व्यक्तितर्फबाट ६ जना र सरकारी निकायबाट ३ जना गरी नौ सदस्यीय कार्यदल गठन गर्ने, उक्त कार्यदलले गठन भएको १५ दिनभित्र प्रतिवेदन पेस गर्ने, दफा ४ मा राष्ट्रिय हलिया महासंघका ११ बुँदे मागहरूप्रति सकारात्मक रहँदै सबै मागहरूको सम्बन्धमा कार्यदलले गरेको सिफारिसमा नेपाल सरकारले समस्या समाधानका लागि कारबाही अगाडि बढाउने सर्तमा सम्झौता भई काठमाडौं केन्द्रित आन्दोलन फिर्ता भएको थियो।

मिति २०६५।५।२० को सम्झौता मुताबिक नौ सदस्यीय समिति गठन भई सो समितिको संयोजकमा शान्ति तथा पुनर्निर्माण मन्त्रालयका तत्कालीन सहसचिव विष्णुप्रसाद नेपाल भई सो समितिले १० बुँदे सिफारिस नेपाल सरकारलाई पेस गरेको थियो । जसको दफा २ मा प्रस्टरूपमा हलियाहरूले बस्दै आएको घरबास, भोगचलन गरिएको जग्गा मालिकबाट हलियाको नाममा दर्ता गराई घरबास निर्माणका लागि आवश्यक सामाग्रीसहित कमाई खाने जग्गा क्रान्तिकारी भूमिसुधार लागू नहुन्जेलसम्मका लागि तराईमा कम्तीमा १० कट्ठा र पहाडमा १० रोपनी जग्गा सम्पूर्ण हलिया परिवारलाई उपलब्ध गराउने, दफा ४ मा अलग्गै कानूनको आवश्यक पर्ने भएकोले मुक्त हलियाको लागि अलग्गै ऐन निर्माण गर्ने, जातिय छुवाछुतको विभेदलाई अन्त्य गर्ने, दफा ६ मा सबै मुक्त हलियाको तथ्याङ्क सङ्कलन गरी उनीहरूलाई सरकारले परिचयपत्र प्रदान गर्नेलगायतका सिफारिसहरू थिए। सोअनुसार तथ्याङ्क सङ्कलन गर्ने कार्य विपक्षी शान्ति तथा पुनर्निर्माण मन्त्रालयले गऱ्यो भने पुनर्स्थापनाको कार्य विपक्षी भूमिसुधार तथा व्यवस्था मन्त्रालयबाट भयो । प्राप्त तथ्याङ्कअनुसार जम्मा मुक्त हलिया परिवारको संख्या १९०५९ निकालियो । तर कतिपय जिल्लाहरूमा हलियाहरू तथ्याङ्कबाट छुटेका छन् । एकातिर उनीहरूको तथ्याङ्क सङ्कलन गर्नुपर्ने समस्या छ भने अर्कोतिर तथ्याङ्कमा परेका मुक्त हलियाहरूको पुनर्स्थापना गर्ने तथा प्रमाणीकरण गर्ने कार्य नभएका कारण उनीहरूले कुनै पुनर्स्थापनाको कार्यबाट राहत पाएका छैनन्।

विपक्षीमध्येको पुनर्स्थापनाको जिम्मेवारी लिइरहेको र कछुवाको रूपमा कार्य थालनी गरिरहेको भूमिसुधार तथा व्यवस्था मन्त्रालयले हाल पछिल्लो पटक मुक्त हलिया पुनर्स्थापना तथा अनुगमनसम्बन्धी कार्यविधि, २०६९ जारी गरी सो कार्यका लागि केन्द्रमा एक समिति र जिल्लामा विभिन्न जिल्ला समितिहरू गठन गर्ने व्यवस्था गरिएको थियो भने सो समितिले केही कार्य थालनीसम्म गरेको थियो। सोअघि अर्को विपक्षी शान्ति तथा पुनर्निर्माण मन्त्रालयले गरेको तथ्याङ्कबारे सोध्दा तथ्याङ्क सङ्कलन गरी भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा बुझाइ सकेकोले आफ्नो जिम्मेवारी कुनै नभएको भनी जवाफ दिने र भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई सोध्दा तथ्याङ्क अर्को मन्त्रालयले सङ्कलन गरेको हुनाले सङ्कलित तथ्याङ्कलाई आधार मानेर अघि बढ्ने भनी जवाफ दिने गरेको अवस्था छ । विपक्षी भूमिसुधार तथा व्यवस्था मन्त्रालयअन्तर्गत मुक्त कमैया महाशाखाको नामबाट मुक्त हलियाको कार्य थालनी गरी समग्र बजेट विनियोजन गर्ने र त्यसभित्रको सानो युनिटको रूपमा कार्य अगाडि बढाई न्यून बजेट मुक्त हलियाको लागि विनियोजन गर्ने र विनियोजित बजेट पनि प्रशासनिक खर्चमा सक्ने अनि बाँकी रहेको रकम फ्रिज जाने, विभिन्न भ्रमण, गोष्ठीलगायतका कार्य प्रगति भएको नाममा प्रतिवेदन मात्र तयार गर्ने कार्य भइरहेको छ । अहिले पछिल्लो पटक मुख्यरूपमा ५

बुँदे सहमतिको एक पक्ष राष्ट्रिय मुक्त हलिया महासंघ र सोमा आबद्ध कतिपय हलिया कार्यकर्ता तथा मुक्त हलियाहरू समेतलाई बाइपास गरी एकतर्फीरूपमा उक्त ५ बुँदे सम्झौता तथा १० बुँदे सिफारिससमेतलाई थाती राखी मनपरी तरिकाले सकेसम्म मुक्त हलियाहरूको पुनर्स्थापनाका लागि अलग्गै ऐनको आवश्यकता नभएको, यसका लागि अलग्गै कार्यक्रम, अलग्गै स्वतन्त्र आयोगको नचाहिने, सरकारी कर्मचारीहरू मात्र भएको मन्त्रीको संयोजकत्वमा एक समिति बनाउने, सो समितिलाई सञ्चालन गर्न कर्मचारीहरू मात्र रहेको समिति बनाउने अर्थात् कोर कमिटी बनाउने अनि जिल्ला सरकारी कर्मचारीहरूको बाहुल्यता मात्र रहेको जिल्ला समिति बनाउने, मुक्त हलियाहरूलाई सकेसम्म जग्गा नदिने, दिनु परे पनि सिमित संख्यामा एकदम न्यून दिने, उनीहरूलाई जमिनको हकबाट बेदखल गर्ने प्रकृतिको गठन आदेश, २०७० जारी गरी कार्य थालनी गरिरहेको अवस्था छ जसप्रति हामी निवेदकहरू खासगरी राष्ट्रिय मुक्त हलिया महासंघ तथा यस आवद्ध विभिन्न जिल्ला संघहरू तथा हलिया अधिकारकर्मीहरूको गम्भीर आपत्ति रहेकोले सोबारेमा विपक्षीमध्येका भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई ध्यानाकर्षण पत्र दिइसकेको भए पनि सम्पूर्णरूपमा बेवास्ता गरी सम्झौतापत्रको एक पक्षलाई बाइपास गरी मनपरी तरिकाले कार्य गर्ने, मुक्त हलियाहरूको हक हितमा भन्दा पनि आफ्नो सहजतामा पुनर्स्थापनाको कार्य अघि बढिरहेको छ।

मिति २०६५।५।२० गते नेपाल सरकार र मुक्त हलिया महासंघसँग भएको ५ बुँदे सम्झौता, मिति २०६५।६।१० गते नेपाल सरकार, शान्ति तथा पुनर्निर्माण मन्त्रालयका सहसचिव विष्णुप्रसाद नेपालको संयोजकत्वमा गठित सरकारी समितिले पेस गरेको १० बुँदे सिफारिससमेतका आधारमा पुनर्स्थापित गर्नुपर्नेमा औपचारिकरूपमा मुक्त भएका भनिएको समयदेखि ६ वर्ष भइसक्दा पनि संख्यात्मक रूपमा निकै धेरै न्यून हलियाहरूको तथ्याङ्क सङ्कलन गरी उनीहरूलाई पुनर्स्थापित गरिनुको साटो के कसरी पन्छाउन सकिन्छ सो कार्यतिर विपक्षीहरू लागेका कारण आफू मुक्त भई स्वतन्त्र जीवन जिउन आतुर कतिपय मुक्त गरिएका भनिएका हलियाहरू मुक्त भएको महसुस नै नगरी मृत्युवरण गरिसक्नु भएको र अझ यो पुनर्स्थापनाको कार्य कछुवाको गतिमा अगाडि बढिरहेको र ५ बुँदे सम्झौता र १० बुँदे सिफारिसलाई लत्याउने कार्य भइरहेको छ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनहरूका आधारमा विपक्षीहरूसँग भएको ५ बुँदे सम्झौता तथा सोही सम्झौताबमोजिम गठित उच्च स्तरीय समितिले पेस गरेको १० बुँदे सिफारिसलाई लत्याई एकतर्फी मनपरी तरिकाले कार्यवधि बनाउने, गठन आदेश जारी गर्ने लगायतका कार्य भइरहेको तर मुक्त भनिएका हलियाहरू, हलिया महिलाहरू तथा हलिया बालबालिकाहरूको पुनर्स्थापना नभई उनीहरूको दैनिक गुजारी गर्न नसकिने, भोकभोकै बस्नुपर्ने, घर छाप्रो झनै वर्षा घाममा ओत लाग्ने ठाउँ नभएको, बेरोजगार भएका, शिक्षाबाट वञ्चितलगायतका सबै अधिकारबाट बेदखल पार्ने कार्य भइरहेकोले उक्त ५ बुँदे सहमति तथा १० बुँदे सिफारिसबमोजिम कार्य गरी उनीहरूको मानव अधिकारको ग्यारेण्टी गर्नका लागि नेपालको अन्तरिम संविधान, २०६३ धारा ३२ र १०७(२) बमोजिम विपक्षीहरूका नाममा परमादेशलगायत जो चाहिने आज्ञा आदेश जारी गरी पाउन सम्मानित सर्वोच्च अदालतमा उपस्थित भएका छौं। मुक्त भएको ६ वर्षभन्दा बढी भइसकेको भए पनि अझै पुनर्स्थापनाको कार्य सम्झौता तथा सिफारिसबमोजिम नभई रहेको अवस्थामा सो कार्य तत्काल अगाडि नबढाए मुक्त भएका भनिएका हलियाहरू, हलिया महिलाहरू, हलिया बालबालिकाहरूको अवस्था हाल पनि बिचल्ली भइरहेको तथा तत्काल उनीहरूको मानव अधिकारको सुरक्षा गर्ने कार्य नभए थप कष्टकर

जीवन जिउनु पर्ने, कतिपय हलियाहरू पुनर्स्थापना नहुँदै मृत्युको मुखमा पुगेका छन् भने थप यो अवस्था आउने भएकोले सामान्य प्रक्रियामा प्रस्तुत रिटको टुङ्गो लाग्न समय निकै धेरै लाग्ने हुँदा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ६३(३)(ङ) बमोजिम अग्राधिकारका साथ मुद्दाको सुनुवाइ गरिपाउँ भन्ने बेहोराको मिति २०७१।०३।११ को रिट निवेदन।

यसमा के कसो भएको हो? निवेदन मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो । आदेश जारी हुन नपर्ने भए आधार र कारणसहित लिखित जवाफ लिई उपस्थित हुनु भनी विपक्षीहरूका नाममा नियमानुसार म्याद जारी गर्नू । यसमा मुक्त हलियाको हक अधिकारसम्बन्धी प्रश्न समावेशित भएको देखिनाले सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ६३(३)(च५) बमोजिम अग्राधिकार प्रदान गरिदिएको छ भन्ने बेहोराको मिति २०७१।३।१७ को आदेश।

नेपाल सरकार, अर्थ मन्त्रालय राज्यको साधन, स्रोतले भ्याएसम्म राज्यले लिएको नीति कार्यान्वयन गर्ने गराउन सम्बन्धमा सदैव सकारात्मक रहेको बेहोरा सम्मानित अदालतसमक्ष सादर अनुरोध गर्दछु । निवेदकहरूको संविधान एवं कानून प्रदत्त हकमाथि आघात पर्ने गरी यस मन्त्रालयबाट कुनैपनि किसिमको काम कारबाही नभएको, नगरेको र नागरिकको हक हनन् हुने काम कारबाही नहुने बेहोरासमेत सम्मानित अदालतसमक्ष सादर अनुरोध गर्दछु भन्ने बेहोराको नेपाल सरकार, अर्थ मन्त्रालयको लिखित जवाफ।

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय संविधान तथा प्रचलित नेपाल कानूनको परिपालना गरी गराई कानूनी राज्यको अवधारणालाई साकार पार्ने र नागरिकका संविधान तथा कानून प्रदत्त हक, अधिकारहरूको सम्मान, संरक्षण र सम्बर्द्धन गर्दै उपभोगको सुनिश्चितता प्रदान गर्ने कुरामा कटिबद्ध रहेको छ । राज्यको दायित्व र नीति कार्यान्वयन गर्ने क्रममा मध्यपश्चिमाञ्चल विकास क्षेत्रका सुर्खेत, जाजरकोट र हुम्ला तथा सदूरपश्चिमाञ्चल विकास क्षेत्रको कैलाली, कञ्चनपुर, डडेल्धुरा, बैतडी, डोटी, अछाम, बझाङ, बाजुरा र दार्चुला गरी १२ जिल्लामा रहेको हलिया प्रथालाई अन्त्य गरी उनीहरूको आर्थिक सामाजिक अवस्थामा सुधार ल्याई न्यायोचित जीवन बिताउन सक्ने अवसर प्रदान गर्न नेपाल सरकार, मन्त्रिपरिषद्ले मिति २०६५।५।२१ गते सबै हलियालाई मुक्त गर्ने घोषणा गरिसकेको छ । हलियालाई मुक्त घोषणा गरेपश्चात् वा सोभन्दा अघि हलियाहरूबाट भएको आन्दोलन तथा नेपाल सरकार र आन्दोलन पक्षबीच भएका सहमतिको अनुमोदन गरी शान्ति तथा पुनः निर्माण मन्त्रालयबाट मुक्त हलियाको लगत सङ्कलन गर्ने, प्रमाणीकरण, वर्गीकरण र परिचयपत्र वितरणलगायतका कार्यक्रम सञ्चालन गर्न केन्द्र र जिल्लास्तरमा समेत (मुक्त हलिया पुनर्स्थापना तथा अनुगमन) कार्यदल गठन गरिएको छ । यसरी गठन भएका कार्यदलमा मुक्त हलियाका प्रतिनिधिसहित केन्द्रमा ९ सदस्यीय र जिल्ला प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा ७ सदस्यीय कार्यदल गठन भएको छ । मुक्त हलियाको लगत प्रमाणीकरण, आर्थिक स्थितिका आधारमा ४ वर्गमा वर्गीकरण गरी परिचयपत्र वितरण गर्ने र जिल्लाको मागको आधारमा सीपमूलक तथा आयमूलक तालिम प्रदान गरी मुक्त हलियालाई स्वरोजगार तुल्याउने कामहरू भइरहेको छ । आर्थिक वर्ष २०७१/०७२ को नेपाल सरकारको नीति तथा कार्यक्रमले समेत दलित, भूमिहीन, सुकुम्बासी मुक्त कमैया तथा हलिया र पछाडि परेका समुदायलाई सम्बोधन गरेको छ । मुक्त हलिया पुनर्स्थापना तथा अनुगमनसम्बन्धी कार्यविधि, २०६९ ले हलियाका क्षेत्रमा क्रियाशील व्यक्तिहरूमध्येबाट नेपाल सरकारबाट नियुक्त व्यक्ति

संयोजक रहने गरी केन्द्रमा केन्द्रीय कार्यदल गठन गरेको र जिल्लामा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्लास्तरीय मुक्त हलिया पुनर्स्थापना तथा अनुगमन कार्यदलको गठन गरेको छ। जिल्लामा गठन हुने जिल्लास्तरिय मुक्त हलिया पुनर्स्थापना तथा अनुगमन कार्यदलको सदस्यहरूमा जिल्ला कार्यदलको संयोजकले हलियाको क्षेत्रमा कार्यरत संघ / संस्थाका पदाधिकारीमध्येबाट तोकेको एकजना महिलासहित तीनजना प्रतिनिधि सदस्य रहने र केन्द्रीय कार्यदलमा हलियाको क्षेत्रमा कार्यरत संघ संस्थाका पदाधिकारीमध्येबाट मन्त्रालयले तोकेको एकजना महिलासहित तीनजना प्रतिनिधि रहने व्यवस्था भएबाट उक्त कार्यदलहरूमा सरकारी कर्मचारीको मात्र बाहुल्यता रहेको भन्न मिल्दैन भन्ने बेहोराको नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफ।

माननीय शान्ति तथा पुनर्निर्माण मन्त्रीको संयोजकत्वमा मिति २०६७।४।१ मा भूमिसुधार तथा व्यवस्था मन्त्री, भूमिसुधार तथा व्यवस्था मन्त्रालय र मन्त्रालयका सचिवहरू समेतको उपस्थितिमा मन्त्रालयअन्तर्गत मुक्त हलिया तथ्याङ्क सङ्कलन समिति गठन भई सङ्कलन भएको तथ्याङ्क विवरणहरू प्रशोधनलगायतका अग्रिम कार्य गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयबाट हुनुपर्ने विषयमा सिद्धान्ततः सहमति रहेको भनी निर्णय भएको, त्यसैगरी माननीय शान्ति तथा पुनर्निर्माण मन्त्रीको संयोजकत्वमा मन्त्रालयमा मिति २०६७।४।१३ मा भूमिसुधार तथा व्यवस्था मन्त्री, राष्ट्रिय योजना आयोगका सदस्य, भूमिसुधार तथा व्यवस्था मन्त्रालय र मन्त्रालयका सचिवहरू, अर्थ मन्त्रालयका सहसचिवसमेतको उपस्थितिमा मुक्त हलियाहरूको संकलित तथ्याङ्क प्रशोधन गर्ने सम्बन्धमा हालसम्म उपलब्ध तथ्याङ्क विवरणको टेबुलेसन गर्ने कार्य मन्त्रालयले गरी नामावलीसहितको सबै विवरण भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई बुझाउने भनी निर्णय भएबमोजिम नेपाल सरकारले २०६५।५।२१ गते सबै हलियाहरूलाई मुक्त घोषणा गरेपश्चात् नेपालको मध्यपश्चिम र सुदूरपश्चिम विकास क्षेत्रका १२ जिल्लामा जम्मा १९,०५९ हुलिया परिवारको तथ्याङ्क सङ्कलन मन्त्रालयबाट लिएको लगत एवं पेस भएको कार्यदलको सुझावसहितको प्रतिवेदनलगायतका कार्य भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा मिति २०६७।१०।१२ मा पठाइसकिएको रहेछ । नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७१।३।२ को निर्णयानुसार पुनरावेदन अदालतका पूर्व मुख्य न्यायाधीशको अध्यक्षतामा शान्ति तथा पुनर्निर्माण मन्त्रालय स्थापनापश्चात् भएका सहमति सम्झौता कार्यान्वयन सिफारिस आयोग, २०७१ गठन भई आयोगले कार्य प्रारम्भ गरिसकेको अवस्थामा अनावश्यक दाबी लिई दायर भएको रिट निवेदन खारेज गरिपाउँ भन्ने बेहोराको शान्ति तथा पुनर्निर्माण मन्त्रालयको लिखित जवाफ।

नेपालको मध्यपश्चिमाञ्चल तथा सुदूरपश्चिमाञ्चल विकास क्षेत्रका १२ जिल्लामा रहेका हलियाहरूको मुक्तिको घोषणा नेपाल सरकारले मिति २०६५।५।२१ गते गरेको हो। शान्ति तथा पुनर्निर्माण मन्त्रालयबाट मुक्त हलियाका प्रतिनिधिसमेत रहेको लगत सङ्कलन टोली गठन भई १२ जिल्ला जम्मा १९०५९ परिवारको लगत सङ्कलन गरी यस मन्त्रालयमा मिति २०६७।१०।१२ मा हस्तान्तरण भएको थियो । लगत प्राप्त भएपछि निजहरूको व्यवस्थापनका लागि नेपाल सरकार (माननीय उपप्रधानमन्त्री तथा भूमिसुधार तथा व्यवस्था मन्त्रीस्तर) को मिति २०६८।१।१९ को निर्णयअनुसार तत्कालीन माननीय सभासद हरिराम श्रीपाइलीको संयोजकत्वमा मुक्त हलिया पुनर्स्थापना तथा अनुगमन कार्यदल गठन भई मुक्त हलियाको लगत प्रमाणीकरण, वर्गीकरण र परिचयपत्र वितरणलगायत मुक्त हलिया

परिवारलाई सीपमूलक तथा आयमूलक तालिम प्रदान गर्ने कार्य गर्दै आएको र २०७० पौष मसान्तसम्म मात्र कार्यदलको म्याद रहेको थियो। कार्यदलको तोकिएको जिम्मेवारी पूरा गर्नका लागि मिति २०६८।८।५ मा नेपाल सरकार (माननीय मन्त्रीस्तर) को निर्णयबाट स्वीकृत मुक्त हलिया पुनर्स्थापना तथा अनुगमनसम्बन्धी कार्यविधि, २०६८ लागू गरिएको थियो। कार्यदलले हालसम्म १०६२२ परिवारको लगत प्रमाणीकरण गरी ७३६७ परिवारलाई परिचयपत्र वितरण गरिसकेको छ। मुक्त हलिया व्यवस्थापनलाई अझ व्यवस्थित र चुस्त बनाउने उद्देश्यले "मुक्त हलिया पुनर्स्थापना समस्या समाधान समिति गठन आदेश, २०७० र कार्ययोजना" नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति २०७०।१२।७ मा स्वीकृत भई कार्ययोजनालाई व्यावहारिकरूपमा कार्यान्वयन गर्ने उद्देश्यले चालु आ.व.मा २० वटा घर निर्माण, १३१ परिवारलाई जग्गा खरिद र १२५ वटा घर मर्मतको कार्यक्रम ६ वटा जिल्ला सुर्खेत, हुम्ला, कैलाली, कञ्चनपुर, अछाम र दार्चुला जिल्लामा सञ्चालनमा रहेका छन्। यी कार्यक्रमहरू सञ्चालनका लागि "मुक्त हलियालाई जग्गा खरिद तथा दर्ता र घर निर्माण तथा मर्मतसम्बन्धी अनुदान उपलब्ध गराउने कार्यविधि, २०७१" माननीय मन्त्रीस्तरको निर्णयबाट मिति २०७१।१।२८ मा स्वीकृत भई कार्यान्वयनमा रहेको छ। त्यसैगरी आगामी वर्ष २०७१/०७२ मा मुक्त हलियाको लागि १७१ घर निर्माण, १७१ घर मर्मत, १७१ परिवारलाई जग्गा खरिद गर्ने कार्यक्रम रहेको छ। यसबाहेक मुक्त हलियाको मागलाई संवोधन गरी बाँधा श्रम (निषेध, रोकथाम र पुनर्स्थापन) सम्बन्धमा विधेयकको तर्जुमा गरी सम्बन्धित सरोकारवाला मन्त्रालयको राय प्राप्त गरी कानून, न्याय, संविधान सभा तथा संसदीय मामिला मन्त्रालयमा सहमतिका लागि पठाउने चरणमा रहेको छ। यसरी मुक्त हलिया पुनर्स्थापना कार्यक्रमलाई नेपाल सरकारले पहिलो प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन गरिरहेको, नीतिगत व्यवस्थामार्फत मुक्त हलियाको समस्यालाई संवोधन गरी पुनर्स्थापनाको प्याकेज उपलब्ध गराउँदै आएको छ। पुनर्स्थापनको कार्यहरू सुरू भइसकेको अवस्थामा रहेको हुँदा विपक्षी निवेदकले हचुवा र मनगढन्ते किसिमले यस मन्त्रालय र मुक्त हलिया पुनर्स्थापन समस्या समाधान समितिसमेतलाई विपक्षी बनाई दायर गरिएको प्रस्तुत रिट निवेदन कानूनसम्मत र तर्कसङ्गत समेत नदेखिँदा खारेजभागी छ खारेज गरिपाउँ भन्ने बेहोराको भूमिसुधार तथा व्यवस्था मन्त्रालय र मुक्त हलिया व्यवस्थापन समितिको संयुक्त लिखित जवाफ।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकतर्फबाट मिति २०७४।०४।२३ गतेको तारेख गुजारिएको देखियो। यसरी सार्वजनिक हक र सरोकारको विषय भनी यस अदालतमा नेपालको अन्तरिम संविधानको धारा १०७(२) अन्तर्गत दर्ता गरिएको निवेदनमा निवेदकतर्फबाट लापरवाही हुन आएको पाइन्छ। तर प्रस्तुत रिट निवेदन मुक्त हलियाको पुनर्स्थापनको विषयसँग सम्बन्धित हुँदा सार्वजनिक हक र सरोकारको विषय देखिन आयो। त्यसैले निवेदन र लिखित जवाफसमेतको अध्ययन गरी प्रस्तुत विवादमा निर्णय निष्कर्षमा पुग्नु पर्ने हुन आयो।

रिट निवेदन नेपालको सुदूर पश्चिम र मध्यपश्चिमका १२ वटा जिल्लाहरूमा प्रचलनमा रहेको हलिया प्रथाको अन्त्य र मुक्त हलियाहरूको पुनर्स्थापनसँग सम्बन्धित देखिन्छ। हलियाहरू प्रायः आफ्नो घरबास नभएका, ऋणले थिचिएका र ऋणको भार बोक्न नसक्दा बाधा वा दास जस्तो जीवन बिताउन बाध्य पारिएका व्यक्तिहरू हुन्। हलियाहरूको समस्या अध्ययन गर्न सरकारद्वारा गठित कार्यदलले मिति २०६५।६।१० मा शान्ति तथा पुनर्निर्माण मन्त्रालयमा बुझाएको प्रतिवेदनमा हलियाहरूको विषयमा यसो भनिएको छः

"पुस्तौं पुस्तादेखि जमिनको सानो टुक्रामा वा ऋणको ब्याजबापत वा परम्पराको आधारमा जमिन्दारको हलो जोत्ने र लाए अह्राएका सम्पूर्ण कृषिजन्यलगायतका कार्यहरू गर्ने एक प्रकारको बन्धकारी श्रम गर्नु नै हलिया प्रथा हो । हलिया प्रथा एउटा दास प्रथाको अवशेष हो । हलिया प्रथा मधेशमा हरवा, चरवा पहाडमा हलियाका रूपमा नेपालका सबै ठाउँ भएपनि मध्यपश्चिम र सुदूरपश्चिमका पहाडी जिल्लामा व्यापक रूपमा रहेको छ । अधिकांश हलियाहरू दलित छन ।

यी कृषि वधुवा कामदारहरू हुन् जो पुस्तौं पुस्तादेखि तिर्न बाँकी ऋणको कारण जमिन्दारहरूकोमा बन्धकको रूपमा काम गर्न बाध्य हुन्छन् । सामान्यतया हलियाहरू तीन किसिमका हुन्छन् :

क) ऋणको ब्याजबापत काम गर्ने ।

ख) जग्गा उपभोग गरेबापत काम गर्ने ।

ग) परम्परागत रूपमा एउटा निश्चित रकम लिएर खेती लगाउनेदेखि भित्र्याउनेसम्मका सम्पूर्ण कार्यहरू गर्ने ।"

बन्धनकारी श्रमको प्रथाबाट मुक्तिको निम्ति २०६५ सालमा हलियाहरूले आन्दोलन गरी राष्ट्रिय हलिया मुक्ति समाज, महासंघले ११ बुँदे माग सरकारमा पेस गरे । परिणामतः उनीहरूका अगुवाहरू र सरकारको बीचमा मिति २०६५।५।२० मा एउटा सम्झौता भएको देखिन्छ । उक्त सम्झौतामा देहायका कुराहरू उल्लेख छन् :

१. "पुस्तौं पुस्तादेखि हलिया परिवारको नाममा रहेको ऋण खारेजीसहित नेपाल सरकारले औपचारिकरूपमा हलिया मुक्तिको घोषणा गर्ने,
२. राष्ट्रिय हलिया मुक्ति समाज, महासंघका ११ बुँदे मागहरू अध्ययन गरी ठोस कार्य गर्न पीडित हलिया र सम्बन्धित व्यक्तिका तर्फबाट ६ जना र सरकारी निकायबाट ३ जना गरी ९ सदस्सीय कार्यदल गठन गर्ने । उक्त कार्यदलले गठन भएको १५ दिनभित्र प्रतिवेदन पेस गर्ने,
३. हलिया आन्दोलनकारी तथा हलिया परिवारलाई आवश्यकताअनुसार सुरक्षा प्रदान गर्ने,
४. राष्ट्रिय हलिया मुक्ति समाज, महासंघका ११ बुँदे मागहरू प्रति सकारात्मक रहँदै सबै मागहरूको सम्बन्धमा कार्यदलले गरेको सिफारिसमा नेपाल सरकारले समस्या समाधानका लागि कारबाही अगाडि बढाउने,
५. राष्ट्रिय हलिया मुक्ति समाज, महासंघले गर्दै आएका सम्पूर्ण आन्दोलनका कार्यक्रमहरू आजैदेखि फिर्ता लिने ।"

नेपाल सरकारको तर्फबाट शान्ति तथा पुनर्निर्माण मन्त्री र राष्ट्रिय हलिया मुक्ति समाज, महासंघको तर्फबाट उनीहरूका ४ जना प्रतिनिधिहरूले सहिछाप गरेको सो सम्झौता हलिया आन्दोलनका अगुवाहरूले सरकारसमक्ष पेस गरेको ११ बुँदे माग पत्रमा आधारित देखिन्छ । उक्त ११ बुँदे मागपत्रमा अन्य कुराको अतिरिक्त मुक्त हलियाहरूको बसोबासको लागि तराईमा १० कट्ठा र पहाडमा १० रोपनी जग्गा उपलब्ध गराउने, उनीहरूको मुक्ति र पुनर्स्थापनाको लागि "उच्चस्तरीय हलिया मुक्ति तथा पुनर्स्थापन आयोग" गठन गर्ने, अन्तरिम राहतको लागि प्रति परिवार रू.१,००,०००।- उपलब्ध गराउनुका साथै रोजगार, छुवाछुत र भेदभावको अन्त्य र हरेक तह क्षेत्रमा समानुपातिक प्रतिनिधित्वका कुराहरू उल्लेख भएको मिसिल संलग्न उक्त मागहरूको प्रतिलिपिबाट देखिन्छ ।

नेपाल सरकार, मन्त्रिपरिषद्को तर्फबाट पेस भएको लिखित जवाफमा उक्त सम्झौतापश्चात्

मिति २०६५।५।२१ मा मन्त्रिपरिषद्ले सबै हलियालाई मुक्त गर्ने घोषणा गरेको र सोपूर्व गरिएका सबै सहमतिको अनुमोदन गरिएको कुरा उल्लेख छ। पाँच बुँदे सहमतिबमोजिम गठन भएको कार्यदलले हलियाहरूको पुनर्स्थापन पूर्व उनीहरूको संख्या आर्थिक अवस्थासमेतको तथ्याङ्क आउनु पर्ने भन्ने सिफारिस गरेबमोजिम मुक्त हलियाहरूको लगत सङ्कलन, प्रमाणीकरण, वर्गीकरणलगायतका कार्य गर्न केन्द्र र जिल्लास्तरमा कार्यदल गठन गरिएको, मुक्त हलिया पुनर्स्थापना तथा अनुगमनसम्बन्धी कार्यविधि, २०६९ जारी गरिएको कुरा पनि उल्लेख छ। त्यस्तै गरी शान्ति तथा पुनर्निर्माण मन्त्रालयको लिखित जवाफमा नेपालको सुदूरपश्चिम र मध्यपश्चिम विकास क्षेत्रका १२ जिल्लामा १९,०५९ हलिया परिवारको तथ्याङ्क सङ्कलन गरिएको कुरा उल्लेख छ। त्यस्तै गरी भूमिसुधार तथा व्यवस्थापन मन्त्रालयको लिखित जवाफमा लगतमा परेका यी परिवारहरूमध्ये केहीको प्रमाणीकरण गरी परिचयपत्र वितरण गरिएको, सानो संख्यामा हलिया परिवारको निम्ति घर निर्माण, जग्गा खरिद, घर मर्मत आदि गरिएको भन्ने उल्लेख छ। पेस भएका लिखित जवाफहरूको अध्ययनबाट सरकारले हलियाहरूले भोग्नु परेको समस्याको पहिचान गरी र उनीहरूको मुक्तिपश्चात् पुनर्स्थापनाको लागि केही कार्यको प्रारम्भसम्म गरेको तर समस्याको पूर्णरूपमा संवोधन हुन बाँकी नै रहेको भन्ने देखिन्छ।

प्रस्तुत रिट निवेदनमा मुख्यरूपमा हलिया मुक्तिपश्चात् उनीहरूको पुनर्स्थापनाको कार्य तदारूखताका साथ सम्पन्न हुन नसकेको, सो कार्यका लागि गठित कार्यदल / समितिहरूमा सरकारी कर्मचारीहरूको बाहुल्यता रही हलियाहरूको प्रतिनिधित्व हुन नसकेको, प्रमाणीकरण त्रुटिपूर्ण रहेको, हलियाहरूको पुनर्स्थापनामा न्यून बजेट विनियोजन गरिएको र विनियोजित रकम पनि प्रशासनिक खर्च र भ्रमण गोष्ठी आदि र कागजी प्रतिवेदनमा सक्ने कार्य भएको जिकिर लिइएको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त लिखित जवाफमा मुक्त हलिया पुनर्स्थापना तथा अनुगमनको लागि केन्द्र र जिल्लामा गठित प्रत्येक कार्यदलमा हलियाका क्षेत्रमा कार्यरत संघ / संस्थाका पदाधिकारीहरूमध्ये बाट एकजना महिलासहित तीन जना प्रतिनिधि सदस्य रहने व्यवस्था गरेको भन्ने उल्लेख भएबाट पुनर्स्थापनसम्बन्धी कार्यमा हलियाहरूको प्रतिनिधित्व भएको रहेनछ भन्न सकिने अवस्थाचाहिँ देखिएन। तर सो कार्यदल हालसम्म कार्यरत छ वा छैन स्पष्ट हुन सकेन।

रिट निवेदनमा सरकारको तर्फबाट पुनर्स्थापना लगायत जे जति मागहरूको कार्यान्वयनको कुरा उठाइएका छन् यी विषयहरू विद्यमान कानूनको उल्लङ्घन वा प्रचलनको विषयभन्दा पनि नयाँ कानूनको निर्माण एवं नीतिगत व्यवस्था र व्यावहारिक र समय सारिणीमा आवद्ध रणनीति तथा कार्यक्रम बनाइनु पर्ने कुराहरू उल्लेख गरिएको छ । संविधान र कानून प्रदत्त हकको उल्लङ्घन हुँदा उत्प्रेषण वा परमादेशको आदेश जारी हुने हो। सरकारसमक्ष पेस भएका माग सम्झौताका बुँदा वा त्यसपछि गठित कार्यदलको प्रतिवेदन आदि कानून होइनन्। यी दस्तावेजको आधारमा कसैको प्रचलनीय हक बन्दैन। त्यसैले यहाँ जुन समस्याको उल्लेख भएको छ यी कुराहरूको संवोधन उत्प्रेषण वा परमादेशको आदेशद्वारा भन्दा पनि एउटा विस्तृत किसिमको र व्यवहारमा कार्यान्वयन गर्न सकिने आदेशमार्फत गरिनु पर्ने विषय देखिन्छ। के कस्तो आदेश जारी गर्ने भन्ने सन्दर्भमा समस्याको प्रकृति, सान्दर्भिक संवैधानिक व्यवस्थाको विवेचना गरी उपयुक्त उपचार विधि तय गर्नुपर्ने अवस्था यहाँ देखिन्छ। त्यसैले उत्प्रेषण तथा परमादेशको आदेश जारी गर्नुपर्ने भन्ने निवेदन खारेज गरिएको छ।

२. अब के कस्तो आदेश जारी गर्ने भन्ने

सन्दर्भमा प्रारम्भमा नै स्पष्ट गरी हाल्नुपर्ने कुरा के छ भने **हलियाहरू यसै देशका नागरिक हुन् । सरकार आफैँले गरेको सम्झौता र घोषणाको आधारमा हेर्दा पनि उनीहरू स्पष्टरूपमा छुट्याउन सकिने एउटा वर्गको मानिस एवं समुदाय हुन् । त्यसैले संविधान प्रदत्त हकहरू उनीहरूलाई व्यक्तिगत र सामूहिक रूपमा प्राप्त हुन्छन् ।** हलियाहरूको समस्याको प्रकृति हेर्दा गरिबी, भूमि विहीनता, अशिक्षा, पछौटेपन र रोजगारीको अभाव मात्र नभई दास प्रथाको एक प्रकारको निरन्तरता हो भन्ने देखिन्छ र उनीहरूको माग यही दासताको अन्त्य गर्नेतर्फ सारभूत रूपमा केन्द्रित देखिन्छ । **रिट निवेदन दर्ता गर्दाको बखत विद्यमान नेपालको अन्तरिम संविधान, २०६३ र वर्तमान नेपालको संविधान दुवैले सम्मानपूर्वक बाँच्न पाउने हकको साथै स्वतन्त्रता र समानताको मान्यतालाई आत्मसात् गर्दै जातीय, वर्गीय, लिङ्ग, धर्म आदि कुनै पनि किसिमको भेदभावलाई अस्वीकार गरेका छन् ।**[1] **यसका साथै जातीय छुवाछुत र भेदभाव, धर्म परम्परा, संस्कार वा अन्य कुनै पनि आधारमा गरिएको शोषण, दास वा बाधा बनाउने वा इच्छा विरूद्ध काममा लगाउने कार्य संविधानद्वारा निषेधित छन् ।**[2] **संविधानका यी प्रतिबद्धताहरू र प्रत्याभूत गरिएका हकहरू महत्त्वपूर्ण छन् । त्यसैले यी हकहरू हरेक व्यक्ति वर्ग र समुदायले कसरी उपभोग गर्न पाउँछ, यो स्वाभाविकरूपमा न्यायिक चासोको विषय बन्छ । संविधान मूलतः अधिकारहरूको दस्तावेज हो । हकहरूको घोषणा मात्र होइन उपभोगसमेतको सुनिश्चितता गर्नु संविधानको साध्य हो । यो साध्यको प्राप्तितर्फ सबैको प्रयास रहनु पर्छ । हकहरूको सहजरूपमा प्रचलन हुँदा मात्रै जनताले न्यायको अनुभूति गर्न सक्छन् । संविधानप्रदत्त हकहरूको प्रचलनमार्फत जनतालाई न्यायको अनुभूति गराउनु नै अदालतको प्रमुख कर्तव्य हो । अदालतको फैसलामार्फत स्थापित अधिकारहरूको कार्यान्वयन हुँदा नै समाजमा न्याय सुनिश्चित हुन्छ ।** तसर्थः संविधानले परिकल्पना गरेअनुरूप सामाजिक न्याय स्थापित गर्नेतर्फ अदालतका ध्यान केन्द्रित रहनु पर्छ । त्यसको लागि यसरी हेपिएका जनताहरूको हक मुखरित गर्ने र दबिएका आवाजहरूलाई वाणी प्रदान गर्ने कार्य गर्नुपर्छ ।

३. नेपालको संविधानको धारा ५१(ञ) को देहाय खण्ड (छ) मा **"मुक्त कमैया, कम्हलरी, हरवा, चरवा, हलिया, भूमिहीन, सुकुम्बासीहरूको पहिचान गरी बसोबासको लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमिन वा रोजगारीको व्यवस्था गर्दै पुनर्स्थापना गर्ने"** विषयलाई राज्यले नीतिको रूपमा स्वीकार गरिसकेको छ । यद्यपि संविधानको भाग ४ मा वर्णित राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वहरू कार्यान्वयन भए वा नभएको सम्बन्धमा अदालतमा प्रश्न उठाउन मिल्दैन तर वर्तमान संविधानले मौलिक हकको कार्यान्वयनको लागि तीन वर्षभित्र कानूनी व्यवस्था गर्ने प्रतिबद्धता व्यक्त गरेको छ र हलियाहरूको मौलिक हकहरूको कार्यान्वयनको लागि राज्य नीतिको माथि वर्णित पहिचान, बसोबास, जीविकोपार्जन र रोजगारी जस्ता व्यवस्था सान्दर्भिक हुन्छन् भने आफूसमक्ष परेका विवादहरूमा **"प्रभावकारी र जन उत्तरदायी"** न्याय गर्नुपर्ने र आफूसमक्ष परेका विवादमा उचित उपचार प्रदान गर्नुपर्ने संवैधानिक दायित्व भएको यस अदालतले सो विषयमा बोल्न र न्याय निरूपण गर्न नमिल्ने भन्ने हुँदैन ।

४. रिट निवेदन दर्ता गर्दाको अवस्थामा विद्यमान अन्तरिम संविधान र वर्तमान संविधानले कुनै पनि किसिमको शोषण र दास वा बाँधा बनाउने

1. नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२, १३ र नेपालको संविधानको धारा १६, १७, १८
2. नेपालको अन्तरिम संविधान, २०६३ को धारा १४, २९ र नेपालको संविधानको धारा २४, २९

कार्यलाई निषेध गरेको त छँदै छ नेपाल पक्ष रहेका मानव अधिकारसम्बन्धी महासन्धिहरूमा पनि बाँधा बनाउने, बाध्यकारी श्रममा लगाउने, ज्यालाबेगर काममा लगाउने आदि कार्यलाई निषेध गरिएको छ। महासन्धिहरूमध्ये दासता उन्मुलन महासन्धि, १९२६ को धारा २, ४, ५ महत्त्वपूर्ण छन् । त्यस्तैगरी नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धि, १९६६ को दफा ८ ले दासता (Slavery, Servitude) र बाध्यकारी श्रम (Compulsory Labor) लाई निषेध गरेको कुरा विशेष स्मरणीय छ । यी र अन्य महासन्धिका व्यवस्थाप्रति सरकारको प्रतिबद्धता रहेकै पाइन्छ। यहाँ कसैले मानव अधिकारसम्बन्धी महासन्धिका व्यवस्था मान्नु पर्दैन भनेको पनि छैन । तसर्थ ती व्यवस्थाहरूबारे विस्तृत विवेचना र विश्लेषण यहाँ आवश्यक भएन। संविधानले नै कुनै किसिमको शोषण र दासत्व स्वीकार गर्दैन र ती कार्यहरू मानव अधिकार विरूद्धसमेत छन् भने त्यस्ता कुराहरूको अन्त्य गर्नु राज्यका सबै निकायको दायित्व बन्छ । सरकारले हलियाहरूका प्रतिनिधिहरूसँग जे जस्तो सहमति गरेको छ ती कुराहरू संविधानतः सरकारले बहन गर्नुपर्ने विषयभित्रसमेत पर्छन्।

५. हलिया प्रथाकै कुरा गर्दा बुझ्नु पर्ने कुरा के छ भने कुनै काल्पनिक विषय होइन, शोषित पीडित जनताहरूले भोग्नु परेको यथार्थ हो । **एक्काइसौं शताब्दीमा पनि प्रथा परम्परा प्रचलन वा अन्य कुनै आधारमा मानिसको शोषण हुन्छ, चक्रवृद्धि ब्याज वा जग्गा दिएको भन्ने बाहनामा पुस्तौं पुस्ता हलियाको रूपमा राखिन्छन् । उनीहरूले पेटभरी खान पाउँदैनन्, उनीहरूका सन्तानहरूले शिक्षा र स्वास्थ्य जस्तो आधारभूत हकबाट वञ्चित गरिन्छ भन्ने कुरा नेपाल राष्ट्र र नेपाली समाजलाई सुहाउने कुरा होइन । यसो हुन्छ भन्नुसम्म पनि राष्ट्रिय लज्जाको विषय हुन्छ र यस्तो कुरा समतामूलक समाजको संवैधानिक परिकल्पनासँग मिल्दैन।**

६. जहाँसम्म संविधान प्रदत्त हकहरूको कुरा छ यो सत्य हो कि वर्तमान संविधानले प्रत्याभूत गरेका कैयौं हकहरूले राज्यको तर्फबाट सकारात्मक कदमको अपेक्षा गर्दछन् । तीनको कार्यान्वयनमा आर्थिक स्रोत र साधनको आवश्यकता पनि पर्दछ। तर यसो भनेर नागरिक र राजनीतिक प्रकृतिका हकहरूको कार्यान्वयनमा सकारात्मक कदम र आर्थिक स्रोत नचाहिने भन्ने हुँदैन । संविधानले प्रचलनीय हक भनी प्रत्याभूत गरिसकेको अवस्थामा हकहरूको कार्यान्वयनमा राज्यको आर्थिक क्षमता वा स्रोत साधनको सीमा हुनसक्छ तर स्रोतको उपलब्ध हुनसकेको स्थितिलाई देखाएर न्यूनतम् पनि कार्य नगरी राज्यले उम्कन मिल्दैन । राज्यसँग हकहरूको कार्यान्वयनको योजना र कार्यनीति हुनैपर्छ। लोकतन्त्रमा यो अपेक्षा सदासर्वदा रहन्छ।

७. **संविधानद्वारा प्रत्याभूत सम्मान, समानता र विभेदहीनता संविधानद्वारा प्रदत्त सबै हकहरूको जगमा रहन्छन् भने शोषण विरूद्धको हकको प्रत्याभूतिले विभेदको अन्त्य गरी सम्मानपूर्वक बाँच्न पाउने अवस्थाको सृजना गर्छ। शोषणको अन्य हुनुले न्यूनतमरूपमा विभेदको अन्त्यलाई इङ्गित गर्छ तर विभेदहीनताको स्थिति बन्न शिक्षा, स्वास्थ्य, रोजगारी र राष्ट्रिय जीवनमा सहज सहभागिता जस्ता हकहरू सुनिश्चित गरिनु आवश्यक हुन्छ। संविधानद्वारा प्रदत्त हकहरूलाई समग्रतामा लिन र एक अर्काको परिपूरकको रूपमा बुझ्न र राज्यद्वारा सकारात्मक कदम चालिनु जरूरी हुन्छ। हक अधिकारहरूको समग्रतामा प्रचलन हुँदा सामाजिक न्याय कायम हुने र समावेशी लोकतन्त्रको अर्थपूर्ण प्रयोग गर्ने स्थिति बन्न जान्छ । वर्तमान संविधानद्वारा लक्षित समाजवाद उन्मुख समाजको स्थापना गर्न सर्वप्रथम गरिब, निमुखाहरूको उद्दार र पुनर्स्थापन गरी उनीहरू आफ्नो खुट्टामा उभिन सक्ने स्थिति बन्नु पर्छ। सदा उपेक्षित र शोषित रहेका हलियाहरू संविधानतः त्यसको प्रमुख**

**दाबेदार हुन् भन्नेमा कुनै द्विविधा छैन ।**

८. हलियाहरूको सन्दर्भमा सरकारले स्पष्टरूपमा उनीहरूको पहिचान, प्रमाणीकरण र वर्गीकरण गरी पुनर्स्थापन गर्ने कुरालाई स्वीकार गरिसकेको छ। **नेपालको संविधानले हलियासहितका कमजोर र पिछडिएका वर्ग तथा व्यक्तिहरूको पुनर्स्थापनलाई राज्यको दायित्व हुने भनी स्वीकार गरिसकेको अवस्थामा हलियाहरूको मागको सम्बोधन गर्ने कुरा अब कसैको लहडको विषय रहन सक्दैन। यो अब गरे पनि हुने नगरे पनि हुने सरकारी स्वेच्छाको विषय हुन सक्दैन।**

९. हलियाहरूले राज्यसमक्ष पेस गरेका मागहरूको सार ऋण मुक्तिको घोषणा र पुनर्स्थापनसँग सम्बन्धित देखिन्छन्। पुनर्स्थापनको लागि उनीहरूले घरबास र जीवन निर्वाहका लागि केही जमिन, घरबासको लागि आवश्यक सामाग्री, अन्तरिम राहतको लागि कही रकम, रोजगारी, छुवाछुतको अन्त्यको साथै राष्ट्रिय जीवनका हरेक क्षेत्र र तहमा समानुपातिक प्रतिनिधित्व एवं सुरक्षासमेतको माग गरेका छन्। ती कुराहरू सर्वथा संविधानअनुकूल र राज्यले न्यूनतम रूपमा पनि पालन गर्नुपर्ने दायित्वका विषयहरू देखिन्छन्। नेपालको संविधानको धारा ५१(ञ) को (छ) मा **हलियासमेतका सुकुम्बासीहरूको पहिचान गरी बसोबासको लागि घर घडेरी, जीविकोपार्जनको लागि कृषियोग्य जमिन वा रोजगारीको व्यवस्था गर्दै पुनर्स्थापन गर्ने** कुरालाई राज्यका निर्देशक सिद्धान्त नीति र दायित्वको रूपमा स्वीकार गरिसकिएको हुँदा अबको चासो र सन्दर्भ सो दायित्वको कसरी व्यावहारिकरूपमा कार्यान्वयन गर्ने भन्ने हुनुपर्छ। संवैधानिक व्यवस्थामार्फत राज्यले हलियाहरूको माग कार्यान्वयन र पुनर्स्थापनको दायित्व स्वीकार गरिसकेको छ भने यी संविधानसम्मत दायित्वहरूको कार्यान्वयन गर्नु नै अब अदालतसहित राज्यका सबै निकायहरूको चासो र चिन्ता रहनुपर्छ।

१०. रिट निवेदक र लिखित जवाफसहित मिसिल संलग्न कागजातहरूको अध्ययन गर्दा राज्यले सो दायित्वको सही ढंगबाट कार्यान्वयन गरेको छैन भन्ने देखिन्छ। पुनर्स्थापनको क्रममा आर्थिक वर्ष ०७०।०७१ मा २० वटा घर निर्माण, १३१ परिवारलाई जग्गा खरिद र १२५ घर मर्मतको कार्यक्रम रहेको, आर्थिक वर्ष ०७१/०७२ मा हलियाको लागि १७१ घर निर्माण, १७१ घर मर्मत र १७१ परिवारलाई जग्गा खरिद गर्ने कार्यक्रम छ भन्ने विपक्षी भूमिसुधार तथा व्यवस्था मन्त्रालयको लिखित जवाफ रहेको देखिन्छ। संवत् २०६५ सालमा पुनर्स्थापनको जिम्मेवारी बोकेको सरकारले आर्थिक वर्ष २०७१/०७२ सम्म भुइँ सतहमा गरेको कार्य प्रगति यत्ति हो, त्यो पनि कार्यक्रमको रूपमा। यो कार्यक्रमबाट भुइँ सतहमा के कति हासिल भयो सो जान्न सकिने कुनै आधार मिसिलमा भेटिँदैन। विपक्षी भूमिसुधार तथा व्यवस्था मन्त्रालयको वेभसाइट हेर्दा पनि हलियाहरूको पुनः स्थानमा सन्दर्भमा कुनै थप सूचना रहे भए पाइँदैन। यस स्थितिमा सरकार आफैँले पहिचान गरेका १९,०५९ हलिया परिवारको पुनर्स्थापनको सन्दर्भमा कुनै गहकिलो कार्य गरेको भन्न सकिने अवस्था देखिएन। कागजी रूपमा तयार गरेका कार्यविधि, प्रतिवेदनले पुनर्स्थापनलाई सुनिश्चित गर्दैनन्। त्यसको लागि भुइँ सतहमा नै देखिने गरी कार्य गरिनुपर्छ। त्यसको लागि स्पष्ट आदेशसहितको संरचना, बजेट र दक्ष जनशक्ति आवश्यक हुन्छ। सो जुटेको वा जुटाइएको छ भन्न सकिने स्थिति मिसिलबाट देखिएन। यस स्थितिमा सारभूतरूपमा समस्त हलियाहरूको पुनर्स्थापन नभएसम्म सरकारले उनीहरू सक्षम मिति २०६५।५।२० मा गरेको सम्झौता र त्यसको भोलिपल्ट मिति २०६५।५।२१ मा गरेको घोषणामा खरो उत्रेको छ भन्न सकिने अवस्था देखिएन।

११. सरकारले हलिया मुक्तिको घोषणा गरेको

दश वर्षभन्दा बढी भइसकेको छ । तर हलियाहरूको श्रम शोषण, विभेद, अवहेलना र तिरस्कारको अवस्थाको अन्त्य हुनसकेको छैन । संविधानद्वारा प्रत्याभूत उनीहरूको सम्मानपूर्वक बाँच्न पाउने हकको सुनिश्चितता, विभेदपूर्ण अवस्था, शोषण तथा छुवाछुतको अन्त्य, उनीहरूको स्वास्थ्यसम्बन्धी हक, आवाससम्बन्धी हक, खाद्यसम्बन्धी हक, सामाजिक न्यायको हक, सामाजिक सुरक्षाको हक र उनीहरूका छोराछोरीको शिक्षाको हक कुण्ठित भइरहेको अवस्था छ ।[3] अधिकारहरूको सम्मान हुन नसक्दा र राज्यले आफूले व्यक्त गरेको प्रतिबद्धता पूरा गर्न नसक्दा संविधान र संविधान सृजित राज्यका निकायहरूप्रति नै निरासा उत्पन्न हुन जान्छ । भोका, निरिह र सदियौंदेखि शोषित हलियाहरूले बिना कुनै राहत आफ्नै खुट्टामा उभिन सक्ने अवस्था अहिले छैन ।

१२. अतः उपर्युक्त आधार र कारणहरूबाट समेत हलियाहरूको पुनर्स्थापनको लागि शीघ्र र तालिकाबद्ध एवं व्यवस्थितरूपबाट कार्य गर्नु आवश्यक देखियो । यस निम्ति हलियाहरूका प्रतिनिधिहरूको सहभागितामा एउटा उच्चस्तरीय आयोगमार्फत उनीहरूको पुनर्स्थापन गर्नुपर्ने देखिँदा सो आयोग स्थापना गरी सो आयोगलाई स्पष्ट कार्यादेश र कार्यावधिसमेत तोकी पुनर्स्थापनको कार्यसम्पन्न गर्नुपर्ने हुन आयो । तसर्थ हलियाहरूको संलग्नतामा एउटा **अधिकार सम्पन्न उच्चस्तरीय हलिया पुनर्स्थापन आयोग** खडा गरी सरकारले पहिचान गरेका सुर्खेत, जाजरकोट, हुम्ला, कैलाली, कञ्चनपुर, डडेलधुरा, बैतडी, डोटी, अछाम, बझाङ, बाजुरा र दार्चुलासमेतका जिल्लाहरूमा रहेका हलियाहरूको हक संरक्षणको सन्दर्भमा उनीहरूले पेस गरेका ११ बुँदे मागसमेत हेरी त्यसको पृष्ठभूमिमा हलियाहरूको पहिचान, वर्गीकरण, परिचयपत्र वितरण गर्ने सन्दर्भमा हालसम्म भएका कार्य पूरा गर्ने, साथै पुनर्स्थापनको निम्ति बसोबासको न्यूनतम आवश्यकता पूरा गर्न भूकम्प प्रतिरोधी घर, खेतीको लागि उनीहरूलाई सुविधा पुग्ने ठाउँमा खोलो पहिरोको जोखिम नभएको र राम्रो उर्वराशक्ति भएको खेतीयोग्य जग्गा प्रदान गर्ने, आय आर्जनका अवसरहरू सृजना गर्ने, सो नभएसम्म र जग्गाबाट उब्जनी नआएसम्मको अवधिको लागि पोषणयुक्त खाद्यान्न उपलब्ध गराउने र स्वास्थ्यको सुरक्षा र छोराछोरीको शिक्षा दीक्षाको प्रबन्धसमेत मिलाई पारदर्शी हिसाबले समस्त कार्यहरू आदेश प्राप्त भएको मितिले तीन महिनाभित्र प्रारम्भ गरी तीन वर्षभित्र सम्पन्न गर्नु भनी विपक्षीहरूका नाउँमा यो निर्देशनात्मक आदेश जारी गरिएको छ । यो आदेशको प्रतिलिपि कार्यान्वयनको लागि विपक्षीहरूलाई पठाइदिनू र सर्वोच्च अदालतको फैसला कार्यान्वयन निर्देशनालयमार्फत अनुगमन गर्नु गराउनू । दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
का.मु.प्र.न्या. दीपकराज जोशी

इजलास अधिकृतः इश्वरमणी ओझा
इति संवत् २०७४ साल चैत १४ गते रोज ४ शुभम् ।

3. नेपालको संविधान धारा १६, १७, १८, २४, २९, ३०, ३१, ३३, ३४, ३५,३६, ३७, ४०, ४२ र ४३

## निर्णय नं. ९९९२

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्र
माननीय न्यायाधीश श्री मीरा खड्का
फैसला मिति : २०७४।२।२८
०७२-WO-०७६०

विषय: उत्प्रेषण / परमादेश

निवेदक : इब्राहिम हलवाईको मुद्दा सकार गर्ने जिल्ला बाँके नेपालगञ्ज उपमहानगरपालिका वडा नं. ९ बस्ने ताजुद्दिन हलवाई

विरूद्ध

विपक्षी : पुनरावेदन अदालत, नेपालगञ्जसमेत

- **मृतकका दैयादारले अ.बं. ६२(३) नं. को म्याद ३५ दिनभित्र अ.बं. ७० नं. बमोजिम मुद्दा सकार गराउन आउने सामान्य व्यवस्था हो । सो म्याद नाघेर मुद्दामा निरन्तर तारेखमा रहेका मृतकको दैयादार छोराले अ.बं. ५९ नं.को सुविधा लिई आफ्नो मुद्दा सकार गराई पाउँ भनी निवेदनसमेत दिएको अवस्थामा अ.बं. ६२ नं. को संकुचित व्याख्या गरी मुद्दा सकार गर्न नदिने हो भनी अ.बं. ५९ नं. ले पक्षलाई दिएको कानूनी अधिकारबाट वञ्चित हुने अवस्था आउँछ । यस सन्दर्भमा अ.बं. ६२ नं. र ५९ नं. लाई एकसाथ हेरिनु न्यायसङ्गत हुन जाने ।**

(प्रकरण नं.३)

निवेदकका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता श्री बसन्तराम भण्डारी र विद्वान् अधिवक्ता श्री राकेशकुमार शर्मा
विपक्षीका तर्फबाट : विद्वान् अधिवक्ता श्री शरदकुमार कोइराला
अवलम्बित नजिर :
सम्बद्ध कानून :

### आदेश

**न्या.ओमप्रकाश मिश्र** : नेपालको संविधानको धारा ४६ र १३३ (२) (३) बमोजिम पर्न आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र आदेश यसप्रकार रहेको छ:-

वादी इब्राहिम हलवाई प्रतिवादी विपक्षीहरू श्यामबहादुर के.सी. र देवीकुमारी खत्री भई बाँके जिल्ला अदालतमा दायर भएको दूषित लिखत सिफारिस किल्ला तथा दा.खा. दर्ता बदरसमेतको मुद्दामा वादी इब्राहिम हलवाईले म निवेदक ताजुद्दिन हलवाईलाई वारेस राखेकाले / मुकरर गरेकाले अदालतले तोकेको तारेखमा रहने क्रममा मिति २०७२/१२/२८ गतेको तारेख लिएर बसेको छु । यसै क्रममा इब्राहिम हलवाईको मिति २०७२/१/२९ गते मृत्यु भएकाले निजको नजिकको हकदारको हैसियतले मुलुकी ऐन अ.बं. ७० नं. बमोजिम उक्त मुद्दा सकार गरी पाउनको लागि बाँके जिल्ला अदालतमा मिति २०७२/३/२४ गते निवेदन दर्ता गरेको थिएँ। वादी इब्राहिम हलवाईको मिति २०७२/१/२९ गते मृत्यु भएका मितिले मुलुकी ऐन अ.बं. ६२(३) नं. को म्याद ३५ दिनभित्र मुद्दा सकार नगरेकोले सो मुद्दा मुलुकी ऐन अ.बं. १७९ नं. बमोजिम डिसमिस गरिपाउँ भनी श्यामबहादुर के.सी. र देवीकुमारी खत्रीले मिति २०७२/३/२३ गते बाँके जिल्ला अदालतसमक्ष निवेदन दिनुभएको थियो । मैले अ.बं. ७० नं. बमोजिम मुद्दा सकार गर्नको लागि दिएको निवेदनमा कारबाही हुँदा म्यादभित्र सकार गरिपाउँ भनी निवेदन नपरेकाले मुद्दा सकार गराई दिन मिलेन

सर्वोच्च अदालत

भनी बाँके जिल्ला अदालतबाट मिति २०७२/३/२४ गते आदेश भएको हो । उक्त आदेश बदर गर्नको लागि अ.बं. ६१ नं. बमोजिम परेको निवेदनमाथि कारबाही हुँदा मागबमोजिम मुद्दा सकार गराइदिनु भनी माननीय जिल्ला न्यायाधीशबाट मिति २०७२/५/१० गते आदेश भएको हो । सो आदेशउपर विपक्षीहरूको अ.बं. १७ नं. बमोजिम परेको निवेदनमाथि कारबाही भई मिति २०७२/३/२३ गते दायर भएको डिसमिस गराई पाउँ भन्ने निवेदनमा आदेश नभई मिति २०७२/३/२४ गते दायर निवेदनमा मात्र आदेश भएको भनी पुनः दुवै निवेदनउपर एकैसाथ आदेश गर्नु भनी पुनरावेदन अदालत, नेपालगञ्जबाट आदेश भयो ।

तत्पश्चात् बाबुको मृत्युपश्चात् पनि छोराले अदालतबाट तोकिएको तारेख निरन्तर रूपमा लिएको देखिएको र तोकिएको तारेख नगुजारेकाले अ.बं. ६२(३) नं. बमोजिम म्याद तारेख थमाउने अवस्थाको विद्यमानता नदेखिएकाले मुद्दा सकार गर्न इन्कार गरेको स्रेस्तेदारको मिति २०७२/३/२४ गतेको आदेश बदर गरिदिएको छ भन्ने बाँके जिल्ला अदालतको मिति २०७२/१०/१९ को आदेश भएको हो । सो आदेशउपर विपक्षीहरूको १७ नं. को निवेदन परेकोमा जिल्ला अदालतबाट भएको मिति २०७२/१०/१९ गतेको आदेश बदर गर्ने गरी पुनरावेदन अदालतबाट मिति २०७२/१२/८ गते भएको आदेश कानूनअनुरूप रहेको छैन ।

तारेख निरन्तर रहेकाले मुद्दा डिसमिस हुन नसक्ने भनी गरेको बाँके जिल्ला अदालतको मिति २०७२/१०/१९ गतेको आदेश कानूनसम्मत रहेको छ । पुनरावेदन अदालतले अ.बं. ६२(३) नं. को सम्बन्धमा आदेश गरी अ.बं. ७० नं. को सम्बन्धमा स्पष्ट नहुनाले अ.बं. १९२ नं. को प्रयोगमा त्रुटि रहेको देखिन्छ भन्ने आदेश भएको पाइन्छ । प्रस्तुत मुद्दामा अ.बं. ६२(३) नं. को अवस्था विद्यमानता रहेको देखिँदैन । अ.बं. ६२(३) नं. को विद्यमान हुन तारेखमा रहनेको मृत्यु भएको हुनुपर्छ । तारेख नगुजारेको अवस्थामा थाम्ने थमाउने स्थिति रहँदैन । तारेखमा रहेको व्यक्तिको मृत्यु भएको अवस्थामा आकर्षित हुने कानून वारेस दिने व्यक्ति मरेको अवस्थामा लागू गर्ने गरी भएको सो आदेश कानूनसम्मत रहेको छैन । वारेस दिनेको मृत्यु भएमा उसको दैयादारले अ.बं. ७० नं. बमोजिम कति दिनभित्र सकार गर्ने भन्ने कुरामा कानूनले स्पष्ट गरेको छैन । अ.बं. ६२(३) नं. को र ७० नं. को कानूनी प्रावधानको एउटै अर्थ गरी व्याख्या गर्न मिल्दैन । उपर्युक्त सन्दर्भमा विपक्षीहरूले मिति २०७२/३/२३ गते अ.बं. १७९ नं. बमोजिम मुद्दा डिसमिस गरी पाउन दिएको निवेदको आधारमा अ.बं. ५९ र ६२(३) नं. को अवधिभित्र अर्थात् तारेख थमाउन पाउने अवधिभित्र मुद्दा डिसमिस गर्न पाउने गरी भएको आदेश कानूनसम्मत रहेको छैन । उक्त कार्य अ.बं. १७९ नं. को विपरीत हो । उक्त गैरकानूनी निर्णय बदर गराउन अर्को वैकल्पिक उपचारको बाटो पर्याप्त नभएकाले उत्प्रेषण आदेश जारी गरी पूर्ण न्याय पाऊँ । साथै विपक्षीहरूको नाउँमा अन्तरिम आदेशसमेत जारी गरिपाउँ भन्नेसमेत बेहोराको रिट निवेदन ।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुनु नपर्ने मनासिब आधार र प्रमाण भए सोसमेत खुलाई सूचना म्याद प्राप्त भएका मितिले बाटाको म्यादबाहेक १५ (पन्ध्र) दिनभित्र विपक्षी नं. १, २ र ३ लाई महान्यायाधिवक्ताको कार्यालयमार्फत र अन्य विपक्षीहरूलाई आफैँ वा आफ्नो प्रतिनिधिमार्फत लिखित जवाफ पेस गर्नु भनी निवेदनपत्र र यो आदेशको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरूको नाममा सूचना म्याद जारी गरी लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेस गर्नु र अन्तरिम आदेशको मागका सम्बन्धमा विचार गर्दा, दुवै पक्षलाई छलफलमा राखी आदेश हुन उपयुक्त देखिएकोले अन्तरिम आदेशको छलफलको लागि मिति २०७३/१/१५ गते

पेसी तोकी विपक्षीहरूलाई सोको सूचना दिनू। साथै, सो अवधिसम्म पुनरावेदन अदालत, नेपालगञ्जबाट भएको मिति २०७२/१२/१८ को आदेश कार्यान्वयन नगर्नु नगराउनु, मुद्दाको काम कारबाही यथास्थितिमा राख्नु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम विपक्षीहरूको नाममा यो अल्पकालीन अन्तरिम आदेश जारी गरिदिएको छ। सोको सूचना विपक्षीहरूलाई दिनु भन्ने यस अदालतको मिति २०७२/१२/२६ गतेको आदेश।

वादी इब्राहिम हलवाई र प्रतिवादी श्यामबहादुर के.सी. समेत भई चलेको दूषित लिखत सिफारिस किल्ला तथा दा.खा. दर्ता बदर मुद्दामा वादीको मिति २०७२/१/२९ गते मृत्यु भएपश्चात् पनि वारेस ताजुद्दिन हलवाई यस अदालतबाट तोकिएको विभिन्न मितिको तारेख लिइरहेको र अ.बं. ७० नं. बमोजिम मुद्दा सकार नगरेको अवस्थामा विपक्षीहरू श्यामबहादुर के.सी. समेतले अ.बं. ७० नं. बमोजिम म्यादभित्र मुद्दा सकार नगरी वारेसले तारेख लिएकाले वारेसको हैसियतले लिएको तारेख अवैध घोषित गरी प्रस्तुत मुद्दा मुलुकी ऐन, अ.बं. १७९ नं. बमोजिम डिसमिस गराई पाउँ भनी मिति २०७२/३/२३ गते दिएको निवेदन र वादीका हकदार प्रस्तुत मुद्दाका वारेस ताजुद्दिन हलवाईले अ.बं. ७० नं. बमोजिम मुद्दा सकार गराई पाउँ भनी मिति २०७२।३।२४ गते दिएको निवेदनउपर कारबाही हुँदा मुलुकी ऐन अ.बं. ६२(३) नं. को म्याद ३५ दिनभित्र म्याद तारेख थामी मुद्दा सकार नगरेको आधार देखाई यस अदालतका स्रेस्तेदारबाट मिति २०७२/३/२४ गते मुद्दा सकार गरिदिन इन्कार गरेकोसम्म हो। सोउपर अ.बं.६१ नं. को निवेदन परेकोमा यस अदालतबाट निवेदन मागबमोजिम मुद्दा सकार गराई तारेखमा राख्नु भनी मिति २०७२/५/१० गते आदेश भएको हो। मुद्दा सकार गराई दिने गरी भएको आदेशउपर प्रतिवादी देवीकुमारी खत्रीको निवेदन परेकोमा बाँके जिल्ला अदालतको मिति २०७२/५/१० को आदेश बदर गरी अ.बं. १७९ नं. बमोजिम मुद्दा डिसमिस गरिपाउँ भनी दिएको निवेदन र मुद्दा सकार गरिपाउँ भन्ने निवेदन एकैसाथ राखी जे जो आदेश गर्नुपर्छ भनी पुनरावेदन अदालतबाट मिति २०७२/९/२ गते आदेश भएको हो। तत्पश्चात् ताजुद्दिन हलवाईलाई मुद्दा सकार गराई तारेखमा राख्ने गरी आदेश भइसकेको हुँदा अ.बं. १७९ नं. बमोजिम मुद्दा डिसमिस गरिपाउँ भन्ने निवेदनका सम्बन्धमा केही गरिरहनु परेन, कानूनबमोजिम गर्नु भनी मिति २०७२/१०/१९ गते बाँके जिल्ला अदालतबाट आदेश भएको हो। उक्त आदेशउपर पुनः अ.बं. १७ नं. को निवेदन परेकोमा बाँके जिल्ला अदालतका स्रेस्तेदारबाट मिति २०७२/३/२४ गते मुद्दा सकार नगराउने गरी भएको आदेश बदर गरेको बाँके जिल्ला अदालतको मिति २०७२/१०/१९ गतेको आदेश बेरीतको देखिँदा बदर गरिदिएको छ भन्ने पुनरावेदन अदालतबाट मिति २०७२/१२/१८ गतेको आदेश भएबाट यस अदालतको काम कारबाहीबाट निवेदकको संविधान प्रदत्त हक अधिकारमा कुनै आघात नपुगेकाले रिट निवेदन खारेज गरिपाउँ भन्ने बाँके जिल्ला अदालत तथा ऐ.का स्रेस्तेदारको लिखित जवाफ।

यसैसँगको लगाउमा रहेको दूषित लिखत सिफारिस किल्ला बदर मुद्दामा बाँके जिल्ला अदालतबाट मिति २०७२/१०/१९ गते भएको आदेश बेरीतको देखिँदा बदर हुने गरी आदेश भएकाले प्रस्तुत निवेदनका सम्बन्धमा यस अदालतबाट मिति २०७२/१२/१८ गते भएको आदेश कानूनसम्मत भएकोले रिट निवेदन खारेज गरिपाउँ भन्ने पुनरावेदन अदालत नेपालगञ्जको लिखित जवाफ।

मुद्दा गर्ने व्यक्तिको मृत्यु भएको अवस्थामा हकवाला वा दैयादारले मुलुकी ऐन, अ.बं. ६२ (३) नं. को कानूनी व्यवस्थाबमोजिम नालेस गर्नेको मृत्यु भएका मितिले बाटाका म्यादबाहेक ३५ दिनभित्र मुद्दा सकार गर्नुपर्ने कानूनी व्यवस्था रहेको छ। यसरी

तोकिएको कानूनी व्यवस्थाबमोजिम स्रेस्तेदारले मुद्दा सकार गर्न इन्कार गरेको आदेश कानूनसम्मत रहेको छ । तोकिएको म्याद व्यतित भएको अवस्थामा अदालतले म्याद थाम्न सक्दैन । मुद्दा गर्ने व्यक्तिको मृत्यु भई मुद्दा सकार गर्ने सम्बन्धमा अ.बं. ७० नं. को प्रावधान आकर्षित हुँदैन । अ.बं. ६२ र ५९ नं. फरक फरक कुरा हो । उक्त म्यादबमोजिम मुद्दा सकार गर्न दिएको आधारमा मुद्दा सकार गर्न इन्कार गरेको बाँके जिल्ला अदालतका स्रेस्तेदारको आदेश कानूनसम्मत भएकाले रिट खारेज गरिपाउँ भन्ने देवीकुमारी खत्रीको लिखित जवाफ ।

यसमा यस अदालतबाट मिति २०७२/१२/२६ मा जारी भएको अन्तरिम आदेशलाई निरन्तरता प्रदान गरी दिइएको छ । सोको जानकारी विपक्षीहरूलाई दिई सबै विपक्षीहरूको लिखित जवाफ परेपछि प्रस्तुत रिट निवेदनलाई अन्तिम सुनुवाइको लागि नियमानुसार पेस गर्नु भन्ने यस अदालतको मिति २०७३/१/१५ गतेको आदेश ।

नियमबमोजिम साप्ताहिक तथा दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री बसन्तराम भण्डारी र विद्वान् अधिवक्ता राकेशकुमार शर्माले दूषित लिखत सिफारिस किल्ला तथा दा.खा. दर्ता बदर मुद्दाका वादी इब्राहिमको मिति २०७२/१/२९ गते मृत्यु भई निजको मृत्युपश्चात् उक्त मुद्दा सकार गर्ने अधिकार निजको छोरालाई रहेको कुरामा विवाद छैन । निजको मृत्युपश्चात् पनि अदालतबाट तोकिएको विभिन्न मितिको तारेख हकवालाको हैसियतले निजको छोराले लिएको तथ्यमा समेत कुनै विवाद रहेको पाइँदैन । यस तथ्यले प्रस्तुत मुद्दामा तारेख गुज्रेको देखिँदैन । अ.बं. ६२(३) नं. बमोजिमको म्याद व्यतित भएपछि पनि अ.बं. ५९ नं. बमोजिम थमाउन नपाइने भन्ने छैन । अ.बं. ७० नं. बमोजिम निवेदकले मुद्दा सकार गर्न पाउने नै देखिन्छ । मुद्दा सकार गराउन मिलेन भनी आदेश गरेको बाँके जिल्ला अदालतका स्रेस्तेदारको मिति २०७२/३/२४ गतेको आदेश बदर गरी निवेदकलाई मुद्दा सकार गराई तारेखमा राख्ने गरी भएको बाँके जिल्ला अदालतको मिति २०७२/१०/१९ को आदेश कानूनसम्मत रहेको छ । जिल्ला अदालतको उक्त कानूनसम्मत आदेशलाई बेरीतको भनी बदर गरेको पुनरावेदन अदालत, नेपालगञ्जको मिति २०७२/१२/१८ गतेको आदेशमा अ.बं. ६२(३), ७०, १७९ र १९२ नं. को गम्भीर त्रुटि भएकाले बदर गरी मुद्दा सकार गर्ने आदेश गरी मुद्दा पुर्पक्ष गर्न पाउँ भनी गर्नुभएको बहस सुनियो ।

त्यस्तै विपक्षी देवीकुमारी खत्रीको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री शरदकुमार कोइरालाले मिति २०७२/१/२९ गते मृत्यु भएका वादीको वारेस रहेका निजको छोराले अ.बं. ६२(३) नं. बमोजिम निजको मृत्यु भएको मितिले ३५ दिनभित्र अ.बं. ७० नं. बमोजिम सकार गर्नुपर्नेमा नगरी मिति २०७२/३/२४ गते मुद्दा सकार गर्न भनी दिएको निवेदन अ.बं. ६२(३) नं. को विपरीत रहेको छ । प्रस्तुत मुद्दामा अ.बं. ५९ नं. लागू हुँदैन । मुद्दा सकार गर्न इन्कार गरेको बाँके जिल्ला अदालतका स्रेस्तेदारको मिति २०७२/३/२४ गतेको आदेश कानूनसम्मत नै रहेको छ । स्रेस्तेदारको उक्त आदेशलाई बदर गरी मुद्दा सकार गराउनु भनी गरिएको बाँके जिल्ला अदालतको मिति २०७२/१०/१९ गतेको आदेश अ.बं. ६२(३) नं. को विपरीत रहेकोले पुनरावेदन अदालत नेपालगञ्जबाट भएको मिति २०७२।१२।१८ गतेको आदेश कानूनसम्मत रहेकाले सो आदेश कायम गरी यस अदालतबाट मिति २०७२/१२/२६ गतेको आदेश निष्क्रिय गरिपाउँ भनी गर्नुभएको बहस सुनियो ।

अब यसमा रिट निवेदन मागबमोजिम बाँके जिल्ला अदालतबाट अ.बं. ६२(३) नं. बमोजिम मुद्दा सकार गरिदिने गरी भएको आदेश बदर हुने भनी मिति २०७२/१२/१८ गते तत्कालीन पुनरावेदन अदालत,

नेपालगञ्जबाट भएको आदेश कानूनअनुकूल छ वा छैन ? उत्प्रेषण परमादेशको आदेश जारी हुने हो वा होइन ? सोही विषयमा निर्णय दिनुपर्ने देखिन आयो।

उपर्युक्त सन्दर्भमा वादी इब्राहिम हलवाई र प्रतिवादी श्यामबहादुर के.सी. समेत भएको बाँके जिल्ला अदालतमा चलेको दूषित लिखत सिफारिस किल्ला तथा दा.खा. दर्ता बदर मुद्दामा वादीको वारेस भई निरन्तर तारेख लिएकोमा निजको मिति २०७२/१/२९ गते मृत्यु भएकोले म दैयादारसमेत भएकोमा अ.बं. ७० नं. बमोजिम मुद्दा सकार गरिपाउँ भनी मिति २०७२/३/२४ गते निवेदन दिएकोमा सो मुद्दा अ.बं. ६२(३) नं. बमोजिम सकार नगरेउपर जिल्ला न्यायाधीशसमक्ष अ.बं. ६१ नं. निवेदन दिएकोमा मुद्दा सकार गराई दिने गरी भएको आदेशउपर विपक्षीहरूको पुनरावेदन अदालतमा निवेदन परेकोमा पुनरावेदन अदालतबाट मुद्दा सकार गराउन नमिल्ने भनी स्रेस्तेदारको मिति २०७२/३/२४ गतेको आदेश बदर गरेको जिल्ला न्यायाधीशको मिति २०७२/१०/१९ गतेको आदेश गरी पुनरावेदन अदालतबाट मिति २०७२/१२/१८ मा आदेश भएउपर सो आदेश बदरको लागि रिट निवेदन परेको रहेछ। वादीको मिति २०७२/१/१९ गते मृत्यु भएपश्चात् अ.बं. ६२(३) नं. बमोजिमको म्याद ३५ दिनभित्र अ.बं. ७० नं. बमोजिम मुद्दा सकार गर्नुपर्नेमा सो म्याद नघाई परेको निवेदनबमोजिम मुद्दा सकार नगराउने भनी स्रेस्तेदारबाट मिति २०७२।३।२४ गते भएको आदेश बदर गरेकोमा जिल्ला न्यायाधीशको मिति २०७२।१०।१९ गतेको आदेश बदर गरी मुद्दा सकार गर्न नमिल्ने गरी भएको पुनरावेदन अदालतको मिति २०७२/१२/१८ को आदेशले निवेदकको कुनै हक हनन् नभएकोले रिट निवेदन खारेज गरिपाउँ भन्ने लिखित जवाफ रहेको पाइयो।

निर्णयतर्फ विचार गर्दा यसमा बाँके जिल्ला अदालतका स्रेस्तेदारबाट मिति २०७२/३/२४ गते ६२(३) नं. बमोजिम मुद्दा सकार गर्न नमिल्ने भनी गरेको आदेश बदर गरेको जिल्ला अदालतको मिति २०७२/१०/१९ गतेको आदेश बदर गरेको पुनरावेदन अदालत, नेपालगञ्जको मिति २०७२/१२/१८ गतेको आदेश कानूनसम्मत छ, छैन ? भन्ने नै विवादको निरूपण गर्ने प्रमुख प्रश्न रहेको छ।

२. दूषित लिखत सिफारिस किल्ला तथा दा.खा. दर्ता बदर मुद्दाका वादी इब्राहिम हलवाईको एकाघरको छोरा ताजुद्दिन हलुवाईले बाबुको वारेस भई मिति २०७२/२/३, २०७२/२/१०, २०७२/२/२२, २०७२/३/३२, २०७२/३/९ र २०७२/३/१५ गतेको तारेख लिएको तथ्यमा कुनै विवाद रहेको छैन। प्रस्तुत निवेदकको पिता तथा वादी इब्राहिमको मिति २०७२/१/२९ गते मृत्यु भएपश्चात् पनि बाँके जिल्ला अदालतबाट तोकिएको विभिन्न मितिको तारेख निरन्तर रूपमा लिएर बसी मिति २०७२/३/२४ गते मृतकको दैयादारको हैसियतले अ.बं. ७० नं. बमोजिम मुद्दा सकार गरिपाउँ भनी निवेदन दिएको देखिन्छ। सो निवेदनउपर मुलुकी ऐन अ.बं. ६२(३) नं. को हदम्याद नाघेको कारण देखाई मुद्दा सकार गर्न बाँके जिल्ला अदालतका स्रेस्तेदारबाट इन्कार गरेको पाइन्छ। उक्त सन्दर्भमा हेर्दा मुलुकी ऐन अ.बं. ६२ नं. मा *देहायका अवस्थामा म्याद तारेख गुज्रेमा देहायबमोजिम गर्नुपर्छ* भन्ने व्यवस्था भएको पाइन्छ। उक्त अ.बं. ६२(३) नं. को व्यवस्था हेर्दा *ऐनले बिगो भर्नु भराउनु, दिनु दिलाउनु वा सम्पत्ति चलन चलाउनु लिनुपर्ने मुद्दाका म्याद तारिखमा हाजिर हुनुपर्ने व्यक्ति मरी वा बौलाहा वा बेपत्ता भई म्याद तारिख गुज्रेमा मरी वा बौलाहा वा बेपत्ता भएका मितिले बाटाका म्यादबाहेक पैंतीस दिनभित्र निजको दैयादारले म्याद तारिख थामी मुद्दा सकार गर्न अड्डामा हाजिर भई निवेदनपत्र दिएमा म्याद तारिख थामी दिई मुद्दा सकार गराई दिनुपर्छ तर मरी वा बौलाहा वा बेपत्ता भएको मितिको पैंतीस दिनपछिको म्याद तारिख तोकिएको रहेछ भने सो तोकिएको तारिखको दिन अड्डामा*

*हाजिर भई मुद्दा सकार गर्नको लागि निवेदनपत्र दिए पनि सकार गराई दिनुपर्छ* भन्ने कानूनी व्यवस्था भएको पाइन्छ । उल्लिखित कानूनी व्यवस्थाबमोजिम मृत्यु भएको मानिसको हकमा ३५ दिनपछिको म्याद तारेख तोकिएकोमा तोकिएको दिन अड्डामा हाजिर भई मुद्दा सकार गर्न पाउने व्यवस्था भएकोमा उपर्युक्त ६२ नं. को देहाय दफा ३ मा म्याद तारेख थामिदिने व्यवस्था भइरहेकोले म्याद तारेख गुज्रेमा ३० दिन थाम्न पाउने भनी मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको ५९ नं. मा व्यवस्था भइरहेकाले यी रिट निवेदकले उक्त सुविधा नपाउने भन्न मिल्ने देखिएन । कानूनको व्याख्या गर्दा उदार र सार्थक परिणाम आउने गरी गरिनु पर्दछ । कानूनको संकुचित व्याख्या न्यायोचित नहुने हुँदा अ.बं. ५९ नं. बमोजिमको ३० दिनको म्याद थाम्न नपाउने भन्न नमिल्ने हुँदा सो म्यादभित्रै अर्थात् मिति २०७२।३।२४ मा मुद्दा सकार गर्न आएको एकाघर सगोलको छोरालाई म्याद गुजारी सकार गर्न आएको भन्ने अर्थ गर्न मिल्ने देखिन आएन । त्यसमा पनि वारेस भएको रिट निवेदक मृतकको दैयादारसमेत भएकोले अ.बं. ७० नं. को व्यवस्थाले मुद्दा सकार गर्न नसक्ने भन्न मिल्ने अवस्था देखिएन ।

३. इब्राहिम हलवाईको मिति २०७२/१/२९ गते मृत्यु हुनुअघिदेखि निजको छोरा तथा उक्त मुद्दाका दैयादार वारेसले अदालतबाट तोकिएको तारेख निरन्तर रूपमा लिई मिति २०७२/३/२४ गते अ.बं. ७० नं. बमोजिम मुद्दा सकारको लागि निवेदन दिँदाको अवस्थामा ५८ दिन पुगेको देखिन्छ । मृतकका दैयादारले अ.बं. ६२(३) नं. को म्याद ३५ दिनभित्र अ.बं. ७० नं. बमोजिम मुद्दा सकार गराउन आउने सामान्य व्यवस्था हो । सो म्याद नाघेर मुद्दामा निरन्तर तारेखमा रहेका मृतकको दैयादार छोराले अ.बं. ५९ नं. को सुविधा लिई आफ्नो मुद्दा सकार गराई पाउँ भनी निवेदनसमेत दिएको देखिन्छ । यस्तो अवस्थामा अ.बं. ६२ नं. को संकुचित व्याख्या गरी मुद्दा सकार गर्न नदिने हो भनी अ.बं. ५९ नं. ले पक्षलाई दिएको कानूनी अधिकारबाट वञ्चित हुने अवस्था आउँछ । यस सन्दर्भमा अ.बं. ६२ नं. र ५९ नं. लाई एकसाथ हेरिनु न्यायसङ्गत हुन जान्छ । यसरी हेर्दा अ.बं. ५९ नं. ले थमाएर मुद्दा सकार गर्न उक्त कानूनले बाधा दिएकोसमेत देखिँदैन ।

४. म्याद तारेखमा रहनु भनेको सम्बन्धित मुद्दाको प्रतिनिधित्व गरी अड्डा अदालतले गरेको आदेशबमोजिमको कार्य सम्पन्न गर्न सहयोग गर्नु हो । गुज्रेको म्याद तारेख थामी मुद्दामा निरन्तर रूपमा रहँदैमा सो मुद्दामा निजको प्रमाण बलियो भई सो कार्यले विपक्षीको कुनै कानूनी तथा संवैधानिक हक हनन् हुने अवस्थासमेत आइनपरेकाले प्रस्तुत मुद्दाका दैयादार वारेसले मुद्दा सकार गरी तारेखमा बस्दैमा विपक्षको कुनै हक अधिकारको हनन् भएकोसमेत देखिन आएन ।

५. पुनरावेदन अदालतले मिति २०७२/१२/१८ गते गरेको आदेशमा अ.बं. ६२(३) नं. को व्यवस्थाबाट वारेसको हैसियत समाप्त भइसकेकोले वारेसको हैसियतले लिएको पटक पटकको तारेखको औचित्य समाप्त भएको भन्नेतर्फ हेर्दा, मृतक मरी निजको दैयादारले मुद्दा सकार गर्ने कुरा र मुद्दाको दैयादार नै वारेस बसी अदालतबाट तोकिएको तारेख निरन्तर लिने अलग कुरा हो । प्रस्तुत रिटको विवादमा मृतकको मृत्यु भएपश्चात् सकार गरी लिने हकदार / दैयादार नै निरन्तररूपमा तारेखमा रहेको देखिन्छ । यस सन्दर्भमा वादी इब्राहिम हलवाईको मिति २०७२/१/२९ गते मृत्यु भएपश्चात् अ.बं. ६२(३) नं. बमोजिम ३५ दिनभित्र सकार गर्न नसकेमा निजले अ.बं. ५९ नं. बमोजिम थाम्न पाउने म्याद ३० दिन प्रयोग गरी अ.बं. ७० नं. बमोजिम मुद्दा सकार गर्न पाउने ६५ दिनको म्यादभित्रै मृतकको दैयादारले मुद्दा सकार गरी तारेखमा बस्न पाउँ भनी दिएको निवेदन अन्यथा देखिन आएन ।

६. तसर्थ, माथि विवेचित तथ्य आधार

कारणको आधारमा अ.बं. ६२(३) नं. तथा अ.बं. ७० नं. बमोजिम रिट निवेदकको दैयादारको हैसियतले मुद्दा सकार गरी तारेखमा बस्न पाउँ भनी दिएको निवेदनबमोजिम मुद्दा सकार गर्न इन्कार गरेको आदेश बदर गरी मुद्दा सकार गराई निवेदकलाई तारेखमा राख्नु भनी बाँके जिल्ला अदालतबाट मिति २०७२/१०/१९ मा भएको आदेश बदर गरेको पुनरावेदन अदालत, नेपालगञ्जको मिति २०७२/१२/१८ गतेको आदेश उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । बाँके जिल्ला अदालतको मिति २०७२/१०/१९ गतेको आदेशबमोजिम मुद्दा सकार गराई निवेदकलाई तारेखमा राखी बाँकी मुद्दाको काम कारबाही अघि बढाउनु भनी बाँके जिल्ला अदालतको नाउँमा परमादेशको आदेशसमेत जारी हुने ठहर्छ। रिट निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाइदिनू।

उक्त रायमा सहमत छु।
न्या. मीरा खड्का

इजलास अधिकृत: दुर्गाप्रसाद भट्टराई
इति संवत् २०७४ साल जेठ २८ गते रोज १ शुभम्।

## निर्णय नं. ९९९३

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्र
माननीय न्यायाधीश श्री मीरा खडका
आदेश मिति : २०७४।१२।३०
०६७-WO-०८४९

विषयः उत्प्रेषण / परमादेश

निवेदक : उदयपुर जिल्ला बाराहा गा.वि.स. वडा नं. ७ बस्ने रामबहादुर राउत

विरूद्ध

विपक्षी : पूर्व क्षेत्रीय प्रहरी कार्यालय, विराटनगरका प्रहरी नायब महानिरीक्षक विनोद सिंहसमेत

- **नागरिकता नेपाल सरकारले जारी गरेको नेपाली नागरिकलाई पहिचान गर्ने आधिकारिक प्रमाण हो र यसमा उल्लेख भएको ठेगाना अन्यथा प्रमाणित नभएसम्म सम्बन्धित व्यक्तिको आधिकारिक ठेगाना मानिन्छ । निवेदकको नागरिकतामा उल्लेख भएको बाराहा गा.वि.स. मा निजको नामको सूचना तामेल नभई बशाहा गा.वि.स. मा तामेल भएको देखिएकोले उक्त सूचना मुलुकी ऐन, अ.बं. ११० नं. को रीत पुर्‍याई तामेल भएको मान्न नमिल्ने ।**

(प्रकरण नं.४)

- **प्रहरी नियमावली, २०४९ को नियम ८९(२) मा भएको व्यवस्था ऐ. को प्रतिबन्धात्मक वाक्यांशमा उल्लिखित अवस्थामा बाहेक अन्य अवस्थामा बाध्यात्मक प्रकृतिको देखिन्छ । कानूनमा**

सर्वोच्च अदालत

**भएको बाध्यात्मक व्यवस्था आकर्षित नहुने कुनै अपवादात्मक अवस्था कानूनमा उल्लेख भएको रहेछ भने सो अपवादात्मक अवस्था उत्पन्न नभएसम्म बाध्यात्मक कानूनी व्यवस्थाको पालना नगरी भएको काम कारबाही कानूनसम्मत हुन सक्दैन। प्रहरी नियमावलीको उक्त व्यवस्था प्रहरी कर्मचारीलाई मनमानी बर्खास्ती हुनबाट बचाउनको लागि गरिएको भनी प्रहरी ऐन, २०१२ को दफा १० मा भएको व्यवस्थाबाट देखिने।**

- **सफाइको मौका दिनुपर्ने उपर्युक्त कानूनी व्यवस्था राख्नुको उद्देश्य प्राकृतिक न्यायको स्वच्छ सुनुवाइको सिद्धान्तलाई कानूनी रूपमा प्रत्याभूत गर्नु हो। कानूनमा उल्लेख नभए पनि सामान्यतः कानूनसरह नै पालना गर्नुपर्ने यो सिद्धान्तलाई पालना नगर्नुपर्ने कुनै युक्तियुक्त कारण नदेखिएको अवस्थामा पनि यसलाई नजरअन्दाज गरी भएको काम कारबाही प्राकृतिक न्यायको मान्य सिद्धान्तसमेत विपरीत रहेको मान्नुपर्छ र यस्तो काम कारबाही बदरयोग्य हुने।**

(प्रकरण नं.६)

निवेदकका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता श्री शम्भु थापा, अधिवक्ताद्वय श्री शंकर सुवेदी र श्री बल्लभ बस्नेत

विपक्षीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता श्री चन्द्रकान्त खनाल

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- प्रहरी नियमावली, २०४९

आदेश

**न्या. ओमप्रकाश मिश्र :** नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र १०७(२) बमोजिम यस अदालतमा दायर भएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार छः-

म निवेदक नेपाल प्रहरीको प्रहरी सेवाअन्तर्गत जिल्ला प्रहरी कार्यालय सुनसरी इनरूवा मातहतको सीमा प्रहरी चौकी भन्टाबारी सुनसरीमा दरबन्दी भई प्रहरी जवानको पदमा सेवा अवधिमा मैले पदीय कर्तव्य इमान्दारीपूर्वक निर्वाह गरेको थिएँ । मिति २०६३।४।२५ को सरूवा आदेशले मलाई सीमा प्रहरी चौकी भन्टाबारी सुनसरीबाट इलाका प्रहरी कार्यालय कटारी उदयपुरमा सरूवा गरियो । सोबमोजिम मिति २०६३।५।६ मा रमानापत्र बुझी साँझ घर आई बसेपछि मलाई रूघा खोकी लागि मेरो शारीरिक स्थिति बिग्रिएकोले तत्कालै कार्यरत हुन भनी पठाएको कार्यालयमा पुग्न नसकी स्वास्थ्य उपचारतर्फ स्थानीय बाराहा उदयपुरमा प्राथमिक उपचार गरेँ। त्यहाँ उपचार प्रभावकारी हुन नसकेपछि राजविराज स्थित डा. लक्ष्मण मण्डलसँग स्वास्थ्य उपचार गराउँदा निजले मलाई Tuberculosis को लक्षण देखिएकोले लामो समयसम्म उपचारमा रहनुपर्छ भनी उपचारको लागि Prescription गरेकोले इलाका प्रहरी कार्यालय कटारी उदयपुरमा सोहीबमोजिम मेरो स्वास्थ्य स्थितिको बारेमा बेलाबखत मौखिकरूपले जानकारी गराउँदै आएको थिएँ।

आफ्नो उपचार सकेर रमाना पत्र लिई इलाका प्रहरी कार्यालय कटारी उदयपुरमा हाजिर हुन जाँदा मलाई त्यस कार्यालयमा हाजिर हुन दिइएन । हाजिर हुन नदिएको कारण बुझ्दै जाँदा मलाई गैरहाजिर भएको भनी नोकरीबाट हटाउने गरी विपक्षी अञ्चल प्रहरी कार्यालय सगरमाथा राजविराज सप्तरीबाट मिति २०६३।८।२६ मा मेरो विरूद्धमा मलाई थाहा जानकारी नदिई निर्णय गरिएको रहेछ। उक्त निर्णयउपर

मैले विपक्षी पूर्वक्षेत्रीय प्रहरी कार्यालय विराटनगरसमक्ष पुनरावेदन गरेकोमा निज विपक्षीबाट सुरू सदर हुने गरी मिति २०६७।१०।२० मा निर्णय भयो।

मलाई नोकरीबाट हटाउने निर्णय गर्नुअगाडि कुनै पनि सुनुवाइमा सफाइको मौकासमेत दिइएन। प्रहरी ऐन, २०१२ को दफा १०,११ र प्रहरी नियमावली, २०४९ को नियम ८९ ले विभागीय सजाय गर्नुअघि सफाइको मौका दिनुपर्ने बाध्यात्मक कानूनी व्यवस्था छ। सफाइको मौका दिन मनासिब नभएमा सोको मनासिब आधार कारण खुलाई पर्चा खडा गरी मिसिल सामेल राख्नु पर्ने ऐजन नियमावलीको नियम ८९(ग) मा प्रस्ट कानूनी व्यवस्था रहेको छ। विपक्षी कार्यालयबाट मेरो नाममा जारी भएको भनिएको म्याद मेरो वास्तविक ठेगानामा टाँस नगरी अन्यत्र टाँस गरेकोले सो म्याद सूचनाबाट मुलुकी ऐ.अ.बं. ११० नं. को कार्यविधि पूरा हुन सक्दैन। विपक्षी कार्यालयलाई मेरो स्पष्ट ठेगानाको बारेमा जानकारी हुँदाहुँदै पनि उदयपुर जिल्ला बशाहा गा.वि.स. वडा नं. ७ मा मेरो नामको म्याद सूचना प्रवाह भएबाट मेरो हकमा कुनै असर पर्ने होइन। सो म्याद सूचनाको थाहा जानकारी मलाई थियो भनी अर्थ गर्न मिल्ने होइन। बाराहा गा.वि.स. र बशाहा गा.वि.स. पृथक ठाउँ भएकोले यसर्थ म विरूद्ध गरिएको कारबाहीको बारेमा मलाई थाहा जानकारी हुन सक्ने अवस्था नभई सुनुवाइको मौका नपाएको हुँदा म विरूद्ध भए गरेका काम कारबाही स्वतः बदरभागी छन्।

प्रत्यर्थीको कामकारबाही तथा निर्णयमा नियम ८८(ङ) अनुसारको आचरण के कसरी नगरेको हो सो खुलाइएको छैन। आफू बिरामी भई उपचारको क्रममा रही मनासिबरूपमा इलाका प्रहरी कार्यालय कटारी उदयपुरलाई मौखिक जानकारी गराई रहेको हुँदा नियम ८८(झ) अनुसारको कसुर पनि पुष्टि हुन सक्दैन। म निवेदकले यस्तो विशेष प्रकृतिको सजायको भागीदार बनाउन मैले कुनै फौजदारी कार्य गरेको पनि होइन। विपक्षीलाई मौखिक जानकारी दिँदादिँदै पनि टि.वि. रोगबाट पीडित भई उपचारको लागि चिकित्सकले बेडरेष्टमा बस्नुपर्ने भनी दिएको सल्लाहअनुसार हाजिर हुन नसकेको तथ्य चिकित्सकको जाँच परीक्षणबाट स्पष्ट हुँदाहुँदै पूर्वाग्रह राखी सामान्य सजाय एक पटक पनि नभएको कर्मचारीलाई एकैचोटी विशेष सजायको भागीदार बनाई नोकरीबाट हटाउने भन्ने निर्णय न्यायिक मान्यता र विवेकसम्मत नभएको प्रस्ट हुन्छ। विपक्षीहरूको उक्त निर्णय एवं काम कारबाहीले मलाई पेसा रोजगार गर्न पाउने संवैधानिक हकबाट वञ्चित गरेकोले अञ्चल प्रहरी कार्यालय सगरमाथाबाट मिति २०६३।८।२६ मा भएको निर्णय र सोसँग सम्बन्धित कामकारबाही तथा विपक्षी पूर्व क्षेत्रीय प्रहरी कार्यालय, विराटनगरले मिति २०६७।१०।२० मा सुरू सदर गर्ने गरेको पुनरावेदन निर्णय पर्चालगायत यससँग सम्बन्धित जो भएका कामकारबाही चिठ्ठी पत्राचार आदि उत्प्रेषणको आदेशले बदर गरी म निवेदकलाई सेवाबाट हटाएको अवधिको तलब भत्ता सुविधासमेत पाउने गरी पूर्ववत् पदमा पुनर्वहाली गरी काममा लगाउनु भनी विपक्षीहरूका नाममा परमादेशको आदेशसमेत गरिपाउँ भन्नेसमेत बेहोराको रामबहादुर राउतले यस अदालतमा दायर गरेको रिट निवेदन।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो? यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र सम्बन्धित मिसिल साथ राखी महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पठाउनु भनी यस अदालतबाट भएको आदेश।

जिल्ला प्रहरी कार्यालय सुनसरीबाट यस इलाका प्रहरी कार्यालय कटारीमा सरूवा भई आएका प्र.ज. रामबहादुर राउतको ठेगाना जिल्ला उदयपुर वसाहा गा.वि.स. वडा नं. ७ भएको कुरा जि.प्र.का. सुनसरीबाट प्राप्त अभिलेखबाट देखिन्छ। निज रामबहादुर राउत यस कार्यालयको प्र.ज. पदमा सरूवा

भई रमाना पत्रसमेत बुझिसकेपछि नियमानुसार हाजिर हुन आउनुपर्नेमा लिखित तथा मौखिक जानकारी नगराई लामो समयसम्म कार्यालयमा हाजिर नभई प्रहरी जस्तो संवेदनशील पदको कुनै वास्ता नगरी गैरहाजिर रहेका थिए । निवेदक रामबहादुर राउतलाई नोकरीबाट हटाउने अधिकार यस कार्यालयलाई नभएको र निजलाई नोकरीबाट हटाउँदा अञ्चल प्रहरी कार्यालय राजविराजबाट अपनाइएको कार्यविधिका सम्बन्धमा यस कार्यालयलाई कुनै जानकारी नहुने भएकोले निजले यस कार्यालयसमेतलाई विपक्षी बनाई दिएको रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको इलाका प्रहरी कार्यालय कटारीको यस अदालतमा परेको लिखित जवाफ।

आफू बिरामी भई उपचारमा संलग्न रहेको भनी जानकारी नगराई विना इजाजत लामो समयसम्म गैरहाजिर रही सम्पर्क स्थापित गर्ने प्रयास गर्दा सम्पर्क स्थापित गर्न असम्भव भएको प्रहरी कर्मचारीलाई सफाइको मौका दिइरहन नपर्ने भनी प्रहरी नियमावली, २०४९ (संशोधतसहित) को नियम ८९ को २(क) मा व्यवस्था रहेको छ । मौखिक जानकारी गराएको भनी निजले प्रस्तुत गरेको प्रतिवेदनमा उल्लेख भएबाट निज सम्बन्धित कार्यालयमा हाजिर हुन नगएको पुष्ट्याई हुन आएको हुँदा निजले सफाइ पेस गर्ने मौका पाइन भनी लिएको जिकिरसमेत निराधार छ । निज ११२(एक सय बाह्र) दिन गैरहाजिर रहेपश्चात् प्रहरी नियमावलीबमोजिम निजले गरेको कसुरअनुसार नोकरीबाट हटाएको र सोही निर्णय सजायलाई सदर गरिएको यस कार्यालयको निर्णयसमेत प्रहरी ऐन तथा नियमावलीको निर्दिष्ट प्रावधानबमोजिम भएको हो । निजले कानूनले निषेध गरेको कार्य गरी अदालतमा भ्रम पार्ने गरी झुट्टा बेहोरा बनाई दिएको रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको विपक्षी पूर्व क्षेत्रीय प्रहरी कार्यालय रानी विराटनगर र ऐ.कार्यालयका प्रहरी नायब महानिरीक्षकको तर्फबाट परेको लिखित जवाफ।

निवेदक जिल्ला प्रहरी कार्यालय सुनसरीबाट मिति २०६३।०५।०६ मा रमाना बुझी जिल्ला प्रहरी कार्यालय उदयपुर हाजिर हुन हिँडेका तत्कालीन प्र.ज. रामबहादुर राउत समयमा कार्यालयमा हाजिर हुन नआई गैरहाजिर रहेकोले अ.व.नं. ११० बमोजिम बाटो म्यादबाहेक २४ घण्टे म्याद सूचना निजको घर वतनमा टाँस भई सो म्यादसमेत गुजारी ११२ दिनसम्म सम्पर्कविहीन भई पदीय जिम्मेवारी बहन नगरी उदासिन रहेकोले तत्काल प्रहरी नियमावली, २०४९ को नियम ८८ को (झ) अनुसारको कसुरमा ऐ. नियमावलीको ९३ को २(ख) ले दिएको अधिकार प्रयोग गरी ऐ. नियमवालीको नियम ८४(छ) बमोजिम नोकरीबाट हटाउने भनी मिति २०६३।८।२६ मा निर्णय भएको देखिन्छ । उक्त मितिमा भएको यस कार्यालयको निर्णयउपर निवेदकले क्षेत्रीय प्रहरी कार्यालय विराटनगरमा दिएको पुनरावेदनमा पुनरावेदन स्तरबाट मिति २०६७।१०।२० मा निर्णय भएको रहेछ । निवेदक कार्यालयमा हाजिर हुने क्रममा स्वास्थ्यको कारण नै ढिलो हुने भए उपर्युक्त निर्णय हुनुपूर्व राजविराज स्थित डा. लक्ष्मण मण्डलले सिफारिस गरेको उक्त Prescription कागतसहित नजिकै रहेको यस तालुक अञ्चल प्रहरी कार्यालयमा बिदा स्वीकृत तथा थप उपचारको लागि अनुरोध नगरी निवेदकले एक्कासी पुनरावेदन गर्ने बेलामा मात्र मिति २०६३।०५।०६ मा एकपटक चेकअप गराएको अधुरो प्रमाण लिई उपस्थित भएका छन् । लामो समयसम्म सम्पर्कविहीन रहेकोले हाजिर हुन जाने बेहोराको अ.बं. ११० बमोजिम २४ घण्टे म्याद सूचना निजको घर दैलोमा मिति २०६३।७।३० मा टाँस भई उक्त म्यादसमेत गुजारी सम्पर्क स्थापित गर्न नआउने कर्मचारीलाई सफाइको मौका दिइरहनु नपर्ने भनी प्रहरी नियमावली, २०४९ (संशोधनसहित) नियम ८९ को २(ग) मा स्पष्ट व्यवस्था रहेको छ । ११२ दिन गैरहाजिर रहेपश्चात् यस कार्यालयबाट मिति

२०६३।८।२६ गते भएको निर्णय पूर्व र तत्पश्चात् पनि आफ्नो पेसा रोजगारीप्रति तात्पर्यता नदेखाउने प्रहरी कर्मचारीलाई संगठनको अनुशासनमा नरही प्रहरी आचरणविपरीत कार्य गरेकोसमेतको आधारमा भएको उपर्युक्त कारबाही प्रहरी ऐन नियमावलीबमोजिम र मनासिब छ । यस कार्यालयबाट भएको उक्त निर्णय कानूनबमोजिम भएको र निवेदकको हक अधिकारमा कुनै बाधा नपरेको हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको विपक्षी अञ्चल प्रहरी कार्यालय सगरमाथा राजविराजका तत्कालीन प्रहरी उपरीक्षकका तर्फबाट ऐ.कार्यालयका प्रहरी वरिष्ठ उपरीक्षक केशरीराज घिमिरेको यस अदालतमा परेको लिखित जवाफ।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत रिट निवेदनको मिसिल संलग्न सम्पूर्ण कागज अध्ययन गरियो । निवेदकका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री शम्भु थापा, अधिवक्ताद्वय श्री शंकर सुवेदी र श्री बल्लभ बस्नेतले निवेदक नेपाल प्रहरीको प्रहरी जवान पदमा कार्यरत रहेकोमा निजलाई नोकरीबाट हटाउँदा निजलाई आफ्नो कुरा राख्न, सफाइ पेस गर्ने मौका दिनुपर्ने वा नदिए त्यसको कारण खुलाउनु पर्ने बाध्यात्मक कानूनी व्यवस्था भए पनि सो व्यवस्था प्रतिकूल निवेदकलाई सो निर्णयको सम्बन्धमा कुनै जानकारी दिइएन। विपक्षीहरूले निवेदकको वास्तविक ठेगानामा म्याद टाँस नगरी अन्यत्र म्याद टाँस गरेकोले निवेदकलाई सुनुवाइको मौका प्राप्त भएको मान्न मिल्दैन । निवेदकलाई जागिरबाट हटाउनुपूर्व निजसँग स्पष्टीकरण सोध्नुपर्नेमा सोसमेत सोधिएको छैन । यसका अतिरिक्त नोकरीबाट हटाउने निर्णय भएको मितिभन्दा अगाडिको मितिदेखि नै निवेदकलाई हटाउने गरी भूतलक्ष्यी निर्णय भएको रहेछ । जबकि कानून स्पष्टरूपमा अख्तियार नदिएकोमा बाहेक भूतलक्ष्यी निर्णय गर्न पाइँदैन । यसर्थ निवेदकलाई नोकरीबाट हटाउने गरी भएको निर्णय र त्यसलाई सदर गरेको पुनरावेदन निर्णय प्राकृतिक न्यायको सिद्धान्त एवं प्रचलित कानूनविपरीत रहेकोले त्यसबाट संविधान प्रदत्त निवेदकको मौलिक हक हनन भएको हुँदा उक्त निर्णयहरू उत्प्रेषणको आदेशले बदर गरी निवेदकलाई पूर्ववत् पदमा बहाली गर्नु भनी विपक्षीहरूको नाममा परमादेश जारी होस् भनी बहस प्रस्तुत गर्नुभयो।

विपक्षीको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री चन्द्रकान्त खनालले निवेदक आफू कार्यरत रहेको प्रहरी चौकीबाट निजको सरूवा भएको इलाका प्रहरी कार्यालयमा कानूनबमोजिमको समयभित्र हाजिर हुन जानुपर्नेमा ११२ दिनसम्म अनुपस्थित भई सम्पर्कसमेत गरेका थिएनन् । निजलाई नोकरीबाट हटाउँदा कार्यालयको रेकर्डमा रहेको निजको ठेगानामा सफाइको मौका सहितको म्याद तामेल भए पनि निवेदक आफ्नो कुरा राख्न कार्यालयसमक्ष उपस्थित भएका थिएनन्। निज कार्यालयमा अनुपस्थित रहेकोले अनुपस्थित भएको मितिदेखि नोकरीबाट हटाउने गरी भएको निर्णय भूतलक्ष्यी नभएको र कानूनको रीत पुर्‍याई नोकरीबाट हटाउने निर्णय भएकोले निवेदन मागबमोजिमको आदेश जारी हुने अवस्था नहुँदा रिट निवेदन खारेज हुनुपर्दछ भनी बहस प्रस्तुत गर्नुभयो।

उपर्युक्तबमोजिमको तथ्य एवं बहस जिकिर रहेको प्रस्तुत रिट निवेदनमा निवेदकको मागबमोजिमको आदेश जारी हुनुपर्ने हो वा होइन? सोही सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो।

२. निर्णयतर्फ विचार गर्दा, म निवेदकलाई सफाइको मौकासमेत नदिई भविष्यमा सरकारी नोकरीको लागि समान्यतः अयोग्य नहुने गरी नेपाल प्रहरीको प्रहरी जवान पदबाट हटाएको कार्य कानून विपरीत भएकोले त्यसबाट संविधान प्रदत्त मेरो मौलिक हक हनन भएको हुँदा उक्त निर्णय उत्प्रेषणको आदेशले बदर गरी निवेदकलाई पूर्ववत् काममा लगाउनु भनी परमादेश जारी गरिपाउँ भन्ने निवेदन मागदाबी

र निवेदक लामो समयसम्म निज सरूवा भएको कार्यालयमा हाजिर नभई बेपत्ता भएकोले निजको नाममा हाजिर हुन आउनु भनी जारी भएको म्यादभित्र निज उपस्थित हुन नआएकोले कानूनको रीत पुऱ्याई नोकरीबाट हटाएको हुँदा निवेदन मागबमोजिमको आदेश जारी हुनुहुँदैन भनी विपक्षीहरूको लिखित जवाफ रहेको छ।

३. रिट निवेदक रामबहादुर राउत नेपाल प्रहरीको प्रहरी जवान पदमा कार्यरत रही सीमा प्रहरी चौकी भन्टावारी सुनसरीबाट इलाका प्रहरी कार्यालय कटारी उदयपुरमा सरूवा हुँदा निज मिति २०६३।५।६ का दिन जिल्ला प्रहरी कार्यालय सुनसरीबाट रमानापत्र बुझी ११२ दिन सम्म निज सरूवा भएको कार्यालयमा गैरहाजिर रहेकोले मिति २०६३।८।२६ का दिन निजलाई प्रहरी नियमावली, २०४९ (संशोधनसहित) को नियम ८८ को देहाय (ङ), (झ) को कसुरमा ऐ. नियम ८४ को देहाय (छ) बमोजिम भविष्यमा सरकारी नोकरीको लागि सामान्यतः अयोग्य नठहरिने गरी निज गैरहाजिर रहेको मिति २०६३।५।६ बाट नै लागू हुने गरी नोकरीबाट हटाउने निर्णय भएको मिसिल संलग्न अञ्चल प्रहरी कार्यालय सगरमाथाको सोही मितिको पत्रको प्रतिलिपिबाट देखिन्छ । निवेदक रामबहादुर राउतले ११२ दिन कार्यालयमा गैरहाजिर रहेको कुरा रिट निवेदनमा खण्डन नगरेको हुँदा सो तथ्यमा विवाद रहेन । निवेदक कार्यालयमा त्यति लामो समयसम्म अनुपस्थित रहेको र खोजतलास गर्दा फेला नपरेकोले बाटाका म्यादबाहेक २४ घण्टाभित्र सम्बन्धित कार्यालयमा हाजिर हुन जानुहोला नभए प्रहरी नियमावली, २०४९ बमोजिम सेवाबाट हटाइने वा बर्खास्त गर्ने तर्फ कारबाही भई जाने बेहोराको मुलुकी ऐन, अ.बं. ११० नं. बमोजिमको सूचना उदयपुर जिल्ला बशाहा गा.वि.स. वडा नं. ७ मा मिति २०६३।७।३० मा टाँस भएको देखिन्छ।

४. यी निवेदकले यस अदालतमा निवेदन दिँदा उक्त सूचना निजको ठेगानामा टाँस नभई अन्यत्र टाँस भएकोले मुलुकी ऐन, अ.बं. ११० नं. को कार्यविधि पूरा नभएको भनी दाबी लिएका छन्। सोतर्फ हेर्दा रामबहादुर राउतले यस अदालतमा प्रस्तुत रिट निवेदन दायर गर्दा सोसँगै पेस गरेको निजको नागरिकताको प्रतिलिपिबाट निजको ठेगाना सगरमाथा अञ्चल उदयपुर जिल्ला बाराहा गा.वि.स. वडा नं. ७ रहेको देखिन आउँछ । तर मुलुकी ऐन अ.बं. ११० नं. बमोजिम निजको नाममा जारी भएको सूचना उदयपुर जिल्ला बशाहा गा.वि.स. वडा नं. ७ मा टाँस भएको मिसिल साथ रहेको सूचनाको सक्कल प्रतिबाट देखिन्छ । मुलुकी ऐन अ.बं. ११० नं. मा **"समाह्वान, इतलायनामा, म्याद, सूचना तामेल गर्न पठाउँदा सम्बन्धित व्यक्ति जहाँ फेला परे निजलाई बुझाउन हुन्छ। सम्बन्धित व्यक्ति फेला नपरे वा नचिने निजको ठेगानामा गई बुझी घर डेरा पत्ता लगाई सम्बन्धित व्यक्ति भेट भए निजैलाई, निज भेट नभए उमेर पुगेका एकाघरका कुनै व्यक्तिलाई दिई र निजहरू पनि भेट भएन वा बुझी लिएन भने त्यस घर डेराको ढोकामा सबैले देख्ने गरी टाँस्नुपर्ने"** भन्ने कानूनी व्यवस्था रहेको छ । उक्त कानूनी व्यवस्थाअनुसार जसको नाउँमा म्याद सूचना जारी भएको हो निज जहाँ फेला परे त्यहीँ बुझाइ दिन वा फेला नपरे निजको ठेगानामा निजलाई वा निजको एकाघरका कुनै सदस्यलाई दिनुपर्ने कोही भेट नभएको अवस्थामा घर वा डेराको ढोकामा टाँस्नु पर्ने देखिन्छ। तामेल भएको भनिएको म्याद सूचना हेर्दा यी निवेदकले वा निजको एकाघरका कुनै व्यक्तिले सो म्याद सूचना बुझेको देखिँदैन। निजको घरको ढोकामा टाँस भएको भनिए पनि निवेदकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपिमा उल्लेख भएको ठेगाना र निजको नाममा जारी भएको सूचनामा उल्लेख भएको ठेगानामा गा.वि.स. को नाम नै फरक परेको देखिन्छ । नागरिकता नेपाल सरकारले जारी गरेको नेपाली नागरिकलाई पहिचान गर्ने आधिकारिक प्रमाण

हो र यसमा उल्लेख भएको ठेगाना अन्यथा प्रमाणित नभएसम्म सम्बन्धित व्यक्तिको आधिकारिक ठेगाना मानिन्छ । निवेदकको नागरिकतामा उल्लेख भएको बाराहा गा.वि.स. मा निजको नामको सूचना तामेल नभई बशाहा गा.वि.स. मा तामेल भएको देखिएकोले उक्त सूचना मुलुकी ऐन, अ.बं. ११० नं. को रीत पुऱ्याई तामेल भएको मान्न मिलेन ।

५. प्रहरी नियमावली, २०४९ को नियम ८९ को उपनियम (२) मा **"प्रहरी कर्मचारीलाई सजायको आदेश दिनुअघि कारबाही गर्न लागिएको उल्लेख गरी हुन सक्ने सजायसमेत खुलाई सूचना दिई निजलाई आफ्नो सफाइ पेस गर्ने मौका दिनुपर्नेछ । त्यस्तो सूचना दिँदा लगाइएको आरोप स्पष्ट रूपले किटिएको हुनुपर्दछ र प्रत्येक आरोप कुन कुरा र कारणमा आधारित छ सोसमेत खुलाउनु पर्नेछ । त्यसपछि त्यस्तो प्रहरी कर्मचारीले सजाय गर्ने अधिकारीले तोकिदिएको म्यादभित्र आफ्नो सफाइको र प्रस्तावित सजायको सम्बन्धमा लिखित स्पष्टीकरण पेस गर्नुपर्नेछ"** भन्ने कानूनी व्यवस्था रहेको छ । नियमावलीको उक्त व्यवस्थाअनुसार प्रहरी सेवाबाट कसैलाई हटाउन लाग्दा निजले गरेको कसुर र सो कसुरलाई प्रमाणित गर्ने प्रमाणहरू र निजलाई हुन सक्ने सजायसमेत स्पष्ट रूपमा खुलाई निजलाई आफ्नो सफाइ पेस गर्न मनासिब समय दिएर आफ्नो कुरा राख्न मौका दिनुपर्दछ । नियमावलीको उक्त व्यवस्था बाध्यात्मक रहेको देखिए पनि यसको केही अपवाद पनि रहेको देखिन्छ । सोही नियम ८९(२) को (क) मा **"भागी पत्ता नलागेको वा अरू कुनै कारणले सम्पर्क स्थापित गर्न असम्भव भएको प्रहरी कर्मचारीको सम्बन्धमा यस नियमबमोजिमको कार्यविधिको रीत पुऱ्याउनु पर्ने छैन"**, (ख) **"नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी प्रमाणित भइसकेको आधारमा कुनै प्रहरी कर्मचारीलाई सजाय दिनुपर्ने भएमा सजाय गर्ने अधिकारीले निजलाई गर्न लागेको सजायको बारेमा सूचनासम्म दिनुपर्नेछ"**, (ग) **"सफाइ पेस गर्ने मौका दिँदा मनासिब नपर्ने भएमा सो कुराको पर्चा खडा गरी त्यस्तो प्रहरी कर्मचारीलाई यस उपनियमबमोजिम सफाइ पेस गर्ने मौका दिनुपर्ने छैन"** भन्ने कानूनी व्यवस्था रहेको छ । निवेदकको घरमा म्याद टाँस गरेको हो भनी विपक्षीहरूले जिकिर लिएको देखिएबाट निज भागी बेपत्ता भएको मान्न मिलेन, निजउपर कुनै फौजदारी अभियोग लागि अदालतबाट सजाय भएको अवस्था पनि देखिँदैन वा निजलाई सफाइको मौका दिनु नपर्ने कुनै मनासिब कारणसमेत निर्णयमा उल्लेख भएको नदेखिएको हुँदा सफाइको मौका दिनुपर्ने भनी नियमावलीको व्यवस्थाको अपवादको अवस्था निवेदकको हकमा प्रयोग गरिएको छैन र प्रयोग हुने अवस्था पनि मिसिल सामेल कागजबाट देखिँदैन ।

६. जिल्ला प्रहरी कार्यालय उदयपुरबाट जारी भएको मिति २०६३।७।३० को सूचनामा प्रहरी नियमावली, २०४९ बमोजिम सेवाबाट हटाइने वा बर्खास्त गरिने तर्फ कारबाही भई जाने बेहोरा उल्लेख भए पनि प्रहरी ऐन, नियमको कुन प्रावधान अनुसार के कस्तो कसुरमा के कस्तो कारबाही हुने हो भन्ने कुरा खुलाएको पाइँदैन । प्रहरी नियमावली, २०४९ को नियम ८९(२) मा भएको व्यवस्था ऐ. को प्रतिबन्धात्मक वाक्यांशमा उल्लिखित अवस्थामा बाहेक अन्य अवस्थामा बाध्यात्मक प्रकृतिको देखिन्छ । कानूनमा भएको बाध्यात्मक व्यवस्था आकर्षित नहुने कुनै अपवादात्मक अवस्था कानूनमा उल्लेख भएको रहेछ भने सो अपवादात्मक अवस्था उत्पन्न नभएसम्म बाध्यात्मक कानूनी व्यवस्थाको पालना नगरी भएको काम कारबाही कानूनसम्मत हुन सक्दैन । प्रहरी नियमावलीको उक्त व्यवस्था प्रहरी कर्मचारीलाई मनमानी बर्खास्ती हुनबाट बचाउनको लागि गरिएको भनी प्रहरी ऐन, २०१२ को दफा १० मा भएको व्यवस्थाबाट देखिन्छ । सफाइको मौका

दिनुपर्ने उपर्युक्त कानूनी व्यवस्था राख्नुको उद्देश्य प्राकृतिक न्यायको स्वच्छ सुनुवाइको सिद्धान्तलाई कानूनी रूपमा प्रत्याभूत गर्नु हो । कानूनमा उल्लेख नभए पनि सामान्यतः कानूनसरह नै पालना गर्नुपर्ने यो सिद्धान्तलाई पालना नगर्नुपर्ने कुनै युक्तियुक्त कारण नदेखिएको अवस्थामा पनि यसलाई नजरअन्दाज गरी भएको काम कारबाही प्राकृतिक न्यायको मान्य सिद्धान्तसमेत विपरीत रहेको मान्नुपर्छ र यस्तो काम कारबाही बदरयोग्य हुन्छ। अतः मिति २०६३।७।३० मा जिल्ला प्रहरी कार्यालय उदयपुरले जारी गरेको सूचना आफैँमा स्पष्ट नभएको, उक्त सूचनाबाट निवेदकलाई कुन कानूनबमोजिमको के कसुरमा के कस्तो कारबाही हुने भन्ने नखुलेको र सो सूचना कानूनको रीत पुर्‍याई निवेदकको कानूनबमोजिमको ठेगानामा तामेल भएको नदेखिएको हुँदा यसलाई विभागीय कारबाहीको रूपमा सोधिएको स्पष्टीकरण मान्न सकिएन।

७. कानूनले कुनै निर्णय गर्न अख्तियार दिएको कुनै पदाधिकारीले सो कानूनको प्रयोग गरी कुनै निर्णय गर्दछ भने सो निर्णय गर्नुपर्ने आधार र कारणसमेत खुलाई निर्णय गर्नुपर्दछ भनी प्राकृतिक न्यायको सिद्धान्तले निर्णयकर्तासँग अपेक्षा राखेको हुन्छ । आधार र कारण खोली भएको निर्णयबाट सो निर्णयमा स्वच्छता, निष्पक्षता, औचित्यता देखिनुका साथै सोबाट असर पुग्ने व्यक्तिहरूले समेत आफ्नो चित्त बुझाउने मौका प्राप्त गर्दछन्। यी निवेदकउपर कारबाही गर्दा प्रहरी नियमावली, २०४९ को नियम ८९(२)(क) बमोजिम स्पष्टीकरण नलिने अवस्था थियो भने सो कुरा निर्णय पर्चामा उल्लेख गर्नुपर्थ्यो। तर सो कुरा निर्णय पर्चामा समेत उल्लेख भएको नपाइएकोले निवेदकलाई प्रहरी सेवाबाट हटाउने गरी मिति २०६३।८।२६ मा अञ्चल प्रहरी कार्यालय राजविराज सप्तरीबाट भएको निर्णयलाई सदर गरेको पूर्व क्षेत्रीय प्रहरी कार्यालय रानी विराटनगरको मिति २०६७।१०।२० को निर्णय प्रचलित कानूनअनुकूल भएको मान्न मिलेन।

८. अतः माथि विवेचित आधार कारणबाट अञ्चल प्रहरी कार्यालय सगरमाथा राजविराजले निवेदकलाई भविष्यमा सरकारी नोकरीको लागि सामान्यतः अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने गरी मिति २०६३।८।२६ मा गरेको निर्णयलाई सदर गरेको पूर्व क्षेत्रीय प्रहरी कार्यालय रानी विराटनगरको मिति २०६७।१०।२० को निर्णय प्राकृतिक न्यायको सिद्धान्त एवं प्रचलित ऐन नियममा भएको कानूनी व्यवस्थालाई उल्लङ्घन गरी भएकोले कायम रहन नसक्ने हुँदा उक्त दुवै निर्णय उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । अब निवेदक रामबहादुर राउतलाई पूर्ववत सेवामा बहाल गरी निजलाई नोकरीबाट हटाइएको मिति २०६३।५।६ देखिको तलब भत्तासमेत उपलब्ध गराउनु भनी विपक्षीहरूको नाममा परमादेश जारी हुने ठहर्छ । यस आदेशको जानकारी विपक्षीहरूलाई दिई प्रस्तुत रिट निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार यस अदालतको अभिलेख शाखामा बुझाइदिनू।

उक्त रायमा सहमत छु।
न्या. मीरा खड्का

इजलास अधिकृतः रामु शर्मा
इति संवत् २०७४ साल चैत ३० गते रोज ६ शुभम्।

## निर्णय नं. ९९९४

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री चोलेन्द्र शमशेर ज.ब.रा.
माननीय न्यायाधीश श्री प्रकाशमान सिंह राउत
फैसला मिति : २०७३।८।५
०६७-CI-०८३६

मुद्दाः लिखत बदर दर्ता बदर दर्ता कायम

पुनरावेदक / प्रतिवादी : जिल्ला सप्तरी गा.वि.स. कल्याणपुर वडा नं. ३ बस्ने नन्दीलाल मण्डलसमेत

विरूद्ध

प्रत्यर्थी / वादी : जिल्ला सप्तरी गा.वि.स. मैन्हासहश्रवाहु वडा नं.१ बस्ने बहुरीदेवी थरूनी

- **वादीको एकसगोलको सम्पत्ति आफ्नै नाताका व्यक्तिले तहतह बिक्री गरेको कुरामा मेरोसमेत अंशहक लाग्ने जग्गा बेचबिखन गरेको भन्ने विषयको विवादमा जग्गा पजनीको १७ नं., जग्गा मिच्नेको १८ नं.आकर्षित हुने नभई मुलुकी ऐन, लेनदेन व्यवहारको १० नं.को व्यवस्था आकर्षित हुने ।**

(प्रकरण नं.९)

प्रतिवादीका तर्फबाट : विद्वान् अधिवक्ता श्री रामचन्द्र सुवेदी
वादीका तर्फबाट :
अवलम्बित नजिर :

- नेकाप २०७३, अंक १, नि.नं.९५३३, पृ.८५२

सम्बद्ध कानून :

**सुरू तहमा फैसला गर्ने:**
माननीय न्यायाधीश श्री रामप्रसाद ओली
सप्तरी जिल्ला अदालत

**पुनरावेदन तहमा फैसला गर्ने:**
माननीय न्यायाधीश श्री अलि अकवर मिकरानी
माननीय न्यायाधीश श्री शम्भुबहादुर खड्का
पुनरावेदन अदालत, राजविराज

फैसला

**न्या.प्रकाशमान सिंह राउत :** न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) बमोजिम यस अदालतको क्षेत्राधिकार अन्तर्गतको भई दायर हुन आएको प्रस्तुत मुद्दाको तथ्य एवं ठहर यसप्रकार छः-

मूल पुर्खा प्यारे चौधरीको तीन छोरामा जेठा स्व.जदु माहिला स्व.रौदी र कान्छा स्व. नाथु रहेकोमा जेठा जदु निसन्तान भएको माहिला रौदीको दुई छोरामा जेठा मुसाई र कान्छा चिचाई चौधरी हुन मुसाइ चौधरीको तीन छोरामा जेठा स्व. डोमी चौधरी माहिला मेरो पति स्व. कानन चौधरी र मबाट कुनै सन्तानको जन्म नभई कानन चौधरी स्वर्गे हुन भएकोले म एक मात्र हकदार रहेको देवर सुखैर चौधरी आजभन्दा १५, १६ वर्ष पहिले बाहिर गई हालसम्म फर्की आएका छैनन् । त्यस्तै चिचाइ चौधरीको एक मात्र छोरा अन्तु चौधरी धेरै वर्ष पहिले छुट्टि भिन्न भई मोरङ गएका नाथु चौधरीको २ छोरामा जेठा मिठु र कान्छा विपक्षी लक्ष्मी रहेको मिठुको सन्तान छोरा छोरी कोही पनि नरहेको यस अवस्थामा विपक्षी लक्ष्मी चौधरीले मेरो अंशहक मार्नको लागि मिति २०४९ सालमा मलाई अंशियार हकदार नदेखाई डोमी चौधरीलाई मात्र प्रतिवादी बनाई आफू वादी बनी जम्मा दुइमात्र अंशियार रहेको बेहोरा उल्लेख गरी जिल्ला अदालत सप्तरीमा दायर गरेको २०४९ सालको दे.नं. ३१०२ को अंश मुद्दामा

अंशबन्डा हुने सम्पूर्ण सगोलको सम्पत्तिसमेत नदेखाई दुइ अंश भाग लगाई दिने गरी मिति २०४९।१।१७ मा अंश मुद्दा मिलापत्र गरेको कुरा मिति २०५९।१०।६ मा गाउँघरमा सुनी थाहा पाई विपक्षी लक्ष्मी चौधरीउपर मैले यसै सप्तरी जिल्ला अदालतमा दायर गरेको मिति २०५९ सालको दे.नं. २४९२ को मिलापत्र बदर अंश कायम मुद्दामा दाबी पुग्ने गरी मिति २०६१।४।१८ मा फैसला भएकोमा विपक्षी लक्ष्मी चौधरी तथा डोमी चौधरीले मिति २०४९।१।१७ को मिलापत्रबाट प्राप्त प्रतिवादी लक्ष्मी चौधरीले आफ्नो नाउँ दर्ताको सप्तरी जिल्ला, कल्याणपुर गा.वि.स. वडानं.७ कि.नं. ६५१को ०-१०-० जग्गा र.नं. ३८९५ मिति २०४९/११/१० को हालैको बकसपत्र लिखत पारित गरी आफ्नो श्रीमती प्रतिवादी राधादेवी चौधरीलाई दिएको र निजबाट र.नं. ५९५० मिति २०५०/०१/२०, र.नं. ८४९७ मिति २०५५/०३/०८ र र.नं. ८४९८ मिति २०५५/०३/०९ गतेसमेतमा क्रमश: प्रतिवादी नन्दीलाल मण्डल, प्रतिवादी रोजिया कुर्जनी, प्रतिवादी असियादेवीलाई मेरो अंशहक लाग्ने सम्पत्ति मेरो मन्जुरी विना लिखत पारित गरी दिएको हुँदा अर्थात् २ खण्डको १ खण्ड जग्गा लिखत दर्तासमेत बदर गरी मेरो नाउँमा दर्तासमेत गरिपाउँ भन्ने वादी बहुरी देवीको मिति २०६१।५।४ को फिराद पत्र।

मिति २०४९।१।१७ गते लक्ष्मी चौधरी र डोमी चौधरीबीच भएको मिलापत्रबमोजिमका जग्गामध्ये सा. कि.नं. ४० र लक्ष्मी चौधरीका नाउँमा दा.खा. हुँदा कित्ता फोड भई कायम भएको कि.नं. ६५१ को ०-१०-० जग्गालाई दाबी गर्दा साबिक जग्गाधनी स्व. मुसाई चौधरीको नाउ दा.खा. भएको सम्बन्धमा विपक्षीको स्वीकारोक्ति नै देखिन्छ । प्रस्तुत फिराद दाबी झुठा हो। यदि विपक्षी वादी अंशहक लाग्ने अंशियार भएको भए लेनदेन व्यवहारको १० नं. र किर्ते कागजको १८ नं. को हदम्यादभित्र नालेस गर्नुपर्ने हो । त्यो नभएर करिब ११ वर्षपछि आकर्षित नै नहुने मुलुकी ऐन, जग्गा पजनीको नं. २, २(क) १७ नं. र जग्गा मिच्नेको १८ नं. को कानूनलाई आधार बनाई दायर गरिएको प्रस्तुत फिराद दाबी स्वतः खारेज भागी छ । मिति २०५९ सालको सा.दे.नं. २४९० को मिलापत्र बदर अंश कायम मुद्दालाई प्रमुख आधार बनाई प्रस्तुत फिराद दायर भएको देखिन्छ। उक्त मुद्दाको फैसलाले विपक्षीले तायदातीमा उल्लिखित जग्गाबाट अंश पाउने गरी फैसला भएको छ। अंश मुद्दा पर्नुभन्दा अगावै नै भएका काम कारबाहीबाट अर्थात् हामी प्रतिवादीहरूका नाउँमा दर्ता रहेको जग्गाबाट विपक्षी वादीले अंश प्राप्त पाउने भन्ने फैसला भएको छैन। हामी प्रतिवादीहरूले राधादेवीबाट अलग मितिमा रीतपूर्वकको राजीनामा लिखत पारित गरी लिएको जग्गामा वादीको अंशहक लाग्ने होइन। हदम्यादविहीन फिराद दाबी खारेज हुने गरी इन्साफ गरिपाउँ भन्नेसमेत प्रतिवादी नन्दीलाल मण्डल, असियादेवी, रोजिया कुर्जनी, गुलाब मियाँ समेतको संयुक्त प्रतिउत्तर जिकिर।

प्रतिवादी लक्ष्मी चौधरी र प्रतिवादी राधादेवी चौधरी नाउँको म्याद मिति २०६१/०५/१७ मा तामेल भई निजहरूले उत्तर नफिराई सुरू म्यादै गुजारी बसेको मिसिल सामेल रहेको छ।

मिति २०६१/१२/१४ को आदेशानुसारको मालपोत कार्यालय सप्तरीबाट प्राप्त र.नं. ५९५०, ३८९५, ७५९०, ८४९७ र ८४९८ मार्फत पारित लिखतहरूको स्रेस्ता मिसिल सामेल रहेको छ।

वादीको अंशहकसमेतको जग्गा कुनै प्रकारले हक हस्तान्तरण गर्दा निजको मन्जुरी लिनुपर्नेमा नलिई वादीको अंशहक लाग्ने विपक्षी प्रतिवादी लक्ष्मी चौधरीले आफ्नो नाउँ दर्ताको सप्तरी जिल्ला, कल्याणपुर गा.वि.स. वडा नं. ७ कि.नं. ६५१ को ०-१०-० जग्गा र.नं.३८९५ मिति २०४९/११/१० को हालैको बकसपत्र लिखत पारित गरी आफ्नो श्रीमती प्रतिवादी राधादेवीलाई दिएको निजबाट र.नं. ५९५० मिति २०५०/०१/२०, र.नं.

८४९७ मिति २०५५/०३/०८ र र.नं. ८४९८ मिति २०५५/०३/०९ गतेसमेतमा क्रमश: प्रतिवादी नन्दीलाल मण्डल, प्रतिवादी रोजिया कुर्जनी, प्रतिवादी गुलाव मियाँ र प्रतिवादी असियादेवीलाई लिखत पारित गरी दिएको देखिँदा वादी दाबीबमोजिम वादीको अंशहकसमेतको उक्त लिखतहरूको २ भागको १ भाग लिखत दर्तासमेत बदर भई वादीको नाममा दर्तासमेत हुने ठहर्छ भन्ने समेत बेहोराको सुरू सप्तरी जिल्ला अदालतबाट मिति २०६३/०२/०९ को फैसला।

प्रस्तुत मुद्दामा हामीहरूको नाउँको जग्गाको लिखत बदर हुने ठहर गरी फैसला हुँदा उक्त सा.दे. नं. २४९२ को मुद्दालाई मुख्य निर्णयाधार बनाई फैसला हुँदा लेनदेन व्यवहारको १० नं. को कानूनी व्यवस्थालाई पन्छाएर भएको फैसला त्रुटिपूर्ण छ । विपक्षीले अंश मुद्दा दायर गरिसकेपछि फिराद परेको दिनदेखि वा अघिल्लो दिनदेखि अरू अंशियारसँग मानो छुट्टिएको मान्नु पर्ने हुन्छ। एकसगोलमा रहेको विपक्षीले एकासगोलको जग्गा बिक्री व्यवहार गर्दा मन्जुरी नभए ऐनको म्यादभित्र आफ्नो हक सुरक्षित राख्न अड्डामा फिराद गर्न जानु पर्नेमा त्यसो गरेको अवस्था छैन । सुरू फैसलाले विपक्षी वादीको मन्जुरी विना भएको व्यवहार हुँदा भनी कुनै कानूनी आधार नदिई र.नं. ३८९५ मिति २०४९/११/१०, र.नं. ५९५० मिति २०५०/०१/२०, र.नं. ८४९७ मिति २०५५/०३/०९ लगायतका लिखतहरू र दर्ताहरू बदर हुने भनी ठहर गरिएको छ। त्यसमा सुरू प्रतिउत्तर जिकिरमा उल्लेख गरिएको हदम्याद सम्बन्धमा कतै उल्लेख गरिएको छैन। विपक्षीलाई हामी प्रतिवादी पुनरावेदकहरूले अंश दिनुपर्ने पनि होइन। हामीहरूले विपक्षीका अंशियारबाट खरिद गरेको जग्गामा जहिले पनि नालिस लागि बदर हुन सक्ने भन्ने कानूनी व्यवस्था पनि छैन । साल २०५९ को सा.दे.नं. २४९२ को विपक्षी र लक्ष्मी चौधरीबीच चलेको मिलापत्र बदर अंश कायम मुद्दामा हामी पुनरावेदकहरूको दर्ताका जग्गामा विपक्षीको हक कायम हुने भनी उल्लेख गरिएको पनि छैन। विपक्षीले फैसलामा उल्लेख भएको सम्पत्तिबाट अंश पाउने हो । फैसलाले नबोलेको कुरामा विपक्षीले आफ्नो अशियारबीच मेलुवा किसिमले चलाएको मुद्दाले अंश मुद्दा पार्नुभन्दा ६/७ वर्षअगाडि भएको व्यवहार अर्थात् लिखतहरू बदर हुने अवस्था छैन। सुरू फैसलाले कुनै कानूनी आधार नदिई एकपक्षीय रूपमा हामीहरूको जग्गामा लिखत बदर, दर्ता बदर ठहरी भएको फैसला बदर गरी सुरू प्रतिउत्तर जिकिरबमोजिम इन्साफ पाउँ भन्नेसमेत बेहोराको असियादेवी खत्वेनीसमेत ४ जनाको पुनरावेदन अदालत राजविराजमा परेको संयुक्त पुनरावेदन पत्र।

कानूनको हदम्यादभित्र फिराद नपरेको बेहोरा दर्साई प्रतिउत्तर परेकोमा सोतर्फ केही नबोली दाबीअनुसार लिखत बदर हुने ठहऱ्याई भएको सुरू जिल्ला अदालतको फैसला त्रुटिपूर्ण भई फरक पर्न सक्ने देखिँदा मुलुकी ऐन, अ.बं.२०२ नं. तथा पुनरावेदन अदालत नियमावली, २०४८ को दफा ४७ बमोजिम छलफलका लागि प्रत्यर्थी झिकाई लगाउको जालसाजी मुद्दा साथै राखी नियमानुसार पेस गर्नु भन्ने मिति २०६३/०८/२७ को पुनरावेदन अदालत राजविराजको आदेश।

प्रतिवादी लक्ष्मी चौधरीले म वादीको अंशहकलाई दरकिनारा गरी डोमी चौधरीसँग मिली सप्तरी जिल्ला अदालतमा सा.दे.नं. ३१०२ को अंशदर्ता मुद्दा मिति २०५९।१।१७ मा मिलापत्र गरी गैरकानूनी गरेको प्रस्ट छ। अब गैरकानूनी रूपले लक्ष्मी चौधरीको नाउँमा कायम हुन आएको दाबीको जग्गाहरू फट्टा फट्टी प्रतिवादीहरूका नाउँमा पारित गर्दै गएको अवस्थामा म वादीले मुलुकी ऐन, जग्गा पजनीको १७ नं. बमोजिम एकाको हकको जग्गा अरूले दर्ता गराएमा थाहा पाएको छ महिनामा नालिस गर्नुपर्ने रहेको कानूनी व्यवस्थाको आधारमा न्याय गुहार्न अदालत प्रवेश गरेको हुँ। तर सो तथ्यलाई बङ्ग्याई विपक्षीले लेनदेन व्यवहारको १०

नं. बमोजिम नालेस गर्नुपर्ने भनी लिइएको पुनरावेदन जिकिर एवं प्रतिउत्तर जिकिरलाई ग्रहण नगरी जग्गा पजनीको १७ नं. बमोजिम हदम्यादयुक्त फिराद दाबी ठहऱ्याएको सुरु फैसला न्यायसङ्गत रहेको सदर गरिपाऊँ। तर प्रस्तुत विषय वस्तुमा कुनै अंशियारलाई दरकिनारा गरी मिलापत्रबाट आफ्नो हक सृजना गराई मात्र बेचबिखन व्यवहार गरेमा यस्तो अवस्थामा लेनदेन व्यवहारको १० नं. आकर्षित हुने नभई जग्गा पजनीको १७ नं. र जग्गा मिच्नेको १८ नं. आकर्षित हुन्छ। म वादीको अंशहकको जग्गा गैरकानूनीरूपले विपक्षीहरूले आ-आफ्नो नाउँमा पारित गराई लिन पाउने होइन। विपक्षी लेनदेन व्यवहारको १० नं. बमोजिम नालेस गर्नुपर्ने भनी लिइएको पुनरावेदन जिकिर एवं प्रतिउत्तर जिकिरलाई ग्रहण नगरी जग्गा पजनीको १७ नं. तथा जग्गा मिच्नेको १८ नं. बमोजिम हदम्यादभित्रको फिराद दाबी ठहऱ्याएको सुरू फैसला न्यायसङ्गत रहेकोले सदर कायम गरिपाउँ भन्नेसमेत बेहोराको बहुरीदेवी थरूनीको लिखित प्रतिवाद।

प्यारे चौधरीको छोरा रौदी चौधरी, रौदी चौधरीको छोरा मुसाई चौधरीको तीन छोरामध्ये डोमी चौधरी र प्यारे चौधरीकै छोरा नाथु चौधरी र नाथु चौधरीको छोरा लक्ष्मी चौधरीको बीचमा मिलापत्र भएको देखिन्छ। मुसई चौधरीको हाँगा दुई अंशियार डोमी र काननको श्रीमती यी वादी बहुरी देवी भएको अवस्थामा लक्ष्मीको एक भाग र डोमी र बहुरी देवीको एक भागमध्ये आधा वादीको हकको देखिदा ४ खण्डको एक खण्डको मात्र लिखत बदर गर्नुपर्नेमा दुई खण्डको एक खण्डको लिखत दर्ता बदर दर्ता कायम गरी सुरू सप्तरी जिल्ला अदालतबाट मिति २०६३।२।९।३ मा भएको फैसला सो हदसम्म नमिलेको हद केही उल्टी भई चार खण्डको एक खण्डको लिखत बदर दर्ता बदर भई वादीको नाममा दर्तासमेत हुने ठहर्छ भनी मिति २०६६।३।३ मा पुनरावेदन अदालत राजविराजबाट भएको फैसला।

विपक्षीले फिराद दाबीमा उल्लिखित विपक्षीको अंशी लक्ष्मी चौधरीबीच अंशबन्डाको प्रश्नको हकमा अदालतमा अंशबन्डातर्फ नालेस परेपछि परेको मितिलाई नै मानो छुट्टिएको मिति कायम गर्नुपर्ने र त्यस आधारमा लेनदेन व्यवहारको १० नं. हदम्याद र अं बं. ७२ नं. का कुरा अवलम्बन गर्नुपर्ने भनी प्रतिउत्तर गरेका थियौं। हामी प्रतिवादीहरूले खरिद गरेको जग्गा प्रत्येक खरिद गर्ने मानिसहरू छुट्टाछुट्टै पर्ने गरी खरिद बिक्री गर्ने मानिसमाथि छुट्टाछुट्टै फिराद गर्नुपर्नेमा सो नगरी सबै खरिद गर्नेहरू एकै ठाउँ पर्ने गरी सबै प्रतिवादीहरू माथि एउटै फिराद गरेकोमा सोझै वादी दाबीअनुसारको आधी लिखत दर्ता बदर हुने गरी सप्तरी जिल्ला अदालतबाट भएको फैसलाउपर पुनरावेदन अदालत राजविराजमा पुनरावेदन गरेकोमा पुनरावेदन अदालत राजविराजले ४ खण्डको १ खण्ड लिखत बदर हुने ठहऱ्याई भएको फैसला अ.बं. ७२ नं. को प्रतिकूल र (ने.का.प. पृष्ठ ५१६ नि.नं. २०२३) को नजिरसमेतको आधारमा खारेजयोग्य हुँदा पुनरावेदन अदालतको फैसला बदर गरी विपक्षीको फिराद दाबीअनुसार नगरी प्रतिउत्तरबमोजिम इन्साफ पाउँ भन्नेसमेत बेहोराको मिति २०६७।८।५ गतेको नन्दीलाल मण्डलको पुनरावेदन पत्र।

यसमा अंश मुद्दा र मिलापत्र मुद्दा दर्ता हुन भन्दा करिब ४ वर्षअघि नै बिक्री गरिसकेको सम्पत्तिमा जालसाजी ठहऱ्याई लिखत बदर हुने गरेको पुनरावेदन अदालत राजविराजको फैसलामा हदम्यादको प्रश्न उपस्थित भई फरक पर्न सक्ने देखिँदा अ.बं. २०२ नं. बमोजिम प्रत्यर्थी झिकाउने मिति २०७२।८।२ गतेको यस अदालतको आदेश।

म वादीको अंशहकबाट हटाई प्रतिवादी लक्ष्मी चौधरीले डोमी चौधरीसँग मिली सप्तरी जिल्ला अदालतमा सा.दे.नं. ३१०२ को अंशदर्ता मुद्दामा मिति २०४९।१।१७ मा मिलापत्र गरेकोले म वादीले सप्तरी जिल्ला अदालतमा गरेको २०५९ साल सा. दे.

नं. २४९२ को मिलापत्र बदर अंशहक कायम मुद्दामा दाबी ठहरी मिति २०६१।४।१८ गते फैसला भएको छ । जुन आधारले विपक्षी लक्ष्मी चौधरीले दाबीको जग्गा प्राप्त गरेको छ । सो जग्गाहरूको मिलापत्र नै कायम रहन नसकेको अवस्थामा सोही दाबीको जग्गाहरू गैरकानूनीरूपले प्रतिवादीको नाउँमा कायम भएको दाबीको जग्गाहरू अन्य प्रतिवादीहरूको नाउँमा पारित गर्दै आएको अवस्थामा म वादीले मुलुकी ऐन, जग्गा पजनीको १७ नं. बमोजिम एकाको हकको जग्गा अरूले दर्ता गराएमा थाहा पाएको ६ महिनामा नालेस गर्नुपर्ने रहेको कानूनी व्यवस्थाको आधारमा अदालत प्रवेश गरेको हुँ । तर सो तथ्यलाई बङ्ग्याई विपक्षीले लेनदेन व्यवहारको १० नं. बमोजिम नालेस गर्नुपर्ने भनी लिइएको पुनरावेदन जिकिर एवं प्रतिउत्तर जिकिरलाई ग्रहण नगरी जग्गा पजनीको १७ नं. बमोजिम हदम्याद युक्त फिराद दाबी ठहऱ्याएको सुरू फैसला न्यायसङ्गत रहेकोले पुनरावेदन अदालत राजविराजले केही हदसम्म उल्टी गर्ने गरी गरेको फैसला गम्भीर कानूनी त्रुटि भई बदर उल्टी गरी सुरूको फैसलालाई सदर कायम गरिपाऊँ । प्रस्तुत मुद्दामा मुलुकी ऐन अंशबन्डा महलको १ र २ नं. को कानूनी व्यवस्थाबमोजिम जियजियै अंशीको अंशहक लाग्ने हुन्छ । सो सगोलमा बसेको अंशियारले जग्गा बिक्री व्यवहार गरेमा मात्र लेनदेन व्यवहारको १० नं. आकर्षित हुन्छ । तर प्रस्तुत विषयमा कुनै अंशियारलाई दरकिनारा गरी मिलापत्रबाट आफ्नो हक सृजना गराई मात्र बेचबिखन व्यवहार गरेमा यस्तो अवस्थामा लेनदेन व्यवहारको १० नं. आकर्षित हुने नभई मुलुकी ऐन, जग्गा पजनीको १७ नं. र जग्गा मिच्नेको १८ नं. आकर्षित हुने हुँदा प्रस्तुत मुद्दामा पुनरावेदन अदालत राजविराजको मिति २०६६।३।३ गते सुरू फैसलालाई केही हदसम्म उल्टी गरी चार खण्डको एक खण्ड जग्गाको लिखत बदर दर्ता बदर हुने गरी भएको फैसला पूर्ण त्रुटि रहेकोले बदर उल्टी गरी सप्तरी जिल्ला अदालतको फैसला सदर कायम गरिपाउँ बेहोराको वादीको मिति २०७२।१२।२२ गतेको लिखित प्रतिवाद ।

नियमानुसार दैनिक मुद्दा पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा मिसिल संलग्न कागजातहरू अध्ययन गरी पुनरावेदक प्रतिवादीको तर्फबाट रहनुभएका विद्वान् अधिवक्ता श्री रामचन्द्र सुवेदीले वादीको अंशहक लाग्ने जग्गा होइन । मुलुकी ऐन, लेनदेन व्यवहारको १० नं. को म्यादभित्र फिराद नपरेको हुँदा सुरू अदालत र पुनरावेदन अदालत राजविराजले गरेको फैसला हदम्याद र ने.का.प. २०४१ नि.नं. २०३२ पृष्ठ ५१६ को नजिरसमेतको आधारमा फिराद खारेज गरी मेरो पक्षलाई न्याय दिलाई पाउँ भनी गर्नुभएको बहससमेत सुनियो ।

प्रस्तुत मुद्दामा विद्वान् कानून व्यवसायीको बहस सुनी मिसिल अध्ययन गरी हेर्दा पुनरावेदन अदालतको जनकपुरको फैसला मिलेको छ वा छैन ? र पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्ने हो वा होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो ।

यसमा प्रतिवादी लक्ष्मी चौधरीले मिलापत्रबाट प्राप्त सप्तरी जिल्ला, कल्याणपुर गा.वि.स. वडा नं.७ को कि.नं. ६५१ को ०-१०-० मिति २०४९।११।१० गते बकसपत्र लिखत पारित गरी आफ्नो श्रीमती राधादेवी चौधरीलाई दिएको सोही जग्गालाई निजबाट राजीनामा पारित हुँदै क्रमश: प्रतिवादी नन्दीलाल मण्डल खत्वे, प्रतिवादी रोजिया कुजर्नी, प्रतिवादी गुलाब मियाँलाई दिएको र नन्दीलालले प्रतिवादी असिया देवीलाई हालैको बकसपत्र पारित गरिदिएको र सो लिखतहरूलाई लगाउको जालसाज मुद्दा समेतबाट जालसाज ठहर गरी लिखत दर्तासमेत बदर गरी मेरो नाउँमा दर्तासमेत गरिपाउँ भन्ने वादीको फिराद दाबी रहेको पाइयो । वादीको फिराद पर्नुभन्दा अगाडि प्रतिवादीहरूले राधादेवीबाट राजीनामा पारित गरी दिएको जग्गामा वादीको अंशहक लाग्ने होइन । हदम्यादभित्र नपरी दिएको फिराद खारेज गरिपाउँ भन्ने

प्रतिवादीको प्रतिउत्तर जिकिर रहेको पाइयो । प्रस्तुत मुद्दामा सुरू जिल्ला अदालतबाट वादी दाबीबमोजिम उक्त लिखतहरूको जग्गाबाट २ भागको १ भाग लिखत दर्तासमेत बदर भई वादीको नाममा दर्तासमेत हुने ठहऱ्याई भएको फैसलाउपर चित्त नबुझाई पुनरावेदन अदालत राजविराजमा प्रतिवादीहरूले पुनरावेदन गरेकोमा सुरू जिल्ला अदालतको फैसलामा केही उल्टी हुने ठहरी चार खण्डको एक खण्डको मात्र लिखत दर्ता बदर दर्ता कायम हुने ठहऱ्याई भएको पुनरावेदन अदालतको फैसलाउपर प्रतिवादीहरूको पुनरावेदन परेको पाइयो । प्रस्तुत विषयमा कुनै अंशियारलाई दर किनारा गरी मिलापत्रबाट आफ्नो हक सृजना गराई मात्र बेचबिखन व्यवहार गरेमा यस्तो अवस्थामा लेनदेन व्यवहारको १० नं. आकर्षित हुने नभई मुलुकी ऐन, जग्गा पजनीको १७ नं. र जग्गा मिच्नेको १८ नं. आकर्षित हुने हुँदा प्रस्तुत मुद्दामा पुनरावेदन अदालत राजविराजको मिति २०६६।३।३ गते सुरू फैसलालाई केही हदसम्म उल्टी गरी चार खण्डको एक खण्ड जग्गाको लिखत बदर दर्ता बदर हुने गरी भएको फैसला पूर्ण त्रुटि रहेकोले बदर उल्टी गरी सप्तरी जिल्ला अदालतको फैसला सदर कायम गरिपाउँ बेहोराको वादीको लिखित जिकिर रहेको पाइयो ।

२. निर्णयतर्फ विचार गर्दा, प्रस्तुत मुद्दामा यी वादी र प्रतिवादीहरू बीच नाता सम्बन्ध रहेको कुरामा विवाद देखिँदैन । वादी दाबीको उल्लिखित कित्ताका जग्गाहरू प्रतिवादी लक्ष्मी चौधरीले सप्तरी जिल्ला, कल्याणपुर गा.वि.स. वडा नं.७ कि.नं. ६५१ को ०-१०-० जग्गा मिति २०४९।११।१० गते हालैको बकसपत्र लिखत पारित गरी आफ्नो श्रीमती राधादेवी चौधरीलाई दिएको मिसिल सामेल रहेको राजीनामा बकसपत्र लिखतबाट देखिन्छ भने निज राधदेवी चौधरीले सोही कित्ता नं. को जग्गाबाट दक्षिणपट्टिबाट कि.नं. ६५४ को ०-४-० जग्गा नन्दीलाल मण्डललाई मिति २०५०।१।२० मा र कि.नं. ६५५ को ०-६-० मध्येबाट कि.नं. ७५५ को ०-४-० जग्गा उत्तरबाट विवि रोजिया कुजर्नीलाई मिति २०५५।३।९ मा र कि.नं. ६५५ को ०-६-० मध्येबाट दक्षिणतिरबाट कि.नं. ७५४ को ०-२-० जग्गा गुलाब मियालाई मिति २०५५।३।८ मा रजिस्ट्रेसन पास गरी दिएको कुरा मिसिल सामेल रहेको मालपोत कार्यालय सप्तरीबाट प्राप्त रजिस्ट्रेसन लिखतबाट देखिन्छ । प्रतिवादी नन्दीलालले हालैको बकसपत्र र.नं. ७५९० को आसिया देवी खत्वेनी कि.नं. ६५४ को ०-४-० जग्गा मिति २०५१।२।३१ मा लिखत पारित गरी दिएको मिसिल सामेल रहेको मालपोत कार्यालय सप्तरीबाट पारित रजिस्ट्रेसन लिखतबाट देखिन आयो ।

३. यसरी वादी दाबी उक्त कित्ताहरू मिति २०४९।११।१०, मिति २०५०।१।२०, मिति २०५५।३।८, मिति २०५५।३।९ र मिति २०५१।२।३१ मा प्रतिवादीहरूले लिखित राजीनामा पारित गरी लिएको मिसिल सामेल रहेको मालपोत कार्यालय सप्तरीबाट प्राप्त र.नं. ५९५०, ३८९५, ७५९०, ८४९७ र ८४९८ का लिखतहरू मिसिल सामेल रहेको देखिन्छ ।

४. उक्त उल्लिखित कित्ता जग्गाहरू प्रतिवादीहरूले जालसाजपूर्ण काम कारबाहीबाट लिखित राजीनामा पारित गरेको भनी वादीले मिति २०६१।५।४ लिखत दर्ता बदर गरी मेरो नाउँमा दर्ता गराई पाउँ भनी फिराद गरेको देखिन्छ ।

५. प्रस्तुत मुद्दामा उक्त कित्ता नं. का जग्गाहरू मिति २०४९।११।१०, मिति २०५०।१।२०, मिति २०५५।३।८, मिति २०५५।३।९ र मिति २०५१।२।३१ मा प्रतिवादीहरूले लिखित राजीनामा पारित गरी लिनु दिनु गरेको कुरा मिसिलबाट प्रस्ट देखिएको छ । उक्त जग्गा लिखत राजीनामा पारित गरी लिएको कुरा वादीले मिति २०६१।५।३ मा नक्कल सारी थाहा पाएकोले मिति २०६१।५।४ मा फिराद गरेको भन्ने देखिन्छ ।

६. अब हदम्यादसम्बन्धी कानूनी व्यवस्था हेर्दा मुलुकी ऐन, लेनदेन व्यवहारको १० नं. मा "अंश नभएको अंशियारले सगोलको अचल सम्पत्ति बेचबिखन गर्दा वा कुनै किसिमले हकछाडी दिँदा ऐनले आफूखुसी गर्न पाउने अरूको मन्जुरी लिन नपर्ने बाहेक अरूमा एकासगोलको अंशियार साक्षी बसेको वा निजहरूको मन्जुरीको लिखत भएमा मात्र पक्का ठहर्छ। साक्षी पनि नबसेको र मन्जुरीको लिखत पनि नभए मन्जुर नहुनेले एकवर्ष सम्ममा थाहा पाएको मितिले पैंतीस दिनभित्र उजुर गर्‍यो र निजको मन्जुरी ठहरिएन भने निजको हक जति फिर्ता गराइ दिनुपर्छ" भन्ने व्यवस्था रहेको छ।

७. उक्त लेनदेन व्यवहारको १० नं. को हदम्यादको व्यवस्थाबमोजिम उक्त विवादित जग्गाहरूको राजीनामा लिखतमा मन्जुरी नभए वादीले १ वर्षसम्ममा थाहा पाएको ३५ दिनभित्रमा फिराद लिई अदालत प्रवेश गरेको देखिँदैन।

८. वादीले मुलुकी ऐन, जग्गा पजनीको १७ नं. र जग्गा मिच्नेको १८ नं. समेतको आधारमा फिराद दिएको भन्ने देखिन्छ । मुलुकी ऐन, जग्गा पजनीको १७ नं. मा "तालुकदारले खापी खाएकाबाहेक एकको हकको जग्गा अर्कोले दर्ता गराएकोमा थाहा पाएको मितिले छ महिनाभित्र र अरू कुरामा भए गरेको मितिले दुई वर्षभित्र नालेस नदिए लाग्न सक्दैन" भन्ने व्यवस्था छ भने जग्गा मिच्नेको १८ नं. मा "रोक्का भएको जग्गा लिए दिएको र जग्गा दपोट वा तिरो दपोट गरेको कुरामा बाहेक अरू जग्गाको कुरामा थाहा पाएको मितिले छ महिनाभित्र कूत बालीको कुरामा तीन वर्षभित्र र जग्गाको झगडा परेको बालीको हकमा जग्गाको हक छुट्टिई अन्तिम किनारा भएको मितिले एक वर्षभित्र नालेस नदिए लाग्न सक्दैन" भन्ने व्यवस्था रहेको छ।

९. वादीको एकसगोलको सम्पत्ति आफ्नै नाताका व्यक्तिले तह-तह बिक्री गरेको कुरामा मेरोसमेत अंशहक लाग्ने जग्गा बेचबिखन गरेको भन्ने विषयको प्रस्तुत विवादमा जग्गा पजनीको १७ नं. जग्गा मिच्नेको १८ नं. आकर्षित हुने नभै मुलुकी ऐन, लेनदेन व्यवहारको १० नं. को व्यवस्था आकर्षित हुन्छ।

१०. उक्त विवादित जग्गा पहिला नै प्रतिवादी लक्ष्मी चौधरी र डोमी चौधरीबीच जिल्ला अदालत सप्तरीमा चलेको २०४९ सालको दे.नं. ३१०२ को अंश मुद्दामा मिति २०४९।१।१७ मा अंश मुद्दा मिलापत्र गरेको कुरा यिनै वादीले मिति २०५९।१०।६ मा नै गाउँ घरमा सुनी थाहा पाई विपक्षी लक्ष्मी चौधरीउपर सप्तरी जिल्ला अदालतमा मिति २०५९ सालको दे.नं. २४९२ को मिलापत्र बदर अंश मुद्दामा वादी दाबी पुग्ने गरी मिति २०६१।४।१८ मा फैसलासमेत भएको अवस्था देखिँदा विवादित जग्गाहरू मिति २०४९।११।१० देखि २०५५।३।९ सम्म तह-तह बिक्री गरी राजीनामा लिखत भएको कुरा मिति २०६१।५।३ मा मात्र नक्कल सारी थाहा पाई सोउपर मिति २०६१।५।४ मा फिराद गरेको भन्ने कुरा मिलेको देखिएन।

११. मुलुकी ऐन, लेनदेन व्यवहारको १० नं. ले एकासगोलको अंशियारको मन्जुरी नलिई लिखत राजिनामा गरिदिएको रहेछ भने मन्जुरी नहुनेले एक वर्षसम्ममा थाहा पाएको मितिले ३५ दिनभित्र उजुरी गर्नुपर्ने व्यवस्थाबमोजिम उल्लिखित कित्ताका जग्गाहरू मिति २०४९।११।१० देखि २०५५।३।९ गतेसम्म तह-तह बिक्री गरेउपर वादीको मिति २०६१।५।४ मा ऐनले तोकेको हदम्याद नघाई फिराद पर्न आएको देखियो। कानूनले जसको हक हनन् भएको हो निज आफ्नो हकप्रति सचेत रही कानूनले निर्धारण गरेको हदम्यादमा उपचार खोज्नु पर्दछ। माथि उल्लिखित मुलुकी ऐन लेनदेन व्यवहारको १० नं. ले निर्धारण गरेको हदम्यादभित्र फिराद पर्न आएको देखिएन। (ने.का.प.२०७३, अंक१, नि.नं.९५३३, पृष्ठ ८५२) को दशनलाल चौधरी विरूद्ध राधादेवी चौधरीसमेत भएको लिखत बदर मुद्दामा "लेनदेन व्यवहारको १० नं. को उक्त कानूनी व्यवस्थाअनुसार त्यस्तो लिखत बदर गराई

पाउन १ वर्षसम्ममा ३५ दिनभित्र मुद्दा दायर गरी सक्नु पर्ने देखिन्छ भने १ वर्षको अवधि नघाई जहिले सुकै मुद्दा दायर गर्न सक्ने देखिँदैन। आफ्नोसमेत हकलाग्ने जग्गा सगोलका हकवालाले बिक्री गरेकोमा तहतह बिक्री भइसकेपछि नालेस गर्ने उल्लिखित हदम्याद नाघेपछि मात्र नक्कल सारी थाहा पाएको भन्ने आधारमा जहिले सुकै उल्लिखित जग्गाहरूको लिखत बदर गराई माग्न पाउने हक यी वादीलाई कानूनले सुरक्षित गरेको देखिन आउँदैन" भन्ने सिद्धान्त प्रतिपादन भई व्याख्यासमेत भएको देखिन्छ।

१२. यी वादीले एकासगोल जग्गा तह तह बिक्री हुँदै लिखत भएको लामो समयपछि मात्र नक्कल सारी थाहा पाएको भनी फिराद गरेको देखिँदा उक्त लेनदेन व्यवहारको १० नं. को कानूनी व्यवस्थाले यी वादीको हकलाई सुरक्षित गरेको देखिएन।

१३. तसर्थ सुरू सप्तरी जिल्ला अदालतले विपक्षी लक्ष्मी चौधरीउपर मिति २०५९ सालको दे.नं. २४९२ को मिलापत्र बदर अंश मुद्दमा मिति २०६१।४।१८ भएको फैसलाको नक्कल सारी थाहा पाएको मितिलाई र प्रस्तुत मुद्दामा आकर्षित नै नहुने मुलुकी ऐन, जग्गा पजनीको १७ नं. जग्गा मिच्नेको १८ नं. लाई आधार मानी गरेको फिराद लिई सुरू सप्तरी जिल्ला अदालत र पुनरावेदन अदालत राजविराजले गरेको फैसला मिलेको देखिन आएन।

१४. तसर्थः माथि उल्लिखित आधार र प्रमाणबाट लेनदेन व्यवहारको १० नं. बमोजिम रजिस्ट्रेसन भएको १ वर्षभित्र थाहा पाएको मितिले ३५ दिनभित्र फिराद दायर गर्नुपर्नेमा सो हदम्याद नघाई पर्न आएको फिराद लिई सुरू सप्तरी जिल्ला अदालतले २ भागको १ भाग लिखत बदर गरेको फैसला र सो फैसलामा ४ खण्डको १ खण्डमात्र लिखत बदर गर्नुपर्नेमा २ खण्डको १ खण्ड लिखत बदर गरेको फैसला केही उल्टी गरेको पुनरावेदन अदालत राजविराजको मिति २०६६।३।३ को फैसलासमेत मिलेको नदेखिँदा उल्टी भई हदम्यादको आधारमा प्रस्तुत फिराद खारेज हुने ठहर्छ। प्रस्तुत मुद्दाको दायरीका लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

उक्त रायमा सहमत छु।
न्या. चोलेन्द्र शमशेर ज.ब.रा.

इजलास अधिकृत : मनकुमारी जि.एम. विक.
इति संवत् २०७३ साल मंसिर ५ गते रोज १ शुभम्।

## निर्णय नं. ९९९५

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री दीपककुमार कार्की
माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल
आदेश मिति : २०७४।५।१२
०६८-wo-०६३३

मुद्दाः उत्प्रेषण / परमादेश

निवेदक : काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ३४ बानेश्वर संगम चोक मार्ग बस्ने प्रचेष्टा राणा

विरूद्ध

विपक्षी : काठमाडौं जिल्ला अदालत, बबरमहल, काठमाडौंसमेत

- **निवेदकको हकमा जालसाजी मुद्दाको रोहमा संरक्षकको भूमिकामा अन्य कुनै उनाउ व्यक्ति रहेको नभई निजको**

**एकाघरमा रहिरहेकी आफ्नै आमाले निवेदकको हकमा संरक्षक भई एवं आफ्नो हकमा समेत दायर गरेको उक्त मुद्दा फिर्ता लिँदाको प्रक्रियामा तत्कालीन अवस्थामा संरक्षित रहेकी यी रिट निवेदक नाबालकको हकमा समेत स्वतः मुद्दा फिर्ता हुन जाने नै हुन्छ । त्यसरी दायर भएका मुद्दामा वादी दाबी फिर्ता वा खारेज गरिदिँदा संरक्षित नाबालकको हकको फिराद दाबीलाई मात्र बाँकी राखिराख्न पर्ने बाध्यात्मक कानूनी व्यवस्थासमेत रहेको देखिएको छैन । यस्तो अवस्थामा नाबालकको हकमा दायर रहेको मुद्दामा सोही संरक्षकले मुलुकी ऐन, अदालती बन्दोबस्तको ९२ नं.बमोजिम फिर्ता लिन नसक्ने भन्ने अर्थ गर्न मिल्ने नदेखिने ।**

(प्रकरण नं.६)

- **आफ्नै आमा जस्ले आफ्नी छोरीको संरक्षण गरिरहेकी छन् उसैले छोरीको हित प्रतिकूल कार्य गर्छ भन्ने सोच्न सकिने विषय होइन । स्पष्ट कारणको अभावमा आमाले छोरीको हित प्रतिकूल कार्य गरेको भनी निष्कर्ष निकाल्न नमिल्ने ।**

(प्रकरण नं.८)

निवेदकका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता श्री लोकभक्त राणा र विद्वान् अधिवक्ता श्री हरिश्चन्द्र सुवेदी
विपक्षीका तर्फबाट :
अवलम्बित नजिर :
सम्बद्ध कानून :

आदेश

**न्या.दीपककुमार कार्की** : तत्कालीन नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२)बमोजिम यस अदालतको क्षेत्राधिकारअन्तर्गत दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार रहेको छ:-

विपक्षीमध्ये पिता मदनजंग राणा, आमा काहानी राणा र उहाँको कोखबाट विपक्षी दाजु प्रयासजंग राणा, प्रसन्नजंग राणा र म निवेदिकाको जायजन्म भएको हो । म निवेदिका यही २०६८ साल असोज २२ गते १६ वर्ष उमेर पूरा गरी नेपाल कानूनअनुसार साबालिक भएको छु । म निवेदिकालगायत अन्य छोराछोरीलाई विपक्षी पिताले २०६४ सालदेखि नै खाने लाउने उचित शिक्षामा ध्यान नदिएकोले हाम्रो भविष्यसमेत अन्धकार हुने भएको र म निवेदिका नाबालिका भएकोले विपक्षी आमाले नै मलाई पालनपोषण तथा शिक्षादीक्षा गराई हाल भाडाको घरमा जीविकोपार्जन गरिरहेका छौं । विपक्षी आमालाई हाम्रो पैतृक सम्पत्ति खोई, हामी काठमाडौंमा धनी परिवार राणाका छोराछोरी किन भाडाको घरमा बसेको भन्दा हाम्रो सम्पूर्ण सम्पत्ति पिता मदनजंग राणाले बिक्री गरी हामीलाई पाटीको बास बनाउनु भयो । विपक्षी पिताले हाम्रो पैतृक सम्पत्ति काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.१० को कि.नं. ४०० को क्षेत्रफल ०-१५-३-२ जग्गा र सो जग्गामा बनेको घरसमेत भएकोमा सो सम्पूर्ण बिक्री गरेकोले सोउपर काठमाडौं जिल्ला अदालतमा जालसाजी मुद्दा दर्ता गरेकोमा विपक्षी पितालगायत घर जग्गा खरिद गर्ने विपक्षीहरूले सो मुद्दा गरिरहेकोमा मुद्दा फिर्ता नलिएमा विपक्षी आमालाई समेत मार्ने धम्की दिएकोले म अवला नारीले बाध्य भई मुद्दा छाडी दिएँ भनी विपक्षी आमा काहानी राणाले भनेकोले वास्तविक कुरा के रहेछ भनी विपक्षी काठमाडौं जिल्ला अदालतमा गई कागजातको नक्कल मिति २०६८।९।१३ मा सारी हेर्दा, विपक्षीमध्ये काहानी राणाले म निवेदिकाको संरक्षक बनी अंश चलन १ तथा जालसाजी २ थान मुद्दा दर्ता गरी अंश चलन मुद्दामा तारेख छाडी दिई

तामेलीमा गएकोले मुलुकी ऐन, अंशबन्डाको महलको ३२ नं. बमोजिम मुद्दा डिसमिस नहुने भएकोले तामेली जगाई मेरो अंश पाउने हक सुरक्षित छ।

म निवेदिकाको संरक्षक बनी विपक्षी काहानी राणाले दायर गरेको थान २ जालसाजी मुद्दामध्ये मिति २०६१।१०।२८ को र.नं. १०९६० को राजीनामाको लिखत जालसाजी ठहराई पाउन दायर गरेको फिराद मुलुकी ऐन, अ.बं. ९२ नं. बमोजिम मुद्दा फिर्ता लिई मुद्दालाई फैसला गर्न नदिई मिति २०६५।१२।३० मा मुद्दाको अन्त्य गरिएको रहेछ । म निवेदिका तत्काल नाबालिका रहेको, मेरो संरक्षक हितको लागि अर्थात् मेरो अंशहक बचाउनको लागि मुद्दा गर्नसम्म अ.बं. ८३(१) नं.बमोजिम विपक्षीलाई विपक्षी काठमाडौं जिल्ला अदालतले अनुमति दिएकोमा मेरो हकमा प्रतिकूल असर पर्ने गरी मिति २०६५।१२।३ मा मुद्दा फिर्ता लिन अनुमति दिई मेरो अंशहक मार्ने काम गरी मुद्दा अन्त्य गरिएको रहेछ। विपक्षीहरूको मिलेमतोमा मेरो अंशहक मार्ने अर्थात् संविधानको धारा १२(३) बमोजिम मेरो सम्पत्तिमाथिको शोषणसमेत भएको र म निवेदिका मिति २०६८।६।२२ मा साबालिक भएकोले आफ्नो हक सुरक्षाको लागि सम्मानित अदालतमा न्यायको लागि उपस्थित भएको छु। मेरो पैतृक सम्पत्तिमा कि.नं. ४०० को घर जग्गा रहेको सो सम्पत्तिसमेत बिक्री गरेको लिखतउपर दायर भएको मुद्दा म नाबालिक हुँदै अड्डाको अनुमति लिई मुद्दा दर्ता गर्न दिएको अनुमतिलाई विपक्षीहरूले दुरूपयोग गरी मुद्दा फिर्ता लिने गरेको कार्य तथा विपक्षी काठमाडौं जिल्ला अदालतको मिति २०६५।१२।३० को आदेशले म निवेदिकाको संविधानको धारा १२(३)(ङ)(च), १३, १९, २२ मुलुकी ऐन, अ.बं. ८३(१) नं. समेतद्वारा प्रदत्त संवैधानिक तथा कानूनी हक हनन् भएकोले सो आदेश बदर गराउने अन्य प्रभावकारी उपचारको बाटो नभएकोले संविधानको धारा ३२ तथा १०७(२) ले यस सम्मानित अदालतलाई प्रदान गरेको असाधारण अधिकारक्षेत्र गुहार्न आएको छु । म निवेदिकाको संवैधानिक तथा कानूनी हक जाने गरी मिति २०६५।१२।३० मा मुद्दा फिर्ता लिने आदेश उत्प्रेषणको आदेशले बदर गरी सो जालसाजी मुद्दा दर्ता गरी कानूनबमोजिम न्याय निरूपण गर्नु भन्ने परमादेशको आदेश विपक्षी निकायका नाममा जारी हुनुपर्ने अवस्था विद्यमान छ भनी निम्नलिखित निवेदन गर्दछु।

मुलुकी ऐन, अ.बं. ८३(१) नं. भनेको उमेर नपुगेको नाबालकको हक अड्डाको अनुमति लिई संरक्षकले संरक्षण गर्ने कानून हो। विपक्षीलाई अदालतले मेरो हक संरक्षण गर्न दिएको अख्तियारीलाई दुरूपयोग गरी मेरो हक मार्ने, मेरो हक जाने गरी मुद्दा फिर्ता लिने कार्य अ.बं. ८३(१) नं. को विपरीत छ।

संरक्षकले जहिले पनि नाबालकको हितको लागि कार्य गर्नुपर्दछ सो कुरा करार ऐन, २०५६ को दफा ३(३) ले करार सम्बन्धमा संरक्षण गरेको छ र सम्मानित अदालतले समेत धेरै मुद्दामा संरक्षकले नाबालकको हितविपरीत गरेको कार्य मान्य नहुने, दूषित हुने भनी सिद्धान्तसमेत प्रतिपादन गरेको छ । विपक्षीहरू मिली मेरो अंशहक जाने गरी मुद्दा नै फिर्ता लिने गरेको कार्य स्वतः बदरभागी छ।

विपक्षी काठमाडौं जिल्ला अदालतमा अंश चलन मुद्दासमेत विचाराधीन भएको अवस्थामा लगाउमा रहेको जालसाजी मुद्दा अ.बं. ९२ नं. बमोजिम मुद्दा फिर्ता लिनुपर्ने कुनै कारण छैन । विपक्षीहरूको मिलेमतोमा मेरो अंशहक मार्ने मात्रै उद्देश्य हो । जालसाजी मुद्दा फिर्ता लिएपछि अंशचलन मुद्दाको कुनै प्रयोजन छैन। किनकि बन्डा गर्नुपर्ने श्री सम्पत्ति भनेको नै कि.नं. ४०० को घर जग्गा हो। यसरी मेरो अंशहक नै मार्ने उद्देश्यले मुद्दा फिर्ता लिने कार्य संविधानको धारा १९ को विपरीत छ। अदालतले समेत मुद्दा फिर्ता गर्न अनुमति दिँदा नाबालकको हक संरक्षण भएको छ छैन भनी हेर्ने दायित्व हो। मुद्दा फिर्ता गर्दा म निवेदिकाको

अंशहक संरक्षण भएको छैन भन्ने कुरा देखिराखेको अवस्थामा मुद्दा फिर्ता लिन दिएको आदेश स्वतः बदरभागी छ।

म निवेदिका हाल साबालिक हुँदा हामीबीच अंशबन्डा गर्ने कुनै पनि सम्पत्ति बाँकी छैन। भएको एउटा सम्पत्ति पनि बिक्री गर्ने र सो बिक्रीउपर काठमाडौं जिल्ला अदालतमा दायर गरेको जालसाजी मुद्दासमेत विपक्षीहरू मिली म नाबालिकाको हक जाने गरी मुद्दा फिर्ता लिने कार्य दूषित कार्य हो। यस्तो दूषित कार्यले कदापि पनि कानूनी मान्यता पाउँदैन।

नाबालकलाई संरक्षकको माध्यमबाट नाबालकको हक स्थापित गराउन अर्थात् हक संरक्षण गर्न कानूनले व्यवस्था गरेको हो। किनकि नाबालकले Better Judgement गर्न सक्तैन तर संरक्षकले नाबालकको लागि Better Judgement गर्न सक्तछ भन्ने हो। विपक्षी काहानी राणाले म निवेदिकाको अंशहक सुरक्षित गर्न किर्ते कागजको ३ नं. बमोजिम दायर गरेको मुद्दामा मेरो अंशहक संरक्षण नगरी मेरो अहित हुने गरी फिराद दाबी प्रमाणित गर्न नसक्ने भनी मुद्दा फिर्ता लिने कार्य पूर्णतः तत्काल म नाबालकको अहितमा छ र मुद्दा फिर्ता लिने कार्य म फिरादीको लागि मैले कुनै किसिमको हक प्राप्त नगरी मुद्दा फिर्ता लिने कार्य कदापि पनि Better Judgement होइन। यस्तो कार्य स्वतः शून्य छ।

अतः माथि उल्लिखित तथ्य तथा कानूनका आधारमा विपक्षीहरूको काम कारबाहीले म निवेदिकाको संविधानको धारा १२(३) (ङ) (च), १३, १९, २२ र मुलुकी ऐन, अ.बं. ८३(१) नं. समेतद्वारा प्रदत्त संवैधानिक तथा कानूनी हक हनन् भएकोले विपक्षी काठमाडौं जिल्ला अदालतमा विपक्षीहरूले अ.बं. ९२ नं. बमोजिम मुद्दा फिर्ता लिन दिएको निवेदन तथा काठमाडौं जिल्ला अदालतले मिति २०६५।१२।३० मा मुद्दा फिर्ता लिने दिने गरेको आदेश तथा सो आदेशका आधारमा भएका सम्पूर्ण काम कारबाही संविधानको धारा १०७(२) बमोजिम उत्प्रेषणको आदेशले बदर गरी सो जालसाजी मुद्दा दर्ता गरी म निवेदिकालाई मुद्दामा तारेखमा राखी कानूनबमोजिम न्याय निरूपण गर्नु भनी विपक्षी काठमाडौं जिल्ला अदालतका नाममा परमादेशसमेत जारी गरिपाउँ भन्ने निवेदक प्रचेष्ठा राणाको तर्फबाट मिति २०६८।१०।०६ मा यस अदालतमा दायर भएको रिट निवेदन।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पठाउनु भनी रिट निवेदनको एकप्रति नक्कल साथै राखी विपक्षी नं.१ लाई सूचना पठाई त्यसको बोधार्थ महान्यायाधिवक्ताको कार्यालयमा दिनू। निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र लिखित जवाफ लिई आफैँ वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित हुनु भनी रिट निवेदनको एकप्रति नक्कल साथै राखी अन्य विपक्षीहरूलाई सम्बन्धित जिल्ला अदालतमार्फत सूचना पठाई लिखित जवाफ आएपछि वा अवधि नाघेपछि नियमबमोजिम पेस गर्नु भन्नेसमेत बेहोराको यस अदालतबाट मिति २०६८।१०।८ मा भएको आदेश।

विवादित काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १० को कि.नं. ४०० को क्षेत्रफल ०-१५-३-२ जग्गा र सोमा बनेको तीनतले घरसमेत हामी फिरादी अंशियारको हक मार्ने नियतले मिति २०६१।१०।२८ गते र.नं.१०९६० बाट राजीनामाको रजिस्ट्रेसन लिखत जालसाजी तरिकाबाट विपक्षी प्रतिवादीहरूले एक आपसमा राजीनामा पास गरी लिन दिन गरेको राजीनामाको रजिस्ट्रेसन लिखत कानूनविपरीत भएको हुँदा हामी

फिरादीको हकमा पर्ने ५ भागको ४ भाग हुने भएकोले उक्त रजिस्ट्रेसन राजीनामा लिखतलाई ५ भाग लगाई ४ भाग जालसाजी घोषित गरी हाम्रो नाउँमा गरिपाउँ भन्नेसमेत बेहोराको मिति २०६५।७।११ को फिराद पत्र।

जालसाजी मुद्दाबाट जालसाजी गरेको ठहरेको अवस्थामा जालसाजी गर्नेलाई सजायसम्म हुने हो। ऐनका म्यादभित्र लिखत बदर दर्ता बदरको मुद्दा नदिएपछि जालसाजी मुद्दाबाट कानूनबमोजिम पारित भएको लिखत र सोको आधारमा भएको दर्ता कदापि बदर हुन सक्दैन। यद्यपि मेरा दाताले पारित गराई लिएको लिखत र दाता शंकरबहादुरबाट मैले पारित गराई लिएको लिखत जालसाजी होइन भन्नेसमेत बेहोराको मिति २०६५।१०।१७ को प्रतिउत्तर जिकिर। हामीले लिएको दाबी हामीहरूले प्रमाणित गर्न नसक्ने भएकोले हामी वादी भई चलिरहेको जालसाजी मुद्दामा लिएको सम्पूर्ण दाबी खारेज गरी विपक्षीको नाउँमा भएको लिखत सदर होस् भनी अ.बं.९२ नं.बमोजिम सम्पूर्ण वादी दाबी फिर्तापाउँ भनी वादीले मिति २०६५।१२।३० मा दिएको निवेदन पत्र। वादीको निवेदनअनुसार अ.बं.९२ नं.बमोजिम मुद्दा फिर्ता गरी दिएको छ भन्नेसमेत बेहोराको यस अदालतबाट मिति २०६५।१२।३० मा भएको आदेश।

अतः यसरी यस अदालतबाट भएका उल्लिखित कारबाहीहरू कानूनसम्मतरूपमा भए गरेको हुँदा निवेदकको मागबमोजिम उत्प्रेषण परमादेश जारी हुनुपर्ने होइन। यस अदालतको हकमा रिट निवेदन खारेजभागी छ खारेज गरिपाउँ भन्नेसमेत बेहोराको विपक्षीमध्येको काठमाडौं जिल्ला अदालतले मिति २०६८।०२।२२ मा यस अदालतमा दिएको लिखित जवाफ।

मदनजंग राणा र म काहानी राणाबाट विपक्षी निवेदिकाको जायजन्म भएको हो। विपक्षी नाबालक भएकोले मैले नै आमाको हैसियतले पालनपोषण गरी आएको थिएँ। हाम्रो पैतृक सम्पत्तिको नाउँमा काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १० को कि.नं. ४०० को क्षेत्रफल ०-१५-३-२ जग्गा र सो जग्गामा बनेको घर पति मदनजंग राणाको नाउँमा दर्ता कायम भई भोगचलन गरी आई सोही घरजग्गाको भाडा आयस्ताले हाम्रो घर व्यवहार चली आएको थियो। यसै मुद्दाका विपक्षी मदनजंग राणा लोग्नेले मलाई र अन्य अंशियारको समेत मन्जुरी नै नलिई मिति २०५९।१०।२ को र.नं. ८२१०क राजीनामाको लिखतबाट शंकरबहादुर के.सी.लाई रू.१,५०,००,०००।- (एक करोड पचास लाख) मा सम्पूर्ण बिक्री गरेको रहेछ। त्यसपश्चात् पुनः शंकरबहादुर के.सी.ले मिति २०६१।१०।२८मा र.नं. १०९६० को राजीनामाको लिखत गरी सुजिता शाही (खड्गी) लाई बिक्री गरेको कुरा थाहा पाई म काहानी राणाले नाबालकको हकमा संरक्षक भई लोग्नेलाई र अन्य खरिदकर्तालाई समेत विपक्षी बनाई काठमाडौं जिल्ला अदालतमा २ थान जालसाजी र अंश चलन मुद्दा दायर गरी कारबाही चलिरहेकोमा विपक्षीहरूउपर दाबी जिकिर गरी दर्ता भएको मुद्दाको प्रमाण पुऱ्याउन नसक्ने भएकोले मैले मुद्दा अ.बं. ९२ बमोजिम फिर्ता लिन नै ठिक ठानी मिति २०६१।१०।२८ को र.नं. १०९६० को राजीनामाको लिखत जालसाजी ठहराई पाउन दायर गरेको फिराद मुलुकी ऐन अ.बं. ९२ नं. बमोजिम नाबालकको संरक्षक र साबालकको हकमा मिलापत्र गर्ने मन्जुरी लिई मुद्दा फिर्ता लिन निवेदन दर्ता गरी मिति २०६५।१२।३० मा मुद्दा फिर्ता लिएको हो। त्यस अवस्थामा मलाई मुद्दा फिर्ता लिन नै उचित ठानी फिर्ता लिएको हो। साथै म प्रयासजंग राणाको हकमा आमाले नै वारिस लिई मुद्दा गरेको र हामीलाई आमा काहानी राणाले नै पालनपोषण गरेकोले निज आमाले जे गर्नुभयो त्यसमा सहमति जनाएको हो।

अतः माथि उल्लिखित तथ्य तथा कानूनका आधारमा संविधानको धारा १२(३) (ङ) (च), १३,

१९, २२ र मुलुकी ऐन, अ.बं. ८३(१) नं. समेतद्वारा प्रदत्त संवैधानिक तथा कानूनी हक हनन नभएकोले काठमाडौं जिल्ला अदालतमा विपक्षीहरूले अ.बं. ९२ नं. बमोजिम मुद्दा फिर्ता लिन दिएको निवेदन तथा काठमाडौं जिल्ला अदालतले मिति २०६५।१२।३० मा मुद्दा फिर्ता लिने दिने गरेको आदेश तथा सो आदेशका आधारमा भएका सम्पूर्ण काम कारबाही संविधानबमोजिम भएकोले विपक्षीको रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको विपक्षीमध्येका प्रयासजंग राणा र काहानी राणाले दिएको लिखित जवाफ।

म मदनजंग राणा र काहानी राणाबाट विपक्षी निवेदिकाको जायजन्म भएको हो। काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.१० को कि.नं.४०० को क्षेत्रफल ०-१५-३-२ जग्गा र सो जग्गामा बनेको घरसमेत म प्रत्यर्थी मदनजंग राणाको नाउँमा दर्ता कायम भई भोगचलन गरी आई सोही घरजग्गाको भाडा आयस्ताले हाम्रो घर व्यवहार चलिआएको थियो। यस्तो अवस्थामा मलाई घर खर्च गर्नको लागि रकमको आवश्यकता परेकोले मिति २०५९।१०।२ को र.नं.८२१० को राजीनामाको लिखतबाट शंकरबहादुर के.सी.लाई रू.१,५०,००,०००।- (एक करोड पचास लाख) मा सम्पूर्ण बिक्री गरी घर खर्च गरेको हो। म घरको मूली भएकोले उक्त घर जग्गा बिक्री गर्दा विपक्षी नाबालक र अन्य अंशियारलाई मन्जुरी लिनुपर्ने होइन यसरी मैले बिक्री गरेको जग्गामा विपक्षीको कुनै हक लाग्ने अवस्था नै छैन। उक्त घरजग्गा मैले बिक्री गरी सकेपछि पुनः शंकरबहादुर के.सी.ले मिति २०६१।१०।२८ को र.नं. १०९६० को राजीनामाको लिखत गरी सुजिता शाही (खड्गी) लाई बिक्री गरेको उपरमा विपक्षीको संरक्षक बनी विपक्षी काहानी राणाले मलाई समेत विपक्षी बनाई मुद्दा काठमाडौं जिल्ला अदालतमा थान २ जालसाजी मुद्दा दायर गरेका छन्। यस विषयमा वास्तविक कुरा विपक्षी शंकरबहादुर के.सी.लाई र पवन कार्कीको मार्फतबाट चिनजान भई कुरा गर्दा निजले मेरो घर व्यवहार सञ्चालन गर्नको लागि रू.१,५०,००,०००।- (एक करोड पचास लाख) दिने सहमति भएकोले तत्कालको समयमा मोल रू.७,००,००,०००।- (सात करोड) पर्ने घर जग्गा भए तापनि निजलाई घर व्यवहार चलाउन र मेरो उक्त घर मर्मतसमेत गर्नको लागि दृष्टिबन्धकीको रूपमा दिने भन्ने सहमति भएकोमा शंकरबहादुर के.सी.ले पुनः मलाई भेटी राजीनामाको लिखत गरी दिने भएमा मात्र तपाईँलाई म रकम दिनसक्छु अन्यथा दिनसक्ने अवस्था छैन साथै लिखत गरिदिनुभएमा सो मितिले ३ वर्षमा उक्त रकम फिर्ता लिई तपाइँको घर जग्गा तपाइँलाई नै फिर्ता गरी दिने छु भनी भनेको कारणले मेरो घर जग्गा फिर्ता हुने विश्वासमा निजलाई व्यवहार अर्कै भए पनि राजीनामाको लिखत गरी दिई रू.१,५०,००,०००।- (एक करोड पचास लाख) लिएको हो। निजले भाखाभित्र उक्त रकम बुझाई घर जग्गा फिर्ता गर्न करार सम्झौता बनाई दिन्छु। त्यसमा चिन्ता गर्नु पर्दैन भन्दै आएको तर सो मौखिक भनाइबमोजिम करार कागज बनाएका थिएनन्। यस्तैमा निज शंकरबहादुर के.सी.ले मेरो अमेरिका जाने डि.भि. भिसा परेकोले म अमेरिका जाँदैछु त्यसैले मलाई मेरो रकम फिर्ता गर्नुपर्छ भनेकोमा मसँग तत्काल रकम नभएकोले निजलाई नै लगानी गर्ने मानिस तपाईँले खोज्नुहोस् तपाइँको नाउँबाट उसको नाउँमा सारी व्यवहार मिलाउन म सहमति छु भनेकोले रकम लगानी व्यक्तिको रूपमा सुजिता शाही भए हो भनी निजले प्रस्ताव राखेपछि निजसँग चिनजान भई कुरा गर्दा शंकरबहादुर के.सी.लाई दिन बाँकी रहेको रकम बराबरको र त्यसमा ब्याजसमेत जोडी एकमुष्ठ रूपमा लिखतमा रकम उल्लेख गरिदिने शंकरबहादुर के.सी. र लिने सुजिता शाही भई मिति २०६१।१०।२८ र.नं. १०९६० बाट राजीनामा पारित भएको हो। निज सुजिता शाहीलाई समेत मेरो घर जग्गा फिर्ता गर्ने सम्बन्धमा दोहोरी कागज बनाउनु पर्छ भन्दा मलाई

विश्वास गर्नुहोस् म तपाइँको घरजग्गा राजीनामा गरी लिएको भए पनि हाम्रो व्यवहार यो जग्गा धरौटीको रूपमा राखेको हुँदा तपाइँले ३ वर्षभित्र जहिले रकम ल्याएमा पनि फिर्ता गर्ने जिम्मा मेरो भयो भनी सुजिता शाहीले नै भनेको कारणले विश्वासमा परेको थिएँ तर निजलाई फिर्ता गर्नुपर्ने रकम तयार गरी अब घरजग्गा मलाई पास गरिदिनुहोस् भन्दा आलटाल गर्दै आएका थिए। यसरी मिति २०६१।१०।२८ को र.नं. १०९६० को राजीनामाको लिखत जालसाजी ठहराई पाउन दायर गरेको फिराद मुलुकी ऐन, अ.बं. ९२ नं. बमोजिम नाबालकको संरक्षक बनी मुद्दा फिर्ता लिई मुद्दालाई फैसला गर्न नदिई मिति २०६५।१२।३० मा मुद्दाको अन्त्य गरिएको रहेछ । कानूनतः विपक्षीको आमा नै संरक्षक कानूनबमोजिम बनी जालसाजी मुद्दामा प्रमाण पुऱ्याउन नसक्ने भनी दिएको निवेदनउपरमा नै कारबाही मुद्दा फिर्ता भई अन्तिम भएकोले सोउपर हाल आएर रिट दर्ता गर्न मिल्दैन। अतः मेरो हकमा प्रतिकूल असर पर्ने गरी मिति २०६५।१२।३ मा मुद्दा फिर्ता लिन अनुमति दिई मेरो अंशहक मार्ने काम गरी मुद्दा अन्त्य गरिएको रहेछ भन्ने दाबी गलत हो।

अतः माथि उल्लिखित तथ्य तथा कानूनका आधारमा संविधानको धारा १२(३)(ङ)(च), १३, १९, २२ र मुलुकी ऐन, अ.बं. ८३(१) नं. समेतद्वारा प्रदत्त संवैधानिक तथा कानूनी हक हनन् नभएकोले काठमाडौं जिल्ला अदालतमा अ.बं. ९२ नं. बमोजिम मुद्दा फिर्ता लिन दिएको निवेदन तथा काठमाडौं जिल्ला अदालतले मिति २०६५।१२।३० मा मुद्दा फिर्ता लिने दिने गरेको आदेश तथा सो आदेशका आधारमा भएका सम्पूर्ण काम कारबाही संविधानबमोजिम भएकोले विपक्षीको रिट खारेज गरिपाउँ भन्नेसमेत बेहोराको विपक्षीमध्येका मदनजंग राणाको तर्फबाट मिति २०६९।०१।३१ मा यस अदालतमा परेको लिखित जवाफ।

म लिखित जवाफ प्रस्तुतकर्ता शंकर के.सी. लाई प्रत्यर्थीमध्येका मदनजंग राणाले मेरो घर जग्गा बैंकमा धितो रहेको र बैंकको साँवा ब्याजसमेत तिर्न बुझाउन नसकेकाले मेरो घर जग्गा कौडीको भाउमा लिलाम हुन लागेको छ तपाइँले उक्त घरजग्गा खरिद गर्नुहुन्छ भने म बिक्री गर्दछु भनी भनेकाले मैले मिति २०५९।१०।२ गते काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं.१० को कि.नं. ४०० को क्षेत्रफल ०-१५-३-२ को जग्गा र घरसमेत राजीनामा पास गरी खरिद गरी लिएको हो।

मैले उक्त घर जग्गा खरिद गरी लिएपछि मलाई पनि रकम आवश्यक परेको हुँदा मैले उक्त घरजग्गा मिति २०६१।१०।२८ गते सुजिता शाही (खड्गी) लाई बिक्री वितरण गरिसकेपछि मेरा दाता मदनजंग राणाले आफ्नो श्रीमती काहानी राणा र छोरीसमेतलाई आफ्नो घर व्यवहार चलाउनका लागि २०५९ सालमा बिक्री गरेको लिखतउपर २०६५ सालमा जालसाजी र अंशबन्डाको मुद्दा दायर गर्न लगाएका हुन्। निजहरूले आफूले बिक्री गरेको घर जग्गालाई परिस्थितिवश भाउ बढेको देखी कानूनी दाउपेच लगाउन सकिन्छ कि भन्ने उद्देश्यकासाथ मुद्दा दर्ता गर्न लगाएका हुन्। उक्त जग्गा २०६५ सालमा नै राजेन्द्र श्रेष्ठलाई बिक्री भइसकेको छ। आफैँले जग्गा बिक्री गर्ने अनि आफैँ मुद्दा दर्ता गर्न लगाउने कार्य कदापि कानूनसम्मत छैन।

विपक्षी प्रत्यर्थीको आमाले मुलुकी ऐन, अदालती बन्दोबस्तको ८३नं.बमोजिम संरक्षक बस्न सम्मानित अदालतको अनुमति लिएर मुद्दा दर्ता गर्नुभएको हो। कुनै पनि सन्तानको आमाभन्दा नजिकको संरक्षक अन्य कोही कदापि हुन सक्दैन। आमाले आफ्नो सन्तानको बारेमा अहित कदापि गर्ने कार्य गर्दिनन्। एकासगोलका पति पिताले मिति २०५९।१०।२ मा बिक्री गरेको लिखत जुन लिखत मालपोत कार्यालयबाट पारित भएको छ उक्त लिखत जालसाजी ठहऱ्याउन नसक्ने र हदम्याद समेत नहुने, लेनदेन व्यवहारको १० नं. बमोजिमको हदम्यादभित्र

लिखत बदरमा दाबीसमेत लिन नसकेको आधारले उक्त जालसाजीको दाबी पुष्टि गर्न सक्दिन भनी मुद्दा फिर्ता लिने कार्य भएको हो । सम्मानित जिल्ला अदालतले अ.बं.९२ नं.बमोजिमको कानूनी प्रक्रिया पूरा गरी रू.२५।- जरिवाना गराई मुद्दा फिर्ता लिने आदेश गरेको हो । उक्त आदेशमा कुन प्रक्रियामा त्रुटि भयो भनी विपक्षीले जिकिरसमेत लिन सकेका छैनन् । प्रक्रियागत त्रुटि पनि छैन र कानूनी त्रुटि पनि नरहेको अवस्थामा कदापि रिट क्षेत्र आकर्षित हुन नसक्ने भएकाले विपक्षीको रिट निवेदन खारेजभागी छ, खारेज गरिपाऊँ ।

मिति २०६६।१।३१ गते माननीय जिल्ला न्यायाधीशज्यूबाट भएको आदेशमा विपक्षीको चित्त नबुझेको भए अ.बं. १७ नं. बमोजिमको प्रक्रिया अपनाउन सक्ने वैकल्पिक कानूनी उपचारको अवस्था हुँदाहुँदै सो अवलम्बन नगरी हदम्याद नभएको मुद्दालाई रिट क्षेत्रमा प्रवेश गराई हदम्याद सृजना गर्न सकिन्छ कि भन्ने आसयले मात्रै दायर गरेको रिट निवेदन खारेज भागी छ, खारेज गरिपाऊँ ।

अतः उपर्युक्त प्रकरणहरूमा वर्णित गरिएका तथ्य एवम् कानूनहरूको आधारमा विपक्षीले हदम्याद समाप्त भइसकेको मुद्दालाई अन्य वैकल्पिक उपचारको मार्ग हुँदाहुँदै सो मार्ग अवलम्बन नगरी कानूनी दाउपेच लगाउन खोजी सम्पूर्ण व्यक्तिहरू मिली दायर गरेको विपक्षीको रिट निवेदन खारेज गरी अलग फुर्सद गरिपाउँ भन्नेसमेत बेहोराको विपक्षीमध्येका शंकरबहादुर के.सी.को तर्फबाट मिति २०६९।०३।२७ मा परेको लिखित जवाफ ।

विपक्षीमध्येका मेरा पति मदनजंग राणाको मिति २०७३।०१।२८ गतेका दिन परलोक भएकोले निजको हकमा अ.बं.६२(३) नं.बमोजिम मुद्दा सकार गरिपाउँ भनी विपक्षीमध्येकै कहानी राणाले मिति २०७३।०४।०३ मा दिएको निवेदनमा यसमा विपक्षी मदनजंग राणाको मिति २०७३।०१।२८ गते मृत्यु भएको भन्ने मृत्युदर्ता प्रमाणपत्र र नाता सम्बन्धको प्रमाणपत्रको प्रतिलिपिसमेत साथै देखिँदा निजको हकमा मुद्दा पुर्पक्ष गर्न अ.बं. ६२(३)नं. अनुसार निजको श्रीमती निवेदकलाई सकार गरिदिनु भन्नेसमेत बेहोराको यस अदालतबाट मिति २०७३।०४।२३ मा भएको आदेश ।

नियमबमोजिम आजको दैनिक पेसी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेस हुन आएको प्रस्तुत निवेदनमा निवेदकको तर्फबाट उपस्थित हुनु भएका विद्वान् वरिष्ठ अधिवक्ता श्री लोकभक्त राणा र विद्वान् अधिवक्ता श्री हरिश्चन्द्र सुवेदीले निवेदकसमेतको अंशहक निहित रहेको पैतृक सम्पत्तिको निजका पिता मदनजंग राणाले अंशियार परिवारका सदस्यको मन्जुरी नलिई बिक्री व्यवहार गरेकोले सो सम्बन्धमा नालेस उजुर गर्नको लागि निवेदक तत्कालीन अवस्थामा नाबालक रहेका कारण निज नाबालकको हकमा संरक्षक रहनुभएकी निजकी आमा विपक्षी काहानी राणाले विपक्षी काठमाडौं जिल्ला अदालतमा अंश तथा जालसाजी मुद्दाको फिराद दायर गर्न कानूनबमोजिम अनुमति लिई मुद्दा दर्ता गरी मुद्दाको पुर्पक्ष हुँदाकै अवस्थामा विपक्षी आमाले उक्त मुद्दाहरूमध्ये अंश चलन मुद्दामा तारेख छाडी दिई तामेलीमा गएकोले उक्त मुद्दा मुलुकी ऐन, अंशबन्डाको महलको ३२ नं. बमोजिम डिसमिस नहुने भई तामेलीमा रहेकोले सो मुद्दाको हकमा तामेली जगाई पाउने हक सुरक्षित रहे तापनि निवेदिकाको संरक्षक बनी विपक्षी काहानी राणाले दायर गरेको थान २ जालसाजी मुद्दामध्ये मिति २०६१।१०।२८ को र.नं. १०९६० को राजीनामाको लिखत जालसाजी ठहराई पाउन दायर भएको फिराद मुलुकी ऐन, अ.बं. ९२ नं. बमोजिम फिर्ता पाउँ भनी विपक्षीले निवेदन गर्दा तत्काल नाबालकको हक संरक्षण हुने गरी मुद्दा फिर्ता लिनुपर्नेमा नाबालकको हकमा केही बोल्दै नबोली मुद्दा फिर्ता गर्ने निवेदन दिएको र सोहीअनुसार मुद्दा फिर्ता गरिएको देखिएको

छ। कानूनतः त्यस प्रकृतिका मुद्दामा नाबालकको हक सुरक्षित र संरक्षित नगरी मुद्दा फिर्ता लिन तथा त्यस्ता निवेदन लिई मुद्दा फिर्ता गरिदिनसमेत नमिल्नेमा उक्त मुद्दा फिर्ता लिने र दिने गरी मिति २०६५।१२।३० मा मुद्दाको अन्त्य गरिएको छ। तत्कालीन समयमा नाबालक रहेकी निवेदकले आफ्नो हकमा कानूनबमोजिम मिति २०६८।०६।२२ मा १६ वर्ष उमेर पुगेको हुँदा सो उमेर पुगेका म्यादभित्र सो गैरकानूनी कार्यले निजका हकमा आघात पुगेको सो मुद्दा फिर्ता भएको कार्यसमेत बदर गरी पाउन अन्य कुनै वैकल्पिक बाटो बाँकी रहेको अवस्थासमेत छैन। सोही कारणले निवेदकबाट आफ्नो उमेर पुगेको मितिले म्यादभित्रै प्रस्तुत रिट निवेदन दायर भएको छ। सामान्यतः नाबालकको हकमा संरक्षक रहेर फिराद दायर गर्दा नै अनुमति लिनुपर्ने अ.बं.८३ नं.को प्रावधानले नाबालकको हकहितलाई भरपुर संरक्षण कायम गर्न सकियोस् भन्ने नै उक्त नं.को उद्देश्य हो। संरक्षकले अनुमति लिएर दायर भएको मुद्दामा सोबमोजिमको कानूनी उद्देश्य पूरा हुन सक्यो सकेन भन्ने कुरा अ.बं.९२ नं. बमोजिमको प्रक्रियामा पुग्दासमेत अवलम्बन हुन पर्ने हुन्छ। नाबालकको हक हित सरोकार रहेको मुद्दामा उक्त ८३ नं.को मक्सदअनुसारको उद्देश्यसमेत जोडेर हेरिने विषय होइन वा हुन नसक्ने भनी संकुचित अर्थमा हेर्न मिल्ने होइन। नाबालकको संरक्षक भई दायर भएको मुद्दामा संरक्षितको हक हित संरक्षण भयो वा भएन भनेर त्यस्ता मुद्दामा सूक्ष्मरूपले हेरिनुपर्ने हुन्छ। नाबालकको संरक्षण भएको भन्ने विश्वास प्रदान नगरी त्यस्ता मुद्दा मुलुकी ऐन, अ.बं. ९२ नं. बमोजिम फिर्ता हुनु र दिनुले सो सन्दर्भमा अ.बं.८३ नं. को व्याख्यामा गम्भीर त्रुटि हुन जाने हुन्छ। तसर्थ यी निवेदक नाबालक रहेका अवस्थामा नाबालकको हकमा अनुमति लिई दायर भएको निवेदन दाबीमा उल्लिखित मुद्दामा विपक्षीहरूबाट निज निवेदकको हकहित संरक्षणको कुनै प्रत्याभूति नै नगरी निजको हकमा प्रतिकूल असर पर्ने गरी मिति २०६५।१२।३० मुद्दा फिर्ता लिने र दिने गरी भएका कार्यबाट निजको हकमा दायर भएको उक्त जालसाजी मुद्दाहरूको दायरीको लगत कट्टासमेत भएकोले सो सम्पूर्ण कार्य उत्प्रेषणको आदेशद्वारा बदर गरी उक्त मुद्दा निवेदकको हकमा पुन दायर गरी कारबाहीयुक्त अवस्थामा राख्नु भनी विपक्षीहरूका नाउँमा परमादेश जारी हुनुपर्दछ भन्नेसमेतको बहस जिकिरसमेत सुनी रिट निवेदनसहितको मिसिल अध्ययन गरी हेर्दा, निवेदकको निवेदन मागबमोजिमको आदेश जारी हुने हो, होइन भन्ने सम्बन्धमा नै निर्णय दिनुपर्ने देखियो।

२. निर्णयतर्फ विचार गर्दा, विपक्षीमध्ये पिता मदनजंग राणा र आमा काहानी राणाको कोखबाट विपक्षी दाजु प्रयास जंग राणा, प्रसन्नजंग राणा र म निवेदिकाको जायजन्म भएको हो। म निवेदिका यही २०६८ साल असोज २२ गते १६ वर्ष उमेर पूरा गरी नेपाल कानूनअनुसार साबालिक भएको छु। विपक्षी पिताले हाम्रो पैतृक सम्पत्ति काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १० को कि.नं. ४०० को क्षेत्रफल ०-१५-३-२ जग्गा र सो जग्गामा बनेको घरसमेत सम्पूर्ण बिक्री गरेउपर म निवेदिकाको संरक्षक बनी विपक्षी काहानी राणाले काठमाडौं जिल्ला अदालतमा दायर गरेको थान २ जालसाजी मुद्दामध्ये मिति २०६१।१०।२८ को र.नं.१०९६० को राजीनामाको लिखतलाई जालसाजी ठहराई पाउँ भनी दायर गरेको फिराद मुलुकी ऐन, अ.बं. ९२ नं. बमोजिम निज काहानी राणाले मुद्दा फिर्ता लिई मुद्दालाई फैसला गर्न नदिई मिति २०६५।१२।३० मा मुद्दाको अन्त्य गरिएको रहेछ। म निवेदिका तत्काल नाबालिक रहेको, मेरो हकहित संरक्षणको लागि अर्थात् मेरो अंशहक बचाउनको लागि मुद्दा गर्नसम्म अ.बं. ८३(१) नं. बमोजिम विपक्षीलाई विपक्षी काठमाडौं जिल्ला अदालतले अनुमति दिएकोमा मेरो हकमा प्रतिकूल असर पर्ने गरी मिति २०६५।१२।३० मा मुद्दा फिर्ता

लिन अनुमति दिई मेरो अंशहक मार्ने काम गरी मुद्दा अन्त्य गरिएको रहेछ । विपक्षीहरूको मिलेमतोमा मेरो अंशहक मार्ने कार्यले मेरो सम्पत्तिमाथिको शोषणसमेत भएको र म निवेदिका मिति २०६८।६।२२ मा साबालिक भएकोले मेरो पैतृक सम्पत्तिको रूपमा रहेको कि.नं. ४०० को घरजग्गासमेत बिक्री गरेको लिखतउपर दायर भएको मुद्दा म नाबालिक हुँदै अड्डाको अनुमति लिई मुद्दा दर्ता गर्न दिएको अनुमतिलाई विपक्षीहरूले दुरूपयोग गरी मुद्दा फिर्ता लिने गरेको कार्य तथा विपक्षी काठमाडौं जिल्ला अदालतको मिति २०६५।१२।३० को आदेशले म निवेदिकाको संविधानको धारा १२(३)(ङ)(च), १३, १९, २२ मुलुकी ऐन, अ.बं. ८३(१) नं. समेतद्वारा प्रदत्त संवैधानिक तथा कानूनी हक हनन् भएकोले म निवेदिकाको संवैधानिक तथा कानूनी हक जाने गरी मिति २०६५।१२।३० मा मुद्दा फिर्ता लिने दिने गरी भएको आदेश उत्प्रेषणको आदेशले बदर गरी सो जालसाजी मुद्दा दर्ता गरी म निवेदिकालाई मुद्दामा तारेखमा राखी कानूनबमोजिम न्याय निरूपण गर्नु भनी विपक्षी काठमाडौं जिल्ला अदालतका नाममा परमादेशसमेत जारी गरिपाउँ भन्ने नै निवेदकको मुख्य निवेदन जिकिर रहेकोमा विपक्षी निवेदकको आमा काहानी राणाले मुलुकी ऐन, अदालती बन्दोबस्तको ८३ नं. बमोजिम संरक्षक बस्न सम्मानित अदालतको अनुमति लिएर मुद्दा दर्ता गर्नुभएको हो । कुनै पनि सन्तानको आमाभन्दा नजिकको संरक्षक अन्य कोही हुनै सक्दैन । विपक्षी निवेदकको एकासगोलका पति पिताले मिति २०५९।१०।२ मा बिक्री गरेको लिखत मालपोत कार्यालयबाट पारित भएको छ । उक्त लिखत जालसाजी ठहऱ्याउन नसक्ने र हदम्यादसमेत नहुने तथा लेनदेन व्यवहारको १० नं. बमोजिमको हदम्यादभित्र लिखत बदरमा दाबीसमेत लिन नसककेको आधारले उक्त जालसाजीको दाबी पुष्ट गर्न सक्दिन भनी तत्काल उक्त मुद्दा फिर्ता लिने कार्य भएको हो। जिल्ला अदालतले अ.बं.९२ नं.बमोजिमको कानूनी प्रक्रिया पूरा गरी गराई मुद्दा फिर्ता लिने आदेश गरेको हो । उक्त आदेशमा प्रक्रियागत त्रुटि पनि छैन र कानूनी त्रुटि पनि नरहेको अवस्थामा रिट क्षेत्र आकर्षित हुन नसक्ने भएकाले विपक्षीको रिट निवेदन खारेज भागी छ, खारेज गरिपाउँ भन्ने विपक्षीहरूको तर्फबाट लिखित जवाफ रहेको देखियो ।

३. रिट निवेदक मिति २०६८।०६।२२ मा मात्र १६ वर्ष पूरा भएको देखिएकोले उक्त मिति अगाडिसम्मका निवेदकका हकमा आघात पर्ने गरी भए गरेका कामकारबाहीहरू उपर कानूनबमोजिम नालेस उजुर गर्न उक्त मितिसम्म निवेदक स्वयंलाई कानूनले हक प्रदान गर्न नसकेकै आधारमा निजका हकमा मिति २०६१।१०।२८ मा मालपोत कार्यालयबाट पारित भएको र.नं. १०९६० को लिखत जालसाजी घोषित गरिपाउँ भनी फिराद दायर गर्नको निमित्त विपक्षीमध्येकी कहानी राणाले आफूसमेतका हकमा र निवेदकको हकमा सबैभन्दा नजिकको संरक्षक आमाको हैसियतले निज विपक्षीमध्येकी कहानी राणाले मुलुकी ऐन, अदालती बन्दोबस्तको ८३ नं.बमोजिम अनुमति लिई काठमाडौं जिल्ला अदालतमा मिति २०६५।०७।११ मा अंश चलन तथा जालसाजी मुद्दाहरूको फिराद दायर गरेको देखियो ।

४. कानूनबमोजिम नाबालकको हकमा फिराद दायर गर्ने अनुमति लिई उक्त काठमाडौं जिल्ला अदालतमा दायर गरिएका उक्त मुद्दाहरूमध्ये दु.फौ.नं.१७२३ को जालसाजी मुद्दा तथा दु.फौ. नं.१७२४ को जालसाजी मुद्दामा वादीहरूले मिति २०६५।१२।३० मा काठमाडौं जिल्ला अदालतसमक्ष उपस्थित भई दिएको निवेदनमा "हामी वादीहरू र विपक्षी प्रतिवादीहरूको बीचमा एकआपसमा यस सम्मानित अदालतमा माथि उल्लिखित लिखतलाई जालसाजी घोषित गरिपाउँ भन्ने विषयको विवादमा चलेको मुद्दामा हामीले वादी पत्रमा लिएको दाबी हामीहरूले प्रमाणित गर्न नसक्ने भएकोले हामी वादी

भई चलिरहेको जालसाजी मुद्दाको सम्पूर्ण दाबी खारेज गरी विपक्षीको नाउँमा भएको लिखत सदर होस् भनी अ.बं.९२ नं. बमोजिम सम्पूर्ण वादी दाबी फिर्ता गरिपाउँ" भन्नेसमेतको बेहोरा उल्लेख गरी उक्त जालसाजी मुद्दामा कायम रहेका वादीहरू कहानी राणा, प्रयासजंग राणा र प्रसन्नजंग बहादुर राणासमेतले संयुक्त निवेदन दिएको देखिन्छ । उक्त मुद्दा फिर्ताको निवेदनमा काठमाडौं जिल्ला अदालतबाट आदेश हुँदा "यसमा यो मुद्दा फिर्ता गरिपाउँ भन्ने निवेदन दर्ता गर्ने वादीहरूलाई निवेदन बेहोरा इजलासबाट देखाई पढीबाची मतलब र परिणामसमेत सम्झाउँदा बुझाउँदा बेहोरा ठिक छ भनी मुद्दा फिर्ता गर्न मन्जुर गरी वादीहरूले सहिछापसमेत गरेकाले अ.बं.९२नं.बमोजिम मुद्दा फिर्ता गरिदिएको छ" भन्नेसमेत बेहोरा उल्लेख गरी उक्त मुद्दाको दायरीको लगत कट्टा गरिदिने भन्ने आदेश भएको देखिएबाट यी निवेदकको हकमा समेत उक्त मुद्दा फिर्ता हुन गएको देखियो।

५. मुलुकी ऐन, अदालती बन्दोबस्तको उक्त ८३ नं.मा भएको व्यवस्था हेर्दा, उक्त नं.को देहाय १ मा **"सोह्र वर्ष नपुगेका नाबालक वा उमेर पुगेको भएपनि वृद्धावस्था वा कुनै किसिमको कडा रोगले गर्दा होस ठेगानमा नभएको वा बौलाएको वा दुवै आँखा नदेख्ने अन्धाअन्धी वा बक्क लाटालाटी मानिसहरूको र विदेशमा गई फर्की आउने ठेगान नभएका मानिसको हक पुग्ने जुनसुकै कुरामा नालिस, प्रतिउत्तर, पुनरावेदन, निवेदन दिन वा मुद्दा मामिलासम्बन्धी अन्य कुनै काम कारबाही गर्नुपर्ने भएमा अड्डाको अनुमति लिई ती मानिसहरूको एकाघरसँग बसेका सोह्र वर्ष नाघेको हकवालाले हदम्यादभित्र गर्न पाउनेछ"** भन्ने उल्लेख भएको र सोही नं.को देहाय-२ मा **"माथि दफा १ मा लेखिएबमोजिम एकाघरका हकवाला नभएमा सोही दफामा लेखिएको व्यक्तिको हकमा निजलाई रेखदेख वा संरक्षण गर्ने व्यक्तिले अड्डाको अनुमति लिई सो व्यक्तिको तर्फबाट नालिस, प्रतिउत्तर, पुनरावेदन, निवेदन दिन वा मुद्दा मामिलासम्बन्धी अन्य कुनै काम कारबाही गर्न पाउनेछ"** भन्ने उल्लेख भएको देखिएबाट उक्त नं.ले संरक्षक रहनु पर्ने भनी उल्लिखित व्यक्तिहरूको हकमा नालेस उजुर गर्नेलगायतका कामकारबाहीको निमित्त अड्डाको अनुमति लिनु पर्ने भन्ने व्यवस्था गरेको देखिएको छ।

६. उक्त मुद्दा दर्ता हुँदाका बखत निवेदक नाबालक रहेकोले नै निजको हकमा संरक्षकको रूपमा निजको एकासगोलमा रहेकी आमा यिनै विपक्षीमध्येकी कहानी राणाले संरक्षकको हैसियतले र आफ्नो हकमा समेत फिरादपत्र दायर गरेको देखिएको छ। उक्त मुद्दामा फिराद गर्ने अन्य वादीहरू समेत यिनै निवेदकको एकाघर परिवारका साखै दाजुहरू रहेको देखिएको छ। निजहरूले उक्त मुद्दाको दाबी फिर्ता गरी लिँदा यी निवेदकको हकमा निजको कुनै साम्पत्तिक हकप्रति उदासिन रहेको वा बदनियत राखेको वा निज नाबालकलाई प्राप्त हुन आउने कुनै सम्पत्तिप्रति बेवास्ता गरी छाडी दिने गरी मुद्दा फिर्ता गरी लिएदिएको अवस्थासमेत देखिएन। निवेदकको हकमा उक्त मुद्दाको रोहमा संरक्षकको भूमिकामा अन्य कुनै उनाउ व्यक्ति रहेको नभई निजको एकाघरमा रहिरहेकी आफ्नै आमाले निवेदकको हकमा संरक्षक भई एवं आफ्नो हकमा समेत दायर गरेको उक्त मुद्दा फिर्ता लिँदाको प्रक्रियामा तत्कालीन अवस्थामा संरक्षित रहेकी यी रिट निवेदक नाबालकको हकमा समेत स्वतः मुद्दा फिर्ता हुन जाने नै हुन्छ। त्यसरी दायर भएका मुद्दामा वादी दाबी फिर्ता वा खारेज गरिदिँदा संरक्षित नाबालकको हकको फिराद दाबीलाई मात्र बाँकी राखिराख्न पर्ने बाध्यात्मक कानूनी व्यवस्थासमेत रहेको देखिएको छैन । यस्तो अवस्थामा नाबालकको हकमा दायर रहेको मुद्दामा सोही संरक्षकले मुलुकी ऐन, अदालती बन्दोबस्तको ९२ नं. बमोजिम फिर्ता लिन नसक्ने भन्ने अर्थ गर्न मिल्ने देखिँदैन।

७. अ.बं. ८३ नं. अनुसार नाबालकको हकमा अड्डाको अनुमति लिई फिराद दायर गर्नु भनेको निज नाबालकको हक हित संरक्षणार्थ नै हो । आमाले छोरीको हकमा समेत मुद्दा दायर गरेकोमा आफ्नो र छोरीको हकमा समेत मुद्दा फिर्ता लिएको अवस्था छ । त्यसरी दायर भएको मुद्दा फिर्ता गर्न नै नसकिने भन्ने कुनै कानूनी बन्देज पनि छैन । त्यसरी मुद्दा फिर्ता लिँदा आमाले नाबालिकको हक हितमा गम्भीर आघात पुऱ्याउने उद्देश्यले नै मुद्दा फिर्ता लिएको भन्ने स्पष्ट रूपमा पुष्टि भएको हुनुपर्छ । मुद्दा फिर्ता लिएको मात्र आधारमा आमाले नाबालिकाको हित प्रतिकूल मुद्दा फिर्ता लिएको भनी निष्कर्षमा पुग्न न्यायोचित देखिएन ।

८. आफ्नै आमा जसले आफ्नी छोरीको संरक्षण गरिरहेकी छन् उसैले छोरीको हितप्रतिकूल कार्य गर्छ भन्ने सोच्न सकिने विषय होइन । स्पष्ट कारणको अभावमा आमाले छोरीको हित प्रतिकूल कार्य गरेको भनी निष्कर्ष निकाल्न मिल्दैन । जालसाज मुद्दा फिर्ता लिएकोमा आमासमेत उपर प्रस्तुत रिट निवेदन परेको देखिन्छ तर सोही जालसाजी मुद्दा दिने अन्य वादीले सो सम्बन्धमा कुनै विवाद ल्याएको देखिएको छैन ।

९. रिट निवेदकको हकमा दायर अंश मुद्दा जिल्ला अदालतमा तामेलीमा रहेको अवस्था छ । सो अंश मुद्दा तामेलीबाट जगाई कारवाही अघि बढाउन सकिने अवस्था पनि निवेदिकालाई रहेकै देखिन्छ । यस्तो अवस्थामा आफ्नी आमाले मुद्दा फिर्ता लिएकोलाई छोरीको हितप्रतिकूल कार्य भयो भनी विनाआधार, विना प्रमाण मान्न सकिने स्थिति देखिएन ।

१०. यसरी तत्कालीन अवस्थामा नाबालक रहेकी यी रिट निवेदकको हकमा निजको संरक्षक आमाले नै दायर गरेको उक्त मुद्दाबाट निज नाबालकको हक मास्ने वा असुरक्षित गरी निजको कुनै सम्पत्तिमा संरक्षकले बदनियत राखी उक्त मुद्दा फिर्ता गरी लिए दिएको अवस्थासमेत देखिन नआएकोले कानूनबमोजिम मुद्दा फिर्ता लिने दिने गरी मिति २०६५।१२।३० मा भए गरिएका उपर्युक्त कार्यहरूबाट निवेदकको कुनै कानूनी तथा संवैधानिक हकमा असर पुग्न गएको भनी मान्न मिल्नेसमेत देखिएन ।

११. तसर्थ, काठमाडौं जिल्ला अदालतमा विपक्षीहरूले अ.बं. ९२ नं. बमोजिम मुद्दा फिर्ता लिन दिएको निवेदन तथा काठमाडौं जिल्ला अदालतले मिति २०६५।१२।३० मा मुद्दा फिर्ता लिने दिने गरेको आदेश तथा सो आदेशका आधारमा भएका सम्पूर्ण काम कारबाही उत्प्रेषणको आदेशले बदर गरी सो जालसाजी मुद्दा दर्ता गरी म निवेदिकालाई मुद्दामा तारेखमा राखी कानूनबमोजिम न्याय निरूपण गर्नु भनी विपक्षी काठमाडौं जिल्ला अदालतका नाममा परमादेशसमेत जारी गरिपाउँ भन्ने प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । प्रस्तुत रिट दर्ताको दायरी लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाइदिनू ।

उक्त रायमा सहमत छु ।
न्या. सपना प्रधान मल्ल

इजलास अधिकृत : सुरथप्रसाद तिमल्सेना
इति संवत् २०७४ साल भदौ १२ गते रोज २ शुभम् ।

## निर्णय नं. ९९९६

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री मीरा खड्का
माननीय न्यायाधीश श्री तेजबहादुर के.सी.
फैसला मिति : २०७४।११।३०
०६९-CI-१०७१

मुद्दा: उत्प्रेषण / परमादेश

पुनरावेदक / विपक्षी : पर्सा जिल्ला, अलौ गा.वि.स. वडा नं. २ बस्ने लक्ष्मी साह कानु
विरूद्ध
प्रत्यर्थी / रिट निवेदक : पर्सा जिल्ला, अलौ गा.वि.स. वडा नं. २ बस्ने रामज्योति कनुइन

- **कुनै जग्गाको जग्गाधनीले सो जग्गाको मोही लगत कट्टा गरिपाउँ भनी दिएको निवेदनमा निर्णय गर्ने अधिकारप्राप्त निकाय वा अधिकारीले निर्णय गर्नुपूर्व सो जग्गाको मोही वा निजको हकवालालाई सुनुवाइ र प्रतिवाद गर्ने मौका दिई दुवै पक्षका कुरा सुनी निर्णय गर्नुपर्दछ । मोही वा निजको हकवालालाई सुनुवाइको मौका नदिई केबल जग्गाधनीको निवेदनको आधारमा मात्र एक पक्षीयरूपमा मोही लगत कट्टा हुने गरी भूमिसुधार कार्यालयले गरेको निर्णयबाट मोहीको मोहीयानी हकमा प्रतिकूल असर पर्ने हुँदा त्यस्तो निर्णय प्राकृतिक न्यायको सिद्धान्तविपरीत भई बदरभागी हुने ।**

(प्रकरण नं.८)

पुनरावेदकका तर्फबाट :
प्रत्यर्थीका तर्फबाट :
अवलम्बित नजिर :
सम्बद्ध कानून :

सुरू तहमा फैसला गर्ने :
मा. न्यायाधीश डा.श्री आनन्दमोहन भट्टराई
मा. न्यायाधीश श्री सत्यमोहन जोशी थारू
पुनरावेदन अदालत हेटौंडा

आदेश

**न्या. मीरा खड्का :** तत्कालीन न्याय प्रशासन ऐन, २०४८ को दफा ९ बमोजिम यस अदालतमा पुनरावेदन पर्न आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार छः-

कृष्णा कुमारीको नाउँमा सर्वे नापी दर्ता रहेको कि.नं. ४४ को ज.वि. १-१-० को दर्तावाला विधिवत् मोही म निवेदकको स्व.ससुरा बली साह हुनुभई वहाँले जोतभोग गरी मोहीको १ नं. लगत भरी ३ नं. प्रमाणपत्रसमेत प्राप्त गरी भोगचलन गर्दै आउनु भएको थियो। ससुराको २०३१ सालमा मृत्यु भयो भने वहाँकी पत्नीको सोअगावै मृत्यु भएको थियो । ससुरा बली साहको मृत्युपश्चात् वहाँका ४ भाइ छोराहरूले घरसारमा चुलो मानो अलग गरी भएको पैतृक सम्पत्ति र मोही हकको जग्गा जमिनसमेत मौखिक रूपमा बन्डा लगाई भोगचलन गरेका थियौं । उल्लिखित कि.नं. ४४ बाट कित्ताकाट भई विपक्षी लक्ष्मी साहको नाउँमा कायम भएको कि.नं. २३८ को ०-१०-० जग्गा म निवेदकका पतिले मोहीको हैसियतले जोतभोग गर्ने र मोही हकसमेत मेरा पतिले नै नामसारी गराउने सहमति भएकोले सोहीबमोजिम म निवेदकसमेतले भोगचलन गरी आउने क्रममा पति मगरू साह कानुको २०४१।७।१० मा निधन भयो । उक्त जग्गा म निवेदकले आजसम्म मोहीको हैसियतले भोगचलन गरी कुत बालीसमेत बुझाउँदै आएकोमा विपक्षी

भूमिसुधार कार्यालय पर्साबाट मिति २०६८।१२।२१ मा सुनुवाइको मौका नदिई मोही लगत कट्टा गर्ने गरी भएको निर्णय प्राकृतिक न्यायको सिद्धान्तविपरीत हुँदा उक्त निर्णय बदर गरी मोहीयानी हक यथावत् राख्नु भनी विपक्षीहरूका नाउँमा उत्प्रेषणलगायत परमादेशको आदेश जारी गरिपाउँ भन्ने रामज्योती कनुइनको निवेदनपत्र।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी गर्नु नपर्ने हो ? आदेश जारी गर्नु नपर्ने कुनै आधार प्रमाण र कारण भए साथै राखी बाटोको म्यादबाहेक १५ दिनभित्र पुनरावेदन सरकारी वकिल कार्यालय नेपालगञ्जमार्फत लिखित जवाफ पेस गर्नु भनी आदेश र निवेदन पत्रको प्रतिलिपि साथै राखी विपक्षीहरूका नाममा म्याद सूचना जारी गरी लिखित जवाफ परेपछि वा अवधि व्यतित भएपछि नियमानुसार पेस गर्नू । निवेदकले अन्तरिम आदेशसमेतको माग गरेको सम्बन्धमा विचार गर्दा दुवै पक्षलाई राखी छलफल गराउन उपयुक्त देखिँदा मिति २०६९।५।५ गते छलफलको दिन तोकी विपक्षीहरूलाई सूचना दिई नियमानुसार पेस गर्नु भन्ने पुनरावेदन अदालत हेटौंडाको मिति २०६९।४।२९ को आदेश।

निवेदकले दाबी लिएको साबिक कि.नं. ४४ को मोही निवेदकको स्व.ससुरा बली साह भएको मोहियानी हकको प्रमाण पत्रबाट देखिएको छ । सोही जग्गा कित्ताकाट भई कि.नं. २३८ को जगामा निवेदकले मोहीको हैसियतमा जोतपोत, भोगचलन गर्न हस्तक्षेप नगर्नु भनी पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ३३क(१) बमोजिम प्रत्यर्थी लक्ष्मी साह कानूको नाउँमा अन्तरिम आदेश जारी गरिदिएको छ । सोको जानकारी विपक्षी लक्ष्मी साहलाई दिई नियमानुसार पेस गर्नु भन्ने पुनरावेदन अदालत हेटौंडाको मिति २०६९।५।५ को आदेश।

सुनर साह, हरि साह, बली साह र नन्दु साह सगोलमा रहँदाको अवस्थामा २०२३।११।४ का दिन दाबीको जग्गा कृष्णकुमारीबाट खरिद गरेको र उक्त जग्गामा बली साह मोही हुनुभएको हुँदा ४ अंशियार सगोलमा नै रहेको हुँदा भूमिसुधार कार्यालय, पर्साबाट प्रमाणसमेतको मूल्याङ्कन गरी मोही लगत कट्टा हुने गरी निर्णय भएको छ । विपक्षी रामज्योतीसमेतको नाउँमा दर्ता रहेको जिल्ला पर्सा गा.वि.स. अलौ वडा नं. ३ कि.नं. ४३ को ज.वि. १-१-० जग्गाको मोही बली साहका भाइ नन्दु साह कानू हुनुभएकोमा विपक्षीहरूले श्री भूमिसुधार कार्यालय, पर्सामा सगोलको मोही लगत कट्टा गरिपाउँ भनी दिएको निवेदनको आधारमा मिति २०६८।९।२७ मा नन्दु साहको नाउँको मोही लगत कट्टा हुने निर्णय भइसकेको छ। सत्य कुरा लोप गरी दायर गरेको निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको लक्ष्मी साह कानूनको लिखित जवाफ।

निवेदकले दाबी लिनु भएको लक्ष्मी साह कानूको नाममा दर्ता कायम रहेको जिल्ला पर्सा गा.वि.स. अलौ वडा नं. ३ कि.नं. २३८ को ज.वि. ०-१०-० जग्गाको मोही बली साह कानूको नाम भूमिसुधार कार्यालय, पर्साको च.नं. ७३५ मिति २०६८।१२।२१ को पत्रानुसार मोहीको नाउँ कट्टासम्म गर्ने कार्य यस कार्यालयबाट भए गरेको हो । रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको मालपोत कार्यालय, पर्साको लिखित जवाफ।

भूमिसुधार कार्यालय, पर्साको नाउँमा जारी भएको सूचना म्याद मिति २०६९।४।३२ मा तामेल भएकोमा लिखित जवाफ परेको नदेखिएको।

बली साह र राधा साहको बाबु हरि साह दाजुभाइ भई विवादित कि.नं. २३८ को जग्गाधनी हक प्राप्त हुँदा सगोलमा रहेको भन्ने कुरा स्थापित गर्ने सबुद प्रमाण पेस गर्न नसकेको स्थितिमा बली साह वा निजको हक खाने निवेदिकालगायतका हकवालाहरू कसैलाई नबुझी निजहरूलाई आफ्नो कुरा भन्ने मौका नदिई मोही लगत कट्टा गर्ने गरी भूमिसुधार कार्यालय

पर्साबाट भएको मिति २०६८।१२।२१ को टिप्पणी आदेश प्राकृतिक न्यायको सिद्धान्तविपरीत देखिँदा उत्प्रेषणको आदेश जारी भई बदर हुने ठहर्छ। भूमिसुधार कार्यालयको उक्त निर्णय बदर हुने ठहरेकाले कि.नं. २३८ को मोहियानी हक यथावत् कायम गरिदिनु भनी विपक्षी भूमिसुधार कार्यालयका नाउँमा परमादेशको आदेशसमेत जारी गरिदिएको छ भन्ने पुनरावेदन अदालत हेटौंडाको मिति २०६९।८।१३ को आदेश।

नक्छेद साह कानूको ४ छोरा सुनर साह, हरि साह, बलि साह र नन्दु साह भएकोमा हरि साहको छोरा राधा साह र राधा साहको छोरा म पुनरावेदक लक्ष्मी साह कानु हुँ र विपक्षी रामज्योती कनूईन बली साहका छोरा मगर साहकी पत्नी हुन्। साबिक जग्गाधनी स्व. कृष्णकुमारीका नाउको कि नं. ४३ र कि न ४४ जग्गा हाम्रो बाजेहरू सगोलमा रहँदाको अवस्थामा परिवारको संयुक्त श्रमले जोती कमाई आएकोमा भूमिसम्बन्धी ऐन, २०२१ को दफा २(क) बमोजिम कि नं ४४ मा विपक्षीका ससुरा बली साह र कि नं. ४३ मा कान्छा बाजे नन्दु साह मोही भएकोमा मिति २०२३।११।४ मा कि.नं. ४४ को जग्गा कृष्णकुमारीबाट म पुनरावेदकको पिता राधा साह कानूले खरिद गरी कित्ताकाट हुँदा कि.नं. २३८ कायम भएको हो। उक्त कि.नं. २३८ को जग्गाको मोही विपक्षीको ससुरा बली साह र पति मगरू साहको समेत मृत्यु भइसकेको र विपक्षीले मोही नामसारी नगराएको तथा सगोलको अंशियार भएकोले प्रमाणसमेतको मूल्याङ्कन गरी कानूनबमोजिम भूमिसुधार कार्यालय पर्साबाट मोही लगत कट्टा हुने गरी मिति २०६८।१२।७ मा निर्णय भएको अवस्था हुँदा पुनरावेदन अदालत हेटौंडाबाट भएको फैसला एकासगोलको परिवार मोही हुँदैन भनी सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तसमेतको विपरीत हुँदा बदर गरिपाउँ भन्ने बेहोराको लक्ष्मी साह कानूको मिति २०६९।१२।१८ मा यस अदालतमा परेको पुनरावेदन पत्र।

यसमा भूमिसुधार कार्यालय, पर्साबाट भएको मिति२०६८।१२।२१ को टिप्पणी आदेश बदर भएको अवस्थामा पुनरावेदकलाई प्रतिवादको मौका दिई पुनः निर्णयार्थ पठाउनु पर्नेमा मोहीयानी हक यथावत कायम गरिदिनु भनी परमादेशको आदेश जारी भएको पुनरावेदन अदालत हेटौंडाको मिति २०६९।८।१३ को आदेश फरक पर्नसक्ने देखिँदा अ.बं. २०२ नं. बमोजिम विपक्षीलाई झिकाई नियमानुसार पेस गर्नु भन्ने मिति २०७३।५।२६ को यस अदालतको आदेश।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी निर्णयार्थ यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदन पत्रसहितको सम्पूर्ण मिसिल अध्ययन गरी प्रस्तुत मुद्दामा पुनरावेदन अदालत हेटौंडाबाट रिट जारी गर्ने गरी भएको मिति २०६९।८।१३ को आदेश मिलेको छ, छैन ? पुनरावेदकको पुनरावेदन जिकिर पुग्नसक्छ, सक्दैन ? सोही विषयमा निर्णय दिनुपर्ने देखिन आयो।

२. निर्णयतर्फ विचार गर्दा कृष्णा कुमारीको नाउँमा सर्वे नापी दर्ता रहेको कि.नं. ४४ को ज.वि. १-१-० को दर्तावाला विधिवत् मोही म निवेदकको स्व.ससुरा बली साह हुनु भई वहाँले जोतभोग गरी मोहीको १ नं. लगत भरी ३ नं. प्रमाण पत्रसमेत प्राप्त गरी भोगचलन गर्दै आउनु भएको थियो। कि.नं. ४४ बाट कित्ताकाट भई विपक्षी लक्ष्मी साहको नाउँमा कायम भएको कि.नं. २३८ को ०-१०-० जग्गा म निवेदकका पतिले मोहीको हैसियतले जोतभोग गर्ने र मोही हकसमेत मेरा पतिले नै नामसारी गराउने सहमति भएकोमा सुनुवाइको मौका नदिई भूमिसुधार कार्यालय पर्साबाट मिति २०६८।१२।२१ मा मोही लगत कट्टा गर्ने गरी भएको निर्णय प्राकृतिक न्यायको सिद्धान्तविपरीत हुँदा उक्त निर्णय बदर गरी मोहीयानी हक यथावत् राख्नु भनी विपक्षीहरूका नाउँमा उत्प्रेषणलगायत परमादेशको आदेशद्वारा जारी गरिपाउँ

भन्ने निवेदन दाबी रहेको देखियो ।

३. सुनर साह, हरि साह, बलि साह र नन्दु साह सगोलमा रहँदाको अवस्थामा मिति २०२३।११।४ मा कृष्णकुमारीबाट खरिद गरेको दाबीको जग्गाको मोही एकासगोलको अंशियार विपक्षीको ससुरा बलि साह भएको र एकासगोल अंशियार मोही हुन नसक्ने हुँदा प्रमाणको मूल्याङ्कन गरी मोही लगत कट्टा भएकोले रिट निवेदन खारेज गरिपाउँ भन्ने लिखित जवाफ रहेको प्रस्तुत मुद्दामा निवेदन मागबमोजिम उत्प्रेषणलगायत परमादेशको आदेश जारी हुने ठहऱ्याएको पुनरावेदन अदालत हेटौंडाको आदेशउपर विपक्षी लक्ष्मी साह कानूको चित्त नबुझी प्रस्तुत पुनरावेदन पर्न आएको रहेछ ।

४. पुनरावेदन पत्रमा प्रस्तुत मुद्दामा विवादित कि नं २३८ को मोही विपक्षी रामज्योती कनूईनका सुसुरा बली साह एकासगोलको अंशियार भएको र एकासगोलको परिवार मोही हुँदैन भनी सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तसमेतको विपरीत हुँदा बदर गरिपाउँ भनी मुख्य जिकिर लिएको देखिन्छ ।

५. पुनरावेदन पत्रको बेहोराबाट नक्छेद साह कानूको ४ छोरा सुनर साह, हरि साह, बलि साह र नन्दु साह भएकोमा हरि साहको छोरा राधा साह र राधा साहको छोरा यी पुनरावेदक लक्ष्मी साह कानू र प्रत्यर्थी रामज्योती कनूईन बली साहका छोरा मगर साहकी पत्नी हुन् भन्ने देखिन्छ । कृष्णकुमारीका नाउँमा दर्ता रहेको साबिक कि.नं ४४ को मोही प्रत्यर्थी / रिट निवेदकका ससुरा बली साह भएको र निजले मोहीयानी हकको प्रमाण पत्रसमेत प्राप्त गरेको कुरामा विवाद देखिँदैन ।

६. मिसिल संलग्न भूमिसुधार कार्यालय, पर्साको मिति २०६८।१२।२१ को टिप्पणी आदेशको प्रतिलिपिबाट कृष्णकुमारीका नाउँमा दर्ता रहेको साबिक कि.नं ४४ बाट कित्ताकाट गरी कि.नं २३८ यी पुनरावेदकका पिता राधा साह कानूले मिति २०२३।११।०४ खरिद गरी लिएको र उक्त जग्गाको मोही बली साह नै रहेको भन्ने तथ्य यी पुनरावेदकले लिखित जवाफमा समेत स्वीकार गरेको देखियो ।

७. पुनरावेदकका पिता राधा साह कानूले कि.नं २३८ को जग्गा खरिद गरेपछि यी पुनरावेदकले उक्त जग्गाको मोही सगोलको अंशियार भएकोले मोही लगत कट्टा गरिपाउँ भनी मिति २०६८।१२।७ मा भूमिसुधार कार्यालय, पर्सामा निवेदन दिएको र सो निवेदनको आधारमा मिति २०६८।१२।२१ मा मोही महलमा रहेको बली साहको नामको  मोही लगत कट्टा गर्ने निर्णय गरेको देखिन्छ । यसरी कि नं २३८ को मोही बली साहको नाउँको मोही लगत कट्टा गर्ने निर्णय गर्नुअघि भूमिसुधार कार्यालयले मोही बली साहका हक खाने छोरा बुहारीलाई सुनुवाइको मौका दिएकोसमेत देखिँदैन ।

८. कुनै जग्गाको जग्गाधनीले सो जग्गाको मोही लगत कट्टा गरिपाउँ भनी दिएको निवेदनमा निर्णय गर्ने अधिकार प्राप्त निकाय वा अधिकारीले निर्णय गर्नुपूर्व सो जग्गाको मोही वा निजको हकवालालाई सुनुवाइ र प्रतिवाद गर्ने मौका दिई दुवै पक्षका कुरा सुनी निर्णय गर्नुपर्दछ । मोही वा निजको हकवालालाई सुनुवाइको मौका नदिई केबल जग्गाधनीको निवेदनको आधारमा मात्र एक पक्षीय रूपमा मोही लगत कट्टा हुने गरी भूमिसुधार कार्यालयले गरेको निर्णयबाट मोहीको मोहीयानी हकमा प्रतिकूल असर पर्ने हुँदा त्यस्तो निर्णय प्राकृतिक न्यायको सिद्धान्तविपरीत भई बदरभागी हुन्छ ।

९. प्रस्तुत मुद्दामा बली साहको हक खाने छोरा बुहारी रिट निवेदिकालगायतका हकवालालाई नबुझी निजहरूलाई सुनुवाइको मौका नदिई बली साहको नामको मोही लगत कट्टा गर्ने गरी भूमिसुधार कार्यालय, पर्साबाट भएको मिति २०६८।१२।२१ को निर्णय प्राकृतिक न्यायको सिद्धान्तविपरीत देखिन आएकोले पुनरावेदन अदालत हेटौंडाबाट उत्प्रेषण र

परमादेशको आदेश जारी गर्ने गरी भएको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिँदा पुनरावेदकको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन ।

१०. अतः माथि विवेचित तथ्य, आधार र प्रमाणबाट पुनरावेदन अदालत हेटौंडाबाट मिति २०६९।८।१३ मा भएको आदेश मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक लक्ष्मी साह कानूको पुनरावेदन जिकिर पुग्न सक्दैन । प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या. तेजबहादुर के.सी.

इजलास अधिकृतः भगवती शर्मा ढुङ्गाना
इति संवत् २०७४ साल फागुन ३० गते रोज ४ शुभम् ।

## निर्णय नं. ९९९७

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ
माननीय न्यायाधीश डा.श्री आनन्दमोहन भट्टराई
आदेश मिति : २०७५।३।१४
०६९-WO-०२०२

विषयः उत्प्रेषण / परमादेश

निवेदक : जिल्ला बझाङ मौलाली गा.वि.स. वडा नं.४ रकैल स्थायी घर भई हाल काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.११ बबरमहल बस्ने अधिवक्ता दलबहादुर धामीसमेत

विरूद्ध

विपक्षी : नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद् सचिवालय, सिंहदरबार, काठमाडौंसमेत

- **स्वास्थ्यसम्बन्धी अधिकार आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारअन्तर्गत पर्ने अधिकार हो । यी अधिकारको कार्यान्वयनको लागि राज्यले उपलब्ध स्रोत साधनहरूको अधिकतम उपयोग गर्दै प्रगतिशील रूपमा प्राप्त गर्दै जानको लागि आवश्यक उपायहरू अपनाउनुपर्छ तर मानव जीवनको आधारभूत आवश्यकतासँग जोडिएका विषयहरू जस्तै खाद्यान्न, आवास, आधारभूत शिक्षा तथा स्वास्थ्यलगायतका अधिकारहरू राज्यको Core minimum obligation अन्तर्गत पर्ने भएकोले यी अधिकारहरूको कार्यान्वयनको लागि देशको आर्थिक अवस्था तथा स्रोत साधनको उपलब्धतालगायतका विषयहरू असान्दर्भिक हुन्छन् र राज्यले यी अधिकारहरूको कार्यान्वयनको लागि तत्काल कदमहरू चाल्नुपर्ने ।**

(प्रकरण नं.९)

- **राज्यले नागरिकलाई औषधी / खोपलगायतका स्वास्थ्य सेवाहरू उपलब्ध गराउनु मात्रै पर्याप्त हुँदैन र यसो गर्दैमा नागरिकहरूको स्वास्थ्यसम्बन्धी अधिकार प्रत्याभूत भएको भनी मान्न मिल्दैन । राज्यले उपलब्ध गराएका यसप्रकारका सेवाहरू कुन गुणस्तरका छन् र तिनले लक्षित वर्गको स्वास्थ्यसम्बन्धी समस्या समाधान गर्न सक्छन् वा सक्दैनन् भन्ने सवाल पनि उत्तिकै महत्त्वपूर्ण**

**हुन्छ । गुणस्तरीय सेवा पाउनु नागरिकको हक हो भने गुणस्तरीय सेवा उपलब्ध गराउनु राज्यको कर्तव्य हुने ।**

- **बिरामीलाई खोप दिई उपचार गर्ने कार्य उपभोक्ता संरक्षण ऐनको प्रयोजनको लागि 'सेवा' भित्र पर्ने भएकोले उपभोक्तालाई वितरण गरिने वस्तु तथा सेवामा गुणस्तर कायम गर्ने दायित्व राज्यमा रहेको हुने ।**
- **स्वास्थ्य सेवा जस्तो मानिसको बाँच्न पाउने हक (Right to Life) सँग प्रत्यक्ष रूपमा जोडिएको सेवालाई राज्यले संवेदनशील रूपमा लिई यसको वितरण गर्दा पर्याप्त सावधानी अपनाउनु पर्छ । त्यसैगरी औषधी र खोपको वितरण गर्दा तथा अन्य उपचारको विधिहरू अपनाउँदा उपचारमा संलग्न चिकित्सकले पनि पर्याप्त सावधानी (Due Diligence) अपनाउनु पर्छ । प्रभावकारी उपचारको लागि सही औषधी, सही मात्रामा, सही तरिकाले, सही अवधिभित्र, सही मूल्यमा सेवन / प्रयोग गर्न आवश्यक हुने ।**

(प्रकरण नं.११)

- **राज्यले नागरिकलाई खोप तथा औषधी वितरण गर्नु कोरा औपचारिकताको विषय होइन । यो नागरिकको स्वास्थ्यसम्बन्धी समस्या समाधान गरी नागरिकको स्वास्थ्यसम्बन्धी अधिकारको प्रत्याभूत गर्नको लागि राज्यले गर्नुपर्ने अहम् दायित्वको विषय हो । तसर्थ औषधी / खोपको स्तर कस्तो छ र त्यसले प्रयोगकर्ता नागरिकहरूलाई नकारात्मक असर गर्छ वा गर्दैन भन्ने सम्बन्धमा राज्यले पर्याप्त गृहकार्य गर्नुपर्छ र कुनै प्रकारको नकारात्मक असर वा हानि पुग्न गएको अवस्थामा अपनाउनुपर्ने उपायहरूको सम्बन्धमा समेत राज्य सजग र तयार रहनुपर्ने ।**

(प्रकरण नं.१२)

- **मानवीय त्रुटिको कारण वा वातावरण प्रदूषित भएको कारणले खोपको भाइल प्रदूषित भएकोले बालबालिकाको मृत्यु भएको भन्ने भनाइबाट राज्यले उन्मुक्ति पाउन सक्ने हुँदैन । कुनै अमुक कारणले खोप प्रदूषित भएको कारण देखाउँदैमा आफूले वितरण गरेको खोपले पारेको नकारात्मक प्रभावको कारण सृजित दायित्वबाट राज्यले उन्मुक्ति पाउन नसक्ने ।**

(प्रकरण नं.१५)

निवेदकका तर्फबाट :

विपक्षीका तर्फबाट : विद्वान् सहन्यायधिवक्ता श्री श्यामकुमार भट्टराई

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- नेपालको अन्तरिम संविधान, २०६३

आदेश

**न्या. विश्वम्भरप्रसाद श्रेष्ठ :** नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ तथा १०७(२) बमोजिम दर्ता हुन आएको प्रस्तुत निवेदनको संक्षिप्त तथ्य र आदेश यसप्रकार रहेको छः

**रिट निवेदनको बेहोरा**

हामी निवेदकहरू सक्रिय कानून व्यवसाय पेसा गर्दै आएको व्यक्ति हौं साथै मानव अधिकारको क्षेत्रमा पनि काम गर्दै आएको अधिकारकर्मी पनि हौं । विपक्षी नेपाल सरकारले दादुरा विरूद्धको खोप लगाउने

योजनाअनुरूप डोटी जिल्लाको काडामाडौं गा.वि.स. लगायतका बालबालिकाहरूलाई दादुरा विरूद्धको खोप लगाउने क्रममा चार जना बालबालिकाको मृत्यु भएको, सोही कारणबाट कयौं बालबालिकाहरू बिरामी भएको समाचार बाहिर आएको थियो । यस घटनाको बारेमा प्रारम्भिक छानबिनबाट दादुराको खोपकै कारणले मृत्युभएको भनिएको छ भने यसबारेमा विपक्षी स्वास्थ्य मन्त्रालयको बाल विशेषज्ञसमेतको टोलीले घटनास्थलको अध्ययन गरी सत्यतथ्य प्रतिवेदन सार्वजनिक गर्ने जिम्मा लिएकोमा अझै प्रतिवेदन बाहिर ल्याएको छैन। तर विपक्षीहरूले यस्तो गम्भीर खालको घटना भई अनाहकमा चार जना बालबालिकाले ज्यान गुमाइसक्दासमेत सो कार्यक्रमलाई तत्काल रोक्नुको साटो खोप लगाउने कार्य जारी राखेकोले डडेल्धुराको गणेशपुर ७ का बालकको मृत्यु भयो । यसरी पटक पटक बालबालिकाहरूको मृत्यु तथा बिरामी भइरहेको अवस्थामा पनि विपक्षीहरूले फेरी पनि खोप कार्यक्रम जारी राखेकोले उक्त खोप तत्काल बन्द नगरे अरू निर्दोष बालबालिकाहरूको मृत्यु हुने सम्भावना भएकोले यस घटनाको सम्बन्धमा छानबिन गर्न उच्चस्तरीय छानबिन गठन गरी पीडित परिवारलाई क्षतिपूर्तिका साथ अब उप्रान्त मानवको जिउन पाउने हकमाथि नै खेलवाड गर्दै विभिन्न खोप तथा औषधीको नाममा हेलचेक्र्याई नगरी खोप परीक्षण गर्नका लागि निश्चित प्रक्रिया अपनाई मानव जीवनको ग्यारेन्टी गरेर मात्र खोप लगाउने व्यवस्था गर्न उत्प्रेषणयुक्त परमादेशलगायत जो चाहिने आज्ञा आदेश जारी गरी पाउन नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र १०७(२) बमोजिम सम्मानित सर्वोच्च अदालतमा उपस्थित भएका छौं ।

मौलिक हकअन्तर्गत नेपालको अन्तरिम संविधान, २०६३ को धार १२ ले प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ भन्ने व्यवस्था गरेको छ । त्यसैगरी धारा १६ ले वातावरण तथा स्वास्थ्यसम्बन्धी हक तथा धारा २२ले बालबालिकाको हकको ग्यारेन्टी गरेको छ। नेपालले आर्थिक, समाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अभिसन्धि, १९६६, महिला विरूद्धका सबै प्रकारका भेदभाव उन्मुलन गर्नेसम्बन्धी महासन्धि, १९७९, बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ समेतका धेरै मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय कानूनहरूलाई अनुमोदन गरिसकेको छ । बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ को धारा ६ ले बाँच्न पाउने हक प्रत्येक बालबालिकाको जन्मसिद्ध अधिकार हो भनी पक्ष राष्ट्र स्वीकार गर्छन् भनिएको छ भने धारा १४ मा स्वास्थ्यको अधिकारको ग्यारेन्टी गरेको छ । बालबालिकासम्बन्धी ऐन, २०४८ को प्रस्तावनामा बालबालिकाको हक, हितको संरक्षण गरी तिनीहरूको शारीरिक, मानसिक र बौद्धिक विकास गर्न तथा दफा ४ मा स्वास्थ्यको अधिकारको ग्यारेन्टी गरिएको छ । अन्तर्राष्ट्रिय कानूनहरूलाई अनुमोदन गरिसकेपछि सोअनुसार राष्ट्रिय कानूनहरू निर्माण गर्नुपर्ने हुन्छ । नेपाल सन्धि ऐन, २०४७ को दफा ९ ले अन्तर्राष्ट्रिय महासन्धि अभिसन्धिहरूलाई अनुमोदन गरिसकेपछि राष्ट्रिय कानूनसरह लागू गरिनुपर्ने कानूनी व्यवस्था गरेको छ।

विपक्षी नेपाल सरकार तथा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले यसअघि पनि पटकपटक सर्वसाधारण जनताको स्वास्थ्यमा खेलबाड गरी विभिन्न औषधी परीक्षण गर्ने गरेको समाचार बाहिर आइरहेका थिए । नेपालमा बालबालिकाहरूको स्वास्थ्य स्थिति एकदम कमजोर रहेको अवस्था त्यसैमा सुदुरपश्चिममा यो क्रम अझ न्यून रहेको छ । दादुरा विरूद्धको खोप लगाउने कार्य आफैँमा नराम्रो होइन, तर सो खोपको सकारात्मक नकारात्मक असर के पर्छ सोबारेमा अध्ययन नै नगरी, असर परी हालेमा सोको उपचार कसरी गर्ने सोबारेमा कुनै पूर्वयोजना नै नगरी बालबालिकाको जीउन पाउने हकमा कुठाराघात

पार्ने गरी थालनी गरेको र सोही सुईको कारणले बालबालिकाको मृत्यु भएको भनी जिल्ला स्वास्थ्य कार्यालयका अधिकृतले सार्वजनिक गरिसकेका तथा डोटी जिल्ला अस्पतालका डाक्टरसमेतले यसै सुईका कारणले बालबालिकाको मृत्यु भएको हुनसक्ने भनाई सार्वजनिक गरिसकेपछि पनि कार्यक्रमलाई स्थगित नगर्ने भनाई सार्वजनिक गर्दै सोही कारणले डडेल्धुरा गणेशपुरका बालकको मृत्यु भएको सार्वजनिक हुनु विपक्षीहरूको मुख्य कारणले निर्दोष बालबालिकाको मृत्यु भएको यथार्थता हो । अझ यसै कारणले कति बालबालिकाको ज्यान खतरामा छ सोको कुनै तथ्याङ्क छैन । डोटीमा मात्र कयौं बालबालिकाहरू अझै अस्पतालमा भर्ना गरी उपचार भइरहेको समाचार बाहिर आइरहेका छन् ।

तसर्थ यसरी हचुवाको भरमा कुनै पनि खोप कार्यक्रम सञ्चालन गर्दा खोपको बारेमा गहिरो अध्ययन गरी सोबाट आउनसक्ने नकारात्मक परिणामलाई रोकथाम गर्नका लागि विस्तृत पूर्वतयारी गरेर मात्र खोप सञ्चालन गर्न, सबै नागरिकको बाँच्न पाउने हक अधिकार सुनिश्चित गरी थप बालबालिकाहरू अझै बढी संवेदनशील र कमजोर हुने भएकाले उनीहरूले बाँच्न पाउने अधिकार, स्वास्थ्य अधिकारमा ध्यान दिएर मात्र कार्यक्रम सञ्चालन गर्न साथै मृतक बालबालिकाहरूको सबै अभिभावकलाई उचित क्षतिपूर्ति दिलाई अन्य बिरामी बालबालिकाहरूको हकमा नि:शुल्क उपचार तथा उनीहरूले बेहोर्नु परेको हैरानीको उचित थप क्षतिपूर्तिसमेतका लागि विपक्षीहरूको नाममा उत्प्रेषणयुक्त परमादेश जारी गरिपाऊँ ।

प्रस्तुत रिट निवेदनको टुङ्गो लाग्न समय लाग्ने भएको तर विपक्षीहरूले दादुरा खोप कार्यक्रम हालसम्म नरोकी स्थानीय गाउँ गाउँमा खोप कार्यक्रमहरू जारी राखेको अवस्था रहेको तथा स्थानीयहरूले आफ्ना बालबालिकाहरूलाई यो खोप नलगाउने भने पनि जबरजस्ती गर्ने तथा सो सुईबाट कुनै पनि असर पर्दैन भन्दै स्थानीय स्वास्थ्यका कर्मचारीहरू मार्फत खोप लगाउने क्रम जारी रहेकोले ठूलो संख्यामा बालबालिकाहरू जोखिममा पर्ने सम्भावना भएकोले मुद्दाको टुङ्गो नलागेसम्मका लागि उक्त खोप कार्यक्रम स्थगित गर्नु गराउनु भन्ने विपक्षीहरूको नाममा अन्तरिम आदेश जारी गरिपाऊँ । साथै बालबालिकाको ज्यान तथा स्वास्थ्य जस्तो संवेदनशील विषय भएको र यसलाई ढिलो गर्दा अझ थप असर पर्ने सम्भावना भएकोले सर्वोच्च अदालत नियमावली, २०४८ को नियम ६३(३) बमोजिम अग्राधिकार दिई मुद्दाको सुनुवाइ हुने व्यवस्थासमेत गरिपाउँ भन्नेसमेत बेहोराको रिट निवेदन पत्र ।

**कारण देखाउ आदेश**

यसमा के कसो भएको हो? निवेदकहरूको निवेदन मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो? यो आदेश प्राप्त भएको मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पठाउनु भनी रिट निवेदनको एकप्रति नक्कल साथै राखी विपक्षीहरूलाई सूचना पठाई त्यसको बोधार्थ महान्यायाधिवक्ताको कार्यालयमा पठाई दिनु र लिखित जवाफ परेपछि वा अवधि नाघेपछि नियमानुसार पेस गर्नु ।

निवेदकले अन्तरिम आदेशसमेतको माग गरेको देखिँदा सो सम्बन्धमा दुवै पक्ष राखी छलफल गरी आदेश गर्नु उपयुक्त हुने देखिएकोले सोको लागि मिति २०६९।५।२७ को पेसी तोकी छलफलमा भाग लिन प्रतिरक्षीहरूको नाउँमा सूचना पठाई नियमानुसार पेस गर्नू । साथै प्रस्तुत निवेदन जनसाधारणको स्वास्थ्यसँग प्रत्यक्ष सम्बन्धित रहेको देखिँदा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ६३(३) (च५) बमोजिम अग्राधिकार प्रदान गरिदिएको छ भन्ने बेहोराको मिति २०६९।५।१८ मा यस अदालतबाट

भएको आदेश।

**जिल्ला स्वास्थ्य कार्यालय, डोटीको लिखित जवाफ**

डोटी जिल्लाको काडामाडौं गा.वि.स. लगायतमा बालबालिकालाई दादुरा विरूद्धको खोप लगाउने क्रममा खोपकै कारण मृत्यु भएको भनिएको छ, त्यो एकदमै निराधार छ । डोटी जिल्लाको काडामाडौं गा.वि.स. खोप कार्यक्रमअन्तर्गत पहिलो चरणको सानागाउँ इलाका स्वास्थ्य चौकीभित्र पर्दछ । उपर्युक्त पहिलो चरणमा काडामाडौं गा.वि.स. लगायत १० गा.वि.स. र सिंगो नगरपालिकामा एकैसाथ खोप कार्यक्रम सञ्चालन भएको हुन्छ । त्यसरी खोप लगाइँदा मिति २०६९।५।३ गते काडामाडौं गा.वि.स.मा कुल १९ जना बालबालिकालाई खोप लगाइएकोमा दादुराको खोप लगाइएका ६ जना बालबालिकामध्ये ४ जनाको निधन भयो भन्ने खबर मिति २०६९।५।४ गते साँझ ६ बजे जिल्ला स्वास्थ्य कार्यालय डोटीलाई प्राप्त भएपछि मिति २०६९।५।५ गते बिहान डा.सन्दिप श्रेष्ठको नेतृत्वमा जिल्ला स्वास्थ्य कार्यालय डोटीका खोप फाँट प्रमुख, सानागाउँ स्वास्थ्य चौकीका प्रमुख र पत्रकारसहितको टोली घटनास्थलतर्फ गई स्थलगत अवलोकन र अध्ययन गरी टोलीले दिएको जानकारीका आधारमा दादुराको खोप लगाइएका काडामाडौं गा.वि.स. वडा नं.६ धानुकाडा बस्ने १२ महिनाको बालक मिलन नेपालीले मिति २०६९।५।३ गते बिहान ११ बजे खोप लगाएकोमा निजलाई साँझ ६ बजे High grade fever with rigors देखिई मिति २०६९।५।४ गते बिहान ५ बजे निधन भएको, ऐ.ऐ.वडा नं.७ थापागाउँ बस्ने ८ महिनाको बालिका सुजाता नेपालीले मिति २०६९।५।३ गते बिहान ९:३० बजे खोप लगाएकोमा निजलाई साँझ ६ बजे High grade fever with rigors देखिई मिति २०६९।५।४ गते बिहान ५ बजे निधन भएको, ऐ.ऐ. वडा नं.७ थापागाउँ बस्ने १९ महिनाकी बालिका गौरी चिरालले मिति २०६९।५।३ गते बिहान १० बजे खोप लगाएकोमा निजलाई साँझ ६ बजे Vomiting loose stool, fever with rigors देखिई मिति २०६९।५।४ गते बिहान ३:३० बजे निधन भएको र पोखरी गा.वि.स. वडा नं.९ घर भई काडामाडौं गा.वि.स. मामाघरमा रहेकी ९ महिनाकी अन्जु वि.क.ले मिति २०६९।५।३ गते बिहान ११ बजे खोप लगाइएकोमा निजलाई Vomiting & loose stool, fever with rigors देखिई मिति २०६९।५।४ गते बिहान ५ बजे निधन भएको र मृतक ४ जना बालबालिकाहरूलाई निजहरूका आफन्तहरूले स्वास्थ्य संस्थामा कुनै जानकारी नगराई दाहसंस्कार गरिएको पाइयो । खोप लगाइएका अर्का बालक काडामाडौं गा.वि.स. वडा नं.५ धानुकाडाका ११ महिनाका रतन धानुकले मिति २०६९।५।३ मा दिउँसो १२ बजे खोप लगाएकोमा निजलाई साँझ ६ बजे Fever with rigors followed by vomiting २ episodes & loose watery stool overnight देखिई निज बालकलाई मिति २०६९।५।४ गते दिउँसो २ बजे स्थानीय क्लिनिकमा उपचार गर्न ल्याइँदा त्यहाँबाट रिफर गरी मिति २०६९।५।५ गते साँझ ७:३० बजे डोटी जिल्ला अस्पतालमा ल्याई उपचार गर्दा निजको अवस्थामा सुधार आई हाल निजको अवस्था सामान्य रहेको छ भने सोही मितिमा खोप लगाइएका अर्का ७ महिनाका बालक भजन धानुकलाई सामान्य ज्वरो आई पछि निजको अवस्था सामान्य रहेको भन्ने थाहा हुन गएको । यसर्थ, बच्चाहरूलाई खोप दिइसकेपछि निजहरूलाई कामेर ज्वरो आई पखाला लागि बान्तासमेत भएकोमा तत्काल उपचार नपाएका कारण पनि ४ जना बालबालिकाको निधन भएको र सामान्य लक्षण देखिई उपचार पाएका बालकहरू बाँचेका देखिन्छन्। तसर्थ नेपाल सरकारको दायित्व र कर्तव्य पालना गर्ने कार्यमा जिल्ला स्वास्थ्य कार्यालय डोटीले तोकिएको बमोजिम जिम्मेवारी पालना गर्दै आएको हुँदा प्रस्तुत

रिट निवेदनको औचित्य समाप्त भएकोले निवेदन खारेजी भागी छ भन्ने बेहोराको जिल्ला स्वास्थ्य कार्यालय, डोटीका तर्फबाट ऐ.का निमित्त कार्यालय प्रमुख रामस्वार्थ यादवको लिखित जवाफ।

**जिल्ला स्वास्थ्य कार्यालय, डडेल्धुराको लिखित जवाफ**

स्वास्थ्यमा खोपले महत्त्वपूर्ण भूमिका खेलेको छ । संसारका अन्य मुलुकहरूमा पनि खोप कार्यक्रम सञ्चालन छ । विफर संसारबाट उन्मुलन भयो । पोलियो उन्मुलन हुने क्रममा छ । नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट नै खोप कार्यक्रम नेपाल राज्यभर सञ्चालनमा छ । हाल नेपालमा खोपबाट आठवटा रोगहरूको रोग दरमा कमी तथा बाल मृत्युदरमा समेत कमी आएको छ । सन् २००१ मा बाल मृत्युदर प्रति हजार ६४ बाट घटेर सन् २०११ मा प्रति हजार ५४ पुगेको छ र बालबालिकाहरूको खोप पाउने मौलिक अधिकार भएको र राज्यले उपलब्ध गराएको सेवा पाउनु बालबालिकाहरूको जन्मसिद्ध अधिकार भएकोले खोप बन्द गर्दा झन रोगहरूबाट बच्चाहरूको मृत्युदर बढने भएकोले र अनुसन्धानका क्रममा भ्याक्सिनमा खराबी नदेखिएकोले खोप कार्यक्रम बन्द गर्न मिल्दैन। यस डडेल्धुरा जिल्लामा दादुरा खोपले बच्चाको मृत्यु भएको होइन । वि.सि.जि. खोपले भएको भन्ने कुरा समाचार माध्यममा आए तापनि सो समाचार सम्प्रेषण गर्दा प्रयोग गरिएको खोपको गुणस्तर एवं उपादेयताका सम्बन्धमा कुनै स्वास्थ्य विज्ञको निष्कर्ष नै समावेश नगरी सम्प्रेषण गरिएको तथा अनुसन्धानबाट समेत निराधार भएको पुष्टि भएकोले रिट निवेदन डडेल्धुराको हकमा कपोकल्पित र आधारहीन भएकोले खारेज गरिपाउँ भन्न बेहोराको जिल्ला स्वास्थ्य कार्यालय डडेल्धुराको तर्फबाट निमित्त कार्यालय प्रमुख डा.दुर्गा ढुङ्गानाको लिखित जवाफ।

**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफ**

नेपाल सरकार संविधान तथा कानून प्रदत्त नागरिकका मौलिक एवं कानूनी हक, अधिकारको संरक्षण एवं संवर्द्धन गर्दै उपभोगको सुनिश्चितता प्रदान गर्ने कुरामा प्रतिबद्ध रहेको छ। यसै सन्दर्भमा दादुराजन्य रोगबाट बालबालिकाहरूलाई सुरक्षित गरी सबल र स्वस्थ नागरिक निर्माण गर्ने पुनित उद्देश्य लिई नेपाल सरकारबाट बालबालिकालाई दादुरा विरूद्धको खोप सञ्चालन गरेकोमा विवाद छैन। दादुरा विरूद्धको खोप कार्यक्रम सञ्चालन भएकै समयमा विपक्षी निवेदकले दाबी लिनु भएजस्तो केही जिल्लामा बालबालिकाको मृत्यु भएको भन्ने कुरा सुनिन आएको सत्य हो । यस सम्बन्धमा अध्ययन गरी सत्यतथ्य प्रतिवेदन पेस गर्न नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट बाल विशेषज्ञसहितको टोली गठन गरिएको र हालसम्म सो टोलीले तत्सम्बन्धमा प्रतिवेदन नबुझाएको भनी विपक्षी स्वयंले आफ्नो निवेदनमा उल्लेख गर्नुभएको छ। यस अवस्थामा नेपाल सरकारबाट सञ्चालित दादुरा विरूद्धको खोप कार्यक्रमकै कारण बालबालिकाको मृत्यु भएको हो भन्ने निष्कर्ष निकाल्न मनासिब हुँदैन । विपक्षीका अन्य दाबीका हकमा सम्बन्धित निकायको लिखित जवाफबाट स्पष्ट हुनै नै छ । अतः उपर्युक्त आधार र कारणसमेतबाट यस कार्यालयलाई विपक्षी कायम गरेको हकमा सम्म रिट निवेदन खारेज भागी हुँदा खारेज गरिपाउँ भन्नेसमेत बेहोराको नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफ।

**स्वास्थ्य सेवा विभागको लिखित जवाफ**

उक्त घटनाको अनुगमन तथा अनुसन्धान गर्ने स्वतन्त्र समिति (AEFI Committee) ले गरेको निर्णय तथा सिफारिसअनुसार ती बालबालिकाहरूलाई



सर्वोच्च अदालत

Toxic shock syndrome भएको जुन स्थानीयरूपमा उक्त भ्याक्सिन भाइल प्रदूषित (Contaminated) भएको कारणले हुनसक्ने उल्लेख भएको उक्त भाइल प्रयोग भइसकेपछि नियमित प्रक्रियाअनुसार नै नष्ट गरी सकिएको, भाइल दूषित हुनुमा स्वास्थ्यकर्मी स्वयं सजग हुँदाहुँदै पनि सेवा प्रदान गर्ने क्रममा मानवीय त्रुटिका कारण वा स्थानीय स्तरमा वातावरण प्रदूषित भएको कारणले वा सरसफाइमा भएको कमीका कारणले पनि हुन सक्ने अवस्था देखिएकोले ती बालबालिकाको मृत्यु खोप भ्याक्सिनको कारणले नभएको बेहोरा सम्बन्धित सबैमा अनुरोध गरिएको साथै यस्तो घटना दोहोरिने नदिन अनुगमन तथा अनुसन्धान गर्ने स्वतन्त्र समिति (AEFI Committee) ले दिएको सुझावहरूलाई कडाइका साथ लागू गर्न मन्त्रालयले मातहतका निकायहरूलाई निर्देशन दिएको र सो घटना खोप भ्याक्सिनको कारणले नभएको हुनाले प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभागका नि. महानिर्देशक डा.मिङ्मार गेल्जेन शेर्पाको लिखित जवाफ।

**स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको लिखित जवाफ**

उल्लिखित घटनाको अनुगमन तथा अनुसन्धान गर्ने स्वतन्त्र समिति (AEFI Committee) ले गरेको निर्णय तथा सिफारिसअनुसार मृत्यु भएका बालबालिकाहरूलाई Toxic shock syndrome भएको, जुन स्थानीयरूपमा उक्त भ्याक्सिन भाइल प्रदूषित (Contaminated) भएको उक्त भाइल प्रयोग भइसकेपछि नियमित प्रक्रियाबाट नै नष्ट गरी सकिएको, भाइल दूषित हुनुमा स्वास्थ्यकर्मी स्वयं सजग हुँदाहुँदै पनि सेवा प्रदान गर्ने क्रममा मानवीय त्रुटिका कारण वा स्थानीय स्तरमा वातावरण प्रदूषित भएको कारणले वा सरसफाइमा भएको कमीका कारणले पनि हुनसक्ने अवस्था भएकोले ती बालबालिकाको मृत्यु खोपको कारणले नभएको तथा अगामी दिनमा यस्ता घटना दोहोरिन नदिन अनुगमन तथा अनुसन्धान गर्ने स्वतन्त्र समितिले दिएका सुझावलाई कडाइका साथ लागू गर्न मन्त्रालयले मातहतका निकायलाई निर्देशन दिइसकेको हुँदा प्रस्तुत रिट निवेदन खारेज भागी छ, खारेज गरिपाउँ भन्नेसमेत बेहोराको नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाडौंको तर्फबाट ऐ.का निमित्त सचिव डा. तीर्थराज बुर्लाकोटीको लिखित जवाफ।

**क्षेत्रीय स्वास्थ्य निर्देशनालयको लिखित जवाफ**

डडेल्धुरा जिल्लाको गणेशपुर गा.वि.स. वडा नं.७ मा २१ दिनको एक बालकको बि.सि. जी.खोपबाट मिति २०६९।५।६ गते मृत्यु भयो भन्ने खबर मिति २०६९।५।९ गते साँझ ४:०० बजे जिल्ला जनस्वास्थ्य कार्यालयमा जानकारी आएकोमा मिति २०६९।५।११ गते स्वास्थ्य अनुसन्धान टोलीले अनुसन्धान गर्दा मिति २०६९।५।६ गते दिउँसो ११:३० बजे एउटै भायलबाट ४ जना बच्चाहरूले खोप पाएकोमा अरू बच्चाहरूलाई केही पनि नभएको, उक्त २१ दिनको बच्चा खोप पाएपछि घर लगेर आमाले बच्चालाई दूध खुवाएको बच्चाले दूध खाएपछि बच्चा सुतेको र साँझ ७:०० बजे ओठ निलो तथा पेट सुन्निएर मृत्यु भएकोमा अनुसन्धान फाराम "ग" बुँदामा बि.सि.जी.खोपबाट नभई श्वासप्रश्वास रोगबाट हुनसक्ने निष्कर्ष तथा स्वास्थ्य सेवा विभागको विशेषज्ञ टोलीको बैठकको निर्णयबाट पनि खोपबाट नभई अन्य कारणबाट हुनसक्ने निष्कर्ष तथा स्वास्थ्य सेवा विभागको विशेषज्ञ टोलीको बैठकको निर्णयबाट पनि खोपबाट नभई अन्य कारणबाट हुनसक्ने पुष्टि भएकोले रिट निवेदकले खोपबाट भएको भन्ने कुरा आधारहीन भएको पुष्टि हुन्छ भन्नेसमेत बेहोराको सुदुरपश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय

दिपायल, डोटीको तर्फबाट ऐ.का का.मु.क्षेत्रीय निर्देशक डा.विकास लामिछानेको लिखित जवाफ ।

**कानून व्यवसायीहरूको बहस जिकिर**

नियमबमोजिम पेसी सूचीमा चढी निर्णयको लागि यस इजलासमा पेस हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकको तर्फबाट बहस निमित्त कोही पनि उपस्थित हुनुभएन । विपक्षीहरूको तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री श्यामकुमार भट्टराईले नागरिकको स्वास्थ्यसम्बन्धी अधिकार तथा बाँच्न पाउने अधिकारको संरक्षण गर्न सरकार गम्भीर छ । खोप लगाउने कार्य विश्वव्यापीरूपमा नै छ । खोप चरणबद्धरूपमा विकास हुँदै आएको छ । खोप उत्पादन कर्ताले खोप उत्पादन गरेपछि WHO ले प्रमाणित गरेर ठिक छ भनेपछि मात्र बजारमा आउने हो । खोप लगाउनुअगाडि हरेक तहमा परीक्षण गरिन्छ र ठिक भएपछि मात्र खोप लगाइन्छ । सेवा प्रदान गर्ने क्रममा मानवीय त्रुटिको कारण वा स्थानीय स्तरमा वातावरण प्रदूषित भएको कारणले बालबालिकाको मृत्यु भएको हुनसक्छ । दादुराको खोपको कारणले बालबालिकाको मृत्यु भएको होइन । उक्त घटनाको अनुगमन तथा अनुसन्धान गर्ने स्वतन्त्र समितिले दिएको सुझावहरूलाई कडाइको साथ पालना गर्न स्वास्थ्य मन्त्रालयले मातहतका निकायहरूलाई निर्देशन दिएको र सो घटना खोपको भ्याक्सिनको कारणले नभएको हुनाले प्रस्तुत रिट निवेदन खारेज हुनुपर्छ भनी बहस गर्नुभयो ।

**अदालतको निर्णयादेश ठहर**

रिट निवेदन, लिखित जवाफ तथा लिखित बहसनोटको अध्ययन गरी तथा विद्वान् सहन्यायाधिवक्ताको बहस जिकिर सुनी निर्णयतर्फ विचार गर्दा प्रस्तुत रिट निवेदनमा देहायको प्रश्नहरूमा केन्द्रित रही निर्णय गर्नुपर्ने देखियो ।

(१) स्वास्थ्यसम्बन्धी अधिकार कस्तो प्रकारको अधिकार हो र नागरिकलाई यो अधिकारको प्रत्याभूत गर्नको लागि राज्यको के कस्तो दायित्व रहेको हुन्छ?
(२) राज्यले औषधी तथा खोपको वितरण गर्दा के कस्ता उपाय र सावधानीहरू अपनाउनु पर्छ र सुदुरपश्चिम क्षेत्रमा सञ्चालन गरेको खोप वितरण कार्यक्रममा उक्त सावधानी अपनाइएको थियो वा थिएन?
(३) निवेदकको मागबमोजिमको आदेश जारी गर्नुपर्ने हो, होइन?

२. निर्णयतर्फ विचार गर्दा विपक्षीहरूले सुदुरपश्चिम क्षेत्रमा दादुरा विरूद्धको खोप लगाउने कार्यक्रम सञ्चालन गरेकोमा उक्त खोपको कारणबाट बालबालिकाको मृत्यु भएकोले तत्काल उक्त खोप कार्यक्रम बन्द गरी कुनै पनि खोप कार्यक्रम सञ्चालन गर्दा खोपको बारेमा गहिरो अध्ययन गरी सोबाट आउनसक्ने नकारात्मक परिणामलाई रोकथाम गर्नका लागि विस्तृत पूर्वतयारी गरेर मात्र खोप सञ्चालन गर्न, सबै नागरिकको बाँच्न पाउने हक अधिकार सुनिश्चित गरी बालबालिकाहरूको बाँच्न पाउने अधिकार, स्वास्थ्य अधिकारमा ध्यान दिएर मात्र कार्यक्रम सञ्चालन गर्न साथै मृतक बालबालिकाहरूको सबै अभिभावकलाई उचित क्षतिपूर्ति दिलाई अन्य बिरामी बालबालिकाहरूको हकमा नि:शुल्क उपचार तथा उनीहरूले बेहोर्नु परेको हैरानीको लागि उचित क्षतिपूर्तिसमेतका लागि विपक्षीहरूको नाममा उत्प्रेषणयुक्त परमादेश जारी गरिपाउँ भन्ने निवेदन माग रहेको देखिन्छ ।

३. सरकारले दादुराको खोप लगाउने कार्य आफैँमा नराम्रो नभए तापनि उक्त खोप लगाउँदा सो खोपको सकारात्मक र नकारात्मक असर के पर्छ भन्ने सम्बन्धमा अध्ययन नै नगरी तथा असर परी हालेको

अवस्थामा सोको उपचार कसरी गर्ने भन्ने बारेमा कुनै पूर्वयोजना विपक्षीहरूले नबनाएकोले उक्त खोपबाट प्रभावित भई बालबालिकाको मृत्यु भएको भन्ने निवेदकहरूको दाबी रहेको छ। यसअगाडि पनि विपक्षी नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनसाधारणको स्वास्थ्यमा खेलबाड गरी विभिन्न औषधीहरूको परीक्षण गरेको समाचार बाहिर आएको भनी समेत निवेदकले निवेदनमा उल्लेख गरेको देखिन्छ। यसरी प्रस्तुत रिट निवेदनमा निवेदकले सरकारले पूर्वयोजना र तयारी नगरिकन परीक्षण गर्नको लागि औषधी तथा खोपको वितरण गरेको कारणले नागरिकहरूको मृत्यु भई नागरिकहरूको बाँच्न पाउने हक र स्वास्थ्यसम्बन्धी हकको हनन् हुन गएको भन्ने गम्भीर प्रश्न उठाएको देखिन्छ।

४. अब स्वास्थ्यसम्बन्धी अधिकार कस्तो प्रकारको अधिकार हो र नागरिकलाई यो अधिकारको प्रत्याभूत गर्नको लागि राज्यको के कस्तो दायित्व रहेको हुन्छ भन्ने पहिलो प्रश्नको सम्बन्धमा विचार गर्दा स्वस्थ रहन पाउनु मानिसको आधारभूत मानव अधिकार हो। नेपालको सन्दर्भमा हेर्दा स्वास्थ्यसम्बन्धी अधिकारलाई संविधानले नै मौलिक हकको रूपमा व्यवस्था गरेको छ। प्रस्तुत रिट निवेदन दायर हुँदाको समयमा विद्यमान नेपालको अन्तरिम संविधान, २०६३ को धारा १६(२) ले प्रत्येक नागरिकलाई राज्यबाट कानूनमा व्यवस्था भएबमोजिम आधारभूत स्वास्थ्य सेवा निःशुल्क रूपमा पाउने हक हुनेछ भनी व्यवस्था गरेको थियो भने हाल विद्यमान नेपालको संविधानले यस सम्बन्धमा विस्तृत रूपमा थप व्यवस्था गर्दै धारा ३५ मा निम्न व्यवस्था गरेको छ।

***३५. स्वास्थ्यसम्बन्धी हक : (१) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन।***

***(२) प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हक हुनेछ।***

***(३) प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुनेछ।***

***(४) प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ।***

५. स्वास्थ्यसम्बन्धी अधिकारलाई विभिन्न अन्तर्राष्ट्रिय दस्तावेजहरूले आधारभूत मानव अधिकारको रूपमा व्यवस्था गरेका छन्। मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८ ले स्वास्थ्यसम्बन्धी अधिकारको सम्बन्धमा अलग व्यवस्था नगरेको भए तापनि धारा २५(१) मा *प्रत्येक व्यक्तिलाई आफ्नो परिवारको स्वास्थ्य र कल्याणको लागि खाद्यान्न, कपडा, आवास र औषधोपचारको सुविधा र आवश्यक सामाजिक सेवाहरू प्राप्त गर्ने अधिकार रहेको हुन्छ* भन्ने व्यवस्था गरेको छ भने आर्थिक,सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६ मा यस सम्बन्धमा केही विस्तृत व्यवस्था गर्दै धारा १२(१) मा *प्रस्तुत महासन्धिका पक्ष राष्ट्रहरू प्रत्येक व्यक्तिको शारीरिक र मानसिक स्वास्थ्यको उच्चतम् प्राप्य स्तरको उपभोग गर्ने अधिकार स्वीकार गर्दछन्* भनी उल्लेख गरिएको छ। त्यसैगरी बाल अधिकारसम्बन्धी महासन्धि,१९८९ को धारा २४ मा *बालबालिकाको स्वास्थ्यसम्बन्धी अधिकारको सम्बन्धमा विशेष व्यवस्था गर्दै पक्ष राष्ट्रहरूले बालबालिकाको स्वास्थ्यको उच्चतम प्राप्य स्तरको उपभोग तथा रोगको उपचार गर्न पाउने र स्वास्थ्यको पुनर्लाभ गर्न पाउने सुविधाको अधिकारलाई स्वीकार गर्छन्। कुनै पनि बालबालिकाका यस्तो स्वास्थ्य स्याहार सेवाहरू उपर पहुँच पाउने अधिकारबाट वञ्चित नभएको सुनिश्चित गर्न पक्ष राष्ट्रहरूले प्रयत्न गर्नेछन्* भन्ने व्यवस्था रहेको छ।

६. यसरी नागरिकको स्वास्थ्यसम्बन्धी अधिकारलाई विभिन्न अन्तर्राष्ट्रिय कानून तथा

नेपालको संविधान र प्रस्तुत रिट निवेदन दायर हुँदाको समयमा विद्यमान रहेको नेपालको अन्तरिम संविधान, २०६३ ले समेत आधारभूत मानव अधिकारको रूपमा स्वीकार गरेको पाइन्छ।

७. स्वास्थ्यसम्बन्धी अधिकारमा कस्तो प्रकारको अधिकारहरू रहेको हुन्छ भन्ने सम्बन्धमा हेर्दा यसअन्तर्गत स्वास्थ्यसम्बन्धी स्वतन्त्रता र स्वास्थ्यसम्बन्धी हक वा दाबीको समग्र स्वरूपलाई बुझ्नुपर्छ। यसै सम्बन्धमा संयुक्त राष्ट्र संघको आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार समितिले आफ्नो टिप्पणी नं.१४ (General Comment No.14) मा स्वास्थ्यसम्बन्धी अधिकारको व्याख्या गर्दै स्वास्थ्यसम्बन्धी अधिकारले स्वास्थ्यसम्बन्धी स्वतन्त्रता (Freedom) र स्वास्थ्यसम्बन्धी हक वा दाबी (Entitlement) दुवैलाई समेट्छ। स्वास्थ्यसम्बन्धी स्वतन्त्रताले यौन तथा प्रजनन स्वतन्त्रता, आफ्नो ईच्छा विरूद्धको चिकित्सकीय परीक्षण र स्वास्थ्योपचारको विरूद्धको स्वतन्त्रतासमेतलाई समावेश गर्दै आफ्नो शरीर र स्वास्थ्यमाथि नियन्त्रणको अधिकारलाई जनाउँछ भने हक वा दाबीले सबैलाई समानरूपमा स्वास्थ्यको उच्चता प्राप्यस्तरमा अवसर प्रदान गर्ने स्वास्थ्य रक्षा प्रणालीको उपलब्धतासमेतलाई जनाउँछ भनी व्याख्या गरेको देखिन्छ। समग्रतामा स्वास्थ्यसम्बन्धी अधिकार नागरिकहरू सकेसम्म बढी स्वस्थ रहन सक्ने वातावरणको प्रत्याभूति हो र सोको प्रत्याभूति दिलाउने दायित्व राज्यको हो। संविधान तथा विभिन्न अन्तर्राष्ट्रिय कानूनले स्वास्थ्यसम्बन्धी अधिकारलाई मानव अधिकारको रूपमा व्यवस्था गरेकोमा यसको कार्यान्वयन गरी नागरिकलाई यस अधिकारको प्रत्याभूत गर्ने दायित्व राज्यमा रहेको हुन्छ। स्वास्थ्यसम्बन्धी अधिकारअन्तर्गत स्वतन्त्रतासँग सम्बन्धित अधिकारको कार्यान्वयन गराउनको लागि राज्यको अहस्तक्षेप नै पर्याप्त हुन्छ तर हक वा दाबीसँग सम्बन्धित स्वास्थ्यसम्बन्धी अधिकार सकारात्मक प्रकृतिको अधिकार (Positive rights) हुन् जसले अर्को पक्षबाट कार्य (Action) खोजेको हुन्छ। अर्थात् यसप्रकारको स्वास्थ्यसम्बन्धी अधिकारको कार्यान्वयन गर्नको लागि राज्यले निश्चित कार्यहरू गर्नुपर्छ।

८. स्वास्थ्यसम्बन्धी अधिकार नागरिकलाई प्रदान गर्नुको अर्थ त्यसको प्रत्याभूत गर्ने कर्तव्य राज्यमा रहेको हुन्छ र राज्यले आफूसँग उपलब्ध स्रोत साधनको अधिकतम उपयोग गर्दै गुणस्तरीय सेवाहरू प्रदान गर्नको लागि सम्पूर्ण समूचित उपायहरू अपनाई यो अधिकारको प्रगतिशील रूपमा कार्यान्वयन गर्दै जाने गरी कदमहरू चाल्नु पर्छ। संयुक्त राष्ट्रसंघको आर्थिक, सामाजिक र साँस्कृतिक अधिकार समिति (Committee on Economic, Social and Cultural Rights) ले आफ्नो टिप्पणी नं. १४ मा स्वास्थ्यसम्बन्धी अधिकारको व्याख्या गर्दै अनुच्छेद १२ मा अन्य अधिकार उपयोग गर्न जस्तै यो अधिकार उपयोग गर्न चार आयामहरू हुनपर्छ भनी उल्लेख गरेको छ जसअन्तर्गत पहिलो, स्वास्थ्य संस्थाहरूबाट उपलब्ध सार्वजनिक र स्वास्थ्य हेरचाह सेवा, वस्तु तथा सेवाहरूको साथै कार्यक्रमहरू पर्याप्त मात्रामा उपलब्ध हुनुपर्ने, दोस्रो, स्वास्थ्य सुविधा, वस्तु तथा सेवाहरू सबैलाई विनाभेदभाव उपलब्ध हुनुपर्ने, तेस्रो, स्वास्थ्यसम्बन्धी सुविधाहरू स्वास्थ्यसम्बन्धी मर्यादा सापेक्ष र साँस्कृतिकरूपले उपयुक्त हुनुपर्ने तथा चौथो उपलब्ध सेवा सुविधाहरू वैज्ञानिक तथा स्वास्थ्यको दृष्टिले उपयुक्त र गुणस्तरीय हुनुपर्ने रहेका छन्।

९. स्वास्थ्यसम्बन्धी अधिकारको कार्यान्वयन गर्नको लागि राज्यको के कस्तो दायित्व रहेको हुन्छ भन्ने सम्बन्धमा हेर्दा स्वास्थ्यसम्बन्धी अधिकारको प्रत्याभूत गर्नको लागि राज्यले यो यो कदम चाल्नुपर्छ भनी सीमित तरिकाले सूचीबद्ध गर्न सकिँदैन। देशको सामाजिक, आर्थिक र साँस्कृतिक अवस्था, नागरिकको चेतनास्तरलगायतका विभिन्न

अवस्थाले राज्यले चाल्नुपर्ने कदमहरू फरकफरक हुनसक्छ। यद्यपि स्वास्थ्यसम्बन्धी सेवा र सुविधाहरू नागरिकलाई उपलब्ध गराउने, उपलब्ध सेवा सुविधामा कुनै प्रकारको भेदभावविना सबै नागरिकको समान पहुँच कायम गर्ने, उपलब्ध गराइएका सेवा र सुविधाहरू साँस्कृतिक तथा स्वास्थ्यको दृष्टिकोणले स्वीकार्य तथा गुणस्तरीय छन् भन्ने कुराको सुनिश्चित गर्ने लगायतका दायित्व राज्यमा रहेको हुन्छ र राज्यले सोहीबमोजिम कदमहरू चाल्नु पर्छ । स्वास्थ्यसम्बन्धी अधिकार आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारअन्तर्गत पर्ने अधिकार हो । यी अधिकारको कार्यान्वयनको लागि राज्यले उपलब्ध स्रोत साधनहरूको अधिकतम उपयोग गर्दै प्रगतिशील रूपमा प्राप्त गर्दै जानको लागि आवश्यक उपायहरू अपनाउनुपर्छ तर मानव जीवनको आधारभूत आवश्यकतासँग जोडिएका विषयहरू जस्तै खाद्यान्न, आवास, आधारभूत शिक्षा तथा स्वास्थ्यलगायतका अधिकारहरू राज्यको Core minimum obligation अन्तर्गत पर्ने भएकोले यी अधिकारहरूको कार्यान्वयनको लागि देशको आर्थिक अवस्था तथा स्रोत साधनको उपलब्धतालगायतका विषयहरू असान्दर्भिक हुन्छन् र राज्यले यी अधिकारहरूको कार्यान्वयनको लागि तत्काल कदमहरू चाल्नुपर्छ।

१०. प्रस्तुत रिट निवेदनमा निवेदकले उठाएको मुख्य प्रश्न भनेको राज्यले सुदुरपश्चिममा दादुरा विरूद्धको खोप कार्यक्रम सञ्चालन गर्दा औषधी र खोपको परीक्षण नगरी हेलचेक्राइँ गरी वितरण गरेकोले बालबालिकाको मृत्यु भएको भन्ने भएकोले कुनै पनि खोप कार्यक्रम सञ्चालन गर्दा वा औषधीको वितरण गर्दा राज्यले के कस्तो सावधानी अपनाउनु पर्छ र राज्यले सुदुर पश्चिम क्षेत्रमा सञ्चालन गरेको खोप वितरण कार्यक्रममा उक्त सावधानी अपनाएको थियो वा थिएन भन्ने दोस्रो प्रश्नको सम्बन्धमा विचार गरौं।

११. माथिल्ला अनुच्छेदमा उल्लेख गरेजस्तै स्वास्थ्यसम्बन्धी सेवा र सुविधाहरू नागरिकलाई उपलब्ध गराउने र उपलब्ध सेवा सुविधामा कुनै प्रकारको भेदभावविना सबै नागरिकको समान पहुँच सुनिश्चित गर्ने दायित्व राज्यमा रहेको हुन्छ। तर राज्यले नागरिकलाई औषधी / खोपलगायतका स्वास्थ्य सेवाहरू उपलब्ध गराउनु मात्रै पर्याप्त हुँदैन र यसो गर्दैमा नागरिकहरूको स्वास्थ्यसम्बन्धी अधिकार प्रत्याभूत भएको भनी मान्न मिल्दैन। राज्यले उपलब्ध गराएका यसप्रकारका सेवाहरू कुन गुणस्तरका छन् र तिनले लक्षित वर्गको स्वास्थ्यसम्बन्धी समस्या समाधान गर्न सक्छन् वा सक्दैनन् भन्ने सवाल पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ । गुणस्तरीय सेवा पाउनु नागरिकको हक हो भने गुणस्तरीय सेवा उपलब्ध गराउनु राज्यको कर्तव्य हो। यही कुरालाई दृष्टिगत गर्दै उपभोक्ता संरक्षण ऐन,२०५४ को दफा ६(१)(क) उपभोक्ताको हक हितको संरक्षण गर्ने प्रयोजनको निमित्त उपभोक्तालाई जीउ ज्यान, स्वास्थ्य तथा सम्पत्तिमा हानि पुऱ्याउने उपभोग्य वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षित हुन पाउने अधिकार रहन्छ भन्ने व्यवस्था गरिएको छ भने सोही ऐनको दफा ८(२) मा उपभोक्ताको हक हित संरक्षण, आपूर्ति व्यवस्था नियमित र उपभोग्य वस्तु तथा सेवाको मूल्य एवं गुणस्तर नियन्त्रणसम्बन्धी व्यवस्थाहरूको प्रभावकारी ढंगबाट कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक व्यवस्था गर्ने भन्ने व्यवस्था गरेको पाइन्छ। बिरामीलाई खोप दिई उपचार गर्ने कार्य उपभोक्ता संरक्षण ऐनको प्रयोजनको लागि (सेवा) भित्र पर्ने भएकोले उपभोक्तालाई वितरण गरिने वस्तु तथा सेवामा गुणस्तर कायम गर्ने दायित्व राज्यमा रहेको हुन्छ । स्वास्थ्य सेवाजस्तो मानिसको बाँच्न पाउने हक (Right to Life) सँग प्रत्यक्षरूपमा जोडिएको सेवालाई राज्यले संवेदनशील रूपमा लिई यसको वितरण गर्दा पर्याप्त सावधानी अपनाउनु पर्छ। त्यसैगरी औषधी र खोपको वितरण गर्दा तथा अन्य उपचारको

विधिहरू अपनाउँदा उपचारमा संलग्न चिकित्सकले पनि पर्याप्त सावधानी (Due Diligence) अपनाउनु पर्छ । प्रभावकारी उपचारको लागि सही औषधी, सही मात्रामा, सही तरिकाले, सही अवधिभित्र, सही मूल्यमा सेवन / प्रयोग गर्न आवश्यक हुन्छ ।

१२. बिरामी र चिकित्सकको सम्बन्ध परम्परागत रूपमा Professional Standard of Care भन्ने मान्यतामा आधारित रहेकोमा सन् १९६० को दशक यता बिरामी र चिकित्सकको सम्बन्ध Informed Consent Theory मा आधारित गरिएको छ । जसअनुसार चिकित्सकले बिरामीलाई उसको रोग, त्यसको उपचार, विकल्प, उपचार गर्दा वा नगर्दा हुनसक्ने जोखिम विषयहरूको बारेमा जानकारी दिई बिरामीको मन्जुरी लिएर मात्र उपचारको कार्यलाई अगाडि बढाउनु पर्छ । यसरी पछिल्लो मान्यताअनुसार चिकित्सक बिरामीप्रति बढी जिम्मेवार बन्नुपर्छ र पूर्ण होसियारी र सावधानीको साथमा उपचार गर्नुपर्छ सो नगरी बिरामीलाई कुनै क्षति पुगेमा त्यसको जिम्मेवारीसमेत संलग्न चिकित्सक तथा स्वास्थ्यकर्मीले लिनुपर्छ । औषधी / खोपलगायतका सामग्री गुणस्तरीय नभएको वा मिति गुज्रिसकेको भएमा त्यसको प्रयोगले स्वास्थ्यमा झनै जटिलता उत्पन्न हुन सक्छ । अतः यस्ता साम्रगीको वितरण गर्दा गुणस्तरीय भए नभएको, वैज्ञानिक हिसाबबाट उपयुक्त भए नभएको कुराको सुनिश्चित गर्ने तथा दुर्घटना वा जोखिमको न्यूनीकरण गर्ने दायित्व पनि राज्यको नै हो । राज्यले नागरिकलाई खोप तथा औषधी वितरण गर्नु कोरा औपचारिकताको विषय होइन । यो नागरिकको स्वास्थ्यसम्बन्धी समस्या समाधान गरी नागरिकको स्वास्थ्यसम्बन्धी अधिकारको प्रत्याभूत गर्नको लागि राज्यले गर्नुपर्ने अहम् दायित्वको विषय हो । तसर्थ औषधी / खोपको स्तर कस्तो छ र त्यसले प्रयोगकर्ता नागरिकहरूलाई नकारात्मक असर गर्छ वा गर्दैन भन्ने सम्बन्धमा राज्यले पर्याप्त गृहकार्य गर्नुपर्छ र कुनै प्रकारको नकारात्मक असर वा हानि पुग्न गएको अवस्थामा अपनाउनुपर्ने उपायहरूको सम्बन्धमा समेत राज्य सजग र तयार रहनुपर्छ । अझ हाम्रो जस्तो आर्थिक रूपमा पिछडिएको मुलुक जहाँ जनसंख्याको ठूलो हिस्सा अशिक्षित छ र कस्तो प्रकारको औषधी तथा खोप प्रयोग गरिँदै छ भन्ने कुराको समान्य जानकारीसमेत लिन सक्दैन त्यहाँ राज्यले आफूले वितरण गर्ने स्वास्थ्य सेवाको गुणस्तरको परीक्षण गरी गुणस्तरीय सेवाको सुनुश्चितता गर्नुपर्ने दायित्व अझ बढी हुन्छ । यसै सम्बन्धमा संयुक्त राष्ट्रसंघको आर्थिक, सामाजिक र साँस्कृतिक अधिकार समिति (Committee on Economic, Social and Cultural Rights) ले आफ्नो टिप्पणी नं. १४ मा स्वास्थ्यसम्बन्धी अधिकारको व्याख्या गर्ने क्रममा स्वास्थ्य सेवा सुविधाको गुणस्तरीय हुनुपर्ने कुरालाई जोड दिँदै अनुच्छेद १२ मा निम्न कुरा उल्लेख गरेको देखिन्छ ।

12(d) Quality- As well as being culturally accepted, health facilities, goods and services must be scientifically and medically appropriate and of good quality. This requires inter alia skilled personnel, scientifically approved and unexpired drugs and hospital equipment, safe and potable water, and adequate sanitation.

१३. यसरी उक्त समितिले राज्यले उपलब्ध गराउने सेवा सुविधाहरू वैज्ञानिक तथा स्वास्थ्यको दृष्टिले उपयुक्त र गुणस्तरीय हुनुपर्ने र सोको लागि दक्ष जनशक्ति तथा वैज्ञानिक रूपमा प्रमाणित तथा म्याद नसिद्धिएका औषधी र उपकरणहरू र पर्याप्त सरसफाइलगायतको आवश्यकता पर्ने भनी उल्लेख गरिएको छ ।

१४. यसरी नागरिकलाई स्वास्थ्य सुविधा

उपलब्ध गराउँदा सो सेवा, सुविधा उचित र उपयुक्त गुणस्तरको भएको सुनिश्चित गर्ने दायित्वसमेत राज्यमा रहने देखिन्छ । सुदुरपश्चिम क्षेत्रमा सञ्चालन गरेको खोप वितरण कार्यक्रममा उक्त सावधानी अपनाएको थियो वा थिएन भन्ने सम्बन्धमा विचार गर्दा प्रस्तुत रिट निवेदनमा निवेदकले खोप कार्यक्रम सञ्चालन गर्दा खोपको बारेमा गहिरो अध्ययन गरी सोबाट आउन सक्ने नकारात्मक परिणामलाई रोकथाम गर्नको लागि कुनै उपाय नै नअपनाएकोले बालबालिकाको मृत्यु भएको भनी जिकिर लिएको देखिन्छ । विपक्षीहरूले पेस गरेको लिखित जवाफ हेर्दा कार्यक्रमबाट कोही पनि नछुटुन् भनेर प्रत्येक गा.वि.स.मा ५ वटा खोप केन्द्रहरू स्थापना गरी खोप कार्यक्रम सञ्चालन गरेको देखिन्छ भने मृतक बालबालिकाहरू रहेको काडामाडौं गा.वि.स. सानागाउँ इलाका स्वास्थ्य चौकीअन्तर्गत पर्ने देखिन्छ । उक्त इलाका स्वास्थ्य चौकीले मिति २०६६।५।३ गते काडामाडौं गा.वि.स. मा कुल १९ जना बालबालिकालाई खोप लगाएकोमा दादुराको खोप लगाइएका ६ जना बालबालिकामध्ये ४ जनाको मृत्यु भएको देखिन्छ । यसरी मृत्यु हुनेमा काडामाडौं गा.वि.स. वडा नं. ६ बस्ने वर्ष १२ को मिलन नेपालीलाई मिति २०६९।५।३ मा खोप लगाइएकोमा मिति २०६९।५।४ गते मृत्यु भएको देखिन्छ । अर्की बालिका सोही गा.वि.स.को वडा नं. ७ बस्ने ८ महिनाकी बालिका सुजाता नेपालीलाई मिति २०६९।५।३ मा खोप लगाएकोमा मिति २०६९।५।४ मा मृत्यु भएको देखिन्छ। त्यसैगरी सोही गा.वि.स.को वडा नं. ७ बस्ने १९ महिनाकी बालिका गौरी चिराललाई मिति २०६९।५।३ मा खोप लगाइएकोमा मिति २०६९।५।४ मा मृत्यु भएको देखिन्छ भने पोखरी गा.वि.स. वडा नं. ९ घर भई काडामाडौं गा.वि.स. मामाघरमा बस्ने ९ महिनाकी अन्जु वि.क.लाई मिति २०६९।५।३ मा खोप लगाएकोमा मिति २०६९।५।४ मा मृत्यु भएको देखिन्छ।

१५. रिट निवेदकले आफ्नो रिट निवेदनमा डडेल्धुरा जिल्लाको गणेशपुर गा.वि.स.मा समेत खोपको कारणले बालकको मृत्यु भएको भनी उल्लेख गरेको भए तापनि मृत्यु भएको भनिएका बालकको विवरण खुलाउन सकेको देखिँदैन भने विपक्षी जिल्ला जनस्वास्थ्य कार्यालय, डडेल्धुराको लिखित जवाफमा खोपको कारण उक्त जिल्लामा कसैको पनि मृत्यु नभएको भनी जिकिर लिएको देखिन्छ । यसरी खोपको प्रयोग भएपछि डोटी जिल्लाको काडामाडौं गा.वि.स.मा ४ जना बालबालिकाको मृत्यु भएकोमा उक्त बालबालिकाहरूको मृत्यु भएपछि सो सम्बन्धमा अनुगमन र अनुसन्धान गर्न स्वतन्त्र समितिको गठन गरिएको र उक्त समितिले दिएको प्रतिवेदनअनुसार बालबालिकाको मृत्यु खोपको कारणले नभई Toxic shock syndrome को कारणबाट भएको जुन स्थानीय रूपमा उक्त **खोपको भायल प्रदूषित भएको कारणले हुनसक्ने** भनी उल्लेख भएको देखिन्छ। त्यसैगरी उक्त भायल दूषित हुनुमा स्वास्थ्यकर्मी स्वयं सजग हुँदाहुँदै पनि सेवा प्रदान गर्ने क्रममा **मानवीय त्रुटिका कारण वा स्थानीय स्तरमा वातावरण प्रदूषित भएको कारणले वा सरसफाइमा भएको कमीका कारणले पनि हुनसक्ने तर उक्त भायल प्रयोग भइसकेपछि नष्ट गरिएकोले उक्त भायलको प्रयोगशालामा थप परीक्षण गर्न सकिएन** भनीसमेत उल्लेख गरिएको छ । यसरी विपक्षीहरूको लिखित जवाफमा घटनाको सम्बन्धमा अनुगमन र अनुसन्धान गर्न सरकारद्वारा गठित स्वतन्त्र आयोगको प्रतिवेदनअनुसार सरकारबाट खोप वितरण कार्यमा गल्ती भएको तथ्यलाई स्वीकार गरेको देखिन्छ । बालबालिकाको मृत्युको कारण खोप नभई स्थानीय रूपमा उक्त खोपको भायल प्रदूषित भएकोले भन्नेसम्म जिकिर रहेको भए तापनि बालबालिकालाई खोप दिइसकेपछि बाँकी रहेको औषधी पुनः प्रयोग गर्दा अपनाउनु पर्ने सावधानी नअपनाएको कारणले सो औषधीको भायल प्रदूषित हुन गएको देखिन्छ । खोप वितरण गर्नको लागि दक्ष

जनशक्ति र तालिम प्राप्त विशेषज्ञको व्यवस्था गरी खोपलाई सुरक्षितरूपमा गुणस्तरीय राख्नको लागि के कस्तो प्रविधिको प्रयोग गरिएको थियो भन्ने कुरासमेत विपक्षीहरूको लिखित जवाफमा उल्लेख गर्नसकेको देखिँदैन। यसरी सरकारले दक्ष जनशक्तिको प्रयोग गरी खोप औषधीलाई सुरक्षित राख्नको लागि अवलम्बन गर्नुपर्ने वैज्ञानिक उपायहरू अपनाउन नसकेको अवस्था देखिन्छ भने त्यस्तो प्रदूषित भायलको प्रयोग गरेको भोलिपल्ट नै बालबालिकाको मृत्यु भएको देखिन्छ । यसरी राज्यले खोप वितरण गर्दा अपनाउनुपर्ने सतर्कता नअपनाएको कारण चार जना निर्दोष बालबालिकाको मृत्यु हुनु अत्यन्त दुःखद् कुरा हो र यस घटनालाई यस अदालतले गम्भीरताको साथ लिएको छ। विपक्षीहरूले खोपको भायल दूषित हुनुमा मानवीय त्रुटिको कारण वा स्थानीय स्तरमा वातावरण प्रदूषित भएको कारणले भएको हुनसक्ने भनी उल्लेख गरेको देखिन्छ। खोपको भाइल प्रदूषित हुनुको कारण जेसुकै भए तापनि त्यसको जिम्मेवारी राज्यले नै लिनुपर्छ । राज्यले आफूले वितरण गर्ने खोप तथा औषधीलगायतका सामानहरू सही र गुणस्तरयुक्त छन् भन्ने कुराको सुनिश्चितता गर्नुको साथै वितरण गर्दाको अवस्थामा सम्म सुरक्षापूर्वक राख्नुपर्छ। त्यसैगरी उक्त खोपको वितरण गर्नको लागि तालिम प्राप्त जनशक्ति र वैज्ञानिक उपकरणको व्यवस्था गर्ने जिम्मेवारीसमेत राज्यको नै हो। मानवीय त्रुटिको कारण वा वातावरण प्रदूषित भएको कारणले खोपको भाइल प्रदूषित भएकोले बालबालिकाको मृत्यु भएको भन्ने भनाईबाट राज्यले उन्मुक्ति पाउन सक्ने हुँदैन। कुनै अमुक कारणले खोप प्रदूषित भएको कारण देखाउँदैमा आफूले वितरण गरेको खोपले पारेको नकारात्मक प्रभावको कारण सृजित दायित्वबाट राज्यले उन्मुक्ति पाउन सक्दैन।

१६. प्रस्तुत रिट निवेदनसाथ संलग्न मिसिलको अध्ययन गरी हेर्दा क्षतिपूर्ति दिलाई भराई पाउँ भनी मृतक बालबालिकाका अभिभावकहरू शान्तबहादुर नेपाली, गगन नेपाली, जुनदेवी वि.क.र रघुनाथ चिरालले मिति २०६९।०५।१९ गते जिल्ला प्रशासन कार्यालय, डोटीमा निवेदन दिएकोमा उक्त कार्यालयले जिल्ला स्वास्थ्य कार्यालय, डोटीमा आवश्यक कारबाहीको लागि पठाएको देखिन्छ भने सो कार्यालयले ...*मृतकका परिवारलाई क्षतिपूर्ति दिन मनासिब देखिएको हुँदा क्षतिपूर्तिसम्बन्धी टिप्पणीसहितको फाइल थान १ आवश्यक कार्यवाहीको लागि ताँहा पठाइएको बेहोरा अनुरोध* छ भन्ने बेहोरा उल्लेख गरी सुदुर पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालयमा मिति २०६९।५।२४ मा पठाएकोसम्म देखिन्छ। सो पत्रको बेहोरा हेर्दा मृतकको परिवारलाई क्षतिपूर्ति दिनुपर्ने दायित्वलाई राज्यले स्वीकार गरेको नै देखिन्छ। यद्यपि हालसम्म मृतकका परिवारले के कति क्षतिपूर्ति प्राप्त गरे भन्ने सम्बन्धमा कहिँकतै मिसिलबाट खुल्न आएको देखिँदैन भने विपक्षीहरूले पेस गरेको लिखित जवाफमा पनि क्षतिपूर्ति प्राप्त गरिसकेको भनी उल्लेख गर्नसकेको देखिँदैन। यसरी राज्यको एउटा निकायबाट क्षतिपूर्ति दिन मनासिब देखिएको भनी पत्राचारसमेत भइसक्दा पनि क्षतिपूर्ति सम्बन्धमा हालसम्म कुनै प्रक्रिया अगाडि बढ्न नसक्नु न्यायोचित हुन सक्दैन।

१७. अब रिट निवेदकको मागबमोजिमको आदेश जारी गर्नुपर्ने हो वा होइन भन्ने तेस्रो प्रश्नको सम्बन्धमा विचार गर्दा माथि विवेचित कारण र आधारमा राज्यले आफूले वितरण गरेको खोपको बारेमा गहिरो अध्ययन गरी सोबाट आउन सक्ने नकारात्मक परिणामलाई रोकथाम गर्नको लागि कुनै उपाय अपनाएको देखिन नआएबाट बालबालिकाहरूको मृत्यु हुनबाट नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२, १६, २२ समेतद्वारा प्रदत्त हकको उल्लङ्घन हुन गएको पाइयो । असावधानीपूर्वक खोप लगाएको कारण डोटी जिल्लामा नाबालकहरू मिलन नेपाली, सुजाता नेपाली, गौरी चिराल र अन्जु

वि.क.समेतको खोप लगाएकै दिन केही घण्टापछि नै बिरामी परी भोलिपल्ट नै मृत्यु हुन गएको भन्ने जिल्ला जनस्वास्थ्य कार्यालयको लिखित जवाफबाट देखियो। यसरी संविधान प्रदत्त हकको उल्लङ्घन भई राज्यका अधिकारीहरूको असावधानी र गैरजिम्मेवार कार्यका कारण निर्दोष बालबालिकाको ज्यान गएको देखिएकोले तिन महिनाभित्र मृतक बालबालिकाहरूको अभिभावकलाई जनही दश (१०) लाख रूपैयाँ क्षतिपूर्ति जिल्ला प्रशासन कार्यालय, डोटीमार्फत् दिलाई सो प्रदूषित भायलको प्रयोगबाट बिरामी भएका अन्य बालबालिकाहरूको हकमा नि:शुल्क उपचार तथा उनीहरूले बेहोर्नु परेको हैरानीको लागि उचित क्षतिपूर्तिसमेतका लागि विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने ठहर्छ। साथै आगामी दिनहरूमा खोप तथा औषधीको बिक्री वितरण गर्दा देहायबमोजिम गर्नु भनी विपक्षीहरूको नाउँमा निम्नबमोजिमको निर्देशनात्मक आदेशसमेत जारी गरिदिएको छ।

- स्वास्थ्यसम्बन्धी खोप तथा औषधीको वितरण गर्नुपूर्व खरिददेखि वितरण गर्दासम्मको हरेक तहमा परीक्षण गरी अन्तर्राष्ट्रिय मापदण्डबमोजिम उक्त खोप तथा औषधी सही र गुणस्तरीय भएमा मात्र वितरण गरी वितरण कार्यलाई सुरक्षित बनाउनको लागि आवश्यक सामग्री तथा दक्ष जनशक्तिको उचित प्रबन्ध गरेर मात्र वितरण प्रकिया अगाडि बढाउनू,
- खोप कार्यक्रम सञ्चालन गर्दा खोपको प्रयोगबाट हुनसक्ने नकारात्मक परिणामलाई रोकथाम गर्न विस्तृत पूर्वतयारी गरी खोप तथा औषधीको वितरणपूर्व यसको प्रयोगकर्ताहरूलाई सो सम्बन्धमा पर्याप्त जानकारी दिई सोको प्रयोग गर्न अनुमति दिएको अवस्थामा मात्र प्रयोग तथा वितरण गर्ने गर्नू,
- खोप तथा औषधीको वितरणको कार्यक्रम उचित तवरबाट सञ्चालन भएको छ र कुनै किसिमको प्रदूषण भएको छैन भन्ने कुरा सुनिश्चित गर्नको लागि प्रभावकारी अनुगमनको व्यवस्था गरी खोप तथा औषधीको प्रयोगबाट प्रयोगकर्ता नागरिकलाई कुनै प्रकारको हानि पुग्न गएमा तत्काल निशुल्क उपचारको व्यवस्था गरी कानूनबमोजिम उचित क्षतिपूर्तिसमेतको व्यवस्था गर्नको लागि आवश्यक प्रबन्ध गर्नू,

१८. यस आदेशको कार्यान्वयनको सम्बन्धमा अनुगमन गर्नको लागि यस आदेशको जानकारी फैसला कार्यान्वयन निर्देशनालयमा पठाई तथा यस आदेशको जानकारी विपक्षीहरूलाई दिई प्रस्तुत रिट निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू।

उक्त रायमा सहमत छु।
न्या.डा.आनन्दमोहन भट्टराई

इजलास अधिकृतः सन्देश श्रेष्ठ, दुर्गाप्रसाद भट्टराई
इति संवत् २०७५ साल असार १४ गते रोज ५ शुभम्।

## निर्णय नं. ९९९८

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा
माननीय न्यायाधीश डा.श्री आनन्दमोहन भट्टराई
आदेश मिति : २०७४।८।२९
०७४-WH-००२९

मुद्दाः बन्दीप्रत्यक्षीकरण / परमादेश

निवेदक : सन्तोके गुरूङको छोरा स्याङ्जा जिल्ला राङभाङ्गा.वि.स.-१ को परिवर्तित पुतलीबजार न.पा. वडा नं.२ घर भई कास्की जिल्ला पोखरा लेखनाथ म.न.पा. वडा नं. १२ मा बसोबास गर्दै आएको हाल कारागार कार्यालय कास्कीमा थुनामा रहेको नरध्वज गुरूङ

विरूद्ध

विपक्षी : श्री उच्च अदालत पोखरासमेत

- **जेष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ जेष्ठ नागरिकहरूको हित, सुविधा तथा कल्याणका लागि जारी गरिएको विशेष ऐन हो । विधायिकाबाट निर्मित ऐनले गरेको व्यवस्थाप्रतिकूल यदि कुनै नियममा प्रावधान छन् भने पनि त्यस्तो प्रावधानले मान्यता पाउन सक्तैन । ऐनकै व्यवस्थाको अनुशरण गरिनु पर्ने ।**
- **कारागार नियमावली, २०२० को नियम २९(२क) मा उल्लिखित "असल चालचलन भएका" र "सत्तरी वर्ष उमेर पुगेका" कैदीहरूको हकमा उक्त नियम २९(१क) मा उल्लेख भएबमोजिम नकारात्मक सूचीमा परेका मुद्दामा नै कैद परेको भएपनि नियम २९(२क) बमोजिमको कैद छुट पाउन सक्ने ।**
- **जेष्ठ नागरिकलाई कानूनले प्रदान गरेको सुविधालाई संकुचित अर्थमा ग्रहण गरी सुविधा दिनबाट वञ्चित गर्नु मनासिब हुँदैन । जेष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा १२ तथा कारागार नियमावली, २०२० को नियम २९(२क) ले गरेको व्यवस्थाअनुसारको सुविधा प्रदान गर्न ईन्कार गर्नुपर्ने कुनै कानूनी आधार तथा मनासिब कारण देखिन नआउने ।**

(प्रकरण नं.६)

- **निर्णय गर्ने अधिकारीले विवेकपूर्ण र तथ्यपरक तजबिजको प्रयोग गरी ऐनले तोकेको दायराभित्र रहेर उचित निर्णय गर्नु नै पर्दछ । तजबिजी अधिकार हो भन्ने कुराको आडमा निर्णय नै नगरी बस्न मिल्दैन । कानूनबमोजिम आफूले गर्नुपर्ने निर्णय नै नगरी बस्ने र परिणामतः ऐनले गरेको व्यवस्थालाई निष्प्रभावी तुल्याउने छुट कुनै सार्वजनिक अधिकारीलाई हुन सक्तैन । जेष्ठ नागरिकलाई सजायमा छुट दिने सम्बन्धमा उचित समयमा नै तथ्यसङ्गत निर्णय गर्नु सम्बन्धित अधिकारीको कानूनी कर्तव्य देखिने ।**

(प्रकरण नं.७)

निवेदकका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता श्री विश्वराज भट्टराई र विद्वान् अधिवक्ता श्री सरोज अधिकारी

विपक्षीका तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता श्री संजिवराज रेग्मी

अवलम्बित नजिर :

- नेकाप २०७३, नि.नं.९५५५, पृ.२३

सम्बद्ध कानून :

- जेष्ठ नागरिकसम्बन्धी ऐन, २०६३
- कारागार नियमावली, २०२०

आदेश

**न्या. ईश्वरप्रसाद खतिवडा :** नेपालको संविधानको धारा ४६ तथा १३३ बमोजिम दर्ता हुन आएको प्रस्तुत रिट निवेदनको **तथ्य र आदेश** यसप्रकार रहेको छः

मिति २०७१।०९।२७ देखि म थुनामा छु । मिति २०७४।०२।१४ सम्ममा नै मेरो कैद सजाय ३३.५६ प्रतिशत भुक्तान भइसकेको छ भन्ने कुरा विपक्षी नं.६ र ७ ले गर्नुभएको २५ प्रतिशत कैद भुक्तान भइसकेका वृद्ध र निको नहुने रोगीको हकमा बडादशैं २०७४ को उपलक्ष्यमा बाँकी कैद मिनाहा गर्ने प्रयोजनको लागि गरिएको सिफारिसबाट स्पष्ट हुन्छ । हालसम्म मेरो झण्डै ४० प्रतिशत कैद भुक्तान हुन लागिसकेको अवस्था छ । हाल म ७६ वर्ष पूरा गरिसकेको अति वृद्ध अवस्थाको शारीरिक तथा मानसिकरूपमा कमजोर डायबिटिज रोगबाट समेत ग्रसित अवस्थामा छु । जेष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा १२(१)(ग) मा स्पष्टसँग पचहत्तर वर्ष उमेर पूरा भएको जेष्ठ नागरिकलाई पचहत्तर प्रतिशतसम्म कैद सजाय छुट दिन सकिने व्यवस्था गरिएको छ भने कारागार नियमावली, २०२० को नियम २९(२क) मा सत्तरी वर्ष उमेर पुगेका कैदीहरूको हकमा पचहत्तर प्रतिशतसम्मको कैद सजाय छोट्याउन सकिने व्यवस्था छ भने ऐ. नियम २९(३) मा गरिएको व्यवस्थानुसार कैदको सजाय छोट्याउन जेलरले रायसाथ प्रमुख जिल्ला अधिकारीसमक्ष पेस गरी प्र. जि.अ.ले क्षेत्रीय प्रशासन कार्यालयमार्फत कारागार व्यवस्थापन विभागमा पठाउनु पर्नेछ र कारागार व्यवस्थापन विभागले पनि निकासाको लागि गृह मन्त्रालयमा पेस गर्नुपर्नेछ भन्ने स्पष्ट व्यवस्था गरिएको छ । यस स्थितिमा उच्च अदालत पोखराले गरेको मिति २०७३।११।१० को अन्तिम फैसला, मिति २०७४।०३।१५ को आदेश, कैद छुटको लागि मैले पटक-पटक माग गरेको निवेदन तथा स्वयं विपक्षी जि.प्र.का. र जेलरले गरेको सिफारिससमेत उपर हालसम्म कुनै निर्णय कारबाही नै नगरी विपक्षीहरूबाट मलाई गैरकानूनीरूपमा थुनामा राख्ने कार्य भएको छ । जसबाट मेरो संविधान प्रदत्त स्वतन्त्रतापूर्वक बाँच्न पाउने हक, जेष्ठ नागरिकलाई राज्यबाट प्रदान गरिने विशेष संरक्षण तथा सामाजिक सुरक्षणको हकलगायतका मौलिक हकमा आघात पुग्न गएको अवस्था भएकोले जेष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा १२(१)(ग) तथा कारागार नियमावली, २०२० को नियम २९(२क), (३) बमोजिम अविलम्ब जे जो गर्नुपर्ने आवश्यक कार्य गरी गैरकानूनी थुना मुक्त गरिदिनु भनी विपक्षीका नाममा परमादेश बन्दी प्रत्यक्षीकरणलगायत जे जस्तो आवश्यक आदेश जारी गरी गैरकानूनी कैद मुक्त गरिपाउँ भन्नेसमेत बेहोराको प्रतिवादी नरध्वज गुरूङको यस अदालतमा परेको **रिट निवेदन ।**

यसमा के कसो भएको हो? निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुनु नपर्ने मनासिब आधार कारण र प्रमाण भए सोसमेत खुलाई सूचना म्याद प्राप्त भएको मितिले बाटाको म्यादबाहेक ३ (तीन) दिनभित्र विपक्षीहरूलाई महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी विपक्षीहरूको नाममा म्याद सूचना जारी गरी लिखित जवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार पेस गर्नु भन्ने **यस अदालतको आदेश ।**

निवेदक प्रतिवादीले मिति २०७४।०३।०५ मा कारागार कार्यालयमार्फत जेष्ठ नागरिक ऐनले गरेको कानूनी व्यवस्थाअनुसार कैद मुक्त हुने गरी आदेश गरिपाउँ भनी निवेदन दिएकोमा सो निवेदनउपर

कारागार कार्यालय कास्कीसँग कैफियत प्रतिवेदन माग भएबमोजिम पेस भएको कैफियत प्रतिवेदनमा मौजुदा कारागार नियमावलीको नियम २९(१) मा असल चालचलन भएका कैदीलाई तोकिएको कैदमा बढीमा ६० प्रतिशत कैद छोट्याउन सकिनेछ भनिए तापनि सोही नियमको उपनियम १(क) मा जबरजस्ती करणीको हकमा कैद छोट्याउन सकिने छैन भनी उल्लेख भएको छ । जेलरलाई जेष्ठ नागरिक ऐन, २०६३ को दफा १३(ग) कार्यान्वयन गरी कैदी पुर्जी संशोधन गर्ने अधिकार मौजुदा कारागार ऐन तथा नियमावली र जेष्ठ नागरिक ऐन, २०६३ मा नभएको भनी उल्लेख भएको सो कैफियत प्रतिवेदनसहितको निवेदन यस अदालतको संयुक्त इजलाससमक्ष पेस हुँदा "यसमा कारागार नियमावलीको नियम २९(२क) को प्रक्रिया अवलम्बन गरेका बखत ठहरेबमोजिम हुने नै हुदा यसमा केही बोलिरहन परेन । कानूनबमोजिम गर्नुहोला" भन्नेसमेत बेहोराको मिति २०७४।०३।०५ मा यस अदालतबाट आदेश भएको । सो आदेश तथा मिति २०७३।११।१० को फैसला कानूनबमोजिम भए गरेको र उक्त आदेश तथा फैसलाबाट यी निवेदकको कुनै संवैधानिक एवं कानूनी हक अधिकारको हनन् नभएकोले प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको **उच्च अदालत पोखराको लिखित जवाफ ।**

जिल्ला अदालतबाट भएको फैसलालाई सदर गर्ने गरी उच्च अदालत पोखराबाट मिति २०७३।११।१० मा भएको फैसलाअनुसार रिट निवेदक आफूले गरेको कसुरबमोजिम कारागार कार्यालय कास्कीमा थुनामा रहेको देखिन्छ । सम्मानित अदालतको फैसला कार्यान्वयनको सिलसिलामा निज रिट निवेदकलाई आफूले गरेको कसुरको सजाय भुक्तानको लागि थुनामा राखिएको, यस कार्यालयलाई विपक्षी बनाउनुपर्ने स्पष्ट आधारसमेत निवेदनमा उल्लेख नभएको साथै निजको संवैधानिक तथा कानूनी हक अधिकारसमेत हनन् हुने काम यस कार्यालयबाट नभएकोमा यस कार्यालयलाई विपक्षी बनाई दायर भएको बन्दीप्रत्यक्षीकरण रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको **क्षेत्रीय प्रशासन कार्यालय, पश्चिमाञ्चल विकास क्षेत्र पोखराको लिखित जवाफ ।**

विपक्षी रिट निवेदकले नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको के कस्तो काम, कारबाही वा निर्णयबाट निवेदकको के कस्तो संवैधानिक तथा कानूनी हक अधिकारको हनन् भएको हो? स्पष्टरूपमा उल्लेखसम्म गर्न नसकेको अवस्थामा यस कार्यालयलाई विपक्षी बनाई रिट निवेदन लाग्न सक्दैन । साथै, प्रचलित कानूनबमोजिम सक्षम अदालतबाट अन्तिम फैसला भई सोही फैसलाबमोजिम कारागारमा बसेको विपक्षीले गैरकानूनी थुनामा रहेको भनी दाबी लिई रिट निवेदन दायर गर्न मिल्दैन । निवेदन जिकिरमा कैद छुटको लागि पटक पटक निवेदन गरेकोमा हालसम्म कुनै निर्णय नै नगरी गैरकानूनी थुनामा राख्ने कार्य भएको भन्ने सम्बन्धमा जेष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा १२(१) मा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सरकार वादी भई चलेको कुनै मुद्दामा कैद सजाय पाई कैद भोगिरहेको ज्येष्ठ नागरिकलाई निजको उमेर र कसुरको अवस्था हेरी कैद छुट दिन सकिने व्यवस्था गरी जेष्ठ नागरिकहरूको भलाई एवं कल्याणको लागि राज्यले गरेको विशेष व्यवस्था हो । राज्यले छुट दिन सक्नेसम्मको उक्त व्यवस्थालाई छुट दिनैपर्ने गरी अर्थ गर्न मिल्दैन । साथै राज्यले सुविधा दिन सक्नेसम्मको स्वविवेकीय व्यवस्थालाई आधार बनाई संविधान प्रदत्त हक उल्लङ्घन भएको भनी मान्न मिल्ने र सोही आधारमा रिट जारी हुने अवस्थासमेत नहुँदा रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको **प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यलयको लिखित जवाफ ।**

निवेदकको माग दाबी सम्बन्धमा हेर्दा असल चालचलन भएका कैदीको सजाय छोट्याउने व्यवस्था गरी कारागार नियमावली, २०२० को नियम २९(१)क ले जबरजस्ती करणीसम्बन्धी मुद्दामा कैद छोट्याउन नमिल्ने व्यवस्था गरेको छ । सजाय माफी मुलतबी परिवर्तन वा कम गर्नेसम्बन्धी कार्यविधि, २०७१ को ३ नं. ले पनि जबरजस्ती करणी मुद्दामा सजाय माफी मुलतबी परिवर्तन वा कम गरिने छैन भन्ने स्पष्ट व्यवस्था गरेको छ । कारागार व्यवस्थापन विभागले सजाय छुट दिनेसम्बन्धी व्यवस्थामा जबरजस्ती करणी मुद्दा नपरेको हुँदा निवेदकले सजायमा छुट पाउँ भनी दिनु भएको निवेदनमा कारबाही नभएको हो । जेष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा १२(१) ले सरकारवादी भई चलेको मुद्दामा कैद सजाय पाई कैद भोगिरहेका ज्येष्ठ नागरिकलाई निजको उमेर र कसुरको अवस्था हेरी कैद छुट दिन सकिने व्यवस्था निवेदकले भनेझैं कानूनी अधिकारको कुरा होइन, सुविधा मात्र हो । सुविधा र अधिकार पृथक कुरा भएकोले सुविधालाई अधिकारको रूपमा मागदाबी गर्दै परेको रिट निवेदन खारेजभागी छ भन्नेसमेत बेहोराको **कारागार व्यवस्थापन विभागको लिखित जवाफ ।**

कारागार कार्यालयको मुख्य काम भनेको कारागार ऐन, २०१९ को दफा ४(१) मा भएको व्यवस्थाबमोजिम प्रचलित कानूनबमोजिम रीत पुऱ्याई थुन्न वा कैद गर्न पठाइएको व्यक्तिलाई बुझी लिई कानूनबमोजिम थुनामा वा कैदमा राख्ने काम हो । निज प्रतिवादी नरध्वज गुरूङलाई पनि कास्की जिल्ला अदालतको च.नं.९७३७ मिति २०७३।१२।१३ को कैदी पुर्जीबमोजिम २०७१।०९।२७ देखि आठ (८) वर्षको लागि अर्थात् २०७९।०९।२६ सम्मको लागि थुनामा राखिएको हो । जेष्ठ नागरिक ऐनको कार्यान्वयन गर्ने निकाय कारागार कार्यालय होइन र अधिकार प्राप्त कानूनी निकायबाट लिखित आदेश प्राप्त हुनासाथ निज प्रतिवादीलाई जुनसुकै बखत पनि तुरून्त थुनामुक्त गरिने बेहोरासमेत अनुरोध छ । कारागार नियमावली, २०२० को नियम २९(२क) को व्यवस्थाबमोजिम निज प्रतिवादी नरध्वज गुरूङको हकमा यस कारागारमा थुनामा रहँदा निजको चालचलन असल भएको, उमेर ७५ (पचहत्तर) वर्ष नाघेको तथा तोकिएको कैदमध्ये २५ प्रतिशतभन्दा बढी अवधि कैद बसिसकेको हुँदा यस कार्यालयको तर्फबाट बडादशैं २०७४ को शुभ अवसरमा बाँकी कैदको माफी मिनाहा हुन कारागार व्यवस्थापन विभागमा सिफारिस गरी पठाइएको हो । उक्त सुविधा दिने वा नदिने काम नेपाल सरकारको हो । निज प्रतिवादी नरध्वज गुरूङको हकमा यस कार्यालयबाट गरिएका कुनै पनि क्रियाकलापले मौजुदा संविधानद्वारा प्रदत्त कुनै मौलिक हकको हनन् नभएको र कानूनबमोजिम नै थुनामा राखिएको हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको **कारागार कार्यालय कास्कीको लिखित जवाफ ।**

प्रचलित कारागार ऐन, २०१९, कारागार नियमावली, २०२० तथा कार्यविधिहरूमा निश्चित अवधि पूरा गरेका कैदी बन्दीहरूको कैद छुट दिन सकिने प्रावधानहरू उल्लेख गरिएका छन् । कारागार नियमावली, २०२० को नियम २९(२क) मा असल चालचलन भएका सत्तरी वर्ष उमेर पुगेका कैदीहरूको हकमा पचहत्तर प्रतिशतसम्मको कैद सजाय छोट्याउन सकिने व्यवस्था रहेको छ । साथै, जेष्ठ नागरिक ऐन, २०६३ को १२(१)(ग) मा पचहत्तर वर्ष उमेर पूरा भएका जेष्ठ नागरिकलाई निजको उमेर र कसुरको अवस्था हेरी पचहत्तर प्रतिशतसम्म कैद छुट दिन सकिनेछ भन्ने व्यवस्था भए तापनि कारागार नियमावली, २०२० को नियम २९(१क) मा जबरजस्ती करणी मुद्दामा कैद सजाय पाएको व्यक्तिको कैद सजाय छोट्याउन सकिने छैन भन्ने व्यवस्था रहेको छ । त्यसैगरी सजाय माफी, मुलतबी, परिवर्तन वा कम गर्नेसम्बन्धी कार्यविधि, २०७१ को दफा ३ मा जबरजस्ती करणी अपराधलगायतका २१ वटा अपराधमा कसुरदार

ठहरिएको व्यक्तिको सजाय माफी, मुलतबी परिवर्तन वा कम गरिने छैन भनी कैद माफी नगरिने अपराधहरूको नकारात्मक सूची उल्लेख गरिएको छ । निवेदक कैद माफी नगरिने नकारात्मक सूचीमा रहेको अपराधबापत कैद सजाय भोगिरहेको कैदी भएको हुँदा निजलाई त्यस्तो छुट नदिइएको हो । जेष्ठ नागरिक ऐन, २०६३ तथा कारागार नियमावली, २०२० मा भएको कैद छुट दिन सकिनेछ भन्ने प्रावधानहरू बाध्यकारी होइनन् । प्रचलित कानूनमा भएको "सकिनेछ" भन्ने व्यवस्थाले रिट निवेदकले भनेजस्तो कैद छोट्याउनको लागि बाध्यात्मक अवस्थाको सृजना गरेको छैन र जनाउँदैन । गृह मन्त्रालयको के कस्तो काम कारबाहीबाट विपक्षीको संवैधानिक एवं कानूनी हक उल्लङ्घन हुन गएको हो भन्ने सम्बन्धमा रिट निवेदनमा उल्लेख गर्न नसकेको अवस्थामा यस मन्त्रालयलाई विपक्षी बनाई दायर गरेको रिट निवेदन बदरभागी छ । प्रचलित कानूनबमोजिम विपक्षी नरध्वज गुरूङलाई कैद भुक्तानीको लागि कारागारमा राखिएको हो । निजलाई बन्दी बनाई राखिएको होइन भन्नेसमेत बेहोराको **नेपाल सरकार गृह मन्त्रालयको लिखित जवाफ ।**

रिट निवेदन मागदाबीको सम्बन्धमा जिल्ला अदालतबाट भएको फैसलालाई सदर गर्ने गरी उच्च अदालत पोखराबाट मिति २०७३।११।१० मा भएको फैसलाअनुसार रिट निवेदक आफूले गरेको कसुरबमोजिम कारागार कार्यालय कास्कीमा थुनामा रहेको देखिन्छ । अदालतको फैसला कार्यान्वयनको सिलसिलामा रिट निवेदकलाई आफूले गरेको कसुरको सजाय भुक्तानको लागि थुनामा राखिएको अवस्थामा निजको संवैधानिक तथा कानूनी हक अधिकारसमेत हनन् हुने काम यस कार्यालयबाट नभएकोमा यस कार्यालयलाई विपक्षी बनाई दायर भएको उल्लिखित बन्दीप्रत्यक्षीकरण रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको **जिल्ला प्रशासन कार्यालय, कास्कीको लिखित जवाफ ।**

यसमा मिति २०७४।०४।२९ मा कारागार कार्यालय कास्कीले असल चालचलन भएका व्यक्तिको ७५ प्रतिशतसम्म कैद छोट्याउने प्रयोजनका लागि यी निवेदकको हकमा समेत कारागार व्यवस्थापन विभागसमक्ष लेखी पठाएको देखिँदा सो विषयमा कारागार नियमावली, २०२० को नियम २९(२) अनुसार कारबाहीको प्रक्रिया के कुन अवस्थामा रहेको छ सोको जानकारी कारागार व्यवस्थापन विभागबाट मगाई आएपछि नियमानुसार पेस गर्नु भन्ने मिति २०७४।०७।२७ को यस अदालतको **आदेश ।**

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत रिट निवेदनउपर सुनुवाइको सन्दर्भमा निवेदकको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री विश्वराज भट्टराई र विद्वान् अधिवक्ता श्री सरोज अधिकारीले ४० प्रतिशत कैद भुक्तान भइसकेको ७६ वर्षको वृद्ध अवस्थाको जेष्ठ नागरिकलाई जेष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ तथा कारागार नियमावली, २०२० ले व्यवस्था गरेको सत्तरी वर्ष उमेर पुगेका कैदीहरूको हकमा पचहत्तर प्रतिशतसम्मको कैद सजाय छोट्याउन सकिने व्यवस्था भएबमोजिम कैद छुटको लागि पटक पटक निवेदन माग गरेको सोउपर हालसम्म कुनै निर्णय कारबाही नै नगरी गैरकानूनी रूपमा थुनामा राख्ने कार्य भएको हुँदा जे जो गर्नुपर्ने आवश्यक कार्य गरी गैरकानूनी थुना मुक्त गरिदिनु भनी विपक्षीहरूका नाममा परमादेश, बन्दीप्रत्यक्षीकरणलगायत आवश्यक आदेश जारी गरी गैरकानूनी कैद मुक्त गरिपाउँ भनी बहस गर्नुभयो ।

नेपाल सरकारको विभिन्न निकायहरूको तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री संजिवराज रेग्मीले जेष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ ले ज्येष्ठ नागरिकलाई निजको उमेर र कसुरको अवस्था हेरी पचहत्तर प्रतिशतसम्म छुट दिन सक्ने कानूनी व्यवस्था भए तापनि कारागार नियमावली, २०२० को नियम २९(१)(क) ले जबरजस्ती करणीसम्बन्धी

मुद्दामा कैद छोट्याउन नमिल्ने भनी व्यवस्था गरेको, सजाय माफी मुलतबी परिवर्तन वा कम गर्नेसम्बन्धी कार्यविधि, २०७१ को दफा ३ ले पनि जबरजस्ती करणी मुद्दामा सजाय माफी, मुलतबी परिवर्तन वा कम गरिने छैन भन्ने स्पष्ट व्यवस्था गरिनुका साथै कारागार ऐनले पनि जबरजस्ती करणी मुद्दा सजाय छुट दिन मिल्ने भित्र नपरेको हुँदा निवेदकको निवेदनमा कारबाही नभएको हो । जेष्ठ नागरिकसम्बन्धी ऐनले ज्येष्ठ नागरिकलाई प्रदान गरेको कैद छुटको व्यवस्था सुविधाको विषय मात्र हो, अधिकारको कुरा होइन । प्रचलित कानूनबमोजिम अदालतबाट अन्तिम फैसला भई सोही फैसलाबमोजिम कारागारमा बसेको विपक्षीले गैरकानूनी थुनामा रहेको भन्ने दाबी लिन मिल्दैन भनी बहस गर्नुभयो ।

अब रिट निवेदक तथा विपक्षीहरूको तर्फबाट प्रस्तुत बहस जिकिरसमेत सुनी मिसिल संलग्न सम्पूर्ण प्रमाण कागजातहरू अध्ययन गरी निर्णयतर्फ विचार गर्दा मूलतः देहायका प्रश्नहरूको निरूपण गर्नुपर्ने देखियोः-

१. जबरजस्ती करणीको कसुरमा कैद सजाय भोगिरहेको जेष्ठ नागरिकले जेष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ बमोजिम कैद सजायमा छुट पाउन सक्ने हो वा होइन ?
२. निवेदक गैरकानूनी रूपमा थुनामा रहेको हो वा होइन ? रिट निवेदकको मागबमोजिमको बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनु पर्ने हो वा होइन ?

२. निर्णयतर्फ विचार गर्दा, मिति २०७१।०९।२७ देखि थुनामा रही झण्डै ४० प्रतिशत कैद भुक्तान हुन लागिसकेको अवस्था रहेको र हाल ७६ वर्ष पूरा गरी वृद्ध अवस्थाको शारीरिक तथा मानसिक रूपमा कमजोर डायबिटिज रोगबाट समेत ग्रसित अवस्थामा रहेको हुँदा जेष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा १२(१)(ग) तथा कारागार नियमावली, २०२० को नियम २९(२क), (३) बमोजिम सुविधा दिई अविलम्ब गैरकानूनी थुना मुक्त गरिदिन भनी विपक्षीका नाममा परमादेश, बन्दीप्रत्यक्षीकरणलगायत आवश्यक आदेश जारी गरिपाउँ भन्नेसमेत बेहोराको रिट निवेदन देखिन्छ । जेष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ मा ज्येष्ठ नागरिकलाई निजको उमेर र कसुरको अवस्था हेरी पचहत्तर प्रतिशतसम्म छुट दिनसक्ने कानूनी व्यवस्था रहेको छ । तर कारागार नियमावली, २०२० को नियम २९(१)(क) ले जबरजस्ती करणीसम्बन्धी मुद्दामा कैद छोट्याउन नमिल्ने व्यवस्था गरेको छ । सजाय माफी, मुलतबी, परिवर्तन वा कम गर्नेसम्बन्धी कार्यविधि, २०७१ को नियम ३ ले पनि जबरजस्ती करणी मुद्दामा सजाय माफी, मुलतबी परिवर्तन वा कम गरिने छैन भन्ने स्पष्ट व्यवस्था गरेको छ । सजाय छुट दिने व्यवस्थामा जबरजस्ती करणी मुद्दा समावेश नभएको हुँदा निवेदकलाई सजायमा छुट दिन मिल्दैन । जेष्ठ नागरिकसम्बन्धी ऐनले ज्येष्ठ नागरिकलाई निजको उमेर र कसुरको अवस्था हेरी कैद छुट दिन सकिने भन्ने व्यवस्था सुविधाको विषय भएको र सुविधालाई अधिकारको रूपमा लिन मिल्दैन । प्रचलित कानूनबमोजिम अदालतबाट अन्तिम फैसला भई सोही फैसलाबमोजिम कारागारमा बसेको विपक्षीले गैरकानूनी थुनामा रहेको भनी दाबी लिई रिट निवेदन दायर गर्न मिल्दैन भन्नेसमेत बेहोराको विपक्षीहरूको लिखित जवाफ रहेको पाइयो ।

३. रिट निवेदक ७६ वर्षको जेष्ठ नागरिक रहे भएको भन्ने मिसिल संलग्न प्रमाणहरूका साथै विपक्षीहरूको लिखित जवाफहरूबाट समेत विवादरहित तवरबाट पुष्टि भइरहेको देखियो । अब जेष्ठ नागरिकलाई हुने सजाय र सजाय छुटको सम्बन्धमा जेष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ ले गरेको व्यवस्थातर्फ दृष्टि दिनु आवश्यक देखिन्छ । उक्त ऐनको दफा १२(१) मा निम्न प्रावधान रहेको छः

**"प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सरकार वादी भई चलेको कुनै मुद्दामा कैद सजाय पाई कैद भोगिरहेको ज्येष्ठ नागरिकलाई निजको उमेर र कसुरको अवस्था हेरी देहायबमोजिमको छुट दिन सकिनेछः-**

**(क) पैसट्ठी वर्ष उमेर पूरा भई सत्तरी वर्ष ननाघेका ज्येष्ठ नागरिकलाई पच्चीस प्रतिशतसम्म**

**(ख) सत्तरी वर्ष उमेर पूरा भई पचहत्तर वर्ष ननाघेका ज्येष्ठ नागरिकलाई पचास प्रतिशतसम्म**

**(ग) पचहत्तर वर्ष उमेर पूरा भएका ज्येष्ठ नागरिकलाई पचहत्तर प्रतिशतसम्म"**

४. उक्त कानूनी व्यवस्थाअनुसार अदालतको फैसलाबमोजिम कैद सजाय भएका विभिन्न उमेर समूहका ज्येष्ठ नागरिकलाई फरकफरक प्रतिशतको आधारमा कैद छुट दिन सकिने देखियो । उक्त दफामा **"...कैद भोगिरहेको ज्येष्ठ नागरिकलाई निजको उमेर र कसुरको अवस्था हेरी कैद छुट दिन सकिनेछ"** भन्ने शब्दावली प्रयोग भएको देखिन्छ । यसबाट कसुरदारको उमेर, कसुरको प्रकृति, घटनाक्रमको अवस्था र परिस्थितिसमेतका समग्र पक्षमा विचार गरी कति प्रतिशत कैद छुट दिने भन्ने विषयको निरूपण गर्नुपर्ने देखिन्छ । जेष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा १२ ले गरेको कैद छुट हुनसक्ने उपल्लो हदको व्यवस्थालाई निरपेक्ष हकको रूपमा हेर्न मिल्ने देखिँदैन । निर्णय गर्ने अधिकारीले तथ्यपरक र बुद्धिमत्तापूर्ण तजबिजको प्रयोग गरी कैद छुट दिने कुराको निर्धारण गर्नु पर्दछ । यसरी तजबिज प्रयोग गरी निर्णय गर्नुपर्ने कुरामा निर्णय नगरिएकोसम्मकै कारणबाट निवेदकलाई थुनामा राखिएको कार्यलाई गैरकानूनी भनी ठहर गर्नु मनासिब देखिँदैन । यस सम्बन्धमा यस अदालतबाट रामदेव मुखिया वि. नेपाल सरकार, ने.का.प. २०७३, नि.नं.९५५५, पृष्ठ २३ मा सिद्धान्तसमेत प्रतिपादन भएको छ । रिट निवेदक नरध्वज गुरूङलाई जबरजस्ती करणी मुद्दामा उच्च अदालतबाट मिति २०७३।११।१० मा ८(आठ) वर्ष कैद सजाय हुने ठहर भएअनुसार निजले २ वर्ष ११ महिना कैद भुक्तान गरेको देखिन्छ । अदालतबाट भएको फैसलाले तोकेबमोजिमको अधिकांश कैद निजले भुक्तान गर्न बाँकी नै रहेको पाइयो ।

५. जबरजस्ती करणी गरेको कसुरमा कैद सजाय भोगिरहेको जेष्ठ नागरिकले कैद सजायमा छुट पाउने हो वा होइन भन्ने सम्बन्धमा हेर्दा कारागार नियमावली, २०२० को नियम २९ मा देहायअनुसारको प्रावधान रहेको देखियोः

२९(१): *"असल चालचलन भएका कैदीलाई तोकिएको कैदको सजायमा बढीमा पचास प्रतिशतसम्म कैदको सजाय छोट्याउन सकिनेछ"।*

२९(१क): *"उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको मुद्दामा कैद सजाय पाएको व्यक्तिको कैद सजाय छोट्याउन सकिने छैनः-*

*(क) जीउ मास्ने बेच्ने,*

*(ख) जबरजस्ती करणी,*

*(ग) कैदबाट भागे भगाएको,*

*(घ) भन्सार चोरी निकासी पैठारी,*

*(ङ) लागु औषधको कारोबार,*

*(च) भ्रष्टाचारसम्बन्धी,*

*(छ) जासूसीसम्बन्धी,*

*(ज) संरक्षित वन्यजन्तुसम्बन्धी,*

*(झ) पुरातात्विक वस्तुसम्बन्धी ।*

२९ (२क): *"उपनियम (१) र (१क) मा जुनसुकै कुरा लेखिएको भए तापनि असल चालचलन*

*भएका सत्तरी वर्ष उमेर पुगेका कैदीहरूको हकमा पचहत्तर प्रतिशतसम्मको कैद सजाय छोट्याउन वा दुवै आँखा नदेख्ने वा दुवै खुट्टा नचल्ने वा अङ्गभङ्ग भई ओछ्यान परी निको नहुने अवस्थामा पुगेको भनी सरकारी चिकित्सकले सिफारिस गरेका कैदीको हकमा बाँकी कैदको सजाय छोट्याउन सकिनेछ"।*

६. कारागार नियमावली, २०२० को नियम २९ मा रहेको प्रावधानलाई समग्रमा हेर्दा असल चालचलन भएका कैदीलाई तोकिएको कैदको सजायमा बढीमा पचास प्रतिशतसम्म कैदको सजाय छोट्याउन सकिने व्यवस्था रहेको देखिन्छ । तर जबरजस्ती करणीको अपराधलगायतका केही कसुरबापत सजाय भोगिरहेको कैदीहरूको हकमा कैद सजाय छोट्याउन नहुने अपवाद स्वरूपका अवस्थाहरू समेत उक्त नियममा उल्लेख भएको देखियो । यो सामान्य रूपमा लागू हुने प्रावधान हो । उल्लिखित नियम २९(१क) मा रहेको प्रावधानका आधारमा जबरजस्ती करणी मुद्दाका कसुरदारलाई कैद छुटको सुविधा दिन नपर्ने भन्ने अभिप्राय विपक्षीहरूले लिखित जवाफमा व्यक्त गरेको पाइयो । यो जिकिरलाई उचित मान्न सकिने अवस्था देखिँदैन । जेष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ जेष्ठ नागरिकहरूको हित, सुविधा तथा कल्याणका लागि जारी गरिएको विशेष ऐन हो । विधायिकाबाट निर्मित ऐनले गरेको व्यवस्थाप्रतिकूल यदि कुनै नियममा प्रावधान छन् भने पनि त्यस्तो प्रावधानले मान्यता पाउन सक्तैन । ऐनकै व्यवस्थाको अनुशरण गरिनु पर्दछ । यसका अतिरिक्त कारागार नियमावली, २०२० को नियम २९(२क) स्वयंले अन्य अवस्थाका अतिरिक्त सत्तरी वर्ष पुगेका कैदीको हकमा उपनियम (१क) को प्रावधान आकर्षित नहुने व्यवस्था गरेको देखिन्छ । नियम २९ को उपनियम (२क) मा "**उपनियम (१) र (१क) मा जुनसुकै कुरा लेखिएको भए तापनि असल चालचलन भएका सत्तरी वर्ष उमेर पुगेका कैदीहरूको हकमा पचहत्तर प्रतिशतसम्मको कैद सजाय छोट्याउन...सकिनेछ**" भन्ने व्यवस्था रहेको देखिन्छ। नियमावलीको नियम २९(२क) मा उल्लिखित "असल चालचलन भएका" र "सत्तरी वर्ष उमेर पुगेका" कैदीहरूको हकमा उक्त नियम २९(१क) मा उल्लेख भएबमोजिम नकारात्मक सूचीमा परेका मुद्दामा नै कैद परेको भएपनि नियम २९(२क) बमोजिमको कैद छुट पाउन सक्ने नै हुन्छ । यो अपवाद स्वरूपको विशेष प्रावधान हो । रिट निवेदक ७६ वर्षको जेष्ठ नागरिक हुन भन्ने कुरामा विवाद छैन । यस अवस्थाका जेष्ठ नागरिकलाई कानूनले प्रदान गरेको सुविधालाई संकुचित अर्थमा ग्रहण गरी सुविधा दिनबाट वञ्चित गर्नु मनासिब हुँदैन । जेष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा १२ तथा कारागार नियमावली, २०२० को नियम २९(२क) ले गरेको व्यवस्थाअनुसारको सुविधा प्रदान गर्न ईन्कार गर्नुपर्ने कुनै कानूनी आधार तथा मनासिब कारण देखिन आएन ।

७. जेष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ तथा कारागार नियमावली, २०२० को नियम २९(२क) बमोजिम सुविधा प्रदान गर्दा तजबिज प्रयोग गरी मूल्याङ्कन गरिनु पर्ने अवस्था रहेको देखिन्छ । तर यसको तात्पर्य निर्णय गर्ने अधिकारीले यसप्रकारको तजबिजी अधिकार हो भन्ने कुराको आडमा निर्णय नै नगरी बस्ने (अनिर्णयको अवस्थामा रहने) छुट भने पाउँदैन । कानूनले कुनै सार्वजनिक अधिकारीलाई कुनै तजबिजी अधिकार दिनुको तात्पर्य स्वेच्छाचारी हुनका लागि नभएर उच्चतम बुद्धिमत्ताको प्रयोग गरी न्यायोचित परिणाम सुनिश्चित गर्नका लागि तजबिजी अधिकार दिइएको हो । जेष्ठ नागरिकको लागि कानूनले सजायमा छुट दिने व्यवस्था प्रस्ट शब्दमा गरेको देखिन्छ। निर्णय गर्ने अधिकारीले विवेकपूर्ण र तथ्यपरक

तजबिजको प्रयोग गरी ऐनले तोकेको दायराभित्र रहेर उचित निर्णय गर्नु नै पर्दछ । तजबिजी अधिकार हो भन्ने कुराको आडमा निर्णय नै नगरी बस्न मिल्दैन । कानूनबमोजिम आफूले गर्नुपर्ने निर्णय नै नगरी बस्ने र परिणामतः ऐनले गरेको व्यवस्थालाई निष्प्रभावी तुल्याउने छुट कुनै सार्वजनिक अधिकारीलाई हुन सक्तैन। जेष्ठ नागरिकलाई सजायमा छुट दिने सम्बन्धमा उचित समयमा नै तथ्यसङ्गत निर्णय गर्नु सम्बन्धित अधिकारीको कानूनी कर्तव्य देखिन्छ।

८. अतः निवेदक नरध्वज गुरूङ जेष्ठ नागरिक भएको तथ्य विवादरहित तवरबाट पुष्टि भइरहेको, जेष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा १२ मा ज्येष्ठ नागरिकलाई उमेर हदको आधारमा बढीमा पचहत्तर प्रतिशतसम्म सजायमा छुट दिन सकिने व्यवस्था रहेको, कारागार नियमावली, २०२० को नियम २९ (२क) मा समेत असल चालचलन भएका सत्तरी वर्ष उमेर पुगेका कैदीहरूको हकमा कैद सजाय छोट्याउन सकिने प्रावधान रहेको देखियो। सोबमोजिम सुविधाको लाभ निवेदक नरध्वज गुरूङलाई दिनु नपर्ने वा निजले सो सुविधा नपाउने कुनै कारण देखिन आएन। तसर्थ जेष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा १२ तथा कारागार नियमावली, २०२० को नियम २९(२क) समेतका प्रचलित नेपाल कानूनबमोजिम के कति सुविधा दिने हो भन्ने सम्बन्धमा अविलम्ब निर्णय गरी रिट निवेदक नरध्वज गुरूङलाई कानूनबमोजिम निजले पाउने कैद छुट सुविधा दिनु, दिलाउनु भनी विपक्षीहरूको नाममा परमादेश जारी हुने ठहर्छ । बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भनी जिकिर गरिएको सन्दर्भमा हेर्दा फैसलाबमोजिम लागेको कैदको अधिकांश भाग भुक्तान हुन बाँकी नै रहेको देखिँदा निवेदकलाई कैदमा राखिएको कार्यलाई गैर कानूनी मान्न र बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन। यस आदेशको जानकारी विपक्षीहरूलाई महान्यायाधिवक्ताको कार्यालयमार्फत दिई प्रस्तुत निवेदनको दायरीको लगत कट्टा गरी नियमानुसार गरी बुझाइदिनू।

उक्त रायमा सहमत छु।
न्या.डा.आनन्दमोहन भट्टराई

इजलास अधिकृत: गीता श्रेष्ठ
इति संवत् २०७४ साल मंसिर २९ गते रोज ६ शुभम्।

## निर्णय नं. ९९९९

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा
माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल
फैसला मिति : २०७५।१।२८
०६७-CR-०७२६

मुद्दाः सम्बन्ध विच्छेद

पुनरावेदक / प्रतिवादी : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं.१ नक्साल बस्ने पुरण शमशेर ज.ब.रा. की श्रीमती किरण राणा

विरूद्ध

प्रत्यर्थी / वादी : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं.१ नक्साल घर भई हाल ऐ.का.म.न.पा. वडा नं.४ बालुवाटारमा डेरा गरी बस्ने पुरण शमशेर ज.ब.रा.

- **आमा, छोरा, छोरी र श्रीमतीको रक्षा-शिक्षाको जिम्मेवारीबाट उम्की घरै छोडी हिँड्ने लोग्नेले आफ्नी श्रीमतीसँग निजको मन्जुरी नहुँदा नहुँदै पनि सम्बन्ध विच्छेद गर्न पाउँछ भन्ने मनसाय मुलुकी ऐन, लोग्ने स्वास्नीको महलको १ नं.को देहाय १ को कानूनी व्यवस्थाको नभई श्रीमतीले श्रीमान्‌को मन्जुरीबेगर घर छाडी अलग बसेको हकमा मात्र आकर्षित हुने हुँदा उक्त कानूनी व्यवस्थाले प्रत्यर्थी वादीलाई सम्बन्ध विच्छेद गर्न छुट दिएको भन्न नमिल्ने ।**

(प्रकरण नं.३)

- **पत्नीले घर परिवारको (सासु र बालबच्चाको) जिम्मा लिई घरमा बस्दा घरको आर्थिक व्यवहार मिलाउनका निम्ति अंश लिनसक्ने तर पारिवारिक पहिचान (Identity) र सामाजिक संस्कारको निम्ति सम्बन्ध विच्छेद नगरी बस्नसक्ने नै हुन्छन् । अतः पत्नीले अंश लिएमा पतिलाई आफ्नी पत्नीसँग विवाहवारीको महलको १० नं. ले अर्को विवाह गर्नसक्ने भन्नुको अर्थ सम्बन्ध विच्छेद गर्न बाटो खुलेको भनी अर्थ गर्न नमिल्ने ।**

(प्रकरण नं.५)

पुनरावेदक / प्रतिवादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता श्री लोकभक्त राणा

प्रत्यर्थी / वादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता श्री मुकुन्द शर्मा पौडेल र विद्वान् अधिवक्ता श्री सशिनाथ मरासीनी

अवलम्बित नजिर :

- नेकाप २०६७, अंक १०, नि.नं.८४८७

सम्बद्ध कानून :

सुरू तहमा फैसला गर्ने :

श्री लेखनाथ घिमिरे
काठमाडौं जिल्ला अदालत

पुनरावेदन तहमा फैसला गर्ने :

श्री देवेन्द्र गोपाल श्रेष्ठ
श्री दिनेश कुमार कार्की
पुनरावेदन अदालत पाटन

फैसला

**न्या. सपना प्रधान मल्ल :** तत्कालीन न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) बमोजिम दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छः

विपक्षी किरण राणा र मबीच धार्मिक परम्पराअनुसार विवाह भई १ छोरा प्रसुन शमशेर र १ छोरी करिस्माको समेत जायजन्म भइसकेको छ; १५।१६ वर्ष अगाडिदेखि मबाट छुट्टै बसी मेरो उपचार नगरी उल्टै मानसिक यातनासमेत दिई मेरो पैतृक सम्पत्तिमा समेत निजले नै भोगचलन गरिरहेको छ; यसैगरी विपक्षी किरण राणाले यस अदालतमा अंश मुद्दा दायर गरी हामी ४ जना अंशियारमध्ये छोरी र आमाको समेत अंश लिई भिन्न बसेको अवस्थामा हामीहरूबीच सम्बन्ध विच्छेद गरी छुट्टिई जीवनयापन गर्न उचित ठानेको हुँदा लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद गरिपाउँ भन्नेसमेत बेहोराको वादी पुरण शमशेरले काठमाडौं महानगरपालिकामा पेस गरेको निवेदन पत्र ।

मलाई सम्बन्ध विच्छेद गर्न मन्जुर छैन । आधा उमेर पार गरेपछि छोरा छोरीको विवाह नहुँदैको अवस्थामा समेत लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद गर्न उपर्युक्त हुन्न । विपक्षीले पलायनवादी नीति अवलम्बन गर्नुभएको देखिन्छ । आफ्नो सामाजिक, व्यावहारिक र नैतिक कर्तव्यबाट मानिसले विमुख हुन हुँदैन । लोग्ने

स्वास्नीको सम्बन्ध सम्पत्ति र अंशमा मात्र सीमित हुँदैन । स्वास्नीको मन्जुरीबेगर कुलत र कुसङ्गतमा लागि स्वास्नीलाई १५।१६ वर्षसम्म छाडी हेरविचार नगरी उल्टै सम्बन्ध विच्छेद गर्ने श्रीमान्‌को नियत मैले बुझ्नसकेको छैन । स्वास्नीलाई कामदारको रूपमा प्रयोग गर्ने र पुरानो जुत्ता जस्तो फुकाली फाल्न मिल्ने अमानवीय कार्य श्रीमान्‌बाट गरेको हुँदा यस्ता सानातिना विवादलाई बिर्सी श्रीमान्‌सँगै जीवनयापन गर्ने प्रण गरेको हुँदा सम्बन्ध विच्छेद हुनुपर्ने होइन भन्नेसमेत बेहोराको प्रतिउत्तर पत्र ।

म हालसम्म पनि क्यान्सर रोगबाट पीडित रहेको अवस्थामा पनि पत्नीले गर्नुपर्ने कर्तव्य पालन नगरेको र आमा खड्ग कुमारीसँग मिली मलाई अंशहकबाट पनि वञ्चित गराएको हुँदा निवेदन दाबीबमोजिम सम्बन्ध विच्छेद हुनुपर्छ भन्नेसमेत बेहोराको वादीका वारेस धिरेन्द्र सिंहले काठमाडौं जिल्ला अदालतमा गरेको बयान ।

वादी श्रीमान्‌लाई मैले छाडेको नभई म घरमा नै हालसम्म बसिरहेको अवस्था हुँदा सम्बन्ध विच्छेद हुनुपर्ने होइन भन्ने बेहोराको प्रतिवादी किरण राणाले काठमाडौं जिल्ला अदालतमा गरेको बयान ।

वादी प्रतिवादीबीच १५।१६ वर्षदेखि छुट्टै बसेको अवस्था रहेको, प्रतिवादीलाई वादीले अंशसमेत दिइसकेको र सँगै बस्ने वातावरणसमेत टुटिसकेको हुँदा वादी प्रतिवादी बीचको लोग्नेस्वास्नीको सम्बन्ध विच्छेद हुनुपर्दछ भन्नेसमेत बेहोराको वादीका साक्षी निरज के.सी.ले अदालतमा गरेको बकपत्र ।

प्रतिवादीलाई छोडी वादी अन्तै बस्दै आउनुभएको छ । परिवारलाई हेरविचार गर्नुभएकोसमेत छैन । अंश मुद्दा परी फैसला भइसकेपनि अंश पाउनु भएको छैन । छोरा छोरीको भविष्य तथा हितको लागि सम्बन्ध विच्छेद नगरी मिलेर बस्नु उपयुक्त हुन्छ भन्ने प्रतिवादीको साक्षी शुष्मा राणाले गरेको बकपत्र ।

मुलुकी ऐन, लोग्ने स्वास्नीको महलको १ नं. को देहाय १ को कानूनी व्यवस्था हेर्दा स्वास्नीले लोग्नेको मन्जुरीबेगर लगातार ३ वर्ष वा सोभन्दा बढी समयदेखि अलग्गै बस्ने गरेको खण्डमा त्यस्तो स्वास्नीसँग लोग्नेले सम्बन्ध विच्छेद गर्न पाउने भएकोले सोही व्यवस्थाबमोजिम वादीले सम्बन्ध विच्छेदको कारबाही चलाएको पाइन्छ । तथापि प्रस्तुत सन्दर्भमा प्रतिवादी आफैँ घर छाडेर अलग बस्ने गरेको नभई वादी नै घर छोडी डेरा लिई बसेको भन्ने स्थितिमा उल्लिखित कानूनी व्यवस्था आकर्षित हुने अवस्था भएन । वादी प्रतिवादीको बीचमा अंश मुद्दा चली प्रतिवादीले दाबीबमोजिम अंश लिई व्यवहार अलग भएको कारण सम्बन्ध विच्छेद गर्ने बाटो खुलेको अर्थ गर्न मिल्दैन । साथै वादी प्रतिवादीको उमेर अवस्था, पारिवारिक स्थिति, छोराछोरीको उमेरसमेतलाई विचार गरी सामाजिक तथा व्यावहारिक रूपले समेत सम्बन्ध विच्छेद गर्न बेमन्जुरी जनाएको प्रतिवादीको भनाईमा असहमत रहनु पर्ने कुनै कारणसमेत नदेखिँदा पति पत्नीबीचको सम्बन्ध विच्छेद गरिपाउँ भन्ने वादीको दाबी पुग्न सक्दैन भन्ने काठमाडौं जिल्ला अदालतको मिति २०६५।१०।८ को फैसला ।

कानूनी आधारमा लोग्ने स्वास्नीको महलको १ नं. को देहाय १ बमोजिम कुनै पनि लोग्ने स्वास्नीका बीचमा असल सम्बन्ध हुन नसकी अन्यथा स्वास्नी मानिसले ३ वर्षसम्म घर छोडी अलग बसेमा वा लोग्नेको ज्यानसम्म जाने कुनै कार्य गरेमा लोग्नेले सम्बन्ध विच्छेद गर्नसक्ने कुरा स्पष्ट उल्लेख भएकोमा मैले आफू क्यान्सर जस्तो रोगले ग्रस्त भएको अवस्थामा मेरो हेरविचारसाथ सहायतासमेत केही नगरी पैतृक सम्पत्ति अरूलाई नै हस्तान्तरण गर्न आमा खड्ग कुमारीलाई सहयोग गरेको तथा आफू बाध्य भई घर छाडी अलग बस्न परेको बाध्यतालाई लोग्ने स्वास्नीको महलको १ नं. को परिभाषाभित्र नपर्ने भनी गरेको व्याख्याले अन्याय गरेको छ । त्यसैगरी विपक्षीले काठमाडौं जिल्ला अदालतमा गरेको बकपत्रमा छोरा छोरी ठूलै

भइसकेको कारण यस समयमा आएर सम्बन्ध विच्छेद गर्नु उपर्युक्त नहुने भन्ने भनाई तथा मैले आफैँ घर छाडी हिँडेको र निज प्रतिवादीले मलाई निकाला गरेको होइन भन्ने भनाई कुनै प्रमाणबाट समर्थितसमेत भएको छैन। अतः विपक्षीले मप्रति गरेको अन्याय अत्याचार सबै कुरा निजबाटै स्पष्ट देखिँदादेखिँदै उक्त आधारहरूलाई वास्ता नै नगरी तथ्य प्रमाणमा प्रवेश नै नगरी लोग्नेले दिएको निवेदनउपर सम्बन्ध विच्छेद गर्न नमिल्ने भनी गरेको फैसला अन्यायपूर्ण हुँदा उक्त फैसला बदर गरी प्रतिवादीसँगको मेरो लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद गरिपाउँ भन्ने वादी पुरण शमशेर ज.ब.रा. को तत्कालीन पुनरावेदन अदालत पाटनमा परेको पुनरावेदन पत्र।

प्रतिवादीले अंश मुद्दा दायर गरी मानो छुट्टिई अलग बसेको अवस्थामा सम्बन्ध विच्छेद गर्न इन्कार गरेको सुरूको फैसला फरक पर्न सक्ने देखिँदा अ.बं.२०२ नं. को प्रयोजनार्थ छलफलका निम्ति विपक्षी झिकाई हाजिर भए वा अवधि नाघेपछि पेस गर्नु भन्ने तत्कालीन पुनरावेदन अदालत पाटनको मिति २०६६।७।११ को आदेश।

प्रतिवादी किरण राणाले वादी पुरण शमशेर ज.ब.रा. को मन्जुरीबेगर लगातार ३ वर्षभन्दा बढी १५।१६ वर्षदेखि क्यान्सरबाट पीडित पतिको उपचार स्याहार सम्भार गर्नतर्फ नलागी उल्टै निजउपर अंश मुद्दा गरी पतिलाई छाडी अलग बसेको कुराको पुष्टि हुन आएको अवस्थामा दाबीबमोजिम वादी प्रतिवादीबीचको लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद गरी दिनुपर्नेमा वादी दाबी नपुग्ने गरी सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०६५।१०।८ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भई वादी दाबीबमोजिम वादी प्रतिवादीबीचको लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद हुने ठहर्छ भन्ने तत्कालीन पुनरावेदन अदालत पाटनको मिति २०६७।३।९ को फैसला।

मुलुकी ऐन लोग्ने स्वास्नीको महलको १ नं. को देहाय १ मा उल्लिखित कानूनी व्यवस्था (स्वास्नीले लोग्नेलाई निजको मन्जुरीबेगर लगातार ३ वर्ष वा सोभन्दा बढी समयदेखि छोडी अलग बस्ने गरेमा) अनुसार घर छोडेर जाने व्यक्ति नै दोषी हुन्छ अर्थात् घर छोडेर अन्यत्र बस्न गएमा ऐ. कानूनी व्यवस्था आकर्षित हुनसक्ने हुन्छ । प्रस्तुत मुद्दामा म घरमै रहेकी छु । यस तथ्यलाई विपक्षीले नकार्न सक्नु भएको छैन भने पुनरावेदन अदालत पाटनले पनि मानेको छ । यस स्थितिमा ऐ. कानूनी व्यवस्था आकर्षित भई सम्बन्ध विच्छेद हुने ठहऱ्याएको फैसला पूर्णतः कानूनी त्रुटिपूर्ण रहेको सो फैसला बदर गरी प्रस्तुत मुद्दामा सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०६५।१०।८ को फैसला सदरै कायम राखी न्याय पाउँ भन्ने बेहोराको प्रतिवादीको यस अदालतमा परेको पुनरावेदन पत्र।

यसमा वादी पुरण शमशेरलाई लागेको भनिएको रोगको सम्बन्धमा प्रमाण नै नबुझी सम्बन्ध विच्छेद हुने ठहऱ्याएको पुनरावेदन अदालतको फैसला फरक पर्ने देखिएकाले अ.बं. २०२ नं. बमोजिम विपक्षी झिकाई आएपछि नियमानुसार पेस गर्नु भन्ने यस अदालतको मिति २०७०।०७।१० को आदेश।

नियमबमोजिम पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादीका तर्फबाट विद्वान् वरिष्ठ अधिवक्ता श्री लोकभक्त राणाले लोग्नेस्वास्नीको महलको १ नं. को देहाय १ को कानूनी व्यवस्था श्रीमतीले घर छोडी श्रीमान्सँग अलग भएमा लागू हुने हो, श्रीमान् स्वयंले घर छोडी हिँडी अलग भएको अवस्थामा उक्त कानूनी व्यवस्था आकर्षित हुन सक्दैन । प्रस्तुत मुद्दाको परिवेशसमेतलाई विश्लेषण गर्ने हो भने वादी नै दोषी देखिन्छन्। यस्तो अवस्थामा वादी दाबीबमोजिम सम्बन्ध विच्छेद हुने ठहऱ्याएको पुनरावदेन अदालत पाटनको फैसला त्रुटिपूर्ण हुँदा उक्त फैसला उल्टी भई सुरू काठमाडौं जिल्ला अदालतको फसला सदरै कायम हुनुपर्छ भनी बहस जिकिर प्रस्तुत गर्नुभयो।

प्रत्यर्थी वादीका तर्फबाट विद्वान् वरिष्ठ अधिवक्ता श्री मुकुन्द शर्मा पौडेल र विद्वान् अधिवक्ता श्री सशिनाथ मरासीनीले पति पत्नीको आपसी सम्बन्ध र समझदारी कायम नभएको अवस्थामा १५।१६ वर्षदेखि अलग रहेका श्रीमान् श्रीमतीलाई जबरजस्ती वैवाहिक सम्बन्ध कायम राखी राख्न औचित्यपूर्ण हुँदैन । वादी कृष्ण शेरचन र प्रतिवादी पदम कुमारी शेरचन भएको ने.का.प. २०६७ अंक १० नि.नं. ८४८७ मा प्रकाशित सम्बन्ध विच्छेद मुद्दामा प्रतिपादित भएको नजिर सिद्धान्तसमेतका आधारमा पुनरावेदन अदालत पाटनको फैसला सदर कायम हुनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो ।

उपर्युक्तानुसारको बहस जिकिर सुनी पुनरावेदनसहितका मिसिल कागजात अध्ययन गरी हेर्दा पुनरावेदन अदालत पाटनको मिति २०६७।३।९ मा भएको फैसला मिलेको छ वा छैन? र पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्नसक्ने हो वा होइन? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो ।

२. निर्णयतर्फ विचार गर्दा, प्रस्तुत मुद्दाकी पुनरावेदिका आफ्नो श्रीमान्सँग १५।१६ वर्षदेखि सँगै नरहेको भन्ने कुरामा कुनै विवाद देखिँदैन । पुनरावेदिका आफ्नो श्रीमान्बाट यति लामो समयसम्म सँगै नबसी अलग रहे तापनि निजले आफ्नो घर छाडी अन्यत्र गएको भन्ने देखिँदैन । पुनरावेदिका प्रतिवादी आफ्नो घरमै सासू र बच्चाहरूलाई हेरचाह गरी बसेको भन्ने कुरा निजको प्रतिउत्तरपत्र र सुरू अदालतमा गरेको बयानसमेतबाट देखिन्छ । सो कुरालाई प्रत्यर्थी वादीले अन्यथा खण्डन गर्नसकेको देखिँदैन । वादीले आफू घरमा नरही अन्यत्रै डेरा गरी छुट्टै बसेको भनी आफ्नो फिराद पत्रसमेतमा स्वीकार गरेका छन् । प्रत्यर्थी वादीले आफैँ घर छाडी हिँडेको नभई घरबाट निस्कन बाध्य पारी विस्थापित गरिएको भन्ने जिकिर लिए तापनि के-कसरी घर छाड्नेसम्मको स्थिति पैदा भयो भन्ने कुरा उनले स्पष्ट खुलाएको पाइएन । निज प्रत्यर्थी वादीले मंजेश्री राणासँग मिति २०४७।१।५ मा अर्को विवाह गरेका रहेछन् भन्ने कुरा बहसको क्रममा पेस भएको स्थानीय पञ्जिकाधिकारीको कार्यालय, नेपालगञ्जबाट मिति २०५६।११।२३ मा जारी भएको विवाह दर्ताको प्रमाणपत्रको प्रतिलिपिबाट देखिन आउँछ । यसरी अर्को महिलाको निम्ति घर छाडी हिँड्ने वादीलाई पुनरावेदिकाले घरबाट निस्कन बाध्य गरेकी होलिन् भनी विश्वास गर्न सकिएन ।

३. श्रीमान् स्वयंले श्रीमतीलाई घरमा छाडी लगातार तीन वर्षभन्दा बढी समय अलग रहेको कारणबाट निजलाई श्रीमतीसँग सम्बन्ध विच्छेद गर्ने अधिकार हुन्छ वा हुँदैन? भन्ने प्रश्न विचारणीय देखिन आउँछ । सो सम्बन्धमा विचार गर्दा, नेपालको कानूनले सबै अवस्थामा सरल तरिकाले सम्बन्ध विच्छेदको अधिकार दिएको नभई दुवैको मन्जुरी हुँदा सकेसम्म मेलमिलापको वातावरण बनाउनु पर्ने कुरा कानूनमा स्पष्ट व्यवस्था रहेको छ भने अन्य अवस्थामा सर्तसहितको सम्बन्ध विच्छेदको मात्र व्यवस्था गरेको छ । अब लगातार ३ वर्षसम्म अलग रहेमा सम्बन्ध विच्छेद गर्न सकिने भन्ने व्यवस्थाको सन्दर्भमा हेर्दा ***"स्वास्नीले लोग्नेलाई निजको मन्जुरीबेगर लगातार तीन वर्ष वा सोभन्दा बढी समयदेखि छोडी अलग बस्ने गरेमा....त्यस्ती स्वास्नीसित लोग्नेले आफ्नो सम्बन्ध विच्छेद गर्न पाउँछ"*** भनी लोग्नेस्वास्नीको १ नं. को देहाय १ मा उल्लेख भएको पाइन्छ । प्रस्तुत मद्दामा स्वयं श्रीमान्ले नै घर छाडी अलग बसेको भन्ने तथ्य तथा प्रमाणबाट देखिन आयो । यसरी आमा, छोरा, छोरी र श्रीमतीको रक्षा-शिक्षाको जिम्मेवारीबाट उम्की घरै छोडी हिँड्ने लोग्नेले आफ्नी श्रीमतीसँग निजको मन्जुरी नहुँदानहुँदै पनि सम्बन्ध विच्छेद गर्न पाउँछ भन्ने मनसाय उक्त कानूनी व्यवस्थाको नभई श्रीमतीले श्रीमान्को मन्जुरीबेगर घर छाडी अलग बसेको हकमा मात्र आकर्षित हुने हुँदा उक्त कानूनी व्यवस्थाले निज प्रत्यर्थी वादीलाई सम्बन्ध

विच्छेद गर्न छुट दिएको भन्न मिल्दैन।

४. प्रत्यर्थी वादी पुरण शमशेर लामो समयदेखि बिरामी भई असक्त भएको भन्ने निजको फिराद पत्रमा उल्लेख भई अदालती बयानको क्रममा समेत व्यक्त भएको पाइन्छ। यसैलाई आधार लिई यस अदालतबाट प्रत्यर्थी झिकाउने आदेशसमेत भइसकेपछि आवश्यक प्रमाणहरू गुजारी आफ्नो भनाईलाई पुष्टि गर्ने र अदालतको आशंका हटाउने कार्य गर्नुपर्नेमा प्रत्यर्थी वादीले सो गर्नसकेको देखिएन। वादी स्वयंले आफ्नो भनाईलाई आफैँले पुष्टि गर्न नसकेको स्थिति तथा पुनरावेदिका स्वयंले पतिकी आमा तथा सन्तानलाई हेरचाह गरी बसेको परिप्रेक्ष्यमा उनले पतिको हेरचाह नगरी श्रीमान्‌लाई शारीरिक र मानसिक कष्ट हुने कार्य गरेकी होलिन् भनेर मान्न मिल्ने अवस्था पनि रहेन। यसरी प्रतिवादी आफैँ घर छोडी डेरा लिई बस्ने गरेको नभई वादी नै घर छाडी डेरा लिई बसेको र निजलाई शारीरिक र मानसिक कष्ट हुने कार्य पत्नीबाट भए गरेकोसमेत देखिन नआएको अवस्थामा लोग्ने स्वास्नीको महलको १ नं. को देहाय १ बमोजिम वादी प्रतिवादीबीचको लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद गर्न मिल्ने देखिएन।

५. वादी प्रतिवादीबीचमा अंश मुद्दा चली प्रतिवादीले दाबीबमोजिम अंश पाउने ठहर भएको अवस्थामा वादी प्रतिवादीबीचको सम्बन्ध विच्छेद हुने वा नहुने प्रश्नतर्फ विचार गर्दा, पत्नीले घर परिवारको (सासु र बालबच्चाको) जिम्मा लिई घरमा बस्दा घरको आर्थिक व्यवहार मिलाउनका निम्ति अंश लिन सक्ने तर परिवारिक पहिचान (Identity) र सामाजिक संस्कारको निम्ति सम्बन्ध विच्छेद नगरी बस्न सक्ने नै हुन्छन्। अतः पत्नीले अंश लिएमा पतिलाई आफ्नी पत्नीसँग विहावरीको महलको १० नं. ले अर्को विवाह गर्न सक्ने भन्नुको अर्थ सम्बन्ध विच्छेद गर्न बाटो खुलेको भनी अर्थ गर्न मिल्दैन। प्रचलित कानूनले यस मान्यतालाई स्वीकारेको पनि छैन। अतः अर्को विवाह गर्ने, छुट्टि भिन्न भई बस्ने र सम्बन्ध विच्छेद हुनु फरक अवस्था हुन्।

६. वादी कृष्ण शेरचन र प्रतिवादी पदमकुमारी शेरचनको सम्बन्ध विच्छेद मुद्दामा प्रतिपादित सिद्धान्त (ने.का.प.२०६७, अंक १० नि.नं.८४८७) प्रस्तुत मुद्दाको हकमा आकर्षित हुने हो वा होइन भनी उक्त मुद्दाको फैसला अध्ययन गरी हेर्दा श्रीमतीले श्रीमान्‌को मन्जुरीबेगर लामो समयदेखि घर छाडी माइतीमा बसेको भन्ने तथ्यसँग उक्त मुद्दा सम्बन्धित भएको देखिन आयो। प्रस्तुत मुद्दामा श्रीमान्‌ले नै घर छाडी अलग बसेको र श्रीमतीले आपसी समझदारी बढाउन घर परिवारलाई नै हेरी बसेको देखिन्छ। यसरी एउटा फरक तथ्य रहेको मुद्दाको हकमा प्रतिपादित सिद्धान्त प्रस्तुत मुद्दाको हकमा लागु हुने देखिँदैन। अतः प्रत्यर्थी वादीतर्फका कानून व्यवसायीले प्रस्तुत गरेको नजिर सिद्धान्तले यस मुद्दाका वादी पुरण शमशेरलाई आफ्नी श्रीमतीसँग सम्बन्ध विच्छेद गर्न सहयोग पुऱ्याउने देखिँदैन।

७. तसर्थ, वादी दाबीबमोजिम वादी प्रतिवादीबीचको लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद हुने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०६७।३।९ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भई पति पत्नीको सम्बन्ध विच्छेद गरिपाउँ भन्ने वादीको दाबी पुग्न सक्दैन भन्ने ठहऱ्याएको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६५।१०।८ को फैसला सदर हुने ठहर्छ। प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाई दिनू।

उक्त रायमा सहमत छु।
न्या.ईश्वरप्रसाद खतिवडा

इजलास अधिकृतः शिवप्रसाद आचार्य
इति संवत् २०७५ साल वैशाख २८ गते रोज ६ शुभम्।

## निर्णय नं. १००००

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराई
माननीय न्यायाधीश श्री अनिलकुमार सिन्हा
फैसला मिति : २०७४।१०।२१
०७१-WO-०७७७

मुद्दा : उत्प्रेषण / परमादेश

निवेदक : ज्ञान मुनी शाक्यको नाती रत्न मुनी शाक्यको छोरा का.जि. का.म.न.पा. वडा नं.२० कोहिटी टोल बस्ने वर्ष ५६ को अनितबहादुर श्रेष्ठसमेत

विरूद्ध

विपक्षी : काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. २२ धर्मपथ, नयाँ सडक स्थित नेपाल बैंक लिमिटेड, प्रधान कार्यालयसमेत

- **कुनै कर्मचारीले सेवाबाट अवकाश लियो वा पायो भन्दैमा त्यस्तो निज कार्यरत रहेको संस्था निजउपरको जिम्मेवारीबाट पूर्णतः मुक्त हुन्छ भन्ने हुँदैन । तोकिएको अवधिसम्म सेवारत रही आफ्नो जिन्दगीको अमूल्य तथा उत्पादनमूलक समय खर्चेपछि त्यस्ता संस्थाको सेवा सर्तबमोजिम सेवा निवृत्त भएको कर्मचारीहरूको सुख सुविधाको बारेमा हेर्न चासो लिन निजहरू उपरको दायित्व बेहोर्नु कानूनी मात्र नभई सामाजिक न्यायको एक आयाम पनि हुने ।**
- **कर्मचारीले कानून तथा आफ्नो सेवा सर्तविपरीत कुनै कामकाज गरेबापत कुनै प्रकारको कारबाही भएको रहेछ र त्यस्तो कारबाहीको परिणामस्वरूप त्यस्ता सेवा सर्तले कुनै प्रकारको सुविधा पाउनबाट वञ्चित लगाएको रहेछ भने त्यस्ता कर्मचारीलाई अन्य कर्मचारीभन्दा केही फरक व्यवहार हुनसक्छ तर त्यस्तो फरक व्यवहार पनि कानून एंव सेवा सर्तअनुरूप नै हुनुपर्ने ।**
- **निवृत्तिभरण कर्मचारीलाई दिइने दान वा कर्मचारीमाथि गरिएको दया होइन, लोक कल्याणकारी राज्यमा मानव अधिकारको मूल्य र मान्यतालगायत सामाजिक न्यायअनुसार व्यवहार हुनु वाञ्छनीय हुन्छ । उनीहरूलाई अवकाशपश्चात् सामाजिक वा पारिवारिक बहिस्करण भएको जस्तो अनुभूति हुन दिइनु हुँदैन । यस्ता अवकाश प्राप्त वा वृद्धहरूप्रति गरिने सम्मान, व्यवहार तथा व्यक्त हुने धारणाले त्यस अवकाशप्राप्त व्यक्तिहरूको बाँकी जीवनकालमा विशेष महत्त्व राख्ने ।**

(प्रकरण नं.४)

- **बैंकले आफ्नो व्यवस्थापन सुधारको मार्गचित्र बनाई कर्मचारी प्रशासनलाई बढी चुस्त र दक्ष बनाउन लिएको नीति एवं आवश्यकता विचार गरी यस्तो कदम चालेको अवस्थामा कर्मचारीले आफूले पाउने सुविधामा पर्ने प्रतिकूल प्रभावलाई स्वीकार गरी अवकाश लिएको स्वरूपमा हेर्नु उचित नहुने ।**
- **तत्कालको अवस्था र परिस्थितिमा तत्काल कार्यान्वयनमा रहेको सेवा सर्तबमोजिम सुविधा लिई सेवाबाट अलग्गिए पनि त्यस्तो सेवा सर्तबमोजिम अवकाशपश्चात्को बाँकी जीवनको लागि आशा गरेर बसेको विषयमा सम्बन्धित पक्ष, राज्य वा अदालतले बेवास्ता गर्न**

**मिल्दैन । सम्बन्धित कर्मचारीले आफूले प्राप्त गर्ने यस प्रकृतिको लाभको माग गर्नु न्यायोचित हुने ।**

- **यस्ता सुविधा उपलब्ध गराउने भन्ने सेवा सर्तको व्यवस्थाले कर्मचारी एक छुट्टै वर्गको हो भनी पुष्टि गर्दछ, त्यस्तो वर्ग संस्थाको लागि दायित्व मात्र हो भन्ने धारणा राखी अवकाशपश्चात्‌को सुविधामा कटौती हुनुपर्छ भन्ने भावना राख्नु हुँदैन । उनीहरूको बाँकी जीवन सम्मानित तथा सुखकर राख्ने कार्यमा योगदान दिनु र यिनीहरूलाई सेवा सर्तअनुरूप नै केही मात्रामा आर्थिक रूपमा सुरक्षा प्रदान गर्ने कार्यलाई सामाजिक उत्तरदायित्वका रूपमा विकसित गर्नु पनि आवश्यक हुने ।**

(प्रकरण नं.५)

- **पछि बनेको कानूनले कानून बन्नुपूर्वको कामकारबाही तथा स्थापित हक अधिकारलाई भूतलक्षी रूपमा प्रभाव पार्न सक्दैन भन्ने कानूनको मान्य सिद्धान्त हो । सिद्धान्ततः कसैले पनि पहिला भए गरेको काम कारबाहीलाई असर पुऱ्याउने गरी नियम वा भूतलक्षी कानून (Retrospective Law) सामान्यतया बनाउन वा त्यसमा संशोधन गर्न मिल्ने देखिँदैन । यदि त्यस्तो कार्य भए गरेमा सो भए गरेको मितिदेखि नै खारेज हुने भनी कानूनको सर्वमान्य सिद्धान्तसमेत रहेको देखिने ।**

(प्रकरण नं.६)

- **नेपाल सरकारसमेतको लगानी भएको नेपाल बैंक लिमिटेडमा कार्यरत कर्मचारीहरूले पनि आफ्नो सेवा सर्तको अधीनमा रही समान व्यवहारको अपेक्षा गर्नुलाई अन्यथा भन्नु उचित नहुने ।**

(प्रकरण नं.७)

- **निवृत्तिभरण पाउने कुरा कर्मचारीसँग सम्बन्धित सेवा सर्तले तोक्ने विषय हो भने त्यस्तो रकम कसरी पाउने भन्ने भुक्तानीको विधिसँग सम्बन्धित विषय हुने ।**
- **कुनै पनि विधायिकी वा प्रत्यायोजित विधायिकी अधिकारको प्रयोग गरी बनेको ऐन, नियम वा विनियम इत्यादिमा भएको व्यवस्थामा सोही प्रक्रिया अपनाई संशोधन हुनसक्छ, तर भइरहेको त्यस्ता प्रावधानहरूको परिधिलाई कुनै प्रकारको स्पष्टीकरणबाट संकुचित गर्न नमिल्ने ।**
- **कानून बनाई वा आफ्नो अधिकारभित्र रही नियम विनियमको व्यवस्था गर्नु जुन उद्देश्यले उक्त नियम विनियम बनाई लागू गरिएको हो, सोही उद्देश्य र मनसाय अनुरूप त्यस्को व्यवस्था हुनु न्यायको मान्य सिद्धान्तभित्रको विषय हुने ।**

(प्रकरण नं.८)

निवेदकका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री हरिप्रसाद उप्रेती, श्री पूर्णमान शाक्य, श्री रमन श्रेष्ठ र विद्वान् अधिवक्ता श्री केदारप्रसाद गुरागाई

विपक्षीका तर्फबाट : विद्वान् अधिवक्ता श्री कुमार रेग्मी, श्री निरा ताल्चामडेल, श्री रेशम राज रेग्मी, श्री सुमन आचार्य र श्री रामशरण पोखरेल

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- नेपाल बैंक लिमिटेड कर्मचारी सेवा नियमावली, २०६८

आदेश

**न्या. अनिलकुमार सिन्हा :** तत्कालीन

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ तथा धारा १०७(२) बमोजिम यसै अदालतको अधिकार क्षेत्रभित्र पर्ने प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य यसप्रकार छ :

हामी निवेदकहरूले विभिन्न मितिमा "वृद्धि भएको निवृत्तिभरण रकम उपलब्ध गराई पाउँ भन्नेबारे" मा दिएको निवेदनमा "हामी तपसिलका भु.पु. कर्मचारीहरू विभिन्न मितिमा अवकाश भई ने.बैं.लि. कर्मचारी सेवा विनियमावली, २०६८ मा व्यवस्था भएबमोजिमको सुविधाअनुसार ७ वर्षको एकमुष्ठ निवृत्तिभरण रकम भुक्तानी लिई सेवा निवृत्त भएकोमा सोपश्चात् तलबमानमा वृद्धि भएको फरक निवृत्तिभरण रकम मासिक रूपमा भुक्तानी पाउने व्यवस्था गरी दिनुहुन अनुरोध गर्दछौं" भनी ने.बैं.लि. प्रधान कार्यालय व्यवस्थापन समूहका संयोजकज्यूलाई सम्बोधन गरी निवेदन पेस गरेका थियौं । त्यसैगरी हामी अरू रिट निवेदकहरूले पनि सोही बेहोरा उल्लेख गरी व्यवस्थापनसमक्ष विभिन्न मितिमा वृद्धि भएको निवृत्तिभरण रकम उपलब्ध गराई पाउँ भनी निवेदन पेस गरेकोमा, सो निवेदनउपर मिति क्रमशः २०७१।११।१४, २०७१।०८।२३, २०७१।०७।१७ मा विपक्षी ने.बैं.लि. प्रधान कार्यालय मानव स्रोत व्यवस्थापन विभागबाट हामीहरूलाई सम्बोधन गरी "नेपाल बैंक लिमिटेड कर्मचारी सेवा विनियमावली, २०६८ को विनियम ६१(९) मा भएको व्यवस्थाबमोजिम एकमुष्ठ निवृत्तिभरण लिएका कर्मचारीहरूले जति वर्षको निवृत्तिभरण एकमुष्ठ लिएको हो सोही अवधिभित्र पुनः निवृत्तिभरण दाबी गर्न मिल्ने नदेखिएकोले तपाईँहरूको मागअनुसार निवृत्तिभरणमा वृद्धि भएको रकम उपलब्ध गराउन नमिल्ने भनी मिति क्रमशः २०७०।०९।०१, २०७१।०७।१७, २०७१।०८।२२ र २०७१।११।१३ मा निर्णय भएकोले सोही बेहोरा जानकारी गराइन्छ" भनी पत्र दिएबाट हामी रिट निवेदकहरूलाई वृद्धि भएको तलब उपभोग गरिरहेका बहालवाला तथा एकमुष्ठ निवृत्तिभरण लिएका कर्मचारीबाहेकका अन्य अवकाश प्राप्त कर्मचारीहरूभन्दा पृथक स्वेच्छाचारी एवं भेदभावपूर्ण व्यवहार गरी नेपाल अन्तरिम संविधान, २०६३ को धारा १२(३)(च) द्वारा प्राप्त पेसा रोजगारीको हक धारा, १३(१) द्वारा प्राप्त कानूनको समान संरक्षणको हक, धारा १८(१)(२) द्वारा प्राप्त रोजगारी तथा सामाजिक सुरक्षाको हक, धारा १९(१) द्वारा प्राप्त सम्पत्तिको हक, धारा २४(९) द्वारा प्राप्त न्यायसम्बन्धी संवैधानिक हकका साथै मौलिक हकको प्रचलनमा गम्भीर कुण्ठा एवं अवरोध सिर्जना भएको र अन्य प्रभावकारी वैकल्पिक उपचारसमेत विद्यमान नभएको हुँदा बाध्य भई धारा ३२ र १०७(१)(२) समेतका अधारमा यो निवेदन पत्र लिई सम्मानित अदालतको असाधारण अधिकार क्षेत्रअन्तर्गत यो निवेदन पत्र लिई उपस्थित भएका छौँ।

हामी सेवा निवृत्त ने.बैं.लि.का कर्मचारी जसले विनियमावली, २०६८ को विनियम ६१(९) बमोजिम ७ वर्षको एकमुष्ठ निवृत्तिभरण लिई सेवा निवृत्त भएपश्चात् मिति २०६८।०४।०१, मिति २०७०।०४।०१ र मिति २०७१।०४।०१ मा ने.बैं.लि. का कर्मचारीको मासिक तलबमानमा वृद्धि भएको अनुसार हामी रिट निवेदकहरूको पनि मासिक निवृत्तिभरण रकम उपलब्ध गराई पाउँ भनी दिएको निवेदनउपर विपक्षी बैंकले मिति क्रमशः मिति २०७०।०९।०१, २०७१।०७।१७, २०७१।०८।२२ र २०७१।११।१३ को निर्णयले हामी रिट निवेदकको अन्तरिम संविधान, २०६३ को धारा १२(३)(च), धारा १३(१)(२), धारा १८(१)(२), धारा १९(१), धारा २४(९) द्वारा प्रदत्त संवैधानिक हक हनन् भएको हुँदा उपर्युक्त विपक्ष ने.बैं.लि.को निर्णय र सो निर्णयको आधारमा भएको अन्य पत्राचार एवं काम कारबाही उत्प्रेषणको आदेशद्वारा बदर गरी हामी रिट निवेदकहरू निवृत्त भइसकेपश्चात् विभिन्न मितिमा वृद्धि भएको तलबमानको अनुपातमा वृद्धि भएको

फरक निवृत्तिभरण रकम तत्तत् समयदेखि नै तत्तत् पदको निवृत्तिभरण रकम दिनु दिलाउनु र अवरोध व्यवधान नगर्नु भनी विपक्षीहरूको नाममा परमादेशको आदेशसमेत जारी गराइपाउँ भन्नेसमेत बेहोराको मिति २०७१।१२।१९ गतेको अनितबहादुर शाक्यसमेत २५९ जनाको रिट निवेदन।

विपक्षीहरू नेपाल बैंक लिमिटेडबाट कर्मचारी सेवा विनियमावली, २०६८ को विनियम ६१(९) बमोजिम एकमुष्ठ निवृत्तिभरण लिई अवकाशप्राप्त कर्मचारीहरू भएको र हामीहरूको अवकाशपश्चात् नेपाल सरकार तथा बैंकसमेतले विभिन्न पटक कर्मचारीहरूको तलबमा वृद्धि गरेको र सोहीबमोजिम हामी निवृत्तिभरण प्राप्त गर्ने कर्मचारीहरू समेतले वृद्धि भएको निवृत्तिभरण पाउनु पर्नेमा बैंकले मिति २०७१।०२।२२ मा उक्त विनियममा संशोधन गरेको तथा सोहीबमोजिम वृद्धि भएको निवृत्तिभरण रकम पाउँ भनी बैंकमा निवेदन दिएकोमा ने.बैं.लि.को प.सं.७७/६६३६ मिति २०७१।०७।१७ को पत्रबाट जति वर्षको एकमुष्ठ निवृत्तिभरण लिएको हो सो अवधिभित्र पुन: निवृत्तिभरण दाबी गर्न नमिल्ने भनी पत्र दिएकोले बैंकको पत्र तथा निर्णयहरू उत्प्रेषणको आदेशद्वारा बदर गरिपाउँ साथै ने.बैं.लि.का बहालवाला कर्मचारीहरूको तलबमान वृद्धि भएको अनुपातमा हामीहरूको निवृत्तिभरणसमेत वृद्धि गरी सो वृद्धि भएको रकम दिनु भनी परमादेशको आदेशसमेत जारी गरिपाउँ भन्ने विवादित प्रश्न रहेकोमा विपक्षीहरूले नेपाल बैंक कर्मचारी विनियमावली, २०६८ को विनियम ६१ मा भएको निवृत्तिभरणसम्बन्धी व्यवस्था र विनियम ६२ मा भएको उपदानसम्बन्धी व्यवस्थाअनुरूप विनियम ६१(९) मा भएको व्यवस्थाबमोजिम ७ वर्षको एकमुष्ठ निवृत्तिभरण रकम उपभोग गरेको र उक्त विनियमावलीमा एकमुष्ठ निवृत्तिभरण लिएको कर्मचारीले जति वर्षको निवृत्तिभरण एकमुष्ठ लिएको हो सो अवधि भुक्तान भएपछि मात्र मासिक निवृत्तिभरण आजीवन पाउने व्यवस्था रहेको छ। विनियमावली, २०६८ को विनियम ६१(१) बमोजिम मासिक निवृत्तिभरण लिइरहेका कर्मचारीहरूको हकमा बैंकले विनियम ६१(७) बमोजिम वृद्धि रकमसमेत प्रदान गरिरहेको हुँदा विनियम ६१(७) र विनियम ६१(९) सम्बन्धमा कर्मचारी विनियमावलीमा पृथक व्यवस्था रहेकोले एउटा व्यवस्थालाई निष्क्रिय गरी अर्को एक व्यवस्थाको मात्र अनुशरण गर्न मिल्दैन।

विपक्षीले रिट निवेदनमा एकमुष्ठ निवृत्तिभरण लिएका कर्मचारीले समेत सो अवधिमा वृद्धि भएको रकम दिने व्यवस्था नेपाल राष्ट्र बैंक, नेपाल सरकार तथा अन्य संस्थाहरूमा समेत रहेको भनी उल्लेख गरेको सम्बन्धमा भएको कानूनी व्यवस्था तत्तत् संघ सस्थालाई नियमन गर्ने ऐन कानूनको व्यवस्थाबमोजिम हुने भन्नेसमेत बेहोराको मिति २०७१।०१।१७ गतेको प्रत्यर्थी नेपाल बैंक लिमिटेड प्रधान कार्यालय, बैंकका सञ्चालक समिति, बैंकको मानव स्रोत व्यवस्थापन विभाग, मानव स्रोत व्यवस्थापन विभाग प्रमुख र बैंकका प्रमुख कार्यकारी अधिकृत देवेन्द्र प्रताप शाहसमेतको लिखित जवाफ।

नियमबमोजिम दैनिक मुद्दा पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत निवेदनमा निवेदकका तर्फबाट विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री हरिप्रसाद उप्रेती, श्री पूर्णमान शाक्य, श्री रमन श्रेष्ठ र अधिवक्ता श्री केदारप्रसाद गुरागाईंसमेतले सेवा निवृत्त ने.बैं.लि.का कर्मचारीले ७ वर्षको एकमुष्ठ निवृत्तिभरण लिई सेवा निवृत्त भएपश्चात् मिति २०६८।०४।०१, मिति २०७०।०४।०१ र मिति २०७१।०४।०१ मा तलबमानमा वृद्धि भएको अनुसारको मासिक निवृत्तिभरण रकम नपाउने गरी नेपाल बैंक लिमिटेडले गरेको निर्णय र सो निर्णयको आधारमा भएको अन्य पत्राचार एवं काम कारबाहीसमेत उत्प्रेषणको आदेशद्वारा बदर गरी वृद्धि भएको रकम दिनु दिलाउनु र अवरोध व्यवधान नगर्नु भनी विपक्षहरूको नाममा परमादेशको आदेशसमेत जारी गराई पाउँ भन्ने

बेहोराको प्रस्तुत गर्नुभएको बहस तथा विपक्षी नेपाल बैंक लिमिटेडका तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री कुमार रेग्मी, निरा ताल्चामडेल, नेपाल राष्ट्र बैंकका तर्फबाट अधिवक्ता श्री रेशम राज रेग्मी, सुमन आचार्य र श्री रामशरण पोखरेलसमेतले निवेदकहरूले नेपाल बैंक कर्मचारी विनियमावली, २०६८ को विनियम ६१ मा भएको निवृत्तिभरणसम्बन्धी व्यवस्था र विनियम ६२ मा भएको उपदानसम्बन्धी व्यवस्थाअनुरूप विनियम ६१(९) मा भएको व्यवस्थाबमोजिम ७ वर्षको एकमुष्ठ निवृत्तिभरण रकम उपभोग गरेको र उक्त विनियमावलीमा एममुष्ठ निवृत्तिभरण लिएको कर्मचारीले जति वर्षको निवृत्तिभरण एकमुष्ठ लिएको हो सो अवधि भुक्तान भएपछि मात्र मासिक निवृत्तिभरण आजीवन पाउने व्यवस्था रहेको भनी गर्नुभएको बहससमेत सुनियो।

यसमा सेवानिवृत्त ने.बैं.लि.का कर्मचारीले विनियमावली, २०६८ को विनियम ६१(९) बमोजिम ७ वर्षको एकमुष्ठ निवृत्तिभरण लिई सेवा निवृत्त भएपश्चात् मिति २०६८।०४।०१, मिति २०७०।०४।०१ र मिति २०७१।०४।०१ मा ने.बैं.लि. का कर्मचारीको मासिक तलबमानमा वृद्धि भएको अनुसारको मासिक निवृत्तिभरण रकम उपलब्ध गराई पाउँ भनी मिति २०७१।७।१० मा दिएको निवेदनउपर विपक्षी बैंकले मिति क्रमशः मिति २०७०।०९।०१, २०७१।०७।१७, २०७१।०८।२२ र २०७१।११।१३ को निर्णयले हामी रिट निवेदकहरूको संवैधानिक हक हनन् गरिएको हुँदा उक्त निर्णय र सो निर्णयको आधारमा भएको अन्य पत्राचार एवं काम कारबाहीसमेत उत्प्रेषणको आदेशद्वारा बदर गरी हामी रिट निवेदकहरू निवृत्त भइसकेपश्चात् विभिन्न मितिमा वृद्धि भएको तलबमानको अनुपातमा वृद्धि भएको फरक निवृत्तिभरण रकम तत्तत् समयदेखि नै तत्ततत् पदको निवृत्तिभरण रकम दिनु दिलाउनु र अवरोध व्यवधान नगर्नु भनी विपक्षीहरूको नाममा परमादेशको आदेशसमेत जारी गराई पाउँ भनी नेपाल बैंक लिमिटेड, केन्द्रीय कार्यालयका नाममा परमादेशको आदेश जारी गरिपाउँ भन्ने बेहोराको रिट निवेदन रहेकोमा रिट निवेदकहरूले नेपाल बैंक कर्मचारी विनियमावली, २०६८ को विनियम ६१ मा भएको निवृत्तिभरणसम्बन्धी व्यवस्था र विनियम ६२ मा भएको उपदानसम्बन्धी व्यवस्थाअनुरूप विनियम ६१(९) मा भएको व्यवस्थाबमोजिम ७ वर्षको एकमुष्ठ निवृत्तिभरण रकम उपभोग गरेको र उक्त विनियमावलीमा एकमुष्ठ निवृत्तिभरण लिएको कर्मचारीले जति वर्षको निवृत्तिभरण एकमुष्ठ लिएको हो सो अवधि भुक्तान भएपछि मात्र मासिक निवृत्तिभरण आजीवन पाउने व्यवस्था रहेको छ । विनियमावली, २०६८ को विनियम ६१(१) बमोजिम मासिक निवृत्तिभरण लिइरहेका कर्मचारीहरूको हकमा बैंकले विनियम ६१(७) बमोजिम वृद्धि रकमसमेत प्रदान गरिरहेको हुँदा विनियम ६१(७) र विनियम ६१(९) सम्बन्धमा कर्मचारी विनियमावलीमा पृथक व्यवस्था रहेकोले एउटा व्यवस्थालाई निष्क्रिय गरी अर्को एक व्यवस्थाको मात्र अनुशरण गर्न मिल्दैन, निवेदन माग दाबी बदरयोग्य छ भन्ने बेहोराको लिखित जवाफ रहेको पाइयो।

२. अब निवेदकहरूको मागबमोजिम रिट जारी हुनुपर्ने हो, होइन भन्ने विषयमा निर्णय दिनुपर्ने भई तत्सम्बन्धमा विचार गर्दा, नेपाल बैंक लिमिटेड कर्मचारी सेवा नियमावली, २०६८ को नियम ६१ को उपनियम ९ मा **"उपनियम (३) र (८) बमोजिम निवृत्तिभरण पाउने कर्मचारीले बढीमा ७ वर्षको निवृत्तिभरण लिएको कर्मचारीले जति वर्षको निवृत्तिभरण एकमुष्ठ लिएको हो सो अवधि भुक्तान भएपछि मात्र मासिक निवृत्तिभरण (वृद्धि भएको भए वृद्धि भएको रकमसमेत जोडी हुने मासिक निवृत्तिभरण) आजीवन पाउनेछ"** भनी उल्लेख भएको अवस्थामा नेपाल बैंक लिमिटेड कर्मचारी सेवा नियमावली, २०६८ को नियम ६१ को उपनियम ९ मा मिति

२०७१।२।२२ को प.सं. ७७/१९३२ को परिपत्रले स्पष्टीकरण थप गरिएको पाइयो । उक्त स्पष्टीकरणमा **"कुनै क भन्ने कर्मचारी मिति २०७०।११।१ गतेदेखि अवकाश प्राप्त हुँदा रू.१००।- मासिक निवृत्तिभरण कायम हुने देखिएबमोजिम निजले ७ वर्षको एकमुष्ठ (९१ महिना) निवृत्तिभरण रकम रू.९१००।- भुक्तानी लिए भने ७ वर्षको अवधिमा २०७४ सालमा रू.१० र २०७६ सालमा रू.१२ निवृत्तिभरण वृद्धि भएको रहेछ भने निजले मासिक निवृत्तिभरण रू.१२२ का दरले भुक्तानी पाउनेछ तर ७ वर्षको एकमुष्ठ निवृत्तिभरण उपभोग गरिसकेपछि उक्त अवधि (२०७०।११।१ देखि २०७७।१०।३० सम्म) को वृद्धि भएको निवृत्तिभरण रकम भने पाउने छैनन्"** भन्ने उल्लेख गरेको पाइयो ।

३. यसै अदालतमा चलेको निवेदक ईश्वरीप्रसाद उपाध्याय तथा विपक्षी नेपाल बैंक लिमिटेड प्रधान कार्यालयसमेत भएको २०५२ सालको रिट नं. २९९२ को उत्प्रेषणको रिट निवेदनमा मिति २०५४।९।२९ मा फैसला हुँदा **"निवेदकले भता मात्र पाउने भनी तलब वृद्धिपछि स्वतः वृद्धि हुने निवृत्तिभरण ग्रेड, सञ्चित बिदाको रकम इत्यादिलाई बाहेक गरेको अवस्था देखिँदैन । कुनै कर्मचारीको तलब वृद्धि भएपछि तलबको अनुपातमा वा मासिक तलबको अंकबाट हिसाब हुने गरी निवृत्तिभरण, ग्रेडलगायतका सुविधाहरू तलबमा आधारित वा तलबबाट निस्पन्न हुने प्रकृतिका विषयहरू हुन् । यस अदालतको संयुक्त इजलासको मिति २०५१।७।२२ को आदेशबमोजिम निवेदकले सेवा निवृत्त भएको मिति २०४९।५।२१ सम्मको बढी तलबसमेत पाउने भएपछि सो तलब वृद्धिसँग अनुषार्गिक रूपमा रहने निवृत्तिभरण, ग्रेड र सञ्चित बिदाको रकमसमेतमा पनि स्वतः वृद्धि हुने देखिँदा सो वृद्धि भएका सुविधाहरू निवेदकले नपाउने भन्न कानून तथा न्यायसङ्गत नदेखिँदा निजको सेवा अवधि कायम भएको मिति २०४९।५।२१ सम्मको आखिरी तलबमानअनुसार निवेदन मागबमोजिम निवृत्तिभरण, सञ्चित बिदाको रकम र ग्रेड वर्षको एक महिनाको दरले पाउने तथा नियमानुसार पाउने सुविधाहरूको हिसाब गरी सो सुविधाहरू निवेदकलाई दिनु भनी प्रत्यर्थी नेपाल बैंक लिमिटेडसमेतका नाममा परमादेशको आदेश जारी हुने ठहर्छ"** भन्ने आदेश भएको देखिन्छ । त्यसैगरी यसै अदालतमा चलेको पुनरावेदक/वादी गृहलक्ष्मी महाजु तथा विपक्षी सञ्चालक समिति, नेपाल बैंक लिमिटेड प्रधान कार्यालय समेत भएको २०६० सालको दे.पु.नं. ९३७३ को रकम दिलाई पाउँ मुद्दामा मिति २०६५।७।२१ मा फैसला हुँदा **"वादीले पनि पछि भएको तलब वृद्धिको आधारमा निवृत्तिभरण, ग्रेड र सञ्चित बिदाको रकमसमेत पाउने नै देखियो, अतः सेवा निवृत्त भएपछि बैंकमा काम गरेको अवधिको अन्य वहालवाला कर्मचारीसरह बढी तलब मात्र पाउने तर निवृत्तिभरण, ग्रेड र सञ्चित बिदाको रकम तथा अन्य सुविधा नपाउने गरी भएको सुरू मोरङ जिल्ला अदालतको फैसला सदर गर्ने गरी गरेको पुनरावेदन अदालत विराटनगरको फैसला त्रुटिपूर्ण हुँदा सो फैसला उल्टी हुने ठहर्छ सो ठहर्नाले तलब वृद्धिको आधारमा अन्य सुविधा (निवृत्तिभरण, ग्रेड र सञ्चित बिदाको रकम) समेत पाउने ठहर्छ"** भनी यस अदालतबाट फैसला भएको देखिन्छ ।

४. कुनै कर्मचारीले सेवाबाट अवकाश लियो वा पायो भन्दैमा त्यस्तो निज कार्यरत रहेको संस्था निजउपरको जिम्मेवारीबाट पूर्णतः मुक्त हुन्छ भन्ने हुँदैन । तोकिएको अवधिसम्म सेवारत रही आफ्नो जिन्दगीको अमूल्य तथा उत्पादनमूलक समय खर्चेपछि त्यस्ता संस्थाको सेवा सर्तबमोजिम सेवा निवृत्त भएको कर्मचारीहरूको सुख सुविधाको बारेमा हेर्न चासो लिन निजहरू उपरको दायित्व बेहोर्नु कानूनी मात्र नभई सामाजिक न्यायको एक आयाम पनि हो ।

अवकाश पाएका कर्मचारीबारे यदाकदा अनुत्पादक भनी नकारात्मकरूपमा प्रस्तुत भएको देखिन्छ। यसले समाजमा अवकाश प्राप्त कर्मचारीहरूप्रति सम्मान वृद्धि गर्दैन। कर्मचारीले कानून तथा आफ्नो सेवा सर्तविपरीत कुनै कामकाज गरेबापत कुनै प्रकारको कारबाही भएको रहेछ र त्यस्तो कारबाहीको परिणाम स्वरूप त्यस्ता सेवा सर्तले कुनै प्रकारको सुविधा पाउनबाट वञ्चित लगाएको रहेछ भने त्यस्ता कर्मचारीलाई अन्य कर्मचारीभन्दा केही फरक व्यवहार हुनसक्छ तर त्यस्तो फरक व्यवहार पनि कानून एवं सेवा सर्तअनुरूप नै हुनुपर्छ। सामान्य अवस्थामा अवकाश प्राप्त कर्मचारी समाजमा सम्मानका पात्र हुन्छन् र हुनुपर्छ। उनीहरूको बाँकी जीवनमा विशेष संरक्षणको आवश्यकता हुन्छ। अवकाश प्राप्त वा वृद्धहरूको लागि नेपाल जस्तो पूर्ण सामाजिक सुरक्षाको कानूनी व्यवस्था नभएको देशमा आफ्नो उत्पादनमूलक समय संस्थाप्रति समर्पण गरेको र तत्कालका सेवा सर्तअनुरूप सेवा निवृत्त भएपछि आफ्नो आर्थिक सुरक्षाको लागि तोकिएको निवृत्तिभरण पाउने वैधानिक अपेक्षा राखी बसेकाहरूप्रति उदार दृष्टिकोण राखिनु आवश्यक हुन्छ। यसको अर्थ कुनै दबाब वा प्रभावमा परी सुविधा वृद्धि गर्दै लग्नुपर्छ भन्ने पनि होइन। सेवा निवृत्त हुँदाको अपेक्षित वैधानिक सुविधा प्रदान गर्ने विषयमा व्याख्याको आवश्यकता परेमा संस्थाले व्यवस्थापकीय सक्षमता र कुशलता प्रदर्शित हुने गरी उदार व्याख्या गर्नु वाञ्छनीय हुन्छ। निवृत्तिभरण त्यस्ता कर्मचारीलाई दिइने दान वा कर्मचारी माथि गरिएको दया होइन, लोक कल्याणकारी राज्यमा मानव अधिकारको मूल्य र मान्यतालगायत सामाजिक न्यायअनुसार व्यवहार हुनु वाञ्छनीय हुन्छ। उनीहरूलाई अवकाशपश्चात् समाजिक वा पारिवारिक बहिस्करण भएको जस्तो अनुभूति हुन दिइनु हुँदैन। यस्ता अवकाश प्राप्त वा वृद्धहरूप्रति गरिने सम्मान, व्यवहार तथा व्यक्त हुने धारणाले त्यस अवकाशप्राप्त व्यक्तिहरूको बाँकी जीवनकालमा विशेष महत्त्व राख्दछ।

५. प्रस्तुत रिट निवेदन हेर्दा यी निवेदकहरूलाई ७ वर्षबापत एकमुष्ठ रकम दिई अवकाश दिइएको देखिन्छ। बैंकले आफ्नो व्यवस्थापन सुधारको मार्गचित्र बनाई कर्मचारी प्रशासनलाई बढी चुस्त र दक्ष बनाउन लिएको नीति एवं आवश्यकता विचार गरी यस्तो कदम चालेको अवस्थामा कर्मचारीले आफूले पाउने सुविधामा पर्ने प्रतिकूल प्रभावलाई स्वीकार गरी अवकाश लिएको स्वरूपमा हेर्नु उचित हुँदैन। तत्कालको अवस्था र परिस्थितिमा तत्काल कार्यान्वयनमा रहेको सेवा सर्तबमोजिम सुविधा लिई सेवाबाट अलग्गिए पनि त्यस्तो सेवा सर्तबमोजिम अवकाशपश्चात्को बाँकी जीवनको लागि आशा गरेर बसेको विषयमा सम्बन्धित पक्ष, राज्य वा अदालतले बेवास्ता गर्न मिल्दैन। सम्बन्धित कर्मचारीले आफूले प्राप्त गर्ने यस प्रकृतिको लाभको माग गर्नु न्यायोचित हुन्छ। यस्ता सुविधा उपलब्ध गराउने भन्ने सेवा सर्तको व्यवस्थाले यी कर्मचारी एक छुट्टै वर्गको हो भनी पुष्टि गर्दछ, त्यस्तो वर्ग संस्थाको लागि दायित्व मात्र हो भन्ने धारणा राखी अवकाशपश्चात्को सुविधामा कटौती हुनुपर्छ भन्ने भावना राख्नु हुँदैन। उनीहरूको बाँकी जीवन सम्मानित तथा सुखकर राख्ने कार्यमा योगदान दिनु र यिनहरूलाई सेवा सर्तअनुरूप नै केही मात्रामा आर्थिकरूपमा सुरक्षा प्रदान गर्ने कार्यलाई सामाजिक उत्तरदायित्वका रूपमा विकसित गर्नु पनि आवश्यक हुन्छ।

६. यस अवस्थामा विपक्षीहरूलाई नेपाल बैंक लिमिटेड कर्मचारी सेवा नियमावली, २०६८ मा मिति २०७१।२।२२ मा स्पष्टीकरण लेखी, सच्याई वा स्पष्टीकरणको प्रावधान राखी अघि स्थापित भएको हक अधिकारलाई समेत असर पुऱ्याउने गरी नियमावली संशोधन गर्न मिल्ने हो वा होइन भन्ने सम्बन्धमा विचार गर्नुपर्ने देखिन आयो। पछि बनेको कानूनले कानून बन्नुपूर्वको कामकारबाही तथा स्थापित हक

अधिकारलाई भूतलक्षी रूपमा प्रभाव पार्न सक्दैन भन्ने कानूनको मान्य सिद्धान्त हो । सिद्धान्ततः कसैले पनि पहिला भए गरेको काम कारबाहीलाई असर पुर्‍याउने गरी नियम वा भूतलक्षी कानून (Retrospective Law) समान्यतया बनाउन वा त्यसमा संशोधन गर्न मिल्ने देखिँदैन । यदि त्यस्तो कार्य भए गरेमा सो भए गरेको मितिदेखि नै खारेज हुने भनी कानूनको सर्वमान्य सिद्धान्तसमेत रहेको देखिन्छ । नेपाल बैंक लिमिटेडको मिति २०७१।२।२२ को परिपत्रमा उल्लिखित स्पष्टीकरण हेर्दा यी रिट निवेदकहरूलाई "विभिन्न समयमा मासिक तलबमानमा वृद्धि भएअनुसारको मासिक निवृत्तिभरण रकमलाई लक्षित गरी **"(मिति २०७०।११।१ देखि २०७७।१०।३० सम्म) को वृद्धि भएको निवृत्तिभरण रकम पाउने छैनन्"** भन्ने उल्लेख गरी यी निवेदकहरूलाई प्रत्यक्ष असर पर्ने गरी उक्त नियमावलीको व्यवस्था स्पष्टीकरणको माध्यमबाट संशोधन गर्न खोजेको देखिन्छ ।

७. नेपाल सरकारद्वारा स्वेच्छिक अवकाश लिन चाहने निजामती कर्मचारीहरूको सर्त र सुविधाको जानकारीको लागि मिति २०६६ साल वैशाख ३१ गतेमा प्रकाशित नेपाल राजपत्रको भाग ५ मा उल्लेख भएको सर्त र सुविधाको क्रम संख्या ४ र ५ मा **"स्वेच्छिक अवकाश लिने कर्मचारीहरूलाई निजले सात वर्षको नियमानुसार पाउने निवृत्तिभरण रकम एकमुष्ठ अग्रिम रूपमा प्रदान गरिनेछ र वहालवाला निजामती कर्मचारीको तलब वृद्धि भएमा निवृत्तिभरणमा वृद्धि हुने रकम अवकाश लिएका कर्मचारीहरूले नियमितरूपमा लिन पाउनेछन्"** भन्ने उल्लेख गरेको देखिन्छ । यसैबाट पनि नेपाल सरकारले लिएको नीति अवकाश प्राप्त गर्ने कर्मचारीतर्फ उदार रहेको बुझिन्छ । नेपाल सरकारसमेतको लगानी भएको नेपाल बैंक लिमिटेडमा कार्यरत कर्मचारीहरूले पनि आफ्नो सेवा सर्तको अधीनमा रही समान व्यवहारको अपेक्षा गर्नुलाई अन्यथा भन्नु उचित हुँदैन ।

८. निवृत्तिभरण पाउने कुरा कर्मचारीसँग सम्बन्धित सेवा सर्तले तोक्ने विषय हो भने त्यस्तो रकम कसरी पाउने भन्ने भुक्तानीको विधिसँग सम्बन्धित विषय हो । नेपाल बैंक लिमिटेड कर्मचारी सेवा नियमावली, २०६८ को नियम ६१(७) मा **"वहालवाला कर्मचारीको तलब वृद्धि हुँदा तलबको सुरू अङ्कमा जति रकमले वृद्धि हुन्छ निवृत्तिभरण पाइरहेको व्यक्तिको पनि निजले खाईपाई आएको निवृत्तिभरण अङ्कमा सो पदमा वहालवाला कर्मचारीको वृद्धि भएको तलबको दुई तिहाई बराबर रकम थप गरी प्रदान गरिनेछ"** भन्ने व्यवस्था यी रिट निवेदकहरू अवकाश हुनुभन्दा पूर्वकै अवस्थामा कायम रहेको र कर्मचारीहरूले अवकाश लिँदा यसमा किटानी रूपमा संशोधन भइसकेको अवस्था नभई नेपाल बैंक लिमिटेड कर्मचारी सेवा नियमावली, २०६८ को नियम ६१ को उपनियम ९ मा स्पष्टीकरणसम्म थप गरिएको अवस्था देखियो । कुनै पनि विधायिकी वा प्रत्यायोजित विधायिकी अधिकारको प्रयोग गरी बनेको ऐन, नियम वा विनियम इत्यादिमा भएको व्यवस्थामा सोही प्रक्रिया अपनाई संशोधन हुनसक्छ, तर भइरहेको त्यस्ता प्रावधानहरूको परिधिलाई कुनै प्रकारको स्पष्टीकरणबाट संकुचित गर्न मिल्ने हुँदैन । कानून बनाई वा आफ्नो अधिकारभित्र रही नियम विनियमको व्यवस्था गर्नु जुन उद्देश्यले उक्त नियम विनियम बनाई लागू गरिएको हो, सोही उद्देश्य र मनसायअनुरूप त्यसको व्यवस्था हुनु न्यायको मान्य सिद्धान्तभित्रको विषय हो । प्रस्तुत विषयमा कार्यान्वयनमा रहेको नियमावलीको नियम ६१(७) को व्यवस्था संशोधन वा परिवर्तन नगरी नियम ६१ को उपनियम ९ मा स्पष्टीकरण थप गरिएकै आधारमा उपर्युक्त नियम ६१(७) को व्यवस्था पनि संकुचित भएको र सोअनुरूप संसोधित प्रकृतिबाट भएको व्यवस्था कार्यान्वयन हुनुपर्ने भन्ने तर्कसँग सहमत हुनसक्ने देखिएन । यसबाट मिति २०६८।०४।०१,

मिति २०७०।०४।०१ र मिति २०७१।०४।०१ समेतमा वृद्धि भएको तलबमानको दुई तिहाई रकम यी निवेदकहरूले थप पाउनमा मिति २०७१।२।२२ मा भएको स्पष्टीकरणले प्रभावित गरेको छ भनी मान्न न्यायोचित हुने देखिएन।

९. यसरी नेपाल बैंक लिमिटेड कर्मचारी सेवा नियमावली, २०६८ को नियम ६१ को उपनियम (९) मा **"बढीमा ७ वर्षको निवृत्तिभरण लिएको कर्मचारीले जति वर्षको निवृत्तिभरण एकमुष्ठ लिएको हो सो अवधि भुक्तान भएपछि मासिक निवृत्तिभरणमा वृद्धि भएको भए वृद्धि भएको रकमसमेत जोडी हुने मासिक निवृत्तिभरण आजीवन पाउनेछ"** भनी उल्लेख भएको अवस्थामा यी रिट निवेदकहरूले बीचमा वृद्धि भएको तलबमानबमोजिमको निवृत्तिभरण रकम नपाउने गरी विपक्षी नेपाल राष्ट्र बैंकले मिति २०७१।२।१३ मा दिएको स्वीकृति एवं मिति २०७१।२।१३ को पत्रबमोजिम विपक्षी नेपाल बैंक लिमिटेडको व्यवस्थापन समितिको मिति २०७१।२।२२ को परिपत्रबमोजिम नेपाल बैंक लिमिटेड कर्मचारी सेवा नियमावली, २०६८ को नियम ६१ को उपनियम ९ को "स्पष्टीकरण" तथा विपक्षी नेपाल बैंक लिमिटेडले गरेको मिति २०७०।०९।०१, २०७१।०७।१७, २०७१।०८।२२ र २०७१।११।१३ को निर्णय र सो निर्णयको आधारमा भएको अन्य पत्राचार एवं काम कारबाहीसमेत सो हदसम्म नेपाल बैंक लिमिटेड कर्मचारी सेवा सर्त नियमावली, २०६८ को मूल मर्म र आसयअनुरूप नदेखिँदा न्यायोचित भन्न सकिएन।

१०. अतः यी निवेदकहरूले सो ७ वर्षे निवृत्तिभरण योजनाअन्तर्गत एकमुष्ठ निवृत्तिभरण लिने गरी निवृत्त भएका यी निवेदक कर्मचारीहरूको हकमा समेत बीचमा वृद्धि भएको तलबको जुन हिसाबबाट निवृत्तिभरण पाउने हो, त्यसको हिसाब गरी सो निवृत्तिभरण पाउने नै हुँदा सो बीचको अवधिको निवृत्तिभरण नदिने भनी नेपाल बैंक लिमिटेड व्यवस्थापन समितिको २०७१।०२।२२ को परिपत्रबमोजिम नेपाल बैंक लिमिटेड कर्मचारी सेवा नियमावली, २०६८ को नियम ६१ को उप नियम ९ मा थप गरिएको "स्पष्टीकरण" यी रीट निवेदकहरूको हकमा कार्यान्वयन हुनसक्ने अवस्था नहुँदा सो बीचको अवधिको निवृत्तिभरण नदिने भनी विपक्षी बैंकले गरेको मिति २०७०।०९।०१, २०७१।०७।१७, २०७१।०८।२२ र २०७१।११।१३ को निर्णय र सो निर्णयको आधारमा भएको अन्य पत्राचार एवं काम कारबाहीसमेत उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ। अब उक्त ७ वर्षे निवृत्तिभरण योजनाअन्तर्गत एकमुष्ठ निवृत्तिभरण लिने कर्मचारीको हकमा समेत बीचमा वृद्धि भएको तलबको नेपाल बैंक लिमिटेड कर्मचारी सेवा नियमावली, २०६८ को नियम ६१(७), (९) समेतले जुन हिसाबबाट निवृत्तिभरण पाउने हो सोबमोजिम हिसाब गरी यी रिट निवेदकहरूलाई सो वृद्धि भएको फरक निवृत्तिभरण रकम दिनु दिलाउनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुन्छ। प्रस्तुत आदेशको सूचना विपक्षीहरूलाई दिई प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाइ दिनू।

उक्त रायमा सहमत छु।
न्या.डा.आनन्दमोहन भट्टराई

इजलास अधिकृत: दिपेन्द्रकुमार तिवारी
इति संवत् २०७४ साल माघ २१ गते रोज १ शुभम्।

## निर्णय नं. १०००१

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री पुरूषोत्तम भण्डारी
माननीय न्यायाधीश श्री बमकुमार श्रेष्ठ
फैसला मिति : २०७४।७।३०
०७३-WO-१०५८

मुद्दाः परमादेश

निवेदक : काभ्रेपलाञ्चोक जिल्ला, खरेलथोक गा.वि.स. वडा नं.४ खरेलथोक बस्ने अधिवक्ता अच्युतप्रसाद खरेल

विरूद्ध

विपक्षी : प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत

- **वस्तुतः एउटा उपेक्षित र उत्पीडित कमजोर वर्ग (Weaker Section) को पीडित महिलाको प्रतिष्ठा एवं आत्मसम्मान र गोपनीयताको विषयवस्तुउपर जुनसुकै सर्वसाधारणको सार्थक तथा सारभूत सम्बन्ध स्थापित भई सार्वजनिक चासो एवं महत्त्वको विषय कायम हुनु स्वाभाविक नै देखिन आउने।**

(प्रकरण नं.६)

- **मानव अधिकारको दृष्टिकोणबाट हेर्दा व्यक्तिगत मर्यादा, प्रतिष्ठा, आत्मसम्मान र गोपनीयताको अधिकार प्रत्येक व्यक्तिको नैसर्गिक अधिकार हो। आत्मसम्मान तथा गोपनीयताको अधिकारले सम्मानपूर्वक मर्यादित भएर बाँच्न पाउने (Right to Life with Dignity) अधिकारसमेतलाई प्रत्याभूत गर्ने।**

(प्रकरण नं.७)

- **पीडित महिलासम्बन्धी समाचार प्रकाशन गर्दा प्रकाशन हुने विषयबाट पर्नसक्ने प्रभावको सुक्ष्मरूपमा प्रत्येक पाटोको मूल्याङ्कन गर्नुपर्ने दायित्व सम्बन्धित पत्रकार र आम सञ्चार गृहको हो । पत्रपत्रिका तथा छापाखानाको अधिकारको महत्त्व प्रकाशन गृह तथा आम नागरिकसमेतलाई भएपनि उक्त अधिकारमा कसैको पनि मर्यादा तथा आत्मसम्मानमा प्रतिकूल नहुने गरी गोपनीयताको अधिकार अन्तरनिहित हुने।**

(प्रकरण नं.१९)

- **प्रभावित पात्रको सम्पूर्ण विवरण उल्लेख गरी तस्वीरसहित यौनकर्मी एवं देह व्यापार र परिवारसमेतको नाम समावेश भई कथा चित्रण गरिएको अवस्थालाई प्रभावित एवं पीडितको संवेदनशील पक्षलाई उपेक्षा नगरेको भनी भन्न मिलेन । साथै यस्तो कार्यले निश्चय नै सम्बन्धित महिला एवं निजको परिवारको इज्जत प्रतिष्ठा एवं आत्मसम्मानमा असर पुगेको स्पष्टतः बुझ्नु पर्ने।**

(प्रकरण नं.२२)

- **पत्रकारिता तथा आम सञ्चारको सन्दर्भमा वर्तमान प्ररिप्रेक्ष्यमा विकसित विभिन्न मूल्य मान्यताहरू तथा ऐन कानूनसमेतले प्रतिवन्ध लगाएको अवस्थामा देशको महत्त्वपूर्ण राष्ट्रिय दैनिक पत्रिकाबाट यसरी वादी समूहको एक प्रभावित पीडितको नाम र तस्वीर तथा पेसा नै प्रकाशन हुनुले प्रभावित पीडितलाई हौसला प्रदान गर्ने उद्देश्यले समाचार प्रकाशन भएको भनी भन्न मिल्ने अवस्था नहुने।**

(प्रकरण नं.२३)

- **प्रचलित कानूनहरूले समाचार प्रकाशन प्रसारण आदि गर्दा गोपनीयता कायम**

**गर्नुपर्ने भन्नेबारे विभिन्न कानूनी व्यवस्था गरेको अवस्था हुँदाहुँदै पनि कानूनको प्रतिकूल कार्य गर्न कसैलाई छुट नरहेको हुँदा सबै पत्रपत्रिका तथा सञ्चार माध्यमहरूले उक्त कानूनी व्यवस्थाहरूको पालना गर्नु परम कर्तव्य एवं दायित्व हुने ।**

(प्रकरण नं.२४)

निवेदकका तर्फबाट : विद्वान् अधिवक्ता श्री अच्युतप्रसाद खरेल

विपक्षीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता श्री राजेश कटुवाल, विद्वान् अधिवक्ता श्री हरिन्द्रप्रसाद राई

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- प्रेस काउन्सिल ऐन, २०४८
- पत्रपत्रिका तथा छापाखानासम्बन्धी ऐन, २०४८
- पत्रकार आचारसंहिता, २०७३

आदेश

**न्या.पुरूषोत्तम भण्डारी** : नेपालको संविधानको धारा ४६ तथा १३३(२) बमोजिम यस अदालतको असाधारण क्षेत्रअन्तर्गत दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र आदेश यसप्रकार छ:

मिति २०७३ साल कात्तिक २३ गते मंगलबार "कान्तिपुर राष्ट्रिय दैनिक" पत्रिकाको पृष्ठ १८ मा "व्यवसाय बदल्दै वादी महिला" शीर्षकमा यौन हिंसाबाट प्रभावित पीडितको विषयमा समाचार प्रकाशित भएको छ । उक्त समाचारमा वादी समुदायकी एक युवतीको नाम, नामेसी र तस्वीरसमेत प्रकाशन गरी बझाङको चैनपुरको सडकमा टोकरीमा सामान बेच्दै गरेको देखाउँदै ३४ वर्षीया उनको आधा उमेर यौनकर्मीको रूपमा देह व्यापारमै बितेको र पछि स्थानीय एक व्यापारीसँग रू.१०,०००।- सापटी लिई सडक पेटीमा बसी खुद्रा व्यापार गर्दै गरेको उल्लेख गर्नुका साथै उनका छोराछोरीको नाम र छोराछोरीले पढ्ने विद्यालय र कक्षासमेत उल्लेख गरिएको छ । प्रस्तुत समाचार पत्रकारिताको धर्म, मूल्य र मान्यताविपरीत प्रकाशन भएको छ ।

यस किसिमको समाचारको प्रकाशन कार्यले संविधानद्वारा प्रदत्त सम्मानपूर्वक बाँच्न पाउने हक, महिला हिंसा विरूद्धको हक र गोपनीयतासम्बन्धी मौलिक हकको उपभोगमा अनुचित बन्देज लगाएकोले कान्तिपुर राष्ट्रिय दैनिकमा प्रकाशित उक्त समाचारले कानून एवं संवैधानिक प्रश्न सन्निहित सार्वजनिक चासो र सरोकारको विवादको समेत सिर्जना गरिदिएको छ । त्यसैले संवैधानिक एवं कानूनी प्रश्न सन्निहित उक्त सार्वजनिक चासो र सरोकारको विवादको निरूपण गरी अब आइन्दा यस किसिमको समाचारको प्रकाशन नगर्नु, नगराउनु र सम्बन्धित पीडित महिला र निजको परिवारको इज्जत, प्रतिष्ठा एवं मान सम्मानमा पुग्न गएको क्षति एवं निजको छोराछोरीको हृदयमा लागेको गहिरो चोटको पीडालाई विचार गरी निजको पुनर्स्थापनाको लागि राहत सहयोग प्रदान गर्नु गराउनु आवश्यक रहेको छ ।

नारी अस्मिताको विषय अत्यन्त संवेदनशील विषय हो । एउटी नारीको व्यक्तिगत चरित्रसम्बन्धी विषय केबल उनीसँग मात्र सम्बन्धित हुँदैन । समाजमा विभिन्न स्वरूपमा चिनिने आमा, श्रीमती, छोरी, भाउजू, बुहारी, सासू, माइजू आदि नारीको विभिन्न स्वरूपलाई हेक्का राखेर समाचार सम्प्रेषण गरिनु पर्दछ । कमजोर गरिब एवं उपेक्षित समुदाय र वर्गको नारीको चरित्रसम्बन्धी विषयलाई मूल विषय बनाई उनको तस्वीर नाम नामेसी, छोराछोरीको नाम र छोराछोरीले पढ्ने विद्यालय एवं कक्षासमेत किटानी गर्दै विगतमा यौन पेसामा रहेकी महिला भनी समाचार प्रकाशन गर्ने कार्य एकातिर अत्यन्त निन्दनीय एवं गैरजिम्मेवारपूर्ण कार्य हो भने अर्कोतिर महिला मानव अधिकार (Women's Human Rights) को आँखामा हेर्दा महिला हिंसा (Women's Violence)

को विषय हुनुका साथै पत्रकारितासम्बन्धी मूल्य मान्यताको दृष्टिकोणबाट हेर्दा पीत पत्रकारिता (Yellow Journalism) को उत्कृष्ट नमुनासमेत भएकोले सम्मानित सर्वोच्च अदालतले आफ्नो असाधारण अधिकार क्षेत्रअन्तर्गत न्यायिक निरूपण गर्नसक्ने संविधानको अक्षर मर्म र भावनालाई समेत सम्मानित सर्वोच्च अदालतले मनन् गर्नुपर्दछ।

उल्लिखित समाचारको प्रकाशनबाट पीडा खेप्न पुगेकी सम्बन्धित महिलाको नेपालको संविधानको धारा १६ द्वारा प्रदत्त सम्मानपूर्वक बाँच्न पाउने हक, धारा २८ द्वारा प्रदत्त कुनै पनि व्यक्तिको चरित्रसम्बन्धी विषयको गोपनीयता कानूनबमोजिम बाहेक अनतिक्रम्य हुनेछ भन्ने लगायतको गोपनीयतासम्बन्धी हक र धारा ३८ मा प्रदत्त महिलको हकसमेतको हनन् हुन गएकोले अब आइन्दा यस किसिमको समाचारको प्रकाशन नगर्नु, नगराउनु र यस्तो समाचार प्रकाशनबाट सम्बन्धित पीडित महिला र निजको परिवारको इज्जत प्रतिष्ठा एवं मान सम्मानमा पुग्न गएको क्षति एवं निजको छोराछोरीको हृदयमा लागेको गहिरो घाउ पीडासमेतलाई विचार गरी निजको पुनर्स्थापनाको लागि राहत सहयोग प्रदान गर्नु, गराउनु र महिलाको इज्जत, प्रतिष्ठा र अस्मितासँग गाँसिएको महिलाको व्यक्तिगत चरित्रसम्बन्धी विषयका साथै बलात्कार, बलात्कारको प्रयास, हाडनाता करणी, यौन दुराचारलगायतका यौनसम्बन्धी अपराधमा पीडित महिला र पीडित व्यक्ति एवं उनका परिवारका सदस्यको नाम नामेसी प्रकाशन गर्न नहुनेसम्बन्धी प्रकाशन व्यवस्था नेपाल कानून अविलम्ब गर्न गराउनु भनी नेपालको संविधानको धारा १३३(२)(३) बमोजिम परमादेशलगायत जो चाहिने हो आदेश जारी गरिपाउँ भन्ने रिट निवेदन बेहोरा।

यसमा के कसो भएको हो? निवेदकको मागबमोजिम आदेश किन जारी हुन नपर्ने हो? १५ दिनभित्र लिखित जवाफ पेस गर्नु भनी विपक्षीहरूका नाममा सूचना म्याद जारी गरी लिखित जवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार पेस गर्नू। साथै निवेदकले रिट निवेदनमा उठाएको विषयवस्तुको गाम्भीर्यलाई विचार गर्दा प्रस्तुत रिट निवेदनमा शीघ्र निर्णय गर्नु उपयुक्त हुने देखिएकोले सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ६३(३)(च५) बमोजिम अग्राधिकार प्रदान गरिदिएको छ भन्नेसमेत बेहोराको यस अदालतको मिति २०७३।१२।२४ गतेको आदेश।

रिट निवेदकलाई कुनै सार्वजनिक सूचना वा समाचारलाई विवादको विषयवस्तु बनाएर रिट दायर गर्ने हकदैया रहेको छैन। कान्तिपुर पत्रिकामा प्रकाशित भएको कुनै समुदाय एवं व्यक्तिको विषयमा सम्प्रेषण भएको समाचारका कारण इज्जत प्रतिष्ठामा आघात परेको वा कुनै मानसिक पीडा परेका व्यक्तिले नै सो विषयमा सम्बन्धित निकायमा उजुर गर्ने वा आफ्नो पीडाको लागि उपचार प्राप्त गर्ने अवस्था आउँछ। रिट निवेदकले के-कुन माध्यमबाट के-कुन आधारमा समाचार सम्प्रेषण गरेको हो उक्त समाचारप्रति समाचारमा उल्लिखित पात्रले समाचारका कारण आफूलाई परेको पीडाको विषयमा कहीँकतै उजुर गर्ने वा नगर्ने, कुनै क्षतिपूर्ति माग गर्ने वा नगर्ने भन्ने सम्बन्धमा यस व्यवस्थापिका संसद्को कुनै सरोकार र सम्बन्ध नै रहेको छैन। कस्तो प्रकारका समाचार सम्प्रेषण गर्न सक्ने वा नसक्ने भन्ने विषयमा नेपालको संविधानको धारा,१९ को संवैधानिक व्यवस्था तथा छापाखाना तथा प्रकाशसनसम्बन्धी ऐन, २०४८ को कानूनी व्यवस्थाले निर्दिष्ट गरेको हुनाले यी विषयवस्तु कार्यान्वयन भए नभएको विषयमा कार्यपालिकाको अधिकार रहन्छ र व्यवस्थापिका संसद् सचिवालयको कुनै भूमिका नरहने हुनाले विशुद्ध रूपमा कानून बनाउने निकाय व्यवस्थापिका संसद्लाई प्रशासनिक सहयोग गर्ने व्यवस्थापिका संसद् सचिवालयलाई विपक्षी बनाई दायर भएको प्रस्तुत रिट निवेदन स्वतः खारेजभागी हुँदा खारेज गरिपाउँ भन्ने व्यवस्थापिका संसद् सचिवालयको लिखित जवाफ।

निवेदकले रिट निवेदनमा उठाउनु भएको वादी महिलाहरूको हक हितको संरक्षणको विषयमा यस मन्त्रालयले आ.व. ०६४/६५ देखि वादी

महिलाहरूको लागि घर विकास योजना कार्यक्रम लागू गरेको छ । जसअन्तर्गत आ.व. ०७०/७१ सम्म करिब २००० वादी महिलाहरूलाई समूहमा आवद्ध गरी बचत परिचालन र सीप विकास तालिम प्रदान गरी व्यवसाय स्थापना खर्चको लागि प्रतिव्यक्ति रू.१५,०००।- अनुदान उपलब्ध गराइएको छ । साथै हालका वर्षमा ती क्रियाकलापहरूको अनुगमन तथा अन्तरक्रिया कार्यक्रम सञ्चालनमा रहेका छन् । यसरी महिलाको अधिकार र सम्मानको लागि संविधान, ऐन तथा अन्य कानून र नेपाल सरकार कार्य विभाजन नियमावलीले निर्देशित गरेको परिधिभित्रै यस मन्त्रालयका क्रियाकलाप परिचालित छन् । रिट निवेदनमा उठाइएका पत्रिकामा प्रकाशित समाचारको विषय यस मन्त्रालयको कार्यक्षेत्रअन्तर्गत पर्ने विषयसमेत नदेखिएको कारण यस मन्त्रालयलाई विपक्षी बनाई रहनुको कुनै औचित्य नरहेको हुँदा सो हदसम्म रिट निवेदन खारेज गरिपाउँ भन्ने महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको लिखित जवाफ ।

सर्वसाधारण जनताको सदाचार, नैतिकता र सामाजिक मर्यादामा आघात पर्न जाने कुराहरू किताब वा पत्रपत्रिकामा प्रकाशन गर्न पाइने छैन भन्ने व्यवस्था छापाखाना र प्रकाशनसम्बन्धी ऐन, २०४८ को दफा १४ को खण्ड (ङ) मा रहेको तथा सोही ऐनको दफा २७ ले दफा १४ बमोजिम प्रतिबन्ध लगाइएको कुरा प्रकाशन गरेमा प्रकाशक वा सम्पादकलाई सजायको व्यवस्था गरेको छ । त्यसैगरी पत्रकार आचारसंहिता, २०७३ ले पत्रकार र सञ्चारमाध्यमको कर्तव्य, पत्रकार र सञ्चारमाध्यमले गर्न नहुने कार्यहरू र आचार संहिता उल्लङ्घन गरे उजुरी र कारबाहीको व्यवस्था गरेको छ । मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा २५ को उपदफा (१) मा कसैले पनि पीडितको स्वीकृति नलिई निजको वास्तविक नाम, तस्वीर वा निजको चरित्रमा प्रतिकूल हुने कुनै विवरण पत्रपत्रिकामा छाप्न वा अन्य सञ्चार माध्यमबाट प्रचार प्रसार गर्न हुँदैन भन्ने व्यवस्था रहेको र यसरी नाम, तस्वीर, विवरण छाप्ने वा प्रचार प्रसार गर्ने व्यक्तिलाई दश हजार रूपैयाँदेखि पच्चीस हजार रूपैयाँसम्म जरिवाना हुनेछ भन्ने व्यवस्था रहेको छ । सम्मानित सर्वोच्च अदालतबाट अधिवक्ता सपना प्रधान मल्ल विरूद्ध विपक्षी नेपाल, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत भएको वि.सं. २०६३ सालको रिट नं. ३५६१ (ने.का.प. २०६४, निर्णय नं. ७८८०) को मुद्दामा विशेष प्रकृतिका मुद्दाहरूको कारबाहीमा पक्षहरूको गोपनीयता कायम राख्नेसम्बन्धी कार्यविधि निर्देशिका, २०६४ जारी भएको छ । प्रेस काउन्सिल ऐन, २०४८ को दफा १२ को उपदफा (१) मा कुनै पत्रकारले आफ्नो व्यावसायिक आचारसंहिता उल्लङ्घन गरेमा कुनै व्यक्तिले काउन्सिलमा उजुरी दिन सक्नेछ भन्ने व्यवस्था रहेको छ र निवेदकले उठाएका विषय भइरहेको कानूनद्वारा नै सम्बोधन भएको देखिँदा सो विषयमा थप कानून बनाउनुपर्ने निवेदन जिकिर निरर्थक छ । *नेपालको संविधानको धारा २८ मा "कुनै व्यक्तिको जिउ, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क, पत्राचार र चरित्रसम्बन्धी विषयको गोपनीयता कानूनबमोजिम बाहेक अनतिक्रम्य हुनेछ"* भनी संवैधानिक प्रत्याभूत गरिएको छ । संविधानको धारा ४७ मा मौलिक हकहरूको कार्यान्वयनको लागि आवश्यकताअनुसार राज्यले संविधान प्रारम्भ भएको तीन वर्षभित्र आवश्यक कानूनी व्यवस्था गर्ने संवैधानिक व्यवस्था रहेकोले संविधानले तोकेको समय सीमाभित्र मौलिक हक कार्यान्वयन गर्नको लागि नेपाल सरकारले आवश्यक कानून निर्माण गर्ने नै भएकोले सो समय सीमा बाँकी रहेको विद्यमान अवस्थामा निवेदकले माग गरेजस्तो परमादेश जारी गर्नुपर्ने होइन । अतः प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्ने कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको लिखित जवाफ ।

कान्तिपुर राष्ट्रिय दैनिक पत्रिका कान्तिपुर मिडिया प्रा.लि.बाट प्रकाशन हुने गरेको, कुनै पनि आम सञ्चार माध्यमको समाचारको विषयवस्तु हेर्ने मन्त्रालयको क्षेत्राधिकारभित्र नपर्ने, आम सञ्चार माध्यममा प्रकाशन, प्रसारण हुने समाचारको विषयवस्तुको अनुगमन, मूल्याङ्कन गर्नेसम्बन्धी

आवश्यक कानूनी व्यवस्था प्रेस काउन्सिल ऐन, २०४८ को दफा ५ काउन्सिलको उद्देश्य र दफा ७ को काउन्सिलको काम, कर्तव्य र अधिकारअन्तर्गत स्पष्ट उल्लेख गरिएको छ । रिट निवेदनमा यस मन्त्रालय र अन्तर्गत कार्यालयहरूको के कुन निर्णय वा काम कारबाहीले रिट निवेदकको मौलिक हक अधिकार हनन् हुन गएको हो कहिँकतै खुलाउनु भएको छैन । विना आधार कारण यस मन्त्रालयसमेतलाई विपक्षी बनाइएको रिट निवेदन खारेज गरिपाउँ भन्ने सूचना तथा सञ्चार मन्त्रालयको लिखित जवाफ।

नेपालको संविधानको धारा २८ मा *"कुनै व्यक्तिको जिउ, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क, पत्राचार र चरित्रसम्बन्धी विषयको गोपनीयता कानूनबमोजिम बाहेक अनतिक्रम्य हुनेछ"* भन्ने व्यवस्था रहेको छ। संविधानको धारा ४७ मा मौलिक हकहरूको कार्यान्वयनको लागि आवश्यकताअनुसार राज्यले संविधान प्रारम्भ भएको तीन वर्षभित्र आवश्यक कानूनी व्यवस्था गर्ने प्रावधान रहेकोले सोही धारामा उल्लेख भएको अवधिभित्र मौलिक हक कार्यान्वयन गर्नको लागि नेपाल सरकारले आवश्यक कानून निर्माण गर्ने नै हुँदा यस आयोगलाई विपक्षी बनाई दायर भएको निवेदन आधारहीन छ। छापाखाना र प्रकाशनसम्बन्धी ऐन, २०४८ को दफा १४ को खण्ड (ग१) मा कसैको चरित्र हत्या वा अपमान हुने वा लैङ्गिक हिंसा वा विभेदलाई बढावा दिने, खण्ड (ङ) मा सर्वसाधारण जनताको सदाचार, नैतिकता र सामाजिक मर्यादामा आघात पर्न जाने कुराहरू किताब वा पत्रपत्रिकामा प्रकाशन गर्न पाइने छैन भन्ने व्यवस्था रहेको तथा सोही ऐनको दफा २७ ले दफा १४ बमोजिम प्रतिबन्ध लगाइएको कुरा प्रकाशन गरेमा प्रकाशक वा सम्पादकलाई सजायको व्यवस्थासमेत गरेको हुँदा उक्तबमोजिम वैकल्पिक उपचार हुँदाहुँदै रिट क्षेत्रमा प्रवेश गरेको देखिँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्ने नेपाल कानून आयोगको लिखित जवाफ।

कुनै पनि नागरिकको गोपनीयताको हकलाई नेपालको संविधान तथा कानूनले संरक्षण प्रदान गरेको छ। नेपालको संविधानको धारा २८ मा *"कुनै व्यक्तिको जिउ, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क, पत्राचार र चरित्रसम्बन्धी विषयको गोपनीयता कानूनबमोजिम बाहेक अनतिक्रम्य हुनेछ"* भन्ने संवैधानिक व्यवस्था रहेको छ। त्यसैगरी विभिन्न वर्ग र क्षेत्रका जनताबीच सु-सम्बन्ध, सदाचार, शिष्टाचार एवं नैतिकता कायम राख्न र देशको पत्रकारिता क्षेत्रले अभिव्यक्ति स्वतन्त्रतालाई मर्यादित एवं जिम्मेवारीपूर्ण तवरले स्वतन्त्र र निर्भिक भई उपभोग गर्नसक्ने वातावरण सृजना गर्ने उद्देश्यले छापाखाना र प्रकाशनसम्बन्धी ऐन, २०४८ जारी भएको छ। उक्त ऐनको दफा १४ को खण्ड (ग१) कसैको चरित्र हत्या वा अपमान हुने वा लैङ्गिक हिंसा वा विभेदलाई बढावा दिने, उक्त दफाको खण्ड (ङ) सर्वसाधारण जनताको सदाचार, नैतिकता र सामाजिक मर्यादामा आघात पर्न जाने विषयलाई प्रतिबन्ध लगाइएको छ। कानूनको प्रतिकूल कार्य गर्न कसैलाई छुट नरहेको हुँदा सबै नागरिक तथा सञ्चार माध्यमहरूले उक्त कानूनी व्यवस्थाको पालना गर्नु कर्तव्य एवं दायित्व हो। साथै कानूनी व्यवस्थाको कार्यान्वयन गराउने तथा नागरिकको संविधान तथा कानून प्रदत्त हकको संरक्षण गर्ने गराउने सम्बन्धमा नेपाल सरकार प्रतिबद्ध छ। जहाँसम्म रिट निवेदकले कान्तिपुर राष्ट्रिय दैनिक पत्रिकाको मिति २०७३ साल कात्तिक २३ गते मंगलबारको अंकमा प्रकाशित विषय रहेको छ, तत्सम्बन्धमा यस कार्यालयको कुनै संलग्न नभएको हुँदा विना कारण र आधार यस कार्यालयलाई विपक्षी बनाई दायर भएको रिट निवेदन खारेज गरिपाउँ भन्ने नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफ।

प्रकाशित समाचारमा सम्बन्धित व्यक्तिको तीतो विगत उल्लेख गरे पनि कुनै गलत मनसाय नराखी, हौसला प्रदान गर्ने तथा प्रोत्साहित गर्ने मनसाय देखिन्छ । "माइती नेपाल" लगायतका संस्थाहरूमा अग्रणी भूमिका खेल्नेहरूमध्ये केहीको तीतो विगत भएका घटनाहरू पनि, हिंसा, बेचबिखन विरूद्धको

कारबाही सम्पन्न भएपश्चात् असल मनसायले सफलताको कथाको रूपमा नाम नामेसी उल्लेख गरेरै प्रकाशित गरिन्छ । प्रेस काउन्सिल नेपालले जारी गरेको पत्रकार आचारसंहिता, २०७३ ले पत्रकार र सञ्चारमाध्यमहरूले गर्न हुने कार्यहरू र गर्न नहुने कार्यहरूको व्यवस्था गरेको छ । तसर्थ नाम नामेसी प्रकाशन गर्न नहुनेसम्बन्धी व्यवस्था प्रकाशनसम्बन्धी नेपाल कानूनमा गर्नु गराउनु भन्ने रिट निवेदकको माग खारेजभागी छ । अमेरिकन इतिहासकार तथा पत्रकार प्र्याङ्क लुथर मोटका अनुसार पीत पत्रकारिता (Yellow Journalism) का विशेषताहरूमा *"सामान्य विषयलाई पनि ठूलो ठूलो अक्षरमा प्रथम पृष्ठमा प्रकाशन गरिनु, काल्पनिक चित्रहरूद्वारा प्रस्तुत गरिनु, जालसाजी तरिकाले अन्तर्वार्ता प्रस्तुत गरिनु"* लगायतका पर्दछन् । उक्त प्रकाशित समाचारमा दाबी गरिएको शब्दावली Yellow Journalism नभएको हुँदा सो निजको दाबी अर्थहीन भएको र उक्त प्रकाशित समाचारले सम्बन्धित महिला र निजको परिवारको इज्जत, प्रतिष्ठा एवं मान सम्मानमा क्षति पुगेको कुनै संवैधानिक र कानूनी आधार नभएको हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्ने प्रेस काउन्सिल नेपालको लिखित जवाफ ।

अध्यक्ष तथा प्रबन्ध निर्देशक श्री कैलाश सिरोहिया, कान्तिपुर मिडिया प्रा.लि., प्रधान सम्पादक श्री सुधिर शर्मा, कान्तिपुर राष्ट्रिय दैनिक, कान्तिपुर मिडिया प्रा.लि. र संवाददाता श्री वसन्त प्रताप सिंह,कान्तिपुर राष्ट्रिय दैनिकको तर्फबाट म्यादभित्र लिखित जवाफ पेस भएको नदेखिएको ।

नियमबमोजिम पेसी सूचीमा चढी यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत रिट निवेदनसहितको मिसिल अध्ययन गरी निवेदकतर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री अच्युतप्रसाद खरेलले मिति २०७३ साल कात्तिक २३ गते मंगलबार "कान्तिपुर राष्ट्रिय दैनिक पत्रिकाको पृष्ठ १८ मा प्रकाशित समाचार एउटा नारीको अस्मितासँग सम्बन्धित रहेको छ । उक्त समाचारमा सम्बन्धित नारीको नाम र तस्वीर जनाउँदै वादी महिलालाई इङ्गित गर्दै निज महिलाको व्यक्तिगत चरित्रसँग सम्बन्धित समाचार प्रकाशन भएको छ । उक्त समाचारले महिला मानव अधिकारको दृष्टिकोणले महिला हिंसालाई पनि बढावा दिइएको छ । प्रस्तुत समाचारले व्यक्तिगत तथा परिवारिक मान मर्यादा तथा व्यक्तिगत प्रतिष्ठामा एकातिर आँच पुऱ्याएको छ भने अर्कोतिर पत्रकारिताको मूल्य मान्यताको विपरीत उक्त काम भएको छ । तसर्थ अब आइन्दा यस्तो कार्य नगर्न नगराउन र पीडित महिलाको पुनर्स्थापना गर्न तथा यौन हिंसाबाट पीडित महिला एवं उनका परिवारका सदस्यको नाम नामेसी प्रकाशन गर्न नहुने विषयमा आवश्यक कानून बनाउन विपक्षीहरूको नाउँमा परमादेशको आदेश जारी हुनुपर्छ भन्नेसमेत बेहोराको बहस गर्नुभयो ।

नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता राजेश कटुवालले पत्र पत्रिकामा प्रकाशित हुने समाचारको विषयमा अनुगमन गर्ने निकाय प्रेस काउन्सिल हो । नेपालको संविधान र पत्र पत्रिका तथा छापाखानासम्बन्धी ऐन, २०४८ लगायतका विभिन्न ऐनहरूले पत्र पत्रिकामा प्रकाशित हुने समाचारलाई नियमित गर्दछ । तसर्थ सम्बन्धित सरोकारवाला निकायहरूले नियमित गरिरहेको विषयमा रिट जारी हुने अवस्था नहुँदा निवेदन खारेज हुनुपर्छ भन्नेसमेत बेहोराको बहस गर्नुभयो ।

विपक्षी प्रेस काउन्सिलको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री हरिन्द्रप्रसाद राईले कान्तिपुरमा प्रकाशित भएका उक्त समाचार एउटा सफल कथाको रूपमा प्रकाशित भएको छ । गलत मनसाय राखी उक्त समाचार प्रकाशन भएको छैन । विगतका तितो घटनाहरूलाई उजागर गरी समाजलाई सचेत बनाउने कार्य भएको छ । आमसञ्चारलाई नियमित गर्ने हिसाबले पत्रकार आचारसंहिता, २०७३ लागू भएको छ । सोही अनुसार काउन्सिलबाट नियमितरूपमा अनुगमन भइरहेको हुनाले प्रस्तुत रिट निवेदन खारिजभागी छ, खारेज गरिपाउँ भन्नेसमेत बेहोराको बहस सुनियो ।

उपर्युक्तबमोजिमको तथ्य एवं बहस जिकिर

रहेको प्रस्तुत रिट निवेदनमा मागबमोजिमको आदेश जारी हुनुपर्ने हो, होइन ? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो।

२. मिति २०७३ साल कार्तिक २३ गते "कान्तिपुर राष्ट्रिय दैनिक" पत्रिका पृष्ठ १८, मंगलबारको अंकमा प्रकाशित "व्यवसाय बदल्दै वादी महिला" शीर्षकअन्तर्गतको समाचार पत्रकारिताको धर्म, मूल्य र मान्यताविपरीत छ । प्रस्तुत शीर्षकअन्तर्गतको समाचारमा वादी समुदायकी एक युवतीको नाम, नामेसी र तस्वीरसमेत प्रकाशन गरी बझाङको चैनपुरको सडकमा टोकरीमा सामान बेच्दै गरेको देखाउँदै ३४ वर्षीय उनको आधा उमेर यौनकर्मीको रूपमा देह व्यापारमै बितेको र पछि स्थानीय एक व्यापारीसँग रू.१०,०००।- सापटी लिई सडक पेटीमा बसी खुद्रा व्यापार गर्दै गरेको तथा उक्त पात्रको छोराछोरीको नाम र छोराछोरीले पढ्ने विद्यालय र कक्षासमेतको विवरण उल्लेख भएको छ । महिला मानव अधिकार (Women's Human Rights) को आँखामा हेर्दा उक्त समाचार महिला हिंसा (Women's Violence) को विषय हुनुका साथै पत्रकारितासम्बन्धी मूल्य मान्यताको दृष्टिकोणबाट हेर्दा पीत पत्रकारिता (Yellow Journalism) को विषयसमेत भएको छ । यस समाचारबाट पीडा खेप्न पुगेकी सम्बन्धित महिलाको नेपालको संविधानको धारा १६, २८ र ३८ द्वारा प्रदत्त अधिकारहरू हनन् भएकोले अब आइन्दा यस किसिमको समाचारको प्रकाशन नगर्नु, नगराउनु तथा सम्बन्धित पीडित महिला र निजको परिवारको इज्जत, प्रतिष्ठा एवं आत्मसम्मानमा पुग्न गएको क्षतिसमेतलाई विचार गरी निजको पुनर्स्थापनाको लागि राहत सहयोग प्रदान गर्नु, गराउनु र महिलाको व्यक्तिगत चरित्रसम्बन्धी विषयका साथै यौन हिंसासम्बन्धी अपराधमा पीडित महिला र पीडित परिवारका सदस्यको नाम नामेसी प्रकाशन गर्न नहुने व्यवस्था नेपाल कानूनमा अविलम्ब गर्न गराउनु भनी विपक्षीहरूको नाउँमा परमादेशलगायतको माग दाबी लिई प्रस्तुत रिट निवेदन दायर भएको देखिन्छ।

३. विपक्षी नेपाल प्रेस काउन्सिलको लिखित जवाफमा कुनै गलत मनसाय नराखी हौसला एवं प्रोत्साहित गर्ने मनसायले सम्बन्धित व्यक्तिको तितो विगतका घटनाहरू उल्लेख गरी उक्त समाचार प्रकाशित भएको देखिन्छ। "माइती नेपाल" लगायतका संस्थाहरूमा अग्रणी भूमिका खेल्नेहरूमध्ये केहीको तीतो विगत भएका घटनाहरू र हिंसा एवं बेचबिखन विरूद्धको कारबाही सम्पन्न भएपश्चात् असल मनसायले सफलताको कथाको रूपमा नाम नामेसी उल्लेख गरेरै नै प्रकाशित गरिन्छ । प्रेस काउन्सिल नेपालले जारी गरेको पत्रकार आचारसंहिता, २०७३ ले पत्रकार र सञ्चार माध्यमहरूले गर्न हुने कार्यहरू र गर्न नहुने कार्यहरूको व्यवस्था गरेको छ । साथै उक्त प्रकाशित समाचारमा दाबी गरिएको शब्दावली Yellow Journalism नभएको हुँदा निवेदकको सो दाबी अर्थहीन भएको र सम्बन्धित महिला र निजको परिवारको इज्जत, प्रतिष्ठा एवं आत्मसम्मानमा कुनै क्षति नपुगेको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्ने जिकिर रहेको पाइन्छ।

४. त्यसैगरी, विपक्षीहरू कानून न्याय तथा संसदीय मामिला मन्त्रालय, सूचना सञ्चार तथा प्रविधि मन्त्रालय, सिंहदरबार र कानून आयोगसमेतका लिखित जवाफमा नेपालको संविधान, छापाखाना र प्रकाशनसम्बन्धी ऐन, २०४८, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४, प्रेस काउन्सिल ऐन, २०४८ र पक्षहरूको गोपनीयता कायम राख्नेसम्बन्धी कार्यविधि निर्देशिका, २०६४ र पत्रकार आचारसंहिता, २०७३ समेतका ऐन, कानून तथा आचारसंहिताले समाचार प्रकाशन, उत्पादन, वितरण र प्रकाशन- प्रसारणको व्यवस्थापनसम्बन्धी व्यवस्थाहरू गरेका छन्। मिति २०७३ साल कात्तिक २३ गते कान्तिपुर राष्ट्रिय दैनिक पत्रिका पृष्ठ १८, मंगलबार अंकमा प्रकाशित भएका समाचारमा यस कार्यालयहरूको कुनै संलग्नता नभएको हुँदा विना कारण र आधार यस मन्त्रालयसमेतलाई विपक्षी बनाई दायर भएको रिट निवेदन खारेज गरिपाउँ भन्ने जिकिर

रहेको पाइन्छ।

५. प्रस्तुत सन्दर्भमा "व्यवसाय बदल्दै वादी महिला" शीर्षकअन्तर्गत बझाङको चैनपुरको सडकको पेटीमा फलफूल बेच्दै गरेकी वादी समुदायकी एक युवतीको नाम र तस्वीर देखाउँदै आधा जीवन यौन पेसामा गुजारेकी र पछि स्थानीय एक व्यापारीसँग रू.१०,०००।- सापटी लिई सडक पेटीमा बसी खुद्रा व्यापार गर्दै गरेको तथा निजका छोराछोरीको नाम, अध्ययन गर्ने विद्यालय र कक्षासमेत उल्लेख भई मिति २०७३ साल कात्तिक २३ गते मंगलबारको "कान्तिपुर राष्ट्रिय दैनिक" पत्रिकाको पृष्ठ १८ मा समाचार प्रकाशन भएको तथ्यमा कुनै विवाद देखिँदैन।

६. निवेदकले गोपनीयता तथा आत्मसम्मानको संरक्षण गर्न माग गरेको विषय एउटा वादी समूहको महिलाको रहेको देखियो। जुन समुदाय आर्थिक, सामाजिक, शैक्षिक तथा राजनीतिक तवरबाट विभेद र शोषणको शिकार हुने गरेको पाइन्छ। यी समुदायको महिलाहरू उपेक्षित र उत्पीडित एवं कमजोर वर्ग (Weaker Sect ion) भित्र पर्नुका साथै शैक्षिकस्तर न्यून रहेको समुदायको रूपमा चिनिन्छ। मिति २०७३ साल कात्तिक २३ गते मंगलबारको "कान्तिपुर राष्ट्रिय दैनिक" पत्रिकाको पृष्ठ १८ मा प्रकाशित "व्यवसाय बदल्दै वादी महिला" शीर्षक स्वयंले नै प्रस्टरूपमा नै वादी समुदायको महिलालाई इङ्गित गरेको देखिन्छ। उल्लिखित शीर्षकअन्तर्गत समावेश विषय एकातिर यौन हिंसाबाट पीडित महिलाको इज्जत, प्रतिष्ठा एवं अस्मिता तथा आत्मसम्मानसँग जोडिएको देखिन्छ भने अर्कोतर्फ प्रथमदृष्टिमा (Prime Facie) नै उक्त समाचार पत्र पत्रिकाको मूल्य मान्यता तथा आचारसंहितासँग सम्बन्धित रहेको देखिन्छ। उक्त समाचारले कुनै एउटा पीडित व्यक्तिको मात्र नभई समग्र वादी समुदायको महिलाको सामाजिक मर्यादा (Social Dignity) समेतलाई बोध गरेको देखिन्छ। वस्तुतः एउटा उपेक्षित र उत्पीडित कमजोर वर्ग (Weaker Sect ion) को पीडित महिलाको प्रतिष्ठा एवं आत्मसम्मान र गोपनीयताको विषयवस्तु उपर जुनसुकै सर्वसाधारणको सार्थक तथा सारभूत सम्बन्ध स्थापित भई सार्वजनिक चासो एवं महत्त्वको विषय कायम हुनु स्वाभाविक नै देखिन आउँछ। साथै प्रस्तुत सन्दर्भमा उल्लिखित विषयले सम्बन्धित पीडित महिलाको व्यक्तिगत प्रतिष्ठा, जिउ ज्यान, आत्मसम्मान एवं गोपनीयताको अधिकारमा आँच पुऱ्याउँछ वा पुऱ्याउँदैन भन्ने प्रश्न उठ्नु जायज नै देखिन्छ।

७. उल्लिखित सन्दर्भलाई मानव अधिकारको दृष्टिकोणबाट हेर्दा व्यक्तिगत मर्यादा, प्रतिष्ठा, आत्मसम्मान र गोपनीयताको अधिकार प्रत्येक व्यक्तिको नैसर्गिक अधिकार हो। आत्मसम्मान तथा गोपनीयताको अधिकारले सम्मानपूर्वक मर्यादित भएर बाँच्न पाउने (Right to Life with Dignity) अधिकारसमेतलाई प्रत्याभूत गर्छ। मानव जीवनका यी महत्त्वपूर्ण अधिकारहरूलाई विभिन्न अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र एवं महासन्धिहरू समेतले मानव अधिकारको रूपमा सुनिश्चित गरेका छन्। गोपनीयताको अधिकार (Right to Privacy) लाई मानव अधिकारहरूमध्ये एउटा आधारभूत एवं महत्त्वपूर्ण हकको रूपमा अन्तर्राष्ट्रिय स्तरमा नै मान्यता दिएको पाइन्छ।

८. मानव अधिकारको विश्वव्यापी घोषणापत्र (Universal Declaration on Human Rights) १९४८ को धारा १२ ले "**कसैलाई पनि आफ्नो गोपनीयता, परिवार, घर अथवा पत्राचारमा स्वेच्छारी हस्तक्षेप गर्न पाइने छैन न त तिनको सम्मान तथा ख्यातिमाथि चोट पुऱ्याइने छ। त्यस्तो व्यक्तिलाई त्यस्तो हस्तक्षेप अथवा चोटका विरूद्ध कानूनी संरक्षणको अधिकार हुनेछ**"। (No one shall be subjected to arbitrary interference with his privacy, family, home or correspondence, nor to attacks upon his honor and reputation. Everyone has the right to the protection of the law against such interference or attacks). उक्त धाराले व्यक्तिको सम्मान, ख्याति तथा निजको आवास, परिवार तथा पत्राचारको गोपनीयताको अधिकारलाई सुनिश्चित गरेको पाइन्छ भने नागरिक

तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध (International Covenant on Civil and Political Rights) १९६६ को धारा १७ ले **"व्यक्तिको प्रतिष्ठा तथा मान मर्यादामा कानूनी विना हस्तक्षेप गर्न लगाउन पाइने छैन। प्रत्येक व्यक्तिको त्यस्ता हस्तक्षेप वा आक्रमण विरूद्ध कानूनबाट रक्षा पाउने अधिकार हुने छ"** । (1. No one shall be subjected to arbitrary or unlawful interference with his privacy, family, home or correspondence, nor to unlawful attacks on his honor and reputation. 2. Everyone has the right to the protection of the law against such interference or attacks) भन्ने व्यवस्था गरेर व्यक्तिको मान सम्मान तथा प्रतिष्ठा आदिको गोपनीयताको संरक्षण हुनुपर्ने कुरामा जोड दिएको पाइन्छ। त्यसैगरी महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (Convention on the Elimination of All forms of Discrimination Against Women),१९७९ ले "महिला हिंसा विरूद्ध संरक्षण तथा राजनीतिक, आर्थिक र सामाजिकसमेतका आधारमा कुनै प्रकारको भेदभाव गर्न पाइने छैन" जस्ता महिलाको मूलभूत मानव अधिकारलाई प्रत्याभूत गरेको पाइन्छ।

९. जैविक आचार तथा मानव अधिकारसम्बन्धी युनेस्को घोषणापत्र (UNESCO Universal Declaration on Bioethics and Human Rights) को धारा ९ ले पनि **"सम्बन्धित व्यक्ति तथा निजको व्यक्तिगत सूचनाको गोपनीयताको पनि संरक्षण गरिनु पर्दछ"** । (The privacy of the persons concerned and the confidentiality of their personal information should be respected) भन्ने अधिकार सुनिश्चित गरेको पाइन्छ।

१०. माथि उल्लिखित महासन्धिहरू र घोषणापत्रले व्यक्तिको गोपनीयताको हकलाई संरक्षण गर्ने प्रमुख दायित्व राज्यको देखिन्छ। यी उल्लिखित मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरू सन्धि ऐन, २०४७ को दफा ९(१) बमोजिम राष्ट्रिय मान्यता प्राप्त भई यसअघि यस अदालतबाट भएका धेरै निर्णयहरूले प्रशस्त व्याख्या गरिसकेकोले त्यसतर्फ थप व्याख्या गरिरहनु परेन।

११. नेपालको संविधानको मौलिक हकसम्बन्धी व्यवस्थाअन्तर्गत धारा २८ मा **"कुनै व्यक्तिको जिउ, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क, पत्राचार र चरित्रसम्बन्धी विषयको गोपनीयता कानूनबमोजिम बाहेक अनतिक्रम्य हुनेछ"** भन्ने व्यवस्था रहेको छ। धारा १६ को उपधारा (१) मा **"प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुने छ"।** धारा ३८ को उपधारा ३ मा **"महिला विरूद्ध धार्मिक, सामाजिक, साँस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन। त्यस्तो कार्य कानूनबमोजिम दण्डनीय हुने छ र पीडितलाई कानूनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ"** भन्ने व्यवस्था भई स्वतन्त्रताको हक र आम सञ्चारको हकसमेतका मौलिक हक प्रत्याभूत भएको देखिन्छ। यी सबै अधिकारहरूले कुनै पनि व्यक्तिको जिउ र चरित्रसम्बन्धी मामलामा कसैले पनि कानूनबमोजिम बाहेक हस्तक्षेप गर्न नपाउने गरी गोपनीयताको अधिकार (Right to Privacy) लाई प्रस्टरूपमा संरक्षण एवं सुनिश्चित गरेको देखिन्छ।

१२. उपर्युक्त अन्तर्राष्ट्रिय दस्तावेज र संविधानमा प्रत्याभूत अधिकारहरू समेतको पृष्ठभूमिमा हेर्दा "कान्तिपुर राष्ट्रिय दैनिक" पत्रिकाको पृष्ठ १८ मा प्रकाशित समाचारमा सम्बन्धित पीडित महिलाको नाम, तस्वीर, यौन व्यवसाय र पारिवारिक पृष्ठभूमिसमेतको प्रस्ट विवरण उल्लेख भएको देखिन्छ। जुन पक्ष निश्चय नै सम्बन्धित महिलाको व्यक्तिगत जिउ, प्रतिष्ठा, मर्यादा र आत्मसम्मानसँग सम्बन्धित रहेको छ। अधिकारको दृष्टिकोणले उक्त प्रकाशित समाचार गोपनीयताको अधिकारसहितको मर्यादित एवं सम्मानपूर्वक बाँच्न पाउने अधिकार (Right to Life with Dignity) सँग अन्तरसम्बन्धित पनि रहको देखिन्छ।

१३. अर्कोतर्फ सम्बन्धित महिलाको तितो विगत उल्लेख गरे पनि कुनै गलत मनसाय नराखी, हौसला प्रदान गर्ने मनसायले सफल कथाको रूपमा उक्त समाचार प्रकाशन भएको भन्ने विपक्षीको लिखित जवाफ रहेको देखिँदा यस सम्बन्धमा माथि उल्लिखित अन्तर्राष्ट्रिय दस्तावेजहरूका अलवा प्रचलित नेपाल कानूनको अवलोकन हुनु पनि त्यतिकै नै वाञ्छनीय रहेको देखियो।

१४. छापाखाना र प्रकाशनसम्बन्धी ऐन, २०४८ को दफा १४ को खण्ड (ग१) मा" **कसैको चरित्र हत्या वा अपमान हुने वा लैङ्गिक हिंसा वा विभेदलाई बढावा दिने** र खण्ड (ङ) मा "**सर्वसाधारण जनताको सदाचार, नैतिकता र सामाजिक मर्यादामा आघात पर्न जाने कुराहरू किताब वा पत्रपत्रिकामा प्रकाशन गर्न पाइने छैन** "तथा ऐ.ऐनको दफा २७ ले दफा १४ बमोजिम प्रतिबन्ध लगाइएको कुरा प्रकाशन गरेमा प्रकाशक वा सम्पादकलाई सजायको व्यवस्थासमेत गरेको देखिन्छ।

१५. पत्रकार आचारसंहिता, २०७३ ले पत्रकार र सञ्चार माध्यमहरूले गर्न हुने कार्यहरू र गर्न नहुने कार्यहरूको व्यवस्था गरेको छ। गर्न हुने कार्यहरूसँग सम्बन्धित बुँदा नं ४(३) र ४(४) "**पत्रकार तथा सञ्चार माध्यमले बालबालिका, महिला, ज्येष्ठ नागरिक अशक्त असहाय, अपाङ्गता भएका व्यक्ति तथा पछाडि पारिएका उत्पीडित वर्ग समुदाय क्षेत्र भाषाभाषी र अल्पसंख्यक लोपोन्मुख समुदायको उत्थान र विकासमा सहयोग पुऱ्याउने सूचना सम्प्रेषण गर्नुपर्दछ"** भन्ने उल्लेख रहेको देखिन्छ। गर्न नहुने कार्यहरूसँग सम्बन्धित बुँदा नं. ५(४)१ मा **"पत्रकार तथा सञ्चार माध्यमले विपत्ति वा शोकमा परेका, दुःख पीडा भोगिरहेका व्यक्ति वा उनका आफन्तजनमा थप पीडा पुग्ने गरी वा सार्वजनिक संवेदनशीलतामा प्रतिकूल असर पर्ने गरी कुनै पनि विवरण, चित्र, संकेतलगायतका सामग्री उत्पादन, प्रकाशन, प्रशारण र वितरण गर्नु हुँदैन"** र ५(४) २ मा **"पत्रकार तथा सञ्चार माध्यमले यौन अपराध वा सामाजिक विभेद तथा घृणाका कारण उत्पन्न घटना वा मानवताविरोधी अपराधबाट प्रभावित व्यक्ति (Survivor) वा पीडित व्यक्ति (Victim) लाई नकारात्मक असर पार्नसक्ने सामाग्री उत्पादन, प्रकाशन र वितरण गर्नु हुँदैन। प्रभावित व्यक्तिको स्वीकृति विना र प्रभाव मूल्याङ्कन नगरी प्रत्यक्ष वा अप्रत्यक्षरूपमा प्रभावित वा निजको तर्फबाट उजुरी दिने व्यक्तिको नाम ठेगाना र पहिचान प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा खुलाउनु हुँदैन"** उल्लेख रहेको पाइन्छ। **ऐ. आचारसंहिताको बुँदा नं. ५(२) मा "यौन अपराध वा सामाजिक विभेद तथा घृणाका कारण उत्पन्न घटना वा सन्दर्भमा प्रभावितको सचेत स्वीकृति र प्रभावको मूल्याङ्कन विना नाम ठेगाना र पहिचान खुल्ने गरी समाचार, तस्वीर र दृष्य उत्पादन, वितरण वा प्रकाशन – प्रशारण गर्नु हुँदैन"** भन्नेसमेत उल्लेख रहेको पाइन्छ।

**१६. उल्लिखित व्यवस्थाका अतिरिक्त** पत्रकार आचारसंहिता, २०७३ को बुँदा नं. ५(१) र (२) मा **"पत्रकार तथा सञ्चार माध्यमले अशक्त असहाय तथा अल्पसंख्यक समुदायका बारेमा समाचार सामाग्री सम्प्रेषण गर्दा उनीहरूको मर्यादा, भावना तथा आत्मसम्मानमा प्रतिकूल असर पुऱ्याउनु हुँदैन" । "पत्रकार तथा सञ्चार माध्यमले महिला तथा जेष्ठ नागरिकबारेमा समाचार सामग्री सम्प्रेषण गर्दा उनीहरूको मर्यादा, भावना तथा आत्मसम्मानमा प्रतिकूल असर पुऱ्याउनु हुँदैन"** भन्ने व्यवस्था रहेको पाइन्छ। त्यसैगरी प्रेस काउन्सिल ऐन, २०४८ को दफा १२ को उपदफा (१) मा कुनै पत्रकारले आफ्नो व्यावसायिक आचारसंहिता उल्लङ्घन गरेमा कुनै व्यक्तिले काउन्सिलमा उजुरी दिनसक्नेछ भन्ने व्यवस्था पनि रहेको पाइन्छ।

१७. ने.का.प. २०६४, निर्णय नं. ७८८० मा प्रकाशित निवेदक अधिवक्ता सपना प्रधान मल्ल विरूद्ध विपक्षी नेपाल, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत भएको रिट निवेदनमा भएको आदेशअनुसार **"विशेष प्रकृतिका मुद्दाहरूको**

**कारबाहीमा पक्षहरूको गोपनीयता कायम राख्नेसम्बन्धी कार्यविधि निर्देशिका,२०६४"** पनि जारी भएको छ । उक्त निर्देशिकाको बुँदा नं. ३(१) मा **"अपराधको अनुसन्धानको निम्ति सूचना प्राप्त भएदेखि अनुसन्धान तहकिकात, अभियोजन, सुनुवाइ, फैसला, फैसला कार्यान्वयनलगायतका सम्पूर्ण निकायहरूले बलात्कार, गर्भपतन, यौन दुर्व्यवहार, मानव बेचबिखन, जिउ मास्ने, हाडनता करणी एवं महिला विरूद्धको हिंसालगायतको मुद्दामा पीडितको रूपमा प्रस्तुत भएका व्यक्तिको परिचयात्मक विवरण गोप्य राख्नु पर्नेछ"** भन्ने व्यवस्था उल्लेख रहेको छ । त्यसैगरी बुदाँ नं. (२) र (३) मा **"परिचयात्मक रूपमा राखिएको विवरण खुलाउन सम्बन्धित पक्षलाई बाध्य बनाउन सकिने छैन र कसैले पनि त्यसरी गोप्य राखिएका विवरणहरू मुद्दा किनारा भएपछि पनि गोप्य राख्नु पर्नेछ"** भन्ने व्यवस्था रहेको देखिन्छ । यी बुँदाहरूका निर्देशन पनि उल्लिखित समाचारको सन्दर्भमा मननयोग्य नै देखिन्छ ।

१८. नेपालको संविधानको धारा १९(१) मा भएको सञ्चार हकको व्यवस्था पनि यहाँ उल्लेखनीय छ । **"विद्युतीय प्रकाशन, प्रसारण तथा छापालगायतका जुनसुकै माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्य, श्रव्यदृष्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा सूचना प्रवाह गर्न वा छाप्नपूर्व प्रतिबन्ध लगाइने छैन । तर नेपालको सार्वभौमसता, भौगोलिक अखण्डता, राष्ट्रियता वा संघीय इकाईबीचको सु-सम्बन्ध वा विभिन्न जात जाति धर्म वा सम्प्रदायबीचको सु-सम्बन्धमा खलल पर्ने, राज्यद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरूत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार, नैतिकताको प्रतिकूल कार्य गर्ने, श्रमप्रति अवहेलना गर्ने र जातीय छुवाछुत एवं लैङ्गिक भेदभावलाई दुरूत्साहन गर्ने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन"** भन्ने व्यवस्था छ । यस व्यवस्थाले सूचनाको हक एवं पत्रपत्रिका एवं छापाखानाको हक प्रयोग गर्दा सोही धाराले निषेध गरेका विषयवस्तुको सीमाभित्र रही अधिकारको उपभोग गर्नु वाञ्छनीय छ ।

१९. उल्लिखित अन्तर्राष्ट्रिय दस्तावेजहरू, संवैधानिक एवं कानूनी व्यवस्था, यस अदालतबाट प्रतिपादित सिद्धान्त तथा जारी निर्देशिका र पत्रकार आचारसंहितासमेतले प्रभावित एवं पीडित महिलासँग सम्बन्धित विषयमा प्रकाशन हुने कुनै पनि विषयको समाचारलाई एउटा संवेदनशील पक्षको रूपमा लिएको देखिन्छ । समाचार प्रकाशन-प्रसारण गर्दा विशेषत: महिला, जात, जाति वा सम्प्रदायको सु-सम्बन्धमा खलल पार्ने, मान, मर्यादा, भावना तथा आत्मसम्मान जस्ता व्यक्तिगत तथा सामाजिक मर्यादामा प्रतिकूल असर पार्न नहुनेतर्फ उचित प्रतिबन्ध लगाएको देखिन्छ । पीडित महिलासम्बन्धी समाचार प्रकाशन गर्दा प्रकाशन हुने विषयबाट पर्न सक्ने प्रभावको सूक्ष्मरूपमा प्रत्येक पाटोको मूल्याङ्कन गर्नुपर्ने दायित्व सम्बन्धित पत्रकार र आम सञ्चार गृहको हो । पत्र-पत्रिका तथा छापाखानाको अधिकारको महत्त्व प्रकाशन गृह तथा आम नागरिकसमेतलाई भएपनि उक्त अधिकारमा कसैको पनि मर्यादा तथा आत्मसम्मानमा प्रतिकूल नहुने गरी गोपनीयताको अधिकार अन्तरनिहित हुने गर्दछ । उल्लिखित तथ्यले प्रभावित पक्षको सचेत स्वीकृति र प्रभावको मूल्याङ्कन विना नाम, ठेगाना र पहिचान खुल्ने गरी समाचार, तस्वीर र दृष्य उत्पादन, वितरण वा प्रकाशन - प्रसारण गर्नु हुँदैन भन्ने उचित रोक (Reasonable Restrictions) लगाउँदै कुनै व्यक्तिको जिउ, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क, पत्राचार र चरित्रसम्बन्धी विषयको गोपनीयता कायम गर्नुपर्दछ भन्ने प्रस्टरूपमा सुनिश्चित गरेको देखिन्छ ।

२०. प्रेस काउन्सिल ऐन, २०४८ र पत्रपत्रिका तथा छापाखानासम्बन्धी ऐन, २०४८ र पत्रकार आचारसंहिता, २०७३ समेतले महिलाको इज्जत, प्रतिष्ठा एवं व्यक्तिगत चरित्रसम्बन्धी विषयका साथै यौनसम्बन्धी हिंसाबाट प्रभावित एवं पीडित

महिला र उनका परिवारका सदस्यको नाम प्रकाशन गर्ने र तस्वीर चित्रण गर्न पाइने वा नपाइनेलगायतका पक्षलाई सम्बोधन तथा नियमित गर्नसक्ने नै देखिन्छ । निवेदक तथा विपक्षीहरूको लिखित जवाफसमेतबाट पनि महिलाको इज्जत, प्रतिष्ठा एवं व्यक्तिगत चरित्रसम्बन्धी विषय प्रचलित कानूनबाट नियमित हुन नसकी तत्काल नै छुट्टै कानूनको आवश्यकता रहेको भन्ने देखिएको छैन । तर विद्यमान कानूनी व्यवस्थाको प्रभावकारी रूपमा कार्यान्वयन तथा पालनाको आवश्यकता रहेको छ । अत: प्रस्तुत विषयलाई मात्र इङ्गित गरी तत्काल नै कानूनको निर्माण हुनु आवश्यक नै रहेको नदेखिए पनि व्यक्तिको जिउ, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क, पत्राचार र चरित्रसम्बन्धी विषयमा गोपनीयता कायम गर्न गोपनीयतासम्बन्धी छुट्टै एक एकीकृत कानूनको अभाव रहेको देखियो ।

२१. माथि उद्धृत सबै दृष्टिकोण मनन गर्दा मिति २०७३ साल कात्तिक २३ गते "कान्तिपुर राष्ट्रिय दैनिक" पत्रिकाको पृष्ठ १८, मंगलबारको अंकमा प्रकाशित "व्यवसाय बदल्दै वादी महिला" शीर्षकअन्तर्गत आधा उमेर यौनकर्मीको रूपमा देह व्यापारमै बितेको र सम्बन्धित महिलाको नाम र तस्वीरसमेत प्रकाशन भएको देखिँदा पत्रपत्रिका तथा आमसञ्चारको मूल्य मान्यताको अनुशरण नभई कान्तिपुर दैनिक पत्रिकामा उक्त समाचार प्रकाशित भएको देखिन्छ । साथै यस्तो संवेदनशील समाचारको विषयमा परेको निवेदनउपर विपक्षी "कान्तिपुर राष्ट्रिय दैनिक" पत्रिकाको प्रधान सम्पादकको तर्फबाट लिखित जवाफसमेत नदिई बसेको अवस्था देखिन्छ । यसबाट विपक्षी प्रकाशक एवं सम्पादकसमेत पीडित महिलाको गोपनीयताको अधिकारप्रति बढी संवेदनशील नरहेको भन्ने भान पर्न आएको तथा पत्रकार एवं आम सञ्चारको आचारसंहिता (Code of Conduct) को प्रति बढी सचेत नरहेको देखियो ।

२२. वस्तुतः पत्रकार तथा आम सञ्चार राज्यको चौथो अंगको रूपमा रहेको मानिन्छ । राज्य तथा समाजमा भएका क्रियाकलाप सम्बन्धमा निगरानी एवं खबरदारी (Watch dog) को भूमिका सदैव खेल्ने गरेको पाइन्छ । विभिन्न प्रकारका घटना तथा परिघटनाहरू नियमित रुपमा प्रकाशित-प्रसारित गरी आम जनतालाई सूसुचित गराइरहेको हुन्छ । समाचार प्रकाशन र प्रसारणले नि:सन्देह पीडितको अधिकारको संरक्षण गराउनमा महत्त्वपूर्ण भूमिका खेल्छ । तर, कतिपय अवस्थामा प्रकाशित समाचारकै कारणले प्रभावित व्यक्ति पुनः पीडित हुने र पीडितको पुन: एकीकरण तथा पुनर्स्थापित गराउनु पर्ने अवस्थासमेत उत्पन्न भएका दृष्टान्तहरू त्यतिकै समाचारका विषय बन्ने गरेको पाइन्छ । विपक्षी नेपाल प्रेस काउन्सिलले लिएको जिकिरजस्तै सफल कथाहरू (Success Stories) पनि समाचारका माध्यमबाट निश्चय नै अभिव्यक्त हुनु अस्वाभाविक होइन । तर, पत्रकार आचारसहिंता, २०७३ ले निर्देशित गरेबमोजिम सफल एवं सत्य कथाको संवेदनशील पक्षको बारेमा अनिवार्य मनन हुन त्यतिकै आवश्यक रहेको छ । त्यस्तै पत्रकारहरूले महिला हिंसाको सत्य तथ्य कथाको वर्णन तथा संश्लेषण गर्दा महिला हिंसा एउटा सामाजिक मुद्दा हो भन्ने पाटोतर्फ सर्तक रहनु पर्दछ । (Journalists should tell the real story and be careful about selecting a narrative when reporting on violence against women as part of another social issue) । यसरी प्रभावित पात्रको सम्पूर्ण विवरण उल्लेख गरी तस्वीरसहित यौनकर्मी एवं देह व्यापार र परिवारसमेतको नाम समावेश भई कथा चित्रण गरिएको अवस्थालाई प्रभावित एवं पीडितको संवेदनशील पक्षलाई उपेक्षा नगरेको भनी भन्न मिलेन । साथै यस्तो कार्यले निश्चय नै सम्बन्धित महिला एवं निजको परिवारको इज्जत प्रतिष्ठा एवं आत्मसम्मानमा असर पुगेको स्पष्टतः बुझ्नु पर्ने नै हुन्छ ।

२३. न्यायिक काम कारबाहीको प्रक्रियामा गोपनीयता कायम गर्नेसम्बन्धी निर्देशिका, २०६४ समेतले महिलासँग सम्बन्धित विषय मुद्दामा

पीडितको नाम गोप्य राख्ने तथा बन्द इजलासमा सुनुवाइ हुने अवधारणालाई आत्मसात् गरेको छ । यसको अवधारणागत पक्षलाई जोडेर हेर्दा आम सञ्चार सबै माध्यमसमेतले यौन हिंसाबाट पीडित महिला, उनका समुदाय र परिवारको नाम र तस्वीर तथा छोराछोरीलगायत परिवारकै नाम खुल्ला गरी प्रकाशन गर्न नहुने तथा त्यस कार्यका लागि सम्बन्धित पात्रलाई बाध्य पार्नसक्ने अवस्था देखिँदैन । यदि नाम तथा तस्वीर नै उद्धृत गरी समाचार प्रकाशन हुन्छ भने सफा उद्देश्यले पीडितको हितको लागि समाचार प्रकाशन भएको भन्न मिल्ने अवस्था रहँदैन । पत्रकारिता तथा आम सञ्चारको सन्दर्भमा वर्तमान प्ररिप्रेक्ष्यमा विकसित विभिन्न मूल्य मान्यताहरू तथा ऐन कानूनसमेतले प्रतिवन्ध लगाएको अवस्थामा देशको महत्त्वपूर्ण राष्ट्रिय दैनिक पत्रिकाबाट यसरी वादी समूहको एक प्रभावित पीडितको नाम र तस्वीर तथा पेसा नै प्रकाशन हुनुले प्रभावित पीडतलाई हौसला प्रदान गर्ने उद्देश्यले समाचार प्रकाशन भएको भनी भन्न मिल्ने अवस्था भएन। साथै प्रस्तुत समाचारलाई महिला मानव अधिकारको आँखा (Women’s Human Rights) बाट मनन गर्दा पनि पीडित महिलाको आत्मसम्मानको विषयमा विपक्षी "कान्तिपुर राष्ट्रिय दैनिक" का सम्पादकसमेत गम्भीर हुनसकेको देखिएन।

२४. प्रचलित कानूनहरूले समाचार प्रकाशन-प्रसारण आदि गर्दा गोपनीयता कायम गर्नुपर्ने भन्नेबारे विभिन्न कानूनी व्यवस्था गरेको अवस्था हुँदाहुँदै पनि कानूनको प्रतिकूल कार्य गर्न कसैलाई छुट नरहेको हुँदा सबै पत्रपत्रिका तथा सञ्चार माध्यमहरूले उक्त कानूनी व्यवस्थाहरूको पालना गर्नु परम कर्तव्य एवं दायित्व हो । प्रेस काउन्सिल ऐन, २०४८ को दफा १२ को उपदफा (१) मा कुनै पत्रकारले आफ्नो व्यावसायिक आचारसंहिता उल्लङ्घन गरेमा कुनै व्यक्तिले काउन्सिलमा उजुरी दिनसक्नेछ भन्ने व्यवस्था पनि रहेको पाइन्छ । कान्तिपुर जस्तो राष्ट्रिय दैनिक पत्रिकामा यस्तो प्रकारले समाचार प्रकाशन हुनु र त्यसरी प्रकाशित समाचार पत्रकार आचारसंहिताको प्रत्यक्ष एवं परोक्ष विषयभित्रको भएपनि प्रेस काउन्सिलबाट समयमा नियमन भएको वस्तुगत आधार पेस नभएको देखिएबाट प्रेस काउन्सिलबाट पत्रकार आचारसंहिता, २०७३ मा उल्लिखित विषयहरूको पालना भए नभएको बारे प्रभावकारी तथा नियमित अनुगमनसमेत भएको मान्न मिलेन।

२५. पीडितले जुनसुकै स्वरूपको हिंसा एवं अन्याय भोग्नु परेको होस्, त्यसमा मलहम लगाउनुको सट्टा कतिपय गलत विश्वासको कारण निजउपर नै हाम्रो सामाजिक दृष्टिकोण नकारात्मक बनेको पनि हुनसक्छ । त्यस्तो भयो भने उसले पहिला भोगेका यौन हिंसाको अतिरिक्त उसको स्थिति सार्वजनिक गरिएबाट वा सो कुरा अभिलेख गरिएबाट दोस्रो चरणको हिंसा वा पीडा पनि निरन्तर व्यहोर्नुपर्ने अवस्था हुनसक्छ । हिंसाको कारणले व्यक्तिमा पर्ने मनोवैज्ञानिक तनाव वा हानि पुनरूक्ति भइरहने भई थप हिंसा भएको रूप लिन सकिन्छ । प्रभावित व्यक्तिको सचेत स्वीकृति र समाचारको प्रभाव मूल्याङ्कनविना प्रकाशित समाचारले उक्त अवस्था निम्त्याउँदैन भन्ने अवस्था रहँदैन तथा पीडित तथा पीडित परिवारलाई पुनर्स्थापनाको आवश्यकता पर्नसक्ने अवस्था नआउने पनि होइन । उल्लिखित पक्षहरूलाई मनन गर्दा निवेदकले माग गरेको पुनर्स्थापनाको अवस्था सिर्जना भएको स्थितिमा र सम्बन्धित पीडित पक्षबाट पुनर्स्थापनाको दाबी लिइएमा राज्यको सम्बन्धित निकाय र आवद्ध संस्था जिम्मेवार भई पुनर्स्थापनासमेत गराउने हुँदा प्रस्तुत रिट निवेदनको रोहमा पुनर्स्थापनाको दाबीतर्फ थप बोलिरहनु परेन । पुनर्स्थापनाका पाटोमा समाचारमा उल्लिखित पात्रको तत्काल रिट निवेदनको रोहबाट मनन गर्नु नपर्ने भएपनि पुनर्स्थापना र पुनः एकीकरण आदिको स्थिति भविष्यमा यस्तै प्रकारका प्रसारित समाचारबाट आउन नसक्ने भन्ने होइन । अतः यी पक्षतर्फ पनि विपक्षीहरूले भविष्यमा ध्यान केन्द्रित गर्नु जरूरी रहको स्मरण गराउन उपयुक्त नै देखियो ।

२६. अर्कोतर्फ कान्तिपुर राष्ट्रिय दैनिकबाट प्रकाशित उक्त समाचारलाई पत्रकारितासम्बन्धी मूल्य मान्यताको दृष्टिकोणबाट पीत पत्रकारिता (Yellow Journalism) को विषयसमेत भएको भन्ने निवेदन माग दाबी रहेको छ । यस सम्बन्धमा अन्तर्राष्ट्रिय अभ्यास हेर्ने हो भने पीत पत्रकारिता (Yellow Journalism) का विशेषताहरूमा "तथ्यमा आधारित सत्य समाचार नहुनु, सामान्य विषयलाई पनि ठूलो ठूलो अक्षरमा प्रथम पृष्ठमा प्रकाशन गरिनु, तथ्यलाई अनावश्यकरूपमा बढाई चढाई गरी हल्ला फिँजाउनु, काल्पनिक चित्रहरूद्वारा प्रस्तुत गरिनु र जालसाजी तरिकाले अन्तर्वार्ता प्रस्तुत गरिनु" आदिलाई बुझाउँछ । त्यसैगरी पीत पत्रकारिता वा पीत प्रेस भनेको यस्तो पत्रकारिता हो जसले तथ्यमा आधारित वास्तविक समाचार सम्प्रेषण गर्दैन । यसले भड्किला शीर्षकहरूको प्रयोगद्वारा पाठकको ध्यान आकर्षण गरी धेरै पत्रिका बिक्री गर्दछ । यसमा अतिरंजित तथ्य तथा अफवाह फैलाउने खालका विषयवस्तु समावेश हुन सक्छन् । (Yellow journalism is a type of journalism that does not report much real news with facts. It uses shocking headlines that catch people›s attention to sell more newspapers. It might include exaggerating facts or spreading rumors). उपर्युक्त सन्दर्भमा सम्बन्धित वादी महिलाको सम्बन्धमा उक्त प्रकाशन गृहबाट प्रकाशित समाचार अवलोकन गर्दा प्रस्तुत समाचारलाई पीत पत्रकारिता (Yellow Journalism) को संज्ञा दिन मिल्ने नदेखिए पनि उक्त प्रकाशित समाचारले सम्बन्धित महिला र निजको परिवारको इज्जत, प्रतिष्ठा एवं मान सम्मानमा असर नपुर्‍याएको भनी भन्न मिल्ने देखिँदैन ।

२७. अतः उपर्युक्त तथ्यहरूको विश्लेषण, कानूनी व्यवस्थाको व्याख्या र विवेचनासमेतको आधारमा कान्तिपुर राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित समाचारले सम्बन्धित वादी महिला र निजको परिवारको इज्जत, प्रतिष्ठा एवं मान सम्मानमा आँच पुर्‍याउने कार्य भई सम्बन्धित व्यक्तिको गोपनीयताको अधिकारसहितको मर्यादित एवं सम्मानपूर्वक बाँच्न पाउने अधिकारको उपेक्षा भएको देखिँदा यस्तो प्रकारको समाचार प्रकाशन नगर्नु, नगराउनु तथा समाचार प्रकाशन गर्दा पत्रकार आचारसंहितासमेतलाई ख्याल गरी समाचार प्रकाशित गर्नु गराउनु भनी विपक्षीहरू कान्तिपुर मेडिया प्रा. लि.का अध्यक्ष तथा प्रबन्ध निर्देशक र कान्तिपुर राष्ट्रिय दैनिकका प्रधान सम्पादकसमेतको नाउँमा परमादेश जारी गरिदिएको छ ।

२८. साथै गोपनीयतासम्बन्धी छुट्टै एकीकृत कानूनको अभाव रहेको देखिँदा नेपालको संविधानमा उल्लिखित मौलिक हकहरूको कार्यान्वयनको सन्दर्भमा भविष्यमा कानूनहरू निर्माण हुने नै हुँदा सो क्रममा महिलाको इज्जत, प्रतिष्ठा र अस्मितासँग गाँसिएको यौन हिंसासम्बन्धी अपराधमा पीडित महिला र निजका परिवारका सदस्यको नामलगायतको परिचयात्मक विवरण तथा तस्वीर प्रकाशन गर्न नहुने विषयहरू र त्यस प्रकारको क्रियाकलापबाट पीडित हुन पुगेका व्यक्तिलाई क्षतिपूर्ति एवं पुनर्स्थापनालगायतका विषय समावेश गरी आवश्यक र उपयुक्त कानून निर्माण गर्नु भनी विपक्षी कानून न्याय तथा संसदीय मामिला मन्त्रालयको नाउँमा तथा पत्रपत्रिका तथा सञ्चार माध्यमबाट प्रकाशन - प्रसारण हुने समाचारको प्रभावकारी नियमन र अनुगमन गरी प्रेस काउन्सिल ऐन, २०४८ तथा पत्रकार आचारसंहिता, २०७३ ले तोकेको दायित्व वहन गर्न गराउनु भनी विपक्षी प्रेस काउन्सिलसमेतको नाउँमा निर्देशानात्मक आदेश जारी गरिदिएको छ । यो आदेशको कार्यान्वयनको लागि आदेशको प्रतिलिपिसमेत साथ राखी महान्याधिवक्ताको कार्यालयमार्फत विपक्षीहरूलाई जानकारी दिई दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या.बमकुमार श्रेष्ठ

इजलास अधिकृत: नन्दकिशोर प्रसाद यादव
इति संवत् २०७४ साल कात्तिक ३० गते रोज ५ शुभम् ।